चेतनाको मुहान

(राजनीतिक विशेषाङ्क–२०८१)




प्रकाशक

दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान

कृति	:	चेतनाको मुहान (राजनीतिक विशेषाङ्क-२०८१)
सम्पादन सहयोगी	:	कार्यसमिति
संस्करण	:	पहिलो
विक्रम सम्वत्	:	२०८१
©	:	दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान
मूल्य	:	रु.५००।- ($10)
प्रकाशक	:	दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान
संयोजक	:	रविकान्त अधिकारी
कम्प्यूटर सेटिङ्ग	:	केशव के.सी. (९८४८७०५५८७)
मुद्रक	:	ग्रिष्मा ग्राफिक प्रा.लि. भि.आइ.पी. मार्ग, बागबजार, काठमाडौं, ९८५१०९७६०४ grishmagraphic@gmail.com
ISBN	:	989937-1-6670-6

CHETANA KO MUHAN (Political Special-2081)

श्रीकान्त अधिकारीमा श्रद्धा सुमन



प्रकाशकीय

दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठानले चेतनाको मुहानलाई आफ्नो वार्षिक प्रकाशनको रूपमा निरन्तरता दिने प्रयासस्वरुप प्रकाशन गरेको चेतनाको मुहानको 'राजनीतिक विशेषाङ्क' यहाँहरूको हातमा छ ।

राजनीति एक प्रणाली हो । कोरा सिद्धान्तमात्र नभई राष्ट्र र नागरिकको जीवनशैली पनि हो राजनीति । यसको प्रभाव व्यापक र दूरगामी हुने हुनाले यसलाई सबै नीतिहरूको 'माउ' नीति मानिन्छ । यसर्थ राजनीति सिद्धान्त र आदर्शको मार्गमा निष्ठापूर्वक हिँड्छ या हिँड्नुपर्छ भन्ने मान्यता राखिन्छ । तर के यो यसरीनै हिँडिरहेको छ ? यसको उत्तर त्यति आशाप्रद छैन । यतिबेला विश्वभरनै राजनीतिक सिद्धान्त, संस्कार, आदर्श र मर्यादा ओरालो यात्रामा छ । विश्वका ठूला प्रजातन्त्र भनिने मुलुकका नेता र समग्र समाजमा समेत सहिष्णुता हराएको छ । शब्द शब्दमा उत्तेजना छ । एक अर्काप्रति कटाक्ष र आरोप प्रत्यारोप छ । अपमान छ । हामीमात्रै कसरी अपवाद हुन सक्छौं र ? शायद यसकै कारण यी सबै प्रवृत्तिको रसस्वादन हामीले पनि गरिरहेकै छौं ।

राजनीतिमा सामान्य चासो राख्ने नागरिकले पनि राजनीति कस्तो हुनुपर्दछ ? र, यसबाट अपेक्षित प्रतिफल के हो ? भन्नेबारे आफ्नो धारणा बनाएको हुन्छ । यसको मार्गचित्र यस्तो हुनुपर्छ वा पर्‍थ्यो भन्ने परिकल्पना गरेको हुन्छ । तथापि उसका धारणा वा परिकल्पना कति व्यावहारिक छन्, राजनीतिको आदर्श र मर्मको कसिमा कहाँनिर छन्, अधिकार र कर्तव्यको संयोजन कसरी गरेको छ भन्ने कुराले भने विशेष अर्थ राख्छन् । यस्तै अर्थपूर्ण संयोजनको मार्गचित्रमा राजनीति अघि बढिरहको हुन्छ ।


करिब एक शताब्दीअघि पश्चिम नेपालको दुराडाँडामा जन्मिनुभएका श्रीकान्त अधिकारी राजनीतिक, शैक्षिक एवं सामाजिक क्रान्तिका अगुवा हुनुहुन्छ । आफ्नो जीवनको पूर्वार्द्धमा उहाँले निर्वाह गर्नुभएको अग्रणी भूमिका हामी सबैका लागि स्मरणीय र प्रेरणादायी छन् । श्रीकान्त अधिकारीको व्यक्तित्वका बहुआयामिक पाटाहरूलाई समेटी उहाँका विचार र व्यवहारलाई उजागर गर्दै जाने र नवीन पुस्तालाई सामाजिक सेवाका क्षेत्रमा संलग्न हुन अभिप्रेरित गर्नेसमेतका उद्देश्यले स्थापित यस प्रतिष्ठानले विभिन्न रचनात्मक कामका अलावा बौद्धिक खुराकका सामग्री पनि प्रकाशन गर्दै आएको छ । 'चेतनाको मुहान' यसकै एक कडी हो । अघिल्लो वर्षदेखि प्रकाशन प्रारम्भ भएको यस प्रकाशनको प्रथम अङ्क शैक्षिक विशेषाङ्कको रूपमा प्रकाशन गरिएको थियो ।

भौतिक विकासको दृष्टिले संसारले छलाङ् मारिरहेको छ । यो गति अहिले पनि मत्थर भएको छैन र भविष्यमा पनि हुने छैन् । तर भौतिक विकासमात्र सर्वोपरी अभिष्ट र अन्तिम सत्य होइन । भौतिक विकासभन्दा माथि मानिसका गुण, आदर्श र नैतिकता छन् । यी तीन चिज मरे भने मानव सभ्यता र अध्यात्मको प्रगति हुँदैन । भौतिक प्रगतिको चरम चुलीमा पुगेर हाम्रा पाइलाहरूले जुनसुकै ग्रह, उपग्रहलाई टेके पनि हिंसाको विभीषिका रोकिएन भने बुद्धको दया, ईशाको प्रेम, गान्धीको सत्य, अहिंसा जस्ता उच्च आदर्शहरू धुमिल हुन्छन् । शान्तिको अभावमा, सृष्टि कि संहार? भन्ने प्रश्न उठ्न थाल्छ । हो, यही प्रश्नको जवाफ दिन सक्ने गरी राजनीति शान्त, सङ्लो र शुद्ध हुन जरुरी छ । मानव कल्याणलाई नै सर्वोपरी महत्व दिन जरुरी छ ।

धरती मूक छन् । र, हाम्रै मुट्ठीमा छन् । तर आफ्ना सन्ततिलाई काखमा राखेर अहिले पनि प्रेमपूर्वक स्याहारी रहेकी छन् । शायद मूक भाषामा भन्दि हुन् 'एउटै कल्प वृक्षमा विविध स्वाद र रङ्गका गुणी फलहरू फलाएर शान्त वातावरणमा हुर्किने, बढ्ने, बाँच्ने वातावरण बनाउँ । तिम्रो हातमा जे परेको छ, त्यो अमृत हो । त्यसको बीजलाई उपयुक्त ठाउँमा रोपेर अर्को अमृत फल फलाउ' । धर्तीको यो आवाज सुन्ने र यसलाई अन्तर हृदयबाट नै आत्मसात् गर्न सक्ने नैतिकता र साहस भएको राजनीति अहिलेको आवश्यकता हो ।

प्रकाशकीयमा परेका कतिपय शब्द संरचनामा श्रीकान्त अधिकारीकै शब्द र भाव मिसिएका छन् । केही श्रीकान्त अधिकारी र राजनीतिक सामग्री विभिन्न पत्रपत्रिका, पुस्तक, लेखमा प्रकाशित विवरणहरू हुबहु प्रस्तुत गर्ने प्रयास यस अंकमा गरिएको छ कहि कतै त्रुटी भएमा क्षमा प्रार्थी छौं । प्रस्तुत प्रकाशनलाई राजनीतिक विशेषाङ्कको रूपमा प्रकाशन गर्ने र कुनै आग्रह पूर्वाग्रहभन्दा माथि उठेका एवं राजनीतिको सिद्धान्त, व्यवहार र मार्गदर्शनबारे केन्द्रित रहेर लेखिएका आलेखहरू समेटी प्रकाशन गर्ने हाम्रो यो प्रयास विद्वान लेखकहरूको सहयोग र मायाकै कारण सम्भव भएको हो । आफ्ना अमूल्य लेख, रचना उपलब्ध गराउनु हुने विद्वान महामनाहरूप्रति कृतज्ञ छौं । प्रकाशन कार्यको संयोजन गर्नुहुने यस प्रतिष्ठानका कोषाध्यक्ष रविकान्त अधिकारी, कार्यसमितिका पदाधिकारी, सदस्य, आजीवन सदस्य, विशेष सहयोगी मुकुन्द शर्मा चालिसे दम्पती, शान्ता अधिकारी, विज्ञापनदाताहरू, शुभचिन्तक सबैमा हार्दिक आभार, धन्यवाद प्रकट गर्दछौं । प्रकाशनमा अवश्य पनि कतिपय त्रुटि रहेका होलान् । यसका लागि क्षमा चाहन्छौं । हाम्रो यस प्रयासबारे यहाँहरूका रचनात्मक सुझावको अपेक्षा राखेका छौं ।

दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान



सूर्यप्रसाद उपाध्यायसँग श्रीकान्त अधिकारी

विषयसूची

श्रीकान्त अधिकारीको राजनीतिक जीवन यात्रा ९

नेपालको राजनीतिक विकासक्रम र महिला सशक्तीकरण ३६

नेपाली कांग्रेसको सुधारवादी धारमा श्रीकान्तजीको योगदान ४०

नेपालको राजनैतिक अस्थिरताले शिक्षाको गुणस्तरमा गिरावट ४३

उच्च शिक्षाका निम्ति नेपाली विद्यार्थीहरूको बहिर्गमन : ४८

मूलकारण र सम्बोधनका उपायहरू ४८

राजनीतिको विकास, मान्यता र प्रदूषण ५७

बदलिएको राजनीति, नबदलिएको प्रवृत्ति ६१

नेपाल कता ? ६६

संघीय लोकतन्त्र र सुशासन ७४

राजनीतिक क्षितिज र श्रीकान्तजी ७८

संसदीय मार्क्सवादको दुःखद परीक्षणलाई नियाल्दा ८३

विगतको इतिहास र उत्साह विपरीत राजनीतिमा बढ्दो विकर्षण ८८

रित्तिएको पहाड, विरक्तिएका बासिन्दा ९२

सङ्घ, प्रदेश र स्थानीय तहमा महिला नेतृत्व र भूमिका : अवस्था, सम्भावना र चुनौती ९६

राजनीतिक दलको नियमनमा निर्वाचन आयोगको प्रयास १०९

वि.सं. २००७ सालपछिको राजनीति : अस्थिरताको पर्याय ११९

गन्तव्यहीन निरुद्देश्य राजनीति आजको समस्या १२५

विध्वंसात्मक राजनीतिक स्कूलिङ्ग परिवर्तन गरेर नयाँ स्कूलिङ्गको आन्दोलन आवश्यक १२८

Reform Revolution, Ensure Equity & Excellence (Quality) in Education (R2E4) :

Challenges and Opportunities of Present Education System in Nepal १३३

दूरद्रष्टा श्रीकान्त एक चेतना नायक १४४

परिशिष्ट १ भएन चुनाव !!! अब के गर्ने ? १४५

सम्मानपत्र, विज्ञापन तथा तस्विरहरु २०९

श्रीकान्त अधिकारीको राजनीतिक जीवन यात्रा

विषय प्रवेश

१९८४ जेठ १३ गते कृष्णपक्षको दशमीका दिन पश्चिम ३ नं. लमजुङ दुराडाँडा स्वाँरामा मु. देवीदास अधिकारीका नाति हरिदास अधिकारी र इन्दुमाया अधिकारीका पुत्र प्रसादको रूपमा श्रीकान्तको जन्म भएको थियो । उहाँ आफ्नी आमाका पाँचौं सन्तान हुनुहुन्थ्यो । दुईआमा इन्दुमाया र चूडामाया हुनुहुन्थ्यो । उहाँहरूबाट ६ दिदी बहिनी टीकामाया घिमिरे, सुरथमाया सिग्देल, प्रभा सुवेदी, विष्णुमाया न्यौपाने, गोमा आचार्य र लक्ष्मी बराल जन्मनु भयो । ७ दाजुभाइ पद्मकान्त अधिकारी, लक्ष्मीकान्त अधिकारी, श्रीकान्त अधिकारी, भीष्मकान्त अधिकारी, चन्द्रकान्त अधिकारी, विष्णुकान्त अधिकारी र अरुणकान्त अधिकारी गरी हाल जम्मा १० दाजुभाइ दिदी बहिनीका परिवार अस्तित्वमा रहेका छन् । उहाँ भागीरथी घिमिरे र गायत्री अर्यालसँग विवाह गरी विमला, सबला र प्रभाका पिता हुनु भयो । गाउँको एउटा सामान्य किसान परिवारमा जन्मेर सङ्घर्षका अनेकौं आरोह-अवरोहहरू पार गर्दै सामाजिक तथा राजनैतिक जिम्मेवारीका लागि सफल उहाँको जीवन सबैका लागि प्रेरणादायी र ऊर्जापूर्ण छ ।

घर पिंडीमा शिक्षाका लागि रामदत्तको सामिप्यमा हुँदै स्थानीय धुँवाउने ठाँटीको भाषा पाठशालामा उहाँको प्राथमिक शिक्षा चिरन्जीवी अधिकारीबाट प्रारम्भ भयो । त्यसपछि उहाँका गुरुका रूपमा स्थापित हुनुभयो टीकाराम पौडेल । गुरु टीकारामबाट श्रीकान्तले अमरकोश, हितोपदेश, लघुकौमुदी, सप्तशती चण्डी आदि पढेको पाइन्छ । १९९८ तिर काठमाडौंमा पढ्दै हुनुभएका दाजु नरकान्तले जाडो बिदामा घर आएका वेला भाइहरू श्रीकान्त र भीष्मकान्तलाई पढाउन आफूसँगै काठमाडौं लिएर आउनु भयो लैनचौरमा । नरकान्तले यसरी श्रीकान्तलाई दुराडाँडाबाट काठमाडौं पुऱ्याएर रानीपोखरी पाठशालामा भर्ना गरिदिनुभयो । यस पछि श्रीकान्त अधिकारी जीवनको गोरेटोमा अघि बढ्ने क्रम शुरु भयो । पढ्ने क्रममा संस्कृत पाठशालामा शिक्षाका साथै विद्यार्थीमा संस्कृत शिक्षाको विभेद र देशमा रहेको जहानियाँ राणा शासन विरुद्धको आवाज उठ्न थाले जुन आवाजमा श्रीकान्त अधिकारी पनि समाहित हुनुभयो र यसरी उहाँमा राजनीतिक चेत उर्जावान् हुन थाल्यो र उहाँ राजनीतिमा सरिक हुन थालेको पाइन्छ ।

राजनीतिक यात्रा

नेपालको प्रजातान्त्रिक आन्दोलनलाई कालक्रम र घटना अनुसार ४ चरणमा विभाजन गरेको पाइन्छ । सोही कालचक्रलाई श्रीकान्त अधिकारीको राजनीतिक घटना क्रम र यिनै आन्दोलनलाई जोडेर हेर्ने हो भने उहाँको राजनीतिक जीवनलाई ५ चरणमा जोडेर यहाँ उतार्ने प्रयास गरिएको छ ।

(क) पहिलो चरण :– जयतु संस्कृतम्, प्रजातन्त्र प्राप्ति २००७ र २०१५ बीचको राजनीति ।

(ख) दोस्रो चरण वि.सं. २०१५ देखि वि.सं.२०१७ बीचको संसदीय व्यवस्थामा सांसद ।

(ग) तेस्रो चरण वि.सं. २०१७ देखि वि.सं. २०४६ (पञ्चायत) बीचको राजनीतिक उतार चढाव ।

(घ) चौथो चरण वि.सं. २०४६ देखि वि.सं. २०६२/६३ (प्रजातन्त्र) बीचको आन्दोलन ।

(ङ) २०६२/६३ (लोकतन्त्र) पछि जीवन पर्यन्त ।

(क) पहिलो चरण :– जयतु संस्कृतम्, प्रजातन्त्र प्राप्ति २००७ र २०१५ बीचको राजनीति ।

'जयतु संस्कृतम्' आन्दोलन नेपालको इतिहासमा छात्रहरूले खुला रूपमा सडकमा उत्रिएर राणा शासनको विरुद्ध गरेको आन्दोलन नै पहिलो विद्यार्थी आन्दोलन हो । यद्यपि यस भन्दा पूर्व पनि छात्रहरूले राणा शासनको विरुद्ध असन्तोष देखाउने प्रयास नगरेको होइन । वि.सं. २००४ सालमा तीनधारा संस्कृत पाठशालाका विद्यार्थीहरूले पाठशालामा भूगोल, इतिहास, अर्थशास्त्र जस्ता विषय समावेश गर्नुपर्छ । व्यवसायिक शिक्षामा संस्कृत पढेकाले मौका पाउनु पर्दछ । संस्कृतलाई तत्कालीन प्रधानमन्त्रीले मृतभाषा भन्ने शब्द प्रयोग भएकोले संस्कृत महाविद्यालय खोल्नु पर्दछ भन्ने माग राखे भन्ने पनि आवाज उठ्यो । १९५४/५५ देखि बनारस गएर संस्कृतका विद्यार्थीले मेट्रिक परीक्षा दिनु पर्ने हुँदा जाँचको व्यवस्था नेपाल मै हुनु पर्ने र छात्रवृत्तिमा वृद्धिको माग भनी शुरू गरेको पनि यो आन्दोलन हो । तर निरंकुश राणा शासकहरूलाई यी माग मन परेन र विद्यार्थीउपर दमन गर्न थाले । यस आन्दोलनको नेतृत्व श्रीभद्र शर्मा, कमलराज रेग्मी, काशीनाथ गौतम, राजेश्वर देवकोटा, पूर्णप्रसाद बाह्मण, अच्युतराज रेग्मीजस्ता व्यक्तिहरूले गरेका थिए यही आन्दोलनले श्रीकान्त अधिकारीलाई पनि आर्कषण गऱ्यो । राणाहरूले दमन गरेपछि यी विद्यार्थीहरू बनारस गई राणा विरोधी आन्दोलनमा सक्रिय भएत्यहींबाट श्रीकान्त अधिकारीको पनि राजनीतिको श्री गणेश भयो ।

जनताको माँझमा बस्ने अथवा जनताको प्रतिनिधित्व गर्ने कुरालाई अत्यधिक महत्व दिने राजनीतिक पक्ष तथा व्यक्तित्वहरूका अतिरिक्त श्रीकान्त अधिकारीले आफ्नो सम्पूर्ण जीवन शैक्षिक, सामाजिक, विकास, निर्माण, समाज सुधार अथवा नयाँ पुस्तालाई प्रोत्साहन गर्ने कार्यमा समर्पित गर्नुभयो । उक्त समयमा संस्कृत पढ्ने छात्रावासमा बस्ने र नबस्ने गरी ३०० जना जति रहेको बुझिन्छ । 'जयतु संस्कृतम्' बाट शुरु भएको छात्र संगठनका विद्यार्थीले बनारसमा गएर जाँच दिने क्रममा अङ्ग्रेज विरुद्धको भारत आन्दोलनले नेपालमा पनि प्रभाव पारेको देखिन्छ । विद्यार्थीहरूको चेतनामा भएको वृद्धिले राणा विरुद्ध विभिन्न असहमति सिदा देखि लिएर महिला माथिको विभेद, जाँचमा सम्मिलित हुने नहुने विषयमा विद्यार्थीको विरोध असहमति भएको देखिन्छ । यही जाँच वहिष्कार गर्ने आन्दोलनको आन्दोलनकारीको नाममा श्रीकान्त अधिकारीको नाम देखिएकोले उहाँ जयतु संस्कृतम् आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो भन्ने देखिन्छ । तत्कालीन समयमा जाँच बहिष्कार गर्नेहरूको नाम यहाँ उल्लेख गर्दा पनि राम्रै होला भनी आजको नेपाल भन्ने किताबमा हेमराज अधिकारी लिखित वि.सं. २०५८ मा चन्द्रकला अधिकारीबाट प्रकाशितमा प्रस्तुत गरिएको छ । उहाँको किताब अनुसार संवत् २००४ साल मार्ग १ गते देखि प्रथमा परीक्षाको परीक्षा शुरु भयो । यसमा पनि धेरै जसो छात्रहरूले परीक्षा बहिष्कार गरे । त्यस्तै मध्यमा परीक्षाको टेष्ट परीक्षा पनि धेरै छात्रहरूले बहिष्कार गरे । परीक्षा बहिष्कार गर्नेहरू मध्ये प्रमुख निम्न प्रकार थिए । रामप्रसाद भुर्तेल दिङ्ला भोजपुर, तीर्थराज पण्डित, भक्तराज पन्थी पाल्पा, होमनाथ पौडेल, हरिभक्त खनाल, श्रीकान्त अधिकारी दुराडाँडा लमजुङ, एकराज पन्त, चेतोनाथ रेग्मी काठमाडौं, भुवनेश्वर पौडेल, अम्बिकाप्रसाद घिमिरे, हेमराज अधिकारी, दिङ्ला भोजपुर, (लेखक) रामेश्वर पौडेल, रुक्माङ्द झवाली, उमाभद्र खनाल सिमपानी तनहुँ, अच्युतराज रेग्मी तानसेन पाल्पा, परशुराम पोखेल चार्खु ओखलढुङा, भोगेश्वर पौडेल, रामचन्द्र

ढकाल, जगन्नाथ रिजाल, विश्वम्भर भट्टराई, गोविन्द प्रसाद पाण्डे, शोभाराज आचार्य, रामहरि भट्टराई, नारायण प्रसाद नेउपाने, भरत प्रसाद पन्त काठमाडौं, मणिभद्र खनाल सिमपानी, तनहुँ, रामनाथ आचार्य, माधव प्रसाद सिग्देल, भवनाथ ढकाल, टेकनाथ प्याकुरेल, गोपाल सापकोटा, वक्षदेव खनाल, रामहरि ढकाल, जगन्नारायण श्रेष्ठ, रमाराज ढुंगाना, हरिहर ढुंगाना आदि (पृष्ठ २१४,२१५) थिए ।

राजनीतिमा सक्रियता

वहाँ वि.सं. २००४ मा सम्पूर्ण मध्यमा उत्तीर्ण गरेर वि.सं. २००५ बनारसमा थप शिक्षा आर्जनको चाँजो पाँजोमा हुँदै गर्दा सामाजिक आन्दोलनका सूत्रधार पिता हरिदास अधिकारी, पं. तोयनाथ अधिकारी, ले.शेषकान्त अधिकारी, मु हरिभक्त पौडेल लगायतको सक्रियतामा महाभारत तथा भागवत पुराण वाचनको चाँजो पाँजोका साथै सामाजिक क्रान्ति स्वरुप बाहुनले हलो जोत्ने कार्यक्रमको शुभारम्भ २००५ फाल्गुणमा मिलाउने तय भई रहेको थियो । यही गतिविधि हुँदै गर्दा पिताजीको स्वर्गे भयो । शिक्षालाई अधुरो छोडेर सामाजिक रीतिरिवाजलाई पूरा गर्न वहाँ घर फर्कनुपऱ्यो । अग्रजको प्रेरणाबाट बनारसमा बस्दा भारतमा अङ्ग्रेजलाई भारत छोडो आन्दोलनका नेताको भाषण र सङ्गतले राजनीतिमा उहाँमा चस्को पसेको थियो । जवाहरलाल नेहरू, डा. राममनोहर लोहिया, विनोवाभावे, जयप्रकाश नारायण, डा. राधाकृष्ण, डा. राजेन्द्रबाबु जस्ता प्रख्यातनामा आदर्श नेताहरूको भाषण बनारसमा प्रायः भइरहन्थ्यो । तिनको प्रजातान्त्रिक दर्शन, राष्ट्रप्रेम, आदर्श व्यवहार, आकर्षक र ओजस्वी वाणीले श्रीकान्तको युवा मन मस्तिष्कलाई कहिल्यै नसुत्ने गरी बिउँझायो । त्यस्तै जागृत चेतना बोकेका यूवा नेपाली नेताहरू कृष्णप्रसाद भट्टराई, विश्वेश्वरप्रसाद कोईराला, सुवर्ण शमशेर, सूर्यप्रसाद उपाध्यायहरूको साथ र सङ्गतले पनि श्रीकान्तको क्रान्ति चेतनालाई अझ प्रदीप्त बनाइदियो । पतनोन्मुख राणातन्त्र र प्रसवोन्मुख प्रजातन्त्रको मौन आभास मनन गर्दै अन्याय, अत्याचार, अशिक्षा र अन्ध परम्परा विरुद्ध अथक सङ्घर्ष गर्ने साहस बोकेर सम्पूर्ण मध्यमाको शैक्षिक योग्यता लिएर श्रीकान्त २००५ सालको प्रारम्भसँगै नेपाल फर्किनुभयो । अब देशमा औपचारिक शिक्षाको बत्ती बाल्दै राणा शासनका विरुद्ध क्रान्ति चेतनाको प्रकाश फिजाउने उद्देश्यले उहाँले पनि नेपाल फर्किएपछि २००५ सालको शुरुतिरै काठमाडौं ताहाचल छाउनीमा सञ्चालित आधार शिक्षा तालिममा लाग्नु भयो । यसका साथै श्रीकान्तको औपचारिक शिक्षाको शृङ्खला स्थगित भयो र जीवनको गति राजनीतिक पाटोतिर मोडियो ।

श्रीकान्त बनारसमा पढ्न बस्दा आफ्नै गाउँकी फुपू पर्ने दिदी कृष्ण प्रसाद भट्टराईको घरमा भात पकाउने काम गरेर बसेको भेटे पछि उनैलाई दिदी भेट्न जाँदा कृष्णप्रसाद भट्टराईसँग उहाँको चिनजान बाक्लियो । राजनीतिक रूपले विद्यार्थीहरूलाई सङ्गठित गर्ने कार्यमा लागेका कृष्ण प्रसादले युवक श्रीकान्तलाई आफ्नो बनाइहाले; आफ्नै विचारमा ढालिहाले । उनैका माध्यमले श्रीकान्तको विश्वेश्वरप्रसाद कोइराला सँग पनि भेटघाट चिनजान बढ्यो । श्रीकान्तलाई छात्र सङ्घको सदस्य बनाइयो । यसै नाताले उहाँ नवगठित नेपाली कांग्रेसको अधिवेशन सभामा पनि सहभागी हुन पुग्नुभयो । त्यहाँ टाउन हल मैदानमा भर्खरै नेपालबाट भागेर बनारस पुगेका महाकवि लक्ष्मी प्रसाद देवकोटाको राणाविरोधी अत्यन्त जोसिलो भाषण भयो, सुन्दै रोमाञ्चित गराउने देवकोटाको काव्यमय ओजस्वी भाषण र राणा शासकहरूले नेपाली जनता माथि गर्ने गरेको दुर्व्यवहारको मार्मिक वर्णनले सभा स्तब्ध बन्यो । उक्त भाषणले उहाँको युवा मस्तिष्कलाई कति प्रभाव पारेछ भने जीवनको अन्तिम घडीसम्म पनि यदाकदा त्यो कुरा भनिरहने गर्नुहुन्थ्यो । यसैको प्रभाव उहाँको वक्तृत्वमा पनि झल्कन थाल्यो ।

काठमाडौमा आधार शिक्षकको तालिम प्राप्त गरेर उहाँ आधार शिक्षा पाठशालामा पढाउने शिक्षक बनेर गण्डकी अञ्चलको पोखरा पुग्नुभयो । पोखरा बाटुले चौरमा विद्यालय थियो । त्यहाँ पोखराका जल्दाबल्दा बहुमुखी प्रतिभाका धनी पं.मुक्तिनाथ शर्मा तिमिल्सिना उक्त पाठशालाका प्रमुख थिए उनीसँग बनारसदेखि चिनजान थियो । क्रान्तिकारी विचार भएका, बनारसबाट पढेर फर्किएका, भर्भराउँदो जवानीमा प्रवेश गरेका श्रीकान्त शिक्षकका रूपमा त्यहाँ प्रवेश गर्दा स्थानीय वातावरण नै तरङ्गित हुन पुग्यो । किनभने, उहाँले केवल कक्षामा गएर पुस्तकमा लेखिएको कुरा मात्र नपढाई भारत बनारस प्रवासका बेला सिकेका क्रान्ति र परिवर्तनका कखराहरू पनि पढाउनु हुन्थ्यो भन्ने रहेको छ । नेपालमा जरो गाडेर रहेको राणा शासनको अन्याय, दमन र शोषणका कुराहरू पनि चर्चाका विषय हुन्थे । पढाउने कामबाहेक उहाँको अर्को गोप्य काम थियो- नेपाली काँग्रेसको सङ्गठन विस्तार गर्नु र क्रान्तिकारी मित्रमण्डली तयार गर्नु । उहाँका यस्ता मित्रहरूमा पं. मुक्तिनाथ शर्मा, दयाशङ्कर पालिखे, प्रेमराज मुल्मी, अमृतप्रसाद शेरचन, मथुरालाल श्रेष्ठ, ऋषिकेशव पराजुली, भोजराज सुवेदी, हीरामणि भण्डारी आदि प्रमुख थिए । राजेश्वर देवकोटा र श्रीभद्र शर्मा सँग पनि उहाँको निरन्तर सम्पर्क भईरहन्थ्यो । वि.सं. २००५ श्रावण १ गते कलकत्तामा गठित नेपाल प्रजातान्त्रिक कांग्रेसका काठमाडौंको काँठतिरका एक जना एउटा आँखा कानो भएका कार्यकर्ता जोगीको भेषमा पोखरामा बसी भित्रभित्रै सङ्गठन गर्ने । कार्यकर्ता भेट गर्ने र पोखरामा सबैले उनलाई कानु जोगी भन्ने सँग उहाँहरूको सामिप्य थियो भन्ने चर्चा रहेको पाइन्छ । शिक्षक भएपछि मुक्तिनाथ तिमिल्सिेना, श्रीकान्त अधिकारी र कानु जोगी बीच गोप्य सम्पर्क हुने गरेको सुनिन्छ । त्यसैले ती कार्यकर्ताले आफ्नो डायरीमा श्रीकान्त अधिकारीको नाम टिपेर राखेछन् । राणाका पोखराका बडा हाकिम धन शमशेर ती जोगीलाई पक्रने सुरमा पुगेछन् । यो कुरा थाहा पाई बाटुले चौरका मुक्तिनाथ तिमिल्सेनाले रातारात पोखराबाट कानु जोगीलाई भगाई भारत पठाएछन् तर उक्त डायरी तत्कालीन प्रशासनको हात लाग्यो र उक्त डायरी कै आधारमा २००७ सालको क्रान्तिको शुरुमै श्रीकान्त अधिकारीलाई प्रशासनले पक्रिएर ३६ दिन सम्म हिरासतमा राखी छोडेको उल्लेख भएको पाइन्छ । नेपाली कांग्रेस युद्धस्तरबाट स्थानीय तहमा व्यापक रूपले सङ्गठन विस्तार गर्न लाग्यो । यस समयमा श्रीकान्त अधिकारी पोखराको बाटुले चौरस्थित विद्यालयमा शिक्षक हुनुहुन्थ्यो ।

अशिक्षा र अन्धविश्वासको अन्धकारमा रुमलिएको नेपाललाई आधुनिक सु-शिक्षाको ज्योतिले प्रकाशित तुल्याउने सङ्कल्प बोकेर श्रीकान्त स्वदेश फर्केको देखिन्छ । त्यसपछिका दिनमा शिक्षा र राजनीति यी दुई क्षेत्रकै चिराग बनेर नेपाल र नेपालीको सेवामा आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गर्नुभयो । एउटा हातमा क्रान्तिकारी राजनीतिक चेतना सहित सामाजिक विभेद-विरूद्धको क्रान्तिकारी स्वरुप र अनि अर्को हातमा धार्मिक सांस्कृतिक रूढिवादिता र अशिक्षाका विरूद्ध शैक्षिक चेतनाको चिराग बालेर उहाँले जिन्दगीभर नेपाल आमाको आरती गरिरहनुभयो ।

जेलयात्राको शुरूवात

२००६ साउन ११ गते दुराडाँडामा पं. तोयनाथ, ले. शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेल, श्रीकान्तसहित २७ जना बाहुनहरूले हलो जोते । त्यस कार्यका संयोजक र सहभागीका रूपमा श्रीकान्तको पनि नाम गाँसिएकोले उहाँमाथि प्रशासनका आँखा राम्रैसँग पर्न थाले । फलस्वरूप बर्खे बिदामा दुराडाँडा गएका बखत हलाकर्षणको ठीक एक वर्षपछि ००७ साउन ११ गते हलो क्रान्तिका अगुवा पं. तोयनाथ, ले. शेषकान्त सहित श्रीकान्तलाई सरकारले गिरफ्तार गऱ्यो । उहाँहरूलाई दुराडाँडा देखि कुन्छा हुँदै जङ्गलको बाटो रातारात हिँडाएर १६ घण्टामा पोखरा पुऱ्याइयो । त्यस बेला बडा हाकिम बनेर पोखरा गएका सरदार फत्ते बहादुरले हलो जोताउने नाइके यही

हो भन्दै श्रीकान्तको कठालो समाते । अनि तीनै जनालाई नालामुखको जेलमा बन्द गरियो । तर थुनुवा पूर्जीबिना जेल हालिएकोमा आपत्ति गर्दै तीनै जनाले अन्न–पानी बहिष्कार गर्नुभयो । यसरी ४८ घण्टासम्म अनशन बसेपछि गोश्वारामा हाजिर हुने कागज गराई सबैलाई तारेखमा छोडियो । यो थियो २००७ साल साउन महिनाको कुरो । यसरी श्रीकान्तको पहिलो कारागार बसाई ४८ घण्टाको मात्र रह्यो, तर फेरि समातिने सम्भावना भए पनि उहाँका राणाविरोधी गतिविधि रोकिएनन् ।

देशभरी राणाशासनका विरोधमा आवाज बुलन्द हुन थाले । यसै बीच राजा त्रिभुवन भागेर दिल्ली पुगे । क्रान्ति चर्किन थाल्यो । धरपकड तीव्र भयो । २००७ साल मंसिर २० गते श्रीकान्तलाई स्कूलमा पढाउँदा-पढाउँदै गिरफ्तार गरेर जेल चलान गरियो । राजकाजको मुद्दा चलाएर अंश सर्वस्व सहित १८ वर्ष कैद गर्ने फैसला सुनाउँदै नेल ठोकियो । पोखरा फूलबारी ब्यारेक स्थित उक्त जेलमा लमजुङ चिसङ्कुका डि. श्रीप्रसाद र उनका भाइ बलभद्र लगायतका व्यक्तिहरू आइसकेका थिए । उनीहरूलाई करापुटारमा हरिबोधिनी एकादशीको मेलामा चारतारे झण्डा फहराएर शासनको विरोध गरेको अभियोगमा पहिले नै बन्दी बनाइएको थियो ।

श्रीकान्त जेल परेपछि उहाँका समर्थक र साथीहरू विरोधमा उत्रिनु स्वाभाविकै थियो । श्रीकान्त थुनिएको महिना दिन बित्दा नबित्दै श्रीकान्तको गिरफ्तारीको विरोधमा उहाँका निकटतम सम्बन्धी र साथीहरूले बृहत् जुलुस लिएर आन्दोलनमा उत्रिने निधो गरे । फलस्वरूप श्रीकान्त कै भान्जा पोखरा कुँडहरका जगन्नाथ सिग्देलले बृहत् जुलुसको आह्वान गरे, अगुवाई पनि गरे । पौषको २३, २४ र २५ गतेको जुलुस विशेष थियो । २३ गतेको जुलुसको नेतृत्व सिमलचौरका हाराञ्जाले गरेका थिए भने २४ र २५ गतेको जुलुसको नेता थिए कुँडहरका जगन्नाथ सिग्देल । सबैभन्दा ठूलो जुलुस २५ गते निस्कियो जसमा अन्दाजी १६-१७ हजार मानिस सहभागी भएको उल्लेख छ । त्यसबेला यो सङ्ख्या निकै बढी हो । मानौं सम्पूर्ण पोखराबासी सडकमा ओर्लिएका थिए । त्यस जुलुसले श्रीकान्त थुनिएको फूलबारी ब्यारेक कब्जा गऱ्यो । आन्दोलनकारीहरूले जेलभित्र पसेर श्रीकान्तलाई जेलमुक्त गरी बाहिर ल्याए । सर्वस्व सहित १८ वर्षका लागि जेल परेका श्रीकान्त ३६ दिनपछि यसरी जेलमुक्त हुनुभयो । त्यहाँ जम्मा भएको जुलुसले श्रीकान्तको अभिनन्दन गऱ्यो । श्रीकान्तले उक्त जुलुसलाई आफ्नो ओजस्वी भाषणद्वारा सम्बोधन गर्दै आफूलाई मुक्त गराइएकोमा आभार व्यक्त गर्नुभयो ।

श्रीकान्तको क्रान्तिकारी सारगर्भित भाषणबाट प्रभावित र उत्साहित उक्त जनसमुदायले श्रीकान्तलाई नै आफ्नो नेता घोषित गऱ्यो । त्यसपछिको जुलुसको नेतृत्व पनि श्रीकान्तलाई नै सुम्पियो । श्रीकान्तले फेरि त्यहीँ पोखरा कब्जा गर्ने उद्घघोष गरेको पाइन्छ । उहाँकै नेतृत्वमा त्यो जुलुस पोखराका सबै सरकारी अड्डा कब्जा गर्दै अघि बढ्यो । कार्यालयहरू कब्जा गर्ने क्रममा त्यहाँका कर्मचारीलाई बाहिर निकाल्दै आफ्ना कार्यकर्तालाई कार्यालय प्रमुख बनाउँदै अघि बढ्ने क्रम रह्यो । लगभग सबैजसो कार्यालयहरू अधीनस्थ भइसकेपछि पोखरा अड्डाका तत्कालीन बडाहाकिम धनशमशेरलाई अड्डाबाट थुतेर बाहिर ल्याइयो । उनले आत्मसमर्पण गरे । उनलाई राजीनामा गराईयो । साँझ पर्न लाग्यो । प्रमुख आन्दोलनकारीहरू विन्ध्यवासिनी परिसरमा अवस्थित माल अड्डा अगाडिको नारेश्वरको रुखमुनि भेला भएर भोलि जनसरकार गठन गर्ने र कब्जा गरिएका हतियार जिम्मा लगाउने योजना बन्यो । सबै आ-आफ्ना निवासमा फर्किए ।

भर्खरै पराजित अड्डा प्रमुख राणाका बडा हाकिम र तीनका समर्थकहरू जम्मा भएर रातभर अर्को योजना बनाए, प्रतिक्रान्ति गरेर आन्दोलनकारीहरूलाई भगाउने । त्यसका लागि हातमा हँसिया, भाला, लठ्ठी र खुकुरी

आदि लिएको एउटा आक्रामक दल बनाए त्यसको नाम थियो– खुकुरी दल । भोलि बिहान जनसरकार बनाउने अघिल्लो दिनको योजना अनुसार श्रीकान्तको नेतृत्वमा क्रान्तिका कार्यकर्ताहरू माल अड्डा विन्ध्यवासिनीमा भेला भए । एक हुल विन्ध्यवासिनीको पछाडितिरबाट लाल बहादुरको नेतृत्वमा पराजित राणाहरूको समर्थनमा हात हातमा हँसिया, बन्चरो, लठ्ठी र खुडा बोकेको एउटा ठूलै जत्था विन्ध्यवासिनी माल अड्डा आइपुग्यो । उत्तेजनामा उफ्रिरहेका खुकुरी दलका मानिसहरूलाई हेर्दा कार्यकर्ताहरू हताहत हुने स्थिति देखिदै थियो । अमृतप्रसाद शेरचन पनि त्यही भुङ्ग्रोमा थिए । कुरा हुँदा हुँदै हातमा खुकुरी लिएका देवेन्द्र जङ राणाले श्रीकान्त र श्रीप्रसादलाई धकेलेर पेटीबाट तल खसालिदिए । हतियारधारी खुकुरी दलका अगाडि श्रीकान्तका निहत्था कार्यकर्ता तितर बितर हुन बाध्य भए । प्रति क्रान्तिकारीहरूले गोली पनि पड्काए । सबै अड्डाका ताला–चाबी सहित श्रीकान्त अधिकारी, श्रीप्रसाद घिमिरे र रमानाथ सिग्देल ज्यान जोगाउन छेकिँदै लुक्दै बगरको भीमकाली, पाटन हुँदै पृथ्वीनारायण क्याम्पस मुनि सेती नदीको ढुन्डुरमा पुगेर लुके । खानु न पिउँनुसँग रात परेपछि श्रीप्रसादले सेती किनारमा पुगेर जँघार तर्न सकिने ठाउँमा पुस महिनाको रात, सेतीको बर्फिलो पानी, लुगैसँग नदीमा पसे । श्रीप्रसाद जँघार तर्न माहिर थिए । श्रीकान्तलाई बीचमा पारेर श्रीप्रसाद र रमानाथ हात समाता समात गरी जँघार तरेर घाँच घाँचै भद्रकाली हुँदै कुँडहर पुगेर तीर्थराज सिग्देलका घरमा शरण लिन पुगे । पोखराको यो क्रान्ति र प्रतिक्रान्ति पछि श्रीकान्त लमजुङ फर्कनुभयो ।

पोखराको क्रान्ति र प्रतिक्रान्तिपछि लमजुङ फर्केका श्रीकान्त चुप लागेर घर बस्ने कुरा नै रहेन । सङ्गठन-कुशल श्रीकान्त लमजुङ लागेर त्यहाँका क्रान्तिकारी विचारका आफ्ना अग्रज साथीहरू, विशेष गरी डि. श्रीप्रसाद घिमिरेको सल्लाहमा नरेन्द्रजङ गुरूङ, सु. शेरजङ गुरुङ, सु. डिल्लीजङ गुरुङ, मुनीन्द्र जङ गुरूङ, गुञ्जसिंह गुरुङ, पं. तोयनाथ अधिकारी, भीष्मकान्त अधिकारी आदिलाई सङ्गठित गरी तत्कालीन लमजुङ सदरमुकाम कुन्छा कब्जा गर्ने योजना भयो । पहिलो प्रयास असफल भए पनि दोस्रो पटकको संयुक्त योजना अनुसार सङ्गठित जनसमुदायको सहयोगमा निस्केको विशाल जुलुस द्वारा अड्डालाई घेराबन्दी गरियो । राणाका कार्यकारीहरूलाई अड्डा बाहिर निकालेर क्रान्तिकारीहरू तीनका कुर्सीमा पदस्थापित भए । यसरी कुन्छा सदरमुकाम कब्जा भयो । स्थानीय सरकारले आत्मसमर्पण गऱ्यो । कुन्छा अधीनस्थ भइसकेपछि त्यो जुलुस दुराडाँडातिर फर्कियो ।

अब कब्जा गरिएका ठाउँमा जनसरकार बनाउनुपर्छ भन्ने विचार-विमर्श, परामर्श भइरहेकै वेला तत्कालीन क्रान्ति नेता एवम् गृहमन्त्री वि. पि. कोइरालाले आवा गरी श्रीकान्तलाई जनसरकार तीर नलागि सरकारलाई सघाउन र सामाजिक विकासमा लाग्न आग्रह गरेको पाइन्छ ।

नेपालमा १०४ वर्षसम्म शासन गर्ने राणाहरूका समर्थन पाएर बनेका देश भरका मुखिया, जिम्मावाल, चौधरी, जमिन्दार जस्ता सामन्तीहरू संलग्न, वैचारिक दृष्टिले पुरातनपन्थी र अर्ध प्रगतिशीलको पनि संगठन गोर्खा परिषद् बन्दै थियो । यस पार्टीको पनि देशभर राम्रो पकड थियो । यसैले वि.सं. २००७ मा जहाँनिया निरङ्कुश शासनको अन्त्य हुनासाथ संविधान बनाउनका निम्ति तत्कालीन अन्तरिम शासनको व्यवस्था अनुसार विधान परिषद्को निर्वाचन गराउन प्रधानमन्त्री मोहन शमशेर अत्यन्त आतुर थिए । तर त्यस समयका गृहमन्त्री तथा नेपाली काङ्गेसका नेता विश्वेश्वर प्रसाद कोईराला भने प्रधानमन्त्री मोहन शमशेरको आतुरताप्रति चासो दिँदैनथे । तत्काल निर्वाचन भएमा विधान परिषद्मा गोर्खा परिषद्को बलियो पकड हुन सक्ने भयले विश्वेश्वर प्रसाद कोईराला यो निर्वाचन अन्तरिम संविधानले तोकेको समय भन्दा दुई तीन वर्ष ढिलो होस् भन्ने विचार

राख्दथे । यो विचार बेला बेलामा गणेशमान सिंहले आफ्ना कार्यकर्ताको पङ्क्तिमा व्यक्त गर्नुहुन्थ्यो । यस्तै झिना झम्टीमा प्रजातन्त्र पिल्सिन लाग्यो । श्रीकान्त अधिकारी दुराडाँडा फर्की सामाजिक विकासमा लाग्न थाल्नुभयो ।

राणाको क्रूरताबाट मुक्ति पाउन गरिएका अनेक आन्दोलनमा जीवन जोखिममा राखी सक्रियता पूर्वक संलग्न रहँदै आउनुभयो । प्रजातन्त्रोत्तर कालका कैयौं उतार-चढावका प्रवहमान बनेर उहाँले अनेकौं अनुभव सँगाल्नु भयो । यसरी निश्चय नै अधिकारीको जीवन र व्यक्तित्वका पृथक् पृथक् आयाम र घुम्तीहरू छन् । सामाजिक रूपान्तरणका लागि आह्वान गरिएका अनेकौं अभियानमा सहभागी हुने र अधिकांश सन्दर्भमा नेतृत्व गर्ने अवसर समेत प्राप्त गर्नुभयो उहाँले । राष्ट्रिय राजनीतिका कुनै कालखण्ड अन्तर्गत विशेष आकर्षणको केन्द्रमा आफूलाई स्थापित गर्न समेत उहाँ सफल हुनुभएको थियो । शैक्षिक सामाजिक जागरण र राजनीतिक परिवृत्तमा विशिष्ट राजनीतिक सेवामूलक चरित्र भएका व्यक्तित्वका रूपमा उहाँ स्थापित हुन सक्नुभएको तथ्य छर्लङ्ग छ ।

राजनीतिका माध्यमबाट समाजसेवा

समग्रमा हलो क्रान्तिले सामाजिक र राजनीतिक क्षेत्रमा समेत ठूलै हलचल सिर्जना गऱ्यो । सामाजिक विकासका उद्देश्यका लागि श्रीकान्त अधिकारी लमजुङतिर लाग्नु भयो । शिक्षाले समाजको अन्धकार हटाउँदछ भन्ने ध्येयले शिक्षाको विकासमा उहाँ निरन्तर लाग्नुभयो । लमजुङमा विद्यालय विस्तार गर्न लाग्ने हिसाबमा गाउँ गाउँ डुल्दा स्कूलको कुरा गर्दा कति गाउँमा उहाँ लखेटिनुभयो । उहाँमाथि अभद्र व्यवहार पनि भए तर उहाँ निर्भीक भएर सामाजिक विकासमा लाग्न थाल्नुभयो । पहिला आफ्नै मौजालाई ब्याङे गराको रूपमा विकास गर्ने सोचका साथ दुराडाँडालाई केन्द्रमा राखी विकासमा लाग्ने सङ्कल्प गर्नुभयो । शिक्षाले चिरागको काम गर्दछ, अज्ञानता हटाउँदछ, शिक्षा नै विकासको आधार हो भन्ने मान्यता लिएर शिक्षा विकासमा लाग्नुभएका श्रीकान्तले २००८ सालमा दुराडाँडा मौजामा १४ वटा सदनको प्रारम्भ गर्नुभयो । जसमा १२ वटा सरकारी क्षेत्रबाट स्वीकृत गराउन सम्म सफल रहनुभयो । यसमा नरकान्त अधिकारीको सदाशयता र दीर्घराज कोइरालाको निर्णय सार्थक रह्यो भने दुराडाँडे समाजको पनि उत्तिकै साथ सहयोग रह्यो । २००९ मा यी प्रा.वि.को केन्द्रबिन्दु मिडिल स्कूल सर्वोदयको जन्म भयो । श्रीकान्त विकासप्रेमी राजनीतिक सोचका जनतामा भिज्न सक्ने मानिस हुनुहुन्थ्यो । उहाँमा सामाजिकता थियो । समाज सेवाका लागि केही गरौं भन्ने भावना थियो । यसैले उहाँ जहाँ जानुभयो त्यहाँको समाजका लागि केही न केही काम गर्ने; जनप्रिय हुन पुग्नुभयो । उहाँ सामाजिक भावनाविनाको राजनीति कूटनीति हो भन्ने गर्नुहुन्थ्यो । राजनीति सँगै सामाजिकता हुनुपर्छ; समाजको हितमा लाग्नुपर्छ; समाजसेवा गर्नु मानवीय कर्तव्य हो भन्ने सोचका मानिस उहाँ हुनुहुन्थ्यो । राजनीतिमा लागेर उहाँले आफ्नो व्यक्तिगत लाभ लिएको कुरा कहिल्यै थाहा भएन । सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने उहाँ विशेष व्यक्ति हुनुहुन्थ्यो । उहाँले आफ्नो नेतृत्वमा समाज सेवा र देश विकासमा दिएको योगदान भावी पुस्ताका लागि विचारणीय बन्छ । यसैले राजनीतिका माध्यमबाट समाज–सेवा गर्दै देश विकासका निम्ति समर्पित बन्नु, जनप्रिय हुन सक्नु, राजनीतिकर्मीको मूल कर्तव्य हो भन्ने सोचका उहाँ हुनुहुन्थ्यो । नेताबारे चर्चा चल्दा उहाँको धारणा पाइन्थ्यो- 'नेताको त्याग र महत्ता, समाज र देश सेवा, यी कुराहरू प्रति दृष्टि दिई उसको मूल्याङ्कन हुनुपर्छ ।' उहाँको सोचाइ सदा उदार तथा विशाल हुन्थ्यो । उहाँमा अतीतको राम्रो विश्लेषण गरी सोही आधारमा वर्तमानको सोच बनाउने तथा त्यसको समग्रतामा भविष्यको आकलन गर्नुपर्ने धारणा थियो ।

पश्चिमाञ्चल राजनीतिक सम्मेलन

२००९ वैशाख २१ गतेको लमजुङ दुराडाँडामा सम्पन्न सम्मेलन तत्कालीन राजनीतिक चहल–पहलको स्थितिमा पहिलो राजनीतिक सम्मेलन थियो । यसमा गण्डकी अञ्चलका प्रायः सबै जिल्लाहरू द्वारा प्रतिनिधित्व भएको थियो । यस सम्मेलनको सभापतित्व कविराज रामप्रसाद खनालज्यूद्वारा भएको थियो । यस सम्मेलनमा उपस्थित सहभागी प्रतिनिधिहरू टिपोट भए अनुसार निम्न प्रकार थिए ।

१ गोवर्धन शर्मा पोखरेल- तनहुँ, फराकचौर
२ चन्द्रकान्त शर्मा- तनहुँ
३ वामदेव पण्डित- तनहुँ, स्याम्घा
४ विष्णुहरि शर्मा खनाल तनहुँ, सञ्जुर
५ वैकुण्ठ शर्मा कट्टेल- तनहुँ
६ श्रीभद्र शर्मा, खनाल तनहुँ, सिम्पानी
७ आइतमान सिहं गुरुङ लमजुङ, गोर्जे
८ उदयनाथ अधिकारी लमजुङ दुराडाँडा-स्वाँरा
९ कर्पूरानन्द स्वामी लमजुङ दुराडाँडा
१०. कृष्णप्रसाद न्यौपाने लमजुङ दुराडाँडा देउतापानी
११ चन्द्रशेखर धिमिरे लमजुङ चिसंकु
१२. जुद्ध बहादुर अधिकारी लमजुङ चिती
१३. ज्ञानशाली शर्मा लमजुङ दुराडाँडा- स्वाँरा
१४. पं. तोयनाथ अधिकारी लमजुङ दुराडाँडा अर्चल्यानी
१५. नरेन्द्रजङ गुरुङ लमजुङ घनपोखरा
१६. बलभद्र शर्मा घिमिरे लमजुङ चिसंकु
१७. भद्रनिधि वडारखनिया लमजुङ दुराडाँडा अर्चल्यानी
१८. रोहिणीराज त्रिपाठी लमजुङ उदीपुर
१९. लक्ष्मीप्रसाद उपाध्याय अधिकारी लमजुङ दुराडांडा चारघरे
२०. शिवलाल नेपाली लमजुङ
२१. ले. शेषकान्त अधिकारी लमजुङ, दुराडाँडा-स्वाँरा
२२. श्रीकान्त अधिकारी लमजुङ, दुराडाँडा-स्वाँरा
२३. डि. श्रीप्रसाद उपाध्याय घिमिरे- लमजुङ, चिसंकु
२४. सर्वजित बहादुर गुरुङ- लमजुङ नाल्मा
२५. सीताराम अधिकारी- लमजुङ, मन्ज्याङ
२६. हरिवंश गौतम लमजुङ, रम्घा
२७. दयाशङ्कर पालिखे - कास्की, पोखरा बजार
२८. पेच बहादुर गुरुङ- कास्की, हंसपुर
२९. प्रेम चैतन्य ब्रह्मचारी कास्की, पोखरा चिसाखोला

३०. मथुरालाल श्रेष्ठ कास्की, पोखरा

३१. पं. मुक्तिनाथ शर्मा- कास्की, पोखरा-बाटुलेचौर

यो सम्मेलन निकै उत्साह र चहलपहल साथ सम्पन्न भएको थियो । यसमा जल्दा बल्दा विभिन्न समसामयिक विषयहरू समेटी तर्कपूर्ण यथार्थता अँगाल्दै छलफल एवं बहस चलेको बुझिन्थ्यो । यही यथार्थताको आधारमा विभिन्न २९ वटा विशेष प्रस्तावहरू सर्वसम्मतिले स्वीकृत हुन पुगेका थिए । जसमध्ये नमूना रूपमा केही प्रस्तावहरू यहाँ प्रस्तुत गरिन्छन् ।

प्रस्तावक श्रीकान्त अधिकारी

समर्थक - श्रीभद्र शर्मा

प्रस्ताव-विदेशी बैंकमा लगी पूँजी थन्क्याएका नेपालको नागरिकता प्राप्त मानिसहरूलाई सरकारले आफ्नै देशमा पूँजी ल्याई देश हितमा औद्योगिक कार्यहरूमा सो लगाउन बाध्य गरोस् । देशहितको कुनै ख्याल नगरी आफ्नो देशको पूँजी फिर्ता ल्याउन सरकारी आग्रह नमान्ने व्यक्तिहरूको नेपालको नागरिकता बिल्कुलै रद्द गरियोस् ।

प्रस्तावक कृष्णप्रसाद न्यौपाने

समर्थक - लक्ष्मीप्रसाद अधिकारी

प्रस्ताव-आज नेपालीको घर-घरमा आर्थिक विषमताको ज्वाला दन्कदै छ र यसले समाजमा एउटा गहिरो धक्का पारेको छ । यो हो एउटा परिवारमा व्यक्तिगत अंश नभई बाबु-आमा र दाजुभाइ मात्रको हिसाबमा अंश हुनु । अब आइन्दा यसो नगरी हाम्रो एकै परिवारको संख्या हेरी प्रत्येकको जिये-जियै अंशलाग्ने हुनुपर्छ ।

प्रस्तावक गोवर्धन शर्मा पोखरेल

समर्थक वैकुण्ठ कट्टेल

अनुमोदक - ले. शेषकान्त अधिकारी

प्रस्ताव-देशको खाद्यस्थिति ज्यादै नाजुक भएकोले हिँउँदे खेती गराउनु ज्यादै जरूरी छ । खेती गर्न चाहने कति मानिसहरू जमिन पाउँदैनन् र जमिनपुग्ने मानिसहरू खेतीगर्न चाहँदैनन् । यसैले यो सम्मेलन सरकारसँग अनुरोध गर्छ-खेतीहुनलायक जमिन हिउँद–बर्खे बाँझोरहन नदिने व्यवस्था गरोस् । जो जमिन–मालिक आफू खेतीगर्न सक्तैनन्, त्यस्ताले केवल हिउँदे महिनाको नितिमात्र पनि खेती गर्नचाहने मानिसलाई खेती गर्नदिएर बाँझोराख्न नपाउने कामहोस्, कसैले खेती हुनसक्ने खेत बाँझोराखेमा त्यस्ता जमिन मालिकलाई सजाय गरिने व्यवस्था होस् ।

प्रस्तावक आइतसिंह गुरुङ

समर्थक - नरेन्द्रजङ गुरुङ

अनुमोदक - पेचबहादुर गुरुङ

प्रस्ताव-गुरुङ समाजमा अघि देखिको कानून-ऐनले गुरुङ जात १६ भन्ने भइरहेको, मर्दा पर्दा पनि एकैजात भन्ने गराएको छ । फैसलामा जे भए पनि चार जातेहरूले हामी सोह्र जाते माथि सात टाउकाको बढी रकम सोली-डोली उठाउने र घाटु नचाउँदा चार जातेका छोरी ननचाई सोह्र जातेका छोरी नचाउँदा हामी हाम्रा

छोरी-बैनीको अपमान सम्झन्छौ ।। हामी भ्रातृत्व बुझाउनेप्रति अपशोच भन्छौं, खेदप्रकट गर्छौं ।। हामीलाई चार जातेले पशुवत् व्यवहारगर्न नपाओस् ।

यसरी गुरुङजातिभित्र सोह्र र चारजाते बीच देखिएको होची-अर्घेलीको बिभेदलाई लिइ चर्चा–परिचर्चा चलेकै समय आसपास मौका विशेषले सुब्बा डिल्लीजङ् गुरुङ (१९६१-२०२१ : लमजुङ-घनपोखरा) तत्कालीन सदर मुकाम कुन्छाबाट फर्कंदै थिए । संयोगवश यहाँ भएको विशाल सभामा उनीसमेत सामेल हुनपुगे । दुराडाँडा चिहानपाटामा च्याली सभामा परिणत भयो । सभालाई सम्बोधन गर्न सुब्बा डिल्लीजङ गुरुङले चिहानपाटाको न्यौपाने चौताराबाट निर्धक्कहुँदै बन्दै गरे कुप्रथा चारजाते प्रथाको उन्मूलन भएको घोषणा पनि गरेका थिए । रामप्रसाद खनालज्यूको सभापतित्वमा सम्पन्न यस सम्मेलनले उपर्युक्त प्रस्तावहरूको अतिरिक्त हाम्रा वनजङ्गल गाउँका ठूलाठालुहरूको पञ्जाबाट मुक्त गरी पञ्चायतीकरण गर्न र सबैले उपयोग गर्न पाउने व्यवस्था गर्ने, अलपत्र परेका हाम्रा बालक, वृद्ध र अशक्त रोगीहरूलाई सरकारको तर्फबाट संरक्षण एवं सुरक्षण हुनुपर्ने, बाटोघाटो र पानी पँधेरोबेगर दुःख हुने पहाडका शिखर-बस्तीहरूमा सोको प्रवर्धनगर्दै व्यवस्थित बस्ती बसाल्ने आदि प्रस्तावहरू पनि त्यहाँ पारित भएका थिए सम्मेलन सौहार्दपूर्ण र सुमधुर वातावरणमा सम्पन्न भएको थियो । अनि सम्मेलन सम्पन्न भएको समयदेखि नै तत्कालीन मातृका प्रसाद कोइरालाको सरकारलाई घच्घच्याई पारित प्रस्तावहरूको कार्यान्वयन गर्न तत्परताका साथ सम्मेलन–सम्बद्ध आयोजक कमिटी लागी परेको बुझिन्थ्यो ।

बृहत् छलफल र विचार-विमर्शको निचोडमा उनन्तीस सूत्रीय प्रस्ताव पारित भयो जसमध्ये केही यस् प्रकार छन् ।

१. विदेशी बैंकमा पैसा राख्ने नेपालीको पैसा फिर्ता गरेर उद्योगधन्दामा लगाउने, नत्र तिनको नागरिकता खारेज गर्ने ।
२. ठूलाबडाका कब्जामा रहेका वन जङ्गलहरू सार्वजनिक उपभोगमा लगाउने, सामुदायिक बनाउने ।
३. असहाय, बाल, वृद्ध, रोगी, विधवा, सुत्केरी आदिको संरक्षण सरकारी तवरबाट गर्ने ।
४. विद्यालयमा जातीय वा साम्प्रदायिक विभेद गर्ने शिक्षकलाई निष्काशन गर्ने ।
५. सैन्य शक्ति धेरै नबढाउने र विद्यमान सैन्य शक्तिलाई विकास-निर्माणमा लगाउने ।
६. गरिबीले ग्रस्त किसानलाई उठाउन हरेक जिल्लामा कृषि सहकारी बैंक स्थापित गर्ने ।
७. भारततिर झैं चीनतिरको व्यापार बढाउनका लागि उत्तरतिर राजमार्गहरूको विस्तार गर्ने ।
८. वैज्ञानिक भूमि सुधार लागू गर्ने, भू-माफिया उन्मूलन गर्ने र उर्वरा शक्ति अनुसार भूमि कर लगाउने ।
९. खाद्य अभाव र गरीबी हटाउन सबै जमिनमा हिउँदे खेती लगाउने व्यवस्था मिलाउने ।
१०. शिक्षक, कर्मचारीलाई राजनीतिमा संलग्न नगराउने संलग्न हुनेलाई पदबाट हटाउने ।
११. कर्मचारीलाई खान लाउन पुग्ने गरी तलब दिने र घुस, कमिशन बिल्कुल बन्द गर्ने ।
१२. गुठीहरूको पारदर्शी व्यवस्थापन गरी तिनको उपयोग उद्देश्य अनुरूप गरीब, दीन-दुःखीको सेवा गर्ने ।
१३. गुरुङ जातिमा रहेको चार जाते र सोह्र जाते बीचको विभेद अन्त्य गर्ने ।
१४. अपाङ, अनाथ र अशक्तहरूको स्याहार एवं काम र मामको व्यवस्था सरकारले गर्नुपर्ने र भीख माग्न प्रतिबन्धित हुनुपर्ने इत्यादि ।

उपर्युक्त प्रस्तावका प्रस्तावक श्रीकान्त हुनु हुन्थ्यो भने श्रीभद्र त्यसका समर्थक सम्मेलनको अध्यक्षता रामप्रसाद खनालले गर्नुभएको थियो । यसबाट के स्पष्ट हुन्छ भने श्रीकान्त सत्तामुखी होईन सेवामुखी राजनीतिमा विश्वास गर्नुहुन्थ्यो । जसका कारण उहाँ जनप्रिय जननेता बन्न सफल हुनुभयो र उहाँको उपर्युक्त राजनीतिक प्रशंसा मुलुककै राजनीतिलाई सकारात्मक सन्देश दिएको अनुभव गर्न सकिन्छ । २००९ सालमा तत्कालीन परिवेशमा गरिएको उपर्युक्त राजनीतिक दिशा अहिले पनि उत्तिकै सामयिक र व्यवहारमा उतार्न सके देशको कायापलट हुने श्रीकान्तको राजनीतिक दूरदर्शिता प्रमाणित हुन्छ र उहाँ एउटा सामाजिक राजनेता हुनुहुन्थ्यो भन्ने सिद्ध हुन्छ ।

शिक्षा-सम्मेलन र श्रीकान्त

राजनीतिक सम्मेलनको अर्को वर्ष २०१० वैशाख १८-२० मा श्रीकान्तको नेतृत्वमा दुराडाँडामा शिक्षा-सम्मेलन आयोजित भयो । परम्परागत शैक्षिक शिक्षा पद्धति युगानुकूल नभएकाले प्रजातन्त्रोत्तर नेपाललाई कस्तो खालको शिक्षा चाहिन्छ र कस्तो जनशक्ति उत्पादन गर्नुपर्छ भन्ने विषयमा गहन छलफल गर्ने उद्देश्यले उक्त सम्मेलन बोलाइएको थियो । पश्चिमाञ्चलभरिका शिक्षाप्रेमी विशिष्ट विद्वान्, शिक्षाविद्हरू र प्रकाण्ड शास्त्रीय पण्डितहरूको जमघट भएको उक्त सम्मेलनले व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, नैतिक र आर्थिक अवस्था सबल बनाउँदै राष्ट्रको चौतर्फी विकास, निर्माणमा सशक्त योगदान पुऱ्याउने खालको वैज्ञानिक शिक्षा नीति आवश्यक हुने ठहर गरी तद्नुकूलको प्रस्तावित घोषणापत्र जारी भयो । यसअनुसार प्राथमिक, माध्यमिक र उच्च गरी शिक्षण संस्थालाई तीन भागमा बाँड्नुपर्ने, प्राथमिक शिक्षा आ-आफ्नो स्थानीय मातृभाषामै हुनुपर्ने र पाँच कक्षादेखि राष्ट्रभाषा नेपाली अनिवार्य गर्नुपर्ने भन्ने थियो । माध्यमिक शिक्षामा सरलीकृत संस्कृत र त्यस अन्तर्गतका नैतिक शिक्षा अनिवार्य गर्दै नेपालीबाहेक एशियाली भाषा हिन्दी र विश्व भाषा अङ्गेजी सहित कला साहित्य एवं विज्ञान-प्रविधिका क्षेत्रमा सामान्य प्रवेश गराउने भन्ने पनि माग थियो । साथै उच्च शिक्षा दिने कलेज तथा विश्वविद्यालयहरूमा जीवनलाई नैतिक, स्वावलम्बी र स्वाभिमानी बनाउने ढङ्गको सैद्धान्तिक एवं प्रयोगात्मक शिक्षा दिइनुपर्ने, भाषालाई अन्य विषय वस्तुको बोधलाई महत्व दिनुपर्ने, संसारमा भएका ज्ञान-विज्ञानको आविष्कार एवं उन्नतिलाई तत्कालै आत्मसात् गर्ने व्यवस्था मिलाउनु पर्ने, यसका लागि विषय वस्तु राष्ट्रभाषा वा राष्ट्रिय भाषामा अनुवाद गरिदिएर एकेडेमीहरूले सहयोग गर्नुपर्ने भन्ने पनि थियो । साथै व्यवसायिक र व्यावहारिक ज्ञान, सीपलाई प्राथमिकता दिनुपर्ने जस्ता प्रस्ताव उक्त शिक्षा सम्मेलनले देशका नीति-निर्माता समक्ष प्रस्तुत गऱ्यो । २००७ सालको अन्त देखि २०१४ सालको शुरू सम्मको कन्दरा भित्रको तपस्या समाप्त गरी उक्त तपोभूमि (लमजुङ) बाट भाद्र महिनामा श्रीकान्त अधिकारीको नेतृत्वमा एंउटा प्रतिनिधि मण्डल आई तत्कालीन शिक्षामन्त्री डा. के.आई.सिंहलाई दिएको दर्खास्त २०१४ भाद्र १७ गते शिक्षा मन्त्रालयमा २८२६ ख दर्ता भएको थियो । के.आई.सिंह हुँदै श्री ५ समक्ष प्रस्तुत भएको थियो । उक्त प्रतिनिधि मण्डले सर्वोदयका लागि सहयोग र २०१० मा भएको शिक्षा सम्मेलनको कार्यपत्र प्रस्तुत गरेको थियो । जसको विस्तृत चेतनाको मुहानको शिक्षा विशेषाङ्क (२०७९) मा उल्लेख छ ।

श्रीकान्त अधिकारी दुराडाँडाको शैक्षिक विकासमा लाग्नु भयो २००८ सालमा १२ प्रा. वि., २००९ सालमा सर्वोदय मिडिल स्कूल स्थापना र यसको स्थायी गराउन लागि पर्नु भयो । २००९ को राजनीतिक सम्मेलन, २०१० को शैक्षिक सम्मेलनले राष्ट्रलाई मार्गदर्शन गर्ने कार्यमा सम्मिलित हुनु भयो । २०१० सालमा मु. हरिभक्त पौडेलका छोरा विष्णुभक्त पौडेलको दुःखद घटनाले दुराडाँडाको क्रान्तिमा श्रीकान्तलाई साथ

दिने परिवारको शोकले विचलित बनाउने हो की भन्ने थियो । श्रीकान्त अधिकारीको बुद्धिमत्तापूर्ण योजनाले सर्वोदयलाई खुट्टा टेकाउने कार्य भयो । शोकलाई शक्तिमा बदल्ने काम भयो । उनै विष्णु भक्त पौडेलको नाममा २०११ साल पौष १० गते मु. हरिभक्त पौडेल परिवारबाट सर्वोदय स्कूल निर्माण गर्न विष्णु–वाटिका को जग्गा प्राप्ति भयो । उक्त स्कूलको शैक्षिक उन्नती र भवन निर्माणमा श्रीकान्त अधिकारी लाग्नु भयो । देशको राजनीतिक अस्थिरताका बीच गाउँ सुधार र विकासमा लाग्ने निरन्तरता नै उहाँको अठोट रह्यो ।

सामाजिक चेतना र विकासमा

व्यक्तिगत झगड़ा, राजनैतिक झगडालाई पृथक् राखी निम्न लिखित रचनात्मक कार्यलाई बहुजन हिताय, बहुजन सुखायको लक्ष्य राखी सु-सम्पन्न गराउन किरिञ्चे खोलादेखि पश्चिम, मिदिम खोलादेखि पूर्व, हाँडी खोला पाउँदी खोलादेखि उत्तर, किरिञ्चे खोलादेखि दक्षिण यति ४ किल्ला भित्रका दुराडाँडा मौजा निवासी दाजुभाइ दिदी बहिनी बाबु छोरा, आमा छोराले समस्त नेपाल, हुन सक्छ समस्त विश्वका दाजुभाइ दिदी बहिनीलाई एक लक्ष्य (मानवता) प्राप्तिमा अनेक साधनको घुस्टो ओड़ाई लक्ष्यमा समेत अनेकताको भ्रम पर्ने चेष्टाबाट बाहिर निस्की एक लक्ष्यको लागि एकै भएर संसार सिगारौं भनी शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, न्याय जस्ता यावत्को विकास गर्न सङ्कल्प प्रस्ताव गरी ग्राम सुधार सभा, ग्राम सुधार समिति, ग्रामीण न्यायालय, योजना कमिटी, हिसाब जाँच्ने कमिटीहरू बनाई व्यवस्था विधान तयार गर्न श्रीकान्त अधिकारीले नेतृत्व गरी विधान व्यवस्था गर्नुभएको थियो जुन यस्तो छ ।

व्यवस्था (विधान) -

१ हरेक गाउँबाट चुनिएका प्रतिनिधि र शिक्षा, स्वास्थ, खेती व्यापारः बुज्रुग वर्गका एक एक प्रतिनिधि- हरूको तर्फबाट एउटा ग्राम सुधार सभा बन्दछ र जसलाई ग्रामीण पार्लियामेण्ट सम्झिन्छ । माथिका विषयहरूमा गरिने हरेक चीजमा नियन्त्रण गर्ने, नीति निर्धारण गर्ने यावत् अधिकार हुन्छ ।

२ माथिका विषयहरूको व्यवस्था मिलाउन र सञ्चालन गर्न यस मौजाका हरेक धुरीलाई गच्छे अनुसार नगद, जिन्सी श्रम आदि लिने फैसला गर्न सक्छ, साथै सरकार सँग मागिने सहयोगलाई ध्यानमा राखी फैसला गर्न ग्राम-सुधार सभाले सक्छ ।

३ ग्रामसुधार सभालाई राजनैतिक झगडा र व्यक्तिगत झगड़ामा कुनै प्रकारको हस्तक्षेप गर्ने, चर्चा चलाउने अधिकार फैसला गर्ने अधिकार हुन्न ।

४ स्वस्थ राजनैतिक संगठनको प्रजातान्त्रिक जागृतिका लागि आवश्यक छ, यसमा हाम्रो मौजा भित्र बौद्धिक तरिकाले वैधानिक विरोध गर्ने कुरालाई हामी प्रजातन्त्रकै अङ्ग मान्दछौं । किन्तु अवैधानिक अमानुषिक आतङ्कलाई यहाँ स्थान छैन र यस्तो भएमा धर्मपत्र देखि बाहिरको कुरा हुनु मै ग्रामीण न्यायालयले हस्तक्षेप गर्न सक्छ ।

५ ग्राम सुधार सभाको तर्फबाट एउटा ५ या ७ जनाको ग्राम सुधार समिति बन्दछ जस्ले ग्राम सुधार सभाबाट पास भै आएका विषयहरू आफ्नो मौजामा लागू गर्दछ । कार्यकारिणीको काम गर्दछ ।

६ ग्राम सुधार समितिका सदस्यहरू आ-आफ्नो विभागमा काम गर्दछन् र आपनो विभागमा चाहिने कामदारको समेत आफैंले भर्ना गर्न सक्छन् ।

७ ग्राम सुधार समितिको अध्यक्ष सबै सदस्यको बहुमतले चुनिन्छ र ग्राम सुधार समितिको प्रधान पनि ।

अध्यक्षलाई सभाको वैधानिक सञ्चालन गर्ने र प्रधानलाई समितिको वैधानिक, सञ्चालन गर्ने अधिकार हुन्छ ।

८ ग्राम सुधार समितिले पूर्णतया ग्राम सुधार सभाप्रति उत्तरदायी भएर काम गर्नुपर्छ ।

९ ग्राम सुधार सभाको प्रति २।२ महिनामा बैठक हुन्छ र समितिको प्रत्येक हप्तामा ।

१० ठूल्ठूला योजना अतिरिक्त यस अन्तर्गत हुने अफिसियल काम काजमा सुधार समितिले नै निर्णय गर्न सक्दछ ।

११ ग्राम सुधार सभाको बैठक ३ भागमा २ भाग सदस्यहरूको उपस्थितिमा हुन सक्दछ र बहुमतको निर्णयले मान्यता पाउँछ ।

१२ कुनै व्यक्तिको मृत्यु वा अरू कुनै प्रकारले खाली हुन आएको स्थानमा त्यस क्षेत्रबाट उपचुनाव गरी अर्को प्रतिनिधि लिन सकिन्छ ।

१३ ग्राम सुधार सभाका अध्यक्ष र समितिका प्रधानहरूको सल्लाहले ग्राम सुधार सभा वा यस बाहिरका योग्य व्यक्ति ३ जना लिएर एउटा ग्रामीण न्यायालय बन्दछ, जसले ग्राम सुधार सभा एवं समिति अन्तर्गत भै रहेका कामको प्रतिकूल चल्नेहरू माथि कारवाही गर्दछ, र अपराध अनुसार दण्ड र जरिवाना गर्न सक्छ, सभा र समिति भित्रैका मानिस अपराधी हुन आएमा कसूर अनुसार सभाबाट समेत बहिष्कार गर्न सक्छ ।

१४ ग्राम सुधार सभाका एक सदस्य र बाँकी रहेका मानिसहरूको गरी ३ या ५ जनाको एउटा योजना कमिटी बन्दछ, जसले विभिन्न योजनाहरू बनाई ग्राम सुधार सभालाई दिन्छ, पेश गर्छ ।

१५ ग्राम सुधार सभाकै ३ जनाको तर्फबाट एउटा हिसाब जाँच्ने कमिटी बन्दछ, जस्ले प्रति २०२ महिनामा समितिको यावत् हिसाब जाँची ग्राम सुधार सभामा राख्छ र सभाले प्रति वर्ष बाहिर जनता सामु प्रस्तुत गर्नु पर्दछ ।

१६ यस सभा र समिति अन्तर्गत हुने सुधारवादी कामहरू विल्कुल निम्नस्थ वर्गका मानिसहरूलाई हित हुने सिद्धान्तमा गैर–शोषणात्मक ढङले हुनुपर्छ ।

१७ उपरोक्त विधानको उल्टो यस सभाले र समितिले काम गरेको पक्षमा यी सबै समितिहरू बहुजन हिताय विघटन हुनेछन् । जसको क्रिया, प्रतिक्रियालाई बाहिरबाट जनताले विचार गर्दछन् र ३।३ वर्ष पछि हुने सभाको चुनावले पनि यसको परिणाम देखाउन सक्छ । किन्तु यी माथिका विधानहरू जो जनताले मञ्जुर गरी दिएको छ । यसको आमूल अदला बदली गर्न यस्तै जन समूहको निर्णय चाहिन्छ ।

माथिका स्वच्छ सामाजिक कुराहरूलाई भत्काउन बिगार्न, धमिल्याउन, सडेको राजनीतिक अखडा बनाई २०१०–१–२० गते शिक्षा सम्मेलन माथि नै धावा बोलियो, ०१३–४–६ मा एउटा आधारहीन पर्चा छरियो, ०१३–६–२१ मा तथाकथित् जन समूहको प्रतिनिधि बनेर स्कूललाई कुनै प्रकारको सहायता नदिने गरी प. ३ नं. गोश्वारामा उजूर गरियो, प्रजापरिषद् सरकारले लामो शासनकालमा सधैं राजनैतिक दुराशयका नजरले हेऱ्यो, सुनिन्छ, कुनै राजनीतिज्ञ भनाउँदा नेपालको प्रगतिका दुश्मनले स्कूललाई सहायता माग्न आउनेहरूलाई उल्टो रातमा गएर स्कूल गर्लम्मै हुत्याएर शैतानी गर्ने अर्ती दिए । तथापि यस्ता ग्रहणका साधारण स्पर्शले प्रकाशलाई धमिल्याउन सकेन साथै ती ग्रहणहरू पनि आवेश र आक्रोश नै भएका होलान् भनी मनुष्यको आत्मा परिवर्तन हुने र इतिहास सग्लिने समय दिनु मनुष्यता ठानी ती पात्रहरूको नाम र काम सुरक्षित गरी जान्ने अवसर मिल्यो । यो इतिहासको दोभानबाट पार हुने वा बग्ने उहाँहरू कै जिम्मा छ । धर्म प्रतिज्ञापत्रको मजबूत र त्यो दिनको चन्द्रेश्वरको समक्षको

शपथ सम्झेर काम गर्ने हो भने सबैको क्रमशः स्वतः पखालिने छ, इतिहास बाँच्नेछ । अहिले, जहिलेको पनि सरकारले पनि सम्झोस् भनि उहाँकै भाषामा उहाँ दृढ सङ्कल्पित हुनुभयो !

२०१४ सालमा भद्र अवज्ञा आन्दोलनले आम निर्वाचनको लागि दवाव दिने तत्कालीन पार्टीहरूको संयुक्त आन्दोलन तय भयो । उक्त आन्दोलनमा श्रीकान्तको सक्रिय सहभागिता रह्यो । भएन चुनाव अब के गर्ने भन्ने जनतामा भएको आह्वानको परिशिष्ट १ मा उल्लेख गरिएको छ ।

हलो क्रान्तिपछि, २००६ सालदेखि २०१४ साल सम्मको अन्तरिम कालमा श्रीकान्त अधिकारी आफ्नो गाउँ, जिल्लामा आफ्नै नेतृत्वमा सञ्चालन गर्नुभएका लोक क्रान्ति, शैक्षिक क्रान्ति र अन्य कतिपय सामाजिक सुधारका कार्यक्रमले गर्दा उहाँ यस क्षेत्रको प्रभावशाली व्यक्तित्व बनि सक्नुभएको थियो ।

(ख) दोस्रो चरण वि.सं. २००१५ देखि वि.सं.२०१७ बीचको संसदीय व्यवस्थामा सांसद ।

शैक्षिक योगदान, राजनीतिक चेतना र समाजसेवा श्रीकान्त अधिकारीको मूल उद्देश्य थिए । यसै परिधि भित्र रहेर उहाँले २०१५ साल वैशाख १ गते 'राजनीति एक सिद्धान्त' नामक किताब प्रस्तावको रूपमा प्रकाशित गरी राजनीति र समाजको विकासबारे आफ्ना धारणा पार्टी र नेतृत्वलाई दिनुभएको पाइन्छ । जुन 'राजनीति एक सिद्धान्त' मा पहिला छ पृष्ठ प्रस्तावनाका रूपमा भए पनि यसको शीर्षक छैन । भौतिक र आध्यात्मिक विषयमा छलफल गर्दै उहाँ भन्नु हुन्छ । "भौतिक विकासको पराकाष्ठामा ख्याल नभएको नैतिकताद्वारा अध्यात्मको प्रगति हुन सकेको छैन । प्रश्न उठिरहन्छ, सृष्टि कि संहार ? आखिर सबै मनुष्यको मुठी भित्र छ । माता सबैकी धरती; उनी बोल्दिनन् । सारा सन्ततिलाई काखमा राखी झुलाउने, घुमाउने कर्तव्य, उनको गति रफ्तारमा चलिरहन्छ/चलिरहेको छ । शायद अमुक भाषामा भन्दीहुन् एउटै कल्प वृक्षमा विभिन्न सांस्कृतिक फलहरू लट्काई शान्त वातावरणमा हुर्किने, बढ्ने, बाँच्ने पनि बानी बसाऊँ ।

आखिर सबै समस्यालाई निपटारा गर्ने गहन भार राजनीति माथि नै लादिएको छ, लादिन्छ । हो, आखिर सबको उद्देश्य राजनीति नै हो, किन्तु मानिसको ज्यादै तल्लो तहको मनः स्थितिले गर्दा उदार राजनीति अटाउँदैन; अटाएको छैन । यसै भित्र समस्या समाधानका निम्ति उहाँले आफ्नो दर्शनलाई स्पष्ट गर्न खोज्नुभएको छ । अर्काको अधिकारको मर्यादा गर्नू, आफ्नो कर्तव्यको उपेक्षा नगर्नू । यस अन्तर्गत- (१) प्रगतिशील समाज, २१ वर्षसम्म अध्ययन । (२) भारवाहक (वयस्क) समाज, ६० वर्षसम्म कर्तव्यनिष्ठ जीवन । (३) उपदेश (वयोवृद्ध) समाज, ६० वर्षभन्दा माथिका व्यक्तिहरूको कर्तव्य । यस्तै समुदायले राष्ट्रिय महापुरुषका उद्देश्य र आँटलाई अघि सार्ने प्रयत्न गरून् । तिनीहरूका रूपान्तरित देहहरू खडा होऊन् । यसबाट नयाँ पुस्ताले प्रेरणा प्राप्त गरेर देशको नव निर्माणमा योगदान गर्न सकून् भन्ने लेखकको सद्भावना प्रस्तावमा पाइन्छ ।

प्रस्तावना–पछाडि आफ्नो किताबको मुख्य विषय कार्यक्रमको व्याख्या गर्दै प्रजातान्त्रिक अभ्यास आफ्नो जे जस्तो अवस्था छ त्यसैबाट शुरु गर्नुपर्छ भन्ने लेखकको धारणा छ । स्वावलम्बी बनेर आफ्नो आवश्यकताको पूर्ति आफूले नै गर्ने बानी बसाल्नुपर्छ । यसका निम्ति दृढ प्रतिज्ञाको जरुरत हुन्छ । एकातिर पारिवारिक र सामाजिक समस्याले हामीलाई जकडेको हुन्छ भने अर्कातिर अन्तर्राष्ट्रिय गतिविधिको प्रवाहमा पुग्ने हाम्रो उद्देश्य रहेको हुन्छ । योजनाबद्ध तरिकाले अगाडि बढेर हामीले उक्त दुवै प्रकारको समस्या सजिलैसँग हल गर्न सक्छौँ । लेखकले प्रजातान्त्रिक पद्धतिलाई आफ्नो यात्राको साधन गराउन प्रयास गरेको योजना तथा बजेट विनियोजन खाका समेत

देखाउनु भएको छ । प्रजातन्त्रको पूर्ण परिपालना संसदीय प्रणालीद्वारा शुरू हुन्छ भन्दै यसको प्राथमिक कार्यक्रम तालिका, प्रतिज्ञा, विधान, नियमहरू समेतको नमूना पुस्तकमा उठान गरिएको छ ।

कार्यक्रम अन्तर्गत शिक्षा, चिकित्सा, आधुनिक खेती, घरेलु इलम, वन संरक्षण, मूलबाटा र गल्लीहरू, पानी कल (घट्ट) आदिको निर्माण गर्ने थियो । साथै पिउने पानी, बगैंचा फलफूल, मौरी, परेवा, कुखुरा, सार्वजनिक पार्क सरकारी कोष आदिको स्थापना र सञ्चालन गरेर विकासको आधार खडा गर्न सकिन्छ भन्ने लेखकको धारणा छ । तालिकामा समितिको निर्माण गरिए पनि घर धुरीबाट नगद, जिन्सी र श्रम सञ्चय गरेर आवश्यकताको पूर्ति गर्न सकिन्छ भनी लेखकले सरल उपाय उठाउनु भएको छ । यस उद्देश्यको पूर्तिको निम्ति राजनीतिक, सामाजिक संस्थाहरू, चेतनशील युवाहरू, अनुभवी विद्वान्हरू, साहित्यकार, कलाकार, पत्रकार, सरकारी कर्मचारी वर्ग र सरकार, योजनाविद् सबैको सहयोगको आवश्यकता पर्छ । "अप्राप्त वस्तुको प्राप्ति (कर सङ्कलन), प्राप्त वस्तुको संरक्षण (सञ्चय) गर्नुपर्छ । रक्षित वस्तुको वृद्धि (लगानी), वृद्धिगरिएको धनबाट सुयोग्य पात्रद्वारा राज्यको सञ्चालन, शान्ति, सुरक्षा र न्याय व्यवस्था" हुनुपर्छ । राज्यले कस्ता शत्रुसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने विषयमा पूर्वीय राजनीति सिद्धान्तको सूत्र हेरौं :- 'साम, दाम, भेद, दण्ड । आफू समान सँग सम-व्यवहार साम; लोभीलाई दाम; निहुँ खोज्नेलाई दण्ड र आफूभन्दा शक्तिशालीलाई भेद नीतिद्वारा व्यवहार गर्नुपर्छ ।' यति सानो सूत्रमा यति धेरै विषय समेटिएको छ पूर्वीय दर्शनमा । श्रीकान्त अधिकारीले पूर्वीय राजनीति दर्शनलाई अनुसरण गरेर आफ्नो 'राजनीति एक सिद्धान्त'- को प्रतिपादन गरेको देखिन्छ । यस अर्थमा उहाँ पूर्वीय राजनीति दर्शनबाट प्रभावित मौलिक विचारका राजनीतिज्ञ हुनुहुन्छ भन्दा कुनै अत्युक्ति हुनेछैन ।

विदेशी सहयोग र अनुदान तथा ऋणको कुनै गुन्जाइस नभएको समय शून्यताबाट राजनीतिक, आर्थिक र सामाजिक तथा व्यक्तिगत विकास गर्न सकिन्न र भन्ने धारणाबाट २०१५ सालमा श्रीकान्त अधिकारीले जुन राजनीतिक सिद्धान्तको व्याख्या गर्नु भएको छ त्यस बखतको निम्ति यो कार्यक्रम निश्चय नै व्यवहारिक पनि हुँदो हो तर आज विदेशी अनुदान र ऋणको भरमा, 'मागी-मागी घ्यू खिचडी' भने झैं राष्ट्रिय ढुकुटीमा राई दाई गर्न पल्केका सत्ताधारीहरूको गैर जिम्मेदार अवस्थामा यस्तो स्वावलम्बी कार्यक्रम अव्यावहारिक पनि मानिन सक्दछ ।

भौतिक उन्नतिले जतिसुकै विकास गरे पनि आध्यात्मिक उन्नतिको अभावले आजको विश्व भयभीत छ र यसको कारणले गर्दा सर्वत्र अशान्तिको ज्वाला मडारि रहेको छ । मानवताको नारा आज निष्फल र निष्प्रयोजन भई रहेको छ । मानव अधिकार आज नारामा सीमित छ । लोकतन्त्र हात्तीको देखाउने दाँत जस्तै भएको छ । जहाँ राष्ट्रिय मूलनीति नै छैन त्यहाँ अरू ऐन कानूनको पालना कसले गर्ने ? सबै आ-आफ्नै स्वार्थमा रमाई रहेका छन् । यस्तो अवस्थामा श्रीकान्त अधिकारीको आदर्श दर्शनको पालना अव्यावहारिक देखिए पनि यस्तो संसार पनि हुनसक्छ जहाँ मानिसहरू एक आपसमा हाते मालो गरेर अगाडि बढ्न सक्छन् भनेर हामी विश्वास गर्न सक्छौं । यो कुनै काल्पनिक सिद्धान्त होइन् । २०१५ साल वरपरको नेपाल यस्तै स्वावलम्बी र पारस्परिक सहयोगमा आधारित थियो । (पूर्ण अनूसूची २)

२०१५ को निर्वाचन र सांसद

२०१५ सालमा उहाँ ३ नं. इलाका समितिका सभापतिमा निर्वाचित हुनुभयो जो जिल्ला कमिटी भन्दा माथिल्लो थियो । मनाङ, लमजुङ, तनहुँ र कास्कीका छुट्टा छुट्टै जिल्ला मिली एउटा कमिटी बन्थ्यो । यसलाई ३ नं. इलाका कमिटी भनिन्थ्यो । यस कमिटीको गठन तीनै जिल्लाका जिल्ला कमिटीका सदस्यहरू बाट गर्ने

गरिन्थ्यो । उम्मेदवार पनि तीनै कमिटीका सदस्यहरू मध्येबाट बन्ने प्रावधान थियो । स्मरणीय छ २०१५ को निर्वाचनमा उहाँ कड़ा प्रतिस्पर्धाका बीच निर्वाचित हुनुभएको थियो । यस कमिटीले पार्टी संगठनका अतिरिक्त यस क्षेत्रमा एउटा आवश्यक रचनात्मक काम गर्ने सन्दर्भमा छलफल गर्दा एउटा कलेजको स्थापना गर्ने र त्यसको नामकरण पनि स्वयं श्रीकान्त सभापतिको हैसियतले गर्ने भन्ने निर्णयपछि उहाँले नै पृथ्वीनारायण कलेज भनी नाम प्रस्ताव गर्नुभयो र त्यसलाई कमिटीले सर्वसम्मतिले अनुमोदन गऱ्यो । त्यसपछि तत्कालीन बडाहाकिम नारायणप्रसाद शर्माको अध्यक्षतामा पोखरा नगरपालिकाका सभापति पदेन सचिव, केही बुद्धिजीवी र साहु महाजनहरू समेत सदस्य समावेश भएको एउटा कलेज र सञ्चालक समितिको गठन भयो । यसै समितिलाई प्रिन्सिपल, प्राध्यापकहरू, ठाउँ र कलेज भवनको सम्पूर्ण व्यवस्था मिलाउन भनियो र नदीपुर पाटनमा एउटा छाप्रो बनाई त्यसैमा कलेजको सञ्चालन शुरु गरियो । पछि त्यसलाई भीमकाली पाटनमा स्थानान्तरण गरियो । २००५ सालतिर अधिकारीका भाइ भीष्मकान्त अधिकारी पनि नदीपुरकै नारायण स्थानको एउटा पौवामा स्थानीय बुद्धिजीवी र साहु महाजनहरूको सक्रियतामा राणा सरकारका तत्कालीन बडा हाकिम मे. धनशमशेरको अध्यक्षतामा सञ्चालित एउटा मिडिल स्कूलमा हेडमास्टर हुनुभएको थियो । त्यस विद्यालयमा अङ्ग्रेजी विषय लगायतका आधुनिक पाठ्य पुस्तकहरूको पढाइ हुन थालेको थियो । २००७ को क्रान्तिपछि उहाँ पनि लमजुङ नै फर्कनु भएको थियो ।

२००७ सालको राजनीतिक परिवर्तन द्वारा देशमा प्रजातन्त्र प्राप्त भएको झन्डै एक दशक अर्थात् संवत् २०१५ सालमा पहिलो पटक बहुदलीय शासन प्रणालीको आधारमा संसदीय आम निर्वाचन सम्पन्न भएको हो । २००७ सालको परिवर्तन पश्चात् पनि निर्वाचन के का लागि ? संसद् वा संविधान सभा भन्ने विषयमा राजनीतिक दलहरू बीच वाद-विवाद चलिरहेकै अवस्थामा नेपाली काँग्रेस नेपाल प्रजा परिषद् र नेपाली राष्ट्रिय काँग्रेसको संयुक्त नेतृत्वमा आम निर्वाचनको तिथि चाँडो तोकियोस् भन्ने पक्षमा २०१४ साल मंसिर २२ गते देखि अधिराज्य व्यापी रूपमा भद्र अवज्ञा आन्दोलन प्रारम्भ भयो । यो भद्र अवज्ञा आन्दोलन एक हप्ता मात्र चलेको थियो । यही भद्र अवज्ञा आन्दोलनको दबावमा श्री ५ महेन्द्रबाट २०१५ साल फागुन ७ गतेदेखि नेपाल अधिराज्यमा संसद्का लागि आम निर्वाचन गराउने घोषणा सार्वजनिक भयो । २०१४ सालमा राजा महेन्द्रले देशभरि क्षेत्र स्तरमा सल्लाहकार सभाको चुनाव गराएका चुनावको माग गर्दै विभिन्न प्रकारका अहिंसात्मक आन्दोलन गर्दै आइरहेका थिए । शायद राजाले त्यही विषयमा सर-सल्लाह र विचार-विमर्श गर्ने उद्देश्यले होला यो चुनाव गराएका थिए । यस चुनावमा अधिकारीलाई अत्यधिक मत मिल्यो र उहाँ सल्लाहकार सभामा सदस्य समेत बन्नुभयो ।

२०१५ सालको संसद्को आम निर्वाचनमा

निर्वाचन क्षेत्र नम्वर १०१ पोखरा पूर्व र १०० नम्वर क्षेत्र पोखरा मध्येमा भनी लमजुङका निर्वाचन क्षेत्र छुट्याईएको थियो । १०० नम्वर क्षेत्रवाट नेपाली काङ्ग्रेसका प्रभावशाली नेता श्रीकान्त अधिकारी कूल मतसंख्या १९६२८ मध्ये १०१०६ मत प्राप्त गरी प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो । जुन मतसंख्या उहाँका प्रतिद्वन्दी डम्वरजङ् गुरुङले प्राप्त गरेको मत ५६५८ को तुलनामा कूल खसेको मतको ५०% प्रतिशत भन्दा माथि थियो । क्षेत्र नं. १०१ बाट पनि नेपाली काँग्रेसकै नरेन्द्रजङ गुरुङ निर्वाचित हुनुभएको थियो ।

यसरी अत्यधिक मत प्राप्त गरी निर्वाचित हुनुभएका अधिकारीलाई चुनौती दिन सक्ने कोही पनि लमजुङमा थिएनन् । दुवै क्षेत्रका चुनाव परिणामहरूले गण्डकी अञ्चलका सबै जिल्लाहरूमा उहाँको राजनीतिक, सामाजिक,

शैक्षिक सुधारवादी एवं परिवर्तनवादी वौद्धिक व्यक्तित्वले झन् झन् प्रमुख वन्ने अवसर पायो ।

संसद्मा पुगेर वहाँले वि.सं. २०१७ साउन २८ गतेको प्रतिनिधि सभामा पश्चिमाञ्चल वासीले सम्झनै पर्ने एउटा सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । प्रस्ताव थियो "कार्तिक १ गतेदेखि माघ मसान्त सम्म राजधानीका मन्त्रालयलगायत सबै अड्डा खानाहरू पोखरामा सारियोस् ।" वहाँको सङ्कल्प प्रस्तावमाथि संसदमा चर्का चर्की बहस भयो । नेपाली कांग्रेसका सभासद् बलबहादुर राई, राधाकृष्ण थारू, मणिराम शास्त्री, दिलबहादुर बूढा थापा, गणेशकुमार शर्मा, पुष्करनाथ शर्मा, खड्गबहादुर कार्की, नवराज जोशी र पृथ्वीराज कँडेलहरूले यस सङ्कल्प प्रस्तावको समर्थनमा बोलेका थिए जसले वी. पी. लाई ठूलो तनाव भएको भन्ने चर्चा भएको पाईन्छ । तर वहाँका राजनीतिक सन्निकट र आत्मीय नेता तत्कालीन गृहमन्त्री सूर्यप्रसाद उपाध्यायले श्रीकान्तलाई सम्झाई बुझाई गरी भर्खर हाम्रो सरकार गठन भएको छ, स्थानीय र विदेशीले पार्टीमा खेल्ने अवसर पाउँदछन् भनि सङ्कल्प प्रस्ताव फिर्ता लिन अनुरोध गरे पछि उहाँले सङ्कल्प प्रस्ताव २०१७।०५।०४ मा फिर्ता लिनु भयो । यसरी नेपालमा ग्रीष्मकालीन र शीतकालीन दुईवटा राजधानी बनाउने वहाँको सोच प्रगतिशील र प्रशंसनीय थियो । (२०१५ को निर्वाचनबारे जानकारीमूलक विवरण अनूसूची ३)

(ग) तेस्रो चरण वि.सं. २०१७ देखि वि.सं. २०४६ (पञ्चायत) बीचको राजनीतिक उतार चडाव ।

वि.सं. २०१७ देखि श्रीकान्तले राजालाई समर्थन गरेर हिँडेको राजनीतिक बाटोमा हिँड्न थाल्नुभयो । नेपाली कांग्रेस भित्र श्रीकान्त अधिकारी सूर्यप्रसाद उपाध्याय निकट मानिनुहुन्थ्यो । मलाई लाग्छ, यस उपाध्याय सँगको निकटताले गर्दा श्रीकान्त राजाको निकट भएर पनि सन्निकट हुन सक्नुभएन । राजाको नभए पनि समाजको सन्निकट रही देश सेवा र जनसेवा गरी वहाँले मानव जीवन सफल बनाउनु भयो । त्यसैले वहाँ समाजसेवी र राष्ट्रसेवीका निम्ति प्रेरक व्यक्तित्व हुनुहुन्छ ।

शाही घोषणा र सुदूर पश्चिमको दौडाहा

२०१७ साल पौष १ गते संसद् विघटनको शाही घोषणा भयो । वी.पी.हरू जेल परे । पार्टीका अन्य नेताहरू धमाधम पक्राउ पर्न थाले । श्रीकान्तलाई पनि बाहिर निस्केर हिँडडुल गर्न गाह्रो हुनथाल्यो । कसैले शाही कदमको स्वागत गरे भने कसैले विरोध । यस्तो अवस्थामा कुन बाटो समात्नु उपयुक्त हो भन्ने अन्योलमा परिरहेका बेला उहाँका भाञ्जा जगन्नाथले बुद्धले झैं मध्यमार्ग अपनाउँने तेस्रो नेत्र उघारिदिए । हिमदूतका प्रधान सम्पादक भएका नाताले तत्कालीन बडा हाकिम नारायणप्रसाद शर्मासँग जगन्नाथको भेट हुँदा उनले श्रीकान्तजीले एउटा वक्तव्य निकालिदिए हुन्थ्यो भन्ने आशय व्यक्त गरेछन् किनकि शर्मा श्रीकान्तको व्यक्तित्वबाट प्रभावित थिए र उनलाई गिरफ्तार गरिहाल्न चाहन्नथे । केही दिन पछि कोठामा बसी राखेका बेला भाञ्जा जगन्नाथ आएर भन्नुभयो- 'मामा एउटा वक्तव्य दिनुपऱ्यो ।' मामाले हाँस्दै 'बाबुले नै एउटा सानो वक्तव्य ड्राफ्ट गर, विचार गरौँला' भन्नुभयो । त्यति बेलै भाञ्जाले दुई वाक्यमा वक्तव्य लेखेर सुनाउनु भयो जगन्नाथले नै तयार पारे "जुन संविधान शिरमा राखेर हामीले शपथ खाएथ्यौं त्यसै अनुकूल चालिएको कदमको विरोध गर्न नैतिकताले दिएन तर शाही घोषणामा जस्तो आरोप अङ्कित छ, त्यसरी काँग्रेसको उछित्तो गर्न खोज्ने हो भने मुलुकको विकास असम्भव छ ।" यो वक्तव्य जगन्नाथले आफ्नो पत्रिका हिमदूतमा छापेर बडा हाकिमलाई देखाए । वक्तव्यको पहिलो वाक्यका आधारमा श्रीकान्तलाई गिरफ्तार गरिएन । श्रीकान्त गृह जिल्ला लमजुङ तीर लाग्नुभयो ।

केही दिनपछि कलकत्ताबाट शाही कदमको विरोधमा निकालिएको पर्चा अपील अनि निर्वासनमा रहेका सुवर्ण शमशेरले श्रीकान्तलाई आफ्नो पक्षमा लाग्न गरेको आह्वान पत्र उहाँलाई प्राप्त भयो एकातिर भने अर्कातिर गृहमन्त्रालय सिंहदरबारबाट "श्रीकान्तजी ! तपाईंलाई महाकाली अञ्चलको दौडाहा टोलीको अध्यक्षमा मनोनीत गरिएको छ, तुरुन्त हाजिर हुन काठमाडौं आउनू" भन्ने तार सन्देश प्राप्त भयो । पञ्चायती सरकारको दौडाहा हाकिम बनेर महाकाली तीर लाग्ने कि सुवर्ण शमशेरको आह्वानलाई स्वीकारेर कलकत्ता तिर भाग्ने भन्ने द्विविधामा उहाँ परेको देखिन्छ । देश बाहिर भागेर भन्दा व्यवस्था भित्रै पसेर सङ्घर्ष गरी प्रजातन्त्र बचाउनु बुद्धिमानी हुन्छ भन्ने निष्कर्षमा उहाँ पुगेको पाइन्छ । भाञ्जा जगन्नाथको अभिमत पनि यही थियो । दौडाहाका लागि उहाँ काठमाडौं पुग्नु भयो र २०१७ फागुन २३ गते काठमाडौंबाट महाकाली अञ्चल तिर लाग्नुभयो । फागुन २९ गते कञ्चनपुरको बेलौरीमा कर्मचारीहरूको सम्मेलन गराएर कार्य आरम्भ भयो । कन्चनपुर देखि बैतडी हुँदै दार्चुला पुग्दा ११३ दिन लाग्यो । झण्डै ८०० कि.मि.को यत्रामा २३ वटा क्याम्प लागे र १६९५ घण्टा त काम गरेरै बित्यो ।

यस दौडाहाका मुख्य उद्देश्यहरूमा

१. शिक्षाको महत्व बुझाउँदै आवश्यक ठाउँमा विद्यालयहरू खोल्नु र खोल्न लगाउनु (यस कार्यका लागि दौडाहा टोलीमार्फत नगद ८५ हजार र प्रशस्त श्रमदान जुटाई अनेक विद्यालयहरूको स्थापना गर्ने कार्य भयो) ।
२. सरकारी कर्मचारीहरूलाई कर्तव्यपरायण बनाउनु र कुनै पनि दुर्व्यसनबाट मुक्त गर्नु ।
३. भ्रष्टाचारी, दुराचारी, अनुशासनहीन कर्मचारीलाई बर्खास्त गर्न र बाँकीलाई सुधारको शिक्षा दिनु ।
४. शोषक, जाली, फटाहाहरूलाई दण्ड सजाय दिनु र पश्चाताप गराएर परिवर्तन गराउनु ।
५. जनतामा रहेको कु-संस्कार, हीनताबोध र अनैतिकताहरू पन्छाएर सु-संस्कार, नैतिकता र आत्मविश्वास जगाउनु, देउकी प्रथा, छाउपडी जस्ता कुरीतिहरू उन्मूलन गर्नु इत्यादि थिए ।

शाही कदमका विरुद्ध उठ्न सक्ने जन आवाजलाई निश्तेज तुल्याउने अभिप्रायले खटाइएको दौडाहा टोलीले आफ्नो उद्देश्य भन्दा विपरीत सामाजिक सुधार, जाली-फटाहालाई निरुत्साहन, शिक्षा प्रचार तथा ग्रामोत्थान जस्ता अभियानलाई अगाडि बढाएका हुनाले श्रीकान्त अधिकारीको छवि सुदुर-पश्चिमका जन साधारणमा समेत लोकप्रिय बन्न पुग्यो । यस भेगमा २५० भन्दा धेरै देउकीहरूलाई सामूहिक विवाहमा बाँधेर देउकी प्रथा विरुद्ध चलाएको क्रान्तिकारी कार्यले श्रीकान्त अधिकारीलाई सुदूर-पश्चिमका नेपाली माँझ पनि स्थापित बनायो । दौडाहाको काम करिब ४/५ महिना पछि सकियो र श्रीकान्त अधिकारी लमजुङ फर्किनुभयो । राजाले राजनीतिक दलमाथि प्रतिबन्ध लगाएका थिए । संविधान निलम्बित थियो । पूर्ण प्रजातान्त्रिक मौलिक अधिकारहरूबाट आम नेपाली वञ्चित थिए । देशभित्र मुर्दा शान्ति जस्तै थियो । नेपाली काँग्रेसका कार्यवाहक सभापति सुवर्ण शमशेरको नेतृत्वमा उता प्रजातन्त्रको पुनः स्थापनार्थ सशस्त्र आन्दोलनको घोषणा गरिएको थियो र देशमा गृहयुद्धको परिस्थिति बन्यो ।

त्यहाँ गरीब माथि थिचोमिचो थियो । कानूनले तोकेभन्दा बढी ब्याज लिइन्थ्यो । जग्गामा उब्जनी जग्गा धनीलाई दुई भाग र मोहीलाई एक भाग दिने प्रचलन थियो । त्यस्ता गरीबमारा शोषक सामन्तीलाई श्रीकान्तले कडा कारवाही गरिदिनुभयो । जग्गाको उब्जनी अधिया हुने रीति स्थिति बसाल्नुभयो । ब्याजको स्याज थपी

मनोमानी ढङले लेखिएका लाखौं रकमका तमसुक सार्वजनिक स्थलमा च्यातिदिनुभयो; कतिलाई हप्काउनुभयो र कति फटाहाका जुघाँ उखेलि दिनुभयो । श्रीकान्तले गरेको कारवाहीका कारण रिसाएका त्यहाँका सामन्ती तथा फटाहाहरू राजा महेन्द्रकहाँ 'दर्शन भेट पाऊँ' भनी बिन्ती जाहेर गर्न गए । राजाले दर्शन भेट दिए किनभने पञ्चायत व्यवस्था त्यस्तै सामन्तीहरूको व्यवस्था थियो । राजालाई दर्शन भेटमा तपसिल अनुसार बिन्ती जाहेर गरे- "सरकार ! यो श्रीकान्तले हामीलाई कडा सजाय दियो । हाम्रा लाखौं लाखका तमसुक सार्वजनिक गरी च्यातिदियो । हाम्रो सम्पत्ति भुस बनाइदियो, कतिपयलाई पिट्न लगायो । कतिलाई थुन्यो, कतिका जुघाँ उखेल्यो । सरकार ! हामी पञ्चायत व्यवस्थामा समर्पित छौं । श्रीकान्त पञ्चायत व्यवस्था विरोधी अराष्ट्रिय तत्व हो; काँग्रेस हो ।" यसरी बिन्ती गरेपछि राजालाई हो क्यारे पऱ्यो र उनीहरूका कुरालाई सकारात्मक र श्रीकान्तले गरेका न्यायिक कुरालाई नकारात्मक रूपमा लिए । तर, दुर्भाग्य के थियो भने नेपालमा आफ्ना भक्तहरूको मात्र चकचकी चाहने नारायण हिटी दरबारका प्रभुले श्रीकान्त अधिकारीलाई प्रयोग मात्र गर्न चाहन्थ्यो, विश्वास गर्दैनथ्यो । नारायण हिटीको जासुसी संयन्त्रले श्रीकान्त अधिकारीको, मूल चरित्र फेला पार्न सकेन । २०१८ सालको दौडाहाको जालमा अल्किएका पशुपति घोष, भूदेव राई, नगेन्द्र प्रसाद रिजाल आदि सबै यथा समय पुरस्कृत भए । श्रीकान्त अधिकारीका पक्षमा भने कुनै मूल्याङ्कन हुन सकेन । वि.सं. २०१८ सालमा श्रीकान्त विशेष अधिकार सम्पन्न दौडाहा-टोलीको अध्यक्ष बनी सुदूर-पश्चिम तर्फबाट फर्केपछि सरकारमा प्रतिवेदन पेश गरी लमजुङतिर लाग्नु भयो । पंञ्चायतको दबदबाले आफ्ना सुधारका कार्य र स्थापित विद्यालयहरू धरापमा पर्ने अवस्था देखिँदै थियो । स्थानीय स्तरमा राजनीति खिचातानी चर्को बन्दै थियो, सुदूर पश्चिमका पञ्च खेमा र उहाँका सुधारका कार्यले एकथरी उहाँ काङ्ग्रेसीको मान्छे हो भनि रीस–इवी साध्ने काम गरी दरबारमा चुक्ली लगाउनेहरूको विश्वासमा दरबार पऱ्यो र वि.सं. २०१९ तिरको कुराहो उहाँ अचानक पक्राउ परी बन्दीपुर जेलमा थुनिन पुग्नुभयो ।

प्रजातन्त्र झन् झन् टाढा हुँदै गएकाले श्रीकान्त अधिकारीलाई उग्र बेचैनी हुनु स्वाभाविकै थियो । झण्डै चार महिनाको सुदूर-पश्चिमको दौडाहा-भ्रमण गरी श्रीकान्तलाई घर फर्के पछि यही समयमा एउटा गहिरो शोकको सामना गर्नुपऱ्यो । आफ्ना प्रिय भान्जा, सल्लाहकार, सहपाठी एवं हिमदूतका प्रधान सम्पादक जगन्नाथ सिग्देलको मृत्युले । पञ्चायत व्यवस्था सामन्तीको व्यवस्था हो । श्रीकान्त ती व्यक्तिको संरक्षणको कार्य गर्न खटिनु भएको थियो तर त्यसको विपरीत प्रजातन्त्रवादीले जे गर्न पर्ने थियो त्यही काम गर्नुभयो । उहाँ माथि राजाबाट अविश्वास भयो । दौडाहा-अध्यक्षको पद स्वीकार गरेकाले पार्टीबाट पनि अविश्वास भयो । उहाँले त्यो पद स्वीकार गर्न नहुने थियो तर पद स्वीकार गरेको भनेर दलले अस्वीकार गऱ्यो । उहाँले त राम्रो नियतले देश र देशवासीको समग्र कल्याण हुने मनसायलाई सत्तापक्ष र प्रतिपक्ष दुवै तिरबाट बुझ्ने चेष्टा भएन । तथापि शोषित पीडित जनताको पक्षमा उहाँले जुन जोखिमपूर्ण काम गर्नुभयो, त्यसमा उहाँ सन्तुष्ट हुनुहुन्थ्यो । उहाँले तत्कालका अन्याय र अत्याचारले पीडित हजारौं जनताको पक्षमा आफ्नो अभियान निर्भीकता पूर्वक चलाउनु भयो, त्यसमा उहाँलाई बाह्य पक्षको आलोचना सित सम्बन्ध थिएन । यही नै उहाँको मौलिक चरित्र हो भन्ने मान्नुपर्दछ ।

जिल्ला पञ्चायत सभापति

श्रीकान्त २०२० सालमा बन्दीपुर जेलबाट छुटेपछि केही महिना दुराडाँडा मै आफ्नी वृद्ध आमाको सेवा गरी बस्नु भयो । त्यसपछि उहाँ दुराडाँडाबाट कास्की जिल्लाको बेगनास र रूपातालको बीचमा पर्ने पचभैया भन्ने ठाउँमा जग्गा किनी फलफूल खेती, हरित तथा श्वेत क्रान्ति गर्न, शैक्षिक गतिविधि, पर्यटन आदिको जागरण गर्दै

त्यही बसोबासको व्यवस्था गर्नु भयो । यसै बीचमा आफूले लमजुङमा स्थापना गरेका शिक्षण संस्थाहरूमा केही गलत क्रियाकलाप भइरहेको देखियो । जिल्लामा प्रतिक्रियावादीहरूको विगविगी बढ्न थाल्यो । निर्माण गरेको इतिहास र ऐतिहासिक धरोहर माथि धावा बोल्न थालियो । यसको समाधान प्रशासन तन्त्र मै बसेर गर्न सकिने ठानी श्रीकान्तले आसन्न जिल्ला पञ्चायत सभापतिमा उठ्ने विचार गरी चुनावमा भाग लिएर सभापति चुनिनु भयो । पञ्च प्रशासन र कर्मचारी बीच विश्वासको, समझदारीको र पारस्परिक सहयोगको वातावरण सिर्जना गर्दै फेरि लाग्नुभयो श्रीकान्त जिल्लाको विकास अभियानमा । सर्वप्रथम त जिल्लावासीलाई सुविधा हुने गरी सदरमुकाम कुन्छाबाट बेसिशहर सार्ने काम भयो ।

नैतिकता र जिम्मेवारी बोध आदर्श योजनाकारका गुण हुन् । एउटा बफादार राजनीतिक कार्यकर्ता हुँदा होस् कि जिल्ला सभापति हुँदा होस् वा सांसद हुँदाका बखत होस्, श्रीकान्तले दिएका अभिव्यक्ति र गरेका कर्महरूले उहाँलाई एउटा असल राष्ट्रिय योजनाकार सिद्ध गर्छन् । २०२१ सालमा जिल्ला पञ्चायत सभापति निर्वाचित भई कार्यालय, कुन्छामा सम्बन्धित रहँदा जिल्लाका विकास, निर्माण आदि कार्य गर्नुपर्ने जिम्मेवारी उहाँमाथि आइपऱ्यो । तत्कालीन समयमा शितले स्वाँरालाई आधार बनाई जिल्ला पञ्चायत तत्कालीन पञ्चायत तथा स्थानीय विकास विभागबाट अनुकूल जग्गा प्राप्त भए पिलाटस् पोर्टर-सानो हवाईजहाज अवतरण गर्न सक्ने हवाई मैदान बनाउने छलफलमा हाँडेटार या शितले स्वाँरा भनी धेरै बहस भए पनि ठूलो विरोधका बीच शितले स्वाँरामा जिल्ला पञ्चायतको अनुदान र जनश्रम परिचालन गरी निर्माण गर्ने निर्णय भयो र जसको योजना र कार्यभार श्रीकान्तले लिनु भयो । लमजुङलाई पर्यटकीय हिसाबले भारतको शिमला र नैनीताल जस्तो बनाउन सकिने सपना पालेर उहाँ शितल स्वाँरामा हवाई-स्टेशन बनाउन कस्सिनु भयो । कुन्छा, दुराडाँडा, नाल्मा, बाग्लुङ पानी, घले गाँउ हुँदै घनपोखरा बाहुन डाँडा सम्मको पहाड स्वर्गको टुक्रा जस्तो बनाउने योजना शुरु भए पनि उहाँको सपना अधुरै रह्यो । अहिले यसको दक्षिण एशियामा घले गाँउले उदाहरण पेश गरेको छ । त्यो समय मै हवाई जहाज मैदान बनेको भए यो भेग के हुने थियो ? एक पटक सोच्ने हो भने यो भेगले अहिलेको जस्तो दुर्दशा बेहोर्न पर्दैनथ्यो होला । त्यस समय "हेर हेर लमजुङे शान, शितलेमा हवाई मैदान" भन्ने गीत जिल्लाभरि नै गुञ्जियो ।

कुन व्यक्ति कहाँ गयो भनेर हेर्ने भन्दा पनि त्यहाँ रहेर उसले के गऱ्यो भन्नेतिर सोच्न नसक्नेहरूका लागि उहाँको यो निर्णय अप्रिय लाग्नु स्वाभाविक मानिएला तर वास्तविकता त्यो होइन । ६ महिना बन्दीपुर जेल बसेर २०२० साउनमा जेलमुक्त भएपछि आफ्नो गृह जिल्ला लमजुङमा जिल्ला पञ्चायत सभापतिमा निर्वाचित भई उहाँ शैक्षिक जागरण र समाज विकास कार्यमा लागि नै रहनुभयो । जसको उदाहरण पाणिनि संस्कृत मा.वि.र ईशानेश्वर प्रमोद मा.वि. भोर्लेटारको स्थापनामा खेलेको भूमिका र भूमि सुधार कार्यालयलाई जिल्लाको बीच भाग गाउँ शहरमा राख्ने काम उल्लेखनीय छन् । जसले उहाँलाई आफ्नो जनसंगठनको आधार मजबूत बनाउन ठूलो सहयोग गऱ्यो । यसरी अनेक उतार-चढाव, सफलता- असफलता, समर्थन र विरोध झेल्दै सभापतिको कार्यकाल पूरा गरी श्रीकान्त कास्कीको पचभैयामा बस्न थाल्नुभयो ।

राष्ट्रिय पञ्चायत सदस्य

२०३० सालमा राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित हुनुभयो । राष्ट्रिय पञ्चायतमा पनि प्रखर वक्ताको रूपमा परिचित रहेर आफ्नो प्रजातान्त्रिक पहिचानलाई बचाई नै राख्नुभयो । कुनै विशेष अवसरका लागि सिद्धान्त

र निष्ठा गुमाउन चाहनुभएन । उहाँ राष्ट्रिय पञ्चायतको सदस्यमा विजयी बन्नुभयो प्रतिनिधि हुँदा उहाँले बोल्ने क्रममा दिएका महत्वपूर्ण विचारहरू यस्ता थिए

१. दुइटा डुङामा खुट्टा राख्ने लाहुरेहरूले राष्ट्र र राष्ट्रियताको जग बलियो बनाउन सक्तैनन् ।

२. उहाँले पञ्चहरूलाई पेन्सन दिने प्रस्तावको पनि घोर विरोध गर्नुभएको हो तर पछि बहुदलका शासनकालमा भत्ता र पेन्शनका तीनै चलखेलहरू प्रशस्तै हुन पुगे र देशले दुर्गति भोग्नुपऱ्यो ।

३. विशिष्ट ज्ञान लिन विदेश जाँदा अग्रजहरूले राष्ट्र बनाउन के कस्तो त्याग र बलिदान गरेका थिए र यो राष्ट्र यस अवस्थामा आइपुगेको हो भन्ने कुरा बुझेर सोही अनुरूप आफूले पनि राष्ट्र उठाउन योगदान गर्नु पर्नेमा त्यसो नभई त्यहाँका सुख सुविधा र ऐश आरामलाई मात्रै ध्यान दिँदा यहाँ पनि त्यसप्रति आकर्षण बढेकाले भ्रष्टाचार बढ्न गएको हो ।

४. मुलुक समृद्ध नभएसम्म सम्पूर्ण नागरिकको परिस्थिति सुध्रन सक्तैन भन्ने कुरामा ध्यान नपुगेको देखिन्छ ।

५ तत्कालीन वनकार्यालयका कर्मचारी र गृह प्रशासनलाई इङ्गित गर्दै व्यङ्यात्मक शैलीमा भन्नुभएको थियो- "वनविभाग नभए देशमा हरियाली रहन्छ, पुलिस नभए शान्ति सुरक्षा कायम रहन्छ ।"

राष्ट्र र राष्ट्रियताका बारेमा उहाँले दिएका अभिव्यक्ति सुन्न उहाँ बोल्ने पालो छ भनेपछि दर्शकदीर्घामा मानिसहरू खचाखच भरिन्थे । सदन बाहिर पनि बिना कोलाहल मानिसले उहाँको अभिव्यक्ति सुनिरहेका हुन्थे भन्ने त्यस समयका सुनी जान्नेहरू अझै अभिव्यक्त गरेको पाईन्छ । २०३२ सालमा गाउँ फर्क अभियान लागू भएपछि टिकट व्यवस्था शुरु भयो । चाकडीको आधारमा टिकट बाँडिन थाले । उहाँ जस्ता स्वाभिमानी र भ्रष्टाचार-विरोधीहरूलाई किनारा लगाउने मात्रै काम भयो ।

२०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा सूर्यबाबुको नेतृत्वमा जन जागरण अभियानमा क्रियाशील रहनुभयो । २०४० सालमा साप्ताहिक प्रकाशनका रूपमा 'प्रशारण' पत्रिकाको थालनी भयो । उहाँले काँग्रेसको वैचारिक अभियानलाई पर्याप्त गति प्रदान गर्नुभयो । काठमाडौं बागबजार स्थित प्रशारणको कार्यालय श्रीकान्त सूर्यप्रसाद उपाध्यायको भेट हुने एउटा थलो थियो । बागबजारमा कार्यालय खोली सूर्यप्रसादजीको नेतृत्वमा सशक्त प्रजातान्त्रिक आन्दोलनको शुरुवात भयो । सबै थरी राष्ट्रिय स्तरका नेताहरूको जमघट हुने प्रजातन्त्र प्रति कुनै न कुनै तवरमा आफ्ना आवाज बुलन्द गर्दै रहनुभयो । तर दुःखको कुरा बहुदल पक्षधर सबै एक भएर लाग्न नसकिएकै कारण बहुदल पराजित भएको घोषणा गरियो । २०३६ सालको जनमत सङ्ग्रह को समयमा विभिन्न आम सभामा श्रीकान्तले सम्बोधन गर्दै बहुदलको पक्षमा सक्रिय हुनु भयो । यस्ता सभामा जाँदा आफ्ना साथी भाइलाई भन्नुहुन्थ्यो- "ठूलो जनसमूहलाई आकर्षण गर्दा कसरी र कस्तो अध्ययन चाहिन्छ ? सर्वसाधारण जनता तर्क र विचार चाहन्छन्, गाली र तुच्छ विरोध रुचाउँदैनन्, मर्यादित भएर प्रस्तुत हुने वक्तालाई मन पराउँछन् । तपाईंहरूलाई राजनीतिको लामो यात्रा गर्नु छ भने साना तिना कुरामा नअल्झनुहोस् भनि प्रशिक्षण गर्नुहुन्थ्यो भन्ने उहाँका समकालीनहरूले कुरा गरेको सुनिन्छ ।

(घ) चौथो चरण वि.सं. २०४६ देखि वि.सं. २०६२/६३ (प्रजातन्त्र) बीचको आन्दोलन ।

२०४६ सालको जनआन्दोलन पश्चात् २०४७ को आम निर्वाचनमा नेपाली कांग्रेसलाई जिताउने अभियानमा सशक्त रूपले लाग्नु भएपछि प्रजातन्त्रले सोचे जस्तो गति र सुधार दिन सकेन भन्ने गुनासो उहाँको रही रह्यो ।

सुजेरो र पजेरोले प्रजातन्त्र विकृत भयो, सांसदले पेन्शन लिने कुराको घोर विरोध गर्नु भयो । यस्ता विकृतिको बारे विश्लेषण र सुझाव दिँदै सदा कलम चलाई रहनु भयो । पछिल्लो जीवन कालमा श्रीकान्त सक्रिय राजनीतिमा लाग्नु भएन, तर सचेत नागरिकको हैसियतले मुलुकको भलाईका लागि रखवारी गर्ने कार्यमा चाँहि विश्राम लिनु भएन ।

२०४८ सालको संसदीय चुनावमा प्रजातान्त्रिक शक्तिलाई जिताउन उहाँले लमजुङ, कास्की र तनहुँमा सक्रिय भएर लाग्नु भएको थियो । चुनाव प्रचारमा जाँदा 'मुख नहेर, रूख हेर' भन्दै मत माग्नु भएको थियो । लमजुङबाट संसद सदस्यका लागि दुई जना उम्मेदवार रामचन्द्र अधिकारी र रामबहादुर गुरुङलाई जिताउन सार्थक प्रयत्न भएको थियो । त्यसैगरी २०५४ को चुनावमा दुराडाँडाकै उम्मेदवार हरिभक्त अधिकारीलाई जिताउन पनि उहाँको ठूलो भूमिका रह्यो । २०६४ को संविधान सभाको चुनावमा समेत दिल बहादुर घर्तीको पक्षमा अभिमत दिई कांग्रेसलाई सजीव बनाउन लागे पनि श्रीकान्त अधिकारीलाई कांग्रेसले आफ्नो हो भन्न सकेन । पञ्चायतको समयमा कांग्रेसको दाग लाग्यो, बहुदलको समयमा पञ्चेको दाग जे भए पनि उहाँले समाज सुधार र विकासमा आफ्नो विचार पस्किरहनु भयो कुनै लाभको पदमा नरही अवीश्रान्त प्रजातन्त्रको वकालत गरी रहनुभयो चेतना फैलाई रहनुभयो । जहाँ बसे पनि जहाँ रहे पनि शिक्षा र सामाजिक सुधारका काममा अविस्रान्त लागि रहनु भयो कास्कीको पचभैयामा रहँदा तत्कालीन सिसुवा गा.पा. हालको पोखरा नगरपालिकामा पर्ने २ ताल बेगनास र रूपाको बीचको गाँउ पचभैयामा बस्न थाले पछि त्यहाँ साधारण प्रा.वि.मात्रै रहेकोले मा.वि.को अति आवश्यक भएको हुनाले आफ्नै पहलमा अमर सिद्ध नमूना मा.वि. स्थापना गर्नुभयो । त्यहाँ फलफूल बगैंचा, सेतो क्रान्ति लगायत पर्यटकीय स्थल बनाउन लागी पर्नुभयो ।

२०४९ सालमा आफ्नो पचभैयाको घरजग्गा बिक्री गरी काठमाडौंको धापासी हाईटमा घर बनाई सरे पछि श्रीकान्त अन्तर्मुखी चिन्तनमा बढी केन्द्रित भएको देखिन्छ । श्रीकान्तले पनि आफू जहाँ जसरी रहे पनि आफ्नो जन्मथलो, आफूले जन्माएका र हुर्काएका शैक्षिक संस्थालाई शुभ सङ्कल्प द्वारा सम्पोषण गरिरहनु भयो । नेपाली राजनीतिमा आएको विकार, विसङति र विशृङखलता प्रति बोलेर वा लेखेर प्रहार गर्दै असल राजनीतिक संस्कार र नेपालको विकासका निमित्त चिन्तन गर्दै रहनु भयो ।

(ङ) २०६२/६३ (लोकतन्त्र) पछि जीवनपर्यन्त

स्वर्ण महोत्सव र ऐतिहासिक दुराडाँडा जो श्रीकान्त अधिकारी आफैंले तयार गर्नु भएको लेख हुबहु,

ऐतिहासिक बाह्रमुखे पानसमा सर्वोदय उच्च मा.वि. र बाह्र सदनीय प्रा.वि.हरू समेत झल्किने पानसका अगाडि २०५४ सालको यी विद्यालयहरूको छयालीसौं जन्मजयन्तीको उपलक्ष्यमा संस्थापक अध्यक्षको उद्‌गारबाट निस्केको थियो । यी विद्यालयरूको रजतजयन्ती ०३३ सालमा एक वर्ष अगाडि देखिको तयारीले भव्य रूपमा सु-सम्पन्न भएको थियो । अब स्वर्ण जयन्तीको समय अगाडि आइरहेछ । त्यसको तयारीका निमित्त कमसेकम २ वर्ष अघि देखि नै सशक्त हुनु पर्दछ । स्वर्ण दिशातिर फर्कनु अघि सर्कने बेला भइसक्यो । नबिर्सियोस् भनेर आफ्नो विचार लिखित रूपमा ल्याएको छु । जुन वक्तव्यद्वारा सर्वोदयले पूरा गर्नुपर्ने भूमिका स्पष्ट रूपमा जनसमक्ष आएको हो । अहिले राजनीतिक घना बादलले ढाकिएको मौसमी वातावरणले गर्दा त्यतातिर भने त्यति चेष्टा फिर्न सकेन । फेरि गएको वर्ष २०५६ को पौष २७ गते राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा सिन्दुरे ढुङ्गाबाट दुराडाँडाका ६ गाविसहरूलाई पुनः सचेत गराउँदै आह्वान भयो । अब विभाजनको मनःस्थितिमा

र साँघुरो घेरामा नरही यहाँका ५ गाविसलाई ६ वडा हुन् भन्ने सम्झेर पूरा दुराडाँडालाई पुरानाकोट समेतका गाविसहरूलाई एउटै गाउँ सम्झेर विद्यालयहरूको स्वर्ण जयन्तीका निमित्त अघि सार्नुपर्दछ । यहाँका ऐतिहासिक विद्यालयहरूको स्वर्ण जयन्ती भव्य एवं पुनः ऐतिहासिक हिसाबमा नै मनाउनुपर्दछ । यहाँका प्रस्तावित मोटर बाटाहरू पनि यही सन्दर्भमा निर्माण गराई सक्नुपर्छ । त्यसबेला ऐतिहासिक रूपमा उल्लेखनीय हिसाबले यहाँका विद्यालयहरूको रजत जयन्ती जुन रूपमा सम्पन्न भयो जसका प्रमुख अतिथि भएर प्रा. यदुनाथ खनाल र त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति सूर्य बहादुर शाक्यजी आउनुभएको थियो । अब आउँदो स्वर्ण जयन्तीका उपलक्ष्यमा हामीले निकै भव्य तयारी गर्न सक्नुपर्दछ । त्यस बेलाको यस्तो चिन्तनमा २०५८ मा सम्पन्न हुन लागेको स्वर्ण महोत्सव मुलुकमा उठेको चर्को द्वन्द्वका कारणले रोकिइ राखेको थियो । अहिले शान्ति बहाली भएपछि यही २०६३/११/७ १२ भित्र सु-सम्पन्न हुँदैछ ।

परिस्थिति ५० वर्ष अगाडि विद्यालयहरू खोल्दाका बखतको जस्तो छैन । नत २५ वर्ष अगाडिको रजत जयन्तीको बेलाको जस्तो नै रह्यो । राजनीतिक अतिवादिताले शिक्षण संस्थालाई र अरू सामाजिक क्षेत्रलाई समेत उछिन्दै गएको र अल्झाईरहेको स्थितिमा २ वर्ष अगाडिबाट कार्यक्रम तयार गरेर लाग्नुपर्ने कुराहरू पनि त्यसै समयाभाव जस्तोमा परे । तथापि शैक्षिक स्वर्ण महोत्सवको कार्यक्रम पुस्तिकाको रूपमा लिएर स्वर्ण जयन्तीको वर्षभन्दा एक वर्ष अगाडि जनसमक्ष आएको छ । सबै माथिका कुराहरूलाई समाउन प्रयास गरेको देखिन्छ । सर्वोदय उ.मा.वि.को प्राङणमा सङ्कल्प सभा पनि भएको छ । जुन सङ्कल्प सभामा तत्कालीन श्री ५ को सरकारका शिक्षा राज्यमन्त्रीले पनि उभिएर सङ्कल्पका कार्यक्रमलाई पूरा गर्न विशेष सहयोग पुऱ्याउने वचन दिनुभएको छ, जो अविस्मरणीय छ ।

कार्यक्रमका क्रममा उठेका कमी कमजोरीबारे पुस्तिका प्रकाशनमा व्यक्तिहरूको सम्पादन नहुनुपर्ने हो भन्ने आवाज बैठकले सहजतापूर्वक र पुस्तिकालाई संशोधन गर्ने र परिमार्जित गराउँदै लैजाने कुराको निर्णय गऱ्यो । त्यसपछि स्वर्ण महोत्सवका चरणहरूतिर पाइला सर्न थाले । यद्यपि यो कार्यक्रम भित्र बितेका ५० वर्षको समाजलाई आमूल परिवर्तन गराउने महान् कार्यमा जुटेका अग्रजहरू मध्ये स्वर्गारोहण भएकाहरूलाई सर्वप्रथम श्रद्धाञ्जलि र जलाञ्जलि दिने विशेष कार्यक्रम परेको थिएन, छुटेको थियो । मूल समारोह समितिका अध्यक्ष स्वयं कर्ता भएर त्यो श्रद्धाञ्जलिको विशेष काम स्थानीय गुरुकुल आश्रम भित्रको शिवमाया पितृ पुराण गुठीको तत्वावधानमा सु-सम्पन्न भयो । जसले शैक्षिक स्वर्ण महोत्सव महायज्ञको थालनीमा एक प्रकार आम्युदैहिक श्राद्धको स्थान लिन पुग्यो । ती स्वर्गीय अजर अमर आत्माहरूको आशिषलाई स्वर्ण महोत्सवतिर फिरायो । यस कार्यले जनभावना उद्वेलित भयो, रोमाञ्चित भयो उदासीन जस्तो भई रहेको जनमानसमा उत्साहको करेन्ट छायो । लगत्तै हुने श्रीमद् भागवत महापुराणका निमित्त वातावरण अनुकूल बन्न गयो । ०५७ असोज २४ गतेबाट विश्व हिन्दू महासंघ नेपालका अध्यक्ष पं. नारायणप्रसाद पोखरेलज्यूको वाचनमा विजया चौतारी एवं रजत मैदान सर्वोदयको प्राङणमा श्रीमद् भागवत महायज्ञको आरम्भ भयो । जसको उद्देश्य विशुद्ध धार्मिक मात्र नभएर स्वर्ण महोत्सवलाई सहयोग पुऱ्याउने नै रहेको थियो ।

यसरी शैक्षिक स्वर्ण महोत्सवको प्रथम चरणतिर हाम्रा पाइलाहरू सर्दा निस्केका दुई आवरण छन् । जसले इतिहासमा विशेष स्थान राख्ने छन् । हाम्रा चिन्तनहरू सबै आध्यात्मिक र भौतिक पाटाहरूको जोडाईले उठाइएका छन् । सर्वोदय सिद्धान्तको छाता मुनि शिक्षा र संस्कृतिको सशक्त अभियान सिङो दुराडाँडाबाट

छेडिएको हो । अहिले ६ गाविसमा विभक्त भए पनि भावात्मक एकताले दुराडाँडा बाँधिएको छ । सरकारी निर्णयले यसको राजनीतिक भूगोल विपरीतमा परेको छ तापनि विकासका सबै आयामहरू असजिलो भए पनि स्वभाविक हिसाबमा आफैँतिर फर्किएका छन् । अहिले शैक्षिक स्वर्ण महोत्सवको कार्यक्रम प्रस्तुत भईराखेको छ । यद्यपि यो हतपतमा भएजस्तो देखिन सक्छ तर यी सङ्कल्पहरूलाई कार्यान्वयन गर्दै जाँदा कार्यकर्ताहरूमा र कार्यक्रमहरूमा जीवन्तता ल्याउने हिसाबमा केही परिवर्तन र संशोधन हुँदै जाने कुरा पनि नहुन सक्दैन । कागजमा उतारिएका कल्पनाहरू जीवनमा उतार्ने हिसाबमा धेरै भिन्न आकार निस्कन पनि सक्छन् तर हात्तीको नक्सा कोर्दा बाँदरको अनुहार ननिस्कने हिसाबमा निकै सतर्क हुनुपर्दछ । "विनायकं प्रकुर्वाणो रचयामास वानरम्" यो मूलमन्त्रलाई भने पढि राख्नुपर्छ । सर्वोदयको छाता भित्र भएका तमाम सुधारका कार्यक्रमहरू र त्यो अभियानमा सहभागी सिपाही र सेनानीहरू जो यो ५० वर्षभित्र धेरैजसोको स्वर्गारोहण पनि भई सकेको छ । अब नयाँ पिँढीले त्यो स्प्रिडको नेतृत्व समाउने हस्तान्तरण हुँदै जाने अवस्था पनि ५० वर्षले ल्याई रहेको छ । यद्यपि संस्थापनाकाल देखिको नेतृत्व भने उपस्थितिमा अहिले पनि छ ।

संस्मरण गर्नुपर्ने ती अमर आत्माहरूलाई पनि तर्पण पानी दिनुपर्ने भएको छ । जो मानवीय हिसाबमा अकालमा मृत्युको गणनामा परिराखेका छन् । हिंसाको मार्ग बन्द होस्, भ्रष्टाचारको मूल सुकोस्, शोषण र लुटेका आयामहरू समाप्त होउन्, समाज भयमुक्त होस्, हामीले गरेको सङ्कल्प मुलुकमा गाउँ-गाउँको विकास गर्ने हिसाबमा फेरि दृष्टान्तको रूपमा पर्न सकोस्, टाउको उठाउने हिसाबमा परोस्, यो ईश्वरसँग र जनता जनार्दन सँग हाम्रो प्रार्थना छ । हामीले हाम्रो माटोमा अनाहक हिसाबमा पोखिएको रगतको सदैव निन्दा गर्दै आएका छौं, साथै संसदीय प्रजातन्त्रको आरम्भ देखि नै भ्रष्ट आचरणको बीज सांसदले निर्णय गरेर खान आँटेको पेन्शन र पजेरोको विरुद्ध औंलो उठाउने पनि हामी नै हौं । अहिले शिखरमा पुगेको भ्रष्ट आचरणले अर्को लुच्याइँको रूप अगाडि दर्शाएको छ । त्यसको विरुद्ध आजसम्म कतै कसैबाट सशक्त आवाज उठिरहेको छैन । किन ? यो प्रश्न अगाडि छ । एउटी बूढी आमा वा बूढा बा जसले त्यो व्यक्तिलाई जन्माएर हुर्काए, मतदान गरे र जनप्रतिनिधि पनि बनाए, त्यस्ता अशक्त वृद्ध वृद्धाहरूले पचहत्तर वर्ष काटे पनि महिनाको १०० रुपियाँको भत्ता राज्यकोषबाट प्राप्त गर्दछन् तर त्यो सांसदले भने अब दैनिक १००० रुपियाँ प्राप्त गर्दछ । ११५% को हिसाबले सांसदहरूलाई माथि उठाएको छ । हिसाब यो हो, बेहिसाबको दृष्टान्त पनि यही नै हो । हामीले बितेको चुनावमा त्यसै मत खसालेका छैनौं, पेन्सन र पजेरो फिर्ता गर्ने र नखाने शर्तमा मत खसालेका हौं । लमजुङले यो प्रतिज्ञा सङ्कल्पलाई अगाडि सारेर आफ्नो काम पूरा गरेको छ । परेको खण्डमा अब यसरी जथाभावी अगाडि बढ्ने प्रक्रियामाथि अंकुश लगाउन सानो छोटो औलो नै किन नहोस् मुख फोर्नेछ । हामी सर्वोदय सिद्धान्तको छाता मुनि हुर्केकाहरूले संविधान मौन होस्, हामी त्यस्तालाई प्रत्याह्वान गर्ने आवाज उठाउनेछौं । नैतिकताको बन्धन नै राजनीतिमा सर्वोपरि हुन्छ ।

यस्तै यस क्षेत्रका ६ गाविसको निर्णयमा दुराडाँडालाई मदिरा मुक्त क्षेत्र घोषित गर्ने, दुराडाँडा भित्रका सबै जनप्रतिनिधि, कार्यकर्ताहरू र शिक्षकहरू जति सबैले दुर्व्यसनबाट टाढै रहने । राजनीतिक गन्धलाई मन्दिर भित्र पस्ता जुत्ता बाहिर राखे झैं विशुद्ध सामाजिक हिसाबमा स्वर्ण जयन्तीका समस्त कार्यक्रममा प्रवेश गर्ने सहभागिता हुने । आदि प्रमुख बुँदाहरू अगाडि सारिएका छन् ।

हाम्रो ज्ञान र सीप श्रम र दानको बीज वा जगमा अहिले ६ गाविसमा विभक्त पूरा दुराडाँडा र पुरानोकोट समेतलाई समेटेर यहाँ एउटा पवित्र पर्यटकीय पुण्य क्षेत्र बनाउने सङ्कल्पमा जुटेका छौं । दुराडाँडा शैक्षिक स्वर्ण महोत्सवको विशाल क्षेत्रलाई सम्झदा पहिले देखिका केही ऐतिहासिक घटनाहरू र यसको प्राकृतिक किल्लालाई याद गर्नुपर्ने हुन्छ । पाउँदी, किरञ्चे र राम्चे प्राकृतिक किल्लालाई याद गर्नुपर्ने हुन्छ । पाउँदी, किरिञ्चे, राम्चे र मिदिम खोलाहरूको साथै पुरानोकोटसम्मको प्राकृतिक किल्ला यसको छ भने शक्ति पीठहरूमा कालिका, मालिका, कोट र गढीका देवीहरू छन् । शिक्षाद्वार यसको ऐतिहासिक किल्लामा पर्दछ । लक्षित क्षेत्रलाई र हाम्रा सङ्कल्पलाई याद गरेर अघि बढी राख्नुपर्ने कुरामध्ये एउटा यो हो भने पुरानो ऐतिहासिक देन साथै त्यसपछिको परम्परागत प्रचलनलाई पनि यहाँ सम्झनुपर्दछ । हाम्रो राजसंस्था र राज मुकुटको अभिषेक यहाँ भएको हो । पुर्खाहरूले गरेको ५५० वर्ष अगाडिको ऐतिहासिक कार्यको पद्चिन्ह सिन्दुरे ढुंङाबाट झल्किन्छ भने त्यसपछि यता २२ से २४ से राज्यकालमा सबै राज्यहरूका सामु सर्प र भ्यागुताहरूको बीचमा गरुडको स्थान यसले ओगटेको छ । राष्ट्रिय एकीकरणको सन्दर्भमा नेपालभित्र पसेपछि लमजुङ ८००० को नाममा र यसका २१ मौजामध्ये दुराडाँडा ७०० दुराडाँडाले रत्पाती विर्ता प्राप्त गरेको मौजा हो । तुर्लुङकोट यसको मौलो भएर माथि उठाई रहेको छ भने इष्ट देवी कालिकाको संरक्षणमा प्रशान्त हिसाबले बाँची बसेको हाम्रो डाँडो हो ।

आधुनिक इतिहासको यो ५० वर्षभित्र २००६ सालको सामाजिक क्रान्ति (हलो क्रान्ति) र ००७ सालको राजनीतिक क्रान्ति एवं २००८ सालदेखि यताका शैक्षिक क्रान्तिहरूले चेतना उठेको विशेष क्षेत्र यो हो । जसले बालकहरू र युवाहरूलाई साधारण शिक्षा दिने मात्र काम गरेनन् आधुनिक नजरमा लुके छिपेका हाम्रा पूर्वज र अग्रजहरूका देनहरूको इतिहास पत्ता लगाउने र एउटा ऐतिहासिक जाति दुराजातिको अस्तित्व उभ्याउने काम पनि गरेको छ । शैक्षिक स्वर्ण महोत्सवको अठोटको क्षेत्रमा परेको यो दुराडाँडालाई कहिल्यै टुट्न र फुट्न नदिने, समान प्रकाश सबैलाई दिने हिसाबमा १२ कोणमा स्थापित सदनीय विद्यालयहरूको लक्ष्मण रेखा सशक्त हिसाबमा पहिले राखिएको हो । त्यसमा सबैको एउटै केन्द्रको रूपमा सर्वोदय उच्च माध्यमिक विद्यालयले जन्म लिएको हो । जसको रजत पर्वले दुराडाँडाका यावत् ऐतिहासिक वस्तु तथ्यहरूलाई आत्मसात् गरेर सर्वोदयले आफ्नो छाता भित्र ओतिराखेको छ । सिन्दुरे ढुङा र खजेपार्क प्रभृति पुराना ऐतिहासिक पद्चिन्ह र शिक्षाद्वार जस्ता नयाँ कुराहरू प्रमाणको रूपमा हाम्रो अगाडि छन् । अहिले १२ प्रा.वि. मध्येका कतिपय विद्यालयहरू कक्षा वृद्धि हुँदै अघि सर्दैछन् भने अरू थप धेरै प्रा.वि.हरू पनि सबै सर्वोदयको छाता भित्र पर्दछन् । यस परिप्रेक्ष्यमा स्वर्ण महोत्सवको उपलक्ष्यमा अब फेरि सर्वोदयले आफ्नो स्तर वृद्धि गरेर गुणात्मक शिक्षालाई अंगाल्दै उच्च शिक्षाको निम्ति टाउको उठाउन लागेको छ । शैक्षिक स्वर्ण महोत्सवको विशेषता यहाँ आएर छर्लङ हुन्छ ।

२०६२ सालमा देश चरम द्वन्द्वको शिकारमा थियो । जनता आक्रान्त थिए । सरकार र द्वन्द्वरत राजनीतिक पार्टीहरूका मानिसहरू भकाभक मारिँदै थिए । राज्य पक्ष र आन्दोलनकारीका तर्फबाट मारिने सबैको पीडा दुराडाँडाले भोगेको थियो । मुक्तिनाथ वा एकबहादुर वि.क. जस्ताको अमानवीय हत्याले गाँउ थर्कमान थियो । माओवादीको चन्दा र अपहरण वा आर्मी पुलिसको केरकार र तर्साउने देखि लिएर हरेक पीडामा प्रताडित थिए गाउँलेहरू । त्यस्तो समयमा पनि श्रीकान्त अधिकारीले दुराडाँडा सेवा समाजको नाउँबाट आफैंले नेतृत्व प्रदान गर्दै काठमाडौंदेखि दुराडाँडासम्म शान्ति पदयात्रा गरेर असुरक्षित महसुस गरिरहेका दुराडाँडाका बासिन्दालाई हौसला र सुरक्षित हुने आत्मबल प्रदान गर्नुभयो र नेपालमा शान्तिको कामना गर्नुभयो । त्यस शान्ति पदयात्राले जनतामा अब त मरिँदैन कि भन्ने भरोसा जगायो उहाँले अभिभावकत्वको भूमिका पूरा गर्नुभयो ।

सर्वोदय हीरक जयन्ती

सर्वोदय उच्च.मा.वि.को नयाँ भवन निर्माण गर्ने सन्दर्भमा पनि विभिन्न मतहरू नभएका हाईनन् । सर्वोदयको नयाँ भवन निर्माण गर्ने विषयमा सर्वोदयको पुरानो भवन भत्काएर सोही ठाउँमा नयाँ भवन बनाउने परामर्श कुराकानी र छलफल भएका थिए तर उहाँ ढुक्क हुन सक्नु भएन । उहाँले पुरानो भवनलाई 'मौलो हो, त्यसलाई फालिहाल्न हुँदैन' भन्दै गर्नुहुन्थ्यो । स्थानीय भने 'श्रीकान्तजीले भने अनुसार हुनुपर्छ' भनेर सर्वेसर्वा उहाँलाई नै बनाउँथे । सर्वोदयका उपजहरूलाई उहाँले 'बैंक' नामाकरण गर्नुभएको थियो । 'यिनीहरूले चाहे भने सर्वोदयको नयाँ भवन जुरुक्क उचालेर देखाउने छन् भनेर युवाहरूलाई हौसला दिंदै गर्नु हुन्थ्यो । स्वदेश वा विदेश जहाँ भए पनि सर्वोदयका उपज प्रति उहाँको भरपूर विश्वास थियो । दुराडाँडा सेवा समाजलाई अगाडि लगाएर उपजको नाममा अब सबैले पढे लेखेर आफ्नो अवस्था सुधारियो, चल्न र बोल्न सिकाएको आमाको घुम्टो वा धोती च्यातिएको छ अब आमाको फरिया फेरिदिने तिनैको सन्तानको काँधमा आएको छ भनी उपजहरूलाई जागरण गराई उहाँकै इच्छा अनुसार निश्चित समयमा सर्वोदयको भव्य भवन बन्यो । जसलाई राष्ट्रपति डा. रामवरण यादवले २०६९ कार्तिक २० गते उद्घाटन गर्नुभयो । सोही कार्यक्रममा दुराडाँडेले श्रीकान्त अधिकारीको राष्ट्रपति डा. रामवरण यादव सँगै अभिनन्दन गर्न भ्यायो । यो एक दुराडाँडेको अपूर्व मौका रह्यो । साथै दुराजाति र समाजको इतिहास खोज्न, दुराको ऐतिहासिक महत्व बुझाउन र तिनका समाजको सामाजिक शैक्षिक उत्थान गर्न श्रीकान्तले पुऱ्याएको सेवा र सहयोग अपूर्व थियो, त्यसैले पनि दुरा सेवा समाजले कृतज्ञता पूर्वक श्रीकान्तलाई अभिनन्दन गऱ्यो ।

२०६९ कात्तिक २२ गते लमजुङ जिल्लाकै पाउँदीढिकमा सञ्चालित लायन्स सर्वोदय सेवाश्रम तथा जेष्ठ नागरिक ग्राममा सर्वोदय सेवाश्रम साथ जेष्ठ नागरिक सङ्घले जिल्लाका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिहरूलाई सम्मान गर्ने कार्यक्रम आयोजना गरेको थियो । सम्मान गर्नका लागि छनोट भएका पात्रहरू थिए—श्रीकान्त अधिकारी, नरकान्त अधिकारी, इन्द्रविलास अधिकारी र सुश्री सानुमाया गुरुङ । जिल्लामा सर्वप्रथम शैक्षिक जागरण ल्याउने र शिक्षालयहरू स्थापना गरिदिएर समाजको आँखा उघारिदिने कार्य गरेका विशिष्ट व्यक्तिका रूपमा श्रीकान्तलाई, प्रशासनिक सेवामा रहेर देशलाई र जिल्ला वासीलाई विशिष्ट सेवा पुऱ्याए बापत नरकान्तलाई, जिल्लाका शिक्षाविद् भनेर विद्वान् प्रा.डा. इन्द्रविलास अधिकारीलाई र सामाजिक महिला अभियन्ताका रूपमा सुश्री सानुमाया गुरुङलाई सम्मान गर्ने कार्यक्रम निश्चित भएको थियो । सम्मानित हुने व्यक्तिहरूलाई सर्वप्रथम आश्रमभित्र रहेको २०० वर्ष पुरानो, एउटै बोटमा तीनथरी स्वादका फल फल्ने आँपको विशाल वृक्षको चौतारीमा विराजमान गराइयो । सम्मानित हुनेहरू आ-आफ्ना क्षेत्रका मूर्धन्य व्यक्तित्व हुनुहुन्थ्यो । फूल, माला, टीका, खादा आदि सामग्रीले स्वागत सत्कार गरिसकेपछि क्रमैसँग करतल ध्वनि सँगै स्थापित व्यक्तिहरूको अभिनन्दन भयो । कार्यक्रममा देशकाल अनुसार उल्लेख्य जन—सहभागिता थियो नै अझ श्रीकान्तको विशेष भाषण सुन्नैका लागि भनेर पनि पाउँदी, भोटेओडार, सुन्दर बजार, तार्कुघाट, हर्राबोट र बेसीशहरदेखिका मानिस आएका थिए । आयोजक र अन्य पाहुनाहरूको मन्तव्य पश्चात् समानित हुनेहरूका तर्फबाट श्रीकान्तको भाषण विशिष्ट थियो । यो दिन श्रीकान्त समाजसेवी वा राजनेताका रूपमा होइन धार्मिक क्षेत्रका सन्तका रूपमा प्रस्तुत हुनुभयो । उहाँले त्यहाँ भाषण होइन आध्यात्मिक प्रवचन दिनुभयो, जो ज्यादै हार्दिक मार्मिक र स्मरणीय थियो । यो प्रवचन किन पनि महत्वपूर्ण रह्यो भने यो उहाँको जीवनकै अन्तिम सार्वजनिक प्रवचन थियो । यहाँको सम्मान पनि जीवनको अन्तिम सम्मान नै रह्यो । किनकि यसको लगत्तै काठमाडौं फर्किएको आठौं दिनमा उहाँ

धराधामबाट बिदा भएर फेरि कहिल्यै नर्फकने गरी आफ्नो गन्तव्य तय गर्नुभयो त्यो दिन थियो २०६९ सालको भाइ टीकाको दिन कार्तिक २९ गते ।

सन्दर्भ सामाग्रि :

१. अन्नपूर्णको काख – सर्वोदय सञ्चालक समिति लमजुङ, (२०१४), पुन मुद्रण : कृष्ण प्रसाद खनाल, अजय प्रसाद खनाल एपोलो अपसेट प्रेस प्रा. लि. (२०६३) ।

२. भएन चुनाव, अब के गर्ने– नेपाली कांग्रेस द्वारा प्रचारित, (२०१४) गोरखपुर प्रिन्टिङ प्रेस, नखाल चौक गोरखपुर ।

३. राजनीति एक सिद्धान्त, श्रीकान्त अधिकारी, (२०१५), अन्नपूर्ण प्रेस, असन टोल ।

४. राष्ट्रिय संस्कृत शिक्षा सम्मेलन, पाणिनि संस्कृत माध्यमिक विद्यालय गुरुकूल आश्रम, कीर्तिपुर दुराडाँडा लमजुङ (२०५४) ।

५. आजको नेपाल (प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास), हेमराज अधिकारी (२०५८), श्रीमती चन्द्रकला अधिकारी, नारायणी प्रिन्टिङ एण्ड ट्रेडर्स सहकारी संस्था लि. नयाँ बानेश्वर काठमाडौं ।

६. नेपाल अधिराज्यमा तनहुँ, डिल्लीराम मिश्र, (२०५८), प्रकाशक, श्रीमती शर्मिला मिश्र, हिसि अपसेट प्रिन्टर्स, जमल काठमाडौं ।

७. सांस्कृतिक परिवेशमा नेपालको हलो क्रान्ति, हंसपुरे सुवेदी, (२०५९) एपोलो अपसेट प्रेस प्रा. लि. ।

८. श्रीकान्त अधिकारी स्मृति ग्रन्थ– प्रकाशन समिति (२०७०) एपोलो अपसेट प्रेस प्रा. लि.काठमाडौं ।

९. श्रीकान्त अधिकारी जीवनी, व्यक्तित्व र कवित्व, डा. नारायण प्रसाद अधिकारी, दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान, (२०७६), एपोलो अपसेट प्रेस प्रा. लि. काठमाडौं ।

१०. सङ्घीय शासन प्रणालीमा प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन (सरल प्रश्नोत्तर) अध्ययन प्रतिवेदन, २०७७ प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं ।

११ लोकतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको भूमिका अनुसन्धान प्रतिवेदन, नीति अनुसन्धान प्रतिष्ठान, २०८० काठमाडौं ।

१२. चेतनाको मुहान, शैक्षिक विशेषाङ्क (२०८०), दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान, ग्रीष्मा ग्राफिक्स प्रा.लि. प्रिन्टिङ प्रेस, बागवजार,.काठमाडौं ।

१३. कान्तिपुर, नागरिक, नयाँ पत्रिका, राजधानी, अन्नपूर्णका विभिन्न अङ्क ।

१४. विभिन्न पत्रिका तथा वेभ साइटहरू ।

(नोटः जीवन यात्रामा नयाँ लेख भन्दा पनि विभिन्न प्रकाशित सामाग्रिको संकलन हो– प्रकाशक)

नेपालको राजनीतिक विकासक्रम र महिला सशक्तीकरण



• डा. अनिता शाह ढुङ्गाना

नेपालमा राजनीतिक विकासक्रम संगै महिलाहरूको राजनीतिक, सामाजिक र आर्थिक विकास हुँदै गइरहेको पाइन्छ ।

राजनैतिक परिवर्तन विकासको महत्वपूर्ण मोडमा महिलाहरूको अर्थपूर्ण एवम् सशक्त उपस्थिति र भूमिका रहेको पाइन्छ ।

जब २००४ सालमा मङ्गलादेवी अध्यक्ष र स्नेहलता महासचिव रहेको नेपाल महिला संघको स्थापना भयो त्यसपछि महिलाका हक अधिकारको बारेमा आवाज उठाउने महिला मुद्दाहरूलाई सम्बन्धित ठाउँमा छलफल गर्ने प्रकृयाको शुरुवात भयो । पछि २००८ सालमा कामाक्ष देवीको नेतृत्वमा अखिल नेपाल महिला संघको स्थापना भयो । यस्तै अन्य थुप्रै सघ संगठन स्थापना भयो र महिला आन्दोलन अघि बढ्दै गयो । २००७, २०१७, २०४६, २०७३ सालमा पटक पटक महिला मुक्तिका लागि आन्दोलनहरू भएका थिए । जसको परिणाम आज महिलाले आफ्ना केही अधिकारहरू स्थापित गर्न सकेका छन् । २०४६ सालको राजनीतिक परिवर्तन पछि महिलाले अंश र वंशको अधिकारको खोजी गरे । २०६२/६३ सालको आन्दोलनको समयमा राजनीतिक दल सम्वद्ध महिला संगठनहरूले अन्तर पार्टी महिला सञ्जाल नै खडा गरे र संविधानमा केही महिला अधिकारहरू लिपिवद्ध भए । महिलाको हक अधिकार र सशक्तिकरणमा हालसम्म थुप्रै संघर्ष भए र तीनै संघर्षको आधारमा केही उपलब्धिहरू पनि हासिल भए तर लैगिक समानता पूर्ण रूपमा प्राप्त गर्न यही गतिले अगाडि वढ्ने हो भने अझै २८६ वर्ष लाग्ने स्थिति रहेको महिला अधिकारकर्मी लगायतका संघ संस्थाहरूको ठम्याँइ छ ।

नेपालमा महिला अधिकारका लागि एक शतक आन्दोलनको केही झलक

विधवा विवाहको वैधानिकता बालविवाह, बहुविवाह र सति प्रथा जस्ता कुरीति जसले महिलालाई हरेक क्षेत्रमा पछाडि पार्दछ त्यस्ता कुरीति कु–संस्कार अभ्यासहरूको अन्त्य भएको छ । तथापी हाम्रो समाजमा कुनै पनि महिला सम्बन्धी हानिकारक अभ्यासहरू विद्यमान नै छन् । समाज रूपान्तरणका लागि अगुवा महिला योगमाया जसले १९९८ मा ६७ जना महिलासहित देह त्याग गर्नुभएको थियो । वहाँलाई स्मरण गर्दछु ।

वि.सं. १९९० मा काठमाण्डौको नरदेवीमा चन्द्राकान्ताले आफ्नो व्यक्तिगत प्रयासमा छात्रा विद्यालय खोलेकी थिइन् । त्यस्तै गरी २००३ को आन्दोलनमा दिव्या कोइरालाको नेतृत्वमा राजबन्दी रिहाइको माग गर्दै साहना प्रधान साधना प्रधान, कनकलता बज्राचार्य स्नेहलता श्रेष्ठ लगायत महिला नेतृत्वहरू आन्दोलनमा उत्रिएका थिए ।

लैङ्गिक समानता स्थिति

नेपालको इतिहासमा लैङ्गिक समानताको स्थितिलाई २००७ साल पूर्व र २००७ साल पछिको स्थितिलाई

सामान्य रूपमा यसरी हेर्न सकिन्छ ।

२००७ साल पूर्व

२००७ साल भन्दा पहिलाका महिलाहरूले अस्तित्वको लडाइं लड्नु पर्दथ्यो । धेरै महिलाहरू सतिप्रथा दास प्रथा एवंम यौनजन्य हिंसाका शिकार बन्नुपर्दथ्यो । समाज अन्ध विश्वासमा र रुढिवादी सोच र परम्पराले ग्रसित थियो । जसको परिणाम महिलाले मात्र भोग्न पर्दथ्यो । महिलाहरूको लडाई जस्तै सामाजिक विकृति कुरीति एवं रुढिवादी सोच र परम्परा आदिको विरुद्धमा केन्द्रित हुन्थ्यो । महिला जागृति उनीहरूको शिक्षामा संलग्नता एवं स्वास्थको पनि निकै नै कारुणिक एवं नाजुक अवस्था थियो । महिलाको मतदानको अधिकार उम्मेदवार तथा संगठनको अधिकारको बारेमा महिलाहरूको संघर्ष केन्द्रित हुने गर्दथ्यो ।

२००७ सालपछि

महिलाको विषयमा संविधान केही खुकुलो भएको व्यवस्थाको अनुभूति भयो । कानूनी तवरबाट केही सुधारको महसुस भयो । सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको सकृयता वढ्दै गयो । महिलाका हक अधिकार सामाजिक विकृति विसंगतिहरू विरुद्ध निरन्तर सामाजिक जागरणका कार्यक्रमहरू हुँदै आए । महिला सशक्तीकरण राजनीतिक आर्थिक सामाजिक सांस्कृतिक परिवर्तनहरू हुँदै आएका छन् । राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिताको सुनिश्चितताको लागि राष्ट्रिय संकल्प भयो । आमाको नाममा नागरिता राज्यका हरेक अंगमा ३३ प्रतिशत महिला आरक्षण छोरा सरह सम्पतिमा समान हक लगायतका महिला सम्वन्धि कानूनी प्रावधानहरू वढ्दै गए ।

अन्तराष्ट्रिय सन्धि सम्झौता अभिसन्धिहरूमा हस्ताक्षर र प्रतिबद्धता व्यक्त भएका छन् र तह अनुरुप नेपालमा यसको प्रभावकारी कार्यावन्यन र सफलता प्राप्तिको लागि ऐन, नियम, कानूनहरू परिमार्जन गर्ने काम पनि जारी नै छ । प्रशासनिक क्षेत्रमा महिलाहरूको संलग्नता, सहभागिता पनि अर्थपूर्ण नै हुँदै गएको छ । तथापि महिलालाई आर्थिक रूपमा सशक्तीकरण गर्न अझै पनि धेरै प्रयासहरू गर्न बाँकी छ र कानूनी एवं नीतिगत रूपमा राज्यले विशेष पहलकदमी गर्न बाँकी छ । नेपालका आवधिक योजनाले वोलेका महिलाको सशक्तीकरण र लैंगिक समानता सम्बन्धि विषयमा कार्यान्वयन पक्ष अझै पनि यति गम्भीर भएको पाइँदैन । त्यसैले देशको ५१ प्रतिशत जनसंख्या ओगटेको महिला वर्गको लागि राज्य संवेदनशील भएर राज्यका हरेक अंग एवं क्षेत्रमा समान पहुँच, समान अधिकार, समान सहभागिता र समान समावेशिताको सुनिश्चित हुन आजको माग हो ।

लैंगिक क्षेत्रको हालको अवस्था

लैगिक समानताको सूचकलाई हेर्ने हो भने सन् २०३० सम्म प्राप्त गरिने दीर्घकालीन लक्ष्य प्राप्तिमा अझै थुप्रै कामहरू गर्नुपर्ने छ । यसको लागि प्रयास र प्राप्तिमा सम्बन्धित सबै पक्ष टड्कारो रूपमा लाग्नुपर्छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ **(CEDAW**), संयुक्त राष्ट्र संघीय प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धि राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्दै आइएको छ । समूह विशेषका अधिकारहरूमा पनि महिलाका सवालहरूलाई विशेष प्राथमिकता दिन थालिएको छ । नेपाल दिगो विकास लक्ष्यलाई आवधिक योजना, नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गरी कार्यान्वयन गरिरहेको छ । राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन गरिँदै आइएको छ ।

तीन तहका सरकारको निर्वाचित पदमा तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको

छ । निजी क्षेत्रको निर्णायक तहमा महिलाको प्रतिनिधित्वमा सुधार भएको छ । महिला उद्यमीको संख्या बढ्दै गएको छ । एक तिहाइ महिलाले सम्पत्तिमाथिको स्वामित्व प्राप्त गरेका छन् । सशक्तीकरण आयाममा सुधार देखिएपनि ज्याला दरमा असमानता कायमै छ । महिला र बालबालिका विरुद्ध हुने हिंसा कम गर्ने सम्बन्धमा अपेक्षित सुधार हुन सकेको छैन । महिला श्रम सहभागिता दर पुरुषको तुलनामा न्यून छ । लैङ्गिक समानतामा कानूनी ढाँचा महिलाको पक्षमा भएता पनि घरभित्र र कार्यस्थलमा अपेक्षित सुधार हाँसिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

शारीरिक/यौन हिंसाको अनुभव गर्ने १५ देखि ४९ वर्ष उमेर समूहका महिला (प्रतिशतमा) ११.२० हाँसिल भएको छ । (आर्थिक सर्वेक्षण २०७९/८०)

समान कामका लागि ज्याला समानता सन् २०३० को लक्ष्य ०९२ पुऱ्याउने भनिएकोमा सन् २०७९ फागुन मसान्तसम्म ०६६ रहेको, लैङ्गिक असमानता सूचकाङ्क सन् २०३० को लक्ष्य ००५ रहेकोमा ०.४५२, लैंगिक सशक्तीकरण मापन सूचकाङ्क ०६९ मा ०.६२, (आर्थिक सर्वेक्षण २०७९/८०)

महिला र पुरुषको साक्षरता दर क्रमशः ६९.४ र ८३.६ प्रतिशत, घर वा जग्गामा स्वामित्व पुगेको महिला २३.८ प्रतिशत, मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १५१ र कूल प्रजनन दर २.१ प्रति महिला पुगेको छ । ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहहरूमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भई संचालनमा आएको छ ।

महिलाको आर्थिक काममा बढोत्तरीमा देखिएको छ । वि.सं. २०६८ मा महिलाको श्रम सहभागिता दर ४६.६ प्रतिशत रहेकोमा २०७८ सालसम्म आइपुग्दा ६०.२ प्रतिशत पुगेको छ । (आर्थिक सर्वेक्षण २०७९/८०)

लैङ्गिक समानताका चुनौतीहरू

१. लैंगिक समानतामा विद्यमान समाजमा देखिएका चुनौतिहरू विभिन्न प्रकृति र प्रकारका छन् । महिलाहरूलाई कमजोर दुर्लभ, असक्षम, अदक्ष एवं अप्रस्पर्धी देखाउने पुरुष प्रधान मानसिकता
२. राजनीतिक दलहरू र त्यसलाई नेतृत्व गर्ने नेतृत्वहरूको अनुदार नीति र सोचाइले राजनीतिक दलमा महिला पदाधिकारीको न्यून उपस्थिति र प्रतिनिधित्व हुनु
३. संवैधानिक एवं कानूनी अड्चनहरू अझै पनि लैंगिक समानताको लागि बाधक छन् । महिला जागृति र महिला आय आर्जनमा ससाना कार्यक्रमहरू समुदायमा संचालन गर्ने गर्दथ्यो ।
४. संरचनागत, संस्थागत प्रबन्धको अभाव छ । जिल्लामा रहेका महिला विकास कार्यालय जसले प्रत्यक्ष महिलाको परिवार समुदाय एवं सामाजिक स्तरका घटना परिघटना मुद्धा स्थिति आदिलाई सम्वन्धित गर्ने गर्दथ्यो । संघीय शासन प्रणालीमा यसको खारेजी र यसको वैकल्पिक संरचना प्रबन्ध गर्न नसकिएको छ ।
५. महिला विरुद्धमा प्राप्त भएका तजविजि अधिकारहरूको दुरुपयोग कम गर्नु पनि अर्को चुनौती देखिएको छ ।

लैङ्गिक समानता र समस्याको पहिचान

महिला विरोधी कथाहरू जसले समाजमा हानीकारक अभ्यासको रूपमा विद्यमान छन् र समाजलाई विकृति रूपमा हाँकिरहेका छन् जस्तै दाइजो, छाउपडी, वादी, झुमा, कमलरी आदि प्रथाको अन्त्य हुन जरूरी देखिन्छ । संविधानमा महिला विभेदको मुद्धालाई महिला जगतले निकै चासोको रूपमा हेरेको छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनलाई कुनै एक पदमा अनिर्वाय महिलाको व्यवस्था गर्नुपर्ने हुन्छ । नागरिकताको विषयमा पनि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा विभेदहरू छ त्यसको अन्त्य गरिनु पर्दछ ।

तजबिजी अधिकारको प्रयोगमा विभेद छ जस्तै प्रमुख वा पदाधिकारी तथा सदस्य संख्यालाई महिला समावेशी र उनीहरूको अर्थपूर्ण पदमा सहभागिता, निर्णय क्षमतामा अभिवृद्धि बनाई संविधानमा व्यवस्था भएको सकारात्मक बाध्यकारी बनाउने विभेदको अन्त्य गर्नुपर्ने छ ।

लैङ्गिक समानता र समाधानका उपायहरू

१. नेपालको संविधान, २०७२ पनि आवश्यक पर्ने ठाँउमा संशोधन र परिमार्जन गर्नुपर्ने छ ।
२. लैङ्गिक समानता प्राप्ति गर्न सुधार गर्नुपर्ने सम्बन्धित कानून र संस्थागत प्रबन्ध मिलाउनु पर्ने छ ।
३. संघीय शासन प्रणालीको अभ्यास गर्दै गर्दा राज्यका तीनवटै सरकार र राज्य संरचनामा महिलाको नेतृत्वदायी भूमिकाको सुनिश्चितता गर्नुपर्दछ ।
४. सरकारको आवधिक योजनामा लैङ्गिक समानता र सशक्तीकरण मार्फत् विशेष प्राथमिकता पाउनु पर्दछ र योजनामा उल्लेखित विषयहरूलाई सम्बन्धित निकायबाट प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।
५. राज्यका तीनवटै सरकारमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गराउनु पर्दछ ।
६. सरकारी गैर-सरकारी एवं निजि क्षेत्रको निरन्तर सकारात्मक प्रयास समन्वय र सहकार्यको अपरिहार्यता देखिन्छ ।
७. दीगो विकास लक्ष्य प्राप्ति वा अन्य राज्यका उद्देश्य प्राप्तिका लागि लैङ्गिक समानताको सवालमा सम्पूर्ण सरोकारवालाहरूको उच्च प्रतिबद्धता आवश्यक छ ।

अन्त्यमा,

लैङ्गिक मैत्री दृष्टिकोणको विकास गरी राज्यको हरेक तह र तप्काका सरोकारवालाहरूको उच्च प्रतिवद्धताबाट नै लैङ्गिक समानता प्राप्त गर्न सकिन्छ । आर्थिक विपन्नता, सामाजिक विभेद, सामाजिक न्यायको नाजुक स्थिति महिला असहाय, विधवा, दलित, गरिव, जेष्ठ नागरिक, बालबालिका सबैको जीवनस्तर उकास्ने राज्यले निरन्तर प्रयास गरिरहनु पर्दछ । सामाजिक न्यायमा सुधार गर्दै सबै नागरिकमाथि राज्यको जिम्मेवारी र अनुभूति बढाउँदै लग्नु पर्नेछ ।

सरकारले त्यस्तो क्षेत्रमा लगानी बढाउन र राज्यको प्राथमिकतामा राख्नु पर्दछ । समाजका टाठा बाठा र हुने खानेबाट सहुलियत सेवा अवसरको दुरूपयोग र सीमित व्यक्तिको हातमा देशको आर्थिक अवस्था निर्भर हुने अवस्थाको विस्तारै सुधार गर्दै जानु पर्नेछ ।

अन्तराष्ट्रिय राम्रा अभ्यासहरूको अनुकरण मानव अधिकारको प्रत्याभूति भएको लैंगिक समानता एवं सामाजिक न्यायको सिद्धान्तलाई अंगालेको समुदाय, समाज, स्थानीय तह, प्रदेश, सङ्घ र सिङ्गो मुलुक बनाउनका लागि हामी सवैले आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोग र प्रयास हुने हो भने नेपाल राष्ट्र अन्य मुलुकको तुलनामा राम्ररी स्थापित हुन सक्छ ।

पूर्व राष्ट्रिय योजना आयोग सदस्य
Email: anitashahdhungana@gmail.com

नेपाली कांग्रेसको सुधारवादी धारमा श्रीकान्तजीको योगदान



• अर्जुन नरसिंह के.सी.

यस आलेखमा म सर्वप्रथम श्रीकान्त अधिकारीजी र उहाँको जन्म/कर्मभूमि लमजुङ्गको दुराडाँडाबारे केही उल्लेख गरेपछि मात्र मूल विषय वस्तुमा जान चाहन्छु ।

वि.पी. कोईरालाले 'आफ्नो कथा' को पहिलो हरफमा नै लेख्नुभएको छ, "पश्चिम ३ नम्बर लमजुङ्गमा दुराडाँडाको दक्षिण फेदीमा एउटा ठूलो उब्जाउ फाँट छ; त्यसको नाउँ छ - कोईराला फाँट.....!" यसरी दुराडाँडाको नाम श्री गणेशाय नमः को रूपमा लिएर वि.पी.को आत्मकथा शुरू हुन्छ । लमजुङ्ग खासगरी दुराडाँडाका जनता बरु खेतीपातीमा कमजोर होलान् (वा के छन्) तर जन्मने बित्तीकै पढ्नुपर्छ भन्ने चेतनाका लागि चाहीँ अग्रणी छन् भन्ने मेरो धारणा छ । गण्डकी प्रदेशको त्यही सचेत जिल्लामा पर्ने दुराडाँडा पुरानो जमानाको अन्धकार परिवेशलाई चिर्दै सामाजिक परिवर्तनको प्रतिक 'हलोक्रान्ति' गरेर राजधानी र सारा देशभरि हलचल ल्याउने केन्द्र बनेको थियो । सबैले पढ्नु पर्छ, ब्राम्हणले पढ्ने-पढाउने मात्र होइन् हलो पनि जोत्नुपर्छ भन्दै क्रान्तिकारी सन्देश त्यही जिल्लाबाट आयो । विद्यार्थी जीवनको लोकतान्त्रिक आन्दोलनमा हामीलाई दिलोज्यानले साथ दिने लमजुङ्गका धेरै क्रान्तिकारी साथीहरूसँग मेरो अत्यन्त निकटता र घनिष्टता रह्यो, जुन अद्यावधि यथावत् छ ।

वि.सं. २००६ सालमै शिक्षा र नवचेतना फैलाउन श्रीकान्त अधिकारी (वि.सं. १९८४-२०६९) का साथ पं. तोयनाथ अधिकारी, पं. बद्रीनाथ सुवेदी जस्ता धेरै शिक्षाप्रेमी तथा समाज सेवीहरूले चलाएका शैक्षिक र छुवाछूत विरोधी सामाजिक आन्दोलन, ब्राम्हणले हलो जोत्न हुन्छ भन्दै नवयुगको थालनी भएको प्रमाण स्वरुप 'हलोक्रान्ति' को प्रारम्भले गर्दा लमजुङ्ग सामाजिक क्रान्ति र परिवर्तन ल्याउनमा मौलिक कार्यशैली तथा प्रेरणा दिने जिल्लाका रूपमा मैले हाईस्कूले विद्यार्थी देखि जानेको हुँ । लोकतन्त्रले सामाजिक क्रान्तिको लक्ष्य राखेको हुन्छ । जबसम्म सामाजिक क्रान्ति सफल हुँदैन, राजनीतिको उद्देश्य पूरा हुन सक्दैन । वास्तवमा सामाजिक क्रान्ति वा परिवर्तन बिनाको लोकतन्त्र नाम मात्रको हुन्छ । त्यो परिवेशमा लमजुङ्गको सामाजिक आन्दोलनले एउटा महत्वपूर्ण पहिचान र इतिहास रचेको छ ।

२०१५ सालको आम निर्वाचनमा लमजुङ्गबाट निर्वाचित सांसद श्रीकान्त अधिकारी, सूर्यप्रसाद उपाध्यायका भरोसायोग्य बौद्धिक सहयोगी हुनुहुन्थ्यो । सौम्य, तार्किक, चिन्तनशील र बौद्धिक व्यक्तित्व श्रीकान्तजी, ००७ सालको क्रान्तिका सेनानी, सामाजिक परिवर्तनका अभियन्ता, लमजुङ्गमा शिक्षा विकासका अग्रणी, २०१५ सालका सांसद, मैले दाजु मानेका अग्रज राजनीतिज्ञ । उहाँका सन्तुलित, तर्कयुक्त र विद्वत्तापूर्ण विचार सुन्न थालेपछि समय बितेको पत्तै नहुने । उहाँसँगका निजात्मक सम्बन्धका धेरै सन्दर्भहरू मेरा स्मृतिपटमा ताजै छन् । नेता

सूर्यप्रसाद उपाध्याय (सूर्यबाबु) सँग उहाँको घनिष्ठता र मेरो पनि उहाँसँग निकटता भएको कारणले श्रीकान्तजी सँग मेरो राम्रो परिचय र घनिष्ठ सम्बन्ध हुने माध्यम सूर्यबाबु हुनुहुन्थ्यो ।

श्रीकान्तजी मलाई राजनीतिमा सँधै गहकिला सुझाव, सल्लाह दिने गर्नुहुन्थ्यो । उहाँका विचारमा सूचना र ज्ञानको रसका साथै तार्किक र विश्लेषणात्मक चिन्तन धाराको संगम हुन्थ्यो । जनमत संग्रहपछि २०३८ सालको पञ्चायती आम चुनाव बालिग मताधिकारका आधारमा हुने भयो । नेपाली काँग्रेसभित्र चुनावमा भाग लिनुपर्छ भन्ने ठूलै जनमत थियो । पार्टीका अन्य नेताहरू द्विविधामा हुनुहुन्थ्यो । निर्वाचन पक्षीय आवाजको प्रतिनिधित्व गर्ने नेतामा सूर्यबाबु हुनुहुन्थ्यो । उहाँले मलाई पञ्चायती आम चुनावमा उम्मेद्वार हुन सल्लाह दिनुभयो । पछि चितवनमा भएको शीर्ष नेताहरूको बैठकमा चुनावलाई उपयोग गर्ने र पार्टीको निर्देशनमा रहेर काम गर्ने कार्यकर्तालाई चुनाव लड्न छूट दिने भन्ने भित्री निर्णय भएको कुरा २०४८ सालको आम चुनावको क्रममा तत्कालीन पार्टी सभापति तथा अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई (किसुनजी) ले आम सभामै बताउनु भएको थियो ।

सूर्यबाबुले बालिग मताधिकार अपनाए पछिको पञ्चायती आम चुनावमा भाग लिनुपर्छ भन्ने मान्यताका दुईवटा दृष्टान्त मलाई दिनुभएको थियो – १. बालिग मताधिकार लिएको पञ्चायत अब डाँडाको टुप्पामा यौटा ढुङ्गामा कमजोर सन्तुलनले अड्केको फुटबल जस्तो हो । ढुङ्गा झिकिदिना साथ पञ्चायत स्वतः बालिग मताधिकारको बाटोबाट बहुदलीय प्रजातन्त्रमा बिलाउँछ । २. कार्यकर्ताहरूले जनतामा जाने र विश्वास जित्ने बाटोलाई निरन्तर प्रयोग गर्नुपर्छ । पार्टीले विश्वास दिने र जनताले भोट दिने यस्तो प्रक्रियामा पहिचानको दम्भ र इतिहासको अहम् पालिराख्नु हुँदैन ।

मलाई त्यस चुनावमा भाग लिन उत्प्रेरित गर्ने श्रीकान्तजी पनि हुनुहुन्थ्यो । उहाँले माहुरीको उपमाका साथ सल्लाह दिनुभएको थियो, पार्टी कार्यकर्ता माहुरी जस्तै हुन् । ती रस खोज्दै हिँड्छन्, तर रस भएकै ठाउँमा मोहित भएर बस्दैनन्, रस बोकेर आफ्नै घारमा फर्किन्छन् । रस बटुल्ने सिलसिलामा ती फोहोर ठाउँमा पनि पुग्छन्, तर आफ्नो समूह र परिवारलाई कहिल्यै भुल्दैनन् । निष्ठावान् पार्टी कार्यकर्ताहरू जहाँ जाउन् तर उनीहरूले आफ्नो पार्टीलाई माया मार्दैनन् । त्यसैले माहुरीको संस्कार बोकेर हामीले पञ्चायती आम चुनावलाई उपयोग गर्न सक्नुपर्छ । २०४२ सालको सत्याग्रहको महत्व बारे प्रकाश पार्दै उहाँले भन्नुभएको थियो, राष्ट्रिय पञ्चायत भित्रै सत्याग्रह हुन पाएको भए त्यसको देश विदेशमा कत्रो महत्व हुने थियो !

श्रीकान्त दाईसँग जोडिएको इतिहासको एउटा रोचक प्रसंग पनि यहाँ उल्लेख गर्नु उचित हुन्छ । २०१५ सालका निर्वाचित सांसद श्रीकान्त अधिकारीले तत्कालीन प्रतिनिधि सभाको बैठकमा १८ साउन २०१७ मा एउटा संकल्प प्रस्ताव राख्नुभएको थियो - काठमाडौंलाई ग्रीष्मकालीन राजधानी र पोखरालाई शीत्कालीन राजधानीको रूपमा विकसित गरियोस् । यसको लागि हरेक वर्ष कार्तिक १ गतेदेखि माघ मसान्त सम्म काठमार्डौका केन्द्रीय सरकारी कार्यालयको कामकाज पोखराबाट गरियोस् । यसबारे समकालीन सांसदहरू बलबहादुर राई, राधाकृष्ण थारू, पृथ्वीराज कँडेल, खड्गबहादुर कार्की, दिलबहादुर बुढाथापा, नवराज जोशी, पुष्करनाथ शर्मा, गणेशकुमार शर्मा, मणिराम शास्त्री आदिले पूर्ण समर्थनमा बोलेका थिए । तर गृहमन्त्री सूर्यप्रसाद उपाध्यायको जोडदार विमति पछि यो प्रस्ताव थन्कियो ।

काँग्रेसमा सूर्यबाबु र श्रीकान्त दाइको धार

सूर्यप्रसाद उपाध्यायका राजनीतिक विचारधाराका सटीक व्याख्याताहरू मध्ये श्रीकान्तजी विशेष प्रभावकारी हुनुहुन्थ्यो । उहाँ प्रखर वक्ता र उच्चकोटीको लेखनशैलीका धनी हुनुहुन्थ्यो । २००७ सालको सशस्त्र क्रान्तिपछि व्यवस्था परिवर्तनको लागि शस्त्र उठाउनु पर्ने औचित्यमा सूर्यबाबुले कहिल्यै प्राथमिकता दिनुभएन । त्यसो त, कृष्णप्रसाद भट्टराई (किसुनजी) को आन्दोलनको प्रारूप पनि अहिंसात्मक, शान्तिपूर्ण र सत्याग्रह युक्त नै थियो ।

सूर्यबाबुको जोड देशभित्र विश्वासको वातावरण बनाउने कुरामा थियो । उहाँको भनाई थियो, राजदरबारले बहुदलीय प्रजातन्त्रको सुनिश्चितता दिनुपर्छ भने सिंहदरबारले संवैधानिक राजतन्त्रको सुनिश्चितता दिनुपर्छ । विश्वमा सुशिक्षित र विकसित देशमा जहाँसुकै राजतन्त्र र प्रजातन्त्र सँगसँगै चलेका उदाहरण छन् भने हामी कहाँ किन असम्भव हुने ? तर सशस्त्र क्रान्तिको बाटोमा लागेका काँग्रेस कार्यकर्ताहरूलाई सूर्यबाबुले उपेक्षा र असहयोग गर्नुभएन, समान रूपमा अभिभावकीय कदर गर्नुभयो ।

२०१९ सालमा पञ्चायती व्यवस्थाले पहिलो राष्ट्रिय बुद्धिजीवी सम्मेलनको आयोजना गऱ्यो । वास्तवमा सूर्यबाबुको सुझाव अनुसार नै राजा महेन्द्रले यो कार्यक्रमको आयोजना गरेका थिए । त्यस सम्मेलनमा सूर्यबाबुको भाषणमा उहाँको प्रतिभा, उच्च बौद्धिक क्षमता र सहज चाणक्यीय कौशल प्रस्तुत भएको थियो । त्यस भाषणमा उहाँले देशवासीलाई 'राष्ट्रिय' र 'अराष्ट्रिय' भनेर सत्ताले नै विभाजनकारी व्यवहार गर्ने हो भने नेपाली राष्ट्रियता कदापि सबल र सक्षम हुन पाउँदैन । राजनीतिक विचारधारा बोकेकै आधारमा कसैलाई जेलमा वा निर्वासनमा पठाउने र एकथरिलाई मात्र देशभित्र स्वतन्त्रता मिल्ने हो भने देश र समाजले कहिल्यै वाञ्छित शान्ति पाउँदैन । सात सय वर्षको अभ्यास र अनुभवले टिकेको संसदीय प्रजातन्त्रलाई नेपालले डेड वर्षको प्रयोगको आधारमा अफाप प्रमाणित गर्न सक्दैन । २०१७ सालको कदम यदि प्रजातन्त्रको विरुद्ध थिएन भने पञ्चातले प्रजातन्त्रका सम्पूर्ण विशेषता बोकेको देखाउन सक्नुपर्छ ।

सूर्यबाबुको राजनीतिक धारको उच्च प्रयोजन बुझेका श्रीकान्त अधिकारीले आफ्नो जीवनभरि, खासगरी २०१७ सालपछि सूर्यबाबुकै विचारधारालाई सम्पोषण दिनमा आफ्नो बौद्धिक क्षमता लगाउनु भयो । जनमत संग्रहपछि सूर्यबाबुले 'प्रसारण' साप्ताहिक को स्थापना गरेर काँग्रेसको वैचारिक अभियानलाई गति दिनुभएको थियो । 'प्रशारण' को सम्पादकीय सूर्यबाबु स्वयं लेख्नुहुन्थ्यो, जसको उच्च राजनीतिक र तत्कालीन सत्ता वृत्तमा विशेष महत्व राख्दथ्यो । यो अभियानका प्रखर अभियन्ता श्रीकान्तजी नै हुनुहुन्थ्यो । धर्मपत्नी गायत्री (भाउजू) पनि वैचारिक अभियानका सक्रिय सहयोगी हुनुहुन्थ्यो । बागबजारमा स्थापित कार्यालयमा सूर्यबाबु आउने गर्नुहुन्थ्यो ।

प्रजातन्त्रका सेनानी, नेपाली काँग्रेसका नेता, २०१५ सालको आम निर्वाचनका सांसद, लेखक, विश्लेषक श्रद्धेय दाइ श्रीकान्त अधिकारीको २०६९ साल भाइटीका (कार्तिक ३० गते) हृदयाघात भई दुःखद निधनको समाचार अलिक ढिलो पाएँ । सूचना दिनेले त्यो दिनको भाइटीका बिथोल्नु हुँदैन भन्ने सोच राखेको बुझियो । श्रीकान्त जस्ता 'आँखामा हाल्दा पनि नबिझाउने' व्यक्तित्वको पनि निधन हुन्छ र, भन्ने प्रतीयमान भ्रम भयो नै । तै पनि मृत्युलाई मानिसको अन्तिम सत्यका रूपमा मान्नैपर्छ । ८४ वर्षको उमेरमा उहाँ संसारबाट बिदा हुनुभयो । यिनै शब्दका साथ उहाँप्रति हार्दिक श्रद्धाञ्जलि ।

मिति : २०८०/१२/१६ शुक्रबार
Email : arjunnkc@gmail.com

नेपालको राजनैतिक अस्थिरताले शिक्षाको गुणस्तरमा गिरावट



• इन्द्रविलास घिमिरे

राज्यको चौतर्फी विकासमा शिक्षाले प्रभाव पारेको हुन्छ । कुनै पनि राज्यको विकासमा त्यस राज्यको शिक्षा नीतिको प्रमुख भूमिका रहेको हुन्छ । नेपाल यस्तो एउटा विकासन्मूख राज्य हो । यस राज्यको विद्यालयदेखि विश्वविद्यालय सम्मको अदूरदर्शी शिक्षा नीतिको कारणले विकास पनि कछुवाको गतिमा रहेको छ । विद्यालयको आधारभूत तह देखि नागरिकमा विकास हुनु पर्ने बानी व्यवहार आचार, नैतिकता र अनुशासनका विषयमा ध्यान दिने गरेको देखिदैन । प्रस्तुत विषयमा गुरुका रुपमा प्रस्तुत हुने केही व्यक्तिमा पनि अभाव रहेको देखिन्छ । जसको परिणम बालबालिकामा पनि समाजमा अपाच्य बानी व्यवहार यदा कदा विद्यालयबाट नै विकास भएको देखिन्छ । बालकले विद्यालयमा जे सिक्छ, त्यो शब्द र बानी व्यवहार आफ्नो घरमा पनि प्रयोग गर्ने गर्दछ । तसर्थ विद्यालय र समाजबाट सिकेका विषयले उसको जीवनको भविष्य कस्तो बन्नेछ ? अविभावकले कस्तो आशा गर्ने ? कतिपय विद्यालयका कक्षा कोठामा आज पनि शिक्षण सिकाइ र मूल्याङ्कन प्रकृया छ दशक पुराना प्रयोग भएको देखिन्छ । आजको समाज र विश्व परिवेसको माग केहो ? आउँदो दशकको माग के कस्तो हुन सक्छ ? मानव समाजमा प्रविधि ले के कस्तो प्रभाव पारेको छ ? आदि विषयलाई ध्यान दिएर पाठ्यक्रम तयार गर्ने र उक्त पाठ्यक्रको आधारमा विद्यार्थीको उमेर, रुची, क्षमता समाज र राज्यको आवस्यकता अनुसार अन्त राष्ट्रिय क्षेत्रको शिक्षाको अध्ययन गरी विश्व बजारमा खपत हुनसकने किसिमको विद्यालय देखि विश्वविद्यालय सम्म प्रदान गर्ने शिक्षाको पाठ्यक्रममा व्यापक परिवर्तन गर्नुपर्दछ ।

प्रजातन्त्रको उदयपश्चात् नेपालका गाउँ गाउँमा विद्यालय खुल्ने क्रम सुरु भयो । त्यस समय सम्म आफ्ना बालबालिकालाई विद्यालय पठाउनु पर्छ र शिक्षित गराउनु पर्छ भन्ने विषयमा चेतना भएको अवस्ता थिएन । शिक्षामा गरेको लगानीको प्रतिफल धेरै समय पछि मात्र प्राप्त हुने र खेत वारीमा काम गर्दा वा पशुवस्तुको गोठालो वा भाइ बहिनीको धरालो हुँदा तत्काल फायदा हुने देखेर बालबालिका लाई विद्यालय पठाउनु पर्छ भन्ने विषयमा बहस गर्नुपर्ने अवस्था थियो ।

शिक्षाको अर्थ र महत्व :- विश्वका विभिन्न शिक्षा विद् र दार्शनिकहरूले शिक्षा संबन्धित विषयमा केही परिभाषा दिएका छन् ।

- 'Happy teacher Change the world' (खुसी भएको शिक्षकले विश्वलाई परिवर्तन गर्न सक्छ) ।
- 'Education Plays a crucial role in individuals development, personal growth and shaping the future'(शिक्षाले व्यक्तिको व्यक्तिगत विकास र वृद्धिगर्नुको साथै सुरक्षित भविष्य निर्माणमा गहन भूमिका खेलेको हुन्छ) ।

- 'The child brain is like a ball of String that the teacher should help to link wind' (शिशुको दिमाग रबरको बल जस्तै हुन्छ, तसर्थ त्यसलाई शिक्षकले हावासंग संबन्ध स्थापित गर्न सक्छन्)।
- (There are several educational opportunities within the rich resources of your local community) तपाइको स्थानीय समुदाय नै शैक्षिक स्रोतको धनी भएको हुनाले त्यसलाई नै शिक्षाको अवसरका रुपमा प्रयोग गर्न सक्नु हुन्छ ।
- (You will wants to discuss with your student their goals and career prospects) तपाईका विद्यार्थीको भविष्यको लक्ष सुनिश्चितताको संभावनाका संबन्धमा छलफल गर्नु होला । नेपालका सामुदायिक विद्यालयको वर्तमान अवस्था (Present Situation in Communities School in Nepal) ।

वर्तमान अवस्थामा नेपालका सुगमदेखि दूर्गम जिल्लासम्मका प्रायःसबै सामुदायिक विद्यालयका भवन पक्की छन्, खेल्ने मैदाम, कक्षा कोठा, कार्यालय कोठा, फर्निचर, व्यवस्थित चर्पी लगायत भौतिक संरचना सम्पन्न देखिन्छ । प्राय अधिकास विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, पाठ्य पुस्तक, शिक्षण सहयोगी सामग्री लगायतका साधन र स्रोत पनि उपलब्ध भएको देखिन्छ । छात्र छात्राको छुट्टा छुट्टै सुरक्षित चर्पी छात्राको लागि आवस्यक सेनिटाइजर, खानेपानी, सीमान्तीकृत र आर्थिक विपन्न अवस्थाका छात्रछात्रा लाई छात्र वृत्ती र राज्यका केही पालिकाले दिवा खाजाको व्यवस्था पनि गरेका छन् ।

विद्यालयमा शिक्षण गर्ने संपूर्ण शिक्षक सङख्याको ९८५भन्दा बढी शिक्षक तालिम प्राप्त छन् । प्रत्येक चौमासिक रुपमा शिक्षकको तलव भत्ता पनि पालिकाले निकासा गरेको हुन्छ । खाइ पाइ आएको मासिक तलवको आधारमा सञ्चयकोष शिक्षकको खातामा जम्मा भएको हुन्छ । प्रत्येक वर्षमा शिक्षकको क्षमताको आधारमा बढुवा हुने व्यवस्था पनि शिक्षा नियमावलीमा व्यवस्था भएको छ । नियमानुसार शिक्षक विद्यार्थी कक्षामा उपस्थित भएको अभिलेखमा उल्लेख भएको छ ।

विद्यालयका सम्पूर्ण भौतिक पक्ष सबल हुँदा हुँदै पनि बालबालिको शिक्षण सिकाइ उपलब्धिको मूल्याङकन र लेखा जोखा गर्दा, शिक्षाको गुणस्तर खस्कंदो अवस्थामा देखिन्छ । शिक्षाको गुणस्तरको पक्षलाई लिएर विद्यार्थी, अविभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षण गर्ने र मूलयाङ्कन गर्ने शिक्षक स्वयं पनि सिकाइ उपलब्धिप्रति असन्तोष र दुःख व्यक्त गर्दछन् । विद्यालयमा भएको शिक्षण सिकाइको उपलब्धिको लेखाजोखा गर्दा सरोकार वाला कोही कसैको पनि चित्त बुझेको छैन । समुदायका संपूर्ण नागरिकको एउटै आवाज सुनिन्छ विद्यालयको पठन पाठन र शिक्षण सिकाइ किन गिर्दो अवस्थामा छ ? आजका बालबालिका भविष्यका कर्णाधारका दिनहरू अन्धकार हुने देखिन्छ । विद्यालयमा अध्ययन गर्ने ,बालबालिकामा चिन्तन गर्ने सोचेर लेख्ने बानि नै विकास भएको छैन ,गहन अध्ययन गर्ने सोचेर लेख्ने बानीको विकास गर्नु पर्ने देखिन्छ । तल्लो कक्षा देखि नै माथिल्लो कक्षामा पुग्दा सम्म विद्यार्थीमा पुस्तक पढ्न र कपी कलम जोड्न ज्यादै कठिन महसुस भएको देखिन्छ ।

कक्षामा नियमित उपस्थित भएर वर्ष पुरा गरे पछि जान्नु र नजान्नुसँग कुनै सवाल देखिदैन । पढ्न लेखन सक्दैन तर पनि असफल हुने चलन छैन । लेख्न र पढन असक्षम बालबालिका त कक्षा चढ्न नपाउने होइन र ? तर वर्तमान शिक्षा प्रणलीले वर्ष भरी कक्षामा उपस्थित भए पछि बालबालिकाहरू कक्षा चढेकै हुन्छन् । नियमित उपस्थित हुने कुनै पनि बालबालिका असफल हुने संभावना नै हुँदैन । तर शिक्षकलाई उपल्लो कक्षामा

कसरी उकाल्ने भन्ने समस्या भएको देखिन्छ ।स्वयं अविभावक आश्चर्य चकित भएका हुन्छन् ,नसिकेर नै बालक कसरी उपल्लो कक्षामा चढ्दै छ ?

पाठ्यक्रले निश्चित गरेका विषमा पनि लेख्न र पढ्न असफल विद्यार्थीलाई पनि किन कक्षा चढाउने भन्दा वर्षभरी कक्षामा वसेको विद्यार्थीलाई उही कक्षामा किन र कसरी राख्ने भनेर कक्षा चढाउँदै जाँदा लेख्न पढ्न नसक्ने विद्यार्थी पनि दस कक्षामा पुग्ने भयो । सोच विचार गर्नु होस ? अब कमजोर विद्यार्थीका अविभाकले आफ्नो बालकको भविष्यमा के कस्तो आशा गर्ने? कमजोर बालबालिकाको भविष्य कस्तो रहला? अब, त्यस अवस्थाका वालबालिकाले भविष्यमा के गरी खालान्? सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका यस किसिमका अनन्त समस्याहरू छन् ।

प्रस्तुत विषयमा जिम्बेवार रहेका नेपाल सरकार शिक्षा र प्रविधि मन्त्रालय अन्तरगतका सरोकार वाला निकायहरूले के सोच बनाएका होलान् ? यस विषयमा अविभावक पनि कानमा तेल राखेर बसेको देखिन्छ । राज्यको शिक्षा हेर्ने र मूल्याङ्कन गर्ने प्रमुख संघीय सरकार देखि स्थानीय तह सम्म काम गर्ने प्रमुख निकायहरू के भन्दछन् ? विद्यालयमा अध्ययन गर्ने बालबालिकाको विषयमा सन्तोष व्यक्त गर्नुको अलावा गुनासो गर्ने र दुःखेसो व्यक्त गर्नेको सङख्या समुदायमा प्रसस्त देखिन्छ । तर गुनासो सुनाउने र दुःखेसो व्यक्त गर्ने निकाय कहीं छैन ।

विद्यालय व्यवस्थापन र मूल्याङ्कनमा समस्या :

विद्यालयमा शिक्षक दरबन्दी, केही पालिकाले छात्रछात्रालाई दिवा खाजा, विद्यालय आउन जान बसको व्यवस्था समेत गरेको छ । जे जति विद्यालयका विभिन्न कार्यमा बजेट खर्च भएको छ, वास्तवमा छात्रछात्राको सिकाइ उपलब्धिमा वृद्धिगर्नका लागि भएको हो । तर छात्रछात्राको सिकाइ उपलब्धिमा प्रगति अलवा गिर्दो अवस्था देखन्छ । त्यो केवल बाहिर देखिने तडक भडक मात्र हन गएको छ । स्थानीय पालिकाले विद्यालयका विभिन्न तहमा अध्ययन गर्ने छात्रछात्राको सिकाइ उपलब्धिमा गुणस्तर वृद्धिका लागि विभिन्न प्रयासहरू नभएका होइनन् । तर पनि कक्षा कोठा भित्र पठन-पाठन र शिक्षण सिकाइ के कस्तो भएको छ ? छात्रछात्राको आन्तरिक र बाह्य मूल्याङ्कन के कसरी गरिएको छ? भन्ने विषयमा समय समयमा लेखा जोखा गर्ने निकाय विद्यालय प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र गाउँ वा नगर शिक्षा समिति हो । उक्त निकायले के कति कसरी निगरानी गरेको छ ? विद्यालयका संपूर्ण भौतिक संरचनाको लेखा जोखा मूल्याङ्कन गरेबो हुन्छ । तर छात्रछात्राको सिकाइ उपलब्धि संबन्धमा गहन अध्ययन गरी त्यसको लेखा जोखा भएको अवस्था छैन । बालकले के सिक्यो र के सिक्न सकेन ? कति सिक्नुपर्ने थियो ? किन सिकेन भन्ने विषयमा चासो दिएर निगरानी गर्ने निकाएले नगरेको देखिन्छ । छात्रछात्रा सिकाइमा किन पछि परेका छन् ? भनेर नियालेर गहन रुपमा हेर्ने कुनै पनि जिम्बेवार निकाय देखिएन । नत अविभावकमा नै आफ्ना बालबालिकाले के सिक्यो कति सिक्यो भनेर मूल्याङ्कन गर्ने क्षमता विकास भएको छ ?

विद्यालयदेखि विश्वविद्यालयसम्म नेपालको राजनीतिले गहिरो जरा गाडेको छ । त्यस विषयमा प्रत्येक्ष वा अप्रत्येक्ष नेपाल सरकारले पनि स्वीकारेको अवस्था छ । विद्यालयमा व्यवस्थापन समिति गठन गर्दा वा प्रधनाध्यापक नियुक्त गर्दा विभिन्न पार्टीका आधारमा भाग बण्डा भएको हुन्छ । शिक्षक सेवा आयोग पास गरेका शिक्षकलाई विषय मिलाएर विद्यालयमा सिफारिस गर्दा पनि विविध पार्टीको आरोप प्रत्यारोप लागेको देखिन्छ ।

विद्यालयमा सामान्य भन्दा सामान्य सुविधा आउँदा पनि राजनीति रङ लागेको हुन्छ । राजनीतिको रङग लागेका कारण छोटो अवधिको तालिम सम्म लिने अवसर नपाएको शिक्षकको गुनासो सुनिन्छ ।

विश्वविद्यालयका कलेजमा भनै चर्को राजनीति भएको हुन्छ । विश्वविद्यालयमा नियुक्त हुने पदाधिकारी नै राजनीति भागबण्डाका आधारमा भएका हुन्छन् । राजनीतिले यति सम्म जरा गाडेको छ कि जरामा मल जल गर्ने नेपाल सरकार नै हो । विश्वविद्यालयको उपकुलपति, शिक्षाध्यक्ष र रजिष्टार फरक पार्टीका झोलेहरूबाट छनोट गरिन्छ । विश्वविद्यालयमा आयोगका पदाधिकारी, डिनहरू, क्याम्पस चिफ लगायतका पदाधिकारी पनि पार्टीको भागबण्डाकै आधारमा नियुक्त भएका हुन्छन् । प्रत्येक शिक्षक र प्रध्यापकले कुनै न कुनै पार्टीको सदस्यता लिएका हुन्छन् । वर्तमान शिक्षा मन्त्रीले शिक्षक र प्रध्यापकले कुनै पनि राजनैतिक पार्टीको सदस्यता लिन नमिल्ने शिक्षा नियममा उल्लेख भएको कारण अब आयन्दा कुनै शिक्षक प्रध्यापकले शिक्षण पेसामा रहेर पार्टीको सदस्यता लिन नपाउने भन्दा शिक्षक र प्रध्यापकमा भूकम्प गएको छ । शिक्षण पेसा छाड्नेकी पार्टीको सदस्यता त्याग्ने भन्ने अवस्था आएको छ । विद्यालयदेखि विश्वविद्यालय सम्मको शिक्षा राजनीतिकै कारणले धारासाईं हुँदा पनि, शिक्षक प्रध्यापकहरू राजनीति गर्न पाउनु पर्छ भन्दै छन् । शिक्षामा यति ठूलो ह्रास आएर समस्या खडा हुनुको प्रमुख कारण नै राजनीति हो ।

प्राध्यापक र शिक्षक नेताको झोले भएर हिडे पछि विद्यार्थीलाई किन सिकाउनु पऱ्यो । सञ्चारका माध्यमले दिएको खबर अनुसार शिक्षकमा नियुक्त भएको विसौं वर्ष सम्म विद्यालयमा नै नगै कन तलब भत्ता बुझ्ने र समय अगाबै प्रमोसन भएका शिक्षकलाई पनि राज्यले पालेको छ । कुनै पनि विद्यालयमा शिक्षक करारमा नियुक्त गर्नु पर्दा त्यसमा ज्यादै ठूलो राजनीतिको हावा लागेको हुन्छ । विद्यालयमा विषयगत शिक्षक र दरबन्दी मिलान गर्दा पनि राजनीतिको हावाले पालिकका हल्लाएको हुन्छ । स्थनीय सरकार पालिकामा पूर्ण अधिकार छ भनिन्छ, तर शक्ति सवै संघीय सरकारमा रहेको देखिन्छ । स्थानीय निकाय पालिकालाई काम गर्न निकै असजिलो भएको गुनासो सुनिन्छ ।

विद्यालयदेखि विश्वविद्यालय सम्म शिक्षामा सुधारका उपाएहरू :

- सामुदायिक विद्यालय शिक्षा सुधारकालागि विद्यालय, काम्पस र विश्वविद्यालयमा पनि पूर्ण रूपमा राजनीतिबाट मुक्त तुल्याउनुपर्ने हुन्छ ।
- विद्यालय भित्र स्वच्छ शैक्षिक वातावरण कायम भएको हुनु पर्छ । प्रधानाध्यापक, शिक्षक विद्यार्थी, अविभाक बिचमा सुमधुर स्वच्छ वातावरणको सम्बन्ध कायम भएको हुनुपर्छ ।
- विद्यालयका प्रधानाध्यापक, शिक्षक र विश्वविद्यालयका पदाधिकारी र प्रध्यापक विद्यालय वा विश्व विद्यालयको गेटबाट प्रवेश गर्दा नै आफ्नो पद र संस्था प्रति बफादार हुनुपर्छ ।
- प्राध्यापक र शिक्षक आफूले शिक्षण गर्ने विषयमा संधै अध्ययन, अनुसन्धान र खोजी गर्ने लेख्ने र प्रकाशन गर्ने काममा ध्यान केन्द्रित भएको हुनुपर्छ ।
- विद्यार्थीलाई निरन्तर कक्षाकोठामा कोचेर राख्नुको अलावा विद्यालय बाहिर खुला स्थानमा शिक्षण गर्ने परिपाटीको विकास गर्नु पर्दछ । पाठ्यक्रका अनुसार विभिन्न विषय शिक्षण गर्नु पर्दा, गरेर सिक्ने, खेलेर सिक्ने , अवलोकन गरेर सिक्ने बानिको विकास गराउनु पर्नेहुन्छ ।
- कक्षाका सवै विद्यार्थीलाई सिकाइमा सक्षम तुल्याउन सिकाइमा पछि परेका विद्यार्थीलाई विशेष अवसर

प्रदान गरी सिकाइमा अगाडि ल्याउनका लागि (The No child left behind) भन्ने स्लोगन लाई सार्थक बनाउन प्रयासगर्ने ।

- The child is the book which the teacher has to read from page to page अर्थ शिक्षक प्रत्येक विद्यार्थीको सबै पक्षमा गहन अध्ययन गरी शिक्षण गर्ने क्षमता विकास भएको हुनुपर्छ ।
- शिक्षाविद् भन्ने गर्दछन् (Television is an enemy of good education) बालबालिका लाई टि.भि.र मोबाइल शिक्षाका सत्रु हुन् । त्यस कारण गहन अध्ययनमा त्यसले ठूलो नोक्सान पुऱ्याएको हुन्छ ।
- शिक्षण सिमकाइको अवसरमा विद्यार्थीबीचमा 'Educational therapy' शैक्षिक चिकित्सा र 'Mindset in class room' भन्ने विषयमा सक्षम र क्षमता शिक्षकमा विकास भएको हुनुपर्छ ।
- कुनै पनि विषयमा उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षकलाई विद्यालयले पुरस्कारको व्यवस्था र ज्यादै न्यून नतिजा ल्याउने शिक्षकलाई ग्रेढ र प्रमोसन रोक्न सक्ने व्यवस्था पनि गर्नु पर्नेहुन्छ ।
- विद्यार्थी कमजोर हुनु भनेको नै शिक्षकको असक्षमता प्रदर्शन भएको हुन्छ भन्ने छ । सबल र सक्षम शिक्षकले विद्यार्थीलाई पनि सबल र सक्षम बनाएको हुन्छ ।

धन्यवाद

उच्च शिक्षाका निम्ति नेपाली विद्यार्थीहरूको बहिर्गमन : मूलकारण र सम्बोधनका उपायहरू



• इश्वरीप्रसाद शर्मा

मानव सभ्यताको इतिहास अध्ययन गर्ने हो भने सरल जीवन र रोजगारीका निम्ति बसाँई-सराई गर्ने क्रम परापूर्वकाल देखि चलिआएको देखिन्छ । यो क्रम कृषिमा आधारित जीवन शुरू भएपछि कम हुन गयो र मानिसहरू साधारणतया एकै ठाउँमा बस्न थाले । यो जीवन नै समुदाय र राष्ट्र निर्माणको जग भएको कुरा मानव- शास्त्रीहरू बताउँछन् । सरल जीवनका उपायहरू हुँदा हुँदै पनि धन, इज्जत र आफ्नो प्रभुत्व जमाउने होडमा नयाँ अवसरहरू खोज्दै बसाँई सर्ने प्रवृत्ति मानव सभ्यताको विकास सँगै अरु वढ्दै गयो । यो अवस्थालाई नेपाली समाजको पनि सामान्य रूपमा अंगीकार गरेको कुरा हाम्रा पूर्वजहरू एकपछि अर्को ठाँउमा बस्दै आएको पुष्टी गर्दछ ।

हाम्रो देशको आन्तरिक र बाह्य दुवै बसाँई सराईको प्रकृतिलाई विश्लेषण गऱ्यो भने पनि हाम्रा पुर्खाहरू सिंचाइको सुविधायुक्त खेतीयोग्य जमिन, पानी र वन जंगलको पायक र सुरक्षाका हिसावले पनि उत्कृष्ठ ठाउँहरू खोज्दै हिँडेको हाम्रो इतिहासले देखाउँछ । अलि टाढाबाट नेपालीहरू अध्ययन र रोजगारीका निम्ति भारततर्फ लाग्ने प्रचलन सामान्य नै थियो । यो क्रम विस्तारै बढ्दै गई युवाहरू शिक्षा र रोजगारीका निम्ति भारत बाहेक अन्य मुलुकमा समेत जान थाले । अहिले आएर नेपाली युवाहरू शिक्षाका निम्ति बाहिर जाने चलन स्थापित भइसकेको छ । विश्व-ग्राम (Global village) को जमानामा कुनै पनि देशको नागरिक अर्को मुलुकमा जान सक्छ भन्ने कुरा विकसित देशका युवाहरू समेत शिक्षा र रोजगारीका निम्ति आफ्नो इच्छा अनुसारको अर्को मुलुकमा आवत जावत गरेको कुराले पुष्टी गर्दछ । यसरी हेर्ने हो भने नेपाली युवाहरू शिक्षाका निम्ति विदेशिने कुरा चासो र छलफलको विषय नै बन्दैन । यद्यपि लाखौं युवाहरू हरेक वर्ष शिक्षा र रोजगारिका निम्ति बाहिरिने र सम्भव भएसम्म अन्यत्रै स्थायी रूपमा बसाँई सराई गर्न थालेको अवस्थामा हाम्रो मुलुक निकट भविष्य मै वृद्धाश्रम जस्तो बन्न जाने देखिन्छ । यो स्थिति हाम्रा निम्ति गम्भीर चासोको विषय हो ।

यही सन्दर्भको सेरोफेरोमा रही यस लेखमा रोजगारी र अन्य कारणले विदेशिने भन्दा उच्च शिक्षाका निम्ति युवाहरू बाहिरिनुको कारण पहिचान गर्ने कोशिश गरिएको छ र यो स्थितिलाई सम्बोधन गर्ने उपायहरू बारे समेत छलफल गरिनेछ । जसले राजनीतिकर्मी तथा नीति निर्मातालाई कसरी राज्य भित्रै युवाहरूलाई अड्याउने रोजगारी कसरी सृजना गर्ने जस्ता विषयलाई यसमा विवेचना गर्न लागिएको छ । राजनीति नै सर्व नीति हो राजनीति मै दूर दृष्टि भएन भने अन्य कुरा गौण हुन जान्छ ।

नेपाली युवाहरू शिक्षाका निम्ति विदेशिनुका मूल कारणहरू :

१. मुलुकको सामाजिक- सांस्कृतिक र आर्थिक अवस्था (Socio–Cultural and Economic Context) **र जनमानसको सोचाई.**

हाम्रो प्राचीन सभ्यता, सामाजिक र साँस्कृतिक विकास र शैक्षिक जागरणको अवस्था नियाल्दा यो क्रम छिमेकी मुलुक भारत भन्दा नेपालमा पछि शुरू-हुन पुग्यो, जसका कारण हाम्रा पुर्खाहरू उच्च शिक्षाका निम्ति बनारस, गोरखपुर, पटना, लखनउ या देहरादून जस्ता भारतीय शहरहरूमा जानु पर्दथ्यो । आधुनिक शिक्षा प्रदान गर्ने थुप्रै प्रतिष्ठानहरू भारतमा स्थापना भएको र हाम्रो देश पछि आएर पटना विश्वविद्यालयको सम्वन्धनमा नेपालमा सन् १९१८ मा पहिलो महाविद्यालय त्रि-चन्द्र कलेजको स्थापना भयो । देश भित्रै विश्वविद्यालयको आवश्यकता महसुस भएपछि सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । यो विश्वविद्यालयको स्थापना पश्चात् पनि आवश्यक उच्चस्तरको प्राविधिक प्रशासनिक जनशक्ति तयार पार्न सम्भव नभएकोले नेपाली युवाहरू विदेशिने क्रम रही रह्यो ।

वि सं २०४६ को जनआन्दोलन र वहुदलीय व्यवस्थाको पुर्नबहाली पछि तीव्र रूपमा भएको शैक्षिक जागरणले नीति निर्माताहरूलाई यो महसुस गरायो कि देशको एकमात्र विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले युवाहरूको रूचि र क्षमता अनुसार एवं देशको आवश्यकता अनुसारको जनशक्ति तयार पार्न सकेन, फलस्वरूप क्रमशः नीजि गुठीको रूपमा गुणस्तरीय प्राविधिक र व्यवस्थापकीय जनशक्ति तयार पार्न विज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन र मानविकी, संकाय संचालन गरी काठमाडौ विश्वविद्यालयको स्थापना भयो । यसपछि विभिन्न स्वरुप र संरचनामा आधारित नेपाल संस्कृत विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, कृषि विश्वविद्यालय (रामपुर), वी.पी. मेमोरियल चिकित्साशास्त्र अध्ययन संस्थान, राष्ट्रिय चिकित्साशास्त्र प्रतिष्ठान (वीर अस्पताल) पाटन चिकित्साशास्त्र प्रतिष्ठान, गौतमबुद्ध विश्वविद्यालय, आदिको स्थापना गरियो । यसका अतिरिक नीजि क्षेत्रका संचालित थुप्रै क्याम्पसहरूले विदेशी विश्वविद्यालय सँगको सम्बन्धन र सहकार्यमा युवाहरू केन्द्रित एक्काइसौं शताब्दीका निम्ती देश भित्र र बाहिर आवश्यक जनशक्ति तयार पार्न स्नातक र स्नातकोत्तर तहको थुप्रै कार्यक्रमहरू शुरू गरे ।

एकातर्फ देशभित्रै उच्चशिक्षा प्रदान गर्ने प्रशस्त शैक्षिक प्रतिष्ठान संचालनमा छन् भने अर्को तर्फ उच्च शिक्षाका निम्ति मुलुक बाहिरिने युवाहरूको संख्या पनि बढ्दो छ । उच्च शिक्षाको ७६%. भार थेग्ने माउ विश्वविद्यालय त्रि.वि. ले केही संकायहरूमा विद्यार्थीहरू पाई रहेको छैन भने अर्कोतर्फ सोही संकायमा अध्ययन गर्न थुप्रै नेपालीहरू विदेशिने अवस्था छ । यसो हुनुका गलत राजनैतिक हस्तक्षेपका कारण त्रि.वि. का. शैक्षिक कर्यक्रमहरू (पठन-पाठन, मूल्याङ्कन पद्धति, नतिजा प्रकाशन, आदि) समयमा संचालन नहुने र गुणस्तरमा ह्रास आउँदै गएकाले यो विश्वविद्यालय विद्यार्थी र अभिभावकहरूको प्राथमिकतामा पर्न छाड्यो भन्ने जनमानस र रोजागारदातामा पनि त्रि.वि. दीक्षित व्यक्तिहरू सीप प्राप्त र पेशागत निष्ठा भन्दा पनि राजनीतिक क्रियाकलाप प्रति प्रेरित हुन्छन् भन्ने भान पर्न गयो । अरू विश्वविद्यालयहरूमा थोरै जनशक्ति, सिमित कार्यक्रम र स्रोत अभावका कारण युवाहरूको चाहना र आवश्यकता अनुसारका कार्यक्रम संचालन गर्ने सम्भावना रहेन भने एकाध विश्वविद्यालय बाहेक सबैको अवस्था त्रि.वि. को जस्तै हुन पुग्यो । विस्तारै अभिभावक जनमानसका पनि विदेशी

डिग्री प्राप्त युवाहरूलाई बढी पत्यार गर्ने र रोजगारीका अवसरमा उनीहरूले प्रथमिकता पाउने जस्तो देखिएकाले सम्भव भए सम्म नेपाली युवायुवतीहरू भर्ना पाए सम्म विदेशी विश्वविद्यालय अध्ययन गर्न जाने भए ।

२. राजनैतिक अस्थिरता र दुरावस्था

बहुसंख्यक जनमानसमा यो सोचाई थियो कि २०४६ को जन आन्दोलन पश्चात् आएको राजनैतिक परिवर्तनले मुलुकलाई आर्थिक रूपले समुन्नत बनाउने छ, र देशमा राजनैतिक स्थिरता आउँने छ । सरकारका सबै निकायहरू सुशासनका सुनिश्चितता हुनेछ । बहुदलीय व्यवस्था पुनर्वहालीका सुरुवाती दिनहरूमा लिइएको खुला आर्थिक नीतिले देश र जनताको विकासमा सकारात्मक योगदान पुऱ्याएको भएता पनि यसको केही वर्ष भित्रै राजनैतिक वेथिती शुरू हुन पुग्यो । सत्तामा पुगेका अधिकारीले आस्थाको भरमा भेदभाव र बदलाको व्यवहार गर्न थाले । सत्ता टिकाउन र पदमा रही रहन अनेकौं प्रपञ्च रच्न थालियो । फलस्वरुप देश आन्तरिक द्वन्दमा फँस्यो । वि.सं. २०५४ मा सुरु भएको यो द्वन्दले मुलुकको समग्र विकासलाई पछाडि धकेल्ने मात्र गरेन कि नेपाली समाजको गर्व गर्न लायक सामाजिक सद्भाव र एकतालाई नकारात्मक प्रभाव पान्यो । यसको परिणाम मुलुकभरी नै असुरक्षाको वातावरण पैदा भयो ।

सकारात्मक पक्ष नै भन्नु पर्छ कि २०६२/६३ को आन्दोलनले आन्तरिक द्वन्द समाधान गरी योद्धा समूहलाई पनि राजनीतिको मूलधारमा आउन मद्धत पुऱ्याएकाले देशमा मार्ने र मारिने स्थितिको अन्त्य भयो तर यसले पनि राजनैतिक स्थिरता ल्याउन चाहीं सकेन । यो लामो समय त्याग गरी देशमा सकारात्मक परिवर्तन ल्याउन लागि परेका भनिएका नेताहरूमा समर्पण भाव सहित के मुलुक र जनताको समग्र हित र विकासमा लाग्नेछन् भन्ने सोचाईका बावजुद उनीहरूमा सत्ता लोलुपता र अधिकारको दुरुपयोग खुलेआम हुन पुग्यो । कुनै पनि राष्ट्रिय स्तरका राजनैतिक पार्टीहरूमा निष्ठा र सिद्धान्तको अनुशरण गर्ने संस्कार देखिएन । परिणामस्वरुप कुनै पनि पार्टीले तोकिएको अवधि भर सत्तामा टिक्न सकेन । यसल गर्दा राजनैतिक अस्थिरताको वातावरण समाप्त हुन सकेन । यो अस्थिरता यो अर्को परिणाम यो देखियो की धेरै जसो विश्वविद्यालय लगायत अन्य सघं संस्था र सरकारी निकायमा योग्य व्यक्ति भन्दा आफन्त र समान राजनैतिक आस्था बोकेका व्यक्तिहरू नियुक्त हुन पुगे । पेशागत निष्ठा र जवाफदेहिताको खडेरी पर्न थालेको कुरा स्पष्ट देखा पर्न थाले ।

नैतिक र प्राज्ञिक या पेशागत धरातल कमजोर भएका व्यक्तिहरू पनि आर्थिक लेनदेनका भरमा नियुक्त गर्न थालिएको कुरा पनि समाजमा व्याप्त हुन थाल्यो । देशको हालत यस्तो देखेपछि बौदिक र आर्थिक रुपले प्रवल सम्भावना भएका युवाहरूको प्राथमिकतामा विदेशी विश्वविद्यालयहरू पर्न थाले । उनीहरूले यो देखे कि विदेशी विश्वविद्यालयमा भर्ना भएको अवस्थामा समयमै कोर्स पूरा हुने र गुणस्तरीय शिक्षा प्राप्तिका साथ रोजगारीको प्रत्याभूति हुने रहेछ । यो अवस्था देखेपछि पहिले विदेश लागेका युवाहरूको अनुसार गर्दा उनीहरूका भाइ बहिनी र आफन्तहरूलाई पनि विदेश पढ्न जाने कुराले प्रेरित गऱ्यो । फलतः नेपालबाट उच्च शिक्षाका लागि विदेशिने युवाहरूको संख्या दिनानुदिन बढ्दै गयो ।

३. विश्व भूमण्डलीकरण (Globalization) र अन्तराष्ट्रिय स्तर मै अवसरको खोजी गर्ने सम्भावना

यो सवारीमा देखिएको विश्व भूमण्डलीकरण (**Globalization**) र अन्तराष्ट्रिय स्तर मै सुअवसरको खोजी गर्न सकिने सम्भावनाका कारण नेपाली युवाहरू मात्र नभई विकसित मुलुकमा विद्यार्थीको समेत अर्को देशको

विश्वविद्यालयमा अध्ययन गर्न जाने प्रचलन सामान्य बन्न थालिसकेको छ । उदाहरणका लागि उत्तर अमेरिका या बेलायतका ख्याति प्राप्त विश्वविद्यालयहरूका तथ्याङ्क लिईयो भने त्यहाँ थुप्रै चाइनीज, भारतीय, कोरियाली र जर्मन विद्यार्थीहरू अध्ययनरत पाइने छन् । यो विश्व भूमण्डलीकरणको सकरात्मक उदाहरण पनि हो र नेपाली युवाहरू बाहिर अध्ययन गर्न जानुलाई सामान्य रूपमै लिन सकिन्छ । समस्या कहाँनिर हो भने देशभित्र स्तरीय रोजगारीका अवसरहरूको सम्भावना कम भएकाले नेपाली युवाहरू आफ्नो अध्ययन सकिए पश्चात् पनि आफ्नो मुलुकमा फर्किन उत्साहित नहुने भए । म आफैंले यो देखेको छु कि अध्ययन पश्चात् नेपाल मै केही गरौं भनी फर्किएका युवाहरू समकक्षताको प्रमाण पत्र पाउन गर्नु परेको संघर्ष या उद्योग-व्यवसाय शुरु गर्न खोज्दा सम्बन्धित निकायहरूबाट सहयोग नपाएका कारण पुनः विदेश पलायन हुनुपरेको अवस्था पनि छ । सरसर्ती हेर्दा नेपाली विश्वविद्यालयमा भन्दा विकसित मुलुकका शैक्षिक प्रतिष्ठानहरूमा व्यवहारिक, प्रयोगात्मक र सीपमूलक शिक्षा दिइने भएकाले सम्वन्धित विषयको विश्वविद्यालयको डिग्रीलाई रोजगार दाताहरूले बढी पत्याउने अवस्थाले पनि नेपाली युवाहरूलाई विदेशिन टेवा पुगेको छ ।

४. सरकारको बन्देजात्मक हचुवा नीति

देश र विश्वका निम्ति आवश्यक जनशक्ति निर्माण गर्ने केही शैक्षिक कार्यक्रमहरू तर्फ हाम्रा सरकारको नीति र व्यवहार पनि ठीक छैन । उदाहरणका लागि चिकित्सा शिक्षाको क्षेत्रमा चालिएको बन्देजात्मक नीतिलाई लिन सकिन्छ । सरकारले तोकेको मापदण्ड पूरा गरी संचालन गरेका **MBBS / PCL Nursing** कार्यक्रमहरूलाई आवश्यक भौतिक पूर्वाधार र जनशक्ति सहित सफलतापूर्वक पठन-पाठनको कार्यक्रमहरू संचालन गरेका कलेजहरूलाई समेत विद्यार्थी संख्या घटाउन या बिनाकारण कार्यक्रम बन्द गर्न लगाउने काम भयो । फलस्वरुप यी कोर्षहरू पढ्न चाहने युवाहरू विदेशिने अवस्था आयो । यस्तो निर्णयले सिर्जित एउटा अवस्थाको उदाहरण नेपाली विद्यार्थीको आवश्यकता पूरा गर्न सीमा क्षेत्रका भारतीय शहरहरूमा संचालित नर्सिङ क्याम्पसहरूलाई लिन सकिन्छ । मेरो विचारमा हुनुपर्ने त के थियो भने सरकारले बन्देजात्मक नीति लिनु भन्दा तोकिएको मापदण्ड र गुणस्तर पूरा गर्न नसक्ने महाविद्यालयहरूलाई कार्यक्रम संचालन गर्न नदिएर सफलता पूर्वक अध्ययन-अध्यापन गराएकाहरूलाई प्रोत्साहन गर्नु पर्ने थियो ।

यस बाहेक अर्को हचुवा नीतिको कारण आएको दुरावस्था के छ भने नेपालका बहुसंख्यक क्याम्पसहरूले विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएर विभिन्न कार्यक्रमहरू संचालन गरिरहेका छन् र ती क्याम्पसहरूमा अध्ययनरत् विद्यार्थी माथिल्लो डिग्रीको निम्ति सम्बन्धित मुलुकको विश्वविद्यालय मै जाने गरेका छन् । यसको अप्रत्यक्ष सन्देश यो गईराखेको छ कि एकाध बाहेक नेपाली विश्वविद्यालय द्वारा संचालित कार्यक्रमहरू समयसापेक्ष र प्रभावकारी छैनन् । यसको परिणाम नेपाली युवाहरू सम्भव भएसम्म विदेशी विश्वविद्यालय द्वारा संचालित कार्यक्रम तर्फ आकर्षित हुने भए र ठूलो संख्यामा आर्थिक स्रोत देशबाट बाहिरिने भयो ।

५. नेपाली विश्वविद्यालयहरूको कार्यक्रम संचालनमा लचकताको कमी र आर्थिक अभाव खेपी रहेका विद्यार्थीहरूलाई आवश्यक सहयोगको अभाव

विश्वका धेरै जसो प्रतिष्ठित विश्वविद्यालयहरूले आफ्ना विद्यार्थीहरूको आर्थिक - सामाजिक अवस्थालाई मध्यनजर गर्दै विभिन्न कार्यक्रमहरू मार्फत् उनीहरूलाई सहयोग पुऱ्याउने गर्दछन् । स्रोत सम्पन्न विश्वविद्यालयहरूले आर्थिक अभावको चिन्ता लिन नपर्ने गरी विभिन्न खाले छात्रवृतिहरू प्रदान गर्दछन् भने

केही विश्वविद्यालयहरूले काम गर्दै पढ्दै - (work–study Programme) संचालन गरेका हुन्छन् । यसै गरी कतिपय विश्वविद्यालयहरूले नागरिकहरूलाई स्व. अध्ययनका निम्ति ऋण उपलब्ध गराउने समेत गर्दछन् । नेपाली विश्वविद्यालयहरूको हकमा सीमित कोटाको छात्रवृत्ति बाहेक अरु कुनै सहयोग विद्यार्थीहरूलाई पुऱ्याएको देखिदैन । अभिभावकहरूलाई समेत आफ्ना छोराछोरीलाई स्तरीय विश्वविद्यालय या महाविद्यालयमा अध्ययन गराउन अरु मुलुकमा जस्तो आयकर छूटको प्रावधान समेत हाम्रो मुलुकमा छैन ।

अर्कातर्फ विदेशमा जस्तो नेपालमा संचालित धेरै जसो विश्वविद्यालयहरूले विद्यार्थी युवाहरूलाई आंशिक (Part time student) भएर पढ्न पाउने प्रावधान गरेको पाइन्न । निश्चित कार्यक्रमहरू विहान या साँझ संचालन गरिएको भएता पनि विद्यार्थीले आफ्नो समय अनुकूल मिलाएर क्याम्पस उपस्थित हुने सम्भावना कम छ । यो मामलामा विदेशी विश्वविद्यालयहरू (विशेषगरी बेलायत र उत्तर अमेरिकामा) ले विद्यार्थीको व्यक्तिगत आवश्यकता अनुसार उपस्थित हुने गरी, उदाहरणको लागि निश्चित कोर्सलाई दुई वर्ष, चार वर्ष या छ वर्षमा पूरा गर्ने गरी भर्ना हुन पाइने प्रावधान राखेका हुन्छन् । यो अभ्यासको नेपालमा कमी देखिन्छ ।

६. उच्च शिक्षामा अनुसन्धान र प्रयोगात्मक विधिको कमी

नेपाली विश्वविद्यालयहरूमा धेरै जसो कार्यक्रमहरूमा शैक्षिक पक्षलाई जोड दिइएको पाइन्छ । विद्यार्थीहरूको सिकाईको स्तर निर्धारण अर्धवार्षिक या वार्षिक रूपमा लिइने लिखित परीक्षाले निर्धारण गर्दछ । यसरी सिकिएका सैद्वान्तिक कुराहरू परीक्षा सकिएको केही महिना मै बिर्सिने र रोजगारीका निम्ति आवश्यक सीप र दक्षताको निम्ति कमै सहयोग पुऱ्याउने जस्ता अनुभव म आँफैले पनि भोगेको छु । तीव्र रूपमा परिवर्तन आई रहेको विश्वमा आज सिकेको कुरा भोलि काम लाग्नेछ भनि ठोकुवा गर्न नसकिने वर्तमान अवस्थामा हाम्रा शैक्षिक-प्रतिष्ठानहरूको विषयवस्तुको ज्ञान (Content knowledge) भन्दा आफ्नो सिकाईको ज्ञान र प्रक्रियाको अनुभूति गर्ने (Metacognition and meta learnag, learning how to learn) जस्ता पक्षहरूमा जोड गर्नुपर्ने देखिन्छ । आजको विद्यार्थीहरूलाइ सामाजिकीकरणका सीपहरू (Social skills), संवेगात्मक परिपक्वता (Emotional maturity) समस्या समाधान र नेतृत्व विकासका सीपहरू (Problem solving & Leadership skills) साथै व्यक्तिगत र पेशागत मान्यताको आवश्यकता (importance of personal and professional recognition), आदि क्षेत्रमा जोड दिनु पर्ने देखिन्छ । किनभने यी सीपहरू मनुस्यलाई जुनसुकै ठाउँ र अवस्थामा पनि आवश्यक हुन्छन् । नेपाली विश्वविद्यालयहरूमा समय सापेक्ष पाठ्यक्रम परिवर्तन गरी शिक्षण सिकाईका क्रियाकलापहरू समेत सिक्ने पद्धतिको विकास (Rede We -Procen–bamed Dearomizer Learnig how to bara) मा जोड दिनु पर्ने देखिन्छ । नेपाली विश्वविद्यालयहरूको धेरैजसो कार्यक्रमहरूमा यी पक्षहरूलाई जोड नदिएका कारण पनि नेपाली यूवाहरू समय सापेक्ष शिक्षा पाउने विश्वासले विदेशिने गरेका छन् । नेपाल मै पनि सिकाईको पद्धतिलाई जोड दिने प्रयोगात्मक पक्षलाई प्राथमिकतामा राख्दा विद्यार्थीहरूको कमी हुने रहनेछ भन्ने अनुभव म आफैंले गरेको छु ।

माथि उल्लेखित ६ र अन्य कारणले नेपाली विद्यार्थीहरू उच्च विचारका निम्ति विदेशिन लालायित हुने भए । के यो अवस्थालाई हामीले सम्बोधन गर्न सक्छौं ? यी अवस्थाहरूको बावजूद के नेपाली यूवाहरूलाई उच्च शिक्षाका निम्ति निर्देशन रोक्न सकिन्छ ? अबको छलफल यसै विषयमा केन्द्रित हुनेछ ।

उच्च शिक्षाका निम्ति नेपाली यूवाहरूको बर्हिगमन सम्बोधनका केही उपायहरू :

यातायात र संचारको तीव्र विकास सगै देखापरेको भूमण्डलीकरण विश्व ग्राम (Global village) को अवधारणा सुदृढ हुँदै गएको यो अवस्थामा नेपालका मात्रै त के प्रजातान्त्रिक शासन प्रणाली भएका कुनै पनि मुलुकका युवाहरूलाई उच्च शिक्षाका निम्ति अर्को देशमा जानबाट रोक्ने बाध्यकारी नीति लागू गर्न सकिंदैन ।. राष्ट्रको या विश्वको कुनै पनि सुरक्षित ठानिएको मुलुक या क्षेत्रमा जाने अधिकार हाम्रो संविधानले समेत निर्दिष्ट गरेको छ । यो अवस्थामा हाम्रा निम्ति दुईवटा विकल्प देखिन्छन् । पहिलो देशभित्रका शैक्षिक प्रतिष्ठानहरूमा समय सापेक्ष सीपमूलक र रोजगारीको प्रत्याभूति सहित स्तरीय शिक्षा दिने वातावरण तयार गर्ने र दोश्रो विदेश पढ्न गएका युवाहरूलाई स्वदेश मै सम्मानजनक रोजगारीका अवसरहरू सृजना गरी स्वदेश फर्किन उत्प्रेरित गर्ने । यी दुई अवस्था आउने वातावरण सिर्जना गर्न निम्न उपायहरू अपनाउनु पर्ने हुन्छ ।

(१) विश्वविद्यालयहरूमा नीतिगत र व्यवहारिक रूपमा स्वतन्त्र प्राज्ञिक वातावरणको सिर्जना :

बढ्दो राजनैतिक हस्तक्षेपबाट विश्वविद्यालयहरूलाई उन्मुक्ति दिई स्वतन्त्र प्राज्ञिक वातावरणको सृजना गर्न सर्वप्रथम विश्वविद्यालय कै सम्बन्धित पदाधिकारी द्वारा पहल गरिनु पर्दछ । विश्वविद्यालयका प्राचार्य, उपकुलपति र प्राध्यापकहरूले राजनीति गर्न छोडी विभिन्न पार्टीका नेताहरू र कार्यकर्तालाइ विश्वविद्यालयको गतिविधि माथि हस्तक्षेप गर्न दिनु हुँदैन र उहाँहरूले पनि राजनैतिक कार्यकर्ता या पदाधिकारीहरूको दवावमा अनावश्यक निर्णयहरू गर्न हुँदैन । यो कुरा विशेषतः त्रिभुवन विश्वविद्यालयको हकमा बढी महत्वपूर्ण छ । संसारका उत्कृष्ट विश्वविद्यालयहरूको अवस्था हेर्ने हो भने नेपालको भन्दा फरक देखिन्छ । यी विश्वविद्यालयहरूले सरकारको नीति तथा कार्यक्रममा सहयोग पुऱ्याई सुशासन र सुव्यवस्थाको लागि अगुवाई गरेका हुन्छन् । राजनैतिक कार्यकर्ताको दवावमा अनिर्णयहरू हुँदैनन् र विश्वविद्यालयमा अध्ययनरत् विद्यार्थीहरूले पनि राजनैतिक पार्टीको कार्यकर्ता हुन छोडेर राजनैतिक विश्लेषक हुने गर्दछन् । यो अवस्था सृजनाका निम्ति प्रधानमन्त्री, शिक्षामन्त्री लगायत नेपालको उच्च शिक्षाका लगभग ७६ प्रतिशत कार्यक्रम ओगट्ने त्रिभुवन विश्वविद्यालयका अधिकारीहरूमा त्याग, समर्पण र सकारात्मक परिवर्तन ल्याउने अठोटको आवश्यकता छ । यसो भएमा विश्वविद्यालयको गुणस्तर आफैं सुधिने छ र नेपाली युवाहरू यही विश्वविद्यालयमा पढ्न लालायित हुनेछन् ।

२. उच्च शिक्षाको क्षेत्रमा देखिएको बेथीती नियन्त्रणका निम्ति उत्तरदायित्व वा जवाफदेहिता (Accountability or Responsibility) **को सुनिश्चितता**

माथि उल्लेखित भए अनुसार राजनैतिक हस्तक्षपको अन्त्य सँगै विश्वविद्यालय संचालनको जिम्मा पाएका अधिकारीहरूमा निर्दिष्ट कर्तव्य पूरा गर्नु पर्ने बाध्यकारी स्थितिको सिर्जना स्वतन्त्र प्राज्ञिक एवं प्रशासनिक दक्षता भएको सिनेटहरूद्वारा गरिनु पर्दछ । प्रभावकारी रूपमा तोकिएका कार्यक्रमहरू पूर्वनिर्धारित योजना अनुरुप गर्ने पाठ्यक्रम, परीक्षा र मूल्याङ्कनको प्रकृयामा समय सापेक्ष विकास गर्दै लैजाने विश्वविद्यालय र क्याम्पसहरूलाई राजनैतिक कर्ताहरूको क्रिडास्थल हुन नदिने, पठन पाठनको अलावा एक्काइसौ शताब्दीको लागि आवश्यक सीप र नेतृत्व विकासका अवसरहरू विद्यार्थीहरूलाई उपलब्ध गराउने, सीप शैक्षिक प्रतिष्ठानहरूको वातावरण बौदिक या प्राज्ञिक चिन्तनको थलोको रूपमा विकास गर्ने आदि कुराको सुनिश्चितता भएमा पक्कै पनि हाम्रा विश्वविद्यालयहरूमा नेपाली युवाहरूको साथै विदेशीहरू पनि आकर्षित हुनेछन् । २१ औं शताब्दीका यूवाहरूको आवश्यकता सम्बोधन गर्न मात्र नभई हाम्रा विश्वविद्यालयको अस्तित्व सुदृढीकरण. गर्न समेत यी अवस्थाहरू सुनिश्चित गर्न ढिलो भईसकेको छ ।

३. पठन-पाठनको सोच, रंणनीति र अभ्यासमा आमूल परिवर्तन

नोट र गाईडको भरमा लिखित परीक्षा उत्तीर्ण गरी डिग्री प्राप्त गर्ने पद्धतिलाई परिवर्तन गरी विद्यार्थीको निरन्तर सिकाईको अवलोकन (Assessment of Contineous hearing), सैद्धान्तिक भन्दा सीपमूलक र सिकाईको व्यवहारिक पक्षमा जोड, विषयवस्तु भन्दा सिकाईको प्रक्रियामा आधारित मूल्याङ्कन, आदिका निम्ति विश्वविद्यालयहरूले आवश्यक पहल गर्नु पर्दछ । विज्ञान, गणित, इन्जिनियरिङ र चिकित्साशास्त्रका क्षेत्र लगायत समाज शास्त्रसँग सम्बन्धित विषयहरूमा समेत अनुसन्धानात्मक पक्षलाई जोड दिएर विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा सोच्न सक्ने र वस्तुस्थितिकों विश्लेषण गर्दै नयाँ ज्ञान र सीपको अन्वेषण गर्न सक्ने बनाउनु पर्दछ । विश्वविद्यालयहरूमा यो वातावरण सृजना गर्न सहयोग चाहिएको खण्डमा र प्राध्यापकहरूको प्राज्ञिक क्षमता विस्तार गर्न परेमा विश्वका उत्कृष्ट विश्वविद्यालयहरू सँग निश्चित समय र कार्यक्रमहरूका निम्ति सहयोग र सहकार्यका निम्ति सम्वन्धित अधिकारीहरूद्वारा पहल गरिनु पर्दछ ।

४. देश भित्रै रोजगारी सिर्जना हुनसक्ने क्षेत्रको पहिचान गर्दै आवश्यक र सम्बन्धित शैक्षिक कर्यक्रमहरू संचालनमा ल्याउने

भौगोलिक र वातावरणीय विविधताको हिसाबले नेपाल सम्भवतः उत्कृष्ट देशहरू मध्ये पर्दछ । विडम्बनाको कुरा के छ भने मुलुकलाई आवश्यक र संचालन गर्न सकिने विभिन्न कार्यक्रमहरूमा हाम्रो ध्यान पुग्न सकेको छैन । उदाहरणका निम्ति जैविक विविधता र उनीहरूको संरक्षण, प्रर्वद्धन र श्रृगांरका निम्ति जडीबुटीको उत्पादन र प्रशोधन, पर्यावरण र पर्यटन सम्बन्धी अध्ययन, अनुसन्धान केन्द्रित कार्यक्रम आदि कार्यक्रमहरूले नेपालको मात्रै रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै अन्य मुलुकका विद्यार्थीहरूलाई समेत विशिष्टता सहितको विज्ञता विकास गराउन सकिन्छ । फलतः यी कार्यक्रमहरूले केही सख्यामा भए पनि नेपाली युवाहरू देशभित्रै सेवा गर्न उत्प्रेरित गर्नेछ ।

५. देशभित्र संचालित उच्च शिक्षा सम्बन्धी कार्यक्रमहरूको विस्तार गर्न

कतिपय नेपालमा संचालित उच्च शिक्षाका कार्यक्रमहरू अध्ययन गर्ने विदेशी विद्यार्थीहरू आउने गर्दछन् । कतिपय चिकित्सा शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने कलेजहरूमा MBBS, MD, BSc Nursing आदि कोर्षका लागि भारत, श्रीलंका र अन्य देशका यूवाहरू अध्ययनरत् छन् । काठमाण्डौ विश्वविद्यालयका व्यवस्थापन (Educational Leadership & Mangement) वातावरण विज्ञान जस्ता कार्यक्रमहरू एशिया र अन्य महादेशका विद्यार्थीहरूको समेत रोजाईमा परेका छन् । यसरी प्रभावकारी रूपमा देशभित्रै संचालित कोर्षहरूलाई विस्तार गरेको खण्डमा नेपाली विद्यार्थीहरूलाई रोक्नुका साथै विदेशीहरूलाई ठूलो संख्यामा आकर्षित गरी देशको अर्थतन्त्रमा समेत सहयोग पुऱ्याउन सकिनेछ । नेपालका मेडिकल कलेजमा PCL Nursing को प्रतिबन्ध लगाउँदा सीमावर्ती भारतीय शहरहरूमा पढ्न जाने विद्यार्थीको लहरलाई समेत रोक्न सकिने थियो ।

६. विदेशमा अध्ययन पूरा गरेका नेपाली युवाहरूलाई स्वदेश फर्किन प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने ।

यो लेखको शुरुमा भनिए जस्तै हाम्रो संविधान प्रत्याभूत गरेको बसाई सराई र अन्य स्वतन्त्रतालाई कुण्ठित पार्ने किसिमका नीतिहरू ल्याउन त सकिदैन यद्यपि विदेश पढ्न गएका (र रोजगारीका लागि समेत) हरूले सिकेको ज्ञान र सीपलाई स्वदेशको विकासमा लगाउन आफ्नै मुलुकमा फर्किने वातावरण तयार पार्न सकिन्छ । उदाहरणका निम्ति IT Sector मा कार्यरत Software या तत्सम्बन्धी कम्पनीहरूको विकासका कारण अध्ययन

पूरा गरे पश्चात ठूलै सङ्ख्यामा भारतीयहरू स्वदेश फर्की बंङ्लोरलाई संसारकै प्रतिष्ठित IT जगद बनाउन मद्धत पुऱ्याएका छन् भने Textile सम्बन्धी विज्ञता हाँसिल गरेका धेरैजसो चिनीयाहरू आफ्नै मुलुक फर्की देश विकासमा सहयोग पुऱ्याएका छन् । हामीले पनि युवाहरूलाई देशमा फर्की योगदान दिन सक्ने क्षेत्रहरू र नेपाल बाहिर रहेका युवाहरूको सीप र दक्षता विज्ञताको तथ्याङ्क संकलन गरी मुलुकको आर्थिक र सामाजिक विकासमा उनीहरूलाई प्रयोग गर्न सकिन्छ । अफ्रिकाको एक भूपरिवेष्टिंत देश छ, गाम्बिया । यो मुलुकले के गर्छ भने देशमा आवश्यक विज्ञता हाँसिल गर्न चाहने युवाहरूलाई विदेशी विश्वविद्यालयमा अध्ययनको निम्ति पठाउँदछ, यो सुनिश्चितता साथ पठाउँछ कि उनीहरू स्वदेश फर्किन्छन् । यसो नगरेमा सम्बन्धित युवा सजायको भागीदार हुन्छ । हामीले पनि यस्तै किसिमको देश सुहाँउदो रणनीति ल्याउन सक्छौ ।

७. सुशासन र सुनिश्चित भविष्यको प्रत्याभूति

सम्भवतः सबैले बुझि आएको र सामान्य लाग्ने तर लागू गर्न कठिन क्षेत्र हो सुशासन र सुनिश्चित भविष्यको प्रत्याभूति । अधिकार प्राप्त व्यक्तिहरूमा दीर्घकालीन सोचका साथ सुशासनको उदाहरण सहित निष्ठा, त्याग र सिद्धान्तको राजनीति गरेका अवस्थामा अध्ययनका लागि मात्र नभई रोजगारीका निम्ति समेत बाहिरिएका युवाहरूलाई नेपाल फर्किने प्रेरणा मिल्ने थियो । आफ्ना सन्ततिहरूको भविष्य उज्वल र शान्तिपूर्ण हुनेमा ढुक्क भए आफ्नो परिवार समाज र राष्ट्रको विकासमा योगदान पुऱ्याउन चाहने युवाहरूको नेपालमा कमी छैन ।

उपसंहार

यो लेखमा नेपालबाट उच्च शिक्षा अध्ययनका लागि युवाहरू विदेशिनुका मूल कारणहरू उल्लेख गरियो । तत्पश्चात् यो अवस्थालाई सम्बोधन गर्ने उपायहरूको बारेमा समेत छलफल गरियो । देशका नीति निर्माण गर्ने र लागू गर्ने जिम्मा पाएका अधिकारीहरूमा राष्ट्र र सामान्य नागरिकको स्तर सुधार्ने अठोट भएमा माथि उल्लेखित रणनीतिहरू लागू गर्न कठिन छैन । संसारका विकसित या विकासोन्मुख मुलुकहरूको इतिहास पल्टाउने हो भने शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेकै कारण विकास सम्भव भएको देखिन्छ । कुनै बेला देश विकास निम्ति खाका कोर्न श्रीलकाबाट विज्ञहरू भिकाउने सिंगापुर अहिले कहाँ पुगी सक्यो, यो शिक्षाले नै सम्भव भएको हो । चाहे जापान होस् या उत्तर अमेरिका, बेलायत होस् या दक्षिण कोरिया, या चीन होस् या वर्तमान भारत, निश्चित कार्य योजना सहित शिक्षाको मद्धतले मानव संसाधनको विकासमा लागि परेकाले र शासकहरूमा उत्तरदायित्व र जवाफदेहिताको बोध आदिले नै द्रूत गतिमा विकास सम्भव भएको हो । हामीले पनि देश भित्रका समग्र शैक्षिक प्रतिष्ठानहरूमा गुणस्तरीय शिक्षाको सुनिश्चितताका साथ समग्र मुलुक मै सुशासन, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरेको अवस्थामा विदेशिएका युवाहरू मध्ये धेरै जसो नेपाल फर्किने वातावरणको सिर्जना हुनेछ । हाम्रा विश्वविद्यालय र क्याम्पसहरूले सामाजिक र सम्वेगात्मक सीप सहितको जीवनोपयोगी स्तरीय शिक्षा दिएमा विदेशी युवाहरू समेत नेपाल आउने छन् । किनभने विश्व मानचित्रमा हाम्रो देश विशिष्टता सहितको विविधता युक्त सुन्दर मुलकमा पर्दछ ।

धन्यवाद ।

सन्दर्भ सामग्री

Acharya, K.P. (2012) Nepalese student migration to Foreign countries for higher Education in he Globalized Contacts, Lalitpars Kakinad University school of Education.

लेखकका बारे :

ईश्वरीप्रसाद शर्माले त्रिभुवन विश्वविद्यालय, बेलायतको लिड्स विश्वविद्यालय, अमेरिकाको हार्वर्ड विश्वविद्यालय र भारतीय प्रबन्ध संस्थान अहमदाबाद (IIMA) का विभिन्न व्यवस्थापन, भाषा र अनुसन्धान सम्वन्धी कोर्षहरू अध्ययन गर्नु भएको छ । एक प्रतिष्ठित अन्तराष्ट्रिय गैरसरकारी संस्थाको राष्ट्रिय निर्देशकमा काम गरेको अनुभव संगालेका श्री शर्मा हाल काठमाण्डौ विश्वविद्यालय स्कूल अफ एजुकेशन संग सम्बद्ध भई Organizational Leadership and Management Research सम्बन्धित कोर्षहरूमा अध्यापन गर्नुहुन्छ ।

राजनीतिको विकास, मान्यता र प्रदूषण



• कुलचन्द्र वाग्ले

मान्छेले मान्छेको लागि विकसित गरेको राजनीतिक अभ्यासको लामो सिलसिलामा केही मूल्य,मान्यता समेत स्थापित भएका छन् । मानिसले जब व्यवस्थापन आवश्यक ठान्यो तब क्रमशः राजनीतिक व्यवस्थापन वा प्रणाली विकसित हुदै आयो ।

सामाजिक अर्थ प्रकृति मानिसको जन्मसँगै केही न केही अंशमा टाँसिएरै आएको लाग्छ । तर आवश्यकता बोधले राजनीति धेरैपछि मानिसले स्थापित भएको मान्यता हो । सिर्जना वा सृष्टि प्रकृतिकै देन हो । जन्म सँगसँगै मानिस र प्राणीलाई खाने र सम्भोग सुख पाउने आवश्यकता अविच्छिन्न जोडिएर आएको हो । यही कारण सामाजिक अर्थ प्रकृति मानिस सँगै अविच्छिन्न आएको मानिन्छ ।

राजनीति चाहिं जब मानिसले लाज मानेर छोपिन थाल्यो त्यस्तै पछि समुदाय सञ्चालन प्रणालीको खाँचो बोध गर्यो । यही बोध जन्य चेतना नै राजनीतिको भ्रुण बन्यो भने चेतना विकासको उन्नत स्वभावले प्राणिहरूवीच मानिस पहिलो बन्यो । ऐतिहासिक तथ्यको अनुसार जंगली, गुफा (पाषाण) र कृषि युग पार गरेर मानिस आजको समयमा आइपुगेको हो । संभोगको लागि दुई विपरीत लिंगका मानिस एक ठाउँमा हुनुपर्ने वाध्यताले सामाजिकता बोध शुरुमै गरायो भने पेटको भोकले कतै न कतै अर्थ सम्पत्तिको उद् बोध गरायो । तर राजनीति कृषि युगको परिकल्पना हो ।

जब सुरक्षा र सुविधाको खाँचो बोध गर्यो तब मानिस समूहमा बस्न थाल्यो । कन्दमूल र सिकारमा बाँचेको मान्छेले उत्पादनको प्रक्रिया वा प्रकृति पनि बुझ्यो र खेतिपातीमा अभ्यस्त हुदै आयो । जंगली सिकार युगमा नै आगोको आविष्कार र उपयोग थाहा पाएको मान्छेलाई आगोले नै प्रगतिशील बाटो देखायो । केही प्राकृतिक र केही भौतिक आवश्यकता वा अपेक्षा पूरा गर्न खोज्दा खोज्दै मानिसले विकासका चरणहरू उक्लिँदै आयो ।

फिरन्ता समयदेखि नै मानिसमा ममत्व गुण विकसित भयो । गुफाको आश्रयबाट फुत्त निस्किएर मानिसहरू झुप्रो, छाप्रो र घर बनाएर बेग्लाबेग्लै परिवार वा समूहमा बस्न शुरु गरेदेखिकै आवश्यकता बोधले समूह व्यवस्थापनको प्रणाली विकास भएको हो । यही प्रणालीलाई राजनीति भनियो । अन्ततः राज्यको मूल नीति बन्यो राजनीति ।

समूह सञ्चालन र सञ्चालित व्यवस्थापन शुरुमा लोकतान्त्रिक थियो । समुदायको उम्दा व्यक्तिलाई सामूहिक भेलाको सहमतिले सामाजिक नियमन गर्ने जिम्मा दिइन्थ्यो । यो क्रम पालैपालो लामो अवधिसम्म चल्यो । मानिस स्वभावले चाहिं मिचाहा छ । अधिनायवादी चिन्तनले ग्रस्त छ । ऊ लोकतान्त्रिक हुनु त एकप्रकारको साधनाबाट प्राप्त हुने चेतना पद्धति हो ।

यहाँ बुझ्नको लागि मुखिया भनौँ वा थारु समुदायको बडघर । जसले क्रमशः आफू आश्रित समुदायमा व्यवस्था, न्याय निसाफ र नैतिक, अनुशासनको जग बसायो । मुखियालाई समुदायले दिएको अवसर वा शक्ति भोगको स्वादले शासकीय सत्तामा बसिरहने लिप्सा मुखियाहरूमा जाग्रत भयो । फलतः कबिला राज्यहरूको निमार्ण भयो । कोही मुखिया पद छोड्नै नचाहने र अर्को त्यो पदमा पुग्न खोज्ने द्वन्द्ववीच धेरै जनाले छान्ने र चुन्ने प्रणाली विकसित भएको हो ।

व्यक्तिले शासन गर्ने स्वलिप्सालाई सधैंको लागि पूरा गर्न अनेक षड्यन्त्र रच्न थाल्यो । यसै क्रममा समुदायमा आधारित ससाना कबिला शासक हुदै तानाशाही र अधिनायकवादी शासन सत्ताको प्रणाली विकसित भयो । यही क्रममा मानिसले धर्म-भगवानको परिकल्पना गर्यो । शासन सत्तामा टाँसिईरहन अनेक कथा, कल्पनामा भय र त्रास जोड्यो । मलाई लाग्छ-धर्मलाई अनुशासनको साधन बनाइयो र अन्ततः पूजा परम्पराको थालनी गरियो ।

शासन शक्तिको सीमाहीन अपेक्षाले भौगोलिक राज्यको आकार पनि बन्यो । कबिलाहरूको आआफ्नो शासनको सीमा क्षेत्र बढाउने हैकमले राज्य स्थापना, विकसित र विस्तार गरिए । स्वार्थले शस्त्र अस्त्रको निर्माण र प्रयोगसमेत सीमाको अवधारणा पनि विकसित भएको हुनुपर्छ । आफूले गरेको शक्ति आर्जन आफ्नै पुस्तामा पनि स्थानान्तरण गर्ने सोचले जहानियाँ शासनको परम्परा बस्यो ।

मानिस जति सभ्य र स्वतन्त्रताप्रति सचेत हुन थाल्यो तब प्रजातान्त्रिक र लोकतान्त्रिक राजनीतिक प्रक्रिया एवं प्रणाली विकास भएको हो । प्रक्रिया र प्रणालीको लामो अभ्यासले पद्धतिलाई पनि स्थापित गर्यो । छोटकरीमा भन्दा निर्वाचन प्रक्रिया हो । बहुदलीय संसदीय व्यवस्था प्रणाली र लोकतन्त्र पद्धति बन्यो ।

राजनीति राज्य यन्त्र सञ्चालन गर्ने विधि हो । समुदायले छान्ने, कबिला र राजतन्त्र हुँदै जहानियाँ तन्त्र आयो । यस्ता चरणहरू पार गर्दै तानाशाही,अधिनायकवादी तन्त्र ल्याइयो । यस्ता तन्त्रलाई कतै धर्मको आड दिइयो । शासक स्वघोषित भगवानको अवतार बने भने कतै वंश परम्परा स्थापित गरियो । यस विपरीत लोकतन्त्र चाहिं मान्छेको अधिकार र स्वतन्त्रताको चेतमा विकसित भएको हो ।

समुदायको राजीखुशीमा छान्ने लोकतान्त्रिक विधिबीचमा हरण गरियो । तर चेत चाहिं जीवन्त थियो । उपाय खोजी भयो समाजमा । परिणाम रोमतिर आबाजबाट मत व्यक्त गर्ने र पछि कागज आदिको प्रयोगले निश्चित अवधिको लागि शासक (कबिला) छान्ने प्रक्रिया थालनी भयो । विचार यात्राले शनैः शनैः सिद्धान्त, व्यवहार र आदर्शको पहिचान गरायो र यही माध्यम लोकतान्त्रिक पद्धतिको अवस्थामा दुनियाँ पुग्यो ।

धार्मिक, जातीय, जहानियाँ र सैनिक तानाशाही शासन दुनियाँमा चले । अझै त्यस्तो अवशेष भेटिन्छन् । यस्ता प्रणालीको कुनै सिद्धान्त र दर्शन हुदैन । तिनको ध्येय राज्यको शक्ति सत्तामा जकड गर्ने सुख भोग मात्र हो । यसको लागि तिनीहरू दमनकारी सरकार चलाउँछन् ।

सिद्धान्तमा आधारित खासगरी दुई प्रणाली विकसित वा स्थापित भए । विश्व व्यवस्थामा पहिलो लोकतान्त्रिक र दोस्रो कम्युनिष्ट प्रणाली बने । लोकतान्त्रिक प्रणाली धेरैको चिन्तन,संस्कार र लामो अभ्यासले विकसित भएको हो । कम्युनिष्ट प्रणाली चाहिं करिब दुई सय बर्षअघि एंगेल्स र जर्मनीमा जन्मिएका मार्क्सको सोचबाट विकसित भएको हो ।

कम्युनिष्ट प्रणाली रुसका शासक लेनिन,स्टालीन हुदै चीनका माओसम्म आइपुग्दा एकदलीय, एकाधिकार वादी र अधिनायकवादी शासन सत्ता भयो । वर्गीय अधिनायकवादलाई आदर्श बनाइयो । हाल यही शासनको नमूना

उत्तर कोरिया र शासक किम जोन उन हुन् । किमको शासन कम्युनिष्ट शासन त हो नै जहानियाँ पनि भयो । हजुर बा शासक भएको उत्तर कोरियामा अहिले एकल वर्कर्स पार्टीको नाममा नाति उन नै केन्द्रिय शासक छन् ।

नेपालमा कुनै बेला राजतन्त्रले स्थापना गरेको निर्दलीय पञ्चायती शासनले-सबै नेपाली पञ्च, सबै पञ्च नेपाली, भन्ने नारा लगाएको थियो । त्यस्तै कम्युनिष्ट एक दलीय प्रणालीले पनि- सबै जनता कम्युनिष्ट र सबै कम्युनिष्ट जनता, भनेजस्तो एकाधिकारवादी मान्यता बोक्ने गरेको छ । जस्तै हाम्रै छिमेकी मित्र राष्ट्र चीन एक दलीय कम्युनिष्ट पार्टी शासित छ भने आर्थिक नीतिमा पूँजीवादी छ । अर्थात कम्युनिष्ट पूँजीवाद वा पूँजीवादी कम्युनिष्ट । त्यसो त कम्युनिष्ट चिन्तन नै वर्गीय नाममा सबै राज्य यन्त्रमा एकाधिकार शासन कायम राख्ने भन्नु नै हो । शासनमा, पूजीमा,नागरिकको स्वतन्त्र चेतको अस्मितामा र राज्यका यावत् क्षेत्रका कम्युनिष्ट पार्टीको जगडपकड नै यो प्रणालीमा कायम गरिन्छ ।

यही एकाधिकार वादी दमनको प्रतिवादमा जनता जागेपछि ९० को दशकतिर भकाभक कम्युनिष्ट सत्ता धरासायी भए । सोभियत संघ पनि विघटन भयो र हाल रुस भनिन्छ । अहिले दक्षिण,उत्तर कोरिया भौगोलिक र प्रणालीको हिसाबले पनि विभक्त छन् । त्यस्तै पूर्वी जर्मनी र पश्चिम जर्मनी पनि विभक्त थिए । पूर्वी जर्मनी कम्युनिष्ट शासित थियो । पश्चिम प्रजातान्त्रिक । जर्मनी चिर्ने बर्लिन पर्खाल जनताको बलमा भत्काइयो र जर्मनीको एकीकरण भयो । पूरै जर्मनी हाल लोकतान्त्रिक मुलुक भएको छ ।

कम्युनिष्ट अधिनायकवादी शासन सत्ताले स्वतन्त्र चेतको ऐतिहासिक विद्रोह थेग्न सकेन । पूर्वी युरोपबाट प्रायः उखेलिएको कम्युनिष्ट शासनसत्ता दुनियाँका केही मुलुकमा मात्र बाँकी छ । फलतः दुनियाभर कम्युनिष्टहरू लोकतन्त्रको ओत लाग्न वाध्य भएका छन् । उनीहरू नाममा कम्युनिष्ट त छन् प्रयत्नमा चाहिं लोकतन्त्रको अभ्यास गर्न वाध्य पनि ।

वैचारिक विरोधाभासले कम्युनिष्टहरू राजनीतिक प्रतिबद्धताको हैसियतमा अविश्वसनीय मानिएका छन् । अवसर मिल्नासाथ यिनीहरूले कुन कोल्टो फेर्छन् निश्चित भन्न सकिदैन । लोकतन्त्रको अभ्यास अर्थात् यिनीहरूकै शब्दमा लोकतन्त्रको उपयोग गर्दै कम्युनिष्टहरू कतै पारम्परिक अधिनायकवाद तिर ढल्कने हुन् कि ? भरोसा छैन । नेपालको राजनीतिक सन्दर्भमा पनि यस्तो जोखिम छ ।

लोकतन्त्र चाहिं सिद्धान्ततः बहुल मान्यतामा आधारित छ । सामाजिक, सांस्कृतिक र विचारको बहुलता । संगठनको बहुलता । बहुदलीय प्रणाली । दलहरूवीच स्वस्थ प्रतिस्पर्धामा आधारित प्रणाली । जनताले पक्ष, विपक्ष विचारको समर्थन गर्न पाउनु लोकतान्त्रिक प्रणाली हो । आलोचनात्मक चेत र स्वतन्त्रता निर्वाध हुन्छ लोकतन्त्रमा । विधिको शासन मानिने प्रजातान्त्रिक प्रणालीको नेतृत्व चाहिं इमान्दार र नैतिक हुन जरुरी छ । यसको अभावमा नेपालमा स्थापित लोकतन्त्रको अनुहारमा कालो पोतिने अवस्था बनेको हो । विकृति र अख्तियार दुरुपयोग बढेको हो ।

राजनीतिक शास्त्री फ्रान्सिस फुकुयामाले विचार राजनीतिको अवसान भएको घोषणा गरे । यसको अर्थ खुला विश्वको व्यवस्था बजार, अर्थ र व्यापारतिर फड्किएको मान्यता हो । वैदेशिक सम्बन्ध पनि यही आधारमा चल्ने सोच राखियो । तर त्यस्तो देखिएन । राजनीति कुनै नै कुनै प्रकारले विश्व व्यवस्थामा हावी छ । विचार पनि जीवन्त छ, भलै शासनसत्ताको लागि त्यो कमजोर पारिएको र व्यवहारवाद हाबी गरिएको किन नहोस् ।

रोबर्ट एच.डाहाले प्रजातन्त्रमा सुशासनको अपरिहार्य आवश्यकतालाई सम्बोधी उल्लेख गरेका छन् । उनले लोकतन्त्रको विशेषता वा जिम्मेदारी दलगतभन्दा जनता केन्द्रित बताएका छन् । लोकतन्त्र राजनीतिको अग्रज

सोच र प्रयोग मानिन्छ । विचार,आस्था र पद्धतिमा सयौँ दार्शनिक चिन्तकले लोकतान्त्रिक मूल्य, मान्यता, आदर्श वा सैद्धान्तिक दिग्दर्शन बताएका छन् । सिद्धान्त र व्यवहार वीचको सन्तुलन सिकाएका छन् । लोकतन्त्रलाई जीवन पद्धति भनेका छन् । नेपालको इतिहासमा बीपी कोइराला र भारतको इतिहासमा अहिंसाको प्रवर्द्धक महात्मा गान्धी लोकतन्त्रका बहुआयामिक दार्शनिक हुन् । अमेरिकाका पूर्व राष्ट्रपति जिमी कार्टरले विश्व व्यवस्थालाई मानवअधिकार अपरिहार्य निर्धारण गरे । मानवअधिकार प्रजातन्त्रको अभिन्न मान्यता बनेको छ ।

लोकतन्त्र भन्नुस् कि प्रजातन्त्र यो कुनै दूधले धोइएको पद्धति होइन । लोकतन्त्रमा आधारित शासन व्यवस्था वा प्रणालीमा कमजोरी हुदै हुदैन भन्ने होइन । लोकतन्त्रका पनि कमजोरी र संवेदनशील अवस्था छन् । आखिर सञ्चालक मानिस नै हो । फरक लोकतन्त्रमा वाध्यता विधिमा चल्नुपर्ने वा विधिको शासन हो । अरु प्रणाली प्रायः स्वेच्छाचारी छन् ।

यही कारण होला विश्व प्रसिद्ध राजनीतिज्ञ एवं बेलायतका चर्चित प्रधानमन्त्री विस्टिन चर्लिलले- ' प्रजातन्त्रमा कमजोरी छन् तर जनताको लागि योभन्दा अर्को राम्रो प्रणाली छैन,त्यसैले म प्रजातन्त्रवादी भएको हुँ' भने ।

लोकतन्त्रमा कमजोरी छन् तर शासकहरूले प्रदूषण चाहिं थपिदिएका हुन् । फेरि पनि जनताको स्वतन्त्र मत लिनै पर्ने वाध्यताले लोकतन्त्र र यसको नेतृत्व समूहलाई सुधार गर्छ वा ठेगान लगाउँछ भन्ने भरोसा जीवन्त रहन्छ । लोकतन्त्र जनमतको शक्तिमा आधारित हुन्छ । तर कम्युनिष्टहरू चाहिं शक्ति बन्दुकको नालबाट निस्कन्छ भनेर शुरुमै हिंसा दर्शनमा आधारित हुन्छन् ।

कम्युनिष्टहरूले मार्क्स र एंगेल्सले देखाएको बाटोभन्दा भिन्न स्टालिनको बाटो पछ्याउँदा राजनीतिमा थला परे । यिनीहरू तानाशाह बने । राजनीतिक लोकतन्त्र र वित्तीय प्रजातन्त्रलाई कम्युनिष्ट प्रणालीमा संकुचित र सीमित गरियो । यो परम्पराबाट कम्युनिष्ट वैचारिक परिमार्जन हुन बाध्य छ ।

लोकतन्त्रवादी पनि चुकेका छन् । तर लोकतान्त्रिक रुपान्तरण नै कम्युनिष्ट भनिनेहरूको लागि पनि वर्तमान राजनीतिक ओत र भोग हो । लोकतन्त्रमा जनताले सुधार गर्न पाउँछ । विकसित लोकतन्त्रको मान्यता जनताको स्वायत्त सहभागितामा अघि बढ्यो । नीतिहिनता भ्रष्टता हो ।

बहुल वर्गीय समाजमा कुनै एक वर्गका एकाधिकार खोज्ने कम्युनिष्टहरूले चाहिं राजनीतिक प्रदूषण नै उत्पादन गरेका छन् । यिनीहरू अवसरवादी हुदा वैचारिक र व्यवहारिक प्रदूषण आएको हो र भरोसा गर्न लायक पनि बनेका छैनन् । यही नै राजनीतिक प्रदूषण हो । यसमा नेपालको उदाहरण नै पर्याप्त छ ।

(लेखक :- अध्यक्ष,प्रजातान्त्रिक विचार समाज)

बदलिएको राजनीति, नबदलिएको प्रवृत्ति



• खिमलाल देवकोटा

सन्दर्भ एक

सन् २०१२ मा हावर्ड बिजनेश स्कूल की प्राध्यापक रोजावेथले परिवर्तनलाई सहज नस्वीकार्नुका दश कारण वारे लेखिन् । ती दश कारण मध्येको पहिलो कारण आफनो नियन्त्रण गुम्ने डरका कारण बताएकी छन् । दोश्रो कारणमा उपभोग गरिआएको पहुँचमा अनिश्चितता आउने खतरा, तेश्रो परिवर्तनको वहावमा जनता हुन्छ भन्नमाभन्दा हुन्न भन्नमा अभ्यस्त हुन्छन् जुन नेताहरूकालागि निकै खतरनाक र अत्यधिक मेहनत गर्न पर्ने वाध्यतामा होमिदिन्छ । चौथो रिप्पल इफेक्ट अर्थात परिवर्तनको तरंगको असर अनपेक्षित हुन्छ भने पाँचौमा विगतका असन्तुष्टीहरूले अवसर खोजिराखेको हुन्छ । त्यो अवसरको खोजी खतरनाक धम्कीमा अभिव्यक्त हुन सक्दछ । आदि इत्यादि कारणले परिवर्तनलाई सहज स्वीकार्न कठिन हुन्छ भन्ने कुरा तार्किक ढंगले व्याख्या गरेकी छन् ।

सन्दर्भ दुई

फ्रन्सीस फुकुयामाले, गएका ३० वर्षमा विश्व राजनीतिमा के परिवर्तन आयो भन्ने बारेमा लेखेकाछन् कि राजनीतिक वातावरण लोकतन्त्रको प्राप्तिले आशावादिता संगै लोकतान्त्रिक मन्दीको स्तरमा सर्ने काम भयो जसको परिणाम वाम वा दक्षिण भन्ने विभाजित राजनीति पहिचानमा सिफट भएको छ । दोश्रो ठूलो परिवर्तनमा प्रविधिको विकासले सामाजिक विभाजनहरूलाई बढावा दिदै मजवुत केन्द्रिय सत्ताका विरुद्धमा लोकतान्त्रिक संस्थाहरूको मजबूतिकरणमा काफी प्रभाव पारेको छ भन्ने निष्कर्ष निकाले ।

बदलिएको राजनीतिः

उपरोक्त दुई सन्दर्भलाई नेपाली राजनीतिमा सापट लिन खोज्दा धेरै कुराको अर्थ खोज्न सकिन्छ । खासगरी १०३ वर्षको राणा शासन, ३० वर्षको पंचायती शासन, झण्डै २० वर्षको संवैधानिक राजतन्त्रात्क संसदीय शासन त्यस पछिको डेढ दशकको गणतान्त्रिक शासन नेपाली राजनीतिका प्रमुख आयामहरू हुन । राणा शासनको अन्त पछिको संक्रमणकाल र त्यस पछिको पंचायत आफुलाई राणा काल र राणा शासनको अन्त पछिको संक्रमणकालभन्दा लोकतान्त्रिक नै दावा गरयो । पंचायतका ३० वर्षलाई निरंकुशतन्त्रको शासनका विरुद्ध ज्यानको वाजी लगाएर आन्दोलनका वलमा वहुदल प्राप्त गरेका कारणले निर्दलीय पंचायतका तुलनामा वहुदल स्वभावैले लोकतान्त्रिक हुने नै भयो । वहुदलीय संसदीय प्रणाली राजतन्त्र सहितको भएका कारणले पूर्ण लोकतन्त्रको आभाष दिलाउन नसकेको भन्दै राजतन्त्रको अन्तकालागि जनयुद्धको शंखघोष भयो । अन्ततः जनयुद्ध र जनआन्दोलनको संयुक्त प्रयत्नले राजतन्त्रको अन्त र गणतन्त्रको स्थापना भै छाडयो । आज सर्वाधिक लोकतान्त्रिक मानिएको विधि र पद्दतिका आधारमा निर्वाचित संविधानसभावाट वनेको संविधान वमोजिमको

शासन प्रणाली कायम छ । यसरी राणा शासन कालदेखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसम्म आईपुग्दा राजनीतिक रुपमा निकै ठूलो फडको मारेको छ । राजनैतिक आधारमा रुपमा नै वदलिएको भन्न सकिन्छ । तर राजनीति वदलिए पनि प्रवृत्ति नवदलिएको कुरा साँचो हो । आजका दिनमा जनतावाट निर्वाचित संविधानसभाले घोषणा गरेको संविधान छ । त्यो संविधानले राजतन्त्रको ठाँउमा गणतन्त्र, एकात्मक शासन प्रणालीका ठाउमा संघीय शासन प्रणाली, असमावेशी राजनीतिका ठाउमा समावेशी राजनीति र हिन्दु अधिराज्यका ठाउमा धर्मनिरपेक्षता जस्ता महत्वपुर्ण राजनैतिक उपलब्धीहरू संस्थागत भएका छन् । पहिलो निर्वाचित हुने परम्परागत निर्वाचन प्रणालीका ठाउमा मिश्रित निर्वाचन प्रणाली कायम भएको छ । राजनैतिक परिवर्तनको परिणाम आज ७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र एक संघीय सरकार गरी जम्मा ७६१ सरकारले काम गरेका छन् । ती सवै सरकारहरू यो संविधान र कानून वमोजिम राज्य शक्तिको प्रयोग गर्न सक्षम छन् । खास गरी आफनो अधिकार भित्रको विषयमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्वन्धि अधिकारका साथै कानुन वनाउने, वजेट वनाउने, नीति वनाउने, कार्यक्रम वनाउने र कार्यान्वयन गर्ने समेतका अधिकारहरू समान रुपमा सवै तहका सरकारहरूले गर्दछन् ।

नबदलिएको प्रवृत्तिः

भारतीय लेखक पवनकुमार बर्माले द ग्रेट इन्डियन मिडल क्लास नामक पुस्तक लेखे जसमा लेखकले आज मध्यम वर्गले के चाहन्छ ? भन्ने प्रश्नको जवाफ खोज्ने कोशिस गरेकाछन् । मध्यम वर्ग आर्थिक वृद्धि चाहन्छ । यसले अझ राम्रो जीवन, थप जागिर, राम्रो तलब, व्यापारका अवसरहरू, थुप्रै विकल्पहरू, सजिलो ऋण, कम मूल्य, विश्वस्तरीय शैक्षिक संस्थाहरू र बढ्दो स्टक एक्सचेन्ज देख्न र भोग्न चाहन्छ । सन् १९९१ को आर्थिक उदारीकरण पछि, यसले क्रमशः यी लाभांशहरूको आनन्द उठाइरहेको छ। आज, भारतीय मध्यम वर्गलाई विश्वको सबैभन्दा महत्वाकांक्षी वर्गको रूपमा दर्जा दिनै पर्छ । ये दिल मांगे मोर ! यदि यसले यी राम्रो चीजहरू पाउँछ भने, यो कसरी प्राप्त भयो संग उसको कुनै सरोकार रहन्न । मध्यम वर्गले लोकतन्त्रलाई सैद्धान्तिक संरचनाको रूपमा मन पराउँछ, तर यसले आफ्ना स्वार्थहरू पूरा गरेको हुनु पर्छ । सन् १९७५ मा इन्दिरा गान्धीले आपतकाल घोषणा गर्दा आरम्भमा मध्यमवर्ग उनको सबैभन्दा ठूलो समर्थनमा जुटयो । मध्यम वर्ग अलिकति कठोर शासनको विरोध गर्दैनन्, जतिवेलासम्म आधारभूत वर्गलाई मात्र दमनको निशाना वनाइन्छ । तर जव त्यो डण्डा आफु माथि पनि वर्षिन थाल्यो तव मात्रै उनीहरूले त्यो आपतकालको विरुद्ध विद्रोह गरे । यस अर्थमा, मध्यम वर्गले सहजै थाहा पाउँछ कि जब उलझन सुरु हुन्छ निस्सन्देह, मध्यम वर्ग असुरक्षित हुन्छ तब यसका प्राथमिकताहरू बदलिन्छन् ।

भारतीय लेखक पवन कुमारले अझै वढी राजनीतिक सन्दर्भ सहित व्याख्या गरे कि आरम्भमा नेहरू र गान्धी समाजवादी थिए । उनीहरू समाजवादभन्दा तलको कुरा सुन्नै चाहदैनथे । यो कुरा दिर्घकालिन कुरा थियो तर भारतीय मध्यम वर्ग जो थियो त्यो तत्काल आफनो स्वार्थ सिद्ध गर्ने तात्कालिन योजनाहरूमा राज्य केन्द्रित भैदियोस भन्ने चाहन्थ्यो । मध्यम वर्ग तत्काल राम्रो जागिर, राम्रा व्यापारिक अवसरहरू, सहजै आर्थिक वृद्धि जस्ता कुरा उ चाहन्थ्यो । यसो गर्न उदारवादले मात्रै सक्दथ्यो । उदारवादवाट वढी लाभान्वित हुने मध्यम वर्ग राज्यको समाजवादी नीतिका खिलाफमा ज्यान छाडेर लाग्यो । अन्ततः भारतलाई समाजवादी हुनवाट रोक्दै नवउदारवादी संसारमा प्रवेश गराइछाडयो । यति गर्दा सम्म पनि नेहरू र गान्धीले पत्तो पाएनन् ।

उपारोक्त भारतीय अनुभव नेपालको हकमा पनि हुवहु लागु हुन्छ । राणा विरोधी आन्दोलनमा सुब्बा कृष्णलाल अधिकारीको मकै पर्व होस कि चार शहिदहरूको वलिदान किन नहोस राजनीति एक प्रकारको

समर्पण त्याग र वलिदानको अर्को नाम थियो । राणा विरोधी निर्णायक आन्दोलनको रुपमा सशस्त्र क्रान्तिको थालनी नेपाली कांग्रेसको अगुवाइमा हुदा त्यहा पनि त्याग वलिदान र समर्पण वाहेक अरु केही भेटिन्न । २००७ सालको राणा राजा र काङ्ग्रेसका बीचको त्रिपक्षीय दिल्ली संझौतामा पनि व्यक्तिगत स्वार्थ हैन सामुहिक स्वार्थ राष्ट्रकै हित र प्रजातन्त्रकै कुरा थियो । राजाले अवको शासन व्यवस्था जननिर्वाचित विधान सभावाट वनेको विधान वमोजिमको गणतन्त्रात्मक हुनेछ भन्ने संवोधन होस वा कांग्रेसले देश र जनताको हित एवं प्रजातन्त्रको प्राप्तीकालागि राजा कांग्रेस र राणाका विचमा भए पनि संझौता गर्ने कुरामा कहि कतै व्यैयक्तिक लाभ हानिको हिसाव किताव देखिन्न । यहाँसम्म कुरा ठीकै थियो तर कुरा बिग्रियो मोहन शंसेर पछि नेपाली कांग्रेसको नेतृत्वमा वन्ने सरकारको आकार र प्रकारवाट । को प्रधानमन्त्री हुने को नहुनेवाट किचलो आरम्भ भयो । मातृका कि विपि भन्ने विवाद संविधानसभाको निर्वाचन कि संसदको भन्नेमा पुग्यो । अन्ततः अदालतको समेत प्रयोगमा संविधानसभाको हैन संसदको चुनावमा केन्द्रित भयो । संसदको चुनाव पनि भयो दुइतिहाईको सरकार पनि वन्यो । तर उक्त सरकारलाई डेढ वर्ष पनि शासन गर्न नपाउदै अपदस्त गरियो । नेताहरूलाइ जेल हालियो । पार्टी माथि प्रतिवन्ध लाग्यो र राजाको सैन्य कु मार्फत नेपालमा दलिय व्यवस्थाका विपरित निर्दलीय व्यवस्थाको थालनी गरियो । कालान्तरमा सो व्यवस्था निरंकुश पंचायती व्यवस्थाका नामले वदनाम भयो । निरंकुश पंचायती व्यवस्थाको आरम्भ संगै व्यापक रुपमा प्रचार गरियो संसदीय व्यवस्था असफल हुनाका कारणहरू । भनिएका ती कारणहरू वदलिएको राजनीति र नवदलिएको प्रवृत्तिका राम्रा उदाहरण हुन् ।

पंचायतका कालरात्रीका वावजुद पनि केही निहित स्वार्थी तत्वहरू राजनीतिकै नाममा राजाको सैनिक कूलाई पनि वत्ती वालेर स्वागत गर्ने र पंचायत छिरेर संसदीय व्यवस्था असफल हुनाका कारणहरू प्रचार गर्ने र व्यैयक्तिक स्वार्थमा लिन हुन पुगे । जसका कारण राजनीति निष्ठा हो, राजनीति त्याग हो राजनीति समर्पण हो र राजनीति वलिदान हो भन्ने कुरामाथि प्रश्न चिन्ह उभियो । राजनीति नीजि स्वार्थ सिद्ध गर्ने साधन हो भन्ने ओरालो यात्रामा लाग्यो । यसैबिच पनि तत्कालिन मालेको झापा विद्रोह, कांग्रेसको निरन्तरका आन्दोलन, निर्वासन, क्रान्तिकालागि वर्मावाट हतियार वन्दोवस्त र पैसाकालागि जहाज अपहरण सम्मको साहसिक कार्यले फेरि राजनीति समर्पण, त्याग र वलिदान नै हो भन्ने पुनस्थापित गरिदियो । नेपाली कांग्रेसले संचालन गरेको सत्याग्रहले जेल जान लामवन्दीको अभियानको झल्को दिन्थ्यो भने माओवादीको जनयुद्धले देश र जनताकालागि प्राणको आहुति दिनु जतिको उच्च कर्म अरु केही हैन भन्ने संस्कृति नै स्थापित गरिदियो । संयुक्त जनआन्दोलनका वेला लोकतान्त्रिक गणतन्त्र र संविधानसभाकालागि जेल जाने मुद्दा लाग्ने र ज्यान जाने कुरा केही हैन र केही छैन भन्ने अभ्यास पनि भयो । यसरी कांग्रेसले आरम्भ गरेको ७ सालको क्रान्ति, मालेले आरम्भ गरेको झापा विद्रोह र माओवादीको जनयुद्ध नेपाली राजनीतिका त्याग वलिदान र समर्पणका उच्चतम उदाहरण हुन् जसले राजनीति वदल्न योगदान गरे । राजनीति वदल्न त्यस प्रकारको उच्च वलिदान गर्नेहरू नै वदलिएको राजनीतिमा समाहित हुन सकेनन् । सात साल पछिको आजसम्मको कांग्रेस होस वा २८ सालको झापा विद्रोहको तत्कालिन मालेले थालेको अभियान वा ५२ सालमा माओवादीले आरम्भ गरेको जनयुद्ध पछिको आजसम्मको माओवादी नै किन नहोस त्यो संस्कार र संस्कृतिलाई धानेको देखिएन । हिजो नीजि स्वार्थ तिलान्जली दिन तयार पात्रहरू आज नीजि स्वार्थमा लिप्त भएको देखियो । यसो हुनुको कारण वदलिएको राजनीति र नवदलिएको प्रवृत्तिका विचको अन्तरविरोध हो भन्ने स्पष्ट हुन्छ ।

पुरानो प्रवृत्तिको निरन्तरताः

राणा विरोधी आन्दोलन होस वा राजा विरोधी आन्दोलन नै किन नहोस नेपाली राजनीतिमा किर्तिमान

कायम गऱ्यो । राजा र राणा शासनका विकृति विसंगतिको भरमार विरोध गरियो । तिनको नांगेझार पनि गरियो । त्यस खाले संस्कार संस्कृति र विकृतिको समूल नष्ट गर्ने उद्देश्यले अथक प्रयत्नहरू भए । यिनै प्रयत्नका कारण ती संस्कार संस्कृति र विकृतिका वाहकहरूमा समेत थोर वहुत प्रभाव परयो तिनले आफना व्यवहारमा परिवर्तन परिमार्जन गर्ने प्रयत्न पनि गरे । जव त्यो प्रवृत्ति वाहकहरूको शासन प्रणाली समुल नष्ट भयो आन्दोलनकारीहरूका हातमा शासन पनि आयो तर पुरानो प्रवृत्ति नयाँ शासकहरूमा सर्लक्कै सरयो भन्ने आरोप छ । पुराना प्रवृत्तिका विरुद्ध लडदा लडदै त्यही प्रवृत्तिका आदत र संस्कारहरू आफुमा समाहित भएको भान पनि पर्न थालेको छ । पुराना मान्छेहरूका प्रवृत्तिलाई वोकेका नयाँ मान्छेहरूको शासन पद्दतिमा आधारभूत परिवर्तन आउन सकेन । आम जनताले हिजो जे समस्या भोगेका थिए आज पनि ती समस्याहरू भिन्न ढंगले निरन्तरतामा नै छन् । जुन प्रवृत्तिका विरुद्ध संघर्ष भएको थियो त्यही प्रवृत्ति आज पनि छ । फरक यत्ति छ कि पुरानो प्रवृत्तिका वाहक हिजो अर्कै शासक थिए आज अर्कै भएका छन् । कुरा यत्ति हो कि हिजो राणा र पंचहरूले त्यसो गर्थे आज कांग्रेस वा कम्युनिष्ट वा नयाँ भनिएका पार्टीका नेताहरूले गर्ने गरेका छन् भन्ने नै आम वुझाई छ । यसो हुनु भनेको पुरानो प्रवृत्तिको निरन्तरता वाहेक केही होइन ।

नयाँ शैलीमा पुरानो व्यवहारः

हिजो जागिर खान पासपोर्ट लिन वा अरू कामकालागि पुलिस रिपोर्ट चाहिन्थ्यो आज पार्टी रिपोट अनिवार्य जस्तै भएको छ । हिजो पुलिस मार्फत शासन गरिन्थ्यो आज पार्टी मार्फत शासन चल्छ । त्यसैले हिजो पुलिस रिपोर्ट आज पार्टी रिपोर्ट वन्न पुग्यो । पात्र फेरियो प्रवृत्ति फेरिएन भनेको यही हो । हिजो राजदरवारमा राजा थिए आज शितलनिवासमा राष्ट्रपति छन् । स्थान, पात्र, व्यवस्था उद्देश्य सवै फेरिएको छ तर हिजो राजाको सवारी चल्थ्यो आज राष्ट्रपतिको चल्छ । हिजो राजा शक्ति पिठको दर्शन गर्थे आज राष्ट्रपतिले गर्छन । हिजो शासन दरवारवाट चल्थ्यो आज पार्टीका कार्यालयवाट चल्छन् भन्ने मान्यता जवर्जस्त स्थापित भएको छ । शासन शैलीमा वदलाव आएको छ तर पात्रहरूको प्रवृत्तिमा समानता छ । सेवा प्रवाहको तरिकामा वदलाव आएको छ तर सामस्याको प्रवृत्तिमा निरन्तरता छ । यसो हुनुको पछाडि राजनीति वदलियो प्रवृत्ति वदलिएन भन्ने निष्कर्ष नै सही हो भन्ने कुरा पुष्टि हुन्छ ।

अपारदर्शी कार्यशैलीः

सूचना र प्रविधिको आजको दुनियामा कोही कसैको व्यवहार पनि कसैका सामु छिपेको छैन भन्ने कुरा दुनियालाई थाहा छ । तैपनि शासन संचालनमा रहने पदाधिकारीहरूको व्यवहारमा अपारदर्शीता वढदो छ । मानिसहरू पदाधिकारीहरूलाई शंकाको नजरले हेर्छन पदाधिकारीहरू आफनो व्यवहारको वैधानिक पुष्टि गर्न असमर्थ छन् । वैधानिक आम्दानीको श्रोत कुनै देखिदैन तर जीवनशैली ऐयाशी छ । ऐयाशी जीवनशैलीको औचित्य दुनियाले खोजिरहेको छ तर उ त्यसको औचित्यपुष्टि गर्न आवश्यक ठान्दैन । आम्दानीको श्रोत पुष्टि गर्ने दायित्व सम्वन्धीत पक्षकै हो भन्ने कुरा कानूनले घोषणा गर्दछ । तर कानूनको त्यो व्यवस्था कहिल्यै प्रचलनमा आउदैन । राज्यको यो कमजोरीको फाईदा अपारदर्शी जीवनशैली व्यतित गर्नेहरूले उठाइरहेकाछन् । यो फाईदा उठाउन पाउदासम्म उनीहरूको मतिमा सुधार हुने देखिन्न ।

अपारदर्शीतालाई वढावा दिने समाजः

पात्र वदलिए प्रवृत्ति वदलिएन । राजनीति वदलिएको प्रवृत्ति वदलिएन । वदलिन पर्ने वाध्यात्मक व्यवस्था कानून संविधान राजनीतिले गराए पनि समाज तदनुकूल वदलिएन । यही नवदलिएको समाजले पात्रहरूको प्रवृत्ति नवदल्नमा योगदान गऱ्यो । समाज अपेक्षामुखी छ । कुनै वैधानिक आम्दानीको श्रोत नभएको राजनीतिक नेता वा

कार्यकर्ता समाजमा जाँदा हाम्रो समाज अपेक्षाको हात पसार्छ । हाम्रो समाज मनी मशलको अपेक्षा राख्दछ । वैध वा अवैध सहायताको आशा गर्दछ । आम्दानी भए पनि नभए पनि पदाधिकारी समाजको अपेक्षा पुरा गर्न वाध्य छ । वैधानिक आम्दानीले समाज जनता र कार्यकर्ता समर्थक सुभचिन्तकको अपेक्षा पुरा गर्न नसक्दा अवैधानिक आयको साहारा लिन उ वाध्य छ । आफनो स्वार्थ पूर्तिकालागि हाम्रो समाज कुनै पनि पदाधिकारीलाई अवैधानिक आम्दानी गर्न दुरुत्साह गर्न पछि पर्दैन ।

अन्तमा

कालान्तरमा राजनीति वदलियो समाज वदलिएन पात्र वदलियो प्रवृत्ति वदलिएन भन्ने निष्कर्षमा पुग्न वाध्य वनाउछ । त्यसैले कसैलाई उपदेश दिने हैन वरु जो जहाँ छ त्यहीवाट परिवर्तित राजनीति वमोजिमको प्रवृत्ति वदल्न कोशिस गर्नुछ । अन्ततः यसको शुरुवात राजनीतिक नेतृत्व वाटै गर्न जरुरी छ । राजनीति वदलियो पात्र वदलिए प्रवृत्ति पनि वदलियो भने परिणाम फरक ढंगको हासिल हुन्छ । जव राजनीति वदलिए वमोजिम पात्रको प्रवृत्ति पनि वदलियो भन्ने सन्देश जान्छ तव समाज जनता र तिनका अपेक्षा अनिवार्य रुपमा वदलिन्छन् । त्यसैले वदलिएको राजनीति नवदलिएको प्रवृत्ति अव सधैभर गाउने कर्ण पृय गीत पनि हैन त्यस्तो गित वन्न दिन पनि हुदैन । अव वदलिएको राजनीति वदलिएको पात्र र प्रवृत्तिका साथमा वदलिएको परिणाम र त्यो परिणाम जनताको र समाजको अपेक्षा पुरा गर्ने खालको हुनेछ भन्ने आशा विश्वास र भरोसाको राजनीति आजको प्रवृत्ति वन्न जरुरी छ ।

नेपाल कता ?



• डा. जयराज आचार्य

१. राष्ट्र निर्माण

सन्दर्भ हेरिकन राजनीतिका विभिन्न परिभाषा हुन सक्छन् । तर राजनीतिको उच्चतम स्वरूप या प्रकृतिलाई हेर्ने हो भने यसो भन्नु उचित होला - 'राष्ट्रिय गन्तव्य निर्धारण गरेर त्यसको सम्प्राप्तिका लागि अघि बढ्नु नै राजनीति हो' । यति भनिसकेपछि हामीले नेपालको राजनीतिको प्रारम्भ बिन्दु देखिकै विवेचनात्मक अध्ययन गर्नुपर्छ । आधुनिक नेपालको इतिहास पृथ्वीनारायण शाहले शुरू गरेको राष्ट्रिय एकीकरण अभियानबाटै शुरू हुन्छ । त्यस समयको परिस्थिति हेर्दा के देखिन्छ भने भारतको गङ्गा मैदानका राज्यहरूमाथि इष्ट इन्डिया कम्पनीको आधिपत्य क्रमशः फैलिँदै र सुदृढ हुँदै गइरहेको थियो । अनि नेपाली पहाडका बाइसी चौबिसी राजा रजौटाहरू एकीकृत नहुने हो भने उनीहरू एकएक गरी भारतका राज्यहरू जस्तै इष्ट इन्डिया कम्पनीको गास बन्ने सम्भावना टड्कारो देखिन पनि थालेको थियो । तर नेपालको एकीकरणको लागि सद्बुद्धि र सत्प्रयास गर्ने काम कसैमा देखिएन । सौभाग्यवश त्यो बुद्धि, साहस र सङ्कल्प पृथ्वीनारायण शाह र गोर्खाली जनतामा नै देखियो । सबैभन्दा उल्लेखनीय कुरा के छ भने अत्यन्त सीमित मानवीय र अन्य साधन स्रोत भईकन पनि त्यसलाई सर्वाधिक समन्वित र प्रभावकारी र ढङ्गले परिचालन गर्न सक्षम हुँदा गोर्खाजस्तो सानो राज्यले आँटेको काम (एकीकरण अभियान) पनि अघि बढ्न सक्यो । त्यसैको परिणाम आजको नेपाल हो ।

कतिपय मानिसले नेपालको एकीकरण अभियानलाई पृथ्वीनारायण शाहको व्यक्तिगत महत्वाकांक्षा मात्र थियो भनेको पनि सुनिन्छ । तर विचारणीय कुरा के छ भने वि. सं. १८३१ मा उनको मृत्यु भएपछि पनि लगभग ४० वर्ष पछिसम्म त्यो अभियान चलिरह्यो र उनले भविष्यवाणी गरे अनुसार नै अंग्रेजसँग युद्ध पनि भयो र सुगौली सन्धिमा पुगेर टुंगियो । अर्को विचारणीय कुरा के छ भने उनको राजगद्दीका उत्तराधिकारीहरू कोही अल्पायुमै र कोही छोटो शासनकालपछि एकएक गरी मरेपनि अमरसिंह थापा, वंशराज पाँडे, दामोदर पाँडे, बलभद्र कुँवर, भक्ति थापा आदि अनेकौं नेपाली वीरहरूले त्यस अभियानलाई चलाइरहे र आफ्नो प्राणको आहुति सम्म दिए । किनकि त्यो अभियान केवल राजाको महत्वाकांक्षा थिएन, त्यसमा वीर सेनापतिहरू लगायत सबै जनताको अपनत्व थियो । त्यस्तो राजनीतिलाई उच्च कोटिको राजनीति मान्नुपर्छ जसमा राष्ट्रिय अभियानका लागि राज्य र जनताका बीच परस्पर विश्वास, भरोसा र परिणाममुखी सहकार्य होस् । आजको नेपालमा त्यो छैन ।

२. प्रगति र मुक्ति

राजनीतिको अर्को परिभाषा भन्नु 'मानव जातिको प्रगति या मुक्तिको प्रयास नै हो' जसलाई यसको उच्च आदर्श या लक्ष्य भन्नुपर्छ । तर यो प्रगतिको बाटो सरल र अव्याहत गतिमा अघि बढिरहन नसक्ने रहेछ । शायद त्यही कारणले गर्दा इतिहासमा युद्ध, क्रान्ति र प्रतिक्रान्तिको दौर चलिरहेको देखिन्छ । जब मानवले

आफ्नो सुरक्षा, स्वतन्त्रता, शान्ति र समृद्धिको लागि एकीकृत र सुदृढीकृत राज्यको व्यवस्था खडा गर्छ तब केही महत्वाकांक्षी मानिसले त्यस व्यवस्थाको बागडोर आफ्नो हातमा लिन कोशिश गर्छन् । त्यस प्रयासमा जसले सफलता पाउँछ ऊ शक्तिशाली तानाशाह बन्छ र जनताको सुरक्षा र मुक्तिका लागि अघि बढ्ने प्रयासमा ऊ अवरोधक बन्छ । विश्वका सबै देशका तानाशाहको स्वभाव त्यस्तै देखिन्छ ।

३. नेपालका ऐतिहासिक अवरोधहरू

नेपालको इतिहासमा जङ्गबहादुर राणाको कोत पर्व र उनका पारिवारिक उत्तराधिकारीको शासन त्यस्तै अवरोधको एउटा उदाहरण हो । राणा परिवारको शासन १९०३ देखि २००७ सालसम्म १०४ वर्षसम्म रह्यो । त्यस अवधिमा नेपाली जनताको आर्थिक, समाजिक, शैक्षिक, सांस्कृतिक सबै प्रगति अवरुद्ध भयो । एउटा परिवारले आफूलाई पूरै राष्ट्र सम्झिन थाल्यो । मानौं राज्यव्यवस्था भनेको उसको पारिवारिक मामिला हो । फ्रान्सका राजा लुई चौधौंले पनि भनेका थिए रे 'राज्य ? त्यो त मै हुँ नि !' । जङ्गबहादुरको कठोर र अत्याचारी शासनको विरोधमा लखन थापा (१८९१-१९३३) र केही अरू वीरहरू त उठे तर उनीहरू सबै मारिए । यस्ता घटनाहरूका कारण राणाशासन अन्तर्गत नेपाली जनता अशिक्षा र गरिबीको जाँतोमा पिसिएर बाँच्नु-मर्नुको दोसाँधमा रहन बाध्य भयो । त्यो असह्य पीडा थियो तापनि जनताले केही गर्न सक्ने अवस्था थिएन । त्यसताका नेपालको साक्षरता शायद २ प्रतिशत पनि थियो कि थिएन भन्न गाह्रो छ ।

प्रथम विश्वयुद्ध (१९७१-१९७५) मा भाग लिएर आएका केही नेपालीले नेपाल बाहिरको संसार कस्तो रहेछ भन्ने देखेका थिए । तीनमा केही राजनीतिक चेतना हुनु स्वाभाविक पनि थियो । साथै बनारस, कलकत्ता, लखनऊ, पटना, दार्जीलिङ्ग आदि उत्तर भारतका शहरमा पाएको सम्पर्कका कारण केही नेपालीहरू नेपाल भित्रको वातावरणमा उकुसमुकुस अनुभव गर्थे भन्ने अनुमान पनि गर्न सकिन्छ । वि.सं. १९७५ भाद्र १२ बाट पढाइ शुरू भएको त्रि-चन्द्र कलेज भवनको उद्घाटन गरेपछि चन्द्र शमशेरले 'आज मैले आफ्नो खुट्टामा बञ्चरो हानेर आएको छु' भनेका थिए रे । शासकमा शिक्षा प्रति त्यस्तो नकारात्मक भावना थियो ।

भीम शमशेरको पालामा १९८७ सालमा लाइब्रेरी खोल्न लागेको आरोपमा लक्ष्मीप्रसाद देवकोटा लगायतका यूवाहरूलाई जनही १०० रूपिया दण्ड गरियो भने कतिपयलाई जेल हालियो । स्मरणीय छ त्यही साल पश्चिमी जगतका अन्तरिक्ष अनुसन्धाताहरूले 'प्लुटो' नामक नयाँ ग्रह पत्ता लगाएका थिए । उतातिर त्यस्तो ज्ञानको खोजी हुँदै गर्दा नेपालका शासकमा भने शिक्षा र सामाजिक प्रगति प्रति पनि त्यस्तो असहनशीलता थियो । खड्गमान सिंह लगायत केही यूवाले १९८८ सालमा 'प्रचण्ड गोर्खा' नामक समूह बनाई नेपालमा संसदीय व्यवस्था खडा गरी देशको शासन चालाउनुपर्छ भन्ने कुरा गरेका थिए तर ती पनि सबै जेल परे । तैपनि स्वतन्त्रताको खोजीको यात्रामा मानिस अघि बढि रहन चाहन्छ । वि. सं. १९९७ सालमा चार शहीदहरूको हत्या र बाँकी केहीलाई आजीवन कारावास पनि त्यही स्वतन्त्रताको खोजीको यात्राको कोसे ढुङ्गा हो । नेपालमा घटेका ती घटनाहरू राजनीतिको उच्च आदर्श, लक्ष वा गन्तव्यतिर अघि बढ्न लाग्दा यस्ता अवरोधको सामना गर्नुपर्ने हुन्छ भन्ने उदाहरणका रूपमा थिए । वि. सं. १९९७ सालमा चार शहीदहरू (शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल) लाई शासकहरूले मृत्युदण्ड दिएर सार्वजनिक रूपमा उनीहरूका लास रूखमा झुण्ड्याउने सम्मका घटना देखेपछि कतिपय मानिसलाई लागेको थियो कि अब राणाशासन पल्टाएर फाल्ने जनताको उद्यम सदाका लागि अन्त्य भयो । तर त्यसको ठीक उल्टो भयो । शायद त्यसै घटनाले गर्दा जनतामा विद्रोहको भावना भित्रभित्र भुसको आगोझैं झन् फैलिन थालेको थियो ।

४. परिवर्तनको हावा

नेपाल बाहिर दोस्रो विश्वयुद्ध (वि. सं. १९९६-२००२) चल्यो । त्यसमा नेपालले पनि भाग लिएको थियो जसको प्रभाव जनमानसमा केही त अवश्य नै परेको थियो । नजिकैको छिमेकी भारतमा महात्मा गान्धीको नेतृत्वमा चलेको स्वतन्त्रता संग्रामले २००४ सालमा सफलता पायो । उता चीनमा २००६ सालमा कम्युनिष्ट क्रान्ति भयो । यी सब महत्वपूर्ण घटनाको असर नेपालमा नपर्ने कुरै भएन । वरपर सामाजिक-राजनीतिक परिवर्तन र स्वतन्त्रताको हावा वहेको अनुभव हुन्थ्यो । थोरबहुत शिक्षित नेपालीले नेपालको र खासगरी ग्रामीण नेपालको गरिबी र दुर्दशा देखेका थिए । यस्तै प्रसङ्गमा मध्य नेपालको लमजुङ्ग जिल्लाको दुराडाँडामा श्रीकान्त–लगायत केही अधिकारी ब्राह्मणहरूले हलो जोते जुन परम्परागत रूपमा ब्राह्मणहरूका लागि वर्जित काम थियो । त्यस घटनाले त्यतातिरको समाजमा एउटा तरङ्ग नै ल्यायो । तनहुँका केही ब्राह्मणले पनि हलो जोते । लमजुङ्गका ब्राह्मणहरूलाई राणा सरकारले पोखरा लगेर थुन्यो । जनताले चाहेको उन्मुक्तिको सानो प्रयासलाई पनि सत्ताधारीले नसहेको अर्को उदाहरण थियो त्यो । तनहुँका हलोजोत्ता ब्राह्मणहरू भने आफ्नै बन्धुहरूबाट बहिष्कृत भए । ती सबै घटना नेपाली ग्रामीण समाजमा समेत आउन थालेको उथलपुथलका भुल्काहरू थिए । समाजले प्रगतिपथमा लम्किन लाग्दा त्यस्ता अवरोधको सामना गर्नुपर्ने कुरा विश्वव्यापी तथ्य हो ।

समाजमा परिवर्तन आउनका लागि समाजको आन्तरिक जीवनशक्ति र बाह्य वातावरणले दिने ताप दुवैले काम गर्छन् । कुनै चराको बचेराले अण्डाभित्रबाट बाहिर निस्कनका लागि प्रयास गरिरहन्छ भने बाहिरबाट उसको माउ आमाले ताप दिएर त्यसलाई मद्दत गर्छे जसलाई हामी ओथारो बस्ने भन्छौं । दुवैको प्रयासबाट बच्चा बाहिर निस्कन्छ । वि. सं. २००७ सालको नेपालको आन्तरिक उकुसमुकुसले निकास खोज्न थालेको कुरा शहीदहरूका साथै राजा त्रिभुवनका प्रयासहरूमा पनि झल्किन्थे । प्रथम विश्वयुद्ध र द्वितीय विश्वयुद्धबाट फर्केका केही मानिस, अनि देशभित्रका केही शिक्षित नेपालीहरूमा प्रगतिको चाहना स्वाभाविक थियो । त्यसकारण २००७ सालको क्रान्तिको बाटो सदाका लागि अवरुद्ध हुन सक्ने थिएन । त्यसै समयमा भारत र चीनमा समेत ठूलो परिवर्तन आयो जसको बाहिरी ताप नेपालमा नपर्ने कुरा पनि भएन । फलतः २००७ सालको क्रान्तिले राणा परिवारको एकाधिकारी शासन समाप्त भयो ।

५. परम्परा र आधुनिकता

वि. सं. २००७ सालमा राणा परिवारको समाप्तिका विषयमा विचारणीय कुरा के छ भने नेपाली जनता स्वतन्त्रता र प्रजातन्त्रको संस्थागत विकास चाहन्थे भने त्यसै घटनामा सहभागी राजसंस्था भने परम्परागत राजकीय शासनशक्ति आफ्नो हातमा आए पुग्छ भनी ठान्दथ्यो । दुवै शक्ति राणाशासन समाप्त गर्ने एउटै उद्यममा त थिए तर अलग-अलग स्वार्थमा । त्यसले के पनि देखायो भने समाजमा परम्परागत शक्ति र आधुनिकतातर्फको परिवर्तनकारी शक्तिका बीचको तानातान स्वभावतः चलिरहन्छ । आखिर नेपालमा त्यस्तै नै भयो । संविधान सभाको चुनाव होस् र संविधान बनोस् र त्यसबाट जनताप्रति उत्तरदायी प्रजातान्त्रिक सरकार र संस्थाहरू बनून् भनी जनता चाहन्थे तर राजा भने त्यो चुनाव जसरी भएपनि पन्छाइरहने र चुनाव गराउनै परेमा ढिलो गरी गराउने प्रयत्नमा थिए । आखिर कुनै चुनावै नगराईकन राजा त्रिभुवन २०११ सालको अन्त्यमा मरे । उनका छोरा महेन्द्रले पनि संविधान सभाको चुनावको कुरा हर तरहले पन्छाइरहे ।

अन्त्यमा २०१४ सालको सविनय भद्र अवज्ञा आन्दोलनको दवाबपछि एउटा चुनावी सरकार गठन गरेर संविधानसभाको चुनाव नगराई आफैं संविधान जारी गरेर राजा महेन्द्रले २०१५ साल फागुनमा संसदको चुनाव गराए । तर आम चुनावको परिणाम राजाका लगि अप्रत्याशित आयो । संसदका १०९ सीटमध्ये ७४ सीट नेपाली

कांग्रेसले जित्यो । सात सालको क्रान्तिपछि २००८ सालमा दुराडाँडामा मात्रै एकैसाथ १२ वटा प्राथमिक विद्यालय खोल्ने श्रीकान्त अधिकारीजस्ता नेतालाई जनताले विजयी गराए । त्यसबाट एकातिर एकैपटक एउटा गाउँमा १२ वटा प्राथमिक विद्यालय खोल्नुले जनतामा शिक्षाको भोक कति रहेछ भन्ने देखियो भने अर्कातिर जनताको जीवनमा सार्थक प्रभाव पार्ने हलो क्रान्ति र विद्यालयको संस्थापना जस्ता रचनात्मक क्रियाकलापको जनतामा परेको छापको परिणाम कस्तो थियो भन्ने पनि देखियो । त्यतिखेर नेताहरू समाजमा सार्थक परिवर्तन गर्ने क्रियाकलापहरूमा केन्द्रित थिए ।

६. अग्रगति र पश्चगति

तर संसदीय चुनावपछि फेरि जनताको अग्र गतिको चाहना र राजाको परम्परागत शक्ति आफ्नो हातमा यथावत् राखिरहने चाहना बीच चर्कोरूपमा असामन्जस्य देखिन थाल्यो । २०१७ साल पुष १ गते राजा महेन्द्रले सैनिक कू गरेर राज्यको सम्पूर्ण शक्ति आफ्नो हातमा लिए । त्यो असामन्जस्यलाई कतिले राजा महेन्द्र र प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोईरालाको बीच व्यक्तित्वको टकरावका रूपमा व्याख्या गर्छन् तर त्यो दुई व्यक्तिको व्यक्तित्वको टकराव मात्रै थिएन । दुईवटा भिन्न शक्तिको बीच टकराव थियो । राजा महेन्द्र 'परम्परागत शक्ति र यथास्थितिका प्रतिनिधि' थिए भने वी. पी. कोइराला जनताको परिवर्तनकारी चाहनाको या भनौं नेपालको 'आधुनिकीकरणका प्रतिनिधि शक्ति' थिए । राजा महेन्द्रले जुन कदम चाले त्यो वी. पी. कोइरालाका विरुद्ध मात्रै थिएन अपितु त्यो त संसदीय व्यवस्थाकै विरुद्ध थियो । त्यसैले वी. पी. कोइराला र उनको पार्टी नेपाली कांग्रेसका नेताहरू मात्र थुनिएनन् । विपक्षी दलका नेताहरू समेत थुनिए । अझ सबै राजनीतिक दलहरू प्रतिबन्धित भए । त्यो भनेको परम्परागत शक्तिले आधुनिकताको शक्तिमाथि गरेको क्षणिक विजय या दमन थियो, इतिहासको लामो यात्रामा ।

यद्यपि राजा महेन्द्रको निधनपछि राजा वीरेन्द्रको पालामा पञ्चायत व्यवस्थालाई अझ कठोर बनाइएको थियो तथापि तर एक न एक दिन जनताको स्वतन्त्रता र प्रजातन्त्रको चाहना प्रकट नभएर छाड्दैनथ्यो । वि. सं. २०३६ सालमा त्यो जनचाहना विद्यार्थी आन्दोलनको रूपमा फेरि प्रकट भयो । त्यो विद्यार्थी आन्दोलन पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई फाँसी दिएको विरोधमा उठेको जुलुसमाथि दमन गर्दा शुरू भएको थियो तथापि त्यसले स्वदेशभित्र गुम्सिएर रहेको उकुसमुकुसको निकास खोजेजस्तो देखियो । आन्दोलनको फलस्वरूप राजा वीरेन्द्रले जनमत संग्रहको घोषणा गरे जसलाई यथास्थिति (सुधारिएको पञ्चायती व्यवस्था) र बहुदलीय व्यवस्थाका बीच छनौट गर्ने मध्यम मार्गीय निकासका रूपमा बुझ्न सकिन्थ्यो । तर जनमत संग्रहको परिणाम अनपेक्षित रूपमा पञ्चायतको पक्षमा आएको घोषणा गरियो । वी. पी. कोइरालाले त्यस परिणामलाई स्वीकार गर्दै वक्तव्य दिनुको पछाडि के तर्क थियो भने राजाले कमसेकम पञ्चायती व्यवस्था जनताको स्वीकृति (म्यान्डेट) पाएर त्यसैको आधारमा सञ्चालित भएको हो भन्ने कुरा स्वीकार गरे जुन सिद्धान्ततः प्रजातान्त्रिक भावना (जनताको निर्णायक भूमिका) को प्रतिबिम्बन थियो । हुन पनि त्यसपछि राजनीतिक पार्टीहरू आफ्नो नाम अगाडि प्र. (प्रतिबन्धित) लेखेर साइनबोर्ड समेत झुण्ड्याई अफिस सञ्चालन गर्न पाउने भए । त्यो जनताको स्वतन्त्रताको चाहनातर्फ थोरै मात्र भएपनि प्रगतिको द्योतक थियो ।

तर साथसाथै पञ्चायतका पक्षधरहरू भनौं या राजावादीहरूको ज्यादती पनि बढिरहेकै थियो भने २००७ सालमा जस्तै २०४६ सालमा र २०६२-६३ को आन्दोलन अघि भएको १२ बुँदे सम्झौतामा छिमेकी भारतको भूमिका फेरि देखियो जसलाई भारतीयहरू नेपालमा 'परिवर्तनकारी भूमिका' भन्छन् तर त्यसलाई नेपालीहरू 'हस्तक्षेप' नै भन्छन् । राजा वीरेन्द्रले चीनबाट हातहतियार ल्याएको विषयमा अप्रसन्न भारतले नेपालविरुद्ध २०४६ सालको

शुरूदेखि नै नाकाबन्दी गऱ्यो । फलतः पञ्चायती शासन व्यवस्था विरुद्ध नेपाली जनतामा गुम्सिरहेको असन्तोषमा अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरूको अभाव समेत थपिँदा आगोमा घिउ हालेजस्तो भयो र २०४६ माघमा नेपाली कांग्रेसको सम्मेलनले त फागुनदेखि 'जन आन्दोलन' शुरू गर्ने निर्णय नै गऱ्यो । अनि त्यस आन्दोलनको दवाब खप्न नसकी राजा वीरेन्द्रले दलहरूमाथिको प्रतिबन्ध फुकुवा गरे चैत्र २६ मा । संसदीय व्यवस्था पुनः स्थापित भयो । २०४७ सालमा नयाँ संविधान लेखियो र २०४८ सालमा संसदीय चुनाव भयो । वि. सं. २०१७ सालमा जनताको हातबाट गुमेको अधिकार पुनः जनतामा आयो । राजा संवैधानिक प्रजातन्त्रका प्रतिनिधि भए । तर घटनाक्रम हेर्दा नेपालका 'जननेताहरू' संसदीय प्रजातन्त्रको अभ्यास गर्नमा कमजोर नै देखिए । निर्वाचित सरकारलाई ३० दिनमै ढाल्छौं भनेर प्रतिपक्षीले सडकमा प्रदर्शन, जुलुस र तोडफोड गर्न थाले जुन निर्वाचित सरकार सञ्चालन गर्ने प्रजातान्त्रिक प्रक्रियाको विपरीत थियो । अनि सत्तासीन पार्टी साह्रै झिनो बहुमतमा हुँदाहुँदै पनि लापरवाहीपूर्ण ढङ्गले चल्दा आफैँ फुटेर 'छत्तीसे' र 'चौहत्तरे' नामले बोलाइने गुटमा परिणत भयो । संसद भंग गरेर मध्यावधि चुनावमा गइयो ।

७. विश्रृत्तलता र बेहोशी

पञ्चायती व्यवस्थाका विरुद्ध तीन दशक लामो संघर्ष गरेर स्थापित संसदीय व्यवस्था बदनाम होला भन्ने डर नेताहरूमा हुनुपर्ने थियो तर त्यो नभएको देखियो । नेपालको लागि त्यो दुर्भाग्य थियो । अनपेक्षित रूपमा वि.सं. २०५१ मा देश मध्यावधि चुनावमा जाँदा त्यसको परिणामले कुनै पनि पार्टीलाई स्पष्ट बहुमत दिएन । फलतः त्रिशंकु संसद् बनेपछि शुरू भयो दलबदली र सरकार परिवर्तनको अनन्त अस्थिर श्रृङ्खला । यस्तो राजनीतिक अस्थिरता अमेरिका र बेलायतमा त कमै देखिन्छ; भारत र बंगलादेशमा समेत यो कमै देखिन्छ । पाकिस्तान र अफगानिस्तानको चाहिँ दुरवस्था नै छ । यस विषयमा उल्लेखनीय कुरा के छ भने दुईजना अमेरिकी विद्वान प्रोफेसरहरू डारेन आसमुग्लु र जेम्स रबिन्सनले सन् २०१२ (वि. सं. २०६८) मा छापेको 'किन राष्ट्रहरू असफल हुन्छन् (ह्वाइ नेशन्स फेल?)' भन्ने एउटा किताब छ जसमा तीन देश (हैटी, आफगानिस्तान र नेपाल) लाई प्रजातन्त्रका संस्थाहरू विकास गर्न 'असफल' राष्ट्रका रूपमा एकैसाथ जोडेर पाँचपटक उल्लेख गरिएको छ । ती विद्वान् हाम्रा मित्र या शत्रु केही पनि होइनन् । तीनले जे देखे त्यही लेखे । संस्थाहरू बन्न नसक्नु नेपालको दीर्घरोग भएको छ ।

त्यसमाथि नेपालको थप दुर्भाग्य के भयो भने २०५२ साल फागुन देखि माओवादी युद्ध शुरू भयो जसको कुनै व्यावहारिक राष्ट्रिय भिजन र गन्तव्य थिएन । त्यो १० वर्ष लामो युद्ध, बैंकहरूको लुटपाट, १७,००० नेपालीको मृत्यु, कयौं सरकारी भवन, पुल र एयरपोर्ट लगायत भौतिक संरचनाहरूको विध्वंस, संविधान सभाको चुनावपछि माओवादीले नेतृत्व गरेका दुईवटा सरकारले संविधान बनाउन नसकेको र माओवादीका नेता तेस्रो पटक प्रधानमन्त्री भएर हजारौंलाई शहीद घोषणा गर्दा पनि नटुंगिएको शान्ति प्रक्रिया आदि हेर्दा त्यसले देशलाई केवल अस्थिरता, अविकसितता र पछौटेपन मात्रै दिएको देखियो । यस्तो देखियो मानौं भर्खर पुनः स्थापित भएको प्रजातान्त्रिक प्रणालीलाई भत्काइदिने र देशको राजनीतिमा स्थिरता आउन नदिने बाहेक त्यस युद्धको अरू कुनै उद्देश्य थिएन । अरू पुराना पार्टीमा पनि अपरिपक्वता, अदूरदर्शिता र गैरजिम्मेवारीपन मात्रै देखियो ।

त्यसपछि २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्डजस्तो भयावह र अकल्पनीय घटना घट्यो जसले नेपालको राजनीतिलाई झन् गहिरो भड्खालोमा हालिदियो । त्यसको रहस्य आजसम्म नेपाली जनताले सन्तोषजनक रूपमा बुझ्न सकेका छैनन् । त्यस घटनाले नेपालको राजनीतिमा यति ठूलो खाडल पारिदियो कि त्यो कहिल्यै नपुरिने भयो । वास्तवमा त्यस ऐतिहासिक दुर्घटनाको असर वि.सं. १९०३ मा जंगबहादुर राणाले

गरेको कोत पर्वको असरभन्दा बढी गम्भीर भयो । कोत पर्वले त सत्ताको बागडोर राणा परिवारमा हस्तान्तरण मात्रै गरेको थियो, यस देशको स्थायित्व र एकताको आधार राजसंस्था समाप्त गरेको थिएन । तर दरबार हत्याकाण्ड पछि राजा वीरेन्द्रको ठाउँमा राजा ज्ञानेन्द्रको राज्यारोहण भए तापनि अब चाँडै नै कुनैपनि दिन राजसंस्था समाप्त हुने सम्भावना छ भन्ने भावना नेपाली जनमानसबाट हटेन । नभन्दै २०६५ जेठ १५ गतेदेखि त राजसंस्था खारेज नै भयो । अब नेपालमा राजसंस्था पुनःस्थापित हुने सम्भावना ज्यादै न्यून वा शून्यप्रायः छ । कदाचित् पुनः स्थापित भए पनि त्यसको औचित्य, उपयोगिता या प्रभावकारिता उत्तिको हुनेछैन । आज नेपालमा चरम अस्थिरता छ र यस अस्थिरतामा यो देश केही अवसरवादी स्वदेशी तथा विदेशी तत्वहरूको खेलमैदान भएको छ । देशको राजनीतिमा अब स्वदेशीभन्दा विदेशी शक्तिको हात रहेको स्पष्ट छ ।

नेपाल कुशासन, भ्रष्टाचार, दण्डहीनता, नातावाद, कृपावादले परिचित छ । कुनै पनि नियुक्तिमा योग्यताको प्राथमिकता (मेरिटोक्रेसी) शून्य छ । राज्यले न आफ्ना युवा जनतालाई रोजगारी दिन सकेको छ, न कुनै आशा, भरोसा । जनतामा आफ्नो राज्यमाथि विश्वास टुटेको छ । पश्चिम तराईका नाकाहरूबाट दिनहुँ रोजगारीका लागि बाहिरिनेहरूको ताँती हुनु, जाजरकोटका भूकम्प पीडितको विजोगमा राज्य उदासीन हुनु, दिनहुँ काठमाडौंको विमानस्थलबाट वैदेशिक रोजगारीका लागि विदेशिने हजारौं युवायुवतीको भीड हुनु, बर्सेनी लाखौं विद्यार्थीले विदेश गई पढ्नको लागि शिक्षा मन्त्रालयबाट स्वीकृति लिनु र वैदेशिक मुद्रा बाहिरनु, अनि नेपालका स्कूल, कलेज, र विश्वविद्यालयहरूमा विद्यार्थीको संख्या ह्वात्तै घट्नु, पहाडमा करिब पाँच लाख घर रित्ता हुनु, देशको बजेट भन्दा ठूलो वैदेशिक व्यापार हुनु र उत्तिकै ठूलो व्यापारघाटा हुनु आजको नेपालका सत्य तथ्य हुन् । असफल राष्ट्रका लक्षण पनि यिनै हुन् ।

विश्वव्यापी स्तरमा र खासगरी नेपालकै सन्दर्भलाई लिएर राजनीतिको जसरी परिभाषा गरियो त्यसरी विचार गर्दा आज नेपालको आन्तरिक राजनीति भनेको त राजनीति नै होईन । देशको राजनीति सिद्धान्त विहीन छ, गन्तव्य विहीन छ, दिशा विहीन छ । यहाँ केवल सत्ताको 'भागबण्डा' र लुछाचुँडीलाई 'राजनीति' भनिएको छ । अमेरिकामा डोनाल्ड ट्रम्पलाई मन पराउने र नपराउने जनता बराबरै होलान् । तैपनि उनको एउटा उद्देश्य छ, नीति छ । त्यससित अधिकांश अमेरिकीहरू असहमत भएकै कारण सन् २०२० को चुनावमा राष्ट्रपति बाइडेनले जिते । नेपालमा त दुई-तीनवटा (यदि तिनीहरूको कुनै राजनीतिक विचारधारा छ भने) अति नै भिन्न राजनीतिक विचारधारा भएका पार्टीहरू मन्त्रिमण्डलको भागबण्डामा लिप्त देखिन्छन् केवल सत्ताका लागि । नारा दिइन्छ 'संविधान जोगाऔं' भनेर । तर यो संविधान त नेपाललाई सदैव अस्थिरतामा राख्ने र अन्त्यमा गएर विखण्डन र विलीन गराउने संयन्त्र जस्तो देखिन थालेको छ । नेपालीले आफैंलाई सोध्नुपर्ने हो -- नेपाल जोगाउने कि संविधान जोगाउने ? के हो प्राथमिकता ?

शिक्षा, स्वास्थ्य, कृषि र खासगरी रोजगारीमूलक अर्थतन्त्र नेपालको या कुनैपनि देशका मेरुदण्ड हुन् । तर नेपालमा यी सबै क्षेत्र भताभुङ्ग छन् । शिक्षाबारे कुरा गर्दा त्रिभुवन विश्वविद्यालयको दुरावस्थाकै कुरा गरौं । वि. सं. २०१६ सालमा त्यो स्थापित हुँदा त्यसले राष्ट्रको जीवनमा महसुस गरिएको आवश्यकता पूर्ति गर्ने आशा गरिएको थियो । तर त्यसको क्रमिक विकास र उन्नति हुनुको साटो आज आएर त्यो पनि राष्ट्रिय राजनीतिको भागबण्डाको शिकार भई थला परेको छ । सुनिन्छ, विश्वविद्यालयका कतिपय विभागहरू रित्ता छन् । धेरैमा विद्यार्थी भर्ना उल्लेख्य रूपमा घटको छ । हाईस्कूल पास गरेका छात्रछात्रा विदेशी विद्यालयमा जान हतारिन्छन् । केही नेपालमा बसेका छन् भने ती निजी कलेजहरूमा र सकेसम्म विदेशी विश्वविद्यालय वा कलेजसँग सम्बन्धन पाएका कलेजमा भर्ना हुन्छन् । यो पनि राष्ट्रिय नेतृत्व र संस्थाहरूमा जनताको अविश्वास कै उदाहरण हो ।

स्वास्थ्यबारे कुरा गर्दा नेपालले उत्पादन गरेका राम्रा डाक्टरहरू अमेरिका, बेलायत आदि देशमा जान्छन् भन्ने देखिएको छ । तर तिनलाई स्वदेशमा राखेर जनतालाई सेवा दिने विषयमा सरकार उदासीन छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा स्थायी डाक्टरको दरबन्दी नखुलेको करीब दुई दशक भयो भन्ने सुनिन्छ । डाक्टर गोविन्द के.सी. बीस पटक आमरण अनशन बसेर पनि यस क्षेत्रको सुधारमा राज्यको नेतृत्व गर्नेहरूलाई बुझाउन सकिएन । आज सयौं नेपाली नर्सहरू बेलायताका अस्पतालमा कार्यरत छन् । नर्सहरू बेलायत पठाउने विषयमा त नेपाल र बेलायत सरकार बीच सम्झौता नै भएको छ । मानौं यो गोर्खा रिक्रुटमेन्टको अर्को संस्करण हो । नेपाली नर्सहरू आफ्नै देशमा भने शोषित र दुःखित छन् । विदेश जाने नर्सलाई नेपाल राख्ने विषयमा पनि सरकार उदासीन छ । के नेपालमा नर्सहरूको संख्या आवश्यकता भन्दा बढी भएको हो ?

कृषि क्षेत्रको कुरा गरौं । नेपालजस्तो गरिब देशमा किसानले आफ्नो दूध बेच्न नपाएर विरोधमा सडकमा दूध पोखेका तस्वीर खबर पत्रपत्रिकामा आउँछन् । सरकारी डेरीबाट दूधको मूल्य भुक्तानी नभएको विरोधमा त्यस्तो गर्नु परेको रे । त्यो पनि करोडौं । चिनी मिलहरूले ऊखुको मूल्य समयमा नदिएर किसानले तराईदेखि काठमाडौं आएर माइतीघर मण्डलामा बरबर आँसु खसाल्दै प्रदर्शनमा बसेको तस्वीर छापिन्छ । तर त्यसले न नेतालाई दुःखेको थाहा पाइन्छ न किसानको रकम भुक्तानी भएको सुनिन्छ । किसानले रासायनिक मलको अभाव भोगेको र थोरै मलको लागि धेरै लामो लाईनमा बसेको तस्वीर सहितको खबर हरेक वर्ष देखिन्छ, पढिन्छ । मानौं यो त नियमित र स्वाभाविक कुरा हो । हामीले मात्रै होइन, हाम्रो राजधानीमा रहेका विदेशी दूतावास र दातृ संस्थाका प्रतिनिधिले पनि यस्ता खबर र तस्वीर अवश्य देख्छन् । त्यो देखेर तीनले के भन्दा हुन् ? नेताहरू सोच्दा हुन् कि नेपाली जनतालाई झैँ विदेशीहरूलाई पनि भाषणबाजी गरेर झुक्याउन सकिन्छ, मूर्ख बनाउन सकिन्छ ।

राजा महेन्द्रले २०१७ साल पौष १ गते गरेको 'कू' लाई निश्चय नै गलत काम थियो भन्नैपर्छ । त्यसको केही वर्षपछि शायद २०२२-२३ सालतिर उनले 'भूमिसुधार' लागु गरे जुन कांग्रेस सरकारकै योजना थियो । त्यसताका अन्यायपूर्वक शोषण गरिरहेका गाउँतिरका ठूलाठालु ऋणदाता साहुहरूले दश वर्षभन्दा बढी दशौँदी ब्याज उपर गरिसकेका तमसुक केही भूमिसुधार अधिकारीहरूले च्यातिदिए रे भन्ने सुनिएको थियो । त्यो सम्झँदा र आजकल निमुखा मिटरब्याज पीडितको दुर्दशा देख्दा पनि एउटा विडम्बनात्मक नग्न नृत्य हेर्नुपरेको आभास हुन्छ । ती बिचरा पीडितहरूलाई अघि सारेर तीनको नाममा क्रान्तिकारीहरू आ-आफ्नो राजनीति गरिरहेछन् भन्ने पनि सुनिन्छ । यस्तै सुनिन्छ, यस्तै देखिन्छ । हालसालै एउटा दैनिक अखबारका ८ पेजका हेडलाइनहरूमा मेरा आँखा परे ।

पृष्ठ १ विपन्नको उद्यममा महानगरको दमन
ग्रामीण दूरसञ्चारको ७० करोड दुरुपयोग
टेरामक्स अनियमितितामा पनि मुख्मन्त्रीको संलग्नता
बाफ फाइनलमा नेपालको सपना अधूरै
पृष्ठ २ राजनीति अझै पनि सत्तासँग नजिक जनतासँग टाढा
पृष्ठ ३ राजनीतिक किचलोले तीन पालिकामा कामकाज ठप्प
स्वर्गद्वारीका मोही किसान हलोजुवामा नारिदै सडकमा
राष्ट्रियसभा अध्यक्षमा दावीः कांग्रेस-माओवादी टसमस भएनन्
पृष्ठ ४ सम्पादकीयः भूकम्पपीडितको उपेक्षाः चार महिनापछि मात्र संकटग्रस्त घोषणा

लेखः यौन श्रमिकको संरक्षण कसले गर्ने?
पृष्ठ ५ लेखः प्रदेशको हातखुट्टा बाँधेर संघीयता बलियो हुँदैन
लेखः कर्णालीलाई किन बनाइन्छ कर्मचारीको 'निर्वासनस्थल' ?
पृष्ठ ६ नगारिकता खोज्दै दुई किशोर जाजरकोटदेखि बझाङ्ग
पृष्ठ ७ व्यवसायीको दवाबमा खरिद नियमावली पाँच वर्षमा आठ पटक संशोधन
पैसा नपाएपछि सहकारी पीडित फेरि सडकमा
पृष्ठ ८ खेलकूदका साना-साना खबर (- कान्तिपुर ८ फागुन २०८०)

यहाँ मैले केवल नकारात्मक हेडलाइन मात्रै छानेर राखेको होइन । त्यस दिनको अखबारमा भएजति पूरै हेडलाइनहरू उतारेको छु । आजकल धेरै अखबारका हेडलाइनहरू प्रायः यस्तै नै हुन्छन् । देशको पतन, जनतामा निराशा, हताशा र सरकारमा भ्रष्टाचार र अत्याचारका खबरले मात्र अखबार भरिनु के संयोग मात्र हो कि आजको दुःखद यथार्थ ? मन्त्रीहरू स्वयम्, तिनका श्रीमती, छोराछोरी र नातेदारहरू मानवतस्करी जस्ता काण्डमा प्रमुख भूमिकामा रहनु, सुन तस्करीमा लाग्नु र अझ कारवाही गर्नुपर्ने निकायहरू नै चुप लाग्नु जस्ता घटना सुनेपछि ' किन राष्ट्रहरू असफल हुन्छन् (ह्वाइ नेशन्स फेल?)' भन्ने किताबका लेखकहरूले नेपालबारे के भन्थे होलान् ? विदेशी विद्वान्ले टाढैबाट देख्ने कुरा हाम्रो नेतृत्ववर्गले आफ्नै घरभित्र किन देख्दैन ?

८. विखण्डन र विलय ?

नेपाल असफल राष्ट्र हुन थालेको अझ गम्भीर लक्षण त यो देखिन्छ कि नेपाली सेना र प्रहरीमा जागिर खाई रहेकाहरू पनि आफ्नो जागिर छोडेर रूसी र युक्रेनी सेनामा भर्ना हुन गएका छन् र त्यसरी नजानू भनेर देशको प्रधान सेनापतिले आग्रह गर्नु परेको छ । भनिन्छ, धेरै उच्च पदस्थ कर्मचारी समेत विदेशको ग्रीन कार्ड या स्थायी बसोबासको परिचयपत्र लिएर नेपालको सरकारमा बसी काम गरिरहेछन् । मानौं कुनै पनि दिन तिनले यो देश छोडेर सुरक्षित हुन कतै भाग्नु पर्नेछ । देशबासीमा त्यस्तो मानसिकता छ । नेपालको राजनीतिको दुर्दशा देखेर कुनै विश्लेषकले भन्यो रे भन्ने सुन्छु - 'अब नेपालको आयु २० वर्ष हो' । शायद यक्ष मल्लको उपत्यकाका तीन राज्य जस्तै, अथवा सिक्किम र अफगानिस्तान जस्तै । सिक्किम त विलीन नै भयो । अफगानिस्तान सार्क क्षेत्रिय संगठनको सदस्य राष्ट्र छ तर, विडम्बना, यस संगठनका कुनै पनि राष्ट्रले त्यहाँको तालिवान सरकारलाई मान्यता दिएका छैनन् । देशमा त्यस्तो सरकार हुनुको के अर्थ ? अनि सार्क जस्तो क्षेत्रीय सङ्गठनको के अर्थ ? आठ सदस्यीय यो क्षेत्रीय सङ्गठन नफुटे पनि कोमामा गए जस्तै भएको छ । हाल नेपाल त्यसको अध्यक्ष भएर बसेको छ । तर त्यस विषयमा कुनै निर्णय लिन क्षमता विहीन देखिन्छ ।

राजनीति भनेको मानव समाजको क्रमिक उन्नति, प्रगति र विकास हो भन्ने हो भने नेपालमा पनि त्यस्तो देखिनुपर्ने हो तर यहाँ उल्टो गति देखिन थाल्यो । राष्ट्रहरू बिलाएको घटना शीतयुद्ध समाप्त हुने बित्तिकै पनि नदेखिएको त होईन । सोभियत संघ नै फुट्यो र त्यसका १५ वटा टुक्रा बन्यो - आर्मेनिया, अजरबैजान, बेलारुस, इस्तोनिया, जर्जिया, कजाख्स्तान क्यिर्गिज्स्तान, ल्याट्भिया, लिथुआनिया, मल्डोभा, रूस, ताजिकिस्तान, तुर्कमेनिस्तान, युक्रेन र उज्बेकिस्तान । अब सिद्धान्त विहीन आदर्श विहीन रूस एक्लै बाँकी रहेको छ र आत्मघाती युद्धमा रत छ । असंलग्न आन्दोलनको संस्थापक युगोस्लाभिया भन्ने देश आज अस्तित्व मै छैन । त्यो सात टुक्रा भईसक्यो - स्लोभेनिया, क्रोएशिया, भोज्भोदिना, बोस्निया-हर्जगोभिना, सर्बिया, मोन्टेनिग्रो र कोसोभो । नेपाल कता जाँदै छ ? बेलैमा विचार गरौं कि ?

संघीय लोकतन्त्र र सुशासन



• डा. दामोदर रेग्मी

प्रजातन्त्र जनताको प्राथमिक चाहनाको विषय । यो राजनीतिक, आर्थिक, सामाजिक र शासकीय पक्षलाई सकारात्मक प्रभाव पार्ने सामर्थ्य राख्ने महत्वपूर्ण पक्ष पनि हो । प्रजातन्त्र मूलतः जनमुखी शासनको प्रतिरूप हो । प्रजातन्त्रले सरकारको सम्पूर्ण प्रयास सार्वभौम जनताप्रति समर्पित रहनु पर्दछ भन्ने जनाउँछ । प्रजातन्त्र र स्वतन्त्रता यी दुई शब्दहरू एक आपसमा सँगसँगै आउने शब्दावलीहरू हुन् । प्रजातन्त्र स्वतन्त्रता प्राप्तिमा सहयोग पुऱ्याउने विचार र सिद्धान्त हो प्रजातन्त्र स्वतन्त्रताको संस्थागत स्वरूप हो । प्रजातन्त्र व्यक्तिगत स्वतन्त्रता, न्याय, शान्ति तथा अग्रगमनको आधारशीला हो । यो सैद्धान्तिक विषय मात्र नभएर उपरोक्त विषयहरूको व्यवहारिक प्रयोगको अवस्था पनि हो । मानव अधिकार ,विधिको शासन ,शक्ति पृथकीकरणको तथा नियन्त्रण र सन्तुलन, राजनैतिक दलहरूको उपस्थिति आवधिक निर्वाचन, नागरिक समाज ,राजनीतिक सँस्कृति, असल शासन, मेलमिलाप र शान्ति प्रजातन्त्रमा अर्न्तनिहीत हुनुपर्ने अवयवहरू हुन् । प्रजातन्त्रको यो अवधारणा वर्तमानमा आईपुग्दा यसले धेरै व्यापकता पाएको छ र यो शासकीय अवधारणा र परिवर्तनको अपरिहार्य विषय बनेको छ । समग्रमा लोकतन्त्र र प्रजातन्त्र सरकारको एउटा यस्तो आदर्श स्वरूप हो जसमा राज्यको शासन गर्ने शक्ति कुनै अभिजातवर्ग, व्यक्ति विशेष वा समुदायमा मात्र सीमित नरही सर्वाङ्गीण रूपमा आम जनतामा निहित रहेको हुन्छ । प्रजातन्त्रलाई लोकतन्त्र, जनतन्त्र, बहुदल आदिको नामले पनि चिन्ने र चिनाउने गरिन्छ । नेपालमा पछिल्लो समयमा भएको राजनीतिक परिवर्तनले उच्चतम प्रजातान्त्रिक प्रणालीले युक्त संघीय शासन प्रणाली अवलम्बन गर्ने अवसर दिएको छ ।

नेपाली जनताले आफैंले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि लागू भए पश्चात् नेपाल संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तरित भएको छ । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको क्रमशः अनुसूची ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरिएको छ । यसरी यी अनुसूचीहरू मध्ये अनुसूची ५, ६ र ८ सम्बन्धित तहका सरकारको एकल अधिकार अर्थात स्व-शासनसँग सम्बन्धित छन् भने अनुसूची ७ र ९ ती सरकारहरूको साझा अधिकार अर्थात साझा शासनसँग सम्बन्धित छन् । अधिकारको यो भिन्न तहमा भएको बाँडफाँडले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारीता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा हातेमालो गर्दै अघि बढ्न अभिप्रेरित गरेको छ । संविधानमा व्यवस्थित यी अधिकार क्षेत्रहरू शासन-प्रणाली सञ्चालन र सुशासन प्रवर्द्धनका आधारभूत मार्गदर्शक सिद्धान्तको रूपमा रहेका छन् । संघीयताको यो अबधारणात्मक र व्यवहारिक पक्ष नेपालको संघीयताको सुन्दर पक्षको रूपमा रहेको छ ।

संघीय शासन प्रणाली शासकीय अधिकारको प्रयोग राज्यका बहु-सरकारहरू वीच विनियोजन गरि शासकीय क्रियाकलापमा बढी भन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया हो । यसैले पनि संघीय शासन प्रणाली वढी प्रजातान्त्रिक र सहभागितामूलक हुन्छ । संघीय शासन प्रणाली बहु-सरकारहरू बीचको एउटा साझा प्रतिज्ञापत्र हो जसले राष्ट्रिय उद्देश्यको प्राप्ति, स्व-शासन र साझा शासनको आदर्श परिकल्पना मार्फत् जनताको निकटतम बिन्दूमा रहेर जुन क्षेत्रमा दत्तचित्त रहने अभिलाषा राखेको हुन्छ । यसै पृष्ठभूमिमा संघीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारणको सहभागिता र अवसरको सुनिश्चितता गर्ने संयन्त्र मात्र होइन समाजमा विद्यमान सामाजिक , आर्थिक, साँस्कृतिक विविधतालाई पनि सम्बोधन गरी शासन प्रणालीप्रति जनअपनत्व जुटाउने उद्देश्य राखेको हुन्छ ।

जनमुखी शासन प्रणालीको प्रतिरूप प्रजातन्त्र हो । प्रजातन्त्र व्यक्तिगत स्वतन्त्रता, न्याय, शान्ति तथा अग्रगमनको आधारशीला हो । यसैले प्रजातन्त्र आममानवको प्राथमिक चाहनाको विषय हो । प्रजातन्त्र सैद्धान्तिक विषयमात्र नभएर उपरोक्त विषयको व्यवहारिक प्रयोगको अवस्था पनि हो । प्रजातन्त्रमा बहुल, प्रतिस्पर्धा , संवैधानिक सर्वोच्चता, कानूनको शासन, शक्तिपृथकीकरणको, समता, मौलिक हक र अधिकारको प्रत्याभूति , आधारभूत स्वतन्त्रता र अधिकारको प्रत्याभूति प्रजातन्त्रका आधारभूत पक्षहरू हुन् । शान्ति, आर्थिक सामाजिक, साँस्कृतिक विकास प्रजातन्त्रका , मानव अधिकार, विकास, शान्ति प्रजातन्त्रका सकारात्मक उपजहरू हुन् । प्रजातन्त्रले राजनीतिक आयामको सशक्तिकरण गर्दै आर्थिक र सामाजिक आयाममा समेत परिवर्तन ल्याउने सामर्थ्य राख्दछ । नेपालले प्रजातन्त्रको माथिल्लो रुप संघीयताको अवलम्बन गर्ने अवसर पाएको छ । यसबाट राजनीतिक आयामको सशक्तिकरण गर्ने र आर्थिक तथा सामाजिक आयाममा परिवर्तन ल्याउने सामर्थ्यलाई व्यवहारमा परिणत गर्ने अवसर पनि सिर्जना भएको छ । जनताले वास्तविक प्रजातन्त्रको अनुभूति मूलतः दुई तहबाट गर्नेगर्दछ पहिलो राजनैतिक परिपाटीले अँगालेको समग्र शासकीय परिपाटी र दोश्रो जनताले सेवा प्राप्ति गर्ने बिन्दूमा रहेका प्रशासनिक संयन्त्रको उपस्थिति र प्रभावकारिता । प्रजातान्त्रिक सरकार सँधै असल सरकार, प्रभावकारी सरकार र जनमैत्री सरकारको रूपमा सँधैं जनसरकारको शीघ्र सम्बोधन गर्ने कार्यमा तल्लीन रहेको हुन्छ । नेपालको संघीय शासनप्रणाली समक्ष यी जनअपेक्षालाई सम्बोधन गर्नुपर्ने गुरुत्तर दायित्व रहेको छ ।

सुशासन प्रजातान्त्रिक शासन प्रणालीको अपरिहार्य अवयव हो । सुशासनका आधारभूत पक्षहरूको अतिरिक्त शासन प्रणालीको प्रजातान्त्रिकीकरण र प्रभावकारिता अर्थात् प्रजातान्त्रिक लाभको सुनिश्चितता मात्र सुशासनलाई अनुभूति योग्य बनाउन सक्दछ । प्रजातन्त्र एउटा साधन हो प्रजातान्त्रिक शासनप्रणाली प्रक्रिया हो भने सुशासन प्रजातन्त्र र प्रजातान्त्रिक शासन प्रणालीको अपेक्षित उत्पादन हो । राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाइ जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्यप्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवाहरू छिटो-छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराइ आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउने प्रक्रिया सुशासन हो । जनमुखी शासनप्रणाली, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता, कानूनी राज्य, जवाफदेहीता, पारदर्शिता, नागरिकका न्यूनतम अधिकारहरूको प्रत्याभूति, शान्ति-सुव्यवस्था सुशासनका न्यूनतम पूर्व शर्तहरू हुन् । सुशासनको सही प्रयोगले आर्थिक तथा भौतिक समृद्धि, सामाजिक प्रगति मार्फत् सामाजिक एकीकरणमा समेत योगदान दिने काम गर्दछ । जनसहभागिता पूर्वानुमान योग्यता, जवाफदेहिता र पारदर्शिता सुशासनका चार आधारस्तम्भ हुन् । सुशासनले शासनप्रणालीमा जनताको अपनत्व कायम गर्न सहयोग पुग्दछ । सुशासनले आन्तरिक रूपमा शासनप्रणाली प्रति जुन सिर्जना द्वारा सामाजिक उर्जा उत्पादन गर्नसक्दछ भने बाह्य रूपमा कुनै देश विशेषलाई हेर्ने अन्तर्राष्ट्रिय दृष्टिकोणलाई सकारात्मक बनाउनुपर्छ । यसर्थ सुशासन देश विशेषको सकारात्मक पहिचानको

आधार पनि हो ।

सुशासन एउटा सकारात्मक अवधारणा हो । सुशासनले प्रक्रियामा वैधानिक पूर्णता र परिणाममा शीघ्रताको परिकल्पना गरेको हुन्छ । यसले समग्र शासन प्रणालीमा शुद्धताको परिकल्पना गरेको हुन्छ र यस्तो शुद्धताको परीक्षण कानूनी संरचना,तोकिएका सूचकहरूको मूल्याङ्कन गर्ने प्रक्रिया र संस्थागत संरचनाको क्रियाशीलताबाट हुने गर्दछ । यो सुशासन मापनको मूर्त पक्ष हो । यसको अफ भित्री तहमा गएर हेर्ने हो भने सुशासन शासकीय प्रणालीप्रति जनसन्तुष्टि सहित जनताको सकारात्मक अनुभूतिलाई ग्रहण गर्दै सकारात्मक क्षितिज तर्फ लम्किरहेको शासन प्रणालीको अर्को अमूर्त पक्ष पनि हो । मूर्त पक्ष मापन योग्य हुन्छ अमूर्त पक्ष मापन गर्न कठिन हुन्छ । मापनयोग्य मूर्त पक्षको सूचकहरू सकारात्मक हुदै जानु अमूर्त पक्ष प्राप्तिका संभावनाहरूमा वृद्धि हुँदै जानु हो । प्रजातन्त्र, प्रजातान्त्रिक शासनप्रणाली, सुशासन यी सबै अमूर्त पक्षहरू हुन् यी सकारात्मकताका प्रतिविम्बलाई सकारात्मक अनुभूतिमा बदल्न सक्ने दायित्व र क्षमता यसका सहजकर्तामा निर्भर रहेको हुन्छ । यसका सरोकारवाला वा सहजकर्तामा सरकार , राजनीतिक दल र यसका पदाधिकारीहरू, प्रशासक, नागरिक समाज, निजीक्षेत्र, गैर सरकारी संस्था , सञ्चार क्षेत्रहरू पर्दछन् । राजनैतिक प्रणाली वा शासकीय प्रणालीको परिवर्तनसंगै आमजनताको तहमा आशावादी उज्ज्वल भविष्य अगाडि उभिएको हुन्छ किनकी अधिकांश परिवर्तनहरू सकारात्मक उपलब्धिको लागि केन्द्रित भएका हुन्छन् । तर परिवर्तन संगै अपेक्षित उपलब्धिलाई यथार्थमा परिणत गर्न समय लाग्ने हुन्छ । परिवर्तन पश्चात्को ठूलो समस्या भनेको संक्रमण व्यवस्थापन हो । परिवर्तित प्रणालीले नयाँ नीतिगत व्यवस्था, कानून, सँस्थागत संरचना, थप साधन र श्रोतको व्यवस्थापन जस्ता विषयहरूको माग गरेको हुन्छ । पुराना नीतिगत व्यवस्था, कानून, संस्थागत संरचनाहरू हटी सकेका पनि हुँदैनन् । पुराना नीतिगत व्यवस्था, कानून, संस्थागत संरचनाहरूलाई नयाँ नीतिगत व्यवस्था, कानून, संस्थागत संरचनाहरू तयार गर्ने क्रममा सबैको सहयोग आवश्यक पर्दछ । यस अवधिमा गर्नुपर्ने अर्को महत्वपूर्ण काम भनेको सकारात्मकताको सन्देश प्रवाह गर्नु हो । यसमा पनि सबै सरोकारवालाहरूको सकारात्मक भूमिकाको आवश्यकता पर्दछ । यसको अतिरिक्त स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धधन, एकाधिकारको अन्त्य, संस्थागत सुशासन प्रवर्द्धधन जस्ता विषयहरू प्राथमिक कार्यसूचीमा पर्न सक्नुपर्दछ ।

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात् नेपाल एकात्मक राज्य प्रणालीको परम्परागत स्वरूपबाट संघीय लोकतान्त्रिक राज्यमा रूपान्तरण हुन पुगेको छ । संवैधानिक व्यवस्था अनुसार संघीय नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्न सक्ने व्यवस्था गरेको छ । संविधानको अनुसूचीहरूको आधारमा तीन तहका सरकारहरू बीचका लागि राजनैतिक, वित्तीय र प्रशासनिक अधिकारको विनियोजन हुने गर्दछ । संविधानमा व्यवस्थित यी अधिकार क्षेत्रहरू सुशासन प्रवर्द्धधनका आधारभूत मार्गदर्शक सिद्धान्तको रूपमा रहेका छन् । नेपालको संविधान, २०७२ ले जनताको सार्वभौम अधिकार, विविधता युक्त विशेषताका बीच एकता, समतामूलक समाजको निर्माण, लोकतान्त्रिक मूल्य र मान्यताको प्रवर्द्धधन, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सक्ने दरिलो औजारको रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको परिकल्पना गरेको छ र यसले शासकीय प्रणालीलाई सुशासनयुक्त बनाउनमा उत्प्रेरणाको भूमिका निर्वाह गरेको छ । यसै आधारमा नेपालको शासकीय प्रणालीलाई सुशासनयुक्त बनाउन सबै सरोकारवालाहरूको साझा दायित्व हो ।

संघीयता उच्चतम प्रजातान्त्रिक आदर्शले युक्त शासन प्रणाली हो । संघीयताको सकारात्मक पक्ष जनताको निकटतम दूरीमा रहने शासकीय इकाईहरूको उपस्थिति मार्फत् जन अपनत्व सिर्जना गर्नमा सहयोग पुऱ्याउनु

हो । शासन प्रणालीको प्रजातान्त्रिक चरित्रको कारणले शासन प्रणालीका संस्थाहरू र पात्रहरूबाट प्रजातान्त्रिक संस्कारको अपेक्षा हुनु स्वभाविकै हो । प्रजातान्त्रिक शासन प्रणालीमा प्रजातान्त्रिक संस्कार दिगो हुन नसकेमा वा यसमा क्षयीकरण हुँदै गएमा शासन प्रणालीको परिवर्तनका लागि गरिएका त्यागलाई शासन प्रणालीका संस्थाहरू र पात्रहरूको वर्तमान व्यवहार र सोको प्रवृत्तिसँग तुलना गरिनु स्वभाविकै हो । जनताको लागि जन अपनत्वको यो सामाजिक मूल्य र उर्जाको उपयोग हुन सक्नुपर्दछ यस कार्यमा पनि सरोकारवालाहरूको बीचमा सहकार्यको आवश्यकता पर्दछ । शासकीय प्रणालीमा जनअपनत्व स्थापित गर्न सकिएमा राजनीतिक स्थिरता कायम भइविकास निर्माण र आर्थिक समृद्धिका प्रयासहरूले सहजीकरणको अनुभूति गर्न सक्दछन् । सुधार र परिवर्तनले जहिले पनि शीघ्रातिशीघ्र सुखद परिणामको अपेक्षा गरेको हुन्छ । तर सुखद परिणामको प्राप्तिले सहीं समयको माग गर्ने गर्दछ । एकातर्फ सुधार र परिवर्तनका प्रारम्भिक दिनहरू अलि असहजनै हुने र संक्रमण अवधिमा व्यवस्थापकीय कार्यमा समय खर्चिनु पर्ने समस्याको बीचमा सरोकारवालाहरू निश्चित कार्ययोजनाका साथ अगाडि बढ्न सकेमा मात्र संक्रमणकालीन मेहनतले अपेक्षित सुखद परिणामलाई सार्थकतामा परिणत गर्न र सुशासनको दिगो आधार तयार गर्नमा सहयोग पुग्दछ ।

सुशासन र योग्यता प्रणालीको क्षयीकरणका लागि परम्परागत शक्ति भन्दा परिवर्तनका संवाहकहरूलाई क्षणिक लाभको ललिपपमा भुलाउँदै र अभ्यस्त बनाउँदै उनीहरूको विगतको आदर्श, त्याग र निष्ठालाई फोहरको रछ्यानमा पुऱ्याउन आफैं भित्रकाहरू उद्यत् भएका हुन्छन् । प्रशासनिक राजनैतिक नेतृत्व यो प्रवृत्ति प्रति बेखबर रहँदासम्म वा निदाएको नाटक गरिरहँदासम्म यस्ता समस्याहरू रहीरहन्छन् । मूल नै धमिलिँदा त्यसको नकारात्मक प्रभाव धेरै तलसम्म पर्न जान्छ । यो सुशासनको लागि पूर्व शर्त हो । सुशासनले योग्यता प्रणालीको वास्तविक अनुभूतिको माग पनि गर्दछ । आफ्ना केही निहीत स्वार्थका लागि राम्नालाई तिलाञ्जलि दिँदै हाम्रा प्रयोग र हाम्रा उपयोगमा योग्यता र विधि प्रति आँखा चिम्लने मात्र होइन त्यसको बचावट, संरक्षण र भरणपोषण गर्ने प्रवृत्ति मौलाउँदै जानु प्रजातन्त्र र सुशासनका लागि शोभायमान हुनै सक्दैन । देशले धेरै राजनैतिक परिवर्तनहरू भोगेको छ ती सबै परिवर्तनहरू प्रजातान्त्रिक परिपाटी र संस्कारको सुदृढीकरण गर्दै सुशासनको आयामलाई प्रवर्द्धन गर्ने हेतु भएका थिए । सबै परिवर्तनले सकारात्मक उपलब्धिको अपेक्षा गर्दछ । अपेक्षा व्याबहारिक प्राप्तिमा रूपान्तरण हुनुपर्दछ । शासन प्रणालीमा भएको परिवर्तनले शासकीय पात्रहरूबाट पुरानो शासन प्रणालीका गलत प्रवृत्ति, व्यवहार र संस्कारमा पनि त्यागको अपेक्षा राख्दछ । यसर्थ यस्ता पात्रहरू यो आयाममा स्व-अनुशासनमा बस्न सक्नु पर्दछ अझ जति माथिको जिम्मेवारीमा रहन्छन् ती पदाधिकारीहरू यसको दृष्टान्त बन्न सक्नु पर्दछ ।

(डा.दामोदर रेग्मी संघीयताका विज्ञ तथा गीतकार हुनुहुन्छ)

सन्दर्भ सामग्री

रेग्मी, डा. दामोदर (सन् २०२२), शासकीय प्रबन्धका नवीनतम आयामहरू, अक्षराङ्क प्रकाशन प्रा.लि., काठमाडौं

रेग्मी, डा. दामोदर (२०७९), कौटिल्यको आलोकमा नेपालको भन्सार, प्यासिफिक पब्लिकेसन प्रा.लि., काठमाडौं

Bruntland, Gro Harlerm -1991_ , Sustainable Development M The Challenges Ahead,Olac Stokke ed= Sustainable Development , Frank Class, London

Gore, Al -1993_, From Red Tape To Results, Washington D C US, Government Printing Office

Reejal, Pushkar -1996_, Development Planning, Pushkar Raj Reejal, Kathmandu

Osborne, David and Ted Gaebler -1992_, Reinventing GovernmentM How the Entrepreneural Spirit is Transforming the Public Sector, Prentice Hall of India, New Delhi

Reconstructing Public Administration after ConflictM Challenges, Practices and Lessons Learned, World Public Sector Report 2010, Department of Economic and Social Affairs, United Nations New York

राजनीतिक क्षितिज र श्रीकान्तजी



• दीनबन्धु अर्याल

श्रीकान्त अधिकारी बहु–आयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो । यो लेखमा वहाँका समग्र जीवन चिन्तनको सर्वोदयी भावना, स्त्री शिक्षा, नैतिक शिक्षा सेवामा प्रकाश पार्ने उद्देश्य नराखेर राजनीतिक चिन्तन आर्दश र व्यवहार विषयको सीमामा रहेर तथ्यगत विषयमा प्रकाश पार्न चाहन्छु ।

वहाँ जन्मे हुर्केको भूमिको परिवेश, वहाँले जयतु संस्कृतम् मा खेलेको भूमिका, पूर्वीय दर्शन, अध्यात्म ज्ञान खासगरी वेद, उपनिषद्, गीताको ज्ञान र नेपालमा प्रजातन्त्रको स्थापना क्रममा संघर्षका साथै राष्ट्रियता, जनमुखी विकासबारे न्यायपूर्ण चिन्तन मित्र राष्ट्रहरूको शासन व्यवस्था र नेपालको शासन व्यवस्थाको वहाँबाट तुल्नात्मक अध्ययनलेनै वहाँलाई दूरद्रष्टा रहेको प्रमाणित गरेको हो । वहाँले मानव स्वतन्त्रता जन्मसिद्ध अधिकार मान्नुहुन्थ्यो । सनातन धर्म अर्थात् वेदविहित धर्म एवं वर्तमान विश्व परिवेशमा हिन्दू धर्मको यथार्थ ज्ञान भएका र धर्मको मर्म पालनमा निरन्तर सक्रिय रहँदै आफूलाई खुल्ला पुस्तक बनाउन सफल र जागरूक श्रीकान्त अधिकारीज्यूले राजनीतिलाई नीतिमा श्रेष्ठ, महापुरुषहरूको पदचिन्ह पछ्याएर शुद्ध व्यक्तिगत स्वार्थबाट माथि उठेर जनताका अधिकार र हितका रक्षामा भइसकेका पारदर्शी काम र हुन बाँकी रहेका कामको स्थिति अवस्था हेरी विघ्नबाट बच्न गोप्य योजना बनाउँदै जनसेवामा सक्रिय रहने अर्थमा ग्रहण गर्नु भएको थियो । राजनीति पेशा होइन, निजी सुख, वैभव यसको उद्देश्य हुनु हुँदैन । मनवचन, र कर्मको एकता समय क्रममा पारदर्शी पनि हुनुपर्छ भन्ने उहाँको मान्यता थियो ।

जयतु संस्कृतम् बाट राजनीतिक जीवन प्रारम्भ गर्दा पूर्वीय दर्शनशास्त्री महात्मा र पाश्चात्य महामनाहरूको प्रभाव ग्रहण गर्दै दुःख कष्टको परवाह नगरी एकतन्त्री जहाँनिया राणा शासनका सट्टा नेपालमा श्री ५ को वैधानिकतामा जननिर्वाचित सांसद, वाक् प्रकाशन अधिकार युक्त व्यवस्थामा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्त अनुरूप राज्य सञ्चालन गर्दा सीमान्तमा रहेका जाति, लिङ्गः वर्गको एवं दुर्गम क्षेत्र र पछाडि परेका वर्गको उत्थानलाई प्राथमिकता दिने न्याय रामराज्यको सिद्धान्त पछ्याउने र श्रीमद् भागवद्गीताको कर्मयोग आचरणमा उतार्ने दृढताले गर्दा श्री ३ महाराजका विरुद्ध पश्चिम नेपालका श्री ३ ब्राह्मण देखिएको अखबारहरूमा प्रकाशित समाचारको सार तथ्य प्रमाण र यथार्थ मूलक देखिन्छ । जङ्गबहादुर राणाका सन्तान श्री ३ महाराज भएर प्रधानमन्त्रीको हैसियतमा निरंकुश शासक थिए भने २००६ सालमा निकै सक्रिय रहेको नेपाली काङ्ग्रेस २००३ सालमैस्थापित भएर संगठनको भूमिका निर्वाह गर्दा पश्चिम नेपालका प्रजातन्त्रका लागि सशक्त जिम्मेवारीसहित संघठन प्रभावकारी बनाइ आएका श्रीकान्त अधिकारी, श्रीप्रसाद घिमिरे र श्रीभद्र खनालहरूले जनसंघठनमा खेलेको सकारात्मक भूमिका इङ्गित गर्दै श्री ३ विरुद्ध श्री ३ ब्राहमण भनिएको भनाइयुक्ति युक्त थियो । सार्थक नाम र सार्थक कामले पनि भनाइको पुष्टि भएको पाइन्छ । श्रीकान्तको अर्थ विष्णु हुन्छ, श्रीप्रसादको अर्थ लक्ष्मीपुत्र र श्रीभद्रको अर्थ लक्ष्मी सेवक हुन्छ । श्री को अर्थ लक्ष्मी मात्रै हुने होइन, सरस्वती ऐश्वर्य, शोभा, राजसी सम्पत्ति, कान्ति, सत्कर्म, बुद्धि, प्रतिभा, सिद्धि, वृद्धि, धर्म, अर्थ, काम समेतका तीन वर्ग

पनि हुन्छ । कान्त को अर्थ स्वामी मालिक वा साथी हुन्छ । श्रीकान्तमा दोखिएको बुद्धि, प्रतिभा र सत्कर्मयुक्त दूरदर्शी स्वभावले गर्दा श्रीकान्त नाम नेपाली माताका सपुत भएर वहाँले सार्थक तुल्याएका स्थिति खुला पुस्तक सरह छ । मनको प्रदूषण मेट्न सक्नेले सबै प्रदूषण मेट्न सक्दछ उहाँको भनाई रह्यो ।

यो नाम क्रम र नामको अर्थ सार्थक गराउने गरी वहाँबाट संघठन तयार भएको र प्रजातन्त्रको स्थापनामा प्रशस्त योगदान पुगेकोले २०१५ सालमा भएको प्रथम जननिर्वाचित प्रतिनिधि सभामा वहाँले लमजुङबाट प्रतिनिधित्व गर्ने शुभ अवसरको सदुपयोग गर्नुभयो ।

लोकतन्त्रमा प्रजातन्त्र पाश्चात्य चिन्तन होईन पूर्वीय दर्शन र चिन्तनको अनुकरण पाश्चात्य जगतले पनि गरेको हुनसक्छ भनेर श्रीमद् भागवत् महापुराणमा ठाउँ ठाउँमा लोकतन्त्र शब्दको प्रयोग भएको र शासकले लोकसम्मति अनुकूल न्यायपूर्ण शासनको प्रत्याभूति दिनुपर्छ भन्ने कुरा राजनीतिक मित्रहरू, कार्यकर्त्ताहरू, जन संघठनमा पस्कनुहुन्थ्यो । ऋषि मुनिहरूले धर्म विरोधी राजा वेनलाई परास्त गरेपछि पनि उनकै छोरा पृथुलाई राजा बनाएको प्रसङ्ग कोट्याएर राजा वेद अन्तर्गत अर्थात् संविधान अन्तर्गत रहेर राज्य गर्नु एउटा तपस्वीको आचरण सरह हुँदा जनप्रिय बन्ने सबै पक्षहरूको समान अभिभावक बन्ने कुरा गरेर पनि वहाँ राजालाई धेरै सम्मान र जनप्रतिनिधिबाट बनेका सरकारलाई धेरै अधिकारको पक्षमा हुनुहुन्थ्यो ।

२००७ सालको जनक्रान्तिलाई वैधानिकता प्रदान गर्न श्री ५ त्रिभुवन सपरिवार दिल्ली सवारी भएको घटनालाई वामपन्थीहरूले राष्ट्र विरोधी राजा भनेका थिए, तिनीहरूको सानो संगठन ठूलो मुख गरेर २००७ साल फागुन ७ गते घोषित प्रजातन्त्र र त्यस पूर्वको सफल क्रान्तिलाई अपूर्ण क्रान्ति र धोखापूर्ण क्रान्ति भनेका थिए । श्री ५ त्रिभुवनलाई पुनः गद्दीमा विराजमान गराउने काम नेपाली काङ्ग्रेसले गरेको थियो । क्रान्तिकारी भूमिकामा रहेका राजा निरंकुश राणाको छाँट–छन्दमा रहने होइन भन्ने वी.पी.कोइरालाको चिन्तन थियो । वी.पी.कोइराला र श्री ५ त्रिभुवन एउटै बेन्चमा बस्दा वी.पी.का खुट्टाले श्री ५ त्रिभुवनको काख स्पर्श गरेको स्थिति देखेर शाही नातेदार र माथिल्ला तहका केही कर्मचारीहरूले वी.पी. को उत्ताउलोपना भनेर विरोध जनाएका थिए । पद स्थान, शान, मानयुक्त हुनुपर्छ । राजासँग बोल्दाको भाषा, राजासँग कुरा गरेर फर्कंदा पीठ नदेखाउने आचरण गर्नुपर्छ आदि इत्यादि कुरा २००७ सालको क्रान्तिमा महत्वपूर्ण भूमिका खेलेको मातृका प्रसाद कोइराला पनि गर्नुहुन्थ्यो ।

राजा संवैधानिकनै रहनुपर्छ, राजा सम्मानित भएभने राष्ट्रियतामा बल पुग्छ । यसर्थ शासनको अधिकार प्रधानमन्त्रीले न्यायपूर्ण उपभोग गरेपनि राजाप्रति सम्मान जाहेर गरिएकै हुनुपर्छ भन्ने श्रीकान्त अधिकारीको राय रहीरहेको तथ्य राजा महेन्द्रले पनि बुझेका र श्रीकान्तजीले राजालाई सम्झाउन सक्नुहुन्छ भन्ने प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको पनि विचार हुँदा राजाले आफूले भन्न खोजेका कुरा श्रीकान्त अधिकारी समक्ष प्रस्तुत गर्नुहुन्थ्यो ।

राजा महेन्द्रका गुनासा सुनेपछि प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालासँग नेपाल एकीकरणमा राजा पृथ्वीनारायण शाहको योगदान नेपाली जनतामा राजाप्रिय रहेका आदरणीय रहेका कारणले हिन्दू ईतर समाजका व्यक्ति प्रबुद्ध व्यक्तिहरूले राजाका हातबाट दशैंको टीका थाप्ने गरेको तथ्य श्रीकान्तजीले प्रधानमन्त्रीलाई बुझाउने गर्नुभएको र राजालाई पनि वी.पी. कोइरालाको छवि र व्यक्तित्व एवं क्रान्तिकारी भूमिकालाई हेरेर समझदारीमै रहनुपर्ने कुरा सुझावका रूपमा लिँदै गर्नुभएको थियो ।

श्री ५ महेन्द्रले हामीलाई वैधानिकता दिएर राणा शासक श्री ३ बनेका राणाका पदबाट हटाइएपछि श्री ५ नै विशेष अधिकारसम्पन्न हुनुपर्छ र राष्ट्रियताको सवालमा राजा बलियो हुनुपर्छ भनी धारणा र जनताको वारिश भएर जनताका नाउँमा प्रधानमन्त्री अधिकार सम्पन्न हुनु प्रजातन्त्र या लोकतन्त्रको लक्ष्य हुन्छ भन्ने वी.पी. चिन्तन

रही आएकोले श्रीकान्त अधिकारीको अन्तःस्करणको व्यक्त आवाज दुवै पक्षबाट सम्मानित हुन नसकेर २०१७ साल पौष १ गतेको दुर्घटना घट्न गयो । वी.पी. जेल पर्नु भयो । ८ वर्षपछि जेलबाट छुटेर प्रवास भारतमा निर्वासित जीवन बिताउँदै निर्दलीय पञ्चायती व्यवस्थाका विरूद्ध विभिन्न शैलीमा क्रान्ति गर्ने पृष्ठभूमि बनाई रहनुभयो । पूर्व पाकिस्तान र पश्चिम पाकिस्तानका बीचमा युद्धको स्थिति आउँदा भारतले प्रत्यक्ष भूमिका निर्वाह गरेको र बंगलादेश बनेको र स्वतन्त्र देशको रूपमा रहेको सिक्किमका राजा चोख्याललाई त्यहाँको जनक्रान्तिका नाउँमा हटाएर सिक्किमलाई भारतमा विलय गराउने लेन्डुब दोर्जेको भूमिकालाई हेरेर भारतमा निर्वासित जीवन बिताउँदा राष्ट्रियतामाथि खतरा आईपर्न सक्छ भनेर २०३३ साल पौष १६ गते नेपाली काङ्ग्रेसका नेता वी.पी. कोइराला, गणेशमान सिंह अरू सहयोगी नेता सहित निर्वासन त्यागी स्वदेश फर्कनुभयो । वी.पी. कोइराला माथि फाँसीको सजाय हुनसक्ने आठ आठ वटा मुद्दा थिए तिनको परवाह गर्नु भएन । समय समयमा श्रीकान्त अधिकारीले पेश गर्नुभएका सुझाव सल्लाह सम्झनुभयो र मेल–मिलापको नीति लिएर काठमाडौं आउनुभयो । राजा पनि कुत्सित मन भएका कतिपय पञ्चेको घेरामा थिए । त्यसो भएपनि राष्ट्रवादी शक्ति राजा र जनशक्ति अर्थात् प्रजातान्त्रिक शक्तिका बीचमा एकता र मेलमिलापको नीति अन्तर्गत राजासँग वी.पी. कोइरालाले आफ्नो घाँटी जोडिएको प्रजातन्त्र नरहे राजसंस्था पनि नरहने र राजसंस्थाको अभावमा नेपालको राष्ट्रियता कमजोर हुने, साम्प्रदायिक सद्भाव बिथोलिने अशान्ति, अराजकता, अन्याय, अत्याचार, अनाचार र भ्रष्टाचारको बोलाबाला हुने कुरा वी.पी. कोइराला, गणेशमान सिंह र कृष्ण प्रसाद भट्टराई समेतले उद्घोष गर्नुभयो । विदेशी प्रभाव बढ्दो छ, जनताले पाउनु पर्ने राहत पाईरहेका छैनन्, कर छल्ने ठूला व्यापारी पूँजी पलायन गराउनेहरू आफ्ना दुष्प्रयास जारी गर्दै छन् । राज्यले धान्न नसक्ने खर्चमा राज्य शासन रहेको अवैज्ञानिक तवरबाट प्रदेश विभाजन भएको तर शासन व्यवस्था केन्द्रीकृत रही रहेको विकासमा भन्दा जनप्रतिनिधि र कर्मचारीको तलब भत्ता सुविधामा बढी खर्च भई रहेको वर्तमान अवस्थामा नेताहरू सुध्रिएर गम्भीर हुनु पर्दछ । संविधानमा आवश्यक सुधारका लागि लचिलो हुनु पर्दछ ।

राजनीतिमा लागेका कतिपय माथिल्लो तहमा पुगेका व्यक्तिहरूको आचरण व्यवहार हेर्दा उनीहरूका भाषण, आश्वासन फिका देखिएको, मनवचन कर्मको एकता नभएको क्षुद्र व्यक्तिगत स्वार्थबाट माथि उठ्न नसकेका नातावाद कृपावादमा फँस्दा नीतिगत भ्रष्टाचार समेतमा फँसेका र चलाखीपूर्ण छलकपट बाट गणितीय हिसाव मात्र मिलाई सत्ता हत्याएको जनतालाई सुनाउने एक थरी कुरा ऐन विधान अर्कै किसिमको कार्यान्वयन पक्षमा कुनै सुधार नआएकोले नेताले जनतालाई आश्वस्ति आफूलाई बन्दोबस्ती गर्ने गरेको रहस्य अद्यापि मौजूद छ । यस्तो विडम्बना पूर्ण आचरण व्यवहार गर्ने नेताहरूको रवैयालाई हेरेर होला राजनीतिलाई फोहरी खेल छलकपटका कुराका अर्थमा पनि बुझिने स्थिति बल्झिएको छ । दक्षिण अफ्रिकामा नेल्शन मण्डेलाले गरेको राजनीति, सिंगापुरमा लिक्वान यूले गरेको राजनीति, भारतमा प्रधानमन्त्री लालबहादुर शास्त्री र अटल बिहारी वाजपेयीले निर्वाह गरेको भूमिका नेपालमा वी. पी. कोइराला, मनमोहन अधिकारी, श्री कृष्णाप्रसाद भट्टराईको भूमिका हेर्दा कसैले पनि राजनीतिलाई फोहरी खेलेभन्न सक्दैन, भन्न चाहँदैनन पनि ।

श्रीकान्त अधिकारी जननिर्वाचित सांसद हुँदा प्रधानमन्त्री वी.पी. कोइरालालाई नैसर्गिक प्रजातन्त्र, नेपालको ऐतिहासिक संस्कृति, मूल्य, मान्यता बारे यथेष्ठ जानकारी दिएर उत्साहका साथै प्रेरणा दिनुभयो । राजा श्री ५ महेन्द्र र प्रधानमन्त्री वी.पी. कोइरालाका बीचमा बढ्दै गएको नासमझदारी घटाउन पनि ठूलो भूमिका निर्वाह गर्नु भएको थियो । राष्ट्रवाद बारे श्री ५ महेन्द्र चिन्तन प्रधानमन्त्री विश्वेश्वरको प्रजातन्त्रसँग राष्ट्रवाद अभिन्न भएर जानुपर्छ भने चिन्तनसँग मिल्न सकेन र २०१७ साल पौष १ गतेको दुर्घटना घट्न गयो ।

हिन्दू वर्णाश्रममा, वेद तथा पुराणमा महिलाको स्थान आदरणीय रहेको छ । महको अर्थ पूज्य र महिलाको अर्थ पूजनीया भएकोले महिलाले पनि आर्य चिन्तन वेद, पुराण, स्मृति, सार बुझ्न सकून् भनेर महिलाका

लागि पनि आधुनिक पद्धतिकों शिक्षाका साथै संस्कृत शिक्षामा पहुँच पुऱ्याउन वहाँको विशेष योगदान रह्यो । प्रजातन्त्रवादी कतिपय नेताहरू बहुमतमा विश्वास गर्ने कुरा जस्तै बहुजन हिताय बहुजन सुखाय भन्ने आदर्श राख्थे भने श्रीकान्तजी ती कुरामा विमति राख्नु हुन्थ्यो र सर्वजन हिताय सर्वजन सुखाय भन्ने राजमार्गको रेखा कोर्दै नेपालको एकीकरणका सूत्रधारका पूर्वजको इतिहासमा सहभागी दूराहरूको समेत ऐतिहासिक चर्चा गरेर पछाडि परेका वर्गको उत्थानमा योगदान पुऱ्याएको इतिहासले अरू जाति सरह गुरूङ, मगर र दुराहरू पनि श्रीकान्तजी प्रति कृतज्ञ रही आएका हुन् । सर्वोदय वहाँको लक्ष्य थियो, त्यो लक्ष्यमा अगाडि बढ्दा वहाँले निजी सुख चैनलाई वास्तै गर्नुभएन ।

कुनैपनि काम स्यानो हुँदैन, कर्म पूजा हुन्छ । सबैको सँगै उत्थान हुनुपर्छ । यसो भएन भने सामुदायिक विद्वेष, उग्रवाद र अशान्तिले जरा गाड्ने छन् भनी वहाँका भविष्यवाणी थिए । माथिल्लो तहका नेता र कर्मचारीको नियत सफा रहे र गरिएको कार्य पारदर्शी गराउँदै रहे, भ्रष्टाचार, दुराचार, अनाचार गरेनन् र गर्नेहरूलाई जो भएपनि कानूनका आधारमा दण्ड दिलाए भने नातावाद कृपावाद समाप्त हुन्छ । रामराज्य बनाउने सपना पनि साकार हुँदै जान्छ, राष्ट्रिय स्वाभिमान कसरी सबल हुन्छ, सबै नेपालीको स्वास्थ्य कसरी राम्रो बन्नसक्छ उपचारको हक हुनु पर्दछ । निर्विघ्न यातायात र शिक्षामा सबै नागरिकको बिना भेदभाव प्रवेश पहुँच पुग्यो भने शिक्षा सुधारका साथै सबै कुरा सुधार हुँदै जान्छन् । कुनैपनि जग्गा बाँझो नरहोस्, पशुपालन, कृषि, जडिबुटी खेती र जलसम्पदाको सदुपयोग गरे राष्ट्र समुन्नत हुन्छ । काठमाण्डौंको बाक्लो बस्ती र पर्यावरण दूषित देखेर होला वहाँले राजधानी चितवन वा पोखरा सार्ने सुझाव पनि विचार या छलफलको विषय बनोस् भनेर राख्नुभएको थियो । राष्ट्र प्रमुख वा सरकार प्रमुखलाई धन पुगेन भने ऋण वा सहायता दिने व्यक्ति वा संस्था हुन् सक्छन, बल शक्ति पनि बाहिरबाट पाइन्छ, देश बनाउने न्याय, शान्ति समृद्धि दिने नियत भन्ने नेताको आफ्नै हुनुपर्दछ भन्ने वहाँको अठोट थियो ।

दलका नेताहरूको आचार संहिता बाहिरी अतिथी बाट बनोस् । जनप्रतिनिधि र सरकारले सत्तामा रहेका बेला हुनसक्छ आगामी निवचिनपछि हामी प्रतिपक्षमा पर्न पनि सक्छौं भन्ने ठानून र प्रतिपक्षले हामी निकट भविष्यमैं सत्तामा पुग्ने उत्साह राखेर विधिविधान, विधेयक, कानून निर्माणमा विचार पुऱ्याए संवैधानिक अङ्ग या परिषद्हरूमा हाम्रा मानिस घुसाएर हामीले फाइदा उठाउने खालको सोच विकसित हुन पाउँदैन भन्ने श्रीकान्त अधिकारीजीको यो सोच हाल कार्यान्यनमा आएन, जनपक्षीय दवाव पनि पुगेन र लोकतन्त्र नामधारी हुनपुग्यो । समानुपातिक व्यवस्था त्यस्ता नेताहरूका नाता–पाता आसे–पासेको चयन र खर्चिलो एवं जनताको ढाड सेक्ने गरी प्रादेशिक तह समेतको व्यवस्थाले जनतामाथि भएको भार बढ्दै गएको विकासको गति घट्दै गएको निर्वाचन आयोग स्वतन्त्र रहन गाह्रो परेबाट लोकतन्त्रको उपहास भइरहेछ । दूरद्रष्टा श्रीकान्त अधिकारीजी बाट व्यक्त सुझाव आफैंपनि ग्रहण गर्नु नेपाली राजनीतिज्ञ र नेपाली जनताको हितमा हुनेछ ।

नेपाललाई यती वर्षभित्र यस्तो सकारात्मक अवस्थामा पुऱ्याउँछौं भन्ने प्रजातन्त्रवादी तथा प्रगतिशील नेता तथा वी.पी. कोइराला, मनमोहन अधिकारी स्वर्गीय भईसक्नुभएको छ । निजी सुख भन्दा राज्य व्यवस्था, प्रजातन्त्र, विधिको शासन, दण्डहीनताको अन्त्य समतामूलक समाजका लागि योगदान गर्ने गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई पनि यस धराधाममा हुनुहुन्न । नेताहरूलाई यथार्थ सत्यको मार्ग सम्बन्धि सुझाव सल्लाह दिने श्रीकान्त अधिकारीजी पनि हामी नेपाली जनताका स्मृति पटलमा मात्र हुनुहुन्छ । स्वर्गीय भईसक्नु भयो । राजाहरू बारे के भनौं राजसंस्था पनि छैन मुलुक गणतन्त्रमा गईसकेको छ । गणतन्त्रबाट हुने फाईदा मुठ्ठीभर नेता भनाउँदा नाम मात्रको या तथाकथित् निर्वाचनबाट कर, बल, छल, सत्ता पक्षका प्रतिपक्षमा स्थान पाएका नातेदार वा आसेपासेलाई समानुपातिक प्रतिनिधि बनाएर अङ्कगणितको निहुँमा सत्ता चलेको छ । संविधानतः कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्ने स्थिति छैन । वाक् प्रकाशन भेलामा पनि प्रतिबन्ध लाग्ने हो कि जस्तो छ ।

वर्तमान सन्दर्भमा दूरद्रष्टा श्रीकान्त अधिकारीका सामयिक सुझाव मनन योग्य थिए ।

क. विधेयक बनाउँदा वा ऐन–नियम बनाउँदा सत्ता पक्षले हामी निकट भविष्यमा प्रतिपक्ष हुन सक्छौं भन्ने ठान्ने र प्रतिपक्षले हामी समता पक्षमा पुग्ने र सम्हाल्ने हो भन्ने ठान्ने हो भने संवैधानिक अङ्ग, निकाय, संस्था स्वच्छ तवरबाट योग्यता पुगेका राम्रा र न्यायप्रिय स्वच्छ छविका व्यक्ति आउँछन र कानूनी राज्य बन्छ, कानूनका अगाडि सबै समान हुन्छन् ।

ख. पार्टीको सभापति २ कार्यकालभन्दा बढी हुन नपाउने, एक व्यक्ति २ पटक भन्दा बढी सांसद बन्न नपाउने व्यवस्था गर्दा युवा शक्तिको पालो आँउदै गर्छ र युवा प्रशिक्षित हुँदै जान्छन् र प्रजातन्त्र वा लोकतन्त्र सबल हुन्छ, युवाहरूको विदेश पलायन पनि रोकिन्छ, रोजगारी र स्वरोजगारीका क्षेत्र विस्तार हुन्छन् । आवश्यक ऐन नियममा परिवर्तन हुँदै व्यवहारमा कुशलता प्राप्त गर्दै रहन्छन् ।

ग. भूतपूर्व मन्त्रीहरूलाई जीवनभर सुविधा दिने गर्दा सुकुम्बासी, रोगी, गरीब विद्यार्थी, एकल महिला, असुरक्षित नागरिकले सुविधा पाउनबाट वञ्चित हुनेछन्, अनावश्यक भेदभाव मेटीने छैन ।

घ. जनप्रतिनिधिले जनमुखी काम नगरेमा वा घोषणापत्र कार्यान्वयन नगरेमा जनताले प्रत्याव्हान गर्न सक्ने व्यवस्थाले जनप्रतिनिधि आफ्ना आचार संहिताका सीमामा रहन बाध्य हुन्छ र सांसदको पूरै उपस्थिति तर विधेयकको छलफल कोरम नपुगेर हुन नसक्ने स्थिति रहँदैनथ्यो ।

ङ. राजनीतिलाई नीतिको श्रेष्ठ आदर्श र उत्तम नीतिको रूपमा लिनुपर्दछ । छलकपट धूर्त्याइलाई राजनीति भन्ने होईन, त्यो त छल हो भन्ने श्रीकान्तजीको भनाइ ग्रहण गर्नेले राजनीतिलाई सेवा मान्ने छन्, पेशा मान्ने छैनन् । देशको भूगोलको सबै किसिमले रक्षा गर्ने छन् । प्राकृतिक प्रकोप न्यून गराउन सफल हुनेछन् ।

देशमा कैंयन समस्या देखिएका छन्, असन्तोषका स्वरहरू गुँजी रहेछन् । पहिलो हुने पार्टी र दोश्रो हुने पार्टी सरकार प्रमुख बन्न सकेको छैन । अनिश्चितताले घर गरेको छ । यस्तो अवस्थामा देशका सबै जिम्मेवार एवं राजनीतिक शक्ति गोलमेच सम्मेलनमा फर्कि राष्ट्रको सर्वोपरि हित र प्रजातन्त्रको मर्यादा राख्ने, सुशासन र न्याय दिने एवं राष्ट्रको सर्वाङ्गीण विकास गर्ने तर्फ संविधान ऐन कानूनमा आवश्यक संशोधन गरेर नैसर्गिक प्रजातन्त्र बचाउनु छ । सीता जन्मेको देश, बुद्ध भगवान अवतरित भएको देश, श्रीपशुपतिनाथ आराध्य रहेको देशको मूल्य मान्यता कायम राख्न श्रीकान्त अधिकारीज्यूले सुझाएको मार्गको अवलम्बन गर्न जरूरी छ । निर्वाचन पनि गठबन्धन गरेर लड्ने हो भने पार्टीको गन्तव्य के शेष रहन्छ र ? दूरद्रष्टा श्रीकान्त अधिकारीज्यूका पारदर्शी आचरण व्यवहार व्यक्त धारणाहरू पछ्याएरनै वर्तमान परिवेशमा लोकतन्त्रलाई सार्थक तुल्याउन सकिन्छ ।

(अर्याल पूर्व सामान्य प्रशासन कानून न्याय तथा संसदीय सहायक मन्त्री हुनुहुन्छ)

संसदीय मार्क्सवादको दुःखद परीक्षणलाई नियाल्दा



• डा. पूर्णकान्त अधिकारी

आजकाल चर्चामा आईरहेको संसदीय मार्क्सवादको प्रसङ्गले मेरो मन मस्तिष्क सन् १९७३ (२०३० सालको) चिले तर्फ दौडिरहेको छ । यो आलेख करिब आधा दशक अघिको चिले यात्रासँग जोडिएर आजको संसदीय मार्क्सवादको अभ्यासका विभिन्न पाटोको तुलनात्मक विश्लेषणमा केन्द्रित हुनेछ ।

साल्भादोर आएन्देको सरकार भारतको केरला प्रान्त बाहेक संसारकै पहिलो पटक साँच्चैको संसदीय मार्क्सवादको परीक्षण गरिरहेको थियो । त्यतिखेरको सोभियत संघ अत्यन्त बलियो थियो, जसले त्यस सरकारलाई सघाइरहेको थियो र पश्चिमा पूँजीवादी विरुद्ध संसारभर जिहाद चलाईरहेको थियो । विगत पाँच दशक देखि नै क्यूवा त अमेरिकाको लागि टाउको दुःखाई छँदै थियो त्यस माथि चिले थपिन जाने त्रास बढेको थियो । जहाँ शक्तिशाली सोभियत पक्षीय कम्युनिष्ट पार्टी समाजवादी पार्टीका नेता आएन्देको सरकारमा मुख्य साझेदार थियो ।

त्यतिखेरको चिलेमा विदेशी बहुराष्ट्र कम्पनी प्रति जनआक्रोश फैल्याइएको थियो र तिनीहरूको राष्ट्रियकरण भईरहेको थियो । साथसाथै ल्याटिन अमेरिकाभर ठाउँ ठाउँमा चे गेभाराबाट प्रभावित गुरिल्ला आन्दोलन चलिरहेका थिए जसलाई दबाउन सैनिक शासनहरू तैनाथ थिए, जो खरो राष्ट्रवाद र संयुक्त राज्य अमेरिकाको समर्थनमा टिकेका थिए ।

एक पटक कारखाना पुरै घुमेर हेरेर कुरा गर्न बस्दा मैले कारखाना प्रबन्धकलाई प्रश्न गरें 'उत्पादनको स्थिति कस्तो छ ?' भनौं कि नभनौं जस्तो गरी उनी पल्याकपुलक यताउति हेर्न थाले । उनको हाउभाउ देखेर मेरा सहयोगीले भने 'आब्लाते कन कन्फियान्सा' मतलब 'कुरा नलुकाईकन जस्ताको तस्तै भन, उनी हाम्रा साथी हुन् ।' त्यसपछिको उनको जवाफ आयो 'उत्पादन चालिस प्रतिशतमा झरेको छ ।' मैले फेरि प्रश्न गरें 'किन ?' त्यसपछि उनले भने 'राष्ट्रियकरण गरेपछि कामदारको उत्प्रेरणा बढाउन भनेर हामीले सबैको तलब शत प्रतिशत बढायौं । त्यसो गर्दा उनीहरूको उत्पादकत्व दोब्बर होला भन्ने हाम्रो आशा थियो, वास्तवमा उल्टो हुन पुग्यो ।

बेलुका छुट्टी भए पछि गोजीमा धेरै पैसा भएकाले उनीहरूमा मदिरा भट्टी तिर जाने क्रियाकलाप बढ्न थाल्यो । रक्सीको सुरमा राजनैतिक गफ हुँदा समय बितेको पत्तै नहुने । जसले गर्दा उनीहरूको पारिवारिक जीवन पनि बिग्रन थाल्यो । जेनतेन अबेर गरी घर पुगेको मान्छे भोलिपल्ट बिहान काममा ढिला आउँदासम्म उसलाई रक्सीको नसाले नछोड्ने भएपछि उसको काममा नकारात्मक असर पर्न थाल्यो र उसको उत्पादकत्व घट्न थाल्यो । एउटा कामदारको व्यवहारले अर्कालाई पनि प्रभाव पार्ने रहेछ, त्यसरी उत्पादकत्व र उत्पादन दुवै घट्ने क्रम जारी रहेको छ । काममा नकारात्मक असर पार्ने कामदारलाई खोस्न सकिएन, आखिर हामी समाजवादी न ठहरियौँ नत उसको व्यवहार नै सुधार्न सकिएको छ । कामदारको अधिकारबारे उनीहरूलाई सजग

त गराउन सकियो र उनीहरूलाई तलब सुविधा पनि थप्न सकियो तर उनीहरूलाई कर्तव्यबोध गराउन सकिएन । बढि भएको पैसाको सदुपयोग गर्न पनि सिकाउन सकिएन । यहीँ नेर हामी असफल सिद्ध भएका छौं ।' म आफैं समाजवादी भएका कारण मेरालागि यो घटना अत्यन्त शिक्षाप्रद भएको छ । अधिकार र कर्तव्य एउटै सिक्काका दुइटा पाटा हुन्, जुन एक अर्कामा अन्योन्याश्रित रूपले जोडिएका हुँदा रहेछन् । तिनीहरू मध्ये कुनै एक पक्षमा कमी कमजोरी हुनासाथ समाज अस्तव्यस्त हुँदो रहेछ जुन यो लेखको अर्को निश्कर्ष हो ।

उपरोक्त घटनाको करिब दुई महिनाअघि म एक जना अर्का चिलेयन मित्र सँग भूमिसुधारको अध्ययनार्थ शान्तियागो नजिकका गाउँहरूमा पुगेको थिएं । उनी कातोलिका विश्वविद्यालय शान्तियागो का प्राध्यापक थिए, जहाँ मैले पनि केही समय अध्यापन गरेको थिएं । साथै चिलेका विश्वविद्यालयहरूको राष्ट्रिय परिषद् मार्फत त्यस मुलुकका विभिन्न ठाउँका शैक्षिक तथा प्राज्ञिक संस्थाहरूमा कार्यक्रम गर्ने मौका पाएको थिए,जसले गर्दा मलाई विभिन्न ठाउँका विभिन्न व्यक्तिहरूसँग अन्तर क्रिया गर्ने मौका मिलेको थियो । उनी सुधारवादी क्रिश्चियन डेमोक्रेटिक पार्टीका सदस्य थिए, जसले आएन्देको भन्दा अघिल्लो निर्वाचित सरकार चलाएको थियो जसको राष्ट्रपति यदुवार्दो फ्रेई थिए । उनले भूमि सुधारमा ठूलो अग्रसरता राखेका थिए, जसमा पाउलो फ्रेइरेले ब्राजिलको सैनिक शासकबाट सन् १९६४ मा निर्वासित हुन पुग्दा चार वर्ष सम्म अविछिन्न काम गरेका थिए । यसै कामले उनलाई हारवार्ड विश्वविद्यालयमा फेलो बन्ने मौका मिल्यो र संसार प्रसिद्ध गरायो । पाउलोको चेतनशील जागरण (**Conscientization**) को सोचले उनको गृह नगर ब्राजिलको रेसिफेका शहरी गरिब बस्तीमा जन्म लिए पनि साँच्चिकै त्यसको प्रयोग भने उनले चिलेका किसानहरू सँग निर्धक्क रूपले गर्न पाए । हारवार्ड विश्वविद्यालयको अनुसन्धानात्मक शिक्षा पत्रिकामा निस्केका दुइटा आलेखले नै मलाई २०२८ सालमा उनको सामिप्यमा पुऱ्याएको हो । पाउलो कै सम्बन्धको कारण चिलेमा म साल्भादोर आएन्देको सरकारमा विश्वसनीय हुन पुगेको थिएं त्यसैले त्यहाँ र दक्षिण अमेरिकाका अन्य मुलुकका विभिन्न ठाउँमा सहज तरिकाले पुग्न सकेको थिए ।

त्यति बेलाको चिलेको तीन प्रकारका भूमि सुधारको अध्ययनबाट मैले अर्को एउटा ठूलो शिक्षा पाएको हुँ । ल्याटिन अमेरिकी अधिकांश मुलुकहरूमा ठूला ठूला जमिन्दार हुने गर्थे जो प्रायशः राजधानी शहर वा यूरोप अमेरिकामा बसोवास गर्दथे र कुत बुझ्नको लागि मात्र उनीहरू गाउँ आउने जाने गर्दथे भने कृषक कामदारहरू अत्यन्त शोषित थिए । राष्ट्रियकरण गरेर चिलेयन सरकारले ती जमिन्दारबाट जग्गा खोसेको थियो जुन आवश्यक पनि थियो । भूमि सुधारको कार्यक्रम अन्तर्गत एउटा प्रकारमा सरकारको स्वामित्वमा जमीन रह्यो र कृषक कामदारहरूलाई तालिम र राम्रो तलव सहित जागिर दिइयो । दोस्रो प्रकारमा जमिनलाई कृषक कामदारहरूको सहकारीमा परिणत गरियो । तेश्रो प्रकारमा जमिनलाई कृषकहरूमा व्यक्तिगत रूपमा राख्न भनी बराबर भाग लगाई बाँडियो । सबै प्रकारका किसानहरूलाई तालिम, आवश्यक सामाग्री र स्रोतहरू उपलब्ध गराइयो । पछि आएर अध्ययन गर्दा तेस्रो प्रकारको जमिनमा उत्पादन र उत्पादकत्व दुवै बढेको पाइयो भने पहिलो प्रकारमा सबैभन्दा बढी ह्रास देखियो जुन सोभियत कम्युनिष्ट प्रणाली अन्तर्गत पर्दथ्यो ।

बिना कर्तव्यबोधको अधिकारले थलथलो परेको समाज र 'सरकारको काम कहिले जाला घाम' भन्ने उखानको व्यवहारले गर्दा चिलेको आर्थिक स्थिति धरासायी भएको थियो । आँगनको ठूलो छिमेकीलाई बिचक्याउने व्यवहार त्यस माथि थपिन जाँदा चिलेको संसदीय मार्क्सवाद तीन वर्षमा नै तुहिन पुगेको हो, जसले गर्दा अत्यन्त ठूलो मानवीय क्षति हुन पुग्यो । मेरा लागि यो अर्को शिक्षा प्राप्त भयो । ६९ वर्ष सम्म जबरजस्त रूपले चलेको संसार कै शक्ति राष्ट्र सोभियत संघ सन् १९९१ मा तासको महल ढले झैं गर्ल्यामगुर्लुम भएर ढल्यो ।

कुनै पश्चिमा शक्ति राष्ट्र संगको सैनिक कारवाहीबाट सो भएको होइन, बल्की आन्तरिक आर्थिक कारणले नै धरासायी हुन पुगेको हो जसमा उपरोक्त दुई कुराको सम्मिश्रण नै मुख्य कारण थियो । चिलेले आँगनका छिमेकी देशहरूसँग राम्रो सम्बन्ध, सन्तुलन र समन्वय गर्न नसक्दा कसरी ठूलो दुर्घटनाव्यहोर्नु पऱ्यो भन्ने मूल निष्कर्ष सो लेखको थियो ।

अब चिलेको अनुभवलाई छोडेर नेपालमा फर्केर हेर्दा लाग्छ कि हाम्रा नेता देखि कामदार सम्म, कर्मचारी देखि व्यवसायी र शिक्षक सम्म बिना कर्तव्यबोधको अधिकारको पछि लागेको भान हुन्छ । जतातै कर्तव्यबोधको खडेरी परिआएको छ, जसले गर्दा मुलुक अत्यन्त जटिल स्थितिमा पुगेको छ र जतातै भत्केको र बिग्रेको देखिन आएको छ । २०३५ सालमा फर्कंदा आफ्नै गाउँ दुराडाँडा, लमजुङ्गमा मैले देखेको थिएँ कि स्थानीय विद्यालयका शिक्षकहरूको कर्तव्यबोध सन् १९७३ मा मैले बुझेको चिलेको ऊन कारखानाका कामदारको व्यवहारभन्दा फरक थिएन । तास र रक्सीको गाउँ गाउँमा भएको विगविगी, सरकारी तलब खाने शिक्षकहरूको करामतबाटै भएको थियो भने जिल्ला सदरमुकाममा सरकारी कर्मचारीबाट । घरपायक जागिर मिलाई दिन शिक्षकहरूमा कतिपयहरू घ्यूको ठेकी लिएर जिल्ला सदरमुकाम शिक्षा अधिकारी कहाँ धाउने र पञ्च नेताहरू कहाँ चाकडीमा जाने चलन बसेछ । पछि यो व्यथा पार्टीका नेताहरूकहाँ सरेको हो । उनीहरू खुशी भए विद्यालयमा पढाउनै पनि नपर्ने, जो शिक्षक त्यसो गर्न सक्दैनथे वा चाँहदैनथे उनीहरू जिल्लाका विकट गाउँमा खटाइएका हुन्थे ।

दुराडाँडा जस्तो ठाउँमा त त्यस्तो थियो भने अन्यत्रको त कुरै गर्नुपरेन । गाउँलेहरूले स्वतःस्फूर्त भएर खोलेका गाउँका विद्यालयहरू जनताको व्यवस्थापनबाट सरकारले खोसेकाले जनमानस पूरै नैराश्य देखिन्थ्यो तर पञ्चायती एकतन्त्रीय शासनकालमा बोल्न सक्दैनथ्यो र शिक्षकहरूमा सामाजिक दायित्व शून्य प्रायः थियो । शिक्षा क्षेत्रमा यो डरलाग्दो वस्तु स्थिति देखेकाले विद्यालयको सामुदायिक व्यवस्थापन र विद्यार्थीको शुल्क बाहेक शिक्षक माथि सामाजिक बन्धन हुने उपाय अरू कुनै नदेखिएकाले नै मैले भन्दै आएको हुँ कि 'एक पैसा भए पनि शुल्क लगाउनु पर्छ र विद्यालयको व्यवस्थापन समुदायलाई फिर्ता दिनुपर्छ '। सक्नेका केटाकेटीलाई तिराउने र नसक्नेका लागि छात्रवृत्तिको व्यवस्था नै राम्रो हुने थियो, जुन राज्यले गरेको खर्च भित्रैबाट सम्भव हुने थियो । जसले गर्दा सक्ने र नसक्नेका केटाकेटी एकै ठाउँमा पढ्न पाउँथे । शिक्षकहरूमा सामाजिक दायित्व शून्य प्रायः भएको स्थितिमा निःशुल्क शिक्षा राजनैतिक नेताहरू र ठूला कर्मचारीलाई भाषणको मसला मात्र भएको छ भने समाजलाई विष समान । त्यसैकारण समाजले विस्तारै सामुदायिक विद्यालय बहिष्कार गर्न थालेको हो, जसले गर्दा नीजि विद्यालयहरू च्याउ उम्रे झैं उम्रन थालेका हुन् ।

यसले वर्गीय शिक्षाको बिगबिगी बढाएको छ र अर्को द्वन्द्वको विजारोपण गरेको छ । यसको अनुपस्थितिमा जतिसुकै पैसा शिक्षामा खन्याए पनि वालुवामा पानी बरावर भईरहनेछ । एम.ए. पास गरेको एउटा युवा जब आफ्नो प्रमाणपत्र बाकसमा थन्क्याएर परदेशमा गएर एउटा साधारण कुल्ली मात्र बन्न सक्ने अवस्थामा रहन्छ भने त्यस्तो शिक्षाको के काम भयो र ? चाहिएको त गरि खाने शिक्षा हो, जसमा बजारमुखी व्यावसायिक तथा प्राविधिक सीप प्राप्त हुन्छ ।

सन् १९७३ ताका चिलेको विरुद्ध भएको अमेरिकन नाकाबन्दीको असर सर्वत्र देखिन्थ्यो, जुन आर्थिक हिसाबले ढाड भाँच्ने उद्देश्याभिमुख थियो, जसमा अमेरिका सफल हुन पुग्यो । सन् २०१५ मा भएको भारतको अघोषित नाकाबन्दी पनि नेपालको ढाड भाँच्ने उद्देश्यकै थियो । त्यतिखेर भारतीय सरकारको व्यवहार उपनिवेशकालको अंग्रेजको जस्तो थियो भने नेपाली जनताले विशुद्ध गान्धीवादी तरिकाले प्रतिरोध गरेका थिए । जसरी गान्धी सँग

अंग्रेज सरकार झुक्न पुग्यो त्यसरी नै भारतीयले पनि आखिर हार स्वीकार गर्न पुग्यो । जसले कुनै एक छिमेकी सँग अति ठूलो निर्भरता घटाउनको लागि अर्को छिमेकी र उ मार्फत् अरू मुलुक सँगको आवागमनको शुरुवात गर्ने बाटो खुलेको थियो । दुवै छिमेकी मुलुकसँग राम्रो सम्बन्ध विकास गर्ने शक्ति विकास गर्ने सोचमा लाने प्रयास गर्न पर्ने नेपालको लागि समृद्धिको ढोका खोल्ने ठूलो मौका हुन जानेछ यसमा सरकार लाग्नु पर्दछ । तथापी भित्री रूपले हामीले आफ्नै व्यवस्थापन गर्न सकिएन भने सो मौका आए पनि खेर जाने पक्का छ ।

स्व-व्यवस्थापनमा सबै भन्दा ठूलो समस्या भनेको व्याप्त भ्रष्टाचार हो । यसबाट मुलुकलाई कसरी निकास दिने हो ? सरकारको सबैभन्दा ठूलो चुनौती त्यसैमा छ । कतिपय राजनीतिज्ञ, कर्मचारी र व्यवसायीहरूको जुन अघोषित सिन्डिकेट चलेको छ त्यसले मुलुकमा सर्वत्र व्यथिति पैदा गरेको छ । उनीहरूलाई खुशी पार्न नसक्ने वा नचाहनेले जे सुकै काम गर्न पनि अति कठिन भई आएको छ । काम गर्न सक्ने मस्तिष्क, शारिरीक बल र पूँजी पलायन भईरहेको छ । आफ्नै मुलुकमा केही गर्छु भनी फर्कनेहरू पनि हतोत्साह हुने वातावरण व्याप्त छ । सैद्धान्तिक हिसाबले पार्टीहरूको बीच खाडल कम भएको छ । उनीहरू सहकार्यमा जुट्न सकेका छन्, त्यो राम्रो पक्ष हो ।

उनीहरूको एकता र अनेकता भने मुलुकको हितमा नभई केवल आफ्नो गुटगत तथा व्यक्तिगत स्वार्थमा मात्र केन्द्रित भएको भान हुन्छ । अपराधीहरूलाई राजनैतिक जामा पहिऱ्याएर उन्मुक्ति दिने चलनले समाजमा दण्डहीनता बढाउँदै स्वच्छ व्यक्तिहरूलाई हतोत्साह बनाएको छ भने अन्तर्राष्ट्रिय जगतमा मुलुकले नै साख गुमाएको छ । **Money** (पैसा), **Muscle** (बल), र **Don & Gun** (अपराधिक गुट) को आडमा चुनाव लड्ने परिस्थिति बढ्दै जाँदा त्यस्तो प्रवृत्ति देखि टाढै रहनेहरू राजनीतिबाटै पाखा पारिदै गएका छन् भने पार्टीहरू पनि आफ्नो दर्शनबाट विमुख हुने र त्यस्ता शक्ति केन्द्रबाट प्रभावित हुने परिस्थितिले राजनीतिमा स्खलन आई विद्यमान लुटको संस्कृतिले समाज पूरै आक्रान्त भई आएको छ ।

एकातिर कर्मचारीहरूको असहयोगले संघीयता विफल गराउनेलाई प्रोत्साहित गरेको छ भने अर्को तर्फ नयाँ आर्थिक कार्यक्रमले मुलुकको आम्दानी बढ्न नसके विद्यमान आर्थिक स्थितिले केवल राजनीतिज्ञ र कर्मचारी पाल्ने मात्र काम गर्नेछ, र संघीयता जतिसुकै वान्छनीय भए पनि महंगो साबित हुनेछ । राज्य व्यवस्थापनमा समावेशिता अत्यन्त राम्रो कुरा हो तथापी यसको अभ्यास अझ प्रभावकारी र परिणाममुखी बनाउन सकिएको छैन । समावेशिताको वास्तविक मर्मलाई आत्मसात गरेर सोही अनुसार राम्ररी कार्यान्वयन नगर्दा कतिपय क्षमतावान व्यक्ति समेत पाखा लाग्नु पर्ने अवस्था आउन सक्छ जसले गर्दा त्यस्ता व्यक्तिमा नैराश्यता सृजना हुन्छ जुन राष्ट्रको हितमा छैन ।

उनीहरूलाई समावेश गराउने तरिका नअपनाए देखि समृद्धि केवल नारामा मात्र सिमित हुनेछ । सीप विमुख युवाहरू जो वैदेशिक रोजगारमा गएका छन्, उनीहरूले असजिलो, फोहोरी र खतरनाक काम गरी पठाएको विप्रेषणले सरकार बाँचेको छ र स्वदेशी उत्पादनमा ह्रास आई आयात निर्यातमा ठूलो व्यापारिक खाडल बन्न पुगेको छ । आफ्नो युवा शक्ति जति विदेशमा भौंतारिएको छ भने कामदारको अभावमा आफ्ना खेतबारी बाँझा र उद्योग व्यवसाय बन्द प्रायः भएका छन्, यसमा ठूलो परिवर्तनको खाँचो छ । यस्ता धेरै समस्याले मुलुक आक्रन्त छ र समाधानको खोजीमा गई हाल्नुको विकल्प छैन ।

अन्त्यमा दुई छिमेकी शक्ति राष्ट्र सँगको सम्बन्धमा सन्तुलन बिग्रन गएर चिलेले सन् १९७३ मा व्यहोरेको जस्तो परिस्थिति नेपालमा फेरि नआउला भन्न सकिदैन । यदि आर्थिक हिसाबले अब मुलुकले बाटो पहिल्याउन

नसके परिस्थितिले नै राष्ट्रिय र अन्तर्राष्ट्रिय भाँडहरूलाई उक्साउन सक्छ । सरकार राजनैतिक जोड घटाउमा त निकै शक्तिशाली भएको छ तापनि नैतिक हिसाबले पनि उक्तिकै शक्तिशाली बन्न सक्नु पर्छ, आखिर गत सात दशकको आफ्नै अनुभवले पनि त्यसै भन्दछ । गत सात दशक सम्म मुलुक राजनैतिक संक्रमणबाट गुज्रेको छ र कुनै पनि व्यवस्थाले ढुक्कसँग काम गर्न नपाएकाले नै आर्थिक सामाजिक हिसाबले अत्यन्त पछाडि परेको छ । यो मुलुक गरिब हुनु पर्ने होइन बल्की शासकहरूद्वारा नै गरिब बनाइएको हो, यसमा परिवर्तन जरूरी छ । त्यसैले प्राप्त लोकतान्त्रिक समावेशी संघीय गणतन्त्रलाई कामयाबी बनाउन सबैको कर्तव्य हुन आएको छ ।

संख्यात्मक हिसाबले सरकार सरल जस्तो देखिए पनि काम गराई, सोच र पृष्ठभूमिका कारण अहिलेको सरकारका लागि परिस्थिति सरल छैन । हेक्का राख्न जरूरी छ कि एउटा उग्रवादले अर्को अवसरवादलाई एउटै जुवामा नारे पनि एउटै गरामा घुमिरहँदा सम्मलाई मात्रै हुनेछ कान्ला उक्लादा सोइला अवश्य भाँचिने छ । त्यसैले आफूलाई वामपन्थी घोषित गरेतापनि वा समाजवादी दाबी गरे पनि अहिलेको परिस्थितिमा सरकारले मध्यमार्गी समाजबादी राजनीतिको बाटो लिएरै पार्टीभित्र र बाहिरका सबैलाई समेटेर लैजानु नै श्रेयष्कर देखिन्छ ।

विगतको इतिहास र उत्साह विपरीत राजनीतिमा बढ्दो विकर्षण



• प्रा. पुरुषोत्तम दाहाल

श्रीकान्त अधिकारी मैले राजनीतिको कखरा थाहा पाउन लागेपछि परिचित नाम हो । हलो क्रान्तिको प्रथम आरम्भ भूमि, राष्ट्रकवि माधव घिमिरेको पावन जन्मभूमि अनि नरकान्त अधिकारी जस्ता इमान्दार, स्वच्छ र सदा अनुकरणीय राष्ट्रसेवकको जन्मभूमि लमजुङ. यसै पनि हामी जुनसुकै भूगोलमा वस्नेहरूका लागि पनि प्रेरक रहेको छ । निर्दलीय कालमा अनेक व्यक्तित्वहरूको संघर्षको कथा यसै वनेको थिएन । त्यस कालखण्डमा कतिपय शहीदहरू हुनुभयो र केही वेपत्ता पनि । पछिल्लो चरणमा मुक्तिनाथ अधिकारी सहित अनेक शिक्षक र सामाजिक अभियन्ताहरूको शहादतको कथाले यो भूमिलाई सदा स्मरणीय र वन्दनीय बनाएको छ ।

(क) नागरिकमा रहेको आकांक्षा :

श्रीकान्त अधिकारीकै नाममा स्थापित दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठानबाट मलाई मेरा प्रिय मित्र कृष्ण न्यौपाने र महेश्वर पहारीजीको फोन र आग्रह पत्रले विगतलाई स्मृतिगर्भमा राखेर वर्तमानबारे केही लेख्न उत्साहित बनाएको छ । राष्ट्रको स्वाभिमान र सुरक्षा, आम नागरिकको जीवनउत्थान र विकासको मूलमियो राजनीति हो । राजनीतिले नागरिकलाई स्वतन्त्रता, सामाजिक न्याय, समानता र आर्थिक असमानतालाई मेट्न सक्ने गरी कानुन निर्माण र व्यवहार गर्नुपर्छ । आम नागरिकको कुनै ठूलो महत्वाकांक्षा हुँदैन । समयमा न्याय र सेवा पाउनसके नागरिकलाई कुन राजनीतिक प्रणाली कसरी स्थापित खासै चासो रहँदैन । मतदानको समयवाहेक अरुदिनमा नागरिकले राज्य र राज्य प्रणालीको चासो राख्ने भनेको कर दिने समय, न्यायालयमा, नागरिकता बनाउँदा, खाद्यान्न अभाव वा कालोवजारीको पीडा भएको समय, उपचार, असक्त वृद्धवृद्धा अवस्था, औषधिमूलो गर्दा वा सन्तान भए पढाउँदा वा रोजगारीका लागि केही थोरै आकांक्षा राखेका हुन्छन् ।

(ख) नागरिकले गर्ने प्रश्नहरू :

यी सामान्य आकांक्षामा बाधा उत्पन्न हुनासाथ नागरिकले प्रश्न गर्छन् :

(१) मैले किन कर तिर्नु

(२) मैले मत किन दिनु ?

(३) जनताको हितमा काम गर्न नसक्ने नेतृत्व र नेतृत्वमा बस्ने राजनीतिक प्रणाली किन चाहियो ?

यो भन्दा अलि ठूलो राष्ट्रिय समस्या आएमा राष्ट्रको स्वतन्त्र सार्वभौमसत्ताको विषय जनताको गम्भीर चासो भित्र परेको हुन्छ । नेपालको आधुनिक राज्यप्रणालीको आरम्भ ००७ को क्रान्तिले गरेको हो । यसमा विमति राख्नु पर्ने कुनै कारण छैन । राजनीतिक प्रणालीमा ००७ पछि चारोटा परिवर्तनहरू भए ।

(ग) ००७ पछिका चार राजनीतिक परिवर्तनहरू :

(१) ०१५ को पहिलो आम निर्वाचन , जसमा नेपाली कांग्रेसले प्रचण्ड बहुमत पायो , जुन संस्सदमा स्वयम् श्रीकान्त अधिकारी पनि हुनुहुन्थ्यो । विपी कोइरालाको नेतृत्वमा सरकार वन्यो ।

(२) ०१७ पुस १ गते राजा महेन्द्रले संसद भङ्ग, संविधानको खारेजी (केही धारा संशोधन गरी २०१९ सम्म काम चलाएपनि आधारभूत रूपमा त्यो खारेजी नै थियो) । उनले मन्त्री र पार्टीका अधिकांश नेता र सदस्यहरूलाई जेल हाले । यो कदमसंगै नेपालमा ०४६ सम्म राजाको प्रत्यक्ष वा परोक्ष जुन रूपमा भएपनि हुकूमी शासन चल्यो ।

(३) ०४६ मा पहिलो पटक नेपाली कांग्रेस र नेपालका साम्यवादीहरूका सात दल, एकजना स्वतन्त्र वाम पद्मरत्न तुलाधरसहित आठको मोर्चावन्दी भयो । जसको नेतृत्व नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले गर्नुभएको थियो । नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको सरकारले संवैधानिक राजतन्त्र र बहुदलीय प्राजतन्त्रको स्थापना गर्‌यो । पहिलोपटक नेपाली जनताका हातमा सार्वभौमसत्ता रहेको संवैधानिक प्रत्याभूति भयो । यो प्रणाली ०६३ वैशाख ११ सम्म चल्यो । बीचमा राजा ज्ञानेन्द्रले करीव ०१७ सालमा पिताजीले चालेको कदमको अनुकरण गर्दै प्रत्यक्ष शासन आफ्नो हातमा लिए । तर समय बलवान् र परिवर्तनशील हुन्छ भन्ने सत्यलाई उनले बुझ्न सकेनन् ।

(४) ०६३ पछिको गणतन्त्र वर्तमानसम्म यथावत् छ । ०५९ जेठमा शेरबहादुर देउवा नेतृत्वको सरकारले गरेको सिफारिस अनुसार राजा ज्ञानेन्द्रले गरेको विघटन विरुद्ध नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सञ्चालित सडक आन्दोलनले संसदको पुनःस्थापनाको माग गरेको थियो । तर ज्ञानेन्द्रको शासकीय इच्छाले त्यसलाई अस्वीकार गर्‌यो । तर सातदलीय मोर्चावन्दीको नेतृत्व गर्दै कोइराला माओवादीसंग हात मिलाउन पुग्नुभयो र अन्ततः माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन, राजाका हातबाट जनताका हाता राज्यसत्ता ल्याउन, र देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न सफल हुनुभयो । कोइराला नेतृत्वले गराएको पहिलो संविधान सभाले संविधान निर्माण गर्न नसके पनि दोस्रो पटक निर्वाचित संविधान सभाले नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा संविधान निर्माण गरी जारी गऱ्यो । आज यसैकारण ०७२ यता संस्थागत भएको संघीय लोकतान्त्रिक गणतन्त्र नामको राजनीतिक प्रणाली नेपालमा छ ।

००७ यता केही अभिलेखमा आउने गरी राजनीतिक घटनाहरू पनि छन् । जस्तो ०१० को किसान विद्रोह, सुवर्ण संसेरको नेतृत्वमा भएको ०१८ र ०१९ को सशस्त्र आन्दोलन, ०२५ मा विपी कोइराला सहित नेताहरूको रिहाई, ०२८ को झापा काण्ड, ०२७ देखि ०३१ सम्म नेपाली कांग्रेसको नेतृत्वमा भएको सशस्त्र आन्दोलन, र नक्खुमा चार जनाको शहादत, ओखलढुंगा सोलू टिम्वुरे घटना, ०३२ को विद्यार्थी आन्दोलन, ०३३ मा स्वनिर्वासन परित्याग गरी विपी कोइरालाद्वारा राष्ट्रिय एकता तथा मेलमिलाप नीतिको भाष्य विकास र स्वदेशागमन, सोही चैत्रमा नक्खु जेल काण्ड, ०३५ । ०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह, ०३८ को निर्वाचन बहिष्कार, ०४०को सुरजपुरा काण्ड, मसालको सेक्टरकाण्ड, ०४२ को सत्याग्रह र जनवादी मोर्चाको वम,०४५ मा नाकावन्दी र परिवर्तन चर्चित घटनाहरू हुन् । यसपछि माओवादीले तीन वर्ष नपुग्दै संसदीय व्यवस्था असफल सिद्ध भएको निष्कर्षसंग क्रूर सशस्त्र हिंसा सुरु र दश वर्षसम्म सञ्चालन, ०४८ देखि अनेक चरणमा भएका सन्धिहरू, संसदमा विरोधको इतिहास कायम गर्ने अभिलेख, ०४९ मा मदन भण्डारी र जीवराज

आश्रितको रहस्यमय दुर्घटनामा मृत्यु, ०५१ मा संस्द विघटन निर्वाचन र पहिलो पटक साम्यवादी नेता मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन, यसपछि सरकार अपदस्थ, अनेक राजनीतिक आरोहअवरोह, अपसंस्कृतिको विकास, सत्ताको पतन र उत्थान, निर्वाचन, हिंसात्मक कामहरू, ०५८ मा राजा वीरेन्द्रको सपरिवार विनाश, ज्ञानेन्द्रको राज्यारोहण, ०६२ मा दिल्लीमा वाह्रबूँदे सम्झौता, ०६३ मा अन्तरिम संविधान जारी, धर्मनिरपेक्षताको घोषणा, राजसंस्थाको निलम्वन र बिदाई, मधेस आन्दोलन, ०६४ मा पहिलो संविधान सभा निर्वाचन, माओवादी नेता पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन, पहिलो राष्ट्रपतिमा डा. रामवरण यादव निर्वाचित , प्रधान सेनापति रुक्माद कटवाल प्रकरण, ०७० मा प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन र संविधान सभा निर्वाचन जस्ता अनेक परिवर्तनहरू गर्भस्थ रहेका छन् । तर पनि नेपालमा राजनीतिक स्थायित्व अझै सुनिश्चित हुनसकेको छैन ।

(घ) परिवर्तनमा दलहरू मात्रै थिए त ?

यति ठूला परिवर्तनहरूमा राजनीतिक दलको मात्रै योगदान थियो त ? पक्कै पनि थिएन । राणाकालमा माधवराज जोशीको धार्मिक प्रवचन प्रभावपूर्ण रहेको थियो । कृष्णलाल अधिकारीको मकैको खेतीले त सरकारको आसन नै डग्मग भएको थियो । कृष्णप्रसाद कोइरालाले उपहारमा दिएको विपन्नहरूका थोत्रा भोटाहरूले त ठूलो भयनै सिर्जना गर्‌यो शासकहरूमा । योगमायाले गरेको सामाजिक आन्दोलन र जलसमाधि अलौकिक दवाव रह्‌यो । ००३ सालको मजदूर आन्दोलन र ००४ सालको संस्कृतका छात्रहरूको जयतु संस्कृतम् आन्दोलनले राजनीतिक परिवर्तनमा अहम्भूमिका खेलेका छन् । ०२२, ०३२ र ०३६ को वद्यार्थी आन्दोलन, ०३५ बाट प्रारम्भ मानव अधिकार आन्दोलन, ०३७ को शिक्षक आन्दोलन, प्राध्यापक आन्दोनहरूले परिवर्तनका आधार तयार पारिरहेका हुन् । ०४४ पछि नेपालका मिसन पत्रकारिताका पक्षधरहरूले निर्दलीय पञ्चायतको समाप्ति, कालाकानुन खारेजीको अभियान चलाउँदै नेपाल पत्रकार संघलाई पुनर्जीवन प्रदान गरेका थिए । ०४६ को जनआन्दोलनको पूर्वाद्धमा प्राध्यापकहरूको अगुवाईमा लेखक साहित्यकार पत्रकार कलाकर्मीहरूको प्रभावकारी अभियान थियो परिवर्तनका पक्षमा । मानव अधिकारको क्षेत्रबाट नेपाल मानव अधिकार संगठन र मानव अधिकार संरक्षण मञ्चको गठन र अभियानले राजनीतिक परिवर्तनलाई नयाँ दिशा प्रदान गरेको थियो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको अभियानमा आम नागरिकलाई सहभागी गराउन र आन्दोलनको सूत्रपात गर्नमा मानव अधिकारवादी संघ संस्था, पत्रकार महासंघ, काननु व्यवसायी, शिक्षक, प्राध्यापक, कलाकर्मी साहित्यकार जस्ता गैर राजनीतिक हीतप्रबर्द्धकहरू सडकमा नै उभिनु परेको थियो । ०६२।०६३ को त्यो आन्दोलनले माओवादी हिंसा अन्त्य गर्ने, शान्ति स्थापना गर्ने, माओवादीका हतियार विसाउने, तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुशता अन्त्यगर्ने र पछिल्ला चरणमा राजसंस्थाको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको जग बसालेको हो । प्रत्येक निर्वाचनलाई स्वच्छ, मर्यादित, भयरहीत हुनु पर्छ भन्नेमा जति चेतना अभियानहरू सञ्चालित भए त्यति नै नेपालको संविधान निर्माणमा बलियो खबरदारी रह्‌यो । अहिले हिंसापीडितहरूका लागि न्यायको आह्वान र संविधानको कार्यान्वयनमा यस्ता सबै संस्था र व्यक्तिहरूको सक्रियता रहेको छ ।

(ङ) यथावत् छन् समस्या :

तर समस्या ज्यूँका त्यूँ भए जस्तो लाग्छ । राणा शासनको अन्त्य होस् वा निर्दलीय पञ्चायतको समाप्ति अथवा रासंस्थाको उन्मूलन र गणतन्त्रको स्थापना मानिसका समस्याहरूको चाँड्‌उस्तै देखिन्छन् । राजनीतिक प्रणालीप्रतिको अविस्वास कम भएको छैन । आस्था घटेर शून्यमा परिणत हुने अवस्था छ । अर्थात् अझै पनि राजनीतिक प्रणालीमा स्थायित्व आउन सकेन । राजनीतिक प्रणालीमा स्थायित्व विना संसद,सरकार, दल

,नेता, अदालत र राज्यका समग्र अंगप्रत्यंगहरूप्रति नागरिकको सन्देहको पारो घट्दैन , बढ्ने नै हो । त्यसमा पनि वर्तमान परिवर्तनमा जनमतलाई पूर्ण उपेक्षा गरिएको छ । खास गरी ०७२ को संविधान निर्माण गर्दा औपचारिक रुपमा नै लिइएको जनमतका पोका खोल्दै नखोली संविधान निर्माण र जारी भएको हुनाले राजनीतिक प्रणालीले विस्वास आर्जन गर्न सकेको छैन । यसै पनि ०६३ वैशाखसम्म भएको आन्दोलनको माग र १२ वूँदे सहमति विपरित अन्तरिम संविधानमा अनेक विवादास्पद धाराहरूको व्यवस्थापनले विवाद सिर्जना गरिरहेको थियो । ०७२ मा भएको जनमतको उपेक्षाले आगोमा घिउ थपेको छ । यसैकारण सुशासन हुनसकेको छैन, आर्थिक उन्नतिको बाटो अवरुद्धछ, रोजगारीमा परनिर्भरता व्याप्त छ, बौद्धिक पलायनको गति मिसाइल स्तरमा छ , स्वदेशका उत्पादनशील पाखापखेरा सम्पूर्णमा नै वञ्जरभूमिमा रुपान्तरित हुने क्रम तीव्र छ । एकप्रकारले देश वृद्धाश्रममा परिणत हुँदैछ । यस्तो समयमा पुनः सचेत नागरिकहरूले सही विकल्प प्रस्ताव गर्नु पर्ने हुन्छ । तर त्यस्तो वैकल्पिक प्रस्ताव के हुन्छ विमर्श हुनुपर्छ भन्ने मलाई लाग्छ ।

(च) श्रीकान्तजीप्रति :

अन्त्यमा : मैले श्रीकान्त अधिकारीलाई ०३६ सालमा बागबजारस्थित कार्यालयमा भेटेंको थिएं । त्यस समय म नेपाल टाइम्स् राष्ट्रिय दैनिकमा थिएं । नेपाली कांग्रेसका बौद्धिक नेता सूर्यप्रसाद उपाध्यायको साथमा रहेर उहाँले बहुदलको प्रचार अभियान चलाउनु भएको थियो । त्यसको लगत्तै म राष्ट्र पुकर साप्ताहिकमा पुगें । त्यसवेला पनि श्रीकान्तजीका विचारहरू लिन बागबजार पुग्ने गर्थें । हामी अलि सानै युवा वयका थियौं । तैपनि उहाँको सद्व्यवहार हामीले पाउने गरेका थियौं । असल मानिसमा स्वभाव असल, चरित्र असल, , व्यवहार असल र सम्बन्ध असल हुने गर्छन् । श्रीकान्तमा ती गुण थिए भन्ने मेरो ठम्याइ छ ।

प्रतिष्ठानले मलाई निकै वर्षपछि उहाँको स्मृति सम्मान गर्ने अवसर प्रदान गर्दै वर्तमान राजनीतिका सन्दर्भमा केही शब्द लेख्न प्रेरित गरेकोमा धन्यवाद दिन्छु ।

बुनपा १० कपन
दाहाल निवास, नारायणचोक
२०८० । १० । २३ ।

रित्तिएको पहाड, विरक्तिएका बासिन्दा



• प्रकाश लामिछाने

देश संघीय राजनीतिक प्रणालीमा गएको वर्षौं बितिसक्दा पनि मानिस उँभोबाट उँधै झरिरहेका छन । 'चार पढ्यो हलो छोड्यो, दश पढ्यो थलो छोड्यो' भन्ने उखानले अहिले हाम्रो ग्रामीण समाजको व्यथा बोलिरहको छ । पहाडी क्षेत्रका ग्रामीण इलाकामा बिद्यमान बसाईसराईको प्रकोपले नेपालको समग्र आर्थिक, सामाजिक र राजनीतिक परिवेशमा प्रतिकूल प्रभाव पर्ने क्रम निरन्तर छ । जनताको घरदैलोसम्म सुशासन पुऱ्याउने संघीय शासन प्रणालीको आधारभूत मान्यताले अझै विश्वास जगाउन सकेको छैन । शिक्षा, स्वास्थ्यजस्ता मानिसका आधारभूत आवश्यकताहरू सेवा कम, व्यावसायिक बढी बन्दा मानिसको दैनिकीमा महँगीको मार थपिँदो छ । आफ्नो परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्यको सुरक्षाका लागि पनि मानिस फैलिनुपर्ने बाध्यता बढ्दै गयो । त्यसमाथि कर्तव्यविनाको अधिकार, उत्पादनविनाको वितरण, योग्यताविनाको आकांक्षामा समाजका अवयव अल्मलिँदा जनताको जीवनस्तरले अपेक्षाकृत गति समात्न सकेन । आज जीवन सहज बनाउने क्रममा पहाडबाट तराई झरेको मानिस त्यहाँबाट फिँजारिएर विश्वलाई गाउँ बनाएर बसेको छ ।

रोजगारीका लागि वैदेशिक रोजगारीको ढोका खुलेसँगै नेपालको युवा जनशक्तिको एक चौथाई जनसंख्या यतिबेला परदेशमा छ । परिवारको रोजीरोटी चलाउन वैदेशिक रोजगारीमा हानिएका अधिंकाश युवाले आफ्ना सन्तानको सुखद भविष्यका लागि गुणस्तरीय शिक्षामा सहज पहुँचको बाटो खोजेका छन् । अधिकांश मानिस शिक्षा, स्वास्थ्य र रोजगारीका लागि शहरमा झर्दै गर्दा पातलिएको गाउँबाट एकथरि मानिस भरोसाको खोजीमा शहरीकरणको बाटो रोज्न बाध्य छन् । गाउँमा "न बाँच्दाको जन्ती, न मर्दाको मलामी" को अवस्था धेरैका लागि आफ्ना ठाँउ छोड्नुपर्ने सामाजिक कारण बन्दै आएको छ ।

नेपालको शासकीय व्यवस्थामा आएको परिवर्तनसँगै शुरु भएको भौतिक विकासको रफ्तारले गाँउगाउँमा सडक र बिजुलीबत्ती पुग्यो । जनशक्तिको अभाव कायम भएपनि अत्यावश्यक स्वास्थ्य उपचारको लागि सबै स्थानीय तहमा स्वास्थ्य केन्द्र बनेका छन् । देशका अधिकांश क्षेत्रमा इन्टरनेटको पहुँच पुगेको छ । यद्यपी गाउँबाट बसाँइसराँई एक प्रकारको संस्कृति जस्तै बनिरहेको छ । फरक अनुभूति खोज्ने मानवीय इच्छा तथा सामाजिक प्रतिष्ठा हासिलको लागि शहर आउने थिती एकातिर मौलाइरहँदा अर्कोतर्फ कष्टकर जीवनशैली, भौगोलिक असहजता जस्ता केही जनजीवनमा देखिएका बाध्यात्मक परिस्थिति पनि यसका मूल कारण छन् । परिणामस्वरुप बढी जनसंख्या भएका तराईका जिल्लामा निर्वाचन क्षेत्र बढ्दै जाने, हिमाल तथा पहाडमा खुम्चिने क्रम झनझन सघन बन्दै गएको छ । हाम्रोमा भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । नबीन सोच र ताजा उत्साहसहित जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी सम्हालिसक्नुभएको छ । सुखी जीवन, स्वास्थ्य सुरक्षा, औसतस्तरको आम्दानी तथा प्राथमिक शिक्षाजस्ता सामान्य आवश्यकताको परिपूर्तिका लागि बजार झर्ने यो

परिपाटी अब ग्रामीण विकासको नवीन दृष्टिकोण सहितको पृथक प्रयासबाट रोक्न सकिन्छ ।

ग्रामीण एकीकृत बस्तीको आवश्यकता

गाउँमा हाम्रा पुर्खाले घाँसपात र पानीको स्रोतको सहजताका आधारमा बसाएका सबै गाउँका बस्तीमा सरकारी सेवा, सुविधा र पूर्वाधार पुऱ्याउन भौगोलिक कठिनाई र आर्थिक रूपमा महँगो परिरहेको छ । सबै ठाउँका बस्ती उपयुक्त पूर्वाधारयुक्त छैनन । भएका पनि यत्रतत्र सर्वत्र छरिएका छन् । आकस्मिक स्वास्थ्य समस्यादेखि विभिन्न असहजताले बसाँइसराइँको बाध्यता आइ गाउँ रित्तिने र शहर अव्यवस्थित तवरले भरिने समस्या देखिइरहेको छ । यसर्थ ग्रामीण भेगको सामाजिक सन्तुलन मिलाउन एकीकृत बस्ती निर्माणको आवश्यकता देखिन्छ । हामीले यो विषयमा समयमै नसोच्दा बसाइँ सराइको विकराल अवस्थासँगै गाउँ तथा पहाडी भूगोलको अर्थतन्त्रनै धरापमा पर्ने देखिएको छ । जनताले आर्जेको धन सन्तान तथा आफ्नो भविष्यको लागि बचत तथा लगानी गर्दा उद्योगधन्दाको विकाससँगै राष्ट्र निर्माणको लागि जनपूँजी प्रयोग हुन्थ्यो । जीवनभर आर्जेको कमाई शहरी इलाकामा घर-घडेरीजस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दा जनताका दुःखका दिन कहिल्यै नसकिने अवस्थामा हाम्रो समाज आइपुगेको छ । झट्ट हेर्दा एकीकृत बस्ती निर्माण गर्न संरचना विकासमा ज्यादा पूँजी लाग्ने देखिएपनि ग्रामीण आवासीय संरचना निकै पुरानो भएकोले पुनःर्निर्माण गर्ने समय भएको छ । अर्कोतर्फ स्थानीय भौतिक तथा मानवस्रोतको प्रयोग गर्दा सो निर्माण पूँजीले गाउँकै अर्थतन्त्र चलायमान बनाउँछ । साथसाथै बजारमै गएर घर बनाउने सबैको अन्तिम उद्देश्यमा विषय टुङ्गो लागिरहँदा सो रकम भन्दा यो लगानी निकै न्यून र कम बोझिलो हुन्छ ।

अबको नयाँ बस्ती भूगर्भशास्त्री तथा प्राविधिकले सिफारिस गरेको उपर्युक्त ठाउँसंगै हरेकको सामाजिक मूल्य कायम रहने सहज स्थानमा हुनुपर्छ । ग्रामीण बस्तीको जरो मुख्यतः ठूलो भूगोल जोड्ने सडकको आसपास अनि हालका पालिकाको वार्ड मुकाम वा सो आसपासका प्रशासनिक क्षेत्र वरिपरि भइरहँदा हाम्रा बस्तीहरू साँच्चिकै एकीकृत हुनेछन् । सुन्दर र मनोरम प्राकृतिक दृश्य देखिने स्थानमा सडकसँगै स्तरीय मापदण्डको घर निर्माण हुने खुल्ला अग्रभागसहित चर्पी तथा तरकारी र फलफूल बगैंचा निर्माण गर्न मिल्ने न्यूनतम जमिनसहित जनजीबिका आवश्यकता पूरा हुने अतिरिक्त जग्गा प्रत्येक परिवारको लागि व्यवस्था गर्नुपर्ने देखिन्छ । बसोबास योग्य नीजि जग्गा नै बस्ती स्थानान्तरण गर्ने मुख्य जग्गा हुनेछ । त्यसबाहेक अत्यावश्यक हुँदा कानून बमोजिम अन्य नीजि जग्गासँग साटफेर गरेर सार्वजनिक जग्गासमेत प्रयोग गर्नुपर्ने अवस्था आउन सक्छ । अब निर्माण हुने एकीकृत बस्ती सार्वजनिक यातायातसँग जोडिएको हुन्छ । स्वास्थ्य तथा शैक्षिक संस्थाको सहज र छरितो पहुँच हुन्छ । जनताको मुख्य पेशा बाहेकको सम्पूर्ण जनजीविका र गतिविधि अट्ने संरचना सँगै आध्यात्मिकस्थल तथा ध्यानकेन्द्र, चौतारी, खेलमैदान, व्यायामस्थल, आकस्मिक हेलिप्याड, सामाजिक कर्मको लागि समाज घरलगायतका सामाजिक संरचना निर्माणसंगै पर्यटकको लागि होमस्टेको प्रबन्ध गरिएको हुन्छ । हालसम्म स्थायी रूपले गाउँमै बासोबास गर्ने र भौगोलिक हिसाबले विकट स्थानीय भूगोलका घरहरू पहिलो चरणमा नै एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने देखिएको छ । आर्थिक रूपले कमजोर तथा विपन्न परिवारलाई परिचयपत्रको आधारमा सरकारले जग्गा तथा आवासको बन्दोबस्त गरिदिनुपर्ने अवस्था आउन सक्छ । तर अन्य अवस्थामा प्रचलित खुल्ला बजार अवधारणा बमोजिम जग्गाको मूल्य निर्धारण हुनसक्छ । यद्यपी जुन अनैतिकता र विकृतिले शहरको जग्गाको मूल्य बढिरहेको छ, सो को प्रभाव गाउँको एकीकृत बस्तीमा पनि पर्न सक्ने भएकाले यसमा सबै पक्ष सजग हुनुपर्छ । अहिले नै पनि पूर्ण परिवार संख्या र लक्षित जनसंख्या सहितका बस्ती, भौगोलिक रूपले सहज ठाउँ तथा अन्य भूगोल जोड्ने सडक छेउछाउका कतिपय बस्ती हाम्रा गाँउहरूमा आफैंमा एकीकृत

बस्तीका नमूना बस्ती हुन सक्छन । यँहा हामीले बुझ्नु पर्ने चुरो कुरा के छ भने एकीकृत बस्ती बाहेक अन्य बस्तीमा अत्यावश्यक तथा कृषिजन्यबाहेकका अन्य आवासीय सेवा सुविधा पुऱ्याउन सरकार बाध्य नहुनसक्छ ।

भूकम्पपछि निर्माण भएका पछिल्ला नमूना बस्तीका जनतालाई पशुचौपाया पालन गर्ने स्थानको अभावले बसाइँ असहज भएपछि यो अवधारणा सफल हुँदैन भन्ने मनोविज्ञान सबैमा व्याप्त देखिन्छ । तर पौराणिक समयमा हाम्रा पुर्खाहरूले आफ्नो बस्ती आसपासमा स्रोतसाधनको अभाव भएर खेतीबाली तथा पशुपालनमा असहज हुँदा कृषिकर्म गर्ने जग्गामा धनसार तथा गोठ बनाएजस्तै हाम्रा पुराना बस्तीका घरहरूलाई जगेर्ना तथा विकास गर्दै 'फार्म हाउस' मा रुपान्तरण गरेर सो स्थानमा व्यावसायिक कृषि तथा पशुपालनसहित पर्यटन समेत प्रवर्द्धन गर्न सकिन्छ । अथवा ग्रामीण खेतीपाती वा पशुपालनलाई अबको हाम्रो जीवनमा दिनकटनीको माध्यम मात्र नबनाई गाँउको मुख्य पेशा निर्माण गर्दै आम्दानीको भरपर्दो स्रोत बनाउनु पर्छ ।

ग्रामीण कृषि सुधार र आधुनिकीरण

हाम्रो पहाडको जमिन अलिक संवेदनशील छ । भिरालो अनि बग्ने माटो, जग्गाको सीमित आकार तथा भौगोलिक कठिनाइ, सिंचाइको अभाव, अंशवण्डामा जग्गा खण्डिकरण हुनु, बाँदर लगायतका वन्यजन्तुले खेती मास्ने जस्ता कारणले चाहेको र आधुनिक व्यावसायिक खेती गर्न हामीलाई असहज भइरहेको छ । दोस्रो समस्या बजारको रहेको छ । उत्पादित सामग्री किनबेचको लागि राष्ट्रिय रूपमा हेर्दा यातायात र बजारको अभाव छ । अन्तर्राष्ट्रिय बजारको सवालमा पर्याप्त उत्पादन दिन नसक्दा खरिदकर्ताहरू किन्न इच्छुक नहुने कारण हामीले कृषिमा आधुनिकिकरणपश्चात् पनि जे उब्जाउँछौ, त्यो बेच्ने वा निर्यात गर्ने बजारलाई पुग्ने परिणाममा फलाउन, फुलाउन अपरिहार्य छ । यसर्थ कृषि सुधार तथा आधुनिकरण गरिरहँदा हामीले एउटा जिल्ला वा प्रदेशमा केही निश्चित उत्पादनको पकेट क्षेत्र मानेर एकीकृत खेती प्रणाली अपनाउनु पर्ने अवस्था आइसकेको छ । पहाडी जिल्लाको सवालमा जमिनको अवस्था हेरेर ३ खण्डमा जमिन वर्गीकरण गर्दै खेतीप्रणाली आधुनिकिरण गरी ग्रामीण जनजीवनको पेशा तथा कृषि अर्थतन्त्र निर्माण गर्न सकिने यथेष्ट सम्भावना छ ।

खण्ड १- पहाडमा उब्जाउ तथा भौगोलिक हिसाबले उत्तम मानिएको खेतीयोग्य जमिन हो । यो जमिनमा आफ्नो स्रोत-साधनको सहजता तथा चाहनाबमोजिम जग्गा छुट्टाई कृषक तथा समुदायले आत्मनिर्भरमुखी वा मुनाफामुखी खेती छनौट गर्न स्वतन्त्र हुन्छन । यस खण्डको जग्गा छनोट गरी खेती विकास गर्ने क्रममा जनताको श्रम खेर नजाने तथा भोलि जग्गा बाँझो नरहने तबरले उनीहरूको छनोट स्वतन्त्रतालाई राज्यले अवलोकन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

खण्ड-२ व्यावसायिक पशुपालनसँगै 'हर्ब्स एण्ड स्पाइसेस् फार्मिङ्ग' पहाडी ग्रामीण कृषि अर्थतन्त्र अर्को आधार हो । यो खण्डमा बाँदर लगायतका वन्यजन्तुले हानी नपूऱ्याउने, नियमित रेखदेख कम गर्दा पनि हुने र तुरुन्त बजारमा नपुग्दापनि नकुहिने जडीबुटी तथा घरायसी मरमसलाहरू जस्तै, कागती, बेसार, अदुवा, खुर्सानी, अलैंची इत्यादि उब्जाउन सकिन्छ । यस खण्डको जग्गा वर्गीकरणमा राज्य तथा जनता दुवै सन्तुलित रूपले चलाख हुनुपर्नेछ किनकी यो खण्डले हाम्रो आन्तरिक बजारलाई पुऱ्याउने र निर्यातसम्म गर्न सक्ने आकारको कृषि विकास गर्नुपर्ने हुन्छ ।

खण्ड ३- खरबारी, निजी वनजङ्गललगायतको खण्ड १ र २ बाहेकको बाँकी सम्पूर्ण जग्गा खण्ड ३ मा रहनेछ । सरकारले अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने योजना बनाएको कच्चा सामग्री उत्पादन हुने गरी यो जग्गामा खेती प्रणाली विकास गरिनेछ । प्राकृतिक रूपमा आफैं हुर्कने र मानवीय श्रम कम हुने खेती छनौट गरिनेछ ।

सो खेती समग्र जिल्ला वा प्रदेशभरनै एकै प्रकारको हुन सक्छ किनकी थोरै उत्पादनले अन्तर्राष्ट्रिय बजारको माग पुऱ्याउन सम्भव छैन । अनि पहाडको ग्रामीण कृषि अर्थतन्त्रको अर्को आधार पशुपालन नै हुने भएकोले घाँस उत्पादन हुने खेती छनौट गर्नुपर्ने पनि हुन्छ । खण्ड ३ को सवालमा बाँसखेती उत्तम विकल्प हो । बाँसबाट घाँस उत्पादन हुन्छ । टुसा तथा तामा तरकारीको रुपमा बेच्न सकिन्छ । बाँस तथा यसको रटन (चुवाबाट) विभिन्न फर्निचर बन्छ । बाँसबाट गुणस्तरीय कागज बनाउन सकिन्छ । विभिन्न पार्टेशन स्लाब, प्लाइबोर्ड तथा निर्माण सामग्री उत्पादन हुन्छ । मेशिनमा पेलेर उच्च घनत्वको काठ पनि उत्पादन हुन्छ । चिनियाहरूले बाँसको चपस्टिकबाट खाना खानु सोखको बिषय मान्छन । चीनका २ वटा प्रदेशको मागलाई मात्र धान्ने गरी चपस्टिक उत्पादन गरी उत्तरी नाकाबाट खाली फर्किने कन्टेनरहरूमा सस्तो ढुवानीमा निर्यात गर्न सकियो भने हामीलाइ अरु बजार चाहिँदैन । बाँसबाट बन्ने विभिन्न सामान उत्पादनको लागि घरेलु सीपको प्रयोगसंगै ठूला उद्योग स्थापना हुदा कृषि मुनाफासँगै रोजगारी पनि सिर्जना गर्न हुन्छ । यसका लागि निजी लगानी, राज्यको अनुदान, विभिन्न बैंकहरूको सहुलियत ऋण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकाय वित्तीय स्रोतका आधार हुन् ।

यसबाट स्वदेशी जनशक्ति जसले वैदेशिक रोजगारीमा सस्तो श्रममा जाने प्रथा घटाउँछ । तर आफ्नै ठाउँमा काम गर्न लाज मान्ने नेपालीको मनोविज्ञान नहटेमा पूर्वको मान्छे पश्चिम र पश्चिमलाई पूर्व लगेर काम गर्ने वातावरण बनाउनुपर्ने हुनसक्छ । स्वदेशी श्रमिकले नपुगेमा भारतको विहार तथा बंलादेशबाट श्रमशक्ति झिकाउन सकिन्छ । यस्ता अबधारणाहरूको सफलताको लागि सरकारले राष्ट्रिय कार्यक्रम निर्माण गरी आमअभियानको घोषणा गर्दै जनताको निजी जग्गाको उचित विकास गरिदिने, ग्रामीण कृषि पूर्वाधारको निर्माण थालनी गर्ने, उन्नत बीउ आयात गरी नर्सरी विकासमा सहायता गर्ने, किसान उत्प्रेरणा जोड दिने, मुनाफा हुने बजारको खोजी गरी बजारीकरण गर्ने, उत्पादनको मूल्य निर्धारण गर्ने, मल तथा प्रविधिको विकासमा केन्द्रित हुने, कृषि अर्थतन्त्रको हिसावकिताव राख्ने, आफ्ना स्रोतसाधन/उपलब्धि/अबसरहरूको स्पष्ट तथ्यांक उतार्ने अनि राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसंग किसानको सहकार्य बिकास गराउने जस्ता कार्यहरूलाई सरकारले आफ्नो मुल कर्तब्य सम्झनुपर्छ ।

शिक्षामा आमूल सुधार र सहज पहुँच

प्राथमिक शिक्षाको खोजीमै रुमलिएर नाभी गाडिएको थलो छोडेका मानिसलाई त्यहीँ अड्याउन गुणस्तरीय शिक्षा पहिलो र अन्तिम कसी हो । यसका लागि राजनीति नेतृत्वले राजनीतिबाट शिक्षालाई स्वतन्त्र छोडिदिनु पर्छ । नीति मध्येको सवैभन्दा उच्चकोटीको नीतिमा राजनीति पर्छ । गुणस्तरीय शिक्षाबाट आभूषित जनशक्ति राजनीतिमा आए त्यसको मर्यादा अझ माथि उठ्नेमा शंका छैन । दलहरू प्रतिबन्धित रहेको अवस्थामा राजनीतिक दलहरूको राजनीतिक विरासत शिक्षकहरूले धानिदिने इतिहासका कारण पनि नेताहरूले शिक्षकलाई दलीय राजनीतिको मेरुदण्ड मान्ने गरेका छन् । अझ रोचक त के छ भने अधिकांश मूलधारका राजनीतिक दलका नेताहरूको पृष्ठभूमि शिक्षकबाटै आरम्भ भएको पाइन्छ । नेपालको परम्परागत शिक्षा पद्धति त्यसमाथि राजनीतिले गाँजिएका सामुदायिक/सरकारी विद्यालयको अकर्मण्यका कारण गाउँघरको शिक्षाको स्तर आज कल्पना गर्ने नसक्ने अवस्था छ । गाँउका पुराना बस्तीहरूमा विद्यार्थी बिनाका खाली विद्यालय यत्तिकै शिक्षक पालेर मात्र सञ्चालन गरिएजस्तो गरिएको छ । अँध्यारोबाट उज्यालोतर्फको यात्रा हो- शिक्षा । बदलिँदो परिवेशसँगै मानिस यसको प्राप्तिका लागि ठूलो त्याग र संघर्ष गर्न तयार देखिन्छन् । हो यसैको खोजीमा भौंतारिएको हाम्रो समाजलाई जहाँको त्यहीँ थामी राख्न ग्रामीण भेगको शैक्षिक अवस्थामा परिवर्तन ल्याउनुपर्छ । नयाँ चालक र नयाँ गाडीको ठीक सन्तुलनले मात्र प्रज्ञा र चेतनाको लामो यात्रा सुनिश्चित हुनसक्छ ।

सङ्घ, प्रदेश र स्थानीय तहमा महिला नेतृत्व र भूमिका : अवस्था, सम्भावना र चुनौती



• डा. विमला राई पौड्याल

१) नेपालमा महिला नेतृत्वको इतिहास र रूपान्तरणमुखी भूमिका

जतिवेला राजा पृथ्वीनारायण शाहले सन् १७६८ मा स-साना राज्यहरूलाई एकिकृत गरेर नेपाल राज्यको स्थापना गरे, त्यतिबेलैदेखि नेपाली महिलाहरूले यो देशको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा योगदान दिँदै आएका हुन् । एकीकरण र तत्पश्चात्का इतिहासमा महिलाहरू कहिले सीमा संरक्षणका लडाकु त कहिले कलिला राजकुमारहरूकी संरक्षक महारानी हुँदै लडाइ तथा राजकाज दुवैको नेतृत्व लिएका रोचक घटनाहरू छन् । जतिबेला नेपालमा राणाहरूले शासन गरे, (सन् १८४६ देखि १९५१), भारतमा ब्रिटिशहरूले साम्राज्य (१७५७-१९४७) स्थापित गरिसकेका थिए र पठनपाठनका सिलसिलामा धेरै नेपालीहरू भारत जान थालिसकेका थिए । भारतमा स्वतन्त्रताको आन्दोलन शुरू हुँदा त्यहाँ अध्ययनरत् नेपालीहरूलाई "भारत छोडो" आन्दोलनले छोयो, कति आफैं पनि आन्दोलनमा संलग्न भए । यसले नेपालीहरूलाई प्रजातन्त्रको महत्व र आधारभूत नागरिक अधिकारको बारेमा सचेत हुने मौका दियो । विस्तारै नेपालमा रहेका र भारतमा पठनपाठनका लागि पुगेका नेपालीहरूले राणाशासन विरूद्ध र प्रजातन्त्र प्राप्तिको लागि सङ्गठित रूपमा सकृय हुन थाले र नेपालमा "राणा हटाऊ" आन्दोलन शुरू भयो ।

डा. बिन्दा पाण्डे (२०१७) ले आफ्नो विद्यावारिधिको शोधपत्रमा नेपालका राजनीतिक दलहरूको स्थापना कालमा महिलालाई हेर्ने दृष्टिकोण र लैंगिक समानताको लागि राजनीतिक दलहरूले खेलेको भूमिकाको विस्तृत अध्ययन गरेकी छन् । सो अध्ययन अनुसार टंक प्रसाद आचार्यले सन् १९३७ मा पहिलो राजनीतिक दल, "प्रजा परिषद्" स्थापना गरे । प्रजा परिषद्को मुख्य एजेण्डा राणा शासनको अन्त नै थियो । दलको दस्तावेजहरूमा महिला सहभागिता र भूमिकाबारे केही उल्लेख नगरे पनि प्रजा परिषद्ले गरेको आन्दोलनमा स्वयं टंक प्रसाद आचार्यकी श्रीमती रेवन्त कुमारी आचार्य तथा परिवारका सदस्य र अन्य महिलाहरूको पनि सकृय साथ र संलग्नता थियो ।

नेपाली कांग्रेस बहुदलीय प्रजातन्त्र स्थापना गर्ने उदेश्य साथ सन १९४७ मा कलकत्तामा स्थापना भएको हो । कांग्रेसको स्थापना हुँदा दिव्या कोइराला जस्ता प्रभावशाली महिला नेता पनि संलग्न थिए । यसैको प्रभाव हुनुपर्छ, नेपाली कांग्रेसको स्थापना कालका दस्तावेजहरूमा महिलाहरू पुरुषको तुलनामा आर्थिक सामाजिक रूपमा पछाडि परेका, महिलाको सामाजिक अवस्थामा सुधार ल्याउन जरूरी भएको र त्यसको लागि कानूनी समान सुधार गर्ने कुरा समावेश भएको पाइन्छ । कांग्रेसको पहिलो अधिवेशनमा कुमारी लक्ष्मी देवी र रेवन्त कुमारी आचार्य जस्ता महिला नेताहरूको उपस्थिति थियो । नेकपा हुँदै हालको नेकपा एमाले भएको राजनीतिक दलको जन्म १९४९ अप्रिल २२ मा कलकत्तामै पुष्पलाल श्रेष्ठको नेतृत्वमा भयो । मोतिदेवी श्रेष्ठ नेकपा स्थापना गर्ने

पाँचजना संस्थापक सदस्यहरू मध्ये एक थिइन् । पार्टीको त्यसबेलाको दस्तावेजमा समाजमा महिलाहरू पुरुषको अधिनस्थ रहेको, असमानताको कारण पछि परेको र कम्युनिष्ट पार्टीले वर्गीय उत्पीडनको अन्त्यको साथसाथै महिला मुक्ति तथा लैंगिक समानता स्थापित गर्ने उल्लेख थियो । त्यसपश्चात् आजसम्म भएका प्रत्येक राजनीतिक र सामाजिक रूपान्तरणका अभियानमा महिलाहरू अग्रपङ्तिमा खटेको र नेतृत्व लिएको इतिहासले देखाउँछ ।

राणा शासनको अन्त्य, प्रजातन्त्र प्राप्तिका लागि भएका संघर्षहरूमा नेतृत्वदायी भूमिका खेल्ने थुप्रै महिलाहरूमा नेपाली कांग्रेसकी संस्थापक मध्येकी एक दिव्या कोइराला, विसं २००८ सालको आम निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित पहिलो महिला सांसद तथा पहिलो महिला मंत्री द्वारिका देवी ठकुराइन्, नेपाल महिला संघको संस्थापक सदस्य मंगलादेवी सिंह, कम्यूनिष्ट पार्टीकी संस्थापक सदस्य मोतिदेवी श्रेष्ठ, अखिल नेपाल महिला संघकी संस्थापक अध्यक्ष कामाक्षा देवी बस्नेत, पहिलो निर्वाचित महिला जनप्रतिनिधि साहना प्रधान, पंचायत व्यवस्था विरुद्ध गठित बाममोर्चाकी अध्यक्ष साहना प्रधानको नाम अग्रपङ्तिमा आउँछ । त्यसै गरि राणा शासन रहेकै बेला भोजपुरको एउटा गाउँमा जन्मिएकी बालविधवा योगमाया नेउपानेले बालविवाह, छुवाछूत, सतीप्रथा जस्ता कु-प्रथा र कु-संस्कारहरूको विरुद्ध विद्रोह गरिन् । धर्मराज्यको माग राखेर सामाजिक आन्दोलनको नेतृत्व गर्ने यी धर्मगुरुले आफ्नो माग पूरा गर्न जनदवाव सिर्जना गर्दै ६७ जना अनुयायीहरू समेत अरुण नदीमा जलसमाधि लिइन् जसले तात्कालीन राणा सरकारलाई सतिप्रथा जस्ता कु-रीतिको अन्त्य गर्न बाध्य बनायो । यी इतिहासहरूले देखाउँछन्, नेपालको राजनीतिक र सामाजिक रूपान्तरणमा महिलाहरूको नेतृत्वदायी भूमिका पहिलेदेखि नै थियो ।

राणाशासनको अन्तपछि देशमा ३० वर्षसम्म राजाको प्रत्यक्ष शासन सहितको निर्दलीय पञ्चायती व्यवस्था रह्यो र नेपालमा पुनः प्रजातन्त्र प्राप्तिका लागि संघर्ष भए । फलस्वरुप देशको राज्य व्यवस्थामा पटक पटक परिवर्तन आए । बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र हुँदै वि. सं. २०७२ देखि नेपाल सङ्घीय गणतन्त्र बनेको छ । यि सबै परिवर्तनमुखी संघर्षहरूमा नेपाली महिलाहरूले पुरुष सगसगै राजनीतिकर्मी, संगठन निर्माण र परिचालन, जनप्रतिनिधि, लडाकु, आन्दोलनकारी तथा अधिकारकर्मीको रूपमा साथै विकासका क्षेत्रमा आफ्नो दरिलो उपस्थिती देखाएका छन् । तर प्रत्येक क्षेत्रमा उत्तिकै योगदान दिए पनि सार्वजनिक क्षेत्रमा, विशेषतः राज्य संचालनमा भने पुरुषको तुलनामा महिलाहरूको प्रभावकारी उपस्थिति गणतन्त्र पछि मात्र सम्भव भएको हो । (तालिका १) ।

तालिका १: राणाशासन पछिका विभिन्न राज्यव्यवस्था सञ्चालनमा महिला प्रतिनिधित्व

राज्यव्यवस्था	महिला सहभागिता (नीति निर्माण र निर्णयमा)
राजतन्त्रको बेला (सन् १९६० देखि १९९० को दशक)	१. २४ सरकारको बनेका, (७ सरकारमा १ महिला,
	२. १८ सरकारमा महिला विहीन,
	३. व्यवस्थापिका, न्यायपालिकामा लगभग शून्यको अवस्था
	४. राजनीतिक दलहरूको नेतृत्वमा शून्य प्रतिनिधित्व
बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र	१. व्यवस्थापिकामा महिला प्रतिनिधित्व ३.५-६ प्रतिशत
	२. राजनीतिक दलहरूको नेतृत्वमा पाँच प्रतिशत भन्दा कम उपस्थिति
	३. स्थानीय स्वायत्त शासन ऐन २०५५ ले महिलाको लागि वडा तहको जनप्रतिनिधिमा २० % आरक्षण गऱ्यो । आरक्षणको कारण स्थानीय तहमा महिला जनप्रतिनिधिको संख्या एकैपटक करिव ४०००० पुग्यो । समावेशीता र समानुपातिक सहभागिताको लागि आरक्षण महत्वपूर्ण हुने सिकाई ।

(सन १९९१ देखि २००६)	१. स्थानीय तहमा महिलाहरूको प्रतिनिधित्व ४०% बढी (२० % दलित महिला), प्रमुख र उपप्रमुखमा एक महिला अनिवार्य (५०% महिला निर्णायक तहमा)
	२. प्रदेश सभा र संघीय संसदमा ३३% महिला
	३. समानुपातिक प्रणाली र राष्ट्रिय सभाबाट पिछडीएका जातजाति, अल्पसंख्यक, अपाङ्गताको प्रतिनिधित्व अनिवार्य
	४. संघीय संसदका समितिहरूमा महिला नेतृत्व स्थापित
	५. प्रायः सबै मुख्य राजनीतिक दलहरूको केन्द्रीय कमिटीमा ३३% उपस्थिति
	गणतन्त्र र हालको अवस्था (२००६ देखि हाल २०२३ सम्म)

स्रोतः सन्जय महतो, बिमला राई पौड्याल, नन्दिता बरुआ (२०१९) बाट साभार

गणतन्त्र–पश्चात देखिएको राज्य संचालनमा महिलाहरूको दरिलो उपस्थिति पनि सहज रूपले आएको हैन । परिवर्तनको लागि भएका शान्तिपूर्ण जनआन्दोलन हुन् या सशस्त्र विद्रोह, सबैमा महिलाहरूको प्रभावकारी उपस्थिति हुँदाहुँदै पनि माथिको तालिकाले देखाए जस्तै राज्य संचालन र राजनीतिक दलहरूको नेतृत्वमा महिलाहरूको उपस्थिति न्यून रहेको तथ्य परिवर्तनकारी महिलाहरूलाई बिझाएको थियो । त्यसैबेला सात राजनीतिक दलहरू वीचको बृहत शान्ति सम्झौता पश्चात् वि. सं. २०६२-६३ मा भएको जनआन्दोलनको बलमा संसद प्रतिस्थापित भयो । प्रतिस्थापित संसदले राजतन्त्रको अन्त्य, गणतन्त्र स्थापना, संघीयता तथा धर्म निरपेक्षता जस्ता महत्वपूर्ण विषयमा प्रगतिशील र रूपान्तरणकारी निर्णय गर्दै संविधान सभाको चुनाव गरेर जनप्रतिनिधिहरूले नै संविधान निर्माण गर्ने ढोका खोल्यो । तर पनि दिगो शान्ति र समाजमा विद्यमान लैंगिक असमानताको जड उखेल्नका लागि आवश्यक महिलाहरूको अंशको अधिकार, वंशको अधिकार, सहभागिताको अधिकार सुनिश्चित गर्ने तर्फ भने प्रतिस्थापित संसदमा कुरै उठेन । यसरी संगसंगै आन्दोलन गरेका आधा शक्ति महिलाको बारेमा मौनता देखिए पछि राजनीतिक परिवर्तन संगै समावेशीता र समानताको सपना देखेका महिला अधिकारकर्मी र सांसदहरू रुपान्तरणमुखी कानूनको ढाँचा सम्बन्धि निर्णय संसदबाटै गराउन जुटे । फलस्वरूप तात्कालीन सांसद तथा पूर्व राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको नेतृत्वमा तात्कालीन सांसदहरू कमला पन्त, एन. पि. साउद र नवराज सुवेदीले कानूनमा विद्यमान विभेद अन्त्य गर्ने र लैङ्गिक समानताको लागि जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसदमा पेश गरे । तात्कालीन सांसद तथा नेकपा एमाले नेता श्रीमती विद्यादेवी भण्डारी प्रस्तावक बनेको उक्त सार्वजनिक महत्वको प्रस्तावमा लेखियो- 'आमा वा बाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको प्रत्याभूति गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखि हाललाई कम्तिमा एकतिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको प्रत्याभूति गर्न, विभेदकारी कानूनको खारेजी गर्न र महिला प्रति हुने हिंसाको अन्त्य गर्न जरुरी भएकोले यो जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गरेकी छु ।

संकल्पको रूपमा २०६३ साल जेष्ठ १६ गते संसदले त्यो प्रस्ताव सर्वसम्मतले पारित गऱ्यो । प्रस्तावका मुख्य चार बुंदा - पैतृक सम्पति माथि महिलाको अधिकार स्थापित गर्ने, सन्तानको पहिचान र नागरिकतामा आमाको अस्तित्व स्वीकार गर्ने, महिला हिंसा अन्त्य गर्ने र राज्यका सबै अंगमा कम्तिमा एकतिहाई महिला सहभागिता सुनिश्चित गर्ने थिए । यसपछि जारी भएको नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरी राज्यका सबै संरचनामा समानुपातिक समावेशिताको

आधारमा सहभागी गराउने नीतिगत व्यवस्था गरेको थियो । यसरी अन्तरिम संविधान, त्यसपछि बनेको संविधान र अन्य सबै कानूनहरूको मुख्य आधार नै प्रतिस्थापित संसदले पारित गरेको संकल्प प्रस्तावलाई मान्न सकिन्छ, जसको बलमा आज महिला सहभागिता र लैंगिक समानता अन्त्य गर्नका लागि दर्जनौं नीति र कानूनहरू बनेका छन । यही महिला नेतृत्वकै इतिहासको जगमा आज स्थानीय, प्रदेश र संघमा महिलाहरूको दरिलो उपस्थिति रहेको छ र व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाका सबै अंग र तहमा महिला नेतृत्व बढ्दो छ । राज्यका अंगमा मात्रै हैन, शिक्षा, स्वास्थ्य जस्ता सार्वजनिक सेवामा बढ्दो पहुंचले आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा महिला सहभागिता बढाएको छ र महिलाको नेतृत्व पनि स्थापित हुँदै गएको छ ।

२) महिला नेतृत्व सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

राज्यका विभिन्न तह र संरचनामा अनि नीति निर्णयमा सहभागी हुने अवसर प्रदान गर्ने मुख्य दुई बाटा छन् । पहिलो, राजनीतिक रूपमा सकृय रहेर आवश्यक योग्यता सहित निर्वाचनबाट जनप्रतिनिधि बन्ने र कानून निर्माण तथा सरकार संचालनको नेतृत्व लिने । दोश्रो, सार्वजनिक पदको आवश्यकता अनुसारको योग्यता हाँसिल गरेर लोकसेवा/न्यायसेवाको परीक्षा उत्तीर्ण गरेर सरकारी सेवामा प्रवेश गर्ने । सदियौं देखिको पितृसत्तात्मक संरचना र मूल्य र मान्यताले गर्दा बिना कुनै संरक्षण महिलाहरूलाई राजनीति र सरकारी सेवा दुवैमा नेतृत्व तहमा पुग्न सहज थिएन र छैन पनि । अझ दुर्गम ठाउँमा बसोबास गर्ने तथा जातीय र वर्गीय विभेदले प्रताडित महिलाहरूमा कुनै न कुनै प्रकारको संरक्षण बिना सार्वजनिक क्षेत्रमा सहभागी हुने अवसर नै आउँदैन । त्यसैले अन्तराष्ट्रिय साथै राष्ट्रिय तहमा विभिन्न क्षेत्र र समूहका महिलाहरूको सहभागिता र नेतृत्व सुनिश्चित गर्न विभिन्न नीति, ऐन र कानूनी व्यवस्था गरिएका छन । अन्तराष्ट्रिय स्तरमा रहेका महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, बेइजिङ घोषणा तथा कार्यनीति १९९५ र दिगो विकास लक्ष्य २०१५ लगायत लैंगिक समानता सम्बन्धि संयुक्त राष्ट्र संघीय निकायका निर्णयहरूमा नेपालले हस्ताक्षर गरेर राज्यका सबै तहको नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । राष्ट्रिय स्तरमा पनि यिनै प्रतिबद्धता अनुरुपको संविधान, कानून र ऐनहरू निर्माण भएका छन् ।

२.१) संविधानको व्यवस्था

नेपालको संविधानले देशको सर्वोच्च पद राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक र प्रदेश सभाको सभामुख वा उपसभामुख मध्ये एक जना महिला हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको संसद्मा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने अनिवार्य व्यवस्था गरे अनुरुप संघ र प्रदेशमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट प्रतिनिधित्व हुनुपर्ने, राष्ट्रिय सभा सदस्यमा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित हुने, नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट मनोनीत तीन जनामध्ये कम्तीमा एक जना महिला हुनुपर्ने व्यवस्था गरिएका छन् । त्यस्तै गरी संविधानले स्थानीय तह (गाउँ सभा र नगर सभा) मा प्रत्येक वडाबाट एक दलित सहित कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने, गाउँ र नगरसभाका कार्यपालिकामा महिला, दलित र अल्पसंख्यकबाट अनिवार्य प्रतिनिधित्व हुने, जिल्ला सभाले निर्वाचन गर्ने जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यक रहने जस्ता समावेशी सहभागिताको व्यवस्था गरेको छ ।

२.२) राजनीतिक दल र निर्वाचन सम्बन्धी कानूनी व्यवस्था

राजनीतिक दल सम्बन्धि ऐन, २०७३ ले दलको सङ्गठनात्मक संरचनामा विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नुपर्ने र सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुने व्यवस्था गरेको छ । स्थानीय तह निर्वाचन ऐन २०७३ ले निर्वाचन प्रणालीमा गाउँपालिका वा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा सबैभन्दा बढी मत ल्याउने दुई-दुई जना निर्वाचित हुने, जिल्ला समन्वय समितिको उम्मेदवारको लागि मनोनयन गर्दा राजनीतिक दलले अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमध्ये ५० प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने र स्थानीय तहमा महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारलाई ५० प्रतिशत धरौटी छुट हुने जस्ता व्यवस्था गरेको छ ।

प्रतिनिधि सभा निर्वाचन सम्बन्धी ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले प्रतिनिधि सभा र प्रदेश सभाको सदस्यको समानुपातिक निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । निर्वाचन परिणामबाट दलले प्राप्त गर्ने पद सङ्ख्या निर्धारण भएपछि आयोगले त्यस्तो दलको तर्फबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कूल सदस्य सङ्ख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणाली तर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्या सम्बन्धित दललाई जानकारी गराउँछ र दलले सोही अनुसार महिलाको ३३% र दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय तथा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व हुने गरी बन्दसूचीमा नाम समावेश भएको क्रम अनुसार सूची पेश गर्छन् ।

२.३) सरकारी तथा सार्वजनिक सेवा सम्बन्धि कानूनी व्यवस्था

सरकारी तथा सार्वजनिक सेवामा निजामति कर्मचारी, सुरक्षा निकाय, न्यायिक सेवा, संसद सचिवालय लगायतका थुप्रै निकायहरू पर्छन् । यी निकाय सम्बन्धि ऐन र नियमले सरकारी र सार्वजनिक सेवामा महिला नेतृत्व बढाउन निम्न व्यवस्था गरेका छन् । निजामती सेवा ऐन, २०४९ ले पुरुषको सेवा प्रवेश ३५ वर्ष र परीक्षणकालको अवधि एक वर्ष तोकेकोमा महिलालाई सेवा प्रवेशमा उमेरको हद ४० वर्ष, परीक्षण कालको अवधि ६ महिना तोकेको छ भने बढुवाको लागि एक वर्षको सेवा अवधि कम गरेको छ । त्यसैगरी २०६३ सालमा संशोधित ऐनले खुला प्रतियोगिता द्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई त्यस्तो पदमा महिलालाई ३३ प्रतिशत, आदिवासी, जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत अपाङ्गलाई ५ प्रतिशत, पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद छुट्याई त्यस्तो पदमा सम्बन्धित समूहका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिष्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरेको छ । त्यस्तै खुल्ला प्रतिस्पर्धा भित्र महिला र अन्य पिछडिएका समुदायहरूलाई संरक्षण गर्ने व्यवस्था व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धि ऐन २०६४, स्वास्थ्य सेवा ऐन, २०५३ न्याय सेवा आयोग ऐन, (२०७३), शिक्षक सेवा आयोग नियमावली २०५७, सैनिक सेवा नियमावली २०६९, प्रहरी नियमावली २०७१, सशस्त्र प्रहरी नियमावली २०७२ र न्याय परिषद् नियमावली २०७४ जस्ता कानूनहरूमा समेत गरिएको छ (राधिका अर्याल, २०७७)।

३) गणतन्त्र स्थापना पछि सङ्घ प्रदेश र स्थानीय तहमा महिला नेतृत्वको अवस्था

३.१) संघ प्रदेश र स्थानीय तहका जनप्रतिनिधिमा महिला नेतृत्वको अवस्था

संविधान मार्फत् संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि देशमा तीनै तहमा दुईवटा निर्वाचन (वि.सं. २०७४ र २०७९) सम्पन्न भएका छन् । तीनै तहमा निर्वाचित जनप्रतिनिधिहरूको विश्लेषण गर्दा पहिलेको तुलनामा महिलाहरू र अन्य पिछडिएका जातजाति र समूहका प्रतिनिधित्व र निर्णय प्रक्रियामा प्रभाव सारभूत रूपमा नै बढेको देखिन्छ । यसै क्रममा एकैपटक देशका पांच मध्ये तीन सम्माननीय पद (राष्ट्रपति, प्रतिनिधि सभाको सभामुख र सर्वोच्च अदालतको प्रधान न्यायधीश) मा महिलाहरू पुग्न सफल भए र प्रभावकारी रूपमा आफ्नो भूमिका निर्वाह गरे । राष्ट्रिय सभाको उपाध्यक्ष, प्रतिनिधि सभाको उपसभामुख र प्रदेश सभाका उपसभामुखमा महिला निर्वाचित भए । पहिलो निर्वाचनमा संवैधानिक प्रावधान अनुसार सङ्घीय संसद र प्रदेश सभामा ३३% महिला प्रतिनिधित्व रह्यो भने स्थानीय तहमा ४०% भन्दा बढी जनप्रतिनिधिहरू महिला भए । यति धेरै महिलाहरू एकै पटक सार्वजनिक क्षेत्रमा निर्वाचित हुनु र नेतृत्वमा पुग्नु अनि प्रभावकारी रूपमा आफ्नो काम गर्नु नेपालमा मात्रै नभएर दक्षिण एसियामा नै लैंगिक समानताको क्षेत्रमा एक उदाहरणीय उपलब्धि बन्यो ।

वि.सं. २०७९ को निर्वाचनमा पनि महिलाहरूको सहभागिता उत्साहजनक रह्यो । हाल प्रतिनिधिसभामा ९ जना प्रत्यक्ष निर्वाचनबाट र ८२ जना समानुपातिक प्रणालीबाट गरेर जम्मा ९१ महिला (३३.०९%) हरूले प्रतिनिधित्व गरेका छन् । राष्ट्रिय सभामा ५९ सांसद मध्ये २२ (३७%) महिला छन्, प्रदेश सभामा पनि महिला प्रतिनिधित्व एकतिहाई नै रहेको छ । स्थानीय तहमा जम्मा ३५,०९७ जना जनप्रतिनिधिहरू निर्वाचित भएकोमा करिव ५९% पुरुष र ४१% महिला छन् । निर्वाचित मध्ये ३३% ब्राह्मण क्षेत्री, २६ % आदिवासी जनजाति, २२% दलित, १२% मधेशी, ४% थारु र २% मुस्लिम छन् । त्यसैले संघ, प्रदेश र स्थानीय तहमा विद्यमान प्रतिनिधित्व लैंगिक समानता उन्मुख र सामाजिक रूपमा समावेशी छ । तर नेतृत्व गर्ने तहमा महिला प्रतिनिधित्वको गहिरो विश्लेषण गर्दा भने त्यति उत्साहजनक परिणाम पाइदैन ।

स्थानीय तहमा नगरपालिकामा मेयर, गाउँपालिकामा अध्यक्ष र वडा कार्यालयमा वडा अध्यक्षको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । गाउँ र नगर सभाले गरेको निर्णय कार्यान्वयन गर्ने, स्थानीय ऐन कानून निर्माण, नीति कार्यक्रम प्रस्तुत र बजेट विनियोजन जस्ता महत्वपूर्ण जिम्मेवारी पालिका र वडाका प्रमुखले निर्वाह गर्छन् । यति महत्वपूर्ण स्थानमा भने महिलाको उम्मेदवारी नै कम भयो, पालिका प्रमुखको लागि महिलाहरूको जम्मा ६% उम्मेदवारी पऱ्यो । त्यसैगरी वडा अध्यक्षको लागि ३% र अन्य सदस्यको लागि जम्मा ५% महिला उम्मेदवारी पऱ्यो । संघ र प्रदेशको निर्वाचनमा पनि महिला उम्मेदवारी नै कम छ । कम उम्मेदवार भएपछि निर्वाचित हुने संख्या पनि कम हुने नै भयो । बहुदलीय पद्धति र संसदीय प्रणालीमा निर्वाचनमा उम्मेदवार को हुने निर्णय राजनीतिक दलहरूको हुन्छ । यसबाट राजनीतिक दलहरूले महिलाको उम्मेदवारी दिन कन्जुस्याइ गरको देखिन्छ ।

स्थानीय सरकारमा प्रायशः महिलाहरू उपमेयर, उपाध्यक्ष र सदस्यको स्थानमा निर्वाचित भएका छन् । तालिका २ ले देखाए जस्तो प्रमुखको रूपमा जम्मा ३% को हाराहारीमा मात्रै महिला निर्वाचित भएका छन् । अझ उदेक लाग्दो त के छ भने, २०७४ को निर्वाचनमा ९३% उपप्रमुख पदमा महिला थिए, २०७९ मा प्रमुख पदमा त बढेन नै, उपप्रमुख पदमा पनि महिलाको प्रतिनिधित्व ९३% बाट घटेर ७५% को हाराहारी भयो ।

तालिका २: स्थानीय तहको निर्णायक पदमा महिला पुरूषको प्रतिनिधित्व (२०७२ र २०७८)

	२०७२		२०७८	
	महिला	पुरुष	महिला	पुरुष
नगरपालिका मेयर /प्रमुख	२.४%	९७.६%	३.३२%	९६.६८% (७२८)
गाउँ पालिका अध्यक्ष	(२५)	९६.६८% (७२८)	३.३२%	२४.५७% (१८५)
(२५)	९३%	७%	७५.४३% (५६८)	२४.५७% (१८५)
नगरपालिकाको उपमेयर/ गाउ पालिकाको उपाध्यक्ष	१%	९९%	१%	९९%
वडा अध्यक्ष	१%	९९%	१%	९९%

स्रोतः अंकलाल चलाउने, चिरन मानन्धर, डेमोक्रेसी रिसोर्स सेन्टर (२०८०)

वि. सं. २०७९ को निर्वाचनमा राजनीतिक दलहरूबीच गठबन्धन भएको र संविधानले प्रमुख र उपप्रमुख दुवै पदमा उम्मेदवारी दिने दलले कम्तीमा एक स्थानमा महिला उठाउनु पर्ने प्रष्ट पारेको तर गठबन्धनमा हुने दलले दुवै पदमा उम्मेदवारी नदिने भएकोले महिला उम्मेदवार उठाउनै पर्ने बाध्य नभएको व्याख्या गरेर गठबन्धनमा रहेका दलहरूले दुवै पदमा पुरुष उम्मेदवार दिएकोले उपप्रमुखमा महिलाहरूको संख्या घटेको हो। वडा कार्यालय जुन जनता संगको सबैभन्दा नजिकको तह हो, सो को अध्यक्षमा समेत मात्र १ प्रतिशतको हाराहारीमा महिलाले नेतृत्व पाए। यसले देखाउँछ, कानूनहरू महिला मैत्री बनाइए पनि कतिपय अवस्थामा पितृसत्ता र राजनीतिक दलमा पुरुषबादी सोच हावी नै छ, जसले कानूनको अपव्याख्या गरेर पनि महिलाहरूको प्रतिनिधित्व खुम्चाइ दिएको छ।

करिब १० वर्षको संविधान कार्यान्वयनको अवस्था हेर्दा संविधान र कानूनले प्रष्ट तोकेको र अनिवार्य व्यवस्था गरेको बाहेक अन्य अवस्थामा नीति निर्माणमा महिलाहरूको समानुपातिक सहभागिता र नेतृत्व हुन सहज छैन्। उदाहरणको लागि संघको २५ जनाको मन्त्रीपरिषद्मा जम्मा ३ जना (१४%) महिला छन्, प्रदेशमा यो संख्या अझै कम छ। मन्त्रीपरिषद्, विभिन्न आयोगहरू, राजदूत लगायतका राजनीतिक नियुक्तिहरूमा संविधानले ३३% महिला प्रतिनधित्व हुनु पर्ने कुरा स्पष्ट तोकेको छैन, त्यसैले संघ र प्रदेशका नियुक्तिहरूमा महिलाहरूको एकतिहाई प्रतिनिधित्व छैन्। अझ संवैधानिक आयोगहरूमा त राष्ट्रिय महिला आयोग बाहेकमा पाँचजना आयुक्त मध्ये एकजना मात्र महिला (२०%) टोकनको रूपमा नियुक्त गरिएको छ। अर्कोतर्फ संविधानले व्यवस्थापिकाको तीनै तहमा एकतिहाइ महिला हुनुपर्ने तोकिएको छ, त्यसैले संघीय संसद्, प्रदेश सभा.र स्थानीय तह-सबैमा एकतिहाई महिला सहभागिता छ। राजनीति र जनप्रतिनिधिको निर्वाचनमा महिलाहरूमा चाख र क्षमता दुवै बढेको पाइन्छ तर हाल देखिएको महिला नेतृत्वको वृद्धि चाही चाख र क्षमताले मात्रै हैन, कानूनमा गरिएको बाध्यात्मक प्रावधान (विशेषतः आरक्षण र सकारात्मक विभेद) को कारणले भएको हो। २०७४ र २०७९ का दुवै निर्वाचनमा कानूनले बाध्य पारेको अवस्थामा बाहेक महिलाहरूले उम्मेदवार बनेर निर्वाचित संख्या एक प्रतिशत भन्दा कम रहनुले पनि यो तथ्य पुष्टी गर्छ।

३.२) सरकारी र सार्वजनिक क्षेत्रमा महिला नेतृत्वको अवस्था

निर्णायक भूमिकामा महिलाहरूको बढ्दो सहभागिताको एउटा महत्वपूर्ण उपलब्धि भनेको महिला मैत्री ऐन, नियम र नियमावलीहरूको निर्माण र कार्यान्वयन पनि हो। महिला तथा पछाडि पारिएको समूहको लागि सरकारी र सार्वजनिक सेवामा आरक्षणको व्यवस्था, शिक्षा र शिपमा महिलाको पहुँच वृद्धि गर्ने, सेवा प्रवेश र बढुवामा

महिलाहरूलाई विशेष सुविधा आदि कारणले सरकारी सेवा र सार्वजनिक क्षेत्रमा महिलाको प्रतिनिधित्व निक्कै सुधार भएको छ, तर पनि समानुपातिक सहभागिता हुन सकेको छैन (तालिका ३) ।

तालिका ३: न्याय सेवा, निजामती सेवा र सुरक्षा निकायमा महिलाको प्रतिनिधित्व

	जम्मा संख्या	महिलाको संख्या
न्याय सेवा		
न्यायधीश सर्वोच्च	१६	२ (१२.५%)
न्यायधीश उच्च	१२१	१८ (१४.८७%)
न्यायधीश जिल्ला	२५५	१७ (६.६६%)
नायब महान्यायधिवक्ता	४	०
सहन्यायाधिवक्ता	३७	२ (५.४%)
निजामती सेवा		
सरकारी कर्मचारी	८६,४६८	२३,८५४ (२७.५९%)
सचिव र विशिष्ट श्रेणी	७३	६ (८.२१%)
प्रमुख जिल्ला अधिकारी	७७	१० (१२.९८%)
सुरक्षा निकाय		
नेपाल प्रहरी	७५,५३३	८,४३३ (११.१६%)
नेपाली सेना	८७,१०९	६,६३२ (७.६१%)

स्रोतः राष्ट्रिय महिला आयोग, २०८०

हिजोको तुलनामा नेपालले अवलम्बन गरेको समानताको नीति, सकारात्मक विभेदको नीति, सारभूत समानतामा जोड, विशेष संरक्षणको नीति र महिलाको शिक्षा तथा स्वास्थ्य क्षेत्रमा भएको सुधार र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनबाट आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रका नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता उल्लेख्य बढेको छ । हुनत पुरुषको दाँजोमा महिलाको सहभागिता अझै कम रहेको तालिका २ र ३ का तथ्यांकले पुष्टि गर्छ । तर पनि संघ प्रदेश र स्थानीय तहको नीति र कानूनको निर्माण अनि कार्यान्वयन र निगरानीमा महिलाको दरिलो उपस्थितिले यो तथ्यांकमा क्रमिक सुधार आउने विश्वास गर्न सकिन्छ ।

४) महिला नेतृत्वले ल्याएको सम्भावना र चुनौतीहरू

नेतृत्वमा महिलाहरूको बढ्दो सहभागिताले थुप्रै सम्भावना र अवसरहरू ल्याएको छ ।

४.१) सम्भावना

कार्यदक्षता, प्रभावकारिता र न्यायको दृष्टिले पनि नेतृत्व समावेशी हुनु जरुरी हुन्छ । फरक लैंगिक पहिचान, भूमिका र सम्बन्धका कारण महिलाहरूमा विशेष ज्ञान, सीप र गुण हुन्छ जुन पुरुषहरूमा नहुन सक्छ । त्यस्तै पुरुषहरूसँग रहेको विशेष ज्ञान, शिप र गुण महिलासँग नहुन सक्छ । विभिन्न सामाजिक समूहका महिला र पुरुष मिलेर गरेको निर्णय बढी दक्ष, प्रभावकारी, न्यायोचित हुन्छ । महिला र पुरुष दुवैको सहभागिताले मात्र सार्वजनिक नीति र सेवा प्रवाह प्रभावकारी र समन्यायिक हुन्छ । त्यस अर्थमा पनि सार्वजनिक क्षेत्र (राजनीति, सरकारी सेवा) मा महिला प्रतिनिधित्व बढ्दै जानु आवश्यक र सकारात्मक पक्ष हो ।

नीति निर्माण तहमा भएको महिलाको सहभागिताले उनीहरूको समग्र व्यक्तित्व विकास हुनुका साथै नेतृत्व सीप विकास हुन्छ, आत्मसम्मान र आत्मविश्वास बढ्छ । महिलाहरूको राजनीतिक, आर्थिक र सामाजिक सशक्तिकरण हुन्छ । निर्णय प्रक्रियामा महिलाको उल्लेख्य उपस्थिति हुँदा महिला मैत्री नीति ऐन-नियमहरू बन्ने सम्भावना हुन्छ जसले सारभूत रूपमा समानताको अनुभूति गर्न सकिने वातावरण सिर्जना गर्छ । कानून र नीति बनाउने कार्यको नेतृत्वमा महिला हुँदा लैंगिक समानता उन्मुख, विभिन्न श्रोत र साधनमा महिलाहरूको पहुँच बढाउने, कुरितीको अन्त्य गर्ने, समानता, सामाजिक न्याय र दिगोपनामा प्रत्यक्ष योगदान दिने प्रकारका कानून, विधेयक र निति निर्माण हुन्छन् । किनकी महिलाहरूको आवश्यकता, प्राथमिकता र चुनौति पुरुषहरूलाई भन्दा महिलाहरूलाई बढी थाहा हुन्छ र महिलाहरू नै महिलाका आवश्यकता र प्राथमिकता प्रति बढी सम्वेदनशील हुन्छन् । पहिलो र दोश्रो संविधान सभामा महिलाहरूको उल्लेख्य र प्रभावकारी उपस्थितिको कारण नै संविधानमा महिला मैत्री प्रावधानहरू लिपिबद्ध भएका हुन् । कानून निर्माणमा महिलाहरूको संख्यात्मक र गुणात्मक प्रतिनिधित्व हुँदा संसदले निर्माण गर्ने कानून महिलाहरूको आवश्यकता र प्राथमिकता प्रति बढी संवेदनशील हुनु स्वभाविक हो । व्यवस्थापिकामा महिला सहभागिता सुदृढ हुँदा लैंगिक भेदभाव पूर्ण विधेयक र कानूनको रूपान्तारित परिमार्जन गर्ने, संविधानले प्रत्याभूति गरेको मौलिक हक र महिलाको हक कार्यान्वयनको लागि निरन्तर वकालत गर्ने र नीति र कानूनको कार्यान्वयनमा सरकारलाई जवाफदेही बनाउने अवसर हुन्छ । संविधान सभा र त्यसपछिका संसद्ले यी कुराहरू प्रमाणीत पनि गरेका छन् ।

कार्यपालिका, विशेषतः सरकारी सेवाको नेतृत्व तहमा महिलाहरूको सहभागिताले श्रोतमा पहुँच नपुगेका महिला र पछाडि पारेका समूहहरूलाई सङ्गठित गर्ने, प्रत्यक्ष फाइदा पुग्ने प्रकारका नीति कार्यक्रमहरू बनाउने र कार्यान्वयन गर्ने र महिलाहरूलाई परेको प्रभाव बारे अनुगमन, अध्ययन गर्ने अवसर हुन्छ । सेवा प्रवाहमा महिलाहरूको सहभागिताले सार्वजनिक सेवा महिला तथा बालबालिका, वृद्ध तथा अपांगताको आवश्यकता र प्राथमिकता प्रति बढी सम्वेदनशील हुन्छ । विगत सात वर्षमा स्थानीय तहको नेतृत्व गरेका महिला जनप्रतिनिधिहरूले महिलाहरूको आर्थिक, सामाजिक सशक्तिकरण लक्षित कार्यक्रम देखि किशोरीको शिक्षा र सीप अनि प्रजनन स्वास्थ्यमा पहुँच बढाउने, विपद्को तैयारीमा महिलाको परिचालन, महिला हिंसा अन्त्यका लागि सामाजिक अभियान, हिंसा पिडितलाई न्याय दिने र कोरोना महामारीको समयमा महिला लक्षित सेवा प्रवाह राख्ने जस्ता कार्य प्रभावकारी रूपले सञ्चालन गरेका छन् जुन महिला नेतृत्व बिना संभव हुने थिएन । त्यस्तै न्याय सेवामा महिला नेतृत्वको वृद्धि हुँदा महिला मैत्री न्याय सेवा स्थापित हुने, महिला हिंसा लगायतका महिला विशेष घटनाहरूको द्रुत र लगातार सुनुवाइ हुने, पिडीत महिलाहरूको संरक्षण र न्यायमा पहुँच जस्ता विविध पक्षमा सुधार हुने अवसर हुन्छ ।

४.२) चुनौती

संघ, प्रदेश र स्थानीय तहमा महिला नेतृत्व बढाउने उद्देश्यले आरक्षण लगायतका विभिन्न कानूनी व्यवस्था, महिला विशेष सहुलियत र सकारात्मक विभेद मार्फत् विशेष संरक्षणका कार्य भएको कारण संविधान निर्माण पछि विभिन्न क्षेत्रमा महिलाको सहभागिता उल्लेख्य वृद्धि भएको छ । तर महिलाहरूलाई पुरुष सरह सार्वजनिक क्षेत्रको नेतृत्वमा सहभागी हुन अझै पनि चुनौतीपूर्ण नै छ । नेपाली समाजको संरचना, बनावट, सामाजिक मूल्य, मान्यता, सोच र शैक्षिक अवस्था आदिका कारण नीति निर्माण र निर्णायक तहमा महिलाको सहभागिता अपेक्षा गरे अनुसार बढ्न सकेको छैन । महिलाको संख्यात्मक वृद्धि भएअनुसार गुणात्मक र अर्थपूर्ण सहभागिता बनाउने विषय अझै पनि चुनौतिपूर्ण छ । गणतन्त्रका १५ वर्षको अनुभवमा महिलाहरूलाई नेतृत्व तहमा पुग्न, टिकी रहन र प्रभावकारी काम गर्न कानूनको साथ साथै केही राजनीति र सामाजिक चुनौतीहरूको सम्बोधन गर्नुपर्छ ।

४.२.१) दलको असमावेशी संरचना :

पटक-पटक परिवर्तनको नेतृत्व गरेर आए पनि नेपालका राजनीतिक दलको संरचना अझै पनि समावेशी बन्न सकेको छैन् । त्यसमाथि नेतृत्वको पुरुष प्रधान सोच, महिला नेतृत्वलाई मौका नदिने, विश्वास नगर्ने चलन महिला नेतृत्व विकासमा अवरोध बनेका छन् । परिणामतः राजनीतिक दलका विभिन्न तहका संरचनामा महिला पदाधिकारीको उपस्थिति अत्यन्त न्यून छ । संसदमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको कानूनी बाध्यतालाई राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीबाट नै पुऱ्याउँदै आएका छन् ।

४.२.२) महिलाले चुनाव हार्छन् भन्ने भाष्यः

विगत दुईवटा निर्वाचनको अनुभवमा कानूनले प्रष्ट तोकेको ठाउंमा बाहेक अन्य स्थानमा महिलाहरूलाई मनोनयन गर्न राजनीतिक दलहरूले चासो नदिने; दलबाट दिइने उम्मेदवारीमा पुरुषलाई नै प्राथमिकता दिने; जहां कानूनले नेतृत्वका दुई पद मध्ये एक महिला तोकेको छ, त्यस्तो अवस्थामा समेत प्रमुखमा पुरुषलाई नै प्राथमिकता दिने र उपप्रमुखमा महिलाहरूको उम्मेदवारी सिमित गर्ने, गठबन्धन गरेर महिला र पुरुषको उम्मेदवारी दिनुपर्ने स्थानमा पनि पुरुष नै पुरुषको उम्मेदवारी दिने जस्ता कार्य गरेर लैंगिक समानता प्रतिको दलहरूको प्रतिबद्धतामा प्रश्न खडा गरेका छन् । राजनीतिक दलले चुनावमा महिला र पुरुषभन्दा पनि जित्ने उम्मेदवार छनौट गर्न खोज्नु स्वाभाविक हो तर हारजीतको राम्रो विश्लेषण हुने भन्दा पनि "महिला उम्मेदवार प्रत्यक्ष निर्वाचनमा हार्छन् भन्ने" नेतृत्वको मनोविज्ञानका कारण प्रत्यक्ष निर्वाचनमा महिलालाई टिकट दिन गाह्रो मानेको देखिन्छ, यो भाष्य परिवर्तन गर्न जरूरी छ । स्थानीय जन प्रतिनिधिहरूको अनुभवमा "चुनाव जित्नको लागि आवश्यक महत्वपूर्ण पक्षहरू, जस्तो चुनावी दाउपेचमा महिलाहरू कमजोर हुन्छन, आर्थिक स्रोतको स्वामित्व सिमित हुँदा आवश्यक खर्च गर्न सक्दैनन्, साथै सुरक्षा तथा प्रशासनिक निकायसंगको सूचना वा समन्वय गर्न सक्दैनन् भन्ने धारणा प्रायः सबै दलको नेतृत्वमा छ । त्यसैले यसै पनि महिला कमजोर छन, जित्ने ठाउँमा जोखिम नलिने भनेर पनि महिलालाई टिकट नै दिनुपरे कमजोर वा हार्ने सम्भावना भएको निर्वाचन क्षेत्रबाट मात्र दिने गरिन्छ जसलाई तथ्यले पनि प्रमाणित गरेको छ (Chalaune A and Manandhar C., 2080 BS)। यसरी महिलाहरूलाई सकेसम्म निर्वाचनको लागि उम्मेदवार बन्नै नदिने र दिनै पर्ने भए कमजोर ठाउँबाट उम्मेदवारी दिने, पुरुषको तुलनामा महिला उम्मेदवार भएको ठाउँमा नेतृत्वबाट जिताउने कुरामा पहल र प्रयासको कमी हुने हुँदा महिलाहरूमा राजनीति प्रति नै वितृष्णा हुने चुनौती छ ।

४.२.३) आर्थिक, राजनीतिक र सामाजिक स्रोतमा कमीः

संविधानले पहिलो पटक पैतृक सम्पत्तिमा सबै सन्तानको समान अधिकार सुनिश्चित गर्यो । तर व्यवहारमा अझै पनि महिलाहरूले पैतृक सम्पत्तिमा पहुँच पाएका छैनन् । लैंगिक भूमिका, रोजगारीमा कम पहुँच र उत्पादन मूलक स्रोतमा कम पहुँचको कारण महिलाहरूमा निर्वाचनको लागि आवश्यक आर्थिक स्रोत मात्रै हैन, सामाजिक र राजनीतिक संयन्त्र र नेटवर्कमा पनि पहुँच कम छ । आर्थिक स्रोत माथिको नियन्त्रणले शक्ति सम्बन्ध बढाउन र प्रतिष्ठामा वृद्धि गर्न सहयोग गर्छ । सबै तहका चुनावहरू अहिले निक्कै खर्चिलो हुँदै गएका छन् । राजनीतिक दलहरूले भने जो सँग आर्थिक स्रोत, राजनीतिक नेटवर्क र सामाजिक सम्पत्ति छ, उसैलाई उम्मेदवार मनोनयन गर्छन् । उम्मेदवारको रूपमा मनोनयन भैहाले पनि पितृसत्तात्मक संरचना, सोच र व्यवहारले महिलाहरूलाई पुरुषको तुलनामा पैसा खर्च गर्न, हिँडडुल गर्न वा कार्यकर्ता परिचालन गर्ने, राजनीतिक र सामाजिक सन्जालको उपयोग गर्न थप चुनौतीपूर्ण छ ।

४.२.४) क्षमता र लगानी :

जनप्रतिनिधि र सार्वजनिक सेवामा काम गर्न फरक र विशेष प्रकारको सीप र क्षमता चाहिन्छ । महिलाहरूको लागि यो क्षेत्र नयाँ पनि हो । नयाँ काम गर्नको लागि नयाँ शिक्षा, ज्ञान, सीप चाहिन्छ र त्यसको लागि लगानी गर्न जरुरी छ । तर हाल महिलाहरूको क्षमता बढाउन न राजनीतिक दल न सरकार कसैले पनि लगानी गरेका छैनन् । अझ महिलालाई उम्मेदवार बनाउँदा वा कुनै पदमा मनोनित गर्दा क्षमता छ कि छैन ? काम गर्न नसक्ने हो कि ? भनेर विभिन्न अडकल बाजी हुन्छन्, तर त्यही स्थानमा पुरुषको मनोनित हुँदा भने उसको क्षमता छ कि छैन, काम गर्न सक्छ कि सक्दैन कसैले चासो लिएको देखिँदैन । यसले एकातर्फ आवश्यक सीप र साधन विना काम गर्नुपर्दा महिला जनप्रतिनिधिहरूमा मानसिक र शारिरिक तनाव हुन्छ अर्कोतर्फ क्षमता वृद्धि (तालिम, मेन्टरिङ्ग, कोचिङ्ग) मा आवश्यक लगानी नगर्ने तर "महिलाहरूले काम गर्न सक्दैनन्" भन्ने भाष्य निर्माण हुँदै जानु चुनौतीपूर्ण बनेको छ ।

४.२.५) लैंगिक भूमिका, कार्यबोझ र अपेक्षाको व्यवस्थापन :

महिलाहरूको घरभित्रको जिम्मेवारी, घर परिवारको हेरचाह साफसफाई, पकाई बनाई र व्यवस्थापनको जिम्मेवारी घटेको छैन, जनप्रतिनिधि र निर्णायक तहका कामले छुट्टै आफैंमा पूर्णकालीन समय माग गर्छन् । महिलाहरूले घर भित्र र बाहिर दुवै ठाउँको जिम्मेवारी प्रभावकारी रूपमा निभाउन थालि सके, तर पुरुषहरूले अहिले पनि घरभित्रको जिम्मेवारीमा सघाउने गर्न सकेका छैनन् । यसको कारण महिलाहरूमा कार्यबोझ थप भएको छ, थप कार्यबोझले मानसिक र शारीरिक तनाव पनि थपिएको छ । महिलाहरूमा परिवारको अपेक्षा पनि ठूलो हुने र निभाउन नसक्दा हिंसा हुने पनि गरेको छ । बढ्दो कार्यबोझ र आकांक्षा एकातर्फ, नयां जिम्मेवारी सिक्ने सिकाउने र परिणाममुखी काम गर्नुपर्ने अर्कोतिर । यी दुवै पक्षको सन्तुलन महिलाहरूको लागि अर्को ठूलो चुनौती बनेको छ ।

५) निष्कर्ष :

नेपालमा सीमा सुरक्षा, एकीकरण र त्यसपछिका प्रजातन्त्र, र सशस्त्र द्वन्द लगायतका राजनीतिक सामाजिक रूपान्तरणको लागि जति पनि आन्दोलन भएका छन्, ती सबै आन्दोलनको अग्रपतिमा महिलाहरू रहेको इतिहासले देखाउँछ । सामाजिक कुरीति र कु-प्रथाहरूको विरोध र समन्यायिक विकासको लागि "धर्म राज्य" को माग गरेर सामाजिक जागरण गर्दै प्राण आहुती गर्ने विदुशी योगमाया देखि प्रजातन्त्र स्थापनाको लागि राजनीतिक दल स्थापना गर्ने र पुरुषहरू सँगसँगै न्याय, समानता, प्रजातन्त्र र गणतन्त्र स्थापना सम्मको लडाइँमा रेवन्त कुमारी आचार्य, मोति देवी श्रेष्ठ, द्वारिका देवी ठकुरानी, मंगला देवी सिंह, साहना प्रधान देखि विद्या देवी भण्डारी सम्म आईपुग्दा महिलाहरूको एउटा सिङ्गो पुस्ता खटेको तथ्य इतिहासले देखाउँछ । तर पनि तीनै राजनीतिक दलमा र सार्वजनिक क्षेत्रको नेतृत्वमा महिलाको प्रतिनिधित्व संविधान निर्माण अगाडि सम्म न्यून रह्यो । सात दलहरूले सशस्त्र द्वन्द अन्त्यको लागि गरेको बृहद् शान्ति सम्झौता र त्यस पश्चात् जनआन्दोलनको बलमा प्रतिस्थापित संसदले रूपान्तरणमुखी ऐतिहासिक घोषणाहरू गरी रहँदा पनि विद्यमान लैंगिक असमानता अन्त्य गर्ने तथा आधा जनसंख्या महिलाको सहभागिता सुनिश्चित गर्ने विषयमा मौन रहे ।

जब राजनीतिक नेतृत्वको यो मौनता तोड्न नेकपा एमालेकी तात्कालीन सांसद तथा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा नेपाली कांग्रेसकी सांसद कमला पन्त र एन. पि. साउद तथा राष्ट्रिय जनमोर्चाका सांसद नवराज सुवेदीको संयुक्त पहलबाट राज्यका सबै संरचना र तहमा महिलाहरूको सहभागिताको सुनिश्चितता,

लैंगिक हिंसा र विभेदको अन्त्य तथा अंश र वंशमा समान हक जस्ता महत्वपूर्ण सवाल समेटेर संसदमा प्रस्ताव दर्ता गरियो, त्यसपछि भने संसदमा उपस्थित सबै राजनीतिक दलहरूले महिला अधिकार सुनिश्चित गर्ने यो कदमको स्वागत र समर्थन गरे । फलस्वरुप प्रतिस्ठापित संसदले २०७२ साल जेष्ठ १६ गते त्यो प्रस्ताव सर्वसम्मतले संकल्प प्रस्तावको रूपमा पारित गऱ्यो । त्यसैले महिलाको अधिकार सम्बन्धि विद्यमान संविधानको प्रावधानहरू विशेषतः संघ, प्रदेश र स्थानीय तहमा राज्यका तीनै अंग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) मा बढ्दो महिला सहभागिता, पैतृक सम्पतिमा समान अधिकार, महिला हिंसामा न्याय र क्षतिपूर्ति, आमाको नाममा सन्तानलाई नागरिकता जस्ता महत्वपूर्ण अधिकार प्राप्तिको जग त्यही संकल्प प्रस्तावलाई मान्न सकिन्छ । यो घटनाक्रमले नेतृत्वमा थोरै मात्र सशक्त महिला हुँदा पनि दूरगामी असर र समानता तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण उपलब्धि हन्छ भन्ने कुरा पनि प्रष्ट पारेको छ ।

हाल संविधानको प्रावधान अनुसार संघ, प्रदेश र स्थानीय तहमा महिलाको नेतृत्व स्थापित हुँदैछ, र महिला नेतृत्वको परिणामस्वरुप नै समानता, समावेशिता र समृद्धिमा सबै तहमा महत्वपूर्ण उपलब्धि पनि हाँसिल भएका छन्, जुन धेरै सकारात्मक छ । तर हालको सार्वजनिक क्षेत्र र निर्णय प्रक्रियामा महिला सहभागिताको अवस्थाको गहिरिएर विश्लेषण गर्ने हो भने अझै पनि राजनीतिक दल र समाजको पितृसत्तात्मक सोच, कार्यशैली र व्यवहारमा परिवर्तन आई नसकेको देखिन्छ । राजनीतिक दलहरूभित्रको नेतृत्वदायी भूमिकामा महिलाहरूको प्रतिनिधित्व नगण्य हुनु, प्रत्यक्ष निर्वाचनमा महिलाहरूको उम्मेदवारमा समानुपातिक सहभागिताको आधारमा नभई पाँच प्रतिशत भन्दा कम रहनु, संविधानले निर्णायक पदमा महिला र पुरुषको समान प्रतिनिधित्व अनिवार्य गरे पनि प्रमुखको पदमा पुरुषको मात्रै मनोनयन हुनु र महिलालाई उपप्रमुखको पदमा सीमित राखिनु, महिला जनप्रतिनिधिहरूलाई प्रभावकारी रूपले काम गर्न घर परिवार र समुदायको सहयोग नहुनु, महिला नेतृत्वको सुदृढीकरण र क्षमता अभिवृद्धिमा राजनीतिक दल र सरकारी गैह्र सरकारी निकायले आवश्यक लगानी नगर्नु जस्ता तथ्यले महिला नेतृत्व प्रतिको उदासीनता प्रष्ट पार्छ । अझ चुनावमा राजनीतिक दलहरूले गठबन्धन गरेर उम्मेदवारी दिँदा कानूनले अनिवार्य गरेको प्रमुख र उपप्रमुख मध्ये एक महिला हुनुपर्ने बाध्यात्मक प्रावधान पनि मान्नु नपर्ने भन्ने व्याख्याले राजनीतिक नेतृत्व महिलाको नेतृत्व वृद्धि गर्न इच्छुक नभएको देखाएको छ । यस्तो व्याख्या बढ्न नदिन यदि राजनीतिक दलले एउटा मात्रै पदमा उम्मेदवारी दिन्छ भने त्यहाँ महिलाको उम्मेदवारी दिनुपर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्ने देखिन्छ । अझ लोकतान्त्रिक र संसदीय पद्धतिमा गठबन्धन गरेर निर्वाचनमा जानु त आफैंमा बिडम्बनापूर्ण पनि देखिन्छ, किनकी यसले जनताको आफूले रुचाएको राजनीतिक दललाई निर्वाचनमा मत दिन पाउने नैसर्गिक अधिकार हनन गर्ने मात्रै हैन, कालान्तरमा दलहरूको विकासलाई पनि नकारात्मक प्रभाव पार्छ । त्यसैले निर्वाचनको लागि नै गठबन्धन गर्ने अभ्यासलाई निरुत्साहित गर्न जरुरी छ ।

अन्तमा, महिला नेतृत्व र सहभागिताको लागि कानूनी प्रावधान पहिलो र अपरिहार्य पक्ष हो, यदि कानूनले नेतृत्वमा महिला सहभागिता सुनिश्चित नगरेको भए अहिलेको लैंगिक समानता तर्फ नेपालले गरेको उपलब्धि सम्भव हुने थिएन । तर कानूनी प्रावधानले मात्रै नेतृत्वमा महिला सहभागिता सुनिश्चित नहुने र यसको लागि पितृसत्तात्मक सोच, कार्यशैली र व्यवहार मै परिवर्तन ल्याउनु पर्ने आवश्यकता अनुभवले देखाउँछ । कानूनको सकारात्मक पक्षलाई सुदृढ र विभेदयुक्त कानूनहरूमा सुधार गर्दै जानु त आवश्यक छ नै, त्यो सँगसँगै राज्य, राजनीति, नागरिक समाज, सामाजिक संरचना लगायतका सबै क्षेत्रमा महिला नेतृत्वले राज्य र समाजमा आउने सकारात्मक परिवर्तन लगायतका विषयमा व्यापक सचेतना र विद्यमान कानूनको इमान्दार र प्रभावकारी कार्यान्वयनका लागि सबै तहमा खबरदारी गर्नु अबको प्राथमिकताको नियम हो ।

सन्दर्भ सामाग्री

Mahato Sanjay, Rai Paudyal, Bimala and Baruah Nandita (2019). “Women in Public Life in Nepal", in Deepak Thapa edited book “Politics of Change: Reflections on Contemporary Nepal" published by Social Science Baha and The Asia Foundation.

Pandey B (2017). Women Empowerment in Politics: A Feminist Inquiry of Communist Party of Ne- pal-Unified Marxist Leninist (CPN-UML). A Thesis submitted to School of Education in Partial Fulfil- ment of the Requirements for the Degree of Doctor of Philosophy in Education Kathmandu University Dhulikhel, Nepal

अंकलाल चलाउने, चिरन मानन्धर, डेमोक्रेसी रिसोर्स सेन्टर (२०८०), नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारीः प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको विश्लेषण, डेमोक्रेसी रिसोर्स सेन्टर, नेपाल राधिका अर्याल (२०७७).

कसरी बढाउने नेतृत्वमा महिला सहभागिता ? हिमाल खबरपत्रिका, आइतबार, फागुन २३, २०७७

राष्ट्रिय महिला आयोग, (२०८०) नेपालमा महिलाको अवस्था, अङ्क २, राष्ट्रिय महिला आयोग, काठमाण्डौ ।

सदस्य, राष्ट्रिय सभा

राजनीतिक दलको नियमनमा निर्वाचन आयोगको प्रयास



• यज्ञप्रसाद भट्टराई

सारांश

राजनीतिक दल लोकतन्त्रका संवाहक हुन् । दलको संस्थागत विकासले नै लोकतन्त्र मजवुत हुन्छ । राजनीतिक दलको कामकारवाही र आर्थिक व्यवस्थापन जति जिम्मेवार र पारदर्शी हुन सक्यो त्यति नै दलहरूप्रति नागरिकको भरोसा बढदै जान्छ । राजनीतिक दलको दर्ता एवं सञ्चालन सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न र दलको कामकारवाही र आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउन नियमनकारी निकायको महत्वपूर्ण भूमिका रहन्छ । नेपालमा राजनीतिक दलबाट संविधान कानून पालनाको आमजनताले ठूलो अपेक्षा राखेको देखिन्छ तर त्यो अपेक्षालाई पूरा गर्न दलहरू चुक्दै गएको अवस्था देखिन्छ । खासगरी दलको आय व्यय एवं आर्थिक व्यवस्थापन अपारदर्शी छ । दलमा चन्दादाताको प्रभाव बढदो छ जसले गर्दा राज्यका नीतिमा समेत स्वार्थ समूहको प्रभाव परेको छ । ईमान्दार र सक्षम व्यक्तिहरू किनारा लाग्दै जाने स्थिति देखिएको छ । दलले विद्यमान कानूनको व्यवस्था र मर्मलाई नदेखेझै गर्ने प्रवृति बढेको छ । दलको संस्थागत विकास एवं क्षमता वद्धि हुन सकेको छैन । लोकतन्त्रमा राजनीतिक दलको विकल्प छैन । दलको विकल्प भन्नु नै सुधारिएको वा परिवर्तन भएको वा रुपान्तरण भएको दल नै हो । अब राजनीतिक दलको आर्थिक व्यवस्थापन एवं कामकारवाही पारदर्शी हुनु पर्दछ । त्यसैगरी दलमा चन्दा दाताको प्रभावलाई निस्तेज गर्नु आवाश्यक छ । राजनीतिक दलको नियमनलाई सशक्त र असरदायी बनाउनु पर्दछ । त्यसैगरी राजनीतिक दलको संस्थागत विकास र क्षमता वृद्धि हुनु पर्दछ । यसको लागि राजनीतिक दल सम्बन्धी ऐन २०७३ लाई संशोधन एवं परिमार्जन गरी राजनीतिक दललाई निश्चित मापदण्ड बनाएर राज्यकोषबाट अनुदान दिने व्यवस्था गर्ने र दलको आर्थिक व्यवस्थापनको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट गर्ने व्यवस्था हुनु आवाश्यक देखिन्छ ।

१. पृष्ठभूमि

राजनीतिक दल हरेक सचेत समुदायको पथ प्रदर्शक, सक्रिय र सङ्गठित राजनीतिक शक्ति हो । आफ्नो उद्देश्य तथा कार्यक्रम लागु गराउनका लागि जनमतको परिचालन गरी निर्वाचन वा नवीन परिवर्तनका माध्यमबाट राज्यशक्ति प्राप्त गर्ने सङ्गठित समूह नै राजनीतिक दल हो । लोकतान्त्रिक शासन व्यवस्थालाई विश्वमा लोकप्रिय एवं उत्तम मानिन्छ । यस व्यवस्थामा राजनीतिक दलको विशेष योगदान रहन्छ । व्यवस्था स्थापना र विकास गर्न राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने हुँदा दललाई लोकतन्त्रको संवाहक मानिन्छ । लोकतन्त्र विना राजनीतिक दलको संस्थागत विकास हुन सक्दैन ।

नेपालमा पृथ्वीनारायण शाहका पालादेखि शाहवंशीय शासन व्यवस्थाको स्थापना भई नेपालको आधुनिक राजनीतिक इतिहासको प्रारम्भ भएको हो । नेपालमा राणा शासन विरुद्ध आन्दोलन गर्ने उद्देश्यले वि.सं.१९८८

देखि राजनीतिक दलको इतिहास शुरू भएको मानिन्छ । नेपालमा सर्वप्रथम वि.सं. १९९३ साल जेष्ठ २० गतेका दिन प्रजापरिषद् नामक राजनीतिक दलको जन्म भएको थियो । तत्पश्चात क्रमशः वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेस, वि.सं. २००५ सालमा नेपाली काँग्रेस, २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी र २००७ सालमा गोर्खा परिषद् लगायतका पार्टीहरू गठन भई राजनीतिक दलहरूको विकास हुँदै आएको पाइन्छ । वि.सं.२०१५ सालदेखि हालसम्म दलको संस्थागत विकासको प्रयोजनको लागि र लोकतान्त्रिक पद्धति अनुसार सम्पन्न भएका निर्वाचनहरूमा भाग लिने प्रयोजनका लागि बिभिन्न राजनीतिक दलहरू निर्वाचन आयोगमा दर्ता हुँदै आइरहेका छन ।

नेपालमा राजनीतिक दलको गठनको थालनी वि.सं. १९९३ सालदेखि नै भए पनि राजनीतिक दलहरूले पछिसम्म वैधानिक मान्यता प्राप्त गर्न सकेका थिएनन् । मुलुकमा प्रजातन्त्रको स्थापना गर्नको लागि भएको २००७ सालको क्रान्तिको सफलता पश्चात प्रजातन्त्रको वहालीपछि लागू भएको नेपालको अन्तरिम शासन विधान, २००७ बाट मात्र राजनीतिक दलहरूले वैधानिक रूपमा मान्यता प्राप्त गरेको हो । नेपाल अधिराज्यको संविधान, २०१५ द्वारा नेपाली जनतालाई दल दर्ता गर्न पाउने भनी संविधानद्वारा मौलिक अधिकार प्रत्याभूत गरेको थियो । त्यसपछि वि.सं. २०१७ सालमा पुनः पञ्चायती व्यवस्थाको घोषणा भई दलमाथि प्रतिबन्ध लगाइएको थियो ।

राजनीतिक दलहरू मुलुकमा प्रजातन्त्रको पुनर्वहाली गर्नको निम्ति अप्रत्यक्ष रूपमा सक्रिय रही संघर्षशील नै रहेकोले २०४६ सालमा जन आन्दोलन भई प्रजातन्त्रको पुनर्वहाली भयो र नेपाल अधिराज्यको संविधान, २०४७ लागू भई उक्त संविधानको धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत राजनीतिक दल दर्ता गर्न पाउने नेपाली नागरिकलाई मौलिक हकको प्रत्याभूत गरेको पाईन्छ । राजनीतिक दललाई नियमन एवं व्यवस्थापन गर्नको लागि निर्वाचन आयोग ऐन, २०४७, निर्वाचन (कसूर र सजाय) ऐन, २०४७, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ लागू भएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा राजनीतिक दलखोल्ने स्वतन्त्रताको साथै दलको गठन दर्ता,सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था थियो । त्यसैगरी ऐनहरूमा दल त्याग ऐन, २०५४ , राजनीतिक दल दर्ता सम्बन्धी ऐन,२०५८, निर्वाचन आयोग ऐन, २०६३ र राजनीतिक दलसम्बन्धी ऐन,२०५८ थिए ।

हाल नेपालको संविधानको धारा १२ को उपधारा (१) खण्ड (ग) , धारा २६९, २७० र २७१ तथा निर्वाचन आयोग ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन कसूर तथा सजाय ऐन ,२०७३ समेतका कानूनहरू प्रचलनमा छन । हाल नेपालमा निर्वाचन आयोगमा दर्ता कायम रहेका दलहरू १२० छन् भने संघ, प्रदेश र स्थानिय तहमा प्रतिनिधित्व गर्ने दलको संख्या २६ रहेको छ । त्यसैगरी संघ र प्रदेशको प्रतिनिधित्व गर्ने दलहरू १५ वटा छन् भने संघमा मात्र प्रतिनिधित्व गर्ने दल १३ वटा रहेका छन् । साथै प्रचलित कानून बमोजिम राष्ट्रिय मान्यता प्राप्त दलहरूमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र),राष्ट्रिय स्वत्रन्त्र पाटी, राष्ट्रिय प्रजातन्त्र पार्टी,जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टी गरी सात वटा दलहरू रहेका छन ।

२. आम जनताले राजनीतिक दलबाट राखेको अपेक्षा

नेपालको संविधानमा राजनीतिक दल खोल्ने स्वतन्त्रता रहेको छ । त्यसैगरी कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने वा नेपालको सुरक्षामा आँच पुर्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग

गर्ने वा राज्यद्रोह गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भनी दल खोल्ने स्वतन्त्रता निरपेक्ष होईन र यसका पनि केही सीमा छन भन्ने कुरा उल्लेख गरिएको छ ।

समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान र कानूनको अधिनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा,दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने र यसरी गठन भएका राजनीतिक दलले कानून बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्ने व्यवस्था छ । राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्छ । राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनु पर्छ । दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ । कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नहुने व्यवस्था छ ।

राजनीतिक दलको कामकारवाही र आर्थिक व्यवस्थापन पारदर्शी र जिम्मेवार हुनुपर्छ भन्ने मान्यता रहेको हुन्छ । दलको आफ्नो आन्तरिक कामकारवाही प्रजातान्त्रिक हुनुपर्दछ र दलले आफ्नो संगठनमा विभिन्न पदहरूमा योग्यता क्षमता र नैतिकतालाई आधार मानेर नियुक्ति दिन्छन भन्ने अपेक्षा रहेको हुन्छ । त्यसैगरी वालवालिका, विभिन्न गम्भिर फौजदारी अपराधमा कैदको सजाय पाएका व्यक्तिलाई सदस्यता वितरण गर्दैनन एवं विभिन्न तहका सरकार एवं त्यस्ता तहका सरकारको स्वामित्व वा नियन्त्रणमा रहको स्वशासित संस्थाको वहालवाला प्रध्यापक, शिक्षक र कर्मचारीलाई दलको सदस्य बनाउनु हुँदैन भन्ने व्यवस्था छ ।

राजनीतिक दलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ भन्ने व्यवस्था छ ।

- प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण सम्बन्धी कार्य,
- मुलुकको आर्थिक, सामाजिक वा साँस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,
- राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुर्याउने,
- राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रुपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,
- दलीय सहमति र समन्वयको संस्कृतिको विकास गर्ने,
- नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,
- सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर्याउने,
- सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैर सरकारी क्षेत्रमा

आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,

- लोकतन्त्रको प्रवर्दन, विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने,
- सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,
- स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्दन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- विपद्जोखिम न्यूनिकरण शिक्षा अभियान सञ्चालन गरी पूर्व तयारी कार्यमा सहयोग पुर्याउने,
- राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनस्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने,
- आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने,
- त्यसैगरी राजनीतिक दलले देहाय बमोजिमको कार्यहरू गर्न गराउन हुदैन भन्ने व्यवस्था रहेको छ ।
- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने,
- राष्ट्रको विरुद्ध जासुसी गर्ने, गराउने,
- राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,
- नेपालको सुरक्षामा आच पुर्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,
- राज्यद्रोह गर्ने,
- सङ्घीय इकाईबीचको सु-सम्बन्धमा खलल पार्ने,
- जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने,
- दलको सदस्यता प्राप्त गर्न नेपाली नागरिकलाई जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा बन्देज लगाउने वा कुनै जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने,
- नागरिकहरूबीच विभेद गर्ने,
- हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने,
- सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य गर्ने,
- खुकुरी, भाला लगायतका हातहतियार वा विष्फोटक पदार्थ वा लाठी, भाटा लिई प्रदर्शन गरी जुलुस, आमसभा गर्ने वा विरोध प्रदर्शन गर्ने,
- अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति बिना कुनै पनि सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति प्रयोग वा अतिक्रमण गर्ने, गराउने,
- सरकारी, सार्वजनिक, सामुदायिक वा निजी सम्पत्तिको तोडफोड, हानि नोक्सानी वा क्षति पुऱ्याउने, पुऱ्याउन लगाउने,
- सर्वसाधारणलाई असुविधा हुने गरी सार्वजनिक सेवा प्रवाहमा अवरोध पुर्याउने,
- राजनीतिक गतिविधिमा बालबालिकालाई प्रयोग गर्ने, ।

राजनीतिक दल लोकतन्त्रको संवाहक भएको हुँदा लोकतन्त्र र राजनीतक दल बीच अन्यन्याश्रित सम्बन्ध रहेको हुन्छ । राजनीतिक दल महत्वपूर्ण प्रजातान्त्रिक एवं सार्वजनिक संस्था हुन । दलहरू राज्यसन्चालनका लागि सुशासनका मूल खम्बा हुन । दलले विद्यमान दलसम्बन्धी कानूनी व्यवस्थाको परिपालना गर्दछन । दलले नागरिकको जीवन स्तर माथि उकास्न र देशमा दिगो शान्ति स्थापना गर्न,विकास गर्न र सुशासनमा महत्वपूर्ण भूमिका खेल्छन र त्यसको अनुभूत आम सर्वसाधारण नागरिककले गर्छन भन्ने अपेक्षा रहेको हुन्छ ।

३. दलको नियमनमा आयोगले खेलेको भूमिका

राजनीतिक दलको गठन र संस्थागत विकाससंगै दललाई सहजीकरण, प्रवर्धन एंव नियमन गर्ने व्यवस्था प्रचलनमा आएको पाईन्छ । जनताको प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणालीमा दललाई कानूनी संस्थाको रूपमा मान्यता दिई दल दर्ता गर्ने,दलका विविध गतिविधिलाई सहजीकरण एंव प्रवर्धन गर्ने र आवश्यकता अनुसार नियमन गर्ने अधिकारसम्पन्न निकायको रुपमा निर्वाचन व्यवस्थापन निकाय अर्थात निर्वाचन आयोगको व्यवस्था गरिएको हुन्छ ।

नियमन भन्नाले नियममा राख्ने वा रहने काम वा नियमको बन्धनमा राख्ने कार्य हो । नियन्त्रण शब्दले शक्ति-प्रयोगबाट हुने वा गरिने अशान्त स्थितिको बोध गराँउदछ । लिखित संविधान भएको देशमा राजनीतिक दलको व्यवस्था संविधानमै लिपिवद्ध गर्ने प्रचलन रहेको पाइन्छ । संविधानको विकास हुनुपूर्व राजनीतिक दलको विकास कानून बाहेकको (**Extra–legal growth**)मानिए पनि समयक्रमसंगैको परिवर्तन पश्चात संविधान र कानूनले मान्यता प्रदान गरेपछि वैधानिकता प्राप्त गर्ने प्रचलन रहेको पाइन्छ । बेलायतमा लिखित संविधान नभएकोले कानूनद्वारा राजनीतिक दलको नियमन गर्न समेत आवश्यक ठानिदैन । हाम्रो देशको सन्दर्भमा राजनीतिक दलको व्यवस्था संविधानमा नै गरिएको छ । दललाई संविधानकै अङ्गको रुपमा स्वीकार गरिएको छ ।

संविधानले सुनिश्चित गरेको यस्तो आधारभूत अधिकारमाथि राज्यले धावा बोल्छ वा कुण्ठित पार्न खोज्छ भने त्यसलाई नियन्त्रण भन्नु पर्दछ । तर राजनीतिक दललाई संविधान ऐन र नियमको परिधिभित्र ल्याई दलको भद्रगोलको अवस्थामा सुधार गर्न खोज्नु नियन्त्रण नभई नियमन हो । यस किसिमको दलको भद्रगोलको अवस्थालाई सुधार्न खोज्नु र दलसम्बन्धी कानूनको परिपालना गराउनु राज्यको दायित्व पनि हो । नियमनको अर्थ कानूनको शासन वा विधिको शासन कायम गर्न खोज्नु पनि हो ।

नेपालको संविधान र प्रचलित राजनीतिक दल सम्वन्धी ऐन,२०७३ ले नेपालको निर्वाचन आयोगलाई राजनीतिक दलको नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी तोकेको छ । राजनीतिक दल दर्ता तथा सञ्चालन सम्बन्धी प्रकियालाई व्यवस्थित गर्दै दलको काम कारवाही र आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवारी बनाउनु नै दलको नियमन एंव व्यवस्थापन गर्ने कार्य हो । यसलाई दलीय सुशासन पनि भनिन्छ । नेपालको संविधानमा भएका व्यवस्था र प्रचलित राजनीतिक दल सम्बन्धी कानूनी व्यवस्था र राजनीतिक मूल्यमान्यता र संस्कारबमोजिम राजनीतिक दलका गतिविधिहरू सञ्चालन भए नभएको अनुगमन तथा नियमन गर्ने काम निर्वाचन आयोगले गर्छ ।

पछिल्ला दिनहरूमा निर्वाचन आयोगद्वारा राजनीतिक दलका गतिविधिहरूको नियमनका लागि महत्वपूर्ण प्रयासको थालनी भएको पाइन्छ । दलले आफ्नो आय र व्ययको वास्तविक हिसाव किताव देखिने गरी राख्नुपर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र आफ्नो आय व्ययको लेखापरिक्षण ईजाजतप्राप्त लेखापरीक्षकबाट गराई त्यसको प्रतिवेदन आयोगमा पेश गर्नुपर्ने हुन्छ र त्यसरी लेखापरीक्षण प्रतिवेदन लगातार तिन वर्षसम्म आयोगमा नबुझाएका वा पेश नगरेका ४१ वटा दललाई गतविगत वर्षमा कानून बमोजिम खारेज गरेको थियो भने लेखापरीक्षण प्रतिवेदन नवुझाएका १३ दललाई बीसहजार जरिवाना गरेको र तोकिएको जरिवाना तोकिएको समयमा नवुझाएका ३ दललाई खारेजी समेत गरेको थियो । त्यसैगरी दलहरूले आयोगमा पेश गरेको लेखापरीक्षण प्रतिवेदनलाई महालेखा परीक्षणको विभागबाट विशेषज्ञ कर्मचारीहरू झिकाई उक्त कर्मचारीहरूबाट दलले बुझाएको प्रतिवेदनको जाँचगर्ने कार्य भएको छ र दलले बुझाएको प्रतिबेदनको समग्र अवस्थाको वारेमा

जाँच गरी आयोगमा प्रतिवेदन समेत प्राप्त भएको अवस्था छ उक्त प्रतिवेदनको आधारमा दलहरूलाई निर्देशन दिने कार्य पनि गरिएको छ । यस बर्ष लेखापरिक्षण प्रतिवेदन सार्वजनिक नगर्ने ३९ दललाई जरिवाना गरिएको छ भने तोकिएको समयपछि सार्वजनिक गरेका १२ दललाई सचेत गराईएको छ । त्यसैगरी लेखापरीक्षण प्रतिवेदन लगातार दुई आर्थिक बर्षसम्म पनि नबुझाएका पाँच दल र एक आर्थिक वर्षमा नबुझाएका १६ दल र कानूनले तोकिएको समय व्यतित भएपछि प्रतिवेदन पेश गरेका ९ दल समेतलाई जरिवाना गरिएको छ सो जरिवाना ३५ दिन भित्र बुझाउन निर्देशन दिईएको छ । जरिवाना नबुझाउने दलहरूलाई आयोगले पुन ताकेता समेत गरेको छ । यसरी आयोगले दलको कोष र आर्थिक व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार वनाउन आयोगले महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालको संविधान र राजनितिक दल सम्बन्धी ऐन,२०७३ ले दलको सबै तहको समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ र त्यस व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गराएको अवस्था छ । ऐनको दफा ५३ वमोजिम दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले निर्वाचित भएको ६० दिन भित्र सम्पति विवरण दलको कार्यालयमा वुझाउनुपर्ने र दलले सो विवरण अभिलेख राखी एक महिना भित्र प्रकाशन गर्नुपर्ने व्यवस्थालाई कार्यन्वयन गराउन निर्देशन दिएको छ र आयोगलाई विवरण उपलब्ध गराउन पत्राचार गरिएकोले यो प्रावधान कार्यन्वयन भएको अवस्था छ । बहालवाला शिक्षक,प्रध्यापक र कर्मचारीलाई दलले सदस्य बनाउन नपाउने कानूनी व्यवस्था भएकोले त्यस्ता प्राध्यपक, शिक्षक र कर्मचारीलाई दलको सदस्य नबनाउन र बनाएको भएमा हटाउन आयोगले निर्देशन दिएको र सो बमोजिम दलले हटाएको र नहटाई दलको सदस्य रहेको पाइएकोमा आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालय, निकाय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचार समेत गरिएको अवस्था छ । त्यसैगरी निर्वाचनमा भाग लिएका राजनीतिक दल र उम्मेद्वारलाई निर्वाचनमा भएको खर्चको विवरण सार्वजनिक गर्न र तोकिएको समयमा खर्चको विवरण बुझाउन निर्देशन दिएको र सो बमोजिम विवरण सार्वजनिक नगर्ने र कानूनले तोकेको समयमा निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई जरिवाना गरी उक्त्त कानूनी व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गरिएको अबस्था छ ।

राजनीतिक दलले आय व्ययको लेखा राख्ने कार्य व्यवस्थित होस् भन्ने उद्देश्यले लेखाको ढाचाँ तोकिदिने कार्य पनि अयोगबाट भएको छ भने सबै दलले पेस गर्ने बिधानमा एकरुपता कायम होस् भनी दलको बिधानको ढाचाँ समेत तोकि कार्यन्वयनमा ल्याईएको छ ।

स्थानीय तहको निर्वाचन ,प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन लगायत अन्य निर्वाचनमा उत्पन्न भएका निर्वाचन विवादलाई प्राकृतिक न्यायको सिद्धान्त अनुरुप संविधान र कानूनले तोकेको प्रक्रिया अवलम्वन गरी स्वतन्त्र,स्वच्छ निर्वाचनको मूल्य मान्यतालाई मूल मर्म मानी विवादको समाधान गरिएको छ । त्यसैगरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३ तथा ४४ बमोजिम एउटै दलका दुई पक्षविच विवाद उत्पन्न भएको अवस्थामा उक्त विवादलाई समेत प्राकृतिक न्यायको सिद्वान्त अनुरुप ईजलाश स्थापना गरी दुवै पक्षको कुरा सुनी अदालती प्रकृया अपनाई उक्त दलको विवाद समाधान गर्ने प्रयास गरिएको छ ।

राजनितिक दललाई विगतमा नेपालको राष्ट्रिय चिन्हलाई समेत दलको झण्डा वा चिन्ह वा चुनाव चिन्हको रुपमा दिईएकोमा हाल नेपालको राष्ट्रिय चिन्हहरू कुनै पनि दलको झण्डा वा चिन्ह वा चुनाव चिन्हको रुपमा दिने कार्यलाई रोकिएको छ भने एउटा दलको नाम वा चिन्ह अर्को दलको नाम वा चिन्हसंग मिल्दो जुल्दो

परेकोमा त्यस्ता नाम र चिन्हलाई सच्याउन दलहरूलाई मौका समेत दिएको छ । दलको नाम वा चिन्ह दोहोरो वा मिल्दो जुल्दो नपरोस र सर्वसाधारण जनताले स्पष्ट बुझ्न र चिन्न सक्ने खालको होस भन्ने कुरामा आयोग सचेत रहेको अबस्था छ ।

दलको नाम,उद्वेश्य, चिन्ह वा झण्डा नेपालको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा विखण्डित गर्ने प्रकृतिको वा सार्वजनिक नैतिकतामा प्रतिकूल प्रभाव पार्ने नहोस भन्ने कुरामा आयोग बढी सचेत रहेको अवस्था देखिएको छ । आयोगले १९ वटा दलको नाम कुनै निश्चित जाति वा बर्णमा आधारित रहेको देखिएको हुँदा त्यस्ता दलहरूलाई ३० दिनभित्र नाम सच्चाई आयोगमा पेश गर्नको लागि निर्देशन समेत दिएको अवस्था छ । त्यसैगरी दल दर्ता गर्दा पाँचसयजना मतदाताको प्रतिवद्धता र उदघोषणपत्र पेश मात्र गरे हुने व्यवस्थालाई थप ब्यवस्थित बनाउन अव ती सदस्यहरूले सम्वन्धित निर्वाचन कार्यालय वा आयोगमा जहाँ पायक पर्दछ त्यहाँ उपस्थित भई सनाखत गर्नुपर्ने व्यवस्था गरिएको छ जसले गर्दा एउटै व्यक्ति एकभन्दा बढी दलको सदस्य रहने कार्य नियन्त्रण हुने र ऐनको दफा १४ वमोजिम अयोग्य व्यक्ति दलको सदस्य हुन सक्ने व्यवस्थालाई रोकी दल दर्ताको कार्य ब्यवस्थित हुने विश्वास गरिएको छ ।

कतिपय अबस्थामा राजनीतिक दल संविधान, कानून र आम जनताप्रति जिम्मेवार र उत्तरदायी बन्न नसक्दा आम जनताको नजरमा निर्वाचन आयोग समेत आलोचित बन्न पुगेको देखिन्छ । कहिले काँही बिभिन्न आवाजहरू विभिन्न तह र तप्काबाट उठेको सुनिन्छ । जसमा आयोगले खासगरी ठूला भनिएका दलहरूलाई नियमन गर्न नसकेको, दललाई व्यवस्थित र पारदर्शी वनाउन नसकेको साथै दलको अनुगमन तथा नियमन गर्न नसकेको जस्ता आरोपहरू समय समयमा लाग्ने गरेको सुन्नमा आउछ । तथापि जनताको अपेक्षा अनुरुप कार्य हुन नसके तापनि सीमित स्रोतसाधन र जनशक्तिको वावजुत पनि आयोगले दलहरूलाई दलीय कानूनको परिपालना गराई पारदर्शी र जिम्मेवार बनाउन विगतको तुलनामा केही न केही प्रयास गरेको देखिन्छ र आगामी दिनमा सुधार गर्नु पर्ने ठाँउहरू पक्कै पनि छन ।

४. राजनीतिक दलका कमीकमजोरी एवं दलीय सुशासनका सवालहरू

नेपालका राजनितिक दलहरूलाई खासगरी वुद्विजिवी सरोकारवाला व्यक्ति एंव आमनागरिकहरूबाट बिभिन्न समयमा आलोचना हुने गरेको पाईन्छ । कतिपय अबस्थामा दलहरूले संविधान र प्रचलित दल सम्वन्धित कानूनको उल्लङ्घन गर्ने गरेको, संविधान र कानूनको उद्धेश्य र मर्म अनुरुप काम नगरेको,दलहरू अपारदर्शी भएको,दलमा आन्तरिक लोकतन्त्र खस्किएको,दलका नेतामा स्वेच्छाचारी प्रवृति रहेको, दल र नेताहरू मुलुकको हित भन्दा दलिय स्वार्थमा केन्द्रित हुने गरेको, मुलुकको समृद्वि र बिकासकालागि रास्ट्रिय तथा दलिय सहमति कायम गर्न नसकेको,देशकोआर्थिक बिकासमा केन्द्रित नभएको,दलहरू केवल सत्ता केन्दित मात्र भएको, राजनीतिक दलले मतदाता एंव जनचाहाना अनुरुप काम गर्न नसकेको, दल र तिनका नेताहरू आर्थिक अनियमितता र भ्रष्टाचारमा लिप्त हुने गरेको, दलहरूमा राजनितिक मूल्यमान्यता र संस्कारको स्खलन हुदै गएको जस्ता विभिन्न आरोपहरू दलहरू र तिनका नेताहरूलाई लाग्ने गरेको अवस्था छ ।

राजनीतिक दलमा खासगरी वित्तिय पारदर्शिता अर्थात राजनीतिक दलको आय व्यय अपारदर्शी हुनु समस्याको रुपमा रहेको छ । दोस्रो सवालको रुपमा दलको आयव्ययमा स्वार्थ समूहको प्रभाव पर्नु अर्थात दलको आयव्यय दाताहरूमा निर्भर हुनु एवं दाताहरूको प्रभाव परी स्वार्थ समूह प्रेरीत नीतिगत भ्रष्टाचार बढनु समस्याको रुपमा देखिएको छ । साथै तेस्रो सवाल राजनीतिक दलको वित्त व्यवस्थापनको नियमनको सवाल छ । दलको

वित्त व्यवस्थापनमा नियमनको प्रयाप्तता र नियमन असरदायी छैन । चौथो सवाल राजनीतिक दलको संस्थागत विकासको छ । दलहरू वीच समानता छैन र दलको संस्थागत विकास र क्षमता कमजोर छ ।

४.१ राजनीतिक दलमा पारदर्शिता

नेपालमा राजनीतिक दलको आयव्यय अपारदर्शी हुनु अर्थात पारदर्शी नहुनु मुख्य समस्याको रुपमा रहेको छ । दलको आयव्यय पारदर्शी र खुला नहुनुका कारणहरू रहेका छन् । दलले आफ्नो आय व्यय एवं चन्दाको यथार्थ वित्तीय विवरण लुकाउछन एवं देखाउन चाहदैनन । राजनीतिक दलहरूको वित्तीय विवरण अपारदर्शी अपूरो हुन्छ । साथै दलहरूको आर्थिक एवं वित्तीय अनुशासनको स्तर ज्यादै कमजोर हुँदै जानुले वास्तविकताको प्रतिनिधित्व गर्न सकेको छैन । दलले आफ्नो आय व्यय एवं चन्दाको विवरण समयसमयमा नियमनकारी निकायमा पठाउदैनन एवं सार्वजनिक गर्दैनन । दलले अवैध तवरबाट स्रोत प्राप्त गरेको कारण पनि सार्वजनिक गर्न सक्दैनन । दलको वित्तीय व्यवस्थापनमा प्रविधिको प्रयोग हुँदैन र छैन । दललाई चन्दा दिने व्यक्ति वा संस्थाले र चन्दा लिने दलले पनि चन्दाको विवरण सार्वजनिक गर्दैनन । स्वेच्छिक आर्थिक सहयोगको अधिकतम सीमा तोकिएको छैन अर्थात जतिपनि सहयोग गर्न र लिन पाउने व्यवस्था रहेको छ । दललाई आर्थिक सहयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले कर निर्धारण प्रयोजनका लागि खर्च कटाउन वा देखाउन पाउने कानूनी व्यवस्था समेत छैन । सङ्गठित संस्थाले दललाई आर्थिक सहयोग गर्दा अघिल्लो आयको खुद आयको आधारमा मात्र गर्न पाउने व्यवस्था पनि छैन । दलले अवैध स्रोतबाट रकम प्राप्त गरेको र अवैध तवरबाट चन्दा लिए दिएको सम्बन्धी नागरिकले उजुरी गर्न नागरिकलाई उत्प्रेरित पनि गरिएको छैन भने उजुरी दिने संयन्त्रको व्यवस्था पनि रहेको छैन । दलका आर्थिक गतिविधिको प्रभावकारी रुपमा अनुगमन एवं निरीक्षण हुन नसक्नु जस्ता कारणहरूले दलको आयव्यय अपारदर्शी हुन गएको छ ।

४.२. दलमा स्वार्थ समूहको प्रभाव एवं चन्दादाताहरूको प्रभाव

दलको आयव्यय खासगरी दाताहरूमा निर्भर हुनु एवं दलको कोषमा दाताहरूको प्रभाव पर्नु (**Dependency on Donors**) समस्याको रुपमा रहेको छ । दलमा चन्दा दिने व्यक्ति संस्था र स्वार्थ समूहको प्रभाव बढेको छ । दल स्वार्थ समूहबाट प्रेरित भई नीतिगत भ्रष्टाचार बढनु समस्याको रुपमा देखिएको अवस्था छ । दलको कोषमा गैरसरकारी स्रोतबाट मात्र रकम रहने व्यवस्था रहेको छ । राज्यकोषबाट दललाई पैसा दिने कानूनी व्यवस्था छैन । दललाई व्यक्ति र संस्थाले स्वेच्छिक आर्थिक सहयोग जतिपनि गर्न सक्ने प्रावधान छ र यसको नियन्त्रण एवं नियमन छैन । दलमा धनी दाताहरूको प्रभाव बढेर आर्थिक रुपमा कमजोर, ईमान्दार र सक्षम व्यक्ति पलायन हुदै गएका छन । शक्तिको अभ्यासमा स्वार्थ समूह एवं दललाई आर्थिक सहयोग गर्ने चन्दादाता हावी हुने स्थिति बनेको अवस्था छ जसले गर्दा नीतिगत भ्रष्टाचार बढ्दै गएको छ । दलमा स्वार्थ समूहको प्रभावलाई रोक्नु आवाश्यक छ ।

४.३. दलको वित्त व्यवस्थापनको नियमन

दलको वित्त व्यवस्थापनको नियमन प्रयाप्त र प्रभावकारी नहुनु (ष्लकगााष्अष्मलत चभनगबितष्यल) पनि समस्याको रुपमा रहेको छ । दलले विद्यमान कानूनी व्यवस्थाको कार्यान्वयनमा नदेखेजस्तो गर्ने गरेको पाईन्छ । नियमनलाई सशक्त बनाउनको लागि नियमनकारी निकायमा स्रोतसाधनको अभाव हुनु पनि एउटा कारण हो । दलका गतिविधिको निगरानीमा नागरिक एवं नागरिक समाज र मिडियाको निरन्तर र सक्रिय दवाव कमजोर रहेको छ ।

कानूनी व्यवस्थाको प्रभावकारी रुपमा पालना गर्ने कुरामा दलहरूले अग्रणी भूमिका खेल्नु पर्दछ । विद्यमान कानूनी व्यवस्थाको पालना गराउन एवं कानूनी व्यवस्थाको कार्यान्वयन गर्न गराउनको लागि निर्वाचन आयोगमा प्रयाप्त स्रोत साधनको व्यवस्था हुनु आवाश्यक छ । त्यसैगरी नागरिक समाज र मिडियाले पनि दलका अनियमित क्रियाकलापका बारेमा निरन्तर दवाव बढाउनु पर्ने हुन्छ । निर्वाचन आयोगले पनि दलको आयव्ययको अनुगमन र निरीक्षणमा सक्रिय भूमिका बढाउने र दललाई कानूनको पालना गर्न वाध्य बनाउनुपर्ने आवाश्यकता छ ।

४.४. दलको संस्थागत विकास

दलहरूमा संस्थागत क्षमताको विकास हुन नसक्नु पनि समस्याको रुपमा रहेको छ । राजनीतिक दल एवं नेताहरू नीतिगत भ्रष्टाचारमा संलग्न हुने कार्यहरू बढदो छ । दलमा राजनीतिक संस्कारको कमी देखिएको छ । दलको आन्तरिक प्रजातन्त्र कमजोर हुदै गएको छ । दल समावेशी वन्न नसक्नु पनि समस्याको रुपमा रहेको छ । दलहरू बीच आर्थिक असमानता छ जसले गर्दा समान खेलमैदान उपलब्ध हुन सकेको छैन । दलमा ईन्टिग्रीटी कमजोर भई ईमान्दार र सक्षम व्यक्ति पाखा लाग्दै जाने स्थिति बन्नु पनि दलको क्षमता विकासमा बाधक बनेको छ । दलको स्वमूल्याङ्कन गर्ने प्रणालीको विकास नहुनु एवं दलको आयको स्रोतमा असमान पँहुच हुनु तथा दलको कोषमा दिगोपना नहुनु । त्यसैगरी दलको क्षमतावृद्धि हुन नसकेकोले संस्थागत विकास कमजोर बनेको छ ।

दलको संस्थागत विकासको लागि दलीय एवं नीतिगत भ्रष्ट्राचारलाई कानूनी दायरामा ल्याई त्यसको छानविन गरी कारवाही गर्ने व्यवस्था हुनु पर्दछ । राजनीतिक दलले प्रजातान्त्रिक संस्कार अभिवृद्धि गर्ने र दलले आन्तरिक प्रजातन्त्रलाई बढवा दिनु जरुरी हुन्छ । त्यसैगरी दलले आफ्ना गतिविधि पारदर्शी र उत्तरदायी बनाई र दल समावेशी बन्नु पर्दछ । दलको स्वमूल्याङ्कन गर्ने सफ्टवेयरको विकास गरी कार्यान्वयन गर्ने र दलको आयव्यय व्यवस्थापनका लागि दलको लेखा व्यवस्थापन हेर्ने कर्मचारी वा पदाधिकारीलाई तालिम दिने व्यवस्था समेत गर्नु पर्दछ । दलको लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने र दलले राजनैतिक बाहेक उत्पादनमूलक कार्य गर्न पाउने व्यवस्थालाई प्रोत्साहन दिनु आवाश्यक छ ।

राजनीतिक दललाई पारदर्शी बनाउन एवं दलको आय व्ययको अपारदर्शीतालाई निरुत्साहित गर्न र दल चन्दादातामा निर्भर हुनुपर्ने तथा चन्दादाताले चन्दा दिए वापतको क्षतिपूर्ति नीतिगत तहमा प्रभाव पारी फाईदा लिने जस्ता कार्यलाई रोक्न एवं राजनीतिक दलको संस्थागत विकास गरी दलको नियमनलाई प्रभावकारी र सशक्त बनाउन र दलीय सुशासनको लागि पनि राजनीतिक दललाई निश्चित मापदण्ड बनाएर राज्यकोषबाट अनुदान दिनु आवाश्यक छ । अनुदान दिएको अबस्थामा व्यक्ति वा संस्थाले स्वेच्छिक आर्थिक सहयोग गर्ने कार्यलाई गैरकानूनी गरी रोक्नु पर्दछ । यदि राज्यबाट दललाई अनुदान नदिने हो भने व्यक्ति वा संस्थाले आर्थिक सहयोग गर्न सक्ने माथिल्लो हदको सीमा निर्धारण हुनु पर्दछ । त्यसैगरी चन्दा एवं सहयोग लिने दल र सहयोग दिने दाता दुबैलाई पारदर्शि बनाउनु जरुरी छ । धनी दाताहरूको प्रभाव रोक्न आर्थिक सहयोग दिनेले स्रोत खुलाउनुपर्ने र सार्वजनिक गर्नुपर्ने पारदर्शीताका उपाय अवलम्वन हुनु आवाश्यक छ । यसको लागि राजनीतिक दल सम्बन्धी ऐन २०७३ लाई संशोधन एवं परिमार्जन गर्नुपर्दछ ।

५. निष्कर्ष

लोकतन्त्रमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । राजनीतिक दलको संख्यात्मक भन्दा गुणात्मक रुपमा वृद्धि हुनुले महत्वपूर्ण अर्थ राख्ने गर्दछ । राजनीतिक दलले अवलम्वन गरेको लोकतान्त्रिक मूल्यमान्यता र संस्कार, सुशासन, आर्थिक समृद्धि र जनजिविका सवालमा खेलेको भूमिकाले नै दलको गुणात्मक विकासको

मापन गर्दछ । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दल मियो अर्थात मुहान हुन् मुहान जति सफा भयो नदी त्यतिनै सफा हुन्छ । देश र समाजको रुपान्तरण र परिवर्तन गर्ने लक्ष्य लिएका दल तथा त्यसको नेतृत्व सबभन्दा पहिले आफू परिवर्तन वा रुपान्तरण हुनु पर्छ । साथै दल तथा नेतृत्वले आफ्नो नियमन आफै स्वयमले गर्नु वा स्वनियमन हुनु आवाश्यक छ । दलीय सुशासन भएन भने प्रजातन्त्र नै कमजोर हुन पुग्दछ । दलीय सुशासनको लागि दलको वित्त व्यवस्थापन पारदर्शी हुनु पर्दछ । त्यसैगरी दलको संस्थागत विकास एवं क्षमता वृद्धि समेत हुनु पर्दछ । राजनीतिक दल सम्बन्धी ऐन २०७३ संशोधन एवं परिमार्जन गरी राज्यकोषबाट दललाई अनुदान दिने व्यवस्था गरी महालेपरिक्षकबाट लेखापरिक्षण हुने व्यवस्था गर्नु आवाश्यक छ । त्यसैगरी दलका हरेक गतिविधिलाई पारदर्शी र जिम्मेवार बनाउन नियमनकारी निकायले दलको नियमनलाई सशक्त र सक्रिय भूमिका खेल्नु आवाश्यक छ भने त्यसको लागि नियमनकारी निकायलाई स्रोतसाधन सम्पन्न बनाउनु जरुरी हुन्छ ।

सहसचिव, नेपाल सरकार

सन्दर्भ सामाग्री

- नेपालको संविधान, कानून किताव व्यवस्था समिति, काठमाण्डौ ।
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३, कानून किताव व्यवस्था समिति, काठमाण्डौ ।
- संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६, संविधान सभा संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संसद भवन, सिंहदरवार काठमाण्डौ ।
- लोकतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलको भूमिका अनुसन्धान प्रतिवेदन २०८०, नीति अनुसन्धान प्रतिष्ठान, काठमाण्डौ ।
- निर्वाचन स्मारिका, २०७८, निर्वाचन आयोग नेपाल ।
- https://election . gov . np/np/page/overview-of-ecns-role
- https://gorkhapatraonline . com/news/61935
- https://shilapatra . com/detail/129152

वि.सं. २००७ सालपछिको र ाजनीति : अस्थिरताको पर्याय



• शरण कुमार अर्याल

पृथ्वीनारायण शाह गोरखाको राजा हुँदा (वि.सं.१७९९) भारतमा इष्ट इण्डियाको नाममा अङ्ग्रेज सरकारको स्थापना र विस्तार भैरहेको थियो भने नेपाल विविध कारणले बाइसे चौबीसे जस्ता स-सना राज्यमा विभाजित थिए । यसरी आन्तरिक तथा बाह्य कारणले समेत देशको राष्ट्रिय सुरक्षा, भौगोलिक अखण्डता सङ्कटमा थियो भने आर्थिक, सामाजिक, राजनीतिक तथा पूर्वाधारको विकास अवरुद्द थियो । यस संवेदनशील तथा चुनौतीपूर्ण समयमा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरण सुरु गरी एकीकृत आधुनिक नेपालको स्थापना गरे । उनीपछि आधुनिक नेपालका शाहवंशीय राजाहरू प्रतापसिंह शाह, रणबहादुर शाह, गीर्वाणयुद्ध शाह, राजेन्द्र विक्रम शाह, सुरेन्द्र विक्रम शाह, युवराज त्रैलोक्य वीर विक्रम शाह, पृथ्वी वीर विक्रम शाहदेव, त्रिभुवन वीर विक्रम शाहदेव, महेन्द्र वीर विक्रम शाहदेव, वीरेन्द्र वीर विक्रम शाहदेव, दीपेन्द्र वीर विक्रम शाहदेव र ज्ञानेन्द्र वीर विक्रम शाहदेव हुन् । पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरण महाअभियान नेपाल र अङ्ग्रेजबीच वि.सं.१८७२ फागुनमा सम्पन्न सुगौली सन्धि पछि रोकियो भने राजदरबारमा शक्तिका लागि वेमेल, इर्ष्या, डाहा, खिचातानीले जन्ममात्र लिएन कि हत्याका षड्यन्त्रले स्थान समेत पायो । फलस्वरुप कोतपर्व मार्फत जंग बहादुरले वि.सं.१९०३ मा राणा शासन स्थापना गरे । १०४ वर्षसम्म चलेको राणा शासनमा जंग बहादुर वि.सं.१९०३-वि.सं.१९३३), रणोद्दीप (वि.सं.१९३३-वि.सं.१९४२), वीर शमसेर (वि.सं.१९४२- वि.सं.१९५७), देव शमसेर (वि.सं.१९५७-वि.सं.१९५८), चन्द्र शमसेर (वि.सं.१९५८-वि.सं.१९८६), भीम शमसेर (वि.सं.१९८६-वि.सं.१९८९), जुद्ध शमसेर (वि.सं.१९८९-वि.सं. २००२), पद्म शमसेर (वि.सं.२००२- वि.सं.२००५), मोहन शमसेर (वि.सं.२००५- वि.सं.२००८) प्रधानमन्त्री मात्र भएनन् श्री ३ समेत बने । स्थिरताका दृष्टिकोणले मात्र हेर्ने हो भने एकीकृत नेपालको इतिहासमा सबैभन्दा बलिया सरकार राणा शासनकालमा देखिन्छ तर जति बलियो र स्थीर सरकार भएपनि जनविश्वास भएन भने त्यो सरकार र व्यवस्था टिक्न सक्दैन । वि.सं. २००७ साल असोज ७ र ८ गते भारतको वैरगनियामा भन्ने ठाउँमा भएको नेपाली कांग्रेसको सम्मेलनले राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि सशस्त्र संघर्ष गर्ने निर्णयअनुसार कात्तिक २५ देखि सशस्त्र संघर्ष सुरु गऱ्यो जसको नेतृत्व मातृकाप्रसाद कोइरालाले गरेका थिए भने योजनाकार विश्वेश्वर प्रसाद कोइराला थिए । संघर्षकै दौरानमा भारतको दिल्लीमा राजा, राणा र नेपाली कांग्रेस बीच सम्झौता भए मुताविक २००७ फागुन ४ गते राजा त्रिभुवन वीर विक्रम शाहदेव नेपाल फर्केपछि २००७ साल फागुन ७ गते शाही घोषणामार्फत नेपालको अन्तरिम शासन विधान लागु गर्दै विधिवत् रुपमा प्रजातन्त्रको स्थापना र राणा शासनको अन्त गरियो । यधपी जुन उद्धेश्य र लक्ष्यका साथ राणा शासनको अन्त गरिएको थियो त्यो गणतन्त्र कालसम्म आइपुग्दा पनि पूर्ण साकार हुन नसकेको प्रतीत हुन्छ (तर यसो भन्दैमा अधिनायक व्यवस्थाको समर्थन गरेको अर्थ नलागोस्) । प्रजातन्त्रको स्थापना, राजाको प्रत्यक्ष शासन वा निर्दलीय पञ्चायती व्यवस्था, पुन : प्रजातन्त्रको स्थापना वा बहुदलीय लोकतान्त्रिक व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा पनि नेपाली जनताको अवस्थामा सोचेजस्तो परिवर्तन आउन नसक्नुमा विविध कारणहरू हुन सक्दछन्

तर राजनीतिक अस्थीरता (छोटो-छोटो समयमा हुने व्यवस्था परिवर्तन, नयाँ-नयाँ संविधानको निर्माण तथा परिमार्जन, बारम्बार सरकार परिवर्तन, प्रमुख पार्टीहरूको विभाजन र बेमौसमका आन्दोलनहरू) पनि एउटा कारण हो भन्नेमा दुई मत नहोला तसर्थ यो आलेख वि.सं. २००७ साल पछि कति छिटो-छिटो व्यवस्था, संविधान, सरकार परिवर्तन भए भन्नेमा केन्द्रित हुने छ ।

नेपाली जनताको महान वलिदान तथा संघर्ष पछि स्थापना भएको प्रजातान्त्रिक नेपालको पहिलो संयुक्त सरकार (दिल्ली संझौता मुताविक ५ जना राणा तर्फबाट, ५ जना नेपाली काङ्ग्रेस तर्फबाट) नौ महिनाभन्दा बढी टिक्न सकेन । तत्पश्चात वि.सं. २०१७ सालसम्म १० बर्षको अवधिमा मोहन समशेर (वि.सं.२००५-वि.सं.२००८), मातृकाप्रसाद कोइराला (वि.सं.२००८-वि.सं.२००९, वि.सं. २०१०-वि.सं.२०११), टंकप्रसाद आर्चाय (वि.सं.२०१२-वि.सं.२०१४), डा. के.आई सिंह (वि.सं.२०१४ - वि.सं.२०१४), सुवर्ण समशेर (वि.सं.२०१५-वि.सं.२०१६, मन्त्रीपरिषदको अध्यक्ष) र विश्वेश्वर प्रसाद कोइराला (वि.सं.२०१६-वि.सं.२०१७) प्रधानमन्त्री वा मन्त्रीपरिषदको अध्यक्ष बने भने वि.सं.२०१२ मा राजा महेन्द्र वीर विक्रम शाहदेवले गुञ्जमान सिंहको अध्यक्षतामा शाही सल्लाहकार समिति गठन गरी प्रत्यक्ष शासन पनि गरे । यी सरकारमध्ये सुवर्ण समशेरको नेतृत्वमा गठित मन्त्रीपरिषदले आफूले पाएको जिम्मेवारी आम निर्वाचन सम्पन्न गर्ने दायित्व वि.सं. २०१५ सालमा १०९ सिटमा प्रतिनिधि सभाका लागि पहिलो आम निर्वाचन सम्पन्न गरेर पुरा गऱ्यो भने आम निर्वाचन पछि विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा गठित नेपाली काङ्ग्रेसको सरकारले विर्ता उन्मुलन, जिल्ला जिल्लामा विकासवोर्ड, प्रशासनिक सुधार, विभिन्न देशसँग कुटनीतिक सम्बन्धको स्थापना र विस्तार, विद्यालय स्थापनामा जोड, भूमिसुधार जस्ता जनप्रिय काम थालेको देखिन्छ तर सरकार र दरवारको द्वन्द भनुँ या राजा महेन्द्रको प्रत्यक्ष शासन गर्ने अति राजनीतिक महत्वकांक्षाले गर्दा वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रले दुवै सदन भंग गरी संविधानका अनेक धाराहरूसमेत निलम्बन गर्दै पहिलो जननिर्वाचित सरकारलाई विघटन गरी शासन अधिकार आफ्नो हातमा लिएर प्रजातन्त्रको अवसान गर्ने काम भयो भने यस अवधिका अन्य सरकारहरू के का लागि गठन भए र किन विघटन भए ? अत्तो पत्तो नै हुदैन भन्दा हुन्छ । यसरी हेर्दा राणा शासन पछिको पहिलो एक दशक चरम राजनीतिक अस्थिरताले गुज्रिएको पाईन्छ फलतः नेपाली जनतामा लोकतान्त्रिक आचरण र पार्टीहरूमा लोकतान्त्रिककरण को विकास हुनत पाएन नै राष्ट्रको समग्र विकासको जग बस्न पनि पाएन् ।

राजा महेन्द्रले पहिलो जननिर्वाचित सरकार विघटन तथा दुवै सदन भंग गरेपछि वि.सं.२०१७ साल पौंष १ गतेदेखि दलगत राजनीतिक प्रणाली वा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अवसान हुन पुग्यो । पौष १२ गते राजा महेन्द्रको अध्यक्षतामा नौं सदस्यीय मन्त्रीमण्डल गठन भयो, पार्टीहरूलाई अवैध घोषणा गर्दै प्रतिबन्ध लगाइयो अनि निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात गरियो । यो व्यवस्था ३० वर्षसम्म टिक्यो तर जे भनेर पञ्चायती व्यवस्था लागु गरियो ३० वर्षमा त्यो उद्देश्य (विकासको मूल फुटाउने) पुरा नभएको मात्र होइन कि एकातिर राष्ट्रको समग्र विकास "आकाशको फल आँखातरि मर'' भने झैं भयो भने अर्कोतर्फ जनताको मौलिक अधिकार र स्वतन्त्रतासमेत खोसियो । एकातिर जनतामा यो व्यवस्थाप्रति पूर्ण भरोसा नभएकाले दिनप्रतिदिन नैरस्यता बढ्दै गएको थियो भने अर्कोतर्फ वि.सं. २०१७ सालका पिडित राजनीतिक दलहरूले (मुख्यतः सत्तारुढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्ष दल गोरखा परिषद्पछि एउटै दल ने. का. र तेस्रो ठूलो दल नेपाल कम्युनिष्ट पार्टी) सङ्गठित हुदै व्यवस्था विरुद्द कहिले शान्तिपूर्ण त कहिले शसस्त्र संघर्ष जारी राखेका थिए । राजाको प्रत्यक्ष शासन रहेको यस तीस वर्ष पनि सरकारको स्थायीत्वको नजरले हेर्दा समेत कमजोर नै प्रतीत हुन्छ । यस अवधिमा डा. तुलसी गिरी (वि.सं.२०१९-वि.सं.२०२१ अध्यक्ष मन्त्रीपरिषद, वि.सं.२०३२-वि.सं.२०३४

प्रधानमन्त्री), सूर्यबहादुर थापा (वि.सं.२०२१-वि.सं.२०२३ मन्त्रीपरिषद अध्यक्ष, वि.सं.२०२३- वि.सं.२०२५ प्र.म., वि.सं.२०३६-वि.सं.२०४० प्र.म.), किर्तिनिधि बिष्ट (वि.सं.२०२५-वि.सं.२०२६, वि.सं.२०२८-वि.सं.२०३०, वि.सं.२०३४-वि.सं.२०३६), नगेन्द्रप्रसाद रिजाल (वि.सं.२०३२- वि.सं. २०३२, र वि.सं.२०४२) लोकेन्द्रबहादुर चन्द (वि.सं.२०४०-वि.सं.२०४२, वि.सं.२०४६- वि.सं.२०४७) र मरिचमान सिंह श्रेष्ठ (वि.सं.२०४३- वि.सं.२०४६) ले सरकारको नेतृत्व गरेको देखिन्छ । ३० वर्षमा ६ जना व्यक्तिको नेतृत्वमा सरकार सञ्चालन भए तापनि एउटै व्यक्तिले निरन्तर ५ वर्ष सरकारको नेतृत्व गरेको देखिदैन । राजाहरूले आफ्नो इच्छा, रुचि, फाइदा र विवेकमा सरकार परिवर्तन गर्ने गरेको देखिन्छ । त्यस समयको सत्तापक्षीय राजनीति र दरवार बुझ्न, राजनीतिका चतुर खेलाडी पूर्व प्र.म. सूर्यबहादुर थापाको "मेरा नौं दशक'' भन्ने पुस्तक सहायक सिद्ध हुन सक्दछ । उनले पञ्चायत कालीन राजनीतिमा राजा, दरवार र सिहंदरवार शक्तिकेन्द्रको रुपमा रहेको, ती शक्तिकेन्द्रहरूको आ-आफ्नै प्रकृति, स्वभाव र चरित्र रहेको र निश्चित शक्ति केन्द्र निश्चित समयमा शक्तिशाली हुने बताएका छन् त्यसै गरेर पञ्चायतकालदेखि गणतन्त्रकालसम्म विभिन्न शक्ति केन्द्रका नजिक रहेर काम गरेका पूर्व मन्त्री डा. भेष ब.थापाको "राष्ट्र पररराष्ट्र (एकतन्त्रदेखि गणतन्त्र)'' भन्ने पुस्तकबाट मूलतः तत्कालीन शासन संयन्त्र र राज्यप्रणाली बुझ्न सजिलो हुन्छ । उनले लेखेका छन् "राजा वीरेन्द्रको शासन सुरु भएपछि नारायणहिटी र सिंहदरबार बिच तनावपूर्ण अवस्था सृजना भयो" । उनी अगाडि थप्दछन् "गहिरो विश्लेषण गरेर हेर्ने हो भने, त्यो स्वच्छेचारी शासन नै थियो कसैप्रति जबाफदेही हुनु नपर्ने हिसावबाट दरवारले देशमा शासन गरिरहेको थियो" । उनले त कतिसम्म लेखेका छन् भने राजा महेन्द्र स्वंय पनि पञ्चायती व्यवस्थाबाट सन्तुष्ट थिएनन् यसले पञ्चायतकालीन राजनीति राजाको प्रत्यक्ष शासन भए तापनि राज्य सञ्चालनमा भने भिन्दा भिन्दै शक्तिकेन्द्र हाबी हुनेगरेको स्पष्ट हुन्छ । त्यसै गरेर बि.पि. कोईरालाका आत्मवृतान्त, जेलजर्नल, डायरी, चिठीपत्र, अन्तर्वाता, विभिन्न समयका भाषणहरू र पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मोहनचन्द्र अधिकारी, मदन भण्डारीका लेखरचना, पुस्तक, अन्तर्वाता र दस्तावेजहरू अनि पार्टीहरूका तत्कालीन दस्तावेजहरूले विद्रोही राजनीति केलाउन सहयोग पुग्दछ । यस ३० बर्षका प्रमुख राजनीतिक घटनाहरूमा वि.सं. २०१७ साल पौष १ गते पञ्चायती व्यवस्थाको स्थापना, वि.सं.२०१९ मा नेपालको संविधान २०१९ को घोषणा, वि.सं. २०२८ मा गाउँ फर्क अभियान, २०३१ मा शान्तिक्षेत्र प्रस्ताव, वि.सं. २०३६ मा जनमत संग्रहको घोषणा, वि.सं. २०३७ मा जनमत संग्रह, जनमत संग्रहपछिको संवैधानिक सुधार र बालिग मतमा आधारित चुनाव, राजनीतिक पार्टीहरूका विभिन्न आन्दोलन, वि.सं. २०४२ सालको सत्याग्रह, वि.सं. २०४६मा बाममोर्चाको गठन पर्दछन् । वास्तवमा यो ३० बर्ष पनि सत्ता संघर्ष, शक्तिकेन्द्रवीचको टकराब, दरबार भित्रको वेमेल, निरन्तर सरकार परिवर्तनले एकातिर राजनीतिक स्थिरता र विकासले गति लिन नसकेको देखिन्छ भने पार्टीहरूको आन्तरिक मतभेद, पार्टी पार्टीवीचको बेमेलले गर्दा व्यवस्था परिवर्तनको आन्दोलन कमजोर हुन पुगेको पाइन्छ ।

२०१७ साल पौष १ गते राजा महेन्द्रको शाही घोषणामार्फत स्थापित निर्दलीय पञ्चायती व्यवस्था ३० वर्षपछि २०४६ सालको जनआन्दोलनको सफलता सँगसँगै विघटन हुन पुग्यो । ने.का.का सर्वोच्च नेता गणेशमान सिंहको नेतृत्वमा ने.का. र सहाना प्रधानको नेतृत्वमा गठित संयुक्त वाममोर्चा मिलेर २०४६ साल फागुन ७ मा सुरु भएको जनआन्दोलनले छोटो अवधिमा नै २०४६ साल चैत्र २६ गते सफलता प्राप्त गऱ्यो र नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुर्नस्थापना भयो । तत्पश्चात ने.का.का कार्यवाहक सभापति कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा बामपन्थी र स्वतन्त्र व्यक्तिसमेतको संयुक्त सरकार बन्यो । त्यो सरकारले १ वर्षभित्र नेपाल अधिराज्यको संविधान २०४७ (२०४७ कात्तिक २३) बनाउनुका अतिरिक्त सोही संविधान अनुसार २०४८ बैशाख २९ गते आम निर्वाचन सम्पन्न गरेर आफूलाई सुम्पेको प्रमुख दायित्व पूरा गऱ्यो । सो आम निर्वाचनमा अनपेक्षित रूपमा

बाहालवाला प्र.म. तथा ने.का.पार्टी सभापति कृष्णप्रसाद भट्टराईको पराजय हुन पुग्यो । परिणाम स्वरूप ने.का.का महामन्त्री गिरिजाप्रसाद कोईराला सर्वसम्मत रुपमा संसदीय दलमा निर्वाचित भए र बहुमत प्राप्त पार्टी नेपाली काङ्ग्रेसको तर्फबाट प्र.म. नियुक्त भए भने प्रमुख प्रतिपक्षी दलको रूपमा ने.क.पा. एमाले र प्रतिपक्ष दलको नेताको रुपमा मनमोहन अधिकारी चयन भए । यस आम निर्वाचनमा संयुक्त जनमोर्चा तेस्रो शक्तिको रूपमा रहेको थियो ।

तर विडम्वना प्रजातन्त्रको पुनस्थापनापछिको नेपालको राजनीति पनि शान्ति, स्थीरता र विकासको दृष्टिकोणले पछाडि नै रह्यो । शान्ति, स्थीरता, शुसासन र विकासकलाई आफ्नो प्रमुख राजनीतिक एजेण्डा बनाएका राजनीतिक दलहरू र तिनका नेताहरू नै यी विषयका बाधक जस्ता देखिन पुगे । प्रजातन्त्रको पुनः स्थापना पछिको पहिलो जननिर्वाचित सरकार आफ्नै दलको आन्तरिक विवादका कारण पूरा अवधि टिक्न सकेन र देश वि.सं. २०५१ मा मध्यावधिमा जान बाध्य भयो । यस मध्यावधि निर्वाचनमा कुनै दलको पनि बहुमत आएन । ने.क.पा. एमाले पहिलो ठुलो दल बन्न पुग्यो भने अर्को कम्युनिष्ट पार्टी ने.क.पा. माओवादीले यो चुनाव बहिष्कार गऱ्यो । कुनै दलले पनि बहुमत प्राप्त गर्न नसकेपछि यस ५ वर्षमा मात्र ६ वटा सरकार बने । यो समय नेपालको राजनीतिमा हुनुपर्ने केही नभएको र नहुनुपर्ने सबै भएको समयको रुपमा लिंदा फरक पर्दैन । यही राजनीतिक अस्थिरताको फाइदा उठाउँदै ने.क.पा. माओवादीले वि.सं. २०५२ साल फागुन १ गतेबाट जनयुद्धको नाम दिएर शसस्त्र विद्रोह सुरु गऱ्यो । त्यो युद्धमा १७००० भन्दा बढी नेपालीले ज्यान गुमाउनुपऱ्यो । हजारौँ नेपाली नागरिक वेपत्ता र अंगभंग हुनु पऱ्यो । खरवौँ बराबरको सम्पत्ती नष्ट हुन पुग्यो । वि.सं. २०५८ साल जेष्ठ १९ गते त राजदरबार हत्याकाण्डमा राजा बिरेन्द्रको वंशनास नै भयो । राजा वीरेन्द्र पछि भाग्यले राजा हुन पाएका ज्ञानेन्द्रको अति राजनीतिक महत्वकांक्षाले वि.सं. २०६१ माघ १९ मा शाही घोषणा मार्फत शासन आफ्नो हातमा लिए । जसले गर्दा राजनीतिको कोर्ष नै बदलियो । राजनीतिक दलहरू र विद्रोही माओवादी नजिकिन पुगे फलस्वरुप गिरिजाप्रसाद कोईरालाको नेतृत्वमा २०६२-२०६३ को दोस्रो जनआन्दोलन सुरु भयो । राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश राजाका विरुद्ध अर्थात जनआन्दोलनकारी शक्तितर्फ बन्दै गयो । आन्तरिक तथा वाह्य रुपमा विविध खिचडी पाकेपछि २०७२ मंसिर ७ गते भारतको नयाँ दिल्लीमा १२ बुंदे सम्झौता भयो भने २०६३ मंसिर ५ मा ७ दलीय सरकार र माओवादीवीच शान्ति सम्झौता सम्पन्न भयो । दोस्रो जनआन्दोलन नाम दिइएको शान्तिपूर्ण जनआन्दोलनको सफलता पछि २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । यही संविधान मुताविक २०६४ चैत्र २८ गते नेपालमा पहिलो पटक ऐतिहासिक संविधान सभाको निर्वाचन भयो । निर्वाचन पछिको पहिलो संविधान सभाको बैठकले (२०६५ जेष्ठ १५ गते) गणतन्त्रको स्थापना र शाहवंशीय राजतन्त्रको अन्त भएको सर्वसम्मत निर्णय गऱ्यो । वि.सं. २०६५ जेष्ठ २९ गते राजा ज्ञानेन्द्रले नारायणहिटी राजदरबार छोडेर हिड्नु पऱ्यो । यस निर्वाचनले संविधानसभामा ने.क.पा. माओवादी ठुलो पार्टीका संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्डलाई प्र.म. र नेपालको पहिलो राष्ट्रपतिमा रामवरण यादवलाई निर्वाचित गराउन सफल भयो तर यस संविधान सभाले संविधान दिन नसकेको मात्र होइन राजनीतिक अस्थीरता पनि बढाएर लग्यो । पार्टी र नेताहरूको अविश्वास र राजनीतिक विकृतिको चरम नमुना त्यतीवेला देखियो जब दोस्रो संविधान सभा निर्वाचन गर्ने मन्त्रीपरिषदको अध्यक्षतामा वाहलवाला प्रधानन्यायधीस खिलराज रेग्मी नियुक्त हुन पुगे । जे भए पनि वि.सं. २०७० साल मंसिर ४ मा सम्पन्न दोस्रो संविधान सभाको निर्वाचन पछिको संविधान सभाले वि.सं. २०७२ साल असोज ३ गते छिमेकी राष्ट्रको इच्छा विपरित, तराई मधेस आन्दोलनकै बिच नेपालको संविधान २०७२ जारी गऱ्यो । यस ऐतिहासिक क्षणमा सरकारको नेतृत्व ने.का. का नेता सुशिल कोईरालाले गरेका थिए भने राष्ट्रपतिमा रामवरण यादव र संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेवाङ थिए । यस संविधान कार्यान्वयनमा आएको पनि लगभग ८ वर्ष नाघि सकेको छ । तीनै तहका सरकारका लागि आवधिक निर्वाचनहरू सम्पन्न भइसकेका छन्

तर जनतामा सरकार, राजनीतिक दल र तिनका शिर्ष नेताहरूप्रतिको असन्तोष बढ्दो छ । देश पुनः एक पटक नयाँ नायकको खोजीमा रहेको हो कि जस्तो बनाइदै छ वा बन्दैछ । यस निरासाको कारण कुनै एक व्यक्ति, पार्टी वा सरकार मात्र जिम्मेवार छैनन् वि. सं. २०४७ देखि हालसम्म बनेका सरकार,नेता र पार्टी सबै केही न केही रुपमा यसको जिम्मेवार छन् । प्रजातन्त्रको पुनस्थापनादेखि अहिलेसम्म कृष्ण प्र भट्टराई (वि.सं २०४७-वि. सं.२०४८, वि.सं.२०५६-वि.सं.२०५६), गिरिजा प्र.कोईराला (वि.सं.२०४८-वि.सं.२०५१, वि.सं.२०५४- वि.सं.२०५५, वि.सं.२०५५-वि.सं.२०५६, वि.सं.२०५६-वि.सं.२०५८, वि.सं.२०६३-वि.सं.२०६५), मनमोहन अधिकारी (वि.सं.२०५१-वि.सं.२०५२), शेरवहादुर देउवा (वि.सं.२०५२-वि.सं.२०५३, वि.सं.२०५८- वि.सं.२०५९, वि.सं.२०६१- वि.सं.२०६१, वि.सं.२०७४- वि.सं.२०७४, वि.सं.२०७८- वि.सं.२०७९), पुष्पकमल दाहाल प्रचण्ड (वि.सं.२०६५-वि.सं.२०६६, वि.सं.वि.सं.२०७३-वि.सं.२०७४, वि.सं.२०७९-हालसम्म) माधवकुमार नेपाल (वि.सं.२०६६-वि.सं.२०६७), झलनाथ खनाल (वि.सं.२०६७-वि.सं.२०६८), बावुराम भट्टराई (वि.सं.२०६८-वि.सं.२०६९), खिलराज रेग्मी (मन्त्रीपरिषदका अध्यक्ष (वि.सं.२०६९- वि.सं.२०७०), सुशिल कोईराला (वि.सं.२०७०-वि.सं.२०७२), के.पी.शर्मा वली (वि.सं.२०७२-वि.सं.२०७३, वि.सं.२०७४-वि.सं.२०७७), सूर्यबहादुर थापा (वि.सं.२०५४-वि.सं.२०५४, वि.सं.२०६०-वि.सं.२०६१) र लोकेन्द्रबहादुर चन्द (वि.सं.२०५९-वि.सं.२०६०) प्रधानमन्त्रीको रुपमा रहेको देखिन्छ । यस ३४ वर्षको अवधिमा ११ जना व्यक्ति प्रधानमन्त्री वा मन्त्रीपरिषदका अध्यक्ष बने तापनि कुनै सरकारले पनि लगातार पाँच बर्ष सरकार चलाएको देखिँदैन बरु एउटै व्यक्ति ५ पटकसम्म प्रधानमन्त्रीको कुर्सीमा पुगेको अमिल्दो तस्वीर देखिन्छ । यही ३४ वर्षको अवधिमा नै मुलुकले ३ वटा राजनीतिक व्यवस्था (राजाको प्रत्यक्ष शासनसमेत गरेर), ३ वटा संविधान (अन्तरिम संविधान २०६३ समेत गरेर) प्राप्त गऱ्यो भने शसस्त्र विद्रोह, मधेश आन्दोलन, दोस्रो जनआन्दोलन, राजाको प्रत्यक्ष शासन, राजा विरेन्द्रको वंशनाश वा राजदरबार हत्याकाण्ड, नाकावन्दी, विस्तृत शान्ति सम्झौता, ऐतिहासिक संविधान सभाको निर्वाचन, गणतन्त्रको घोषणा र शाहवंशीय राजतन्त्रको अन्त्य, विभिन्न आवधिक निर्वाचनहरू, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन, राजनीतिक दलहरूको एकीकरण, विभाजन, एकीकरण, नेपालको नयाँ चुच्चे नक्सा जारी, संसदको विघटन र पुनस्थापना, मध्यावधि निर्वाचन, सर्वोच्च अदालतका प्रधानन्यायाधिस नै मन्त्रीपरिषदको अध्यक्षमा नियुक्ति, नयाँ दलहरूको उदय आदि जस्ता ठुलाठुला राजनीतिक परिदृश्यहरू नेपाली जनताले देख्न पाए तर पनि आम नागरिकले राज्य, व्यवस्था, सरकार, दल तथा नेताहरूबाट आशा गरेका न्युनतम कुराहरू व्यक्तिगत रुपमा गाँस, वास, कपास, अनि राजनीतिक रुपमा शान्ति, स्थीरता, सुशासन र विकास प्राप्त गर्न सकेको अनुभूति गर्न पाएनन् । फलस्वरुप जनतामा दलहरू, तिनीहरूका नेताहरू, सरकार, राज्य संयन्त्रप्रति बितृष्णा बढ्दै वर्तमानसम्म आइपुग्दा त कतै व्यवस्था र मुलुकप्रति नै अविश्वास जन्मिने त होइन भन्ने विन्दुमा पुगेको भान हुन्छ । झन अहिलेको संविधान र निर्वाचन प्रणालीका कारण राजनीतिक स्थिरता सँभव नै छैन भन्दा हुन्छ ।

निष्कर्षः राणा शासनकालको अन्त्य वा वि.सं. २००७ सालदेखि संघीय लोकतान्त्रिक गणतन्त्रकाल (अहिले २०८०) सम्म आइपुग्दा पनि नेपाल राजनीतिक अस्थीरता, शक्तिसंघर्ष, राजा, प्र.म. तथा नेताहरूको अदूरदर्शिता, आर्थिक भ्रष्टाचार तथा अनियमितता, कुशासन र पछ्यौटेपनको पर्याय बनेको छ भन्दा अतियुक्ति नहोला । कुनै पनि राजनीतिक परिवर्तन (क्रान्ति) को उद्देश्य व्यवस्था परिवर्तन गर्नु मात्र होइन र हुनु हुँदैन तर विडम्बना नेपालका ठुला ठुला राजनीतिक परिवर्तनहरू (क्रान्तिहरूको सफलता) व्यवस्था परिवर्तनमा मात्र सीमित रहन पुगेको देखिन्छ । सर्वसाधारण जनताको अवस्थामा खासै परिवर्तन आएको देखिँदैन । संविधान र पार्टीहरूका दस्तावेजहरू पढ्दा र सुन्दा जति आर्कषक छन् व्यवहारमा लागु भएको कहीं कतै देखिदैन बरु केही व्यक्तिहरूको चरम राजनीतिक महत्वाकाक्षा, स्वार्थ र सत्ता लिप्साले गर्दा देशले स्थीरता, शान्ति, सुशासन र विकास प्राप्त

गर्न सकेको छैन । जनताको, नेताहरू र दलहरूप्रतिको अविश्वास बढेको बढ्यै छ त्यो अविश्वास व्यवस्था र मुलुकमाथि हुन पुग्यो भने त्यसले कस्तो परिणाम ल्याउँछ अहिले नै ठोकुवा गर्नु हतार र मूर्खता हुनेछ । त्यसैले सरकार, सत्तारुढ तथा अन्य दलका नेताहरूले राज्य सञ्चालनको प्रमुख आधार जनअविश्वासनै हो भन्ने कुरालाई मनन् गर्दै त्यसका लागि शान्ति, स्थीरता, सुशासन र विकासलाई पहिला प्राथामिकतामा राखी हिजोको गल्तीहरूलाई आत्मासाथ गर्दै प्रायश्चित रुपमा आम जनतासँग अन्तर मनले माफी माग्दै, आफ्ना आनीबानी, व्यवहार, रहनसहन, बोलीवचन र कर्ममा परिवर्तन ल्याउदै जनविश्वास जित्ने प्रयत्न गर्नु पर्दछ र सोहीअनुसार कर्म गर्नु पर्दछ । तब मात्र जनतामा नेता तथा राजनीतिक दलप्रतिको विश्वासको डोरी कसिदै जान्छ अनि व्यवस्था र मुलुकप्रति अविश्वास जन्मन पाउँदैन । जनविश्वासले नै बहुदलीय लोकतान्त्रिक गणतन्त्र र राष्ट्र बचाउन सक्छ । अन्यथा जनअविश्वासको आँधी-तुफानले कसलाई कहाँ पऱ्याउँछ, पत्तै चल्नेछैन ।

गन्तव्यहीन निरूद्देश्य राजनीति आजको समस्या



• सरोज मिश्र

आमसञ्चार माध्यममा र सर्वसाधारण जनताबीच समेत 'भिजन' भन्ने शब्द निक्कै लोकप्रिय छ । प्रायः कुनै पनि नेताको आलोचना गर्नुपऱ्यो भने सजिलैसँग त्योसँग 'भिजन नै छैन' भनिदिने चलन पनि छ । आखिर के हो त त्यो 'भिजन' ? किन चाहिन्छ 'भिजन' ? चाहे व्यापारिक प्रतिष्ठान होस्, धार्मिक संस्था होस्, सामाजिक संस्था होस् वा राजनीतिक दल होस्, एउटा निश्चित वातावरणबाट निर्देशित हुन्छ । त्यो बाह्य वातावरणलाई जतिसुकै शक्तिशाली वा सक्षम संस्था वा व्यक्ति किन नहोस् नियन्त्रण वा दिशानिर्देश गर्न सक्दैन । उल्टो, त्यो बाह्य वातावरणले प्रत्येक संस्था वा व्यक्तिलाई नियन्त्रण गर्दछ । बाह्य वातावरण, अत्यन्तै चलायनमान हुन्छ र निरन्तर परिवर्तन भइरहन्छ । त्यस्तो परिवर्तनलाई आत्मसात गरेर तत्काल तदअनुरूप आफूलाई ढाल्न सक्ने व्यक्ति वा संगठन नै अन्ततः सफल हुन्छ । ऐतिहासिक घटनाक्रम र वर्तमानका परिघटनाहरूका आधारमा विश्लेषण गरी भविष्यको वातावरण सही अनुमान गर्न सक्नु 'भिजन' को पहिलो पाटो हो । आजको एक वर्ष, दुई वर्ष, तीन वर्षमा वा पाँच वर्षमा समग्र मुलुकको राजनीतिक, सामाजिक, आर्थिक एवं प्राविधिक वातावरण यस्तो हुन्छ भनेर अनुमान गर्न सक्नु प्रथम आवश्यकता हो । हेक्कारहोस्, विगत र वर्तमानका घटना परिघटनाको आलेख तयार गर्नु होइन, ती घटना-परिघटनाका आधारमा भविष्य आकलन गर्नु महत्वपूर्ण हो ।

आफूलाई अनूकुल होस् वा अनुकुल नहोस्, वातावरणको सही प्रक्षेपण भयो भने त्यसैअनुसार रणनीति तयार पार्न सकिन्छ । मानिसमा आफू अनुकूल वातावरणको परिकल्पना गर्ने स्वभावजन्य कमजोरी हुन्छ । यदि अप्राकृतिक वा अस्वाभाविक प्रक्षेपण भयो भने गलत नीति वा रणनीति बन्नु स्वभाविक हो र असफलता नितान्त स्वाभाविक हो । यसरी भविष्यको तस्वीरको सही आँकलन पश्चात् त्यो परिदृश्यमा आफूलाई के सम्भव हुन्छ, कहाँ हुन्छु र के गरिरहेको हुन्छु भन्ने स्पष्ट खाका हुनु 'भिजन' को दोस्रो पाटो हो ।

यसप्रकार कुनै योजना बनाउनु वा परिकल्पना गर्नु मात्रै 'भिजन' होइन । नियन्त्रण भन्दा बाहिरको सम्भाव्य बाह्य वातावरणको सही आँकलन गर्नु र त्यस परिदृश्यभित्र आफ्नो स्थान, भूमिका र रणनीतिका बारेमा स्पष्ट सोच हुनु 'भिजन' हो । कुनै अत्यन्तै मीठो लाग्ने महत्वाकांक्षी सपना भिजन होइन । त्यो फगत कोरा सपना हो । कुनै नेताज्यूले आगामी ५ वर्षमा नेपालको प्रतिव्यक्ति आय बीस हजार डलर पुऱ्याउँछु भन्छ भने त्यो महत्वाकाक्षी सपना त हो तर भिजन हुँदै होइन । मुलुकको समग्र राजनीतिक, आर्थिक र सामाजिक विश्लेषण पश्चात् आगामी ५ बर्षमा प्रति बर्ष १० करोड पर्यटक भित्रन्छ भनेर निर्क्यौल निकाल्छ र त्यस परिस्थितिमा प्रतीव्यक्ति आय बीस हजार डलर पुग्छ भन्छ भने त्यो भिजन हो । राजनीतिक विश्लेषणबाट नेपालमा गृहयुद्ध चल्छ भन्ने निस्कर्ष निस्कियो भने १० करोड पर्यटक भित्रने अनुमान पनि गलत हुन्छ र बीस हजार डलरको प्रतिव्यक्ति आयको सपना पनि हावादारी हुन्छ । आफूले अनुमान गरेको परिदृष्य निर्माण गर्न यथासक्य योगदान दिन खोज्नु चाहिँ जायज होला ।

सामान्य उदाहरण लिऊँ । नेपालको दुई तिर दुई विशाल छिमेकीहरू छन् । दुबैलाई बर्तमान विश्व परिप्रेक्षमा उदीयमान विश्व शक्तिका रुपमा लिइन्छ । आज सम उपलब्ध सुचनाका आधारमा दुबै तिर अत्यन्तै शक्तिशाली र सुदृढ नेतृत्व सत्तासीन छन् भनेर भन्न सकिन्छ । लोकतान्त्रिक भारतमा नरेन्द्र मोदीलाई चुनौतिका रुपमा प्रस्तुत हुने अर्को व्यक्तित्व नभए जस्तै देखिन्छ । नरेन्द्र मोदी सांस्कृतिक राष्ट्रबादको नारालाई बुलन्द बनाउँदै छन् । आगामी निर्बाचनमा पनि मोदीनै बिजयी हुने आँकलन गरिँदैछ । अर्को तिर जनवादी गणतन्त्र चीनमा शी जिन पिङ सत्तासीन छन् । शीलाई चुनौती दिने त टाढा सम्म कोही देखिन्न । यी दुवैको आआफ्नो आक्रामक शैली छ । भारत र चीनको नीति, शैली र ब्यवहारले नेपाललाई ठूलै असर गर्छ भन्ने कुरामा त दुईमत नहोला । हेक्का रहोस्, यी दुईले के कस्ता व्यवहार गर्लान् र नीति ल्याउलान् भन्ने कुरोमा हाम्रो कुनै निर्णायक भूमिका वा प्रभाव रहन्न, उल्टो त्यसको प्रभाव हामीमा यथेष्ट रहन्छ । हामीले गर्न सक्ने भनेको यी दुई नेता अझै लामो समय रहन्छन् भन्ने अनुमान गर्ने, यिनले यस खाले नीति भने आँकलन गर्ने हो । त्यो अनुमान र आँकलनको जगमा उभिएर नेपाललाई कस्तो अवसर र चुनौती देखा पर्छ भनेर खुट्याउने हो । यहाँ सम्म हाम्रो आकांक्षा वा सपना केही छैन । हामीलाई सुखद वा दुखद जे भएपनि परिस्थितिको यथार्थपरक मुल्यांकन मात्र भएको छ । यो मूल्याङकनको आधारमा प्रिय वा अप्रिय जे भएपनि उपयुक्त कार्ययोजना बनाउनु वास्तवमा 'भिजन' हो । परिस्थितिको यथार्थपरक मूल्याङ्कन गर्न नसक्नु र आफूलाई प्रिय लाग्ने परिदृश्य कोर्नु भने ऐच्छिक परिणामको आशा गर्नु अर्थात् 'विशफुल थिकिङ्ग' मात्र हो । आज कुनै एमाले वा कांग्रेसलाई आगामी निर्बाचनमा उनीहरूको दलको अवस्थाका बारेमा प्रश्न गर्ने हो भने तत्कालै 'हाम्रो दलले दुई तिहाई ल्याउँछ' भन्न बेर लगाउन्न ! त्यो कुनै सही मूल्याङ्कन होइन, विशफुल थिङ्किङ् मात्र हो । यदि यस्तै थिङ्किङको जगमा उभिएर कसैले नेपाललाई सिंगापुर बनाउँछु भन्यो भने के हुन्छ ? त्यो भिजन होइन दिवास्वप्न हो ।

फलानो नेता बेकार ! त्योसंग भिजनै छैन । यसप्रकारको टिप्पणी वास्तवमा धेरै हदसम्म ठिक हो । हाम्रा अधिकांश नेताहरूमा भिजन छैन । परंपरागत ढंगले भिजनलाई जसरी परिभाषित गरिन्थ्यो, त्यस हिसाबको भिजन नभएको पटक्कै होइन । 'सपना नहेरी केही हासिल हुन्न, सपना त हेर्नै पऱ्यो नि' - यस खाले उद्गार नसुनिएको होइन । मीठो र ठूलो असंभव प्राय लाग्ने सपना हाम्रा नेताहरूमा नभएको होइन । 'दैलेखको तेल उत्खनन गरेर तेल निर्यात गरिन्छ' र 'नेपाललाई सिंगापुर बनाइन्छ जस्ता' घोषणालाई भिजन मान्ने हो भने चाहिँ भिजन छ । तर स्थितिको बस्तुगत मुल्यांकन बिना गरिएका यस्ता कुरालाई फगत हावादारी सपना मान्नुपर्छ ।

नेपालको राजनीतिक क्षेत्रको मूल समस्या नै भिजनको अभाव हो, खास भिजनको अभाव हो । नेपाली राजनीतिज्ञहरूले संघर्ष गरे, क्रान्ति गरे र ठूला ठूला संघर्ष गरे । निसन्देह ती संघर्ष र क्रान्ति शक्ति आर्जन वा भनौं आफूलाई शक्तिको केन्द्रमा पुऱ्याउन भएको थियो । तर अधिकांशको उद्देश्य त्यतिमै सिमित रह्यो अर्थात् शक्ति प्राप्त भइसकेपछि एक प्रकारले रनभुल्लको अवस्था देखा पऱ्यो । राजनीतिक संघर्षबाट शक्ति आर्जन पछि केका लागि भन्ने थाहै नहुनु वा थाहा भएर पनि बाटो बिराउनु र अन्ततः प्राप्त शक्तिको उपयोग व्यक्तिगत हितका लागि हुनु नै अभिशाप भयो ।

राजनीतिक शक्ति आर्जन पछिको उद्देश्यमा स्पष्टता भएको भए परिस्थितिको वस्तुगत मूल्याङकन हुन्थ्यो र तदनुरूप रणनीति बन्थ्यो । निश्चित रूपमा राजनीतिक शक्तिको श्रोत जनता हो र त्यो जनतालाई रिझाउनुपर्छ । तर जनतालाई रिझाउन असम्भव सपना बाँडियो भने त्यसबाट नैराश्यता बढ्नु स्वाभाविक हो । असम्भव सपना बाँडिदा भए गरेका राम्रा काम ओझेलमा पर्छ र राजनीतिक नेताले यथोचित जस पनि पाउँदैन । एकातिर खास विद्यमान वा भविश्यमा सिर्जित हुने परिस्थितिको आकलन गर्ने नसक्नु र अर्कोतर्फ सस्तो लोकप्रियताका लागि

लोभलाग्दो नारा लगाउने बानी पर्नु नेपालको राजनीतिमा देखा परेको भयावह रोग हो ।

यतिबेला नेपालको राजनीतिमा सकृय शीर्ष भनिने कुनै ब्यक्तिलाई 'तपाइको बर्तमान यावत कसरतको उदेश्य के हो' भनेर प्रश्न गरियो भने र त्यो ब्यक्ति सरल र इमानदार छ भने उत्तर आउँछ - निर्वाचन जित्न । निर्वाचन किन जित्ने त भन्ने प्रश्नको उत्तर चाहिँ प्रधानमन्त्री वा मन्त्री बन्न भन्ने नै आउँछ होला । अनि किन मन्त्री बन्ने त भन्ने प्रश्न गरियो भने नब्बे प्रतिशत पक्कापक्की अलमलिने छन् । आखिर पैसा कमाउन त भन्न मिलेन ! बाँकी चतुर दश प्रतिशतले चाहिँ अत्यन्तै कर्णप्रिय लाग्ने खालको जनताको हित केन्द्रित लक्ष सुनाउनेछन् । हाल प्रचलनमा रहेका तमाम राजनीतिक दलका घोषणापत्र यिनै चतुर दश प्रतिशतले निर्माण गरेका हुन्छन् । अब त्यो घोषणापत्र हेर्ने हो भने के देखिन्छ ? त्यो घोषणापत्र लेख्नेले नै एक महिना नपुग्दै त्यसका सबै हरफ बिर्सिसकेका हुन्छन् । न त जनताले नै घोषणापत्र हेरेर मत दिन्छन् ! यस्तो हुनुको पछाडि कारण के हो भने ती पूरा हुन असम्भव खाले हुन्छन् वा सम्भव भएपनि कुनै रणनीति र कार्ययोजना बेगर कै हुन्छ ।

हालै अर्थात् २०८० को फाल्गुनको तेस्रो साता शुरू हुँदा नहुँदै नेपालको सत्ता राजनीतिमा देखिएको उथलपुथललाई नै लिँऊ । अचानक नेपाली कांग्रेससंगको तालमेललाई तोडेर प्रधानमन्त्री पुष्पकमल दाहालले एमालेसंग गठबन्धन गरे र नयाँ समीकरण तयार पारे । यो तमाम उठापटक र सत्ताको खेलमा संलग्न प्रमुख पात्रहरूलाई नै हेरौं । पुष्पकमल दाहालले यस्तो गर्नुको पछाडि प्रकटमा जे जस्तो बनावटी कुरो बताएपनि खासमा आफ्नो पदावधि लम्ब्याउनु नै हो भन्ने सबैले बुझेका छन् । उनी नै प्रधानमन्त्री बनिरहनु किन पर्ने त भन्ने प्रश्नको जवाफ खोज्ने हो भने जनताको यो आकांक्षा पूरा गर्न वा यस्तो काम गर्न कांग्रेस यसरी तगारो भयो र एमाले यसरी सहयोगी हुन्छ भने सरल शब्दमा बताउन पुष्पकमल दाहाल सक्षम छन् ? एमालेलाई सोधौं त उसले किन एक्कासि हिजो सम्मका 'नम्बरी शत्रु' प्रचण्डलाई सघाएको ? जनताको फलानो हित साध्न र त्यो काममा पुष्पकमल यसरी सहायक सिद्ध हुन्छ भन्न एमाले ले सक्छ ? आशालाग्दा भनिएका रबि लामिछानेलाई गृह मन्त्रालय नै किन चाहिएको ? स्पष्ट जवाफ छ ? अनि अचानक सत्ता गुमाएको पीडामा रहेको नेपाली कांग्रेसले 'धोखा भो' भन्नु बाहेक जनताको फलानो काम यसरी बाधित भयो भन्न सक्छ ?

हाम्रा नेताहरूलाई आफू किन र कुन उद्देश्य प्राप्तिका लागि राजनीतिमा होम्मिएको भन्ने कुरोमा या होसै भएन अथवा गलत उद्देश्यबाट प्रेरित भए । फगत शक्ति आर्जनलाई नै राजनीतिको उद्देश्य बनाए । खास राजनीतिको उद्देश्य बृहत र व्यक्तिगत हित र स्वार्थ भन्दा धेरै पर हुन्छ भन्ने पुरै भुलेको अवस्था देखियो । आम जनता वा मतदाता पनि तत्कालको चमक र आकर्षक नारा अनि आत्मकेन्द्रित हरहिसाबमा भुलेको देखियो भन्दा धेरै अत्युक्ति नहोला । वास्तवमा यो रोगबाट अत्यन्तै आदरणीय मानिएका विगतका नेताहरू समेत पुरै अछुतो रहन सकेनन् । विद्यमानकालाई त पुरै गाँजेको देखिन्छ । यो प्रचलन र परिपाटीले कुनैपनि बेला अकल्पनीय विष्फोटको रुप लिन सक्छ । यस प्रकारको अराजक विष्फोट भयो भने हुनु नपर्ने दुर्भाग्यदायी दुर्घटना पनि हुनसक्छ । व्यबस्थाको कुरा गर्ने हो भने अझै यसमा परिमाजन हुने ठाउँ छ होला, तर यो ब्यवस्था आफैमा निक्कै दोषयुक्त होइन । गहिरिएर सोच्ने हो भने यसलाई धेरै हदसम्म परिष्कृत र उत्तम मान्नुपर्दछ । दोष ब्यवस्था सञ्चालकहरूको निरुदेश्य वा गलत उद्देश्यबाट प्रेरित व्यवस्थापनको हो ।

लेखक हाल 'राजधानी राष्ट्रिय दैनिक' हुनुहुन्छ ।

विध्वंसात्मक राजनीतिक स्कूलिङ्ग परिवर्तन गरेर नयाँ स्कूलिङ्गको आन्दोलन आवश्यक



• प्रा. डा. हरिदर्शन श्रेष्ठ

इतिहासमा देखिएको छ कि राजनीतिक नेताहरूनै समाजमा सकारात्मक वा नकारात्मक दुवै किसिमका परिवर्तन ल्याएर त्यसलाई नयाँ दिशा दिन सक्ने साँचो संवाहक बन्नमा सफल भएका छन् । अब्राहम लिङ्कन, डोनाल्ड रे, मार्गरेट थ्याचर, लि क्वान यु, महाथीर मोहम्मद, नेल्शन मण्डेला, महात्मा गान्धी, वी.पी. कोइराला र गणेशमान सिंह श्रद्धा र सम्मानका साथ लिइने त्यस्ता केही नामहरू हुन्, जसले समाजमा सकारात्मक परिवर्तन ल्याउनका लागि दिएको योगदान र त्यागका बारेमा कुनै न किसिमले सदा स्मरण गर्ने गरिन्छ । यसका विपरित हिटलर, मुसोलिनी, गद्दाफी, किम जोङ उन, डोनाल्ड ट्रम्प आदिलाई भने धेरैले नायकका रूपमा लिने गरेका छैनन् ।

वी.पी. कोइरालाले राजनीतिक परिवर्तनका खातिर नेपाली काङ्ग्रेसको स्थापना गरे र यस मार्फत् उनले सामाजिक र आर्थिक परिवर्तन गर्ने सपना देखे । विश्व इतिहास र तत्कालीन भारतमा ब्रिटिसका विरुद्ध चलेको आन्दोलन (भारत छोडो आन्दोलन) बाट समेत शिक्षा लिँदै वी.पी.ले जनताको साथ र परिवर्तनप्रति चाहना नभईकन राजनीतिक परिवर्तन सहज हुन सक्दैन भन्ने कुरा बुझे । त्यसैले नेपाली काङ्ग्रेसले पनि तत्कालीन राणा शासन विरुद्ध आन्दोलन शुरू गऱ्यो र विभिन्न तह तथा मोर्चामा परिवर्तनका एजेण्डाहरूमा जनतालाई गोलबन्द गर्दै लग्ने कामको शुरूवात भयो । यसका लागि विद्यार्थी, युवा, महिला, किसान, दलित, भूपू सैनिक आदिको सङ्गठित मोर्चा बनाउने काम शुरुवात गरेर कार्यकर्ताहरूको संख्यामा नाटकीय रूपमा वृद्धि गर्ने काम भयो ।

यसको मूलभूत उद्देश्य भनेको राणा शासनको अन्त्य गरेर प्रजातन्त्रको स्थापना गर्दै जनतालाई सशक्तिकरण गर्नु थियो । यस उद्देश्य पूरा गर्नका लागि नेपाली कांग्रेसले राणा शासनका विरुद्ध पर्चाहरू छर्ने, हडताल गर्ने, आन्दोलन सिर्जना गर्ने, भारतीय स्वतन्त्रता सेनानी र भारतीय सरकार समेतको सहयोग जुटाएर सशस्त्र संघर्ष गर्ने जस्ता कार्यहरू अगाडि बढायो । यी सबै संयुक्त प्रयासहरूको परिणामस्वरूप राणाशासनले घुँडा टेक्नुपऱ्यो र देशमा प्रजातन्त्रको घोषणा भयो । प्रजातन्त्रको घोषणा पश्चात् शाहवंशले संवैधानिक राजतन्त्रको रूपमा निरन्तरता पायो, तर बहुदलीय प्रजातान्त्रिक पद्धति मुश्किलले एक दशक जति मात्र टिक्न पायो । त्यसपछि राजा महेन्द्रले दलविहीन पञ्चायती शासन व्यवस्थाको शुरुवात गरे । राजा महेन्द्रको डिजाईनमा आएको सक्रिय राजतन्त्रको शासन व्यवस्था, वी.पी.को समाजवाद र आर्थिक परिवर्तनको दूरदृष्टि कार्यान्वयन गर्नका लागि बाधक बन्यो । वी.पी.को असामयिक देहावसानले उनको क्रान्तिकारी सपनामा मात्र धक्का पुगेन, बरू समृद्धि र सामाजिक न्यायको खोजीमा लागि परेको, अनि आफ्नो मर्यादापूर्ण अस्तित्वका लागि संघर्ष गरी राखेको नेपालनै कैयौं वर्ष

पछाडि धकेलिने अवस्था आयो । नेपाली काङ्ग्रेसका नेताहरू पुनः भूमिगत भए र पञ्चायत विरोधी आन्दोलनलाई अगाडि बढाए । २०४६ सालमा आएर राजा वीरेन्द्रले सक्रिय राजतन्त्रबाट पछि हट्न राजी भएपछि करिब तीन दशकपछि देशमा संवैधानिक राजतन्त्र सहितको बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापना भयो ।

यो नेतृत्वकारी दल, नेपाली काङ्ग्रेस र नेपाली जनताका लागि ठूलो विजयको कुरा थियो । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पछि प्रमुख नेतृत्वकारी दल, नेपाली काङ्ग्रेसमा व्यापक सुधार गर्नुपर्ने जरूरी देखिएको थियो । २०४६ सालको परिवर्तनका सर्वोच्च कमाण्डर गणेशमान सिंहले पनि दलको आन्तरिक सुधार र परिवर्तनका लागि आफ्ना अडानहरू अगाडि सारेका थिए, नेपाली काङ्ग्रेस पार्टी भित्रको सुशासन र लोकतन्त्रका लागि आवाज उठाएका थिए, तर यसको खासै सुनुवाई भएन । यी प्रजातान्त्रिक शक्तिहरूबाट जनताका उच्च आकांक्षाहरूको सम्बोधन गर्नु महत्वपूर्ण भए जत्तिनै सामाजिक र आर्थिक सुधारका लागि नयाँ स्कूलिङको विकास गर्नु पनि आवश्यक थियो । सबभन्दा ठूलो दलका हैसियतले नेपाली कांग्रेस आफूसँग वी.पी.ले केही दशक अगाडि देखेको सामाजिक र आर्थिक सुधारको सपना बेच्ने बाहेक अरू कुनै कुरा थिएन । बढ्दो आवश्यकता, संभावना, क्षमता, भू-राजनीतिको अवस्था र विश्वको गतिशीलतासँगै ती सपनाहरूको केही समीक्षा, प्राथमिकताको हेरफेर र परिमार्जन गर्नु आवश्यक थियो, तर नेकाले भागबण्डाको राजनीति, नातावाद, कृपावाद, सांसदहरूको खरिद बिक्री गर्ने र यस्तै अन्य थुप्रै महत्वहीन कुराहरूमा धेरैजसो बहुमूल्य समय व्यतीत गर्न पुग्यो । यसैगरी, भ्रष्टाचार व्यापक रूपमा मौलाउन पुग्यो, राज्यका संवैधानिक अङ्गहरूको राजनीतिकरण गरिए र पार्टीका इशारामा चल्ने भए भने शक्ति पृथकीकरणको र कानूनी राज्यको सिद्धान्त नै प्रभावित हुने अवस्थामा राज्य पुग्यो । जनमानसमा पार्टीहरूको प्रभाव खुकुलो हुँदै गयो र सरकार पनि विस्तारै कमजोर बन्दै गयो । पार्टीका घोषणापत्रहरू औपचारिकतामा सीमित हुँदै गए । तिनको कार्यान्वयनमा पार्टीका वरिष्ठ नेताहरू समेत त्यति गंभीर बन्न सकेनन् ।

अहिले लोकतन्त्र, गणतन्त्र, संघीयता लगायतका उपलब्धिका नाउँमा करिब तीन दशक समय व्यतीत भई सकेको छ र पनि हामी अझै राजनीतिक एजेण्डाहरू कै बीचमा कतै अल्मलिने र हराउने काम गरिराखेका छौं । कानूनी शासनमा आएको विचलन, भ्रष्टाचार, मानव अधिकारको उल्लंघन जस्ता कुराहरूले प्राप्त राजनीतिक परिवर्तनबाट हासिल भएका उपलब्धिहरूलाई ओझेलमा पारेको छ । यसका अलावा, सर्वसाधारणहरूको सामाजिक-आर्थिक अवस्था दिनप्रतिदिन नाजुक र जर्जर हुँदै गएको छ । यी कैयौं राजनीतिक परिवर्तन/सुधार पछि पनि बहुसंख्यकले पाउनुपर्ने प्रजातन्त्रको प्रतिफलको रसस्वादन गर्न पाएका छैनन् ।

अब यो समय हाम्रा प्रयासहरूलाई सामाजिक-आर्थिक सुधारका क्षेत्रमा केन्द्रित गर्नुपर्ने उपयुक्त समय भएको छ ताकि विभेद र अन्यायमा परेका गरीब नागरिकले पनि साँचो परिवर्तनको आस्वादन लिन सकुन् । कानूनी राज्य, पारदर्शिता, सुशासन, पार्टी भित्र आफैंमा र सत्तासीन सरकार दुवैमा उपयुक्त स्थानमा उपयुक्त व्यक्ति राख्ने जस्ता महत्वपूर्ण कुराहरूमा देखिएका थुप्रै कमी कमजोरीहरूलाई पार्टी नेतृत्वले गम्भीरतापूर्वक लिने गरेको पाइदैन, बरू उनीहरू यस्ता अभ्यासहरूप्रति निःस्पृह रहेको पाइन्छ । बरू यस किसिमका गलत अभ्यास र प्रवृत्तिहरूबाट पार्टी पंक्ति प्रशिक्षित हुने कुराले निरन्तरता पाउँदै गयो । यस बीचमा हामीले थुप्रै राजनीतिक उतार-चढावहरू पार गरिसकेका छौं - माओवादी द्वन्द्वको सामना गऱ्यौं, लोकतन्त्र ल्यायौं, राजतन्त्र फ्याँक्यौ र गणतन्त्र स्थापना गऱ्यौं, तथापि यस्ता गौरवपूर्ण ठूला परिवर्तनबाट प्राप्त उपलब्धिहरूलाई हामीले जनताको तल्लो तहसम्म पुऱ्याउन सकेका छैनौं । हामीले ठूला ठूला परिवर्तनको व्यवस्थापन गर्न सकेतापनि परिवर्तित

परिवेश सँगसँगै हाम्रा अभिवृत्ति (attitude and aptitude) हरूमा सुधार गर्ने कुरामा भने हामी असफल भएका छौं, किनकि विध्वंसात्मक स्कूलिङ्गबाट प्रशिक्षित सोचले हाम्रो मानसिकतामा जरो गाडेर बसेको छ र त्यही मानसिकता स्थिर भएर रही रहेको छ । २०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि जन्मिएको नयाँ पुस्ता नेपालमा बस्नै नचाहने भएको छ ।

तल्लो तहमा रहेका हजारौं राजनीतिक कार्यकर्ताहरूको जीवनयापनको आधार नै भ्रष्टाचार बनेको छ । नेपालको प्रमुख लोकतान्त्रिक शक्ति र प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेपाली कांग्रेस अहिले आफ्नो सम्पूर्ण इतिहासकै सबभन्दा कमजोर अवस्थामा आईपुगेको छ । प्रमुख राजनीतिक शक्तिको रूपमा नेपाली काङ्ग्रेसको लज्जास्पद पराजयको साथमा दुई तिहाई बहुमतले बनेको कम्युनिष्ट सरकारको शासनकालमा देखिएको कानूनी राज्यको सिद्धान्तको व्यापक उल्लंघन र ऐतिहासिक रूपमा भएका भ्रष्टाचारले लाखौँलाई गणतन्त्र नेपालको भविष्यका बारेमानै दुई चोटि सोच्नका लागि बाध्य बन्नुपर्ने अवस्था सिर्जना भएको छ ।

अहिले राजनीति भनेको नातावाद, कृपावाद, अनेक अपारदर्शी कुरूप अभ्यासहरू, भ्रष्टाचार र कुशासनको जगमा उभिएर दशौं हजार व्यक्तिले जीवनयापन गर्ने र राजनीतिलाई व्यवसाय बनाउने धन्दाको विकास भएको छ । यो समस्या अहिलेको सत्तासीन कम्युनिष्ट पार्टीमा झन् भयानक देखिएको छ, जसका कार्यकर्ताहरू स्कूलिङ्ग चरणमा नै यस्ता कुराबाट केही हदसम्म परिचित हुने मौका पाइसकेका हुन्छन् । अझ हाम्रो लागि अचम्मको कुरो त तथाकथित कम्युनिष्ट नेताहरूले कोभिड-१९ को महामारी समयमा समेत लुट र डकैतीको खेलमा सामेल हुन हिच्किचाएका छैनन् । यी सबै कुराको नतिजाको रूपमा, स्वास्थ्य, शिक्षा र अन्य आधारभूत सेवामा समेत गरीब र विपन्न नागरिकको पहुँच पुग्न नसकेको अवस्था छ । दलहरूभित्र सुशासनको अभाव भएकैले यस्तो अवस्था आएको हो, किनकि यसले हाम्रा राजनीतिक दलहरूमा दूरदृष्टि भएका र इमान्दार नेताहरूको पहुँच पुग्नमा अवरोध सिर्जना भएको छ ।

नेपाली काङ्ग्रेस वा अन्य दलहरूमा, युवा कार्यकर्ताका लागि सामाजिक र आर्थिक क्षेत्रका विभिन्न विषयहरू जस्तै शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास जस्ता विषयहरूमा सम्बन्धित जिम्मेवारी लिनका लागि उपयुक्त किसिमका प्रभावकारी तालिम, प्रशिक्षण वा अभिमुखीकरण गर्ने कार्यक्रमहरूको उपस्थिति छैन । पार्टी विधानमा पनि कार्यकर्ताका लागि तालिम, प्रशिक्षण दिनका लागि कुनै विशेष संयन्त्रको व्यवस्था छैन । युवा कार्यकर्ताहरूको क्षमता विकास जस्ता रचनात्मक कुराहरूमा पार्टीभित्र बहस र छलफलहरू हुन सकिराखेका छैनन् । पार्टीभित्रका कुनैपनि नेताहरू युवापुस्ताका नेताहरूलाई कसरी प्रशिक्षित गर्ने, विकाससँग उनीहरूलाई कसरी जोड्ने, मानवीय संकटका समयमा कसरी जुध्ने, वातावरण संरक्षण, विपद्प्रतिकार्य र न्यूनीकरणका गतिविधिहरूलाई कसरी अगाडि बढाउने भन्ने जस्ता रचनात्मक कुराहरूमा समय खर्च गर्न चाहँदैनन् । एक अभिभावक पार्टी हुनुको नाताले फेरि पनि अग्रपंक्तिमा आएर आफ्नै कार्यकर्ता र देशका जनतामा गुमेको विश्वासलाई विस्तारै पुनर्स्थापित गर्नुपर्ने दायित्व भने नेपाली काङ्ग्रेसकै रहेको छ ।

साठी र सत्तरी दशकको उमेरमा पुगेका नेपाली काङ्ग्रेसका दुई पुस्ताका नेताहरूलाई बिर्सने हो भने तेस्रो पुस्ताका नेताहरू (गगन थापा, प्रदीप पौडेल, धनराज गुरूङ्ग, नैनसिंह महरा, कुन्दन के.सी. आदि) बाट पनि त्यति धेरै आश गर्न सकिने अवस्था छैन, किनकि उनीहरू पनि ४० को मध्य र पचासको शुरूमा पुगिसकेका

२००७ सालसम्म हामी राणाहरूको खटनमा (श्री ३ सरकार को खटनमा) थियौं । हुकूम उनकै हातमा थियो । मुलुकीखानाको पैसा उनकै खटनमा थियो । मुलकीखाना को पैसा उनीहरूले आफ्नै बन्दोबस्त र मोजमज्जामा खर्च गर्थे । जनता मरोस वाचोस वास्ता गर्दैनथे । रैती-दुनियांलाई बोल्ने हक थिएन । "ज्यू-धन सरकारको प्रभु!" भनेर जनता चूप बस्न कर लाग्थ्यो । नत्र बोल्नेको ज्यूरो पातमा राखिन्थ्यो । कसैले बोटमा फल्नु पर्थ्यो । कसैले तारो बनेर छाती थाप्नुपर्थ्यो । कसैको गर्दनमा पोडेको खुकुरी बज्रन आउथ्यो । रैती-दुनियांको भलो गर्ने काममा खर्च गर्नुपर्ने मुलुकीखाना राणाहरूको मोज-मज्जामा उडे पछि दुनियांलाई दुःख किन नहुनु ? यही सब अत्याचार भएको देखेर नेपालमा पनि रैती-दुनियांको खटनमा चल्ने प्रजातांत्रिक सरकार नभै रैतीको आंसु पुछिएन भन्ने देखेर कांग्रेस पार्टी उठेको हो । सात सालमा मोहन शमशेरको हातबाट कांग्रेसले त्यो हुकुम खोस्यो । राणाहरूबाट हुकुम खोसे पछि कांग्रेसले आफैं हुकुम गरेन । उसले पनि आफैं हुकुम चलाएर जनताको वास्ता नराखे को भए राणा र कांग्रेसमा के फरक हुने थियो र ? कांग्रेसले त भन्यो जति सक्यो चाडो चुनाव गराएर देशको शासन गर्ने अधिकार रैती- दुनियांको हातमा दिनुपर्छ । "राजा सबैको साझा भन्ने बिचारले चुनाव नहुँदा सम्मको लागि हाम्रो देशका राजा श्री ५ महाराजाधिराजको हातमानै नासो राख्नु बेस होला भनेर मोहन शमशेरको हात बाट खोसेको हुकुम श्री ५ कै हातमा कांग्रेसले नासो राख्यो । श्री ५ बाट पनि जति सक्यो चाडो चुनाव गराएर जनताको यो नाशो जनताले छानेर पठाएको वारिसको हातमा बुझाइदिनेछु र म पनि रैती-दुनियां कै' इच्छाबमोजिम रैतीकै खटनमा बस्ने छु भन्ने हुकुम भयो । यसरी, चुनाव नहुँदा सम्म मंत्रिमण्डलको पजनी गर्ने अधिकार श्री ५ कै हातमा रह्यो र आज सम्म पनि मंत्रिमण्डलको पजनी श्री ५ बाटै भै रहेको छ । अैलेसम्म दुनियांको नाशो दुनियांको हातमा श्री ५ ले बुझाइबक्सेको छैन ।

मन्त्रिमण्डलको पजनी रैतीले गर्नु पर्छ

जबसम्म मन्त्रिमण्डलको पजनी गर्ने हक रैतीको हातमा आउँदैन, रैतीको राम्रो बरबन्दोबस्त हुन सक्दैन । राजाले पजनी गरेको मन्त्रिमंडल राजाकै भलो-कुभलोको मात्र ख्याल राखेर काम गर्छ, राजालाई रिझाउन र खुसाउन मात्रै मेहनत गर्छ । राजा खुशी भएमा रैती नाखुश भए पनि ति मंत्रीहरूले राजीनामा दिनु पर्दैन, तर राजा

नाखुश भएमा रैती जति सुकै खुशी भए पनि ती मन्त्रीहरूले राजीनामा दिनै पर्छ । राजाको हातमा मंत्रिमण्डल पजनी गर्ने अधिकार भए पछि वहांले पजनी गरिहाल्नुहुन्छ । यसैले राजाले पजनी गरेर राखेका मंत्रीहरू सबै राजालाई रिझाउन मात्र थाल्दछन् रैतीको ख्याल गर्न सक्दैनन् । हाम्रो नीतिमा पनि बताएको छ - "जसले राजालाई खुशी पार्न सक्छ, त्यसले प्रजालाई खुसी पार्न सक्तैन र जसले प्रजालाई खुशी राख्न चाहन्छ त्यसले राजालाई रिझाउन सक्तैन ।" राजाको भलो गर्न चाहनेले प्रजाको भलो गर्न सक्तैनन्, प्रजाको भलो चाहनेलाई राजाले मन पराउदैनन् । यसै कारणले मन्त्रिमण्डलको पजनी गर्ने हक जनताको हातमा चाहिएको छ । राजालाई रैतीको खटनमा राख्न परेको छ ।

चुनाव भएर रैतीले रोजेका वारिसहरू सरकारमा गएपछि मन्त्रिमण्डलको पजनी श्री ५ बाट हुदैन, मन्त्री पजनी गर्ने हक जनताको हुन्छ । यसैले ती रोजिएर बसेका मान्छेले राजाको डर मान्नु पर्दैन । राजा जत्ति सुकै रिसाए तापनि रैती खुशाउन सकेको छ भने कुनै प्रधान मन्त्रीलाई राजाले खोस्न सक्नुहुन्न । राजाले कसैलाई जतिसुकै मन पराए तापनि रैती रिसाएका छन् भने त्यो मान्छे प्रधानमंत्री बन्न सक्तै सक्तैन । यसैले चुनाव भएपछि बनेका हरेक मन्त्री राजाको चाकरी गर्न पट्टि नलागेर रैती-दुनियांको पीरमर्का के छ र त्यसलाई हटाउन 'कसरी सकिन्छ भन्ने पट्टिमात्र विचार गर्न थाल्दछन् । ती मन्त्रीले त आफ्नै स्वार्थको लागि पनि जनता रिझाउन थाल्नुपर्छ । अनिमात्र जनताको भलो गर्ने सरकारको ध्यान हुन्छ । मानिसले गरेको जन-सेवाको, ख्याल हुन्छ । जसले जति धेरै जनताको सेवा गर्न सकेको छ, त्यो मानिस त्यति ठूलो गनिन्छ । अनि जो सुकै पनि नाम र इज्जत कमाउन चाहने मानिस जनताको सेवा पट्टि नै लाग्दछन जनतालाई ठग्ने र दु:ख दिने तिर कसैको ध्यान जाँदैन । अनिमात्र जनतामा शान्ति र सुख आउन सक्छ । मुलुकको उन्नति हुन सक्छ । हामी नेपाली पनि अरू अरू मुलुकका मानिस सरह शिर ऊचा गरेर हिंडन सक्छौं । पेटको लागि आर्काको नोकरी गरेर सबैको सामुन्ने शिर नीचा गर्न हामी नेपालीले पनि पर्दैन । यसै कारणले हामीलाई चुनाव ज्यादै जरूरी भएको छ ।

चुनाव किन भए न ?

२०१४ साल को दशैं बड़ो नरमाइलो भएर बित्यो । किन भने फूलपातीको दिन बिहानै रेडियोले भन्यो-श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको दिन (दशैंको पूर्णिमामा चुनाव हुन सक्तैन । सारा नेपाली जनताको मन भरंग भयो । सबैले दु:ख माने । दशैंको खुशी र उल्लास रहेन । हाम्रो नेपाली जनताले राजालाई विष्णुको अवतार, देवता मान्दै आएको हो । देवताले बोलेको कुरा पनि झुट्ठा हुँदो रहेछ भन्ने नेपाली जनतालाई, स्पष्ट थाहा लाग्यो । बचन पूरा भएन । श्री ५ महाराजधिराजको बचन पुरा भएन । श्री ५ बाट ८५ लाख आफ्ना प्रजालाई दिलाइबक्सेको विश्वासमा विश्वासघात भयो । यसैले हामीले सोच्नु परेको छ चुनाव किन भएन ?

श्री ५ लाई चुनाब गराउन मन नलागेर नै चुनाव नभएको हो । श्री ५ ले चाहेको भए टंकप्रसादजीले नै पनि चुनाव गराउन कर लाग्थ्यो । श्री ५ ले चाहे के.आई. सिंह पनि चुनाव गराउन आलटाल गर्न सक्तैनन् । अैले सम्म बनेका सबै प्रधान मंत्री श्री ५ ले नै बनाइबक्सेको हो र स्वयं श्री ५ ले यस्ता प्रधान मन्त्रीलाई चुनाव नगरी सुख पाउन्नौ भन्ने हुकूम भएमा चुनावको कामलाई आलटाल गरेर टार्ने अरूको के हिम्मत ! तर, यहाँ त 'गाउं घरको मुखिया बाटो हगुवा !' भने जस्तै भएको छ । ३० महीना अघि श्री ५ ले चुनावको मिति तोकिबक्सियो र सो तोकेको मितिमा चुनाव गराउन भनी पछि टंकप्रसादलाई प्रधानमन्त्री बनाइबक्सियो । म्याद रहंदा सम्म चुनावको काममा ढीला हुन थाल्यो भनेर जनताले कराउंदा कराउँदै पनि श्री ५ ले ध्यान दिइबक्सेन र चुनाव गराउनु पर्ने मिति ठीक ३ महीना बांकी रहेपछि टंकप्रसादलाई हटाएर के.आई.सिंह (डा.कु. इन्द्रजित सिंह) लाई प्रधानमन्त्री बनाइबक्सियों टंकप्रसाद लाई खारेज गर्दा भने चुनाव गराउन नसक्ने भए भनी हुकूम भयो, तर के.आई. सिह

लाई तोकेको मितिमा चुनाव गराउनु-पर्छ भन्ने हुकूम भएन । टंकप्रसादजी प्रधानमन्त्री छंदा उनले राम्रो काम नगरेको भए श्री ५ बाट उनलाई बेलैमा हटाउनुपर्ने थियो । यसो पनि भएन । समय भिड़किसके पनि उनलाई खारेज गरिबक्यो । तापनि चुनाव गराउन कबुल गर्ने पार्टीलाई मन्त्रिमण्डल बक्सनुपर्ने ! त्यसो पनि भएन । नेपाली काङ्ग्रेसले दशैंको पूर्णिमादेखि चुनाव गराउन सक्छु भनेर कबूल गर्दा गर्दै पनि चुनाव गराउन सक्तिन भन्ने मान्छे के.आई. सिंह प्रधान मन्त्री भए । श्री ५ ले चुनाव चाहिबक्सेको भए त चुनाब गराउन सक्छु भन्नेलाई मन्त्रिमण्डल बक्सनुपर्ने थियो । बरू, उसले आफ्नो कबूल पूरा गर्न नसकेमा जनताले जस्तो भन्छ, त्यस्तै सजाय उसलाई दिनु मनासीब हो । चुनाव गराउन सक्छु भन्नेलाई पाखा फाली चुनाव अहिले हुनै सक्तैन भन्ने मान्छेलाई प्रधानमन्त्री बनाइबक्सेकैले श्री ५ को इच्छा स्पष्ट बुझिएको छ । यसैले चुनावको लागि अरू कुराको तयारी हुन सकेन भन्ने त खाली बहाना मात्र हो । चुनाव नहुने मुख्य कारण त श्री ५ लाई चुनाब गर्ने कुरा मन नपरेको नै हो ।

राजालाई चुनाब गर्ने कुरा मन परोस कसरी ? चुनाव भए पछि आफ्नो इच्छानुसार काम गर्न पाइन्न । आफूले भनेको मान्छे लाइ प्रधानमन्त्री अथवा मन्त्री बनाउन पाइन्न । आफ्ना मान्छे बडाहाकिम वा सेक्रेटरी बनाउन पाइन्न । आफ्नो मन परेको मानिस भन्दैमा उसलाई बिर्ता र बक्सिस दिन पाइन्न । मुलुकी खाना जनताको खटनमा हुन्छ । राजा स्वयम जनताको खटनमा बस्नुपर्छ । यसैले श्री ५ लाई चुनाव गराउन मन लागेको छैन र अनेक प्रकारको बहाना गरी चुनाव टारिन थालिएको छ ।

संघर्ष नगरी अब चुनाव भएन

चुनाव जनतालाई चाहिएको छ । चुनाव नभै देशमा शान्ति र सुव्यवस्था भएन । चुनाव नभै रैती दुनियाको तकलीफ गएन । राजाको हातमा अधिकार छ । राजा चुनाव नदिने भए पछि अब हामीले के गर्ने ? चूप लागेर बसौं, भएन । न बसौं त के गरौं ? राजाले पनि अब आफ्नो कबूल पूरा नगरे पछि हामीले चूप लाग्न त हुदै भएन । अंश-हक नदिए बाबूसंग त छोरो लड्छ भने राजाले पनि हक नदिए पछि राजासँग पछि नलडी भएन । रैती दुनियां साराले राजासंग लड़न थालेपछि एकलै राजाले के गर्ने ? जनतालाई त्यसै दवाउछु भनेर हुदैन । प्रजातन्त्र रैती दुनियां सबैलाई चाहिएको छ । फौजका सिपाही होउन् वा पुलिसका जवान, ठूला ठूला सेक्रेटरी भारदारहरू होउन वा अड्डाका साना-साना हाकिम कारिन्दा ! चुनाव सबैलाई चाहिएकै छ, प्रजातन्त्र सबैलाई चाहिएको छ । राजा- एक व्यक्तिलाई चुनाव नचाहिए तापनि ८५ लाख नेपालीलाई चुनाव चाहिएको छ । यसैले हामी ८५ लाख मानिस सबै मिलेर चुनावको मांग गरी संघर्षको मैंदानमा उत्रेका खण्डमा चुनाव टाल्न कसैले 'सक्ने छैन । राजासंग चुनाव माग्दा न हामीले पुलिस देखेर डराउनु छ, न फौजी सिपाही देखेर तर्सिनु छ । न त अड्डा-खानाका हाकिम कर्मचारीहरू संग नै भय मान्नु छ । "एकलो बृहस्पति भुट्टो' भनेझैं ८५ लाख जनताका सामनेमा राजाले पनि झुट्टा भएर आखिर चुनाव गराउनै पर्ने छ ।

नेपाली काङ्ग्रेसले चुनाव नगरेको वापतमा सरकार सित लड़ने अठोट गरे को छ । यस अठोटमा अैले तीन वटा पार्टी एक भएका छन् । नेपाली काङ्ग्रेस, राष्ट्रिप काङ्ग्रेस र प्रजापरिषदले मिलेर संघर्ष गर्ने घोषणा गरेका छन् । यसै गएको दशैंको टीकाको साइत गरी जमरा र अक्षेताको सगुन लिएर दशैंको पूर्णिमाका दिन यी तीनै पार्टीका मुख्य-मुख्य नेताहरू बीरगञ्जमा भेला भएका थिए । यसै भेलामा यी तीनै पार्टीको सभा एकै ठाउमा भएको हो र तीनै पार्टीले मिलेर संघर्ष गर्ने भएका छन् । यस संघर्षमा हामीले पनि साथ दिएर चुनाव-संघर्ष सफल पार्नुपरेको छ । यदि कथंकदाचित यो संघर्ष सफल भएन भने हाम्रो नेपालमा प्रजातन्त्रको नाम निशान नै रहने छैन । हामी सारा रैती जनताले एक स्वरले भन्नु परेको छ

"चुनाव-संघर्ष सफल होस् ।"

नेपाली काङ्ग्रेसले तीन कुरा अठोट गरेको छ र उ कराएर भन्छ

१. आम चुनाव गराइछोड्छौं

२. प्रजातन्त्र हुर्काइछोड़छौं

३. विधान पनि बनाइछोड़छौं

अैले मुख्य हामीलाई चाहिएको यही छ । यस कुराको लागि हामीले पनि कोशिश गर्नुपर्छ ।

संघर्ष कस्तो हुने हो ?

यस पटकको लडाई सात सालको जस्तो लड़ाई हुन्न । सात सालमा राना सरकारलाई पाए सम्म खतमै पार्ने भनेर कांग्रेस लड़े को थियो । यस पटक त खालि चुनाव होस भनेर मात्र उ लड़न थाले को हो । यसैले यस पटकको संघर्षमा कसैले पनि हतियार उठाउने र काट-मार गर्ने कुरै हुँदैन । यस पटक त लड़ने लडकुहरू-बिना हतियार सरकारी अड्डा खानामा जान्छन् र अड्डाको काम बन्द गर बनेर भन्छन् । ढोकामा बसेर भित्र पस्नै दिन्न भन्छन् । बाटोमा सुतेर बाटै छेकि दिन्छन् । जब सम्म सरकारले उनीहरूलाई पक्रिदैन तब सम्म ढोकामा धर्ना दिन छोडदैनन् । चुनाव नचाहने सरकारको कानून हामी मान्दैनौ भनी अड्डा-खानाको काम बन्द गराउन खोज्दछन् । तर अड्डा भित्र गएर जथाभावी गर्दैनन् । कर्मचारीलाई कानून नमान, काम गर्न छोडिदेऊ भनी बड़ो नम्रताका साथ बिन्ती गर्छन् र अड्डा-खानामा काम चल्न दिंदैनन् । यसरी काम बन्द गराउँदा सरकारले पक्यो भने जेलमा गएर खुरुक्क बसिदिन्छन्, पुलिस सित हात-पात गर्दैनन् । यसेले पो तीनै बटा पार्टीले मिलेर बनाएको प्रजातान्त्रिक मोर्चाको मीटिंगले यस चुनाव संघर्षको नामै "भद्र अवज्ञा आन्दोलन" भन्ने राखेको छ ।

यसरी अन्दोलन गर्दा एक थरी मान्छे पक्रिए भने तुरुन्तै आर्काथरी मान्छे गएर उनीहरूको ठाउंमा धर्ना दिन थाल्छन् । यसरी पक्रदा पक्रदा पनि वाक्क भएर सरकारले थाक्नुपर्ने बनाउंछन् । धेरै मान्छे जेलमा राखे पछि खान दिनै पऱ्यो । यसरी आन्दोलन गरेर पक्रेका मान्छेलाई जेलमा पनि सरकारले हेला गरेर राख्न पाउन्न । इज्जत साथ राख्नुपर्छ । यसरी राख्न कति मान्छेलाई राख्नु ? आखिर सरकारले हार मानेर जनताको मांग पूरा गर्न लाग्छ र चुनाब नगराई सुख हुन्न ।

यसरी संघर्ष शुरू गर्ने प्रजातांत्रिक मोर्चाले २२ गते मार्गको दिन किटान गरेको छ । आश्विन २२ गते राजाको वचन भुट्टा ठहरेको दिन थियो र त्यसै दिन २२ मंसीरमा संघर्ष गर्ने भन्ने निर्णय भएको हो । २२ गतेदेखि जेल जानको लागि हामी सबै तैयार भएर बस्नुपर्छ । हामीले यो संझनुपर्छ कि जेल जानु खराब होइन । हो, चोरी-डकैती जस्ता बदमासी गरी अर्काको हक र अधिकार खोस्न खोज्दा जेल गएको छ भने त्यसलाई पापी भन्नुपर्छ । यदि आफ्नो हक र अधिकार लिन (राजनैतिक मामलामा) जेल गएको छ भने त यसले इहत्र परत्र दुवैतिर पुण्य हुन्छ ! हामी पनि यस लोकमा इज्जत र परलोकमा पुण्य कमाउन चाहन्छौं भने यो भन्दा सुनौला मौका अरू भेट्टिने छैन, भद्रअवज्ञा आन्दोलन गरेर जेल बस्न जानु पर्छ । यस जेल वासले हामीले आज सम्म गरेका सारा पाप कटनी हुन्छ र ८५ लाख मानिसका भाग्य सपार्न गरेको उद्योगले गर्दा परत्रमा पनि हामीलाई ठूलो फल प्राप्ति हुन्छ । यसैले जेल जाने मौका चुकाउन हुन्न । हामीले यो सम्झनुपर्छ कि यो आन्दोलन चुनाब गराएर ८५ लाख मान्छेको भाग्य सपार्न गरिएको आन्दोलन हो र यसको फल ठूलो छ ।

यो संघर्ष के को निम्ति ?

यो संघर्ष चुनाव गराउनको निम्ति हो । गीतामा 'आफ्नो उद्धार आफैं गर्नुपर्छ' भनेको छ । हाम्रो उद्धार


हामी आफैं रैती दुनियां लाई गर्न दिन चुनाव चाहिएको छ । हामी राजालाई गलहत्याउन चाहन्नौं । तर, राजाकै भरमा मात्र पनि बस्न चाहन्नौं । राजालाई रैतीको खटनमा ठूलो इज्जत र कदरका साथ राख्न हामी चाहन्छौं । यसो गर्न हामीलाई चुनाव चाहिएको छ । चुनाव राजाले दिनुभएन । यसैले हामीले यो संघर्ष गर्नु परेको हो । १४ साल आश्विनमा चुनाव भएन । सो नभए तापनि १४ सालको चैत महीना सम्म त चुनाव भै सक्नुपर्छ भन्ने हाम्रो मांग छ । यसै मांग पूरा गराउन हामी लडन थालेका हौं । हामी भन्छौं: - २०१४ सालको आखिरी सम्म भने पनि चुनाव त संपन्न हुनै पर्छ । चुनाव हामीलाई चाहिएको छ । सो नलिई हामी छोड़दैनौं ।

जय नेपाल ! नेपाली कांग्रेस द्वारा प्रचारित

मुद्रकः- गोरखपुर प्रिन्टिंग प्रेस, नखास चौक गोरखपुर ।

(नोटः साभार प्रतिको पुरानो प्रति नमूना यहाँ तल उल्लेख छ ।)

जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ, भाषा पहिलाको नै प्रयोग गर्ने प्रयास गरिएको हो – प्रकाशक





(९)

श्री ५ को पुनरावलोकन

(१०)

(११)

(१२)

(१३)

(१४)

(१५)

(१६)

परिशिष्ट २

(प्रस्तावक - श्रीकान्त अधिकारी, रहेर प्रस्तुत राजनीति- एक सिद्धान्त मा शुरूमा कुनै शिर्षक उल्लेख नगरिकन भूमिकाको अन्त्यमा विनित उल्लेख छ भने मूल खण्डमा पनि कुनै शिर्षक छैन जस्ताको तस्तै उतार्ने प्रयास गरिएको छ, भाषा पहिलाको नै प्रयोग गर्ने प्रयास गरिएको हो – प्रकाशक)

राजनीति- एक सिद्धान्त

अणु परमाणुहरू च्याती खोसेली केलाएर हेरिएको वर्तमान विश्वको समक्ष मानिस कस्तो भो, विचारधाराहरू कति तिखारिए, अथवा मनुष्य आफै सर्वाङ्ग पूर्ण त भएन ? अहिलेको संसारमा कोही कसैसँग टाढा छैन, पर्दा शून्य छ - जहाँ अणु (ब्रम्हा) परमाणु (ब्रम्हाण्ड) पनि फुटेर वाहिर देखा परिसकेको छ । अव मानिस स्वयं प्रदीप्त छ, सबै सबका नगीच छन् - वाहिरी खोलमा कसैले आफूलाई टाढा देख्न सक्तैन । किन्तु वर्तमान युगको देन धेरै बादविवाद र उन्नति विकासद्वारा शरीर जति नगीच सरेपनि मन दूषित छ, टाढा छ - अतिदूर । किनभने मानव-उद्देश्य नै हेपिएको छ, ढाकिएको छ । बाहिरी विषमताहरू जति बढ्दै छन्, जटिल हुँदैछन्, भित्री कटुताहरू उत्ति तन्किदै छन् । भौतिक विकासको पराकाष्ठामा ख्याल नभएको नैतिकताद्वारा मानव- अध्यात्मको प्रगति हुन सकेको छैन । यस किसिमको प्रगतिमा एक कदम र पाइला पाइलामा ग्रह उपग्रहहरूलाई टेके पनि हिंसाको विभीषिकाले हरबखत वुद्धको दया, ईशाको प्रेम, गान्धीको सत्य, अहिंशा जस्ता अतिउच्च दर्शनहरूलाई पनि चुनौती दिइरहन्छ, कहिल्यै शान्त वातावरणको सिर्जना हुन्न प्रश्न उठीरहन्छ, सृष्टि कि संहार ? आखिर सवै मनुष्यको मुठी भित्र छ माता सबंकी धरती, - उनी बोल्दिनन् सारा सन्ततिलाई काखमा राखी झुलाउने घुमाउने कर्तव्य उनको गति, आपनो रफ्तारमा चलीरहन्छ, चलीरहेको छ । शायद मूक भाषामा भन्दिहुन् "एउटै कल्पवृक्षमा विभिन्न सांस्कृतिक फलहरू लटकाई शान्त बाताबरणमा हुर्किने, बढ्ने, बाँच्ने पनि वानी वसाऊ, जे तिम्रो हात परेको छ, त्यो अमृत हो, ठाउँमा रेल, छर, पोख, विषको शैली नबनाऊ, नघुमाऊ, नतर्साउ ।

यही क्रन्दन भित्र मानवताको छटपटी फेला पर्दछ । अहिलेको विषमयुग, जसलाई विभिन्न दृष्टिकोणको सोचाइले घिसार्दै छ । आखिर सब समस्यालाई निपटारा गर्ने गहन-भार राजनीति माथि नै लादिएको छ, लादिइन्छ । हो, आखिर सबको प्रहार राजनीति नै । किन्तु मानिसको ज्यादै तल्लो तहको मनस्थितिले गर्दा उदार राजनीति अटाउदैन, अटाएको छैन, सर्वोपरि हुन्छ-यस मानेमा यात भगवान्को अवतार हुन्छ यात प्रकाण्ड पंडित गुरु, महात्मा वा महर्षि इत्यादि जसलाई संझनु मात्र पनि यता (वरत्रमा) अव्यावहारिक र कल्पना मात्र मानिन्छ र उता (परत्र) को लागि धर्म र मुक्तिको मार्ग, आखिर यतिसम्म त्यो उद्देश्य र आचरणहरू हृदयमा धान्न वा धानिन नसकेर मन्दिर, मस्जिद र स्मारक इत्यादिमा लगेर थुनिन्छन् थुन्नुको साथ किताबमा पाठ र पूजा मन बहलावको निति थन्किन् पनि । हेरौं, रामचन्द्र, रुसो, कार्लमावर्स र एङ्गेल्स, गान्धी, स्टाल्टाय इत्यादि सबै यही चक्करका सिकार भैसके यतिसम्म लास्की जस्तो समाजवादीहरू पनि बोझा हुन थाले ।

रामचन्द्रको आदर्श राज्यशासन, आधुनिक प्रत्यक्ष शासन (एकतन्त्री हुकुमत को धारिलो खड्गको फेला पऱ्यो, राजा अवतार भएर थन्किए । एवं प्रजातन्त्रवाद आर्थिक विषमताका संक्रामकहरूको सिकार भयो । साम्यवादी दर्शन अधिनायकवादी शूलीमा उनियो । सर्वोदयवाद स्वराज्य-सिद्धान्तको विपरीत स्वदेशी राज्यको

छोटो चक्करमा रिग्न थाल्यो । अराजकताबाद कल्पनाकै महल भयो । यतिसम्म समाजवाद पनि अल्झि भरिया र बुर्जुवानाइकेको फेरमा परेर हर्कन थाल्यो । यस्तै अरू कर्मयोगीका देनहरू जस्ती, गीता परत्रको लागी प्रायश्चितको पुल भएर सिरानमा सुतेको र कृष्णा जस्ता साहसी र सुचतुरहरू मन्दिर-कुरुवा मूक पत्थर भई पसारिएका हजारन दृष्टान्तको ज्वलन्त प्रमाण साथ इतिहास मनुष्यलाई गिज्याइ रहेछ ।

यस्तै दर्शनको छोटो सोचाइले गर्दा विषमताको बोर बढी रहेको हो, जस्ले सदादिन विप्लव र विस्फोटको इशारातिर दुनियाँलाई ओराली रहेको छ ।

जहाँसम्म "विषमता" को नाममा आर्थिक, नैतिक, भौतिक, आध्यात्मिक क्षेत्रहरूमा र लोकसत्ता (जनअधिकार) को पनि विशेष सवाल अगाडि आउँछ । कोलाहललाई एकै पटक पेलेर नयाँ संसारको सृष्टि गर्ने जबर्दस्त आत्मबल र नैतिकवलको ब्रह्मास्त्र, दूषित मनस्थितिको गहिरो भूमरी एवं अन्धर्गतंमा खसाल्नु परीसकेको छ । यस्को निति "आत्मैवह्यात्मनो बन्धु रात्मैव रिपुरात्मनः" यस मन्त्रको उपासना साथ विश्वसंघ, विश्वशान्ति, विश्ववन्धुत्व खास मानवताको लक्ष राखी अणुपरमाणुहरूलाई पखाल्दै पुछदै सानातिना क्षेत्र क्षेत्रहरूमा रहेर -

- किटिएको लक्ष्यमा एकत्रित हुनु, उमेर र अवस्थाको सीमा बुझ्नु, यस्को महत्व र मर्यादालाई स्पष्ट पार्नु,
- संकीर्ण-उत्पादन र सीमित सञ्चय को फेरमा परी आपसी कटुता पैंदा नगर्नु, सहयोग र सहप्रयासको द्वन्दमा यथेस्ठ उब्जाउनु,
- अर्काका अधिकारको मर्यादा गर्नु, आपना कर्तव्यको उपेक्षा नगर्नु,
- शारीरिक र मानसिक परिश्रम र मुराकलाई सँगै खोज्ने बानी बसाल्नु,
- वस्तु र रूपको ऐक्यता झै सिध्दान्त र आचरणलाई मिसाउनु ।

यी प्रयोगात्मक् नाराहरू साथ मनुष्य-समाजलाई एक स्पष्ट नक्सामा विभाजन गर्दिनु पर्दछ, जो यस प्रकार होओस्,

एक - प्रगतिशील (शिशु) समाज, जस्ले २१ वर्षको उमेरसम्ममा सारा सांसारिक प्रपञ्चको प्रारूप, पाठ्यपुस्तकको सहारा ली पढी सक्तछ र आफ्नो अगिबढ्ने अभिरोच्य विषय पनि छुट्याइ सक्तछ ।

दुइ - भारवाहक (वयस्क) समाज, जस्ले आफ्नो तागत अनुसार समाजका यावत् भारहरूलाई सहसा काँध थाप्तछ, सम्पूर्ण जिम्मेदारीहरू उठाउँछ । जस्को क्षमता ६० वर्षसम्मका मानिमहरूले राख्तछन् ।

तीन - उपदेशक (वयोवृध्द) समाज, जस्ले आफ्ना चिन्तन अनुभूतिहरूको आधारमा फराकिला दर्शनहरू अगाडि सारेर स्वच्छ आश्रम वा आश्रमवत् आपनो घर पीडि, बङ्गला, वगैचा इत्यादिमा रहेर अथवा घुमेर पनि सदुपदेश छर्दछ । अरू सामाजिक भारहरूबाट मुक्त हुँदै जान्छ । जरमा ६० बर्षदेखि उकालो लागेका मानिसहरू यस्मा हुन्छन् ।

यस्को लागि आत्मपरिवर्तनको कठोरव्रत र अत्यन्त सहिष्णुतालाई बोकेर धैर्यसाथ काम गर्न गाउँगाउँ घर घर जनजनमा भिज्दै पस्दै मनुष्यलाई आपसी नैतिक (धर्म) बन्धनमा बाँधिएर बस्न र बसाल्न हरमनुष्यको मानव-अभियान शुरुहुनु पर्दछ । जसद्वारा संसारको यो आँधी र तूफान स्वयं हट्तछ, स्वतः पन्छिन्छ ।

यस आदर्शमा प्रतिद्वन्दित तथा एकत्रित राजनीतिक आरम्भ लाई अगिसार्न-खासबिरुवा रोप्न, खाली ठाउँ नै उपयोगी हुन्छ, जो शुरुदेखि नै आर्थिक, बौद्धिक शोषणको तानातान र संघर्ष गर्नु नपर्ने भूमि (भूमिका)

मा रोपिएको होओस् । यस्को लागि हरेक दशाका सोधनहरू शून्य नवजागरण र नवनिर्माणको शुरु किनारमा उभिएको देश नेपाल हाम्रो समक्ष छ । जस्को "रित्तो ठाउँ" जेको लागि पनि पर्याप्त छ । किन्तु यहाँ एउटा दूषित ग्याँस भरिएको छ । जस्ले जननेतृत्वको टक्कर लिने राजा र खुद राजनैतिक नेता, आम जनतालाई नैतिक हार ख्वाएको छ, पछारेको छ, त्यो हो १०४ वर्षको देन सामन्तीरोग र दास्यमनोवृत्ति । जसको ट्यूबको हावा फुस्कनासाथ यो देश स्वच्छ हुन्छ । जहाँ सावधानीसाथ सामूहिक उत्थानको उद्देश्यमा रोपिने विश्वा हरवखत हरेकलाई हरेक क्षेत्रमा एकसाथ उठाउदै बढ्दै भ्याङ्गिदै, फूल्दै फल्दै जान सक्छ, वास्तविक धरातलबाट खास लोकसत्तालाई नै उठाउन कामयाब हुन्छ ।

यसकै यादमा प्राथमिक कार्यत्रमहरू यहाँ कोर्ने प्रयास भएको छ र यो एउटा प्रस्तावकै रूपमा दुनियांमा पुरा आफ्नो ठाउँ नबनाए नपाएसम्म सधै घचघच्याइ रहने गरी प्रस्तुत भएको छ । हुन सक्छ यस कार्यक्रम भित्र खडाहुने गाउँहरू, (कमसेकम दश दशवटा मात्र पनि) संसारका ठूलठूला विद्वान् विचारकहरूको उपदेश र आचरणको प्रचुरता भित्र उनीहरूकै नाममा खडा होऊन् र राष्ट्रिय महापुराणका उद्देश्य र आँटलाई अगिसार्ने घर चोटा कोठा बैठकहरू पनि वनुन । मानेकही गान्धीग्राम वस्तछ भने त्यसभित्र पृथ्वीनारायण शाह र भानुभक्तको नाममा पृथ्वीनारायण विद्यालय र भानु पुस्तकालय पनि खडा होओस् । किन्तु नामका होइनन्, यिनीहरूको रुपान्तरित देहहरू खडा होऊन् र यिनीहरूकै सिध्दान्तको बास्तविक, जगत । के यस्ता संसारका ८५ वटा महापुरुष र नेपालका यावत इतिहास प्रसिद्ध पुरुषार्थीहरू यस देशको नवनिर्माणमा नाप्न सकोइनन् ?

अन्तमा यो प्रस्ताव प्रभातको त्यो काखमा समर्पित छ जस्ले प्रतिदिन नौलो सन्देश सुसेल्दछ, ती महापुरुषहरूको सम्झनामा जस्को सिध्दान्त स्वप्न छ । ती साथीहरूको हतमा जो आजको विषम परिस्थितिलाई नैतिकवलको अस्त्रद्वारा परास्त गराउने अटल विश्वास र अठोटमा छन् र स्वतन्त्रता वचाउन आत्मनिर्भरताको अन्वेषणमा संलग्न छन् ।

विनीत प्रस्तावक - श्रीकान्त अधिकारी

पं. ३ नं. लमजुङ

दुराडाँडा (नेपाल)

राजनीति- एक सिद्धान्त (मूल खण्ड संकेतमात्र– प्रकाशक)

मान्छे आफ्नू पूर्णताभित्र संसारलाई सम्पूर्ण बनाउन आरम्भ देखि नै सगठित हुन थालेको ऐतिहासिकक्रमले देखाउँछ । किन्तु सङ्गठित मानव समाजले आफ्नै हितका निति जहाँ जस्तो विरुवा हुर्कायो, पछि त्यहाँ त्यही चीज गलत सावित भई त्यसैलाई फाल्न बा बदल्न खोज्दा भएका संघर्षका कथाहरूले इतिहास बनेको छ । मान्छेले मान्छेकै सहारा लिई मान्छेबाटै आफूलाई सर्वतन्त्र स्वतन्त्रपार्न सकेको छैन, मानवताको रेखासम्म कोर्न सकेको वा पाएको पनि छैन । विशाल आकांक्षाहरू चिरकालदेखि कोटी कोटी जनताका बीच सँधै धरखरिएकै रूपमा देखापर्दछन् । यिनैका प्रतीक कैयन राजा वा राजनैतिक पुरुष, महात्मा वा प्रकाण्डबिद्वान् जो जति तंसिए पनि सबै अलपत्र परे । विषमतालाई काटछाँट, तानतुन पार्न तरवार नाचे, सिद्धान्त उठे, नाराघन्के, उदारता र अनुशासनहरू ओच्छ्याइए । सबै केही वेरको लागि विभीषिका भए, मनोरञ्जनका साधन भए, उपहास भए । रीस, डाह, लोभ, मोह, शङ्का उपशङ्का, इत्यादिले गर्दा अमृत पनि ओकलियो । विष पच्ने कुरा होइन, पेट उमठ्यो, आन्द्रावाटिए सँधै गडबडी अशान्ति, कोलाहल, चीत्कारको चक्र घुम्यो । यसलाई परास्त गर्न हृदयहीनहरूको छाती फुकाउन "सर्वं खल्विदं ब्रह्म" "बसुधैव कुटुम्बकम्" को उडन खटौलामा आध्यात्मिक दर्शन उठ्यो,

मस्तिष्कहीनहरूको दिमाग तिखार्नं स्पुत्नीक युगको प्रभातले ९० मिनेटमा प्रदक्षिणा गर्ने उपहार (उपग्रह) पृथ्विलाई चढायो, तथापि सहृदयता र विवेकीपनले राम्रो संसार रुझन सकेन, रसाउन सकेन । मानव अन्तरात्मा सँघ अवरुद्ध, आहत एवं अशान्त र शुष्क छ ।

उक्त इतिहास र घटनालाई च्यापेर प्रतिदिन, प्रतिपल घुमीरहने गोल पृथ्वीको एक छेउमा आफ्नू अभिनय साथ नेपाल पनि रिगीरहेको छ । संसारको सृष्टिदेखि लिएर आदिम समाज, रजौटेराज, राम, कृष्ण, बुद्ध, क्राइष्टका आचरण र उपदेश, विश्वका विभिन्न राजनैतिकवाद, वेलायती राजतन्त्र र अमेरिकी प्रजातन्त्र, मार्क्सको उदय, रसियन साम्यबाद र गान्धीवादको प्रभात, सानातिना झै झगडादेखि लिएर द्वितीय विश्वयुद्धको उपसंहार एवं विभिन्न साम्प्रदायिक धार्मिक झमेला, रीतिरिवाज चालचलन इत्यादिले पांकेको विश्वइतिहासको पेट पुछुवा अन्तमा एकतन्त्री लौह-श्रृङ्खला तोडो चराचर हेर्ने सुअवसर प्राप्त नेपाल र यसका हामी नेपालीले माथिका कुराहरूको राम्रो अध्ययनसाथ न त कुनै नयाँवादको सिर्जना गरेर आफ्नो राष्ट्रको खास प्रतिनिधित्व गर्ने नक्सा खिच्न सक्यौं, न त घटनाक्रमले दिएका आफ्ना कर्तव्य र अधिकारहरू वहन गर्ने क्षमता नै बनायौं, केवल मूर्खता सावित भयो ।

भूल वा मुड्पेलैले पनि किन नहोस्, जनचेतनालाई जनाउनुको बदला जनचेतना र यसद्वारा उत्पन्न जनशक्तिलाई समेत क्षीण पार्ने प्रयास बढ्न थाल्यो, जसमा निर्देशकहरूको ठूलो लापरवाही रह्यो । भोला भाला जनता यसप्रति बिलकूल निर्दोष छन्, किनकि उनीहरूले त्यसै दिन आफ्नू कर्तब्य पूर्ण भएको संझेका छन्, जुन दिन विदेशीएका राजा, प्रवासमा रही मन्त्र फुक्ने र जेलमा सडी तपस्या गर्ने नेताहरूलाई आफ्नो काखमा ल्याउन सक्तो सेवा समर्पण गरे, जसमा अधिकांश सत्यता पनि छ । तत्पश्चात् यता चलेका चलीरहेका आम घात प्रतिघातमा जनता बिलकूल अनभिज्ञ छन् । क्रान्तिको देन वर्ष यता देशमा केही भएको अवश्य छ, यसलाई पनि छोडौं, चेतना पनि बढ़ेकै छ । किन्तु विश्वास (संगठन) र नैतिकता घटेको छ भन्नुमा कुनं अत्युक्ति हुँदैन । मौका र अवसरको अनुकूलतामा खास अभिष्टलाई भूलेर सत्ता प्राप्तिलाई उद्देश्य प्राप्तिको एक बलियो साधन मात्र नसंझी यसैलाई उद्देश्य प्राप्ति संझेर जनतातर्फ पीठ फर्क्यौं, आफैमा रहेको तागत तौलने होशसम्म आएन, जनतामा होश हाल्ने कुरा अझै पर रहोस् ! सातसाल पछि सातसालका घोषणाभित्र जति जुम्रा टिपे पनि सातसाल पछि सातसालका आफ्ना नारा, प्रस्ताव, लेख इत्यादिको झुत्तामा भैसी नाच्ने कुरा पनि यस स्थितिमा हामीले स्पष्ट मान्नु पर्दछ । ७ सालदेखि ०१४ सालसम्म ७ वर्ष भित्रमा हामी जे जे को लागि तैयार हुँदै गयौं, त्यही चीज प्राप्त गर्दै पनि आएका छौं । कुच्चिदै कुच्याउँदै उठेको उत्तानो भाड़ोमा जति अडिन्थ्यो, त्यति नै रहेको छ, उत्ताउलाको लागि यसभन्दा बढी चेतावनी अरु हुन पनि सक्तैन ।

यस्ता मौका र छिद्रहरू फेला पारी ९० प्रतिशत किसानहरूको यस देशमा यिनै भोला भाला जनतालाई भोऱ्याउने कैयन नामधारी संघ र संस्थाहरू जन्मिए । यतिसम्म यो दुर्बल स्थितिको गर्भबाट दुनियाँको इतिहासमा नयाँ अवतार लिएर तथाकथित सामन्तहरूको खुला संगठन पनि अस्थीर राजनीतिलाई समाल्न र किसानहरूकै भलो गर्न भनी बैडिएको छ ।

देशको वर्तमान स्थितिलाई जस कसैले पनि यदि गडेर हेर्दछ भने यो तसवीर स्पष्ट देख्तछ- "देशको पञ्चतत्वमा निर्वाह गरी बाँल्ने निमुखा देशवासीहरू एकातिर छन्, यिनैको भलो चिताई जिल्ल्याउन बसेका राजनैतिक पार्टीहरू एकातिर, सत्ताको छत्र छायामा ओतिएर बस्ने कर्मचारीवर्ग एकातिर, अर्कातिर सामन्तहरूको नौलोजातक (संगठन)"।

यी मध्ये तल्ला तीनहरू निमुखा देशवासीको सेवा गर्न तीन करोडको वजेटभित्र सत्ताहत्याएर वा प्रमोशन पाएर सेवक तथा इमान्दार बन्ने शपथ खाएर हिंडेको देखिन्छ । सत्ता पाए मात्र सेवा गर्छु र प्रमोशन पाएर इमान्दार बन्छु भन्ने कुरा अत्यन्त झुरु शपथ हो, धोखा हो । यिनै चिप्ला पथ र प्रतिज्ञाको नागपाशले तमाम अनजान नागरिकहरूको नाक पत्रेको छ, घिच्याएको छ, होच्याएको छ ।

हो, सत्ताप्राप्ति पनि उद्देश्यप्राप्तिको एक बलियो साधन, किन्तु यसभित्र पनि विशेष आँखा त्यसै बखत गाडिन्छ, शक्ति पनि लगाइन्छ, जुन अवस्थामा आफ्नो ढंगको समाज सेवा गर्न पनि पाइलो चाल्न पाइन्न, साधारण सामाजिक राजनैतिक अधिकारहरू समेत अपहृत हुन्छन् । एक प्रश्न यहाँनेर अबाक भै खड़ा भएको छ- "यस देशलाई काँचुली फेराउन विभिन्न आर्थिक प्रोग्राम तथा अन्य प्रोग्रामहरू जन समक्ष प्रस्तुत गर्ने सरकारभन्दा शक्तिशाली धनवान् व्यक्तिहरू, संस्थाका कार्यकर्ताहरू, प्रशासन यन्त्रका पुर्जाहरू, जसले आफूले बोलेका वचन, श्राफले बनाएका नियम, विधान, आफैले थाप्लो थापी शपथ खाएका कानूनहरूलाई नछोडी आफ्ना आचरणहरू बनाउन (किसानको सुर्कानि खुकुलो पार्न, कानून नछोडी ऋणदिन, औद्योगिक कार्यमा थैली खोल्न, कालो वजार नगर्न, फट्याई नगर्न, घुस नखान) सवतछन् वा सकेकाछन ?" जसको निति सत्ता र प्रमोशनको मुकुण्डो भिर्नु पर्दैन, संस्था र कानूनको गोरेटो हिड्नु पर्दछ, आफ्ना प्रतिज्ञाको अनुरूप आफू वन्नु पर्दछ, कसैको कहीं कतै छेक थुन छैन । सत्ता बाहिर वा प्रमोशन मुन्तिर रहेर कसैले पच्चीस आनामा पच्चीसैको सेवा पुयाउन नसकोस्, आठ आनाको सेवा त सिद्धान्तवादीले आफ्नो आचरण बनाएर पनि पुऱ्याउन सक्छ, गर्ने सक्तछ । यो होइन भने सत्ता बाहिर बस्ता वा प्रमोशन मुन्तिर बस्ता दुवै हात मुखमा हाल्नेले सत्ता पाए पछि एकहात स्वयं झिकी दिन्छ भन्ने कुरामा कसरी विश्वास गर्ने ? आर्थिक तथा बौद्धिक हरेक दशाबाट गिरेको यस देशको लागि एक छिन पनि गर्न नहुने हुन नसक्ने कार्यहरू ७ वर्ष यताका अभिभावहरूको अभिनेतृत्वमा नाटकीय अभिनयले यसै देशमा गरेको छ र यसभित्र तमाम खेलहरू समाप्त प्रायः भई खसेको अन्तीम पर्दाको अगाडि हामी उभिएका छौं, नेपाल खडा छ ।

वास्तविकता अन्तमा देखा परेको छ-

"सिद्धान्त र त्यस अनुरूप बनाउने आचरणलाई जोडने प्रयासको प्रयोगात्मक सेवाले ने आत्मबल पैदा हुन्छ र सत्ता पनि झुक्तछ । सत्तामा पुगी सिद्धान्तवादी बन्ने कुरा केवल नारा हो, भोर हो," राष्ट्रीय तागत कहाँ छ, कति छ त्यसलाई प्रजातान्त्रिक अभ्यास साथ कसरी ल्याउन, पाउन वा उठाउन सकिन्छ, वाहिरी सहायतालाई एकको अनेक बनाई कसरी राष्ट्रीय रूप दिन सकिन्छ, औद्योगिक क्रान्ति र विकासको जगै नबसेको यस देशमा भएकै सम्पत्तिमा पहिरो लाग्न नदी कसरी उकासेर २X४ पेसाको पैदावार बढाई ३ करोडको छोटो वजेटको सुर्कानेबाट सामाजिक हितका कुराहरूलाई मुक्त पार्न सकिन्छ इत्यादि मसीना र गहकिला कुराहरूलाई बास्तै नगरी अत्यन्त हलुंगो व्यक्तिगत तथा राजनैतिक स्वार्थ छोड्न नसकी आजसम्म कसैले पनि जनसमक्ष आइ उपरोक्त कुराहरू को रचनात्मक समाधानहरू पेश गर्न सकेका छैनन् । आज केबल संकट पैदा गराई फालहात्दा ग़ड्ने वा उत्रने उछिट्टिने वा पछार्ने या पछारिने रमाइलो आदतलाई नै राजनैतिक कुटनैतिक चातुर्यको कसी मानिएको छ र यसैमा सेवाको संज्ञा जोडिएको छ । जस्मा अत्यधिक अनैतिकतालाई नै उकास्ने अङ्ग छन्, रहन्छन् पनि ।

यस स्थितिमा कसैको केही विलक्षणता र महत्व फेला पर्दैन, को कस्तो भन्ने कुरा साफ स्पष्ट छ । जे होओस् हामीले एक पटक सबैलाई एक पंक्तिमा रहेको अनुभव गरी राजसत्ता र गरीबीको अन्तरवाट पेलिदै उठ्न थालेको प्रजातान्त्रिक विरुवालाई हुर्काउन कम्मर कसौं, अधिक समय बोल्नुभन्दा कामगर्नुतर्फ लाग्नु अत्यावश्यक ठानी निम्नलिखित न्यूनतम कार्यक्रमहरू लिएर गाउँतर्फ फर्कौं, यसैको प्रगतिमा मिलेर प्रतिस्पर्धा खड़ा गरौं ।

अन्यथा जनताको बीच सेवा गर्छु भनी आउने कुनै नैतिक अधिकार कसैको रहने छैन । भनौं, यो अहिलेसम्म देश सेवाको स्वयं प्रमाणपत्रः भिरी हिड्नेहरूसंग गरिएको गुनासो र आवाहन पनि हो ।

भोला भाला हामीहरू चाहीं त्यो काल्पनिक जगत् खडा गर्न ठूलो लक्ष्य राखौ हरेकका अधिकारलाई वचाई आफ्ना कर्तव्यहरू पूरा गर्ने प्रजातान्त्रिक अभ्याससाथ जो भएका आफ्नै खेती पाती, हलो कोदालो, ढीडोरोटो, सागसिस्तु, भोटो कछाड़ सम्मलाई पनि काट्न नदिई यसैभित्र आफ्नो प्रगतिलाई दौडाई अन्तराष्ट्रीय प्रवाहलाई भेट्न दृढ प्रतिज्ञ भई कसरी दौडन सक्तछौं, हाम्रा कामहरू थाली हालौं । आशा गर्दा गर्दै एक एक गरी समयले आफ्नै काखबाट बालबालिकालाई खोस्तछ, मूर्ख हुन्छन्, जंगलीपन छुट्तैन हामी जिल्लिन्छौं । सरकारी आशा भरोसाको संझनामा हामीले यो कदापी भूल्न हुँदैन, अहिलेसम्मको अव्यवस्थित व्यवस्था र नीच राजनैतिक तिकडमले हामीलाई स्पष्ट यो ग्यारण्टी दिएको छ 'भोला भाला देशवासी हो, तिमीहरू आफ्ना दैनिक जीवनका प्रमुख अङ्गहरूको निर्माण र विकास आफै गर, गाउँले भोलापनलाई आफै बचाऊ, देवत्व जगाऊ, आफूलाई आफै रक्षा गर" बर्तमान गरीबी र अन्य सामाजिक कुरीतिहरूले गर्दा शायद हामीलाई बेलैमा वूड्याईले छोप्दछ र उमेर पुगेर पनि वालक तथा वयस्क बन्नु परेको छ । जे होस् माथिको अनुभवमा विभाजित मानव समाजको आदर्शलाई नभूलौं । वयस्क समाजको दुइ बाँहुमा शिशु समाजको, प्रगति र विकास, बृद्ध समाजको सुरक्षा र मर्यादाका गहन भारहरू लादिएको खयाल गरी वयस्क समाजले गर्नु पर्ने सामाजिक कार्यहरू १००० घरधुरीसम्म भएको एक क्षेत्र वा एउटा मौजामा पहिले यसरी थालिनु पर्दछ, जो प्रजातन्त्रको पूर्ण परिचालन साथ संसदीय प्रणालीद्वारा शुरु हद्रन्छन् । जस्ले गर्नु पर्ने प्राथमिक कार्यक्रम, तालिका, प्रतिज्ञा, विधान नियमहरू निम्नप्रकारका छन् ।

(क) कार्यक्रम -

१) शिक्षा-यस अन्तर्गत निःशुल्क तथा अनिवार्य प्राईमरी 'लोअर" स्कूल चार, अमर प्रा. स्कूल एक, सार्वजनिक पुस्तकालय वाचनालय एक, सांस्कृतिक निकेतन (स्थानीय भजन, लोकगीत लोकनृत्य, नाटक, वालुन, रोदी, घाटु र अन्य कलाहरू समेत भएको) एक ।

२) चिकित्सा - एक वैद्य र काष्ठादिको साधारण प्रवन्ध र अरू औषधीहरू पनि ।

३) आधुनिक खेती- कममा ५०। मुरीको एकप्लटमा एउटा योग्य कृषकको संरक्षणमा प्रयोगात्मक सामूहिक खेती हुने । जसबाट सिकेर त्यस अनुरूप आफ्नो खेतीपातीमा प्रगति गर्ने र एकमा दुइ, दुइमा तीन बाली लगाउने प्रोत्साहन भर्ने ।

४) घरेलु इलम (तान चर्खा) - जस्मा गाउँले प्रत्येक घरले उब्जाएको ४ धार्नी कपास मध्ये १ धार्नी कपास, दुइ जना योग्य शिक्षक हरेक गाउँबाट एक एक जना विद्यार्थी अनिवार्य राखिन्छ, प्राथमिक रूपमा ।

५) वन संरक्षण - जसद्वारा मौसम हेरी जंगल गोड्ने (बांगा टेडा वुढा रूखहरू काट्ने) काम हुन्छ र काठमाथि समुचित नियन्त्रण राखी कार्तिक र फाल्गुण महीनामा गोड्न र श्रावण महीनामा पर्ती जमीनमा वाटाका किनारामा रूख सार्ने कामहरू हुन्छन् ।

६) मूलवाटा र गल्लीहरू - पूर्व पश्चिम, उत्तर दक्षिण मौजा भित्रका मूलवाटा र गाउँगाउँ जाने गल्लीहरूको निर्माण र मरम्मत प्रत्येक महीनामा दुइ दिन गरिने श्रमदानको अधिक हिस्सांद्वारा सम्पन्न गराउने ।

७) पानीकल (घट्टा) - पानीको सुविधा अनुसार भएसम्म टोल गाउँ गाउँमा अथवा यस क्षेत्रको एक ठाउँमा पनि बन्दछ र जसद्वारा महिलाहरूको साधारण समयलाई बचाई लेखपढ र तान चर्खातर्फ लगाइन्छ, साथै राम्रो पीनपानको मैदाले चीजको सदुपयोग र किफायत गराइन्छ ।

८) पिउने पानी - केवल एउटा नियम र निरीक्षणले मात्र पनि कुवा, इनार, धारा पनेरा स्वच्छ रहन सक्तछन्,

टाढ़ाको पानी कुलो काटेर, माटा वा वाँसको पाइपमा ल्याएर, कुवाहरू, इनार, खनेर पनि नगीच पार्न सकिन्छ ।

९) बगैंचा फलफूल - यसलाई भएकै फलफूलका बिरुवाहरू पनि कमसेकम दश वटासम्म लगाउनु अनिवार्य संझाएर एक दुइ ड्याङ्ग फूलहरू पनि हरेक घर परिवारलाई लगाउन लाउनु पर्दछ ।

१०) मौरी, परेवा, कुखुरा - जस्ले विना परिश्रमै वा थोरै परिश्रमले मात्र पनि धेरै मद्दत गर्दछन् यिनलाई आधुनिक ढङ्गले पाल्ने प्रबन्ध गर्नु विशेष फायदा हुन्छ । साथै अन्य पशुपालन पनि ।

११) सार्वजनिक पार्क - पुस्तकालयको अगाडि अत्यन्त सुन्दर फलफूल बोट विरुवा सहित रहोस् ।

१२) सहकारी कोष - आएको जिनीस (अन्न) द्वारा धर्म भकारी वाँधिन्छ, यस अतिरिक्त थोरैमा आमदानीको दशांश हिस्सा पनि यस कोषमा जंमा गर्दै लगिन्छ । जसभित्र भावी विकासको आधार बन्दै आउँछ ।

ख) तालिका -

साधारण फोहर मैला, झींगा साङ्ला, कीराहरूद्वारा बच्ने, बोली सपार्ने, शिष्टाचार सिकाउने, गाउँदेखि लिएर देशदेशका खबर. हरू सुनाउने, गफ गर्ने, गराउने ग्रामीण संसदका फैसलाहरू जन जनमा भिजी भिजी बुझाउने आदि कार्यको निति हरेक ग्रामीण सदस्यलाई एक एक डायरी बनाउन लगाउनु पर्दछ, जसले आफ्नै अध्यक्षतामा पनि यो कार्य लांगु गर्न एउटा समिति आफ्नो गाउँमा बनाउँछन् र प्रत्येक हप्ता वा पन्द्र दिनमा ग्रामीण कार्यपालिकाका सेक्रेटरीलाई दिछन्न् र जसले बेलावेलामा हुने ग्रामसंसदको अधिवेशन (बैठक) मा रिपोर्ट प्रस्तुत गराउन तथ्य आधार बनाउँछ ।

एवं व्हास व्हास्ती भासिन थालेको आर्थिक दशालाई बचाएर थालिने माथिका कार्यक्रमहरूलाई सफल पार्न निम्नतालिकाद्वारा आयव्ययको एउटा साधारण वजेट प्रत्येक वर्षको प्रथम ग्रामीण संसद्को बैठकमा प्रस्तुत हुन्छ ।

आमदानीः - भनौं एक क्षेत्र, एक मौजामा १००० घर धुरीछन्, जसमध्ये २०० घर 'क' श्रेणीका, ३०० 'ख' श्रेणीका, ५०० 'ग' श्रेणीकां छन् । यिनीहरूवाट लिइने रक्म पनि तीन प्रकारका छन् । जयलाई यस अनुपातमा सहजसँग प्राप्त गर्न सकिन्छ ।

१)	'क' श्रेणी	२०० घर जम्मा	'ख' श्रेणी	३०० घर जम्मा	'ग' श्रोणी	५०० घर जम्मा	कुल जम्मा
नगद	रू २५	५०००	रू १२	३६००	रू ५	२५००	१११०० रू
जिनीस	१५ पाथी	१५० मुरी	७ पाथी	१०५ मुरी	पाथी ३	७५ मुरी	३३० मुरी
श्रम	२० खेतला	४०००	२० खेतला	६०००	२० खेतला	१००००	२०००० खेतला

नगद १११००।–, जिनीस ३३०मुरी, खेतला २००००, श्रेणी अनुसारका हरेक धुरीको आमदानी वा खर्च जताबाट हेरे पनि निम्नतम हिस्सा मध्ये ४० हिस्सादेखि ८ हिस्साको एक हिस्स नगद र उब्जावाट मुरीको । २। माना जिनीस, १२ महीनामा १० महीना (आषाढ मंसीर छोडेरे) का औंसी र पूर्णिमाका एक एक खेतलाहरू जो कसैलाई केही मर्का नपर्ने बस्तुहरूको टोटल (सग्रह माथि भएको छ ।

यस अतिरिक्त यस क्षेत्रका जागीरदार, पेन्सेनवालहरूको तर्फवाट ओहदा र आयस्ता अनुसार ५। देखि २५।

सम्मको रकम खुशीले प्राप्त हुन शक्तछ । साथै मनोरञ्जन (नाटक, नाच आदि) चाडवाड, खरीद विक्रो उत्सब इत्यादिमा २।४ पैसा यो सुधार कार्यलाई पर सार्न सकिन्छ, भनौं गाउँमा एउटा पशु (गाई भैसी गोरु इत्यादि) साधारण खरीद गर्ने र विक्री नगर्ने कोई हुँदैन, त्यसैमा सुका मोहरसम्म दुबै थरीले उपयोग गर्ने कुशलता राखे मात्र पनि डेढ दुइ हजारको अरू आमदानी हुन सक्तछ ।

माथिबाट यावत् ढ़ोलन पोखन भै खेर जाने चीजहरूलाई बटुल्ने कुशलता राखे मात्र प्रतिवर्ष एक क्षेत्रको निति आमदानी केबल नगद मोरु १३०००। करीब हुन आउँछ ।

खर्च - चार वटा लोअर प्राइमरी स्कूललाई बार्षिक आर्थिक सहायता

मोरु ५००। ले जम्मा मोरु	२०००।
पुस्तकालय वाचनालयलाई मोरु -	४००।
सांस्कृतिकनिकेतनलाई मोरु -	१०००।
कृषि विज्ञान केन्द्र्आधुनिक खेती लाई मोरु -	१०००।
घरेलु इलम प्रचार (तान चर्खा) लाई मोरु-	१५००।
बेद्य र औषधीलाई मोरु -	१७००।
पानी क्ल (घट्टो) को लागि र पिउने पानीलाई मोरु -	१०००।
संसदीय कार्यको मसनन्द र एक सेक्रेटरोको लागि मोरु	१५००।
सहकारी कोषमा राखिने रकम मोरु -	२९००।
	जम्मा - १३०००।
खर्च जिनीस	
सहकारी कोषमा रहने धर्म भकारी जिनिस अन्न मुरी -	३३०।
	जम्मा ३३०।
खर्च श्रम	
कृषि विज्ञान शालामा प्रयोगात्मक खेती गर्ने खेताला	२०००
वन जयन्ती (वन गोड्ने, रुख सार्ने) को लागि, खेताला	४०००
मूलबाटो, गल्ली र अरू भै परी आउने सामूहिक कार्य गर्नको लागि खेताला	१४०००
	जम्मा - २००००,

श्रमसेना -

श्रमसेनाका ग्रुप लीडरहरू हरेक ग्रामीण क्षेत्रको संसद सदस्य नै हुन्छन् र एउटा ग्रुपलीडर पछाडि २५, जना करीब श्रमदाताहरू रहन्छन् । श्रमसेनाको एउटा सीनियर लीडर हुन्छ, जसलाई श्रमसेनाका बीचबाटै यिनीहरूको सर्वसम्मति वा बहुमतले वर्षदिनको लागि चुक्दछ । जस्ले ग्रामीण कार्यपालिकाद्वारा निर्दिष्ट स्थान र समयमा प्रत्येक औंसी र पूर्णिमाका दिन सवलाई ल्याएर श्रमदान गराउँछ, श्रमदान आन्दोलनलाई तीव्रतर बनाउँदै जान्छ ।

हाट र प्रदर्शिनीः -

प्रत्येक संक्रान्तिका दिन भरमौजा (क्षेत्र) का यावत् नरनारीले गाउँवार्नै भै आफ्नो छुट्टी मनाउँछन् । नाच,

गान, खेलकूद, खरीद विक्री इत्यादि मौजाको केन्द्रस्थलमा गर्दछन् र हाट जगाउँछन् । एवं प्रतिबर्ष नयाँ सालको आरम्भ वैशाख १ गतेदेखि ७ दिनसम्म ग्रामीण प्रर्दशनी लाग्दछ । जहाँ गाई भैसीका वाच्छा पाडादेखि लिएर खेतीपाती, अन्य हस्तकला शिल्पकला इत्यादिको प्रदर्शन हुन्छ । जस्को निम्ति ग्रामीण कार्यपालिकाले विशेष पुरष्कार तोकी प्रतिस्पर्धा खडा गरेको हुन्छ ।

(ग) प्रतिज्ञापत्र -

उद्देश्य-

पृथ्वीको सर्वश्रेष्ठ जीव मनुष्यको उपज अहिलेसम्म वेहोरिएका भौतिकविकास र मानसिक उन्नति, जसको निति कोई माथि कसैको रीस, ईर्ष्या, द्वेष, अंहकार, अहंमन्यताले नेतृत्व जमाउन नपाउनु "शुद्ध मानवता" प्राप्तिमा कसैको अनुचित आर्थिक बौद्धिक शोषण नहुनु, जहाँ पुगे पछि - सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः॥ मतलब सबै सुखी होऊन्, सबै निरोगी होऊन्, सबैले असल देखुन्, कोइ दुःख भोगी नरहुन् । आध्यात्मिक भौतिक दुवै जगत्मा शोषणको अन्त हुनु, यस्तो जनकल्याणकारी समाजको स्थापना गर्नु ।

यो साफ उद्देश्यलाई उभोहुन नदिने एउटा विषवृक्ष अहिलेसम्म देखा परेको छ, जस्का दुष्टा हाँगा छन् । त्यो हो वा ती हुन्

मानवताको उल्टो आचरण

१) व्यक्तिगत विद्वेष, अहंकार, असहिष्णुता

२) उद्देश्यलाई नै छाप्ने कुटनैतिक (राजनैतिक) पर्दा,

यो कटुताहरूले मनुष्य ममाजलाई हरवखत माथिल्लो मन्जिल (सत्यं, शिवं सुन्दरम्) मा पुग्न नदिने चेष्टा गरीरहेका छन् । यसलाई पेलेर क्रमशः अगाडि वढन ठूलो संयम साथ विशाल छाती र दिमाग बनाई आफ्ना महान् शत्रु (लोभ, मोह, मिथ्याहङ्कार) माथि काबु पाउनु छ, विजय प्राप्त गर्नुछ ।

यत्रो महान् लक्ष्यमा पुग्नु पर्ने हामी यात्रीको लागि भरखर खुलेको छ एउटा द्वार 'प्रजातन्त्र' गरीब समाज भित्र दीन हीन चेहरामा गुम्सिएका दुःखदर्द वेदनाहरू विसाउन, हृदयव्यक्त गर्न पाएको अवस्थामा आपसी सरसल्लाह र मेलमिलापद्वारा आत्मोद्वार गर्नुको बदला साधन विहीन यस देशमा रहेका हामी जनता आपसमा पथभ्रान्त पथिक झै झैझगडा र लुछाचुडी गर्न थालेका भयौं, प्रजातन्त्रोत्तर यताका अनमोल घडीहरू पनि हाम्रा त्यसै बिते । यस यादमा कम्मर कसौं, उज्यालो पर्खिनु वा खोज्नुको बदला आफै प्रदीप्त वनी ज्योतिको पङ्क्ति उचाली वेगहान्न तत्पर होऔं, यही सत्य हो । समाजको आर्थिक तथा नैतिक अवनति (ओरालो पाइलो) लाई बिचार गरेर आजसम्मका व्यक्तिगत तथा राजनैतिक अनुपयुक्त झगड़ालाई पृथक् राखी मनुष्य जीबनका अत्यावश्यक अङ्ग सामाजिक रचनाका कार्यहरूलाई सर्वजन सुखाय सर्वजन हितायको लक्ष्य राखी सुसम्पन्न गराउन ... देखि उत्तर ...देखि दक्षिण ....देखि पश्चिम ....देखि पूर्व यति चार किल्ला भित्र यस क्षेत्र वा मौजा निबासी हामी दाजुभाई दिदी बहिनी बावु छोरा, आमाछोरा सबले हुन सक्छ, विश्वका समस्त बन्धुबान्धव अथबा नेपालका हरेक कुना काप्चाका दाजुभाइको ध्यान एकलक्ष्य (मानवता) प्राप्तिमा एकमत भएर लक्ष्यमा भ्रम पर्ने वा पार्ने चेष्टावाट वाहिर निस्की संसार सिगारौं, आदर्श गाउ बसालौं भनी या असीमित्त भावनालाई सीमित क्षेत्रबाट प्रयोग गर्ने दृढ निश्चय साथ प्रतिज्ञा गर्दछौं । यस क्षेत्रका निर्वाचित प्रतिनिधिहरूका तर्फबाट -

(क) ग्रामीण संसद (ख) ग्रामीण कार्यपालिका

(ग) ग्रामीण पञ्चायत (घ) योजना कमिटी

(ङ) हिंसाव चाँच्ने कमिटी - बन्दछन् र तीनलाई निम्नलिखित बिधानको पूर्ण परिपालना साथ सबका साजा सामाजिक कार्यहरू गर्ने अभिभारा सौंपन्छौं, अनि धर्म बन्धन गर्दछौं, हाम्रो पाला त के पुस्तान पुस्तासम्म यो प्रण विकसित हुँदै स्थीर भएर जाओस, भनी गाउँको स्थिति बन्देज सरह सदा यसलाई गतिशील बनाई अगाडि बढ़छौ, बढ़ी रहनेछौं, मातृभूमिको जयहोस !

(घ) विधानः -

(१) १००० घरमा २५ घर या एक गाउँको एउटा निर्वाचन क्षेत्र हुन्छ, हरेक गाउँ बा क्षेत्रबाट चुनिई आएका प्रतिनिधि र शिक्षा, स्वास्थ्य व्यापार, किसान, बुज्ज्रुगवर्गका एक एक प्रतिनिधिहरू लिई एउटा ग्रामीण संसद (पालियामेण्ट) बन्दछ । जस्ले आफ्नो क्षेत्रभित्रका यावत् सामाजिक कार्यहरूमा फैसला गर्ने नीति निर्धारण गर्ने इत्यादि काम गर्दछ ।

(२) सामाजिक कार्यहरूको संचालन गर्ने गच्छे अनुसारका घरधुरी विभाजन गराई यिनीहरूसँग नगद, जिनीस, श्रम लिने फैसला र अरू स्थानीय व्यक्ति विशेष संघ, संस्था विशेष रीतिरिबाज, आमोद प्रमोद विशेषबाट पनि उचित रकमको फैसला गर्न सक्तछ । साथै सरकारसँग लिने सहायतामा जनताको ध्यान आकर्षित गर्न पनि ।

(३) संसभित्र कुनै पनि व्यक्तिगत झगडा र राजनैतिक बखेडाहरू चल्न सक्तैनन् । संसदको बैठक बाहिर क्षेत्र (मौजा) मा स्वस्थ राजनैतिक काम गर्ने पार्टीहरूको विशेष स्थान पनि मानिन्छ र अमानुषिक आतङ्क पूर्ण तथा ध्वंसात्मक कार्य गर्ने पार्टीमा भिन्न पनि ।

(४) ग्रामीण संसद्को तर्फबाट ५ या ७ जनाको एउटा ग्रामीण कार्यपालिका बन्दछ । जस्ले संसदद्वारा पास भएका हरेक कामहरूलाई आफ्नो क्षेत्रमा लागु गराउँछ ।

(५) ग्रामीण कार्यपालिकाका मेम्बरहरू आफूलाई चाहिने कामदारहरू आफै भर्ना गरी काम गर्दछन् ।

(६) संसद्को अध्यक्ष र कार्यपालिकाको प्रधान ग्रामीण संसद्को बहुमतले चुनिन्छ । जसलाई क्रमशः संसद्को र कार्यपालिका को सञ्चालन गर्ने पूर्ण अधिकार हुन्छ ।

(७) ग्रामीण कार्यपालिकाले ग्रामीण संसदप्रति उत्तरदायी भएर काम गर्दछ ।

(८) ग्रामीण संसद्को प्रति ३।३ महीनामा बैठक बस्तछ र कार्यपालिकाको हप्ता हप्ता बा पन्द्र पन्द्र दिनमा ।

(९) ठूलठूला निर्णय अतिरिक्त साना तिना कार्यहरूमा कार्यपालिकाले स्वयं काम गर्दछ ।

(१०) संसद्को बैठक ३ भागमा २ भाग़ मेम्बरहरू जम्मा भएमा हुन सक्तछ र बहुमतको निर्णयले मान्यता पाउँछ ।

(११) कुनै सदस्यको स्थान विशेष कारणले रिक्त हुन आएमा उपचुनावद्वारा पूर्ति गराइन्छ ।

(१२) ग्रामीण संसद् र कार्यपालिकाका अध्यक्ष र प्रधान दुवै जनाले एक मत भै छानेका ३ जनाको एउटा ग्रामीण अदालत (पञ्चायत) बग्दछ । जसले यस संसद् र कार्यपालिका अन्तर्गत भैरहेका कार्यको बिरूद्ध चल्नेहरू माथि कारवाई गर्दछ र अपराध अनुसारको दण्ड सजाय गर्न शक्तछ । विशेष आत्मपरिवर्तन गराउन पट्टि पछुतो पार्न पट्टी जोर दिने यसका कानूनी आधार हुन्छन् ।

(१३) ग्रामोण संसद्ले यस बाहिर या भित्रका पनि ३ या ५ जनाको तर्फवाट एउटा योजना कमिटी र एउटा हिसाब जाँचे कमिटी बनाउँछ । जसले सामाजिक विभिन्न योजनाहरू बनाई संसद्को बैठकमा पेश गर्दछ र जाँच कमिटीले हिसाग्हरूको साफ अङ्क प्रत्येक संसद्को बैठकमा पेश गर्दछ । जुन हिसाव (वार्षिक बजेट) आम जनताले थाहा पाउने गरी संसदद्वारा वाहिर प्रकाशित हुन्छ ।

(१४) यस संसद् र कार्यपालिकाद्वारा हुने सामाजिक कार्यहरू बिलकूल सर्वजन सुखायको लक्ष्य राखेर गरिन्छन् ।

(१५) साधारणतः संसद्को चुनावप्रति ३।३ दर्षमा हुन्छ ।

(१६) यो विधानका हरेक धारालाई आमूलतः परिवर्तन गर्नु परेमा क्षेत्र (मौजा) भित्रका आम जनतालाई बोलाई एउटा आम सभाद्वारा भएका यावत् संसद, कमिटी, समितिहरू विघटन गराई त्यहीं अर्को एउटा विधान मसौदा कमिटी खडा गरेर त्यसलाई विधान वनाई आम जनता जोडी पून नयाँ विधान पास गराई त्यस विधान बमोजिम चुनाव गराउन एउटा चुनाव कमिटी खड़ा गराएर काम गर्ने अधिकार दिइन्छ र एवं पुनः संसदूहरू खडा गरिन्छन ।

(१७) वल्लो पल्लो क्षेत्र (मौजा) नेपाल भित्रका जुन पनि क्षेत्र, मौजाका प्रतिनिधिहरू राखी प्रगाढ मित्रता बढाउने, झै झगडा बढन नदिने, उन्नतले अनुन्नत माथि मद्दत पुयाउने आदि कार्य पनि ग्रामीण कार्यपालिकाले गर्नु पर्दछ गर्दै लान्छ ।

टिप्पणीः- प्रत्येक कमिटीले आफ्ना विभागका उपनियम विधानहरू आफै बनाई संसद्मा ल्याई पास गराउनद्र पर्दछ ।

उपरोक्त कुराहरू नेपाल राज्यका निम्नस्थ गाँउ मौजामा लागु हुन सक्ने हिसाबले लेखिएका छन् । हुन सक्छ, अलि समृद्धिशाली गाउँ मौजामा खास गरेर तराई क्षेत्र र शहरिया क्षेत्रमा अरू उन्नत रूपमा स्थानीय अवस्था अनुसार लागु गर्न सकिन्छ । यी कार्यहरू पहिलो ३ बर्ष, १००० घरधुरी वा दश हजार जनसंख्या भएको एक गाउँमा तरीकासंग गरेको पक्षमा एक जिल्ला अर्थात् एक डेढ लाख जनसंख्या भएको एक क्षेत्रलाई जोड्दा-- एउटा जिल्ला संसद् र जिल्ला कार्यपालिका बन्दछ ।..

जस्माः- (१) सहकारी कोष ६०००० को र (२) धर्म भकारी ९९०० मुरीको र (३) दुइलाख खेतलाको अधिकांश वलद्वारा सुन्दर मूलवाटाहरू र बन जङ्गल रूखहरू र (४) विरामी समेत रहन सक्ने एउटा राम्रो हस्पिटल (औषधालय) र (५) पुरातन वस्तु संग्रहालय, (भव्य सांस्कृतिक केन्द्र) समेत र (६) छात्रावास सहित एउटा हाईस्कूल र (७) ४० वटा प्राइमरी स्कूल, माथिका दश दशवटा अपर प्राइमरी स्कूल मिडिल भैसकेका हुन्छन्, कोई हुन थाल्दछन्, बनाउन सकिन्छन् । यिनै काम देशका ८५ क्षेत्रमा धमाधम हुन थाल्दा यो देशको नक्सा अर्कै हुन्छ । एउटा वलिष्ठ राष्ट्रीय तागत जुरमुराएर उठ्न थालेको देखिन्छ ।

बढन नदिने, उन्नतले अनुन्नत माथि मद्दत पुयाउने आदि कार्य पनि ग्रामीण कार्यपालिकाले गर्नु पर्दछ गर्दै लान्छ ।

टिप्पणीः- प्रत्येक कमिटीले आफ्ना विभागका उपनियम विधानहरू आफ् बनाई संसद्मा ल्याई पास गराउनु पर्दछ ।

समुचा फललाई हेर्दा यत्रो विशाल कार्य के जनता आफ्नो तागतको भरमा गर्न सक्तछ ? सरकार यी काम गर्दैन ? राजनैतिक तथा व्यक्तिगत झगड़ाहरूले वाधा डाल्दैनन् ? इत्यादि प्रश्नका उत्तर र समस्याका समाधान गर्ने उपायहरू माथि नै भनी सकिएका छन् । फेरि पनि सोचौं केबल छोटो रकमको संख्या यहाँ छ जो भन्नु पर्देन, 'यस्ता पवित्र चीजहरू कसैले रोपेर हुर्काउन दिएका भन्दा आफैले उमारेर जगाएका अत्यन्त खंदिला र स्थायी फल दिने हुन्छन् भन्ने कुरालाई नबिसौं, पनेराको पानी र चौतराको हवा जति सबका साजा हुन् भन्ने कुरा सत्य छ एवं यिनलाई स्वच्छ तथा निर्मल राख्नु जति सबैको सत्कर्तव्य हो । त्यत्तिकै अरू सामाजिक कार्यहरू सबका साजा हुन् र यस्मा कसैलाई उपेक्षा र डाहिल्याई आउँदैन भन्ने कुरा पनि नबिसौं, वरु सम्झौं, यस्तै पवित्र वस्तुहरूको प्रगतिमा टेकेको व्यक्ति र राजनीति, विशेष उठ्तछ र उचालिन्छ पनि । यस्मा कुने सन्देह छैन, वरू

हरेक हृदय हृदयमा विश्वास र आस्थालाई जगाओं।

भनौं, यी कुराहरूले सबैको गिदीमा ठाउँ पाए । अहिलेको काल्पनिक जगत् वास्तविक रूप लिन सर्वप्रथम सय पचास जनाको काँधमा चढी राजसत्ताको गहिरो छाया र गरीबी एवं अशिक्षाको ठोस चट्टानमा उम्रिई हुर्कन (आदर्श ग्रामराज खडा गर्न) गाउँतर्फ फक्यों, क्षेत्र क्षेत्रका मानिसहरू जम्मा भएर यी कार्यक्रम, तालिका, प्रतिज्ञा, विधानहरूलाई बुझे, कार्यकर्ताहरूको तर्फबाट बुझाइयो । धमाधम ग्रामीण संसद इत्यादिको उद्घाटन, सञ्चालन हुन थाल्यो १५ साल भरमा यसको जग बस्यो भने १८ सालको प्रभातमा हामी कहाँ पुग्दछौं, आफ्नै गाउँघरका पुस्तकालय वाचनालय पार्कहरूमा बसेर रेडियोमा कान थापी गफ गर्न थालौ, सोच्न थालौं ।

त्यसबखत हाम्रो सामाजिक क्षेत्रमा क्रमशः शिक्षाको मूल फूटेर पाहाडका कुनाकाप्चा, तराईका मैदान, हिमालयका ओड़ारहरू रसाउन थाल्दछन् आफ्ना अलपत्र सांस्कृतिक उद्यानको ओठया मन्दमुस्कानको रेखा खिल्न थालेको हुन्छ । आर्थिक दशातिर साजा ढुकुटी ६०००० को बस्तछ र १०००० मुरी अन्नको गोदाम त केवल एक जिल्लामा वसेको हुन्छ । जतातै शुद्ध राजनैतिक, सामाजिक, धार्मिक चर्चा चल्न थालेको हुन्छ । न्याय र नैतिकता पट्टी सबैको हृदय झुकेको हुन्छ । एकाध समय सबै जुटी २ गरिने सामूहिक कार्यले आपसी मनमुटावहरू आफै विलाउँदै जान थाल्दछन् । पृथिवी को वाऱ्हमासे हरियाली पूर्ण लहरको सऱ्याङ् सुरुङमा र घरघर हातहातको तान चर्खाको गुनगुनमा सबैको आमदानी खर्च एकै सतहमा लहरिन थालेको हुन्छ । घरघरमा बन्न र हुर्कन थालेका फलफूल बगैचा वरपरको स्वच्छ सुवास निर्मल हावाले' आयुष्मान्" को आशिक दिन थालेको हद्रन्छ । बूढापाकाहरू बाँसकै सोते सरकाएर पनि आफ्नो कमाईको धद्रवाँ फद्रकी बोट बिरुवाका छाहारी, पींडीमा बसी पुराना किस्सा कथाहरू अलाप्नथालेका हुन्छन् । सङ्गठित श्रमसेना राष्ट्र को एउटा बलियो ढाड बन्दछ, जुनसुकै परी आउने ग्रामीण तथा राष्ट्रीय संकटलाई काँध थाप्न उद्यत भएको हुन्छ । प्रत्येक महीनामा यस देशको कुना कुनामा सेवाभावले प्रेरित १७०००००, लाख खेतलाहरूले मातृभूमिको हातगोडा सुम सुम्याउन थालेका हुन्छन् । बाटा सडक किनारका रूखहरू पनि केवल कापामा विजुली पर्खिएर उभिएका हुन्छन् । यसबखत मित्रको सहायतालाई अमित्रवनी कसैले देशको एक बनाई टुक्रयाएर ८५ लाख जनताको कण्डा पछि फ्याँक्तछ बा पाँकेकै छ भने पनि त्यस बखत हिम्मत हुने छैन । ८५ लाखको समक्ष मित्रको मित्रतालाई पहिचानी एकलाई बीस बनाई देशमा भिजाउने जादू (कुदरत) खडा भएको हुन्छ । एवं रीतले आफ्नो प्रेम र संगठनको भरमा आफ्नो हिम्मत र कुमाइले उठन थालेको समाजलाई देखेर कुनै पनि भित्री बा बाहिरी दाउ र दुश्मनीले टाढैबाट नेपाल मातालाई विनम्रता साथ अभिबादन गर्न थाल्ने छन् । जनता आपसी फुट वैर कलह द्वेषलाई छोड़ी निर्माणात्मक आन्दोलनको थकाई एउटै शीतल बिसौनामा बसी हाँसी हाँसी बिर्सने छन् । संसारको अगाढि नेपाल गाउँ गाउँवाट प्रेम र संगठनको भरमा उभिई नाना प्रकारका दुःख कष्टहरू झेली अत्मबलको आधारमा शुद्ध राष्ट्रीय संगठनको प्रत्यक्ष शिक्षा दिने उदाहरण लायक बन्न थाल्दछ ।

त्यसै बखत हाम्रो अगाडि बूंद बूद र कणकणको जुटानद्वारा महासागरको छाल र उत्तुङ्ग पर्वतको शिखर झै उठ्न थालेको सामाजिक सुधारको मुश्लो वो चोटी हाम्रै नैतिक बल वरपर नाचन थाल्दछ । जसद्वारा पुनः हामी अर्को एक धक्काको निम्ति एकत्रित हुन्छौं, अवश्य हुन्छौं ।

यो अध्यायलाई पार गर्ना साथ हामीहरू एक उच्च शिक्षाको अन्वेषण, औद्योगिक क्रान्ति, वैज्ञानिक विकास इत्यादितर्फ ध्यान लगाउँदै नेपालमाताको सृष्टिदेखि सञ्चित ढुकुटीको जिम्मा लिन लायक गन्न पनि थाल्दछौं । अनि मात्र नेपालको प्रगति र विकासमा प्रथम-प्रभात फेरि लाग्दछ ।

सीमित घेराबाट पङ्ख फुकाउन क्रमशः सबैसँग-

(क) राजनैतिक सामाजिक यावत् जनसंस्थाहरू आफ्ना कार्यकर्ताहरूलाई थोरैमा वर्ष दिनको निति पनि क्षेत्रहरू बाँडेर गाउँतर्फ पठाऊ ।

(ख) पढ़े लेखेका चेतनशील युवक युवतीवर्ग ! मोही, मकैको अमृत अञ्जलीमा राखी तपाईहरूको आगमनलाई गाउँलेहरूले प्रतीक्षा गरी रहेका छन् ।

(ग) देशका राजनैतिक नेता तथा अनुभवी प्रकाण्ड विद्वान्, बिचारवान् हो ! तपाईहरू प्रत्येक ग्रामीण ससद्को बैठक बैठकमा पुगी विद्वतापूर्ण लेक्चरको अमृत सिञ्चन गर्नोस्, श्रमदान आन्दोलनमा सरीक हुनुहोस्, सामाजिक प्रगतिलाई कुदाउने तागतवर लेखहरू लेखेर प्रति महीनामा गाउँतर्फ छरिदिनोस् ।

(घ) साहित्यकार कलाकर, संगीत नाटककार, ए, मानव समाजका मस्तिष्क हो ! गाउँघर कुनाकानीमा पोखिएका छरिएका लोक संस्कृतिहरू यसरी उठ्न थाल्दछन्, नेपाली जनजीवनलाई उचाल्ने प्रेरणापूर्ण कुत्कुतीहरू भरिदिनोस्, अनुभूत अन्तर्वेदनाको तसबीर टाङ्न आफ्नो बिचार स्वतन्त्रतालाई गुटमुट्याई कलम कुण्ठित नपार्नेस् ।

(ङ) पत्रकार जगत् ! तिम्रो संसारको एक टुक्रा (एककलम)ले मात्र पनि गाउँले प्रगतिलाई टेक्न देओस्, टेकाओस्, मूक जनभावनाको अन्तः पीड़ाको प्रतिनिधित्व गरोस् ।

(च) सरकारी कर्मचारीवर्ग ! तपाईहरूको व्यक्तिगत सहानुभूति मात्र पनि गाउँको लागि पर्याप्त हुनेछ ।

(छ) सरकार ! गाउँलेहरूको सुविधाको निम्ति साधारण टेक्निकल सामान अन्य चीजबीज, बिरुवा इत्यादिको दुकानसम्म पनि खोलीदे, गोरखापत्रको एक पेज र रेडियोको आधा घण्टासम्म पनि गाउँलेहरूको प्रगतिको निति सुरक्षित राखीदे ।

(ज) योजना मंडल ! उल्लिखित कार्यक्रमहरूलाई देश निर्माणको खदिलो जग मान्न सकिन्छ ? योजनाका वितेका दुइवर्ष जनतालाई थाहा छैन, बाँकी तीन बर्षमा पनि केंबल करोडलाई करोडौंको रूप दिन यसरी गाउँले तागत उठ्तछ । एवं ग्राम विकास कार्य शुरु भएको क्षेत्रलाई १५०००। हजारको दरले तीन वर्षमा ४५०००। हजारसम्भको पनि रकम दिन सकिन्छ ? एवं देशभरमा दिनु परेपनि केवल योजनाको कोषवाट करीव ४ करोड खर्च हुन्छ जसद्वारा प्रतिवर्ष देशमा करोडौंको सेवाले पाइ नसक्ने सुधारको मूल फुट्तछ ।

यति छोटा र हल्का त्याग र तत्परताले मात्र पनि यो देश अनुगृहित हुन सक्तैन, गन्न सकिन्न भने यस देशका यावत् राजनैतिक तथा अन्य व्यवस्थाहरू व्यक्ति विशेष र संस्था विशेषहरू केवल खेल हुन्, आमोद प्रमोद हुन् । यिनीहरूको भित्तामा टाँगिने मूक चित्रहरू नै शान्त वातावरणमा काम गर्ने, गर्न चाहने गाउँलेको लागि पर्याप्त हुन्छन, यही प्रार्थना छ - सबै मुल्तवी (थाती) रहुन्, विश्राम लिऊन् ।

हामीलाई आफ्नो ढंगको ग्राम सुधार (ग्रामराज स्थापना) गर्न दिइयोस्, हामी त आफ्नु काम गर्दछौं, गदछौं, थालौं, शुरु गरी हालौं ।

नेपाल र नेपालीको मुक्ति मोग यही हो, निश्चय हो । जबर्दस्त आत्मबल र नैतिकवलको विराट प्रदर्शन नै अबको मानव समाजलाई बचाउन, मानवता जगाउन कामयाव हुन्छ ।

देशप्रेमी दाजुभाई दिदीबहिनी हो ! आफ्नो भित्री दर्द र छटपटी, वेदना बिसाउन आधा पेट खाएर वा आधाहर ढाकेर पनि उक्त मानव जीबनका प्रधान अङ्गको विकास गराउन आफ्नो शक्ति र व्यक्तित्वलाई नछिपाई

आफू कुनै कुनामा नछिपी आफ्नो गाउँ र जिल्लाको दीनहीन चेहरा भित्र आउनोस्, उदाउनोस, जो सक्तो सेवा र तत्परता देखाउनोस् । निहीत निजी स्वार्थलाई चटक्क विर्सेर देशको स्वार्थलाई अगाल्नुहोस् ! आइहाल्नोस्, उदाइहाल्नोस् !!!!

वास्तविकता

शून्यबाट चीत्कार्दै आएको कलिलो जिज्ञासु बालकलाई कस्तो बनाउन, कस्तो वातावरणमा राख्ने र कस्तो शिक्षा दिने, मानव आत्मालाई आमूलतः परिवर्तन गर्ने कम्तो जग राख्ने, उसको वयस्क जीवनद्वारा यस जगत्मा कस्तो बिद्युद्गति पैदा गराउने, आखिर वूढ़ो भई के चीज दिएर तथा समाजले के लिएर उ यहाँवाट शून्य नगरी तर्फ फर्कोस्, उसलाई विदा देओस्, यस्को शुद्धसिलसिला बस्न नसक्ता वर्तमान समाज अत्यन्त कोलाहलमय भएको छ ।

४६. कर्णबहादुर सिंह
४७. शिवराज पन्त
४८. शिवराज पन्त
४९. दिलबहादुर बुढाथापा
५०. भक्तबहादुर शाही
५१. निरबहादुर पछाही
५२. राजास्वयंप्रकाश विक्रम शाह
५३. नेबबहादुर मल्ल
५४. गणेशकुमार शर्मा
५५. जुद्धबहादुर खत्री क्षत्री
५६. टेकबहादुर घर्ती क्षत्री
५७. खडानन्द पाध्या
५८. अनिरुद्र उपाध्याय
५९. पं.पुरुषोत्तम शर्मा
६०. राज भरतवम मल्ल
६१. योगेन्द्रमान शेरचन
६२. क.प. गिरिप्रसाद बुढाथोकी
६३. निलाम्वर पन्थी
६४. सुवर्णशमशेर जबरा
६५. काशीनाथ गौतम
६६. अच्युतराज रेग्मी
६७. जमानसिंह गुरुङ
६८. एमबहादुर ठकुरी
६९. डिकबहादुर गुरुङ
७०. मीनबहादुर गुरुङ
७१. श्रीकान्त अधिकारी
७२. नरेन्द्रजंग गुरुङ
७३. पदमबहादुर
७४. श्रीभद्र शर्मा

नेकपातर्फ पहिलो निर्वाचित सांसद

१. तुलसीलाल अमात्य
२. शेख फर्मान
३. हरदयाल महतो
४. कमलराज रेग्मी

नेपाल राष्ट्रवादी गोरखा परिषद्तर्फ

१. नरबहादर थापा क्षेत्री
२. गुणनिधि
३. सुरेन्द्रप्रसाद उपाध्याय
४. तीर्थमान लामा
५. हर्षजित लामा
६. ले. ज. मृगेन्द्रशमशेर
७. विष्णुप्रसाद उप्रेती
८. वेनीबहादुर कार्की
९. दुर्गानन्द प्रसाद
१०. जि.मुनिलाल थारु
११. ताराप्रसाद उपाध्याय
१२. इन्द्रसिंह रावल
१३. हरिदत्त उपाध्याय
१४. विश्वनाथ सुवेदी
१५. कोमलबहादुर कुँवर
१६. ललितबहादुर घले
१७. भरतशमशेर जबरा
१८. देववीर पाण्डे
१९. भीमबहादुर कार्की

संयुक्त प्रजातन्त्र पार्टीतर्फ

१. लोचन शमशेर
२. त्रिवेणी कुर्मी
३. काशीप्रसाद श्रीवास्तव
४. वासुदेव तिवारी
५. धीरबहादुर गुरुङ

नेपाल प्रजापरिषद्तर्फ

१. जितबहादुर कार्की
२. निस्तार राय
३. शेख इन्द्रिस

स्वतन्त्रतर्फ

१. हरिलाल चौधरी
२. भीमप्रसाद श्रेष्ठ
३. जयबहादुर महत क्षेत्री
४. राम दुलाल

निर्वाचन आयोगको किताब 'नेपालको निर्वाचन इतिहास' अनुसार उम्मेदवारले २५० रुपैयाँ धरौटी बुझाउनुपर्थ्यो । उम्मेदवार उठेको क्षेत्रमा खसेको मतको ६ भागको एक भाग मत ल्याउन नसकेमा धरौटी जफत हुने नियम थियो । ७ फागुन २०१५ मा हुने चुनावका लागि जुम्लाका २ निर्वाचन क्षेत्र बाहेक बाँकी १०७ निर्वाचन क्षेत्रमा २४ कात्तिकदेखि १४ पुससम्म उम्मेदवारी मनोनयनको मिति तोकिएको थियो ।

त्यसपछि निरन्तर संकलन भएको मतदाता नामावली २१ जेठ २०१५ मा सार्वजनिक गरिएको थियो । मतदाता नामावलीमाथि विरोध जनाउँदै तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले सर्वोच्च अदालत गुहारेका थिए । तर, अदालतले उनको मुद्दा खारेज गरिदियो । १ वैशाख २०१५ सम्म २१ वर्ष उमेर पुगेका व्यक्तिको नाम मतदाता सूचीमा समावेश गरिएको थियो । मतदाता नामावलीमा ४२ लाख ४६ हजार ४६८ जनाको नाम भए पनि १७ लाख ९१ हजार ३१८ जनाले मात्र भोट हालेका थिए । एक निर्वाचन क्षेत्रमा ११ देखि ४५ वटासम्म मतदान केन्द्र थिए ।

उम्मेदवारका लागि खर्चको सीमा

उम्मेदवारका लागि खर्चको सीमा ५ हजार रुपैयाँ तोकिएको थियो । पीताम्बरलाल यादवको किताबमा उल्लेख भए अनुसार उम्मेदवारले चुनावको नतिजा आएको ३० दिनभित्र आफ्नो खर्च विवरण निर्वाचन अधिकृतलाई बुझाउनुपर्ने नियम बनाइएको थियो ।

कांग्रेसका लागि निर्वाचनमा लाग्ने सबै खर्च सुवर्ण शमशेर राणाले व्यहोरेका थिए । कांग्रेसले आफ्ना प्रत्येक उम्मेदवारलाई ५ हजार रूपैया चुनाव खर्च दिएको थियो । ठूला नेताहरूलाई भने त्यसभन्दा धेरै रकम दिइएको थियो भन्न भनाइ रहेको थियो । उद्योग धन्दा विकास नभएकोले निजी क्षेत्र खासै थिएन । त्यसैले चन्दा दिने व्यावसायिक घराना वा साहुमहाजन खासै थिएनन् ।

त्यो बेला राणा र सत्ताको नजिक रहेकाको बाहुल्य रहेको राष्ट्रवादी गोरखा परिषदलाई भने आर्थिक स्रोत जुटाउन खासै समस्या भएन । पार्टीले चुनाव खर्च भनेर आफ्ना प्रत्येक उमेद्वारलाई १० हजार रूपैयाँ दिएको थियो ।

नेपाल कम्युनिस्ट पार्टीले सामन्तहरूबाट सहयोग नलिने नीति बनाएको थियो । रौतहटका तीन निर्वाचन क्षेत्रमा नेकपाले चुनावका लागि जम्मा १२०० रूपैया खर्च गरेको थियो ।

पार्टी प्रमुखमा चुनाव जित्ने बीपी मात्रै

जगत नेपालको पुस्तक, 'पहिलो संसद बीपी-महेन्द्र टकरावबाट' मा उल्लेख भए बमोजिम निर्वाचनमा नेपाली कांग्रेसका सभापति बिपी कोइराला मात्रै पार्टी प्रमुख निर्वाचीत भएका थिए । बिपीले मोरङ क्षेत्र नं ३२ बाट निर्वाचन जितेका थिए । गोरखा परिषदका अध्यक्ष रणधीर सुब्बा क्षेत्र नं २६ धनकुटाबाट पराजित भएका थिए । तराई कांग्रेसका वेदानन्द झाले क्षेत्र नं ३९ सिराहाबाट हारेका थिए । नेकपाका महासचिव केशरजङ रायमाझी पाल्पा क्षेत्र नं ९३ बाट पराजित भएका थिए । प्रजातान्त्रिक महासभाका अध्यक्ष रङ्गनाथ शर्माले पनि काठमाडौं क्षेत्र नं ५बाट पराजय बेहोरेका थिए । राष्ट्रिय कांग्रेसका डिल्लीरमण रेग्मीले पनि हारेर चित्त बुझाए । नेपाल प्रजापरिषदका भद्रकाली मिश्रले पनि निर्वाचन हारेका थिए ।

पार्टीका प्रमुख मात्रै होइन निर्वाचनमा ठूला-ठूला हस्तीहरू पनि पराजित भएका थिए । मुलुकमा प्रजातान्त्रिक आन्दोलनको पहिलो बिगुल फुक्ने पूर्व प्रधानमन्त्री टंकप्रसाद आचार्य काठमाडौं क्षेत्र नं ५ बाट पराजित भएका

थिए । कांग्रेसको चार शीर्ष नेता मध्येका एक सूर्यप्रसाद उपाध्यायले पनि निर्वाचन हारेका थिए । राजा महेन्द्रका विस्वासपात्र योगविक्रम शाह र हरिशमशेर राणा पनि पराजित भए । चुनाव हारेपछि पूर्व प्रधानमन्त्रीहरू टंकप्रसाद आचार्य र डा के आइसिंह तथा प्रजातान्त्रिक महासभाका अध्यक्ष रङ्गनाथ शर्माले निर्वाचनमा धाँधली भएको भन्दै छानबिनका लागि राजासमक्ष उजुरी समेत गरेका थिए ।

गोप्य मतदान भनिए पनि व्यवहारमा भने गोप्य थिएन

२०७९ को स्थानीय चुनावमा पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले मतदानको तस्बिर सार्वजनिक गरेर गोप्य मतदानको नियम मिचेको भन्दै निर्वाचन आयोगले स्पष्टीकरण सोध्यो । तर, २०१५ को चुनावमा मतदान भने गोप्य थिएन । इतिहासकारले २०१५ को मतदान गोप्य नहुनुका दुई कारण पेश गरेका छन् ।

पहिलो : २०१५ को चुनावमा आजभोलि जस्तो एउटै मतपेटिकामा सबै मतदाताले मत खसाउने चलन थिएन । मतदान केन्द्रमा दल वा उम्मेदवारको चुनाव चिह्न टाँसिएका छुट्टा-छुट्टै मतपेटिका राख्ने गरिन्थ्यो । यसले गर्दा कसले कसलाई मत हाल्यो, थाहा हुन्थ्यो ।

दोस्रो : मतदातालाई मतपत्र दिनु अगाडि मतदाता नामावलिमा मतदाताको नामको अगाडि उसले लिएको मतपत्र नम्बर लेखिन्थ्यो ।

'नेपालको राजनीतिक इतिहास' किताबमा पीताम्बरलाल यादव लेख्छन्, 'प्रत्येक मतपत्रमा नम्बर दिइएको थियो र मतपत्र जुन मतदातालाई दिइन्थ्यो त्यो मतदाताको नाउँ अगाडि मतदाता नामावलीमा मतपत्रको नम्बर लेखिन्थ्यो । जसले गर्दा कसले कसलाई मत दियो भन्ने कुरा प्रष्ट छुट्याउन सकिन्थ्यो ।' यस्तो व्यवस्थाले गर्दा गोप्य मतदानको धज्जी उडेको औंल्याउँदै यादव लेख्छन्, 'पछि कुनै उम्मेदवारले दाबी विरोध गरेमा निर्वाचन आयोगले त्यसको ठोस आधार देखाउन यो प्रणाली अपनाएको भए पनि यसले गोप्य मतदानको नाउँमा कलंक लगाएको प्रष्ट हुन्छ ।'

आजभोलि मतदानको ७२ घण्टा अगाडि मौन अवधि सुरु हुन्छ । यो अवधिमा उम्मेदवारले आफ्नो प्रचारप्रसार गर्न पाउँदैनन् । तर, २०१५ को चुनावमा भने मतदान केन्द्रमै उम्मेदवारका प्रतिनिधिले मतदातालाई आफ्नो चुनाव चिह्न दिएर मत हाल्न पठाउँथे । उम्मेदवारका प्रतिनिधिहरू आफ्नो चुनाव चिह्न लिएरै मतदान केन्द्रमा खटिएको वर्णन गरेको पाईन्छ, 'बुथ-बुथमा पार्टी-कार्यकर्ता र धेरैजसो स्थानमा पोलिङ एजेन्टहरूले समेत आफ्ना चुनाव चिह्न भएको ब्याज लगाई बस्ने गरेका थिए ।

२२ भन्दा कम उम्मेदवार उठाउने दललाई दलीय चुनाव चिह्न नदिने नियम बनाइएको थियो । त्यसकारण चुनावमा सहभागी १० वटा दलमध्ये ९ वटाले मात्र चुनाव चिह्न पाएका थिए । त्यस चुनावमा ९ वटा राजनीतिक दलले चुनाव लडेका थिए । चुनावमा नेपाली कांग्रेस रुख चिन्ह, नेपाल राष्ट्रिय कांग्रेसको छाता, नेपाल प्रजापरिषद् (आचार्य गुट) धानको डालो, संयुक्त प्रजातान्त्रिक पार्टी नेपालले धानको बाला र नेपाल प्रजातान्त्रिक महासभाले हात चुनाव चिह्न लिएका थिए । त्यसैगरी नेपाल राष्ट्रवादी गोरखा परिषद्ले झुपडी, नेपाल प्रजापरिषद् (मिश्र गुट) ले हलो, नेपाल कम्युनिस्ट पार्टीले मकैको तीन घोगा र हँसिया र तराई कांग्रेसले लगौंटी लगाएको मानिसले टाउकोमा गहुँको बिटा बोकेको चुनाव चिह्न पाएका थिए ।

२०१५ मा चुनाव भए पनि मतदाता नामावलि भने २००८ देखि नै संकलन गर्न थालिएको थियो । २००८ कात्तिक १ गतेसम्म २१ वर्ष पुगेका र माघ मसान्तभित्र नेपालमा बसेको ६० दिन पुग्ने मानिसको नाम मतदाता

नामावलीमा राख्ने भन्दै सूचना निकालिएको थियो । त्यसपछि निरन्तर संकलन भएको मतदाता नामावली २१ जेठ २०१५ मा सार्वजनिक गरिएको थियो । १ वैशाख २०१५ सम्म २१ वर्ष उमेर पुगेका व्यक्तिको नाम मतदाता सूचीमा समावेश गरिएको थियो । मतदाता नामावलीमाथि विरोध जनाउँदै तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले सर्वोच्च अदालत गुहारेका थिए । तर, अदालतले उनको मुद्दा खारेज गरिदियो । मतदाता नामावलीमा ४२ लाख ४६ हजार ४६८ जनाको नाम भए पनि १७ लाख ९१ हजार ३१८ जनाले मात्र भोट हालेका थिए । एक निर्वाचन क्षेत्रमा ११ देखि ४५ वटासम्म मतदान केन्द्र थिए ।

पहिलो चुनावमा सबैभन्दा बढी १४ हजार १५६ मत ल्याएर क्षेत्र नम्बर ५९ बाट संयुक्त प्रजातन्त्र पार्टीका काशीप्रसाद श्रीवास्ताव विजयी भएका थिए । सबैभन्दा कम २ हजार ४४ मत ल्याएर दैलेख पूर्व निर्वाचन क्षेत्र नम्बर ७७ बाट नेपाली कांग्रेसका नरबहादुर पछाई (गुरुङ) विजयी भएका थिए । मतगणनाको परिणाम सर्वप्रथम क्षेत्र नम्बर ९२ (गुल्मी मध्यपूर्व) र अन्तिम क्षेत्र नम्बर ८७ (बागलुङ उत्तर क्षेत्र) को घोषणा भएको थियो । सबैभन्दा बढी मतदाता क्षेत्र नम्बर ७४ मा (जुम्ला दक्षिण ५६ हजार ९ सय ३ २) र सबैभन्दा कम मतदाता क्षेत्र नम्बर ६७ मा (बैतडी पूर्व-दक्षिण २३ हजार ४ सय ६७) थिए । सबैभन्दा बढी मत खसेको क्षेत्र नम्बर १ मा २७ हजार ३ सय ९४ र सबैभन्दा कम मत खसेको क्षेत्र नम्बर ७६ मा ६ हजार ८७ थियो ।

निर्वाचन क्षेत्र नम्बर ६६ बाट ३ हजार ९०३ भोट पाएर द्वारिकादेवी ठकुरानी नेपालको पहिलो महिला सांसद भइन् । ७ फागुन २०१५ बाट सुरु भएको यो चुनाव विभिन्न चरणमा गरेर ४५ दिनपछि २८ चैतमा सम्पन्न भएको थियो । चरण-चरणमा गरेर निर्वाचनको अन्तिम परिणाम अर्को वर्ष २७ वैशाख २०१६ मा आएको थियो ।

समग्रमा २०१५ को चुनावमा पार्टीहरूको तुलनात्मक स्थिति

क्र.स.	पार्टीको नाम	उम्मेदवार संख्या	विजयी संख्या	पराजित संख्या	दोस्रो भएको संख्या	जमानत जफत भएको संख्या	जम्मा प्राप्त मत	प्रतिशत
१	नेपाली काङ्ग्रेस	१०८	७४	३४	२२	१२	६,६६,८९८	३७.२२
२	नेपाली राष्ट्रिय गोरखा परिषद्	८६	१९	६७	३४	३३	३,०५,११८	१७.०३
३	सं.प्र.पार्टी,नेपाल	८६	५	८१	१४	६७	१,७७,४०८	९.९०
४	नेपाल कम्युनिस्ट पार्टी	४७	४	४३	१०	३३	१,२९,०४२	७.२०
५	नेप्रपा(आचार्य)	४६	२	४४	४	४०	५३,०३८	२.९
६	नेप्रपा (मिश्र)	३६	१	३५	३	३२	५९,८२०	३.३३
७	तराई काङ्ग्रेस	२१	०	२१	१	२०	३६,१०७	२.०१
८	ने.रा.काङ्ग्रेस	२०	०	२०	१	१९	१२,७०७	.०७
९	प्र.महासभा	६८	०	६८	१	६७	५९,८१६	३.३३
१०	स्वतन्त्र	२६८	४	२६४	१८	२६४	२,९१,८४७	१६.२५
	जम्मा	७६८	१०९	६७७	१०८	५६९	१७,९१,२०१	९९.९३

नेपाली काङ्ग्रेसले ६,६६,८९८ अर्थात् ३७ प्रतिशत थियो भने १९ स्थान पाई दोस्रो हुने राष्ट्रवादी गोर्खा परिषद्ले ३,०५१,१८ मत अर्थात् १७ प्रतिशत मत प्राप्त गरेको थियो भने नेकपाले १,२९,०४२ मत अर्थात् ७.२० प्रतिशत मत प्राप्त गरेको थियो । १७ लाख ९१ हजार ३१८ जनाले मात्र भोट हालेका थिए ।

पहिलो चुनावमा सबै मतदान क्षेत्र, मतदान भएको दिन सहितको मत परिणाम विवरण

२०१५ साल फागुन ७ सुरु भएको निर्वाचनमा पहिलो दिन १८ वटा निर्वाचन क्षेत्रमा मतदान भएको थियो । निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन तालिकाअनुसार फागुन ११ गते ८ वटा निर्वाचन क्षेत्र, फागुन १४ गते ३, फागुन १५ गते ११, फागुन १६ गते ३, फागुन १९ गते ६, फागुन २१ गते ९, फागुन २३ गते ५, फागुन २५ गते ३, फागुन २६ गते ४, फागुन २८ गते ५, चैत २ गते १०, चैत ५ गते ६, चैत ७ गते ३, चैत ११ गते ६, चैत १३ गते ३, चैत १७ गते ३, चैत २१ गते ३ वटा निर्वाचन क्षेत्रमा मतदान भएको थियो ।

एउटा मात्रै निर्वाचन क्षेत्र भएको झापामा निर्वाचनका लागि २०१५ साल चैत ११ लाई मिति तोकिएको थियो । तर उक्त दिन त्यहाँ फागुपूर्णिमा रहेको र स्थानीय जनताले मतदान गर्ने दिन सारी पाऊँ भनी निवेदन दिएकाले त्यहाँ १३ गते निर्वाचन भएको थियो ।

चैत २१ अन्तिम चरणका लागि तोकिएको बागलुङ निर्वाचन क्षेत्र नम्बर ८७ बागलुङ उत्तरमा अवस्थित एक मतदान केन्द्र छार्केमा त्यस दिन निर्वाचन हुन सकेन । त्यहाँ हिमपातका कारण कर्मचारी खटिन नसकेका कारण निर्वाचन हुन सकेको थिएन । उक्त मतदान केन्द्रमा वैशाख २५ मा मात्र निर्वाचन सम्पन्न भएको थियो र त्यसको नतिजा सोही २७ वैशाखमा मात्र सार्वजनिक गरिएको थियो । चैत २१ गते सम्पन्न उत्तर बागलुङको एक मतदान केन्द्रबाहेक १०८ वटा क्षेत्रको निर्वाचन परिणाम वैशाख १ गतेसम्म सार्वजनिक भइसकेको थियो ।

एउटा निर्वाचन क्षेत्रको एक मतदान केन्द्रमा निर्वाचन नभएकाले सम्पूर्ण मतपरिणाम भने सार्वजनिक भइसकेको थिएन । मन्त्रिपरिषद्का तत्कालीन अध्यक्ष एवं नेपाली कांग्रेसका नेता जनरल सुवर्णशमशेरले तीनवटा निर्वाचन क्षेत्रबाट निर्वाचन लडेर तीनवटै क्षेत्रमा जित हासिल गरेका थिए । ती तीनवटा क्षेत्रमा क्षेत्र नम्बर ५२ (बारा मध्य उत्तर), क्षेत्र नम्बर ५३ (बारा पर्सा पूर्वान्त) र क्षेत्र नम्बर ९१ (गुल्मी दक्षिण-पश्चिम) बाट निर्वाचन जितेका थिए । उनले २०१५ साल चैत ३१ गते क्षेत्र नम्बर ५३ कायम राखेर ५२ र ९१ बाट राजीनामा गरेका थिए । (जनचेतना २०१६ वैशाखका अंकहरू काठमाडौँ नगरपालिकाको मुखपत्र)

फागुन ११ गते सम्पन्न निर्वाचनमा विजयी

उपत्यकाको क्षेत्र नम्बर ३ ललितपुर उपत्यकाबाट नेपाल कम्युनिस्ट पार्टीका तुल्सीलाल अमात्य ७,९५९ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका आशाराम शाक्यले ७,७१६ मत प्राप्त गरेका थिए । एकजना महिला स्वतन्त्र उम्मेदवार कमल शाहले ७८८ मत प्रप्त गरेकी थिइन् । ३९,७०२ मतदाता रहेको उक्त क्षेत्रमा त्यहाँ कुल २६, १६७ मत खसेको थियो ।

उपत्यकाको अर्को क्षेत्र नम्बर ४ भक्तपुर उपत्यकाबाट नेपाली कांग्रेसका जगन्नाथ आचार्य ६,०६८ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का बलध्वज खड्काले २,७३९ मत प्राप्त गरेका थिए । एकजना महिला स्वतन्त्र उम्मेदवार रानी शारदाले ३८१ मत प्रप्त गरेकी थिइन् । ४१,५२८ मतदाता रहेको उक्त क्षेत्रमा त्यहाँ कुल २२,१७६ मत खसेको थियो ।

क्षेत्र नम्बर ३१ मोरङ विराटनगर पूर्वबाट नेपाली कांग्रेसका चेतुलाल चौधरी ८,०९४ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली राष्ट्रिय कांग्रेसका नगेन्द्रप्रसाद रिजाल (पछि २०३० सालमा प्रधानमन्त्री) ले २,८२८ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ३५ सप्तरी पूर्वान्तबाट नेपाल राष्ट्रवादी गोरखा परिषदका दुर्गानन्दप्रसाद थारू ४,७९६

मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका वीरबलले ४,५३४ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ४१ खेस्राहा महोत्तरी दक्षिण पूर्वबाट नेपाली कांग्रेसका सरोजप्रसाद कोइराला १०,० ९० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार जमुनाप्रसाद सिंह राजपूतले ४,१३० मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५३ बारा पर्सा पूर्वान्तबाट नेपाली कांग्रेसका जनरल सुवर्णशमशेर जबरा ८,८६४ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का श्रीशमशेर जबराले ५,६४१ मत प्राप्त गरेका थिए । उक्त निर्वाचन क्षेत्रमा दुईजना राणाकै टक्कर थियो । त्यस्तै यो सुवर्णशमशेरले जितेका ३ निर्वाचन क्षेत्रमध्येको एक थियो र पछि सुवर्णले अन्य दुईबाट राजीनामा गरी यसैलाई कायम राखेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ६० खजहनी पूर्वबाट संयुक्त प्रजातन्त्र पार्टीका वासुदेव तिवारी ६,९६२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका पद्मबहादुर सिंहले २,२१० मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ६३ बाँकेबाट नेपाली कांग्रेसका ललित चन्द ७,२२३ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार रामगोपाल चौधरीले ३,४२९ मत प्राप्त गरेका थिए ।

फागुन १४ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर १९ भोजपुर मध्यबाट नेपाली कांग्रेसका खड्गबहादुर कार्की ७,२९६ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषदका कर्णबहादुर राईले ४,२३५ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ८२ सल्यान उत्तर पूर्वबाट नेपाली कांग्रेसका टेकबहादुर घर्ती क्षेत्री ५,४२८ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र लोकजंगबहादुर शाहले ४,१९४ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९१ गुल्मी दक्षिण पश्चिमबाट नेपाली कांग्रेसका जनरल सुवर्णशमशेर जबरा १३,५०७ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी संयुक्त प्रजातन्त्र पार्टीका इन्द्रलाल जोगी कुँवरले ३,१२८ मत प्राप्त गरेका थिए । सुवर्णशमशेरले उक्त क्षेत्रबाट राजीनामा दिएपछि रिक्त स्थानमा उपनिर्वाचन हुँदा नेपाली कांग्रेसकै पुष्करनाथ पोखरेल निर्वाचित भएका थिए ।

फागुन १५ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर १० पूर्व १ नम्बर चौतारा मध्यपूर्वमा नेपाल राष्ट्रवादी गोरखा परिषदका हर्षजित लामा ८,०३१ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका मनकुमार श्रेष्ठले १,६४१ मत प्राप्त गरेका थिए ।

पूर्व २ नम्बर निर्वाचन क्षेत्र नम्बर १४ रामेछाप दक्षिणमा नेपाल राष्ट्रवादी गोरखा परिषद्का उम्मेदवार बेनीबहादुर कार्की ३,२१९ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका सूर्यप्रसाद उपाध्यायले २,८४० मत प्राप्त गरेका थिए । नेपाली कांग्रेसका प्रभावशाली नेता उपाध्याय रामेछाप दक्षिणसहित काठमाडौँ क्षेत्र नम्बर ५ बाट समेत उम्मेदवार भई दुवै क्षेत्रबाट पराजित भएका थिए । पछि उनी महासभामा निर्वाचित भई बीपी कोइरालाको नेतृत्वमा गठन भएको पहिलो जननिर्वाचित सरकारमा गृह र

कानुनमन्त्रीसमेत भए ।

पूर्व ४ नम्बर निर्वाचन क्षेत्र नम्बर २६ धनकुटा मध्यमा नेपाली कांग्रेसका तेजमान तुम्वाहाम्फे ४,३९८ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार गणेशबहादुर प्रसाईंले २,६२१ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ३३ मोरङ विराटनगर पश्चिमोत्तरमा नेपाली कांग्रेसका ज्ञानचन्द्र सरदार ५,४५५ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका दिव्यराज आचार्यले ५,३०७ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ४३ जनकपुरमा नेपाली कांग्रेसका महेन्द्रनारायण निधि १०,१२० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी तराई कांग्रेसका उम्मेदवारले ३,६५८ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५६ चितवन चिसापानीमा नेपाली कांग्रेसका विश्वबन्धु थापा ६,८२९ मतसहित निर्वाचित भएका थिए । कुल ४३,९०१ मतदाता रहेको उक्त क्षेत्रमा १५,७१४ मत खसेको थियो । थापाका निकटतम प्रतिद्वन्द्वी संयुक्त प्रजातन्त्र पार्टीका टेकबहादुर गुरुङले ३,९५५ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५९ पाल्ही माझखण्ड पश्चिममा संयुक्त प्रजातान्त्रिक पार्टीका काशीप्रसाद श्रीवास्तव १४,१५६ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल प्रजातान्त्रिक महासभाका विष्णुप्रसाद चौधरीले २,२७५ मत प्राप्त गरेका थिए । उक्त निर्वाचनमा सबैभन्दा बढी मतसहित विजयी हुने उम्मेदवार श्रीवास्तव नै हुन् ।

निर्वाचन क्षेत्र नम्बर ७१ डोटी दक्षिणमा नेपाली कांग्रेसका शिवराज पन्त ७,२२६ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी संयुक्त प्रजातन्त्र पार्टीका उम्मेदवार डा केआई सिंह (पूर्व प्रधानमन्त्री एवं सोही पार्टीका अध्यक्ष) ले ३,९६६ मत प्राप्त गरेका थिए । पन्त अर्को निर्वाचन क्षेत्र नम्बर ७० बाट पनि निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९५ नुवाकोट दक्षिण पूर्वबाट नेपाली कांग्रेसका जमानसिंह गुरुङ १३,८१० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का जिमु शोभाकान्त शर्माले २६८६ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९९ पोखरा पश्चिमामा नेपाली कांग्रेसका मीनबहादुर गुरुङ ९,४७९ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी ज. हरिशमशेर जबराले ४,४८५ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर १०८ नुवाकोट उत्तरमा नेपाल राष्ट्रवादी गोरखा परिषद्का देववीर पाण्डे ४३५४ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बद्रीराम उपाध्याय भण्डारीले ४,१३७ मत प्राप्त गरेका थिए ।

फागुन १६ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ३७ सप्तरी पश्चिममा स्वतन्त्र उम्मेदवार हरिलाल चौधरी ६,१३२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका कृष्णराज बर्माले ६,०५२ मत प्राप्त गरेका थिए । उक्त निर्वाचनमा ४ जना स्वतन्त्र उम्मेदवारले निर्वाचन जितेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५२ बारा मध्ये उत्तरमा नेपाली कांग्रेसका जनरल सुवर्णशमशेर जबरा ७,२२१ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का मनमोहन मिश्रले ५,९४८

मत प्राप्त गरेका थिए । सुवर्णले उक्त क्षेत्रबाट राजीनामा दिएपछि भएको उपनिर्वाचनमा उनै नेपाल राष्ट्रवादी गोरखा परिषद्का मनमोहन मिश्र निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ७५ दैलेख पश्चिममा नेपाल राष्ट्रवादी गोरखा परिषदका इन्द्रसिंह रावल ५६०८ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी संयुक्त प्रजातन्त्र पार्टीका टेकबहादुर रावलले ३,०५३ मत प्राप्त गरेका थिए ।

फागुन १९ गते सम्पन्न निर्वाचनमा विजयी

पूर्व १ नम्बर निर्वाचन क्षेत्र नम्बर ८ चौतारा मध्य पश्चिमा नेपाल राष्ट्रवादी गोरखा परिषदका सुरेन्द्रप्रसाद उपाध्याय ५,२०० मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका आशाकाजीले २६७२ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ४४ महोत्तरी प्रगन्ना पूर्वमा नेपाली कांग्रेसका रामनारायण मिश्र ११,६४३ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल प्रजापरिषद मिश्र गुटका सुन्दरलालले ६५८७ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५८ पाल्ही पश्चिम माझखण्ड मध्यमा संयुक्त प्रजातन्त्र पार्टीका त्रिवेणी कुर्मी ९,२८२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका अनगमान श्रेष्ठले २,५३४ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ७६ दैलेख मध्यमा नेपाली कांग्रेसका भक्तबहादुर शाही २,२८२ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार केशवबहादुर शाहले १,०१७ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ६२ देउखुरी दाङ दक्षिण पूर्वमा नेपाली कांग्रेसका परशुनारायण चौधरी १२,७३७ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका नारायणप्रसाद शर्माले २,८३६ मत प्राप्त गरेका थिए ।

पश्चिम १ नम्बर निर्वाचन क्षेत्र नम्बर १०६ धादिङ दक्षिणमा नेपाल राष्ट्रवादी गोरखा परिषद्का ललितबहादुर घले ६,०५० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भरतप्रसाद उप्रेतीले २,५१८ मत प्राप्त गरेका थिए ।

फागुन २१ गते सम्पन्न निर्वाचनमा विजयी

पूर्व ४ नम्बर निर्वाचन क्षेत्र नम्बर २१ भोजपुर उत्तर पूर्वमा नेपाली कांग्रेसका दिवानसिंह राई ६,३०१ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार सुरेन्द्रबहादुर बस्नेतले ३,३१९ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर २७ धनकुटा दक्षिणमा नेपाली कांग्रेसका दगलसिं सेन लिम्बुले राई ५,२०२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषदका राजनारायणले १,४५८ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ३८ सप्तरी पश्चिम धनछ्वारमा नेपाली कांग्रेसका सूर्यनाथ दास यादव ७,३८२ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका चन्द्रेश्वरलाल दासले ६,७१३ मत प्राप्त गरेका थिए ।

त्यस्तै निर्वाचन क्षेत्र नम्बर ५१ बारा मध्यदक्षिणमा नेपाली कांग्रेसका भागवत यादव ८,०९५ मतसहित

निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ५५ चिसापानी मकवानपुरमा नेपाल राष्ट्रवादी गोरखा परिषदका ताराप्रसाद उपाध्याय ८,९७३ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका रामलालले २,६२२ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ७८ सल्यान पश्चिमोत्तरमा नेपाली कांग्रेसका राजा स्वयंप्रकाश विक्रम शाह १०,२८१ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषदका सुदर्शनले २,४५४ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९० गुल्मी उत्तर पश्चिममा नेपाली कांग्रेसका नीलाम्बर शर्मा ९,४८४ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का प्रेमबहादुर मल्लले ७,०२५ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९६ नुवाकोट दक्षिण पश्चिममा नेपाली कांग्रेसका येमबहादुर ठकुरी ११,३०२ मतसहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर १०२ पोखरा दक्षिण पश्चिमा नेपाली कांग्रेसका पद्मबहादुर १२,२३७ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का तरवीरजंग शाहीले ५,०४४ मत प्राप्त गरेका थिए ।

फागुन २३ गते सम्पन्न निर्वाचनमा विजयी

पूर्व १ नम्बर निर्वाचन क्षेत्र नम्बर ७ चौतारा उत्तरपूर्वमा नेपाली कांग्रेसका चन्द्रलाल श्रेष्ठ ३,८४४ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रवादी गोरखा परिषद्का लेफ्टिनेन्ट जनल युवराज शमशेरले ३,५५८ मत प्राप्त गरेका थिए ।

पूर्व २ नम्बर निर्वाचन क्षेत्र नम्बर १३ रामेछाप उत्तरमा नेपाल राष्ट्रवादी गोरखा परिषद्का विष्णुप्रसाद उप्रेती ५,४१३ मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर २५ धनकुटा पूर्व मध्यमा नेपाली कांग्रेसका प्रेमराज आङदम्बे ८,६१४ मत सहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ४५ महोत्तरी प्रगन्ना पश्चिममा नेपाली कांग्रेसका वेणीमाधव सिंह १०,३६० मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ६६ डडेल्धुरामा नेपाली कांग्रेसकी द्वारिकाचन्द ठकुरानी निर्वाचित भएकी थिइन् ।

उक्त आमनिर्वाचनमा राजनीतिक दलका तर्फबाट एउटै महिला उम्मेदवार उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी संयुक्त प्रजातन्त्र पार्टीका उम्मेदवार लक्ष्मीदत्त भट्टलाई २,०६४ मतको फराकिलो मतान्तरले पराजित गरेकी थिइन् । त्यहाँ खसेको ८,१४४ मतमध्ये उनले ३,९०३ मत प्राप्त गरेकी थिइन् । यसरी उनले नेपालको पहिलो निर्वाचित महिला सांसद संगसंगै पहिलो महिला मन्त्री भएर इतिहाससमेत रचेकी थिइन् ।

फागुन २४ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ५७ पाल्ही पूर्वमा नेपाली कांग्रेसका पृथ्वीराज कँडेल ६,८११ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र भवनी शंकरले ४,०९५ मत प्राप्त गरेका थिए । निर्वाचन क्षेत्र नम्बर ८५ प्युठान पूर्व दक्षिणमा नेपाली कांग्रेसका पं. पुरुषोत्तम शर्मा ३,९८७ मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टीका मोहनविक्रम घर्ती क्षेत्रीले २,५४९ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर १०७ धादिङ उत्तरमा नेपाल राष्ट्रवादी गोरखा परिषदका भरतशमशेर जबरा ८,८८० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जगतप्रकाशजंग शाहले ३,६०४ मत प्राप्त गरेका थिए । भरतशमशेर पहिलो संसद्मा प्रतिपक्षी दलका नेता थिए ।

फागुन २६ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर २८ इलाम पश्चिम पाँचथर दक्षिणमा नेपाली कांग्रेसका गणेशप्रसाद उपाध्याय ६,७१० मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ३९ सिरहा मध्यमा नेपाली कांग्रेसका देवनाथ दास ११,७७० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र बुन्निलाल महतो ४४४६ मत प्राप्त गरेका थिए । निर्वाचन क्षेत्र नम्बर ४८ रौतहट पश्चिम दक्षिणमा नेपाल प्रजापरिषद् आचार्य गुटका शेख इद्रिस ७,४९० मतसहित निर्वाचित भएका थिए ।

क्षेत्र नम्बर १०३ पोखरा दक्षिण पूर्वमा नेपाली कांग्रेसका श्रीभद्र शर्मा ६,२४० मतसहित निर्वाचित भएका थिए ।

फागुन २८ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ४६ असिभौ कोद्राहमा स्वतन्त्र उम्मेदवार रामदुलार राय यादव ४,५५० मतसहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भोजराम उपाध्यायले ३,९९३ मत प्राप्त गरेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ७२ अछाम बाजुरामा नेपाली कांग्रेसका दिलबहादुर बुढाथापा ९,६०५ मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ७९ सल्यान मध्यपश्चिममा नेपाली कांग्रेसका नेवबहादुर मल्ल ६,०१६ मतसहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ८९ गुल्मी उत्तर पूर्वमा नेपाली कांग्रेसका गिरिप्रसाद बुढाथोकी ८,३६२ मतसहित निर्वाचित भएका थिए । पश्चिम ४ नम्बर निर्वाचन क्षेत्र नम्बर ९७ नुवाकोट मध्यमा नेपाली कांग्रेसका डिकबहादुर गुरुङ १०,११४ मतसहित निर्वाचित भएका थिए ।

चैत २ गते सम्पन्न निर्वाचनमा विजयी

पूर्व १ नम्बर निर्वाचन क्षेत्र नम्बर ६ चौतारा उत्तर पश्चिममा नेपाल राष्ट्रवादी गोर्खा परिषदका गुणनिधि ५,४९० मत सहित निर्वाचित भएका थिए । त्यस्तै पूर्व २ नम्बर निर्वाचन क्षेत्र नम्बर १२ दोलखा मध्यमा नेपाल राष्ट्रवादी गोर्खा परिषदका उम्मेदवार मेजर जनल मृगेन्द्रशमशेर जबरा ६,१४५ मतसहित निर्वाचित भएका थिए ।

पूर्व ३ नम्बर निर्वाचन क्षेत्र नम्बर १६ ऐसेलुखर्कमा नेपाली कांग्रेसका उम्मेदवार मणिराम शास्त्री ६,९४६ मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर २४ धनकुटा उत्तर पूर्वमा नेपाली कांग्रेसका उम्मेदवार कुलमान लिम्बु ४,८५१ मतसहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर २९ इलाम मध्यपूर्वमा नेपाली कांग्रेसका उम्मेदवार कृष्णबहादुर भट्टराई ८,१७० मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ४० सप्तरी पश्चिमा नेपाली कांग्रेसका माधवप्रसाद रेग्मी ७,५०० मतसहित निर्वाचित भएका थिए । क्षेत्र नम्बर ४९ रौतहट मध्य पूर्वमा नेपाल कम्युनिस्ट पार्टीका शेख फर्मान ४,९८४ मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ६७ बैतडी पूर्व दक्षिणमा नेपाली कांग्रेसका दुर्गादत्त जोशी ५,२६४ मतसहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ८४ प्युठान मध्यपूर्वमा नेपाली कांग्रेसका अनिरुद्र उपाध्याय ७,८८८ मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ९३ पाल्पा पश्चिममा नेपाली कांग्रेसका अच्युतराज रेग्मी ६,२८२ मतसहित निर्वाचित भएका थिए ।

चैत ५ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ४७ सर्लाही पश्चिममा नेपाल प्रजापरिषद् मिश्र गुटका निस्तार राय ४,५२० मतसहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ७४ जुम्ला दक्षिणमा स्वतन्त्र उम्मेदवार जयबहादुर महत क्षेत्री ३,००१ मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ८० सल्यान फालावाङ राज्य दाङ उत्तर पश्चिममा नेपाली कांग्रेसका गणेशकुमार शर्मा ८,८७७ मतसहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ८८ बागलुङ दक्षिण पूर्वमा नेपाल राष्ट्रवादी गोर्खा परिषद्का हरिदत्त पाध्या ८,८७० मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर १०१ पोखरा पूर्वमा नेपाली कांग्रेसका नरेन्द्रजंग गुरुङ ८,३६७ मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर १०५ गोरखा दक्षिणमा नेपाल राष्ट्रवादी गोर्खा परिषदका कोमलबहादुर कुँवर ३,२३२ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका लालध्वज गुरुङले १,६२९ मत प्राप्त गरेका थिए ।

चैत ७ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ५० बारा, पर्सा रौतहट उत्तर दोस्तियामा नेपाल कम्युनिस्ट पार्टीका हरदयाल महतो ५,२५० मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ७० थलारा डोटी उत्तरमा नेपाली कांग्रेसका शिवराज पन्त ५,१९९ मत सहित निर्वाचित भएका थिए । उनका निकटतम प्रतिद्वन्दी नेपाल प्रजापरिषद पार्टीका नन्दलाल जोशीले ३,२३१ मत प्राप्त गरेका थिए । ७० र ७१ दुवै निर्वाचन क्षेत्रबाट विजयी शिवराज पन्तले ७० बाट राजीनामा गरेपछि त्यहाँ उपनिर्वाचन भएको थियो । उपनिर्वाचनमा नेपाली कांग्रेसका नवराज जोशी निर्विरोध निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९८ नुवाकोट उत्तरमा संयुक्त प्रजातन्त्र पार्टीका धीरबहादुर गुरुङ ४,५१८ मतसहित निर्वाचित भएका थिए ।

चैत ११ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ११ दोलखा उत्तरमा नेपाली कांग्रेसका गृहबहादुर बस्नेत ३,९१८ मत मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर १८ माने भञ्ज्याङमा नेपाली कांग्रेसका बलबहादुर राई ७,१२९ मत सहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर २३ धनकुटा उत्तर पश्चिममा नेपाली कांग्रेसका पदमनाथ रेग्मी ८,३७० मत मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर ३४ उदयपुरमा नेपाली कांग्रेसका अम्बरसिंह बस्नेत क्षेत्री ५,६५३ मतसहित निर्वाचित भएका थिए ।

त्यस्तै निर्वाचन क्षेत्र नम्बर ८३ प्युठान उत्तर पश्चिममा नेपाली कांग्रेसका खडानन्द उपाध्याय ४ ।६०४ मत मत सहित निर्वाचित भएका थिए ।

चैत १३ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ३० झापामा ९,४०९ मत सहित नेपाली कांग्रेसका फत्तेबहादुर बुढाथोकी निर्वाचित

भएका थिए । निर्वाचन क्षेत्र नम्बर ६८ बैतडी उत्तर पश्चिममा नेपाली कांग्रेसका कृष्णलाल लेखक ५,७६१ मत सहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर ९४ पाल्पा पूर्वमा नेपाल कम्युनिस्ट पार्टीका कमलराज रेग्मी ६,५६३ मत सहित निर्वाचित भएका थिए ।

निर्वाचन क्षेत्र नम्बर १०४ गोरखा उत्तरबाट नेपाल राष्ट्रवादी गोर्खा परिषदका विश्वनाथ सुवेदी ३,१३३ मत सहित निर्वाचित भएका थिए । उक्त क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार कृष्णप्रसाद भट्टराई (निर्वाचनमा पराजित भए पनि उनी उक्त संसदको सभामुख भए र पछि ०४८ र २०५६ मा प्रधानमन्त्री समेत भए ।)

चैत १६ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर ९९ बझाङमा नेपाली कांग्रेसका मीनबहादुर गुरुङ ९,४७९ मत सहित निर्वाचित भएका थिए । त्यस्तै निर्वाचन क्षेत्र नम्बर ८६ बाग्लुङमा नेपाली कांग्रेसका राजा भरत बम मल्ल ८,२२२ मत सहित निर्वाचित भएका थिए । निर्वाचन क्षेत्र नम्बर १०० पोखरा मध्यमा नेपाली कांग्रेसका श्रीकान्त अधिकारी १०,१०६ मत सहित निर्वाचित भएका थिए ।

चैत २१ गते सम्पन्न निर्वाचनमा विजयी

निर्वाचन क्षेत्र नम्बर १७ ओखलढुंगामा नेपाली कांग्रेसका पेशलकुमार पोखरेल ६,५०१ मत सहित निर्वाचित भएका थिए । र्वाचन क्षेत्र नम्बर ७३ जुम्ला उत्तरमा स्वतन्त्र उम्मेदवार भीमप्रसाद श्रेष्ठ २८६४ मतसहित निर्वाचित भएका थिए । जुम्लाका दुव निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारले जितेका थिए ।

निर्वाचन क्षेत्र नम्बर ८७ बाग्लुङ उत्तरमा नेपाली कांग्रेसका योगेन्द्रमान शेरचन १०,६११ मत सहित निर्वाचित भएका थिए । यही निर्वाचन क्षेत्रको एउटा मतदान केन्द्रमा मतदान हुन नसक्दा समग्र निर्वाचन परिणाम ढिला भएको थियो ।

९ पार्टीले पहिलो निर्वाचनमा भाग लिएका थिए ति मध्ये हाल सम्म २ पार्टिले आफ्नो राजनीतिक चरित्रलाई निरन्तरता दिएका छन् भने वाकीहरू कोही यिनै दुइ पार्टी भित्र समेटिए कोही अस्थित्व कायम गरि रहन सकेनन् । पार्टीहरूले यही चुनावमा दलहरूले पहिलो पटक घोषणापत्र सार्वजनिक गरेका थिए । दलहरूले पहिलो संसदीय चुनावमा जारी गरेको घोषणापत्रमा के-कस्ता वाचा गरेका थिए, ती आज के छ भन्ने कुरा अध्ययन गर्न सजिलो होस् भनि फेला परेका नेपाली कांग्रेस र नेकपाको घोषणा पत्र तल उल्लेख गरिएको छ ।

कांग्रेसको घोषणापत्र–२०१५

२०१५ सालको निर्वाचनका लागि कांग्रेसको घोषणापत्र ।

देशमा पहिलोपटक हुन लागेको आमचुनावको महान् अवसरमा नेपाली कांग्रेस देशका सम्पूर्ण बासिन्दालाई अभिवादन गर्दछ । खेतमा काम गर्ने किसान र खेताला, कारखानामा लागेका मजदुर, उद्योगधन्दामा लागेका व्यापारी, विभिन्न कारोबार र पेसामा लागेका अन्य नागरिक, जंगी या निजामतीतर्फका विभिन्न सरकारी कर्मचारी, आइमाई, तरुण, विद्यार्थी, शिक्षित समुदाय, जमिनदार, सन्त महन्त, सुब्बा, राई थरी मुखिया जिम्मावाल धनी, गरिब, सबैका समीपमा नेपाली कांग्रेस चुनावको आफ्नो सन्देश यसै पत्रमार्फत पठाउँदैछ ।

वर्तमान युगअनुसार नौलो शासन व्यवस्था स्थापित गर्नका निमित्त उत्सुक नेपाली जनताले २००७ सालको क्रान्तिका रूपमा एउटा ऐतिहासिक कदम लिएका थिए । त्यस क्रान्तिको नेतृत्व नेपाली कांग्रेसले गर्यो । निरंकुश

राणा शासनले देशको उन्नतिका तमाम बाटाहरू अवरुद्ध गरेको थियो ।

राष्ट्रिय निष्प्राण भएर सामन्ती बन्दोबस्तको अन्धकारमा डुबेको थियो र तर राष्ट्र यसरी मर्दैन । २००७ सालको जनक्रान्तिका रूपमा राष्ट्रिय उन्नतिको भावनाले सामूहिक उद्घोषका रूपमा अभिव्यक्ति पायो । त्यस क्रान्तिले रुढिगत सामन्ती व्यवस्थाको आधारशिलाका रूपमा रहेको राणाशाहीलाई उखेली फ्याँक्यो । त्यस क्रान्तिको सीमित लक्ष्य वा तात्कालिक लक्ष्य विध्वंसात्मक थियो । यस अर्थमा यसले राणा व्यवस्थालाई समाप्त गरिदियो । तर, त्यस क्रान्तिको महान् लक्ष्य त्यति मात्र थिएन । वस्तुतः केही आधारभूत राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तन त्यस क्रान्तिको उद्देश्य थियो ।

आधुनिक समयको आवश्यकताअनुसार देशलाई उन्नतिको बाटोमा हिँडाउनु क्रान्तिको उद्देश्य थियो । राणा शासनको समाप्ति अथात् तात्कालिक लक्ष्य त २००७ सालमा तुरुन्तै प्राप्ति भयो, त्यसअनुकूल प्रजातन्त्रको बीजारोपण पनि भयो भन्न सकिन्छ । तर, चुनावका माध्यमबाट जनताको इच्छाअनुसार शासन व्यवस्था कायम हुने काम अझै हुन सकेको छैन । आठ वर्ष भनेको सानो समय होइन तर हाम्रो राष्ट्रले जनताको इच्छाबमोजिम एउटै पनि ठोस कदम चाल्न सकेको छैन । यसबीचमा सरकारको गठनका मामिलामा अनेकानेक प्रयोग भए ।

क्रान्तिपश्चात् साधारणतः सबैजसो देश अनिश्चित वातावरणबाट गुज्रन्छन् । झन् २००७ सालपछि भएको अनेकानेक प्रयोगले त देशको राजनीतिक स्थिति झन् अनिश्चित हुन पुग्यो । यस्ता समयमा भ्रम उत्पन्न गराउन चाहने र प्रजातन्त्रको उपहास गर्न सिपालु प्रतिगामी तत्त्वले मनपरी गर्न निकै मौका पाए । तर, त्यै पनि यो आठ वर्षको समय सित्तैँ गयो भन्न सकिन्न । प्रतिगामी शक्तिहरूको षड्यन्त्र र चेष्टाका प्रयासका बाबजुद प्रजातन्त्रले नेपाली जनताको हृदयमा जरो गाडिसकेको छ । अब नेपाल क्रान्तिपूर्वक दिशामा कदापि फिर्न सक्दैन ।

आज हाम्रो देशका जनताका अनुहारमा दरिद्रता र अज्ञानताको स्पष्ट छाप छ । हाम्रा नेपाली दाजुभाइका खानपिन रहनसहन लामो यातनाको कथा हुन पुगेको छ । अनेकानेक नदी नालाले सिञ्चित हाम्रो मुलुकको मलिलो माटोको अभाव छैन । हामीसित हरियाभरिला जंगलहरू छन् । पहाडमा लाखौँका खानी छन् । नदी र झरनामा लुकेर रहेको विद्युत्शक्ति छ । नेपाली जातिको उद्यम र अनुशासनउपर पनि आजसम्म कसैले शंका गर्न सकेको छैन । यति प्राकृतिक सम्पदा र सद्गुण हुँदाहुँदै पनि नेपाली समाज अझै दरिद्रता र अशिक्षाद्वारा पीडित छ ।

राष्ट्रले यस्तो अवस्थाबाट हर हालतमा मुक्ति प्राप्त गर्नु आवश्यक छ । वर्तमान आमचुनावले हामीलाई मुक्तिको महान् अवसर प्रदान गरेको छ । चुनावद्वारा जनताले हाम्रो देशको प्राकृतिक उपलब्धिको समुचित व्यवस्था र उपभोग गर्न सक्ने राजनीतिक एवम् आर्थिक बन्दोबस्त स्थापित गर्नुपरेको छ । ठीक यसै अर्थमा आगामी चुनावको महत्व छ । चुनाव आज हाम्रा निमित्त राष्ट्रिय उत्थानको बाटो भएर अघि उपस्थित भएको छ ।

नेपाली कांग्रेस समाजवादी संस्था हो । यसको अन्तिम लक्ष्य एउटा यस्तो आदर्श व्यवस्था स्थापित गर्नु हो, जहाँ मनुष्यले मनुष्यको शोषण गर्ने छैन । धन दौलतका अभावमा उत्पन्न भएको सानाठूलाको भेद नेपाली कांग्रेस समाप्त गर्न चाहन्छ । अरु पनि अनेकौं थरीका सामाजिक अन्याय र असमानता देशमा व्याप्त छन् । ती सबै अन्याय र असमानतालाई समाप्त पारी पारस्परिक मेल, सद्भावना र सहकारिताका आदर्शबाट प्रेरित एउटा ठूलो राष्ट्रका रूपमा हाम्रो वर्तमान समालाई पुनर्गठित गर्नु नेपाली कांग्रेसको ध्येय हो । यसै बाटोबाट राष्ट्रको बढीभन्दा बढी उन्नति हुन सक्छ ।

नेपाली कांग्रेसको समाजवादी व्यवस्थाको बाटो छोटो छैन । यस अवस्थामा देशले निकै लामो र कष्टसाध्य उकालोको बाटो छिचोल्नु छ । तत्कालीन हाम्रो समाजमा समाजवादी अक्ष्य प्राप्त गर्ने साधन उपलब्ध छैनन् यी साधनलाई सुस्तरी प्राप्त गर्दै प्रजातान्त्रिक पद्धतिद्वारा हामीले समाजवादका महान् लक्ष्यका तर्फ अग्रसर हुँदै जानु छ । नेपाली कांग्रेसले प्रथम आमचुनावमा सफलता पाएको खण्डमा सर्वप्रथम निम्न किसिमका कदम चाल्नेछ ।

गाउँ, किसान र जग्गा

जग्गामा आधारित हाम्रो अर्थ व्यवस्थामा नेपाली कांग्रेस सर्वप्रथम भूमि सुधारका तर्फ ध्यान दिन आवश्यक ठान्दछ । गाउँ र गाउँका विकास सम्पन्न भए मात्र उद्योगधन्दा पनि फैलिनेछन् । भूमि सुधार नगरी तसर्थ हामी नेपाललाई उन्नतिको बाटामा लैजान सक्ने छैनौं । भूमि सुधारका मुख्यतः दुई स्वरूप हुनेछन् ।

क) भूमिबाट सामन्ती शोषण समाप्त गरी किसान र खेतालाको अधिकार सुरक्षित राख्नु ।

ख) वैज्ञानिक तरिका र उपायलाई अपनाएर जग्गाको उत्पादन बढाउनु ।

यदि जमिनबाट समान्ती शोषण समाप्त गर्न सकिएन भने उत्पादनका वैज्ञानिक पद्धतिले प्रधानता पाउन सक्ने छैन । राज्यको अधीनमा रहका जग्गाहरूमा वैज्ञानिक खेतीको तरिका अपनाइनेछ । त्यसबाहेक समाजलाई गतिशील बनाउन किसानका उपरको दबाब, अन्याय र अत्याचारलाई मनोवैज्ञानिक प्रेरणाका निमित्त पनि निमिट्यान्न पार्नु बडो आवश्यक छ । तसर्थ यस दिशामा नेपाली कांग्रेसले निम्नलिखित कदम अविलम्ब चाल्नेछ ।

१. जंगलको संरक्षण : जंगल हाम्रो देशको राष्ट्रिय सम्पत्ति हो । हाम्रो जायदाद, एवम् पुँजीको मुख्य अंग एक प्रकारले जंगल नै छ । जस्ता प्रकारले अचेल जंगल फाडिँदैछ, सो देशका निमित्त बडो घातक कुरो हो । नेपाली कांग्रेसले देशको जंगलको वैज्ञानिक रूपले व्यवस्था गर्नका लागि जंगलको राष्ट्रयकरण गर्नेछ । तर आमजनतालाई व्यावहारिक उपयोगका निमित्त चाहिने आवश्यक खर, पात, दाउराको यथेष्ट सुविधा नेपाली कांग्रेसले प्रदान गर्नेछ । गाउँका छेउछाउका जंगलको व्यवस्था र इन्तजाम प्रचलित रीति नीतिलाई ध्यानमा राख्दै बनेका सरकारी नियम अनुकूल गाउँलेले गर्नेछन् ।

२. विर्ताको राष्ट्रियकरण हुनेछ ।

३. रजौटा प्रथाको समाप्ति ।

४. जमिनदारी प्रथाको समाप्ति ।

५. जमिनको अधिकतम सीमा निर्धारण एवम् हदबन्दी भन्दा माथिका जमिनको पुनर्वितरण ।

६. जंगलबाहेक अरू खालका भूमि सम्पत्तिमा पुनर्वितरण गर्दा क्षतिपूर्ति दिने कुरा नेपाली कांग्रेसले सिद्धान्ततः स्वीकार गरिसकेको छ । क्षतिपूर्तिको रकम कति हुनेछ भन्ने कुरामा अथवा जमिनको हदबन्दी कति हुनेछ भन्ने विषयमा सरकारले संसदीय प्रणाली अनुकूल विशेषज्ञहरूको सल्लाह लिनेछ । त्यसै सल्लाहअनुरूप सरकाले निर्णय गरी यस दिशामा काम गरिनेछ ।

७. सरकारले सहकारी खेतीलाई प्रोत्साहित गर्नेछ । सरकारी मद्दतले जमीनका सानासाना टुक्रालाई कित्ताबन्दी गरी किसानहरूलाई आपसमा सहयोग र सहकार्य गरी वैज्ञानिक किसिमबाट खेती गराउने व्यवस्था गराउनेछ ।

८. जिल्ला जिल्लामा सरकारी प्रेरणा र सहायताले कृषि बैंक अथवा अन्न कोषको निर्माण गरी गरीब

किसानलाई सस्तो ब्याजमा कर्जा दिने व्यवस्था सरकारले मिलाउनेछ । यस्ता बैंक या कोषको साधारण नियम सरकारले बनाउनेछ । तर, यी बैंकलाई चलाउने मुख्य जिम्मेदारी स्थानीय जनताका प्रतिनिधिको हुनेछ । यिनै स्थानीय प्रतिनिधिद्वारा बैंकको नीति निर्धारण हुनेछ ।

९. सरकारले असल बिउ तथा मलको वितरणको व्यवस्था मिलाउनेछ एवम् ठाउँठाउँमा आदर्श खेतीको प्रदर्शन गरिनेछ ।

१०. देशमा पटकपटक परिरहने सुक्खा र अनिकालको डर हटाउन बाँध पानीको राम्रो बन्दोबस्त अविलम्ब मिलाइनेछ । आजसम्म बनेका प्रयोगधर्मी सरकारहरूले यस दिशामा शून्यप्रायः कदम लिएका छन् । नेपाली कांग्रेसले यसलाई प्राथमिकता दिनेछ । यो बाँध कुलोको व्यवस्था र योजना पनि सरकारको नाम मात्रको निरीक्षणमा स्थानीय जनताको हातमा रहनेछ । प्रत्येक जिल्लाका निमित्त आवश्यक निश्चित आर्थिक सहायता सरकारले तुरुन्त दिने बन्दोवस्त मिलाउनेछ ।

११. गाउँको उन्नति नै देशको उन्नति हो । यस सत्यलाई कार्यान्वयन गर्न देशका प्रत्येक गाउँलाई सुसङ्गठित बनाउन एवम् सुधार्न नेपाली कांग्रेसले ठोस कदम लिनेछ । आज नेपाली कांग्रेसको नारा गाउँ सपार र गाउँ फर्क हुन गएको छ । माथिका विभिन्न भूमि सुधारका योजनालाई क्रियान्वित गरिने वास्तविक थलो गाउँ नै भएको हुँदा नेपाली कांग्रेसले ग्रामीण संगठनलाई प्रजातान्त्रिक एवम् सुदृढ बनाउन आफ्नो पुरा लागत लगाउने छ । नेपाली कांग्रेसले शासनको विकेन्द्रीकरणको निमित्त गाउँलाई आधार बनाई आफने कार्यक्रम बनाउने छ ।

१२. गाउँका बेकार जनतालाई नेपाली कांग्रेसले भूमि सेनाका रूपमा सङ्गठित गर्नेछ । यस भूमि सेनाले कुलो, बाँध, सडक तथा बाँझो जग्गालाई आवाद गर्नका निमित्त विशेष परिश्रम गर्नेछ । यससम्बन्धमा प्रशिक्षण प्राप्त भूतपूर्व सैनिकहरूबाट सहयोग लिनका निमित्त विशेष कोसिस गरिनेछ ।

१३. घरबारविहिन किसानलाई बसोबासको व्यवथ । पहिल्यै आवाद भएका तर हाल पर्ति परेको जग्गा, लाभ नहुने जंगल फाँडेर बनाएको जग्गा र हदबन्दी भन्दा माथिका जग्गा जग्गाविहीन किसानहरूलाई प्राथमिकता दिएर बाँडिनेछ । जग्गा आवाद गर्न आवश्यक ऋणको प्रबन्ध पनि सहकारी समितिको मार्फतबाट सरकारले नै गर्नेछ ।

उद्योग धन्दा एवम् कल कारखाना

राष्ट्रको सम्पन्नता उद्योग धन्दाको विस्तारमा नै निर्भर गर्छ । यसपटकको चुनावमा नेपाली कांग्रेसले भूमिसुधार भूमिको उत्पादनमा वृद्धि र ग्रामीण सुधारलाई प्राथमिकता दिएको छ तापनि व्यापार र उद्योगधन्दापट्टि पनि नेपाली कांग्रेसले ध्यान दिएको छ । आजसम्मको अनिश्चित सरकारी नीति र विरोधी कारबाहीका कारणले उद्योगधन्दालाई ठूलो नोक्सान पुगेको छ । व्यापारी र उद्योगपति दुइटैलाई कुनै प्रकारको सहयोग र उत्साहित गर्ने प्रेरणा आजसम्मका सरकारले दिएका छैनन् । नेपाली कांग्रेसलाई दृढ विश्वास छ कि सरकार बनाउन पाएमा यसमा भएका त्रुटिपूर्ण कारबाहीमा सुधार ल्याएर नेपाली कांग्रेसले शीघ्रातिशीघ्र उद्योगधन्दा र व्यापारका विकासका लागि आवश्यक वातावरणको सृष्टि गर्नेछ ।

१. मुद्रामा वैज्ञानिक ढङ्गबाट सुधार र दृढता । यस दिशापट्टिको आजसम्मको प्रयोग असन्तुलित एवम् अवैज्ञानिक छ । देशमा राष्ट्रिय मुद्राको मात्र प्रचलनको लक्ष्य नेपाली कांग्रेसले राखेको छ ।

२. व्यापारसम्बन्धमा सुनिश्चित नीति ।

३. द्रुत गतिबाट औद्योगिकीकरण गर्न नेपाली कांग्रेसले उद्योग धन्दाको विस्ताका निमित्त तीन किमिमको स्तरको कल्पना गर्दछ ।

क) साना साना ग्रामीण तथा घरेलु उद्योगधन्दा ।

ख) मझौला उद्योगधन्दा ।

ग) धेरै पुँजीबाट सञ्चालित हुने आधारभूत उद्योगधन्दा ।

४. क) नेपालमा पुँजीको अभाव भएको र गाउँको उन्नतिको नेपाली कांग्रेसको परिकल्पना भएको हुँदा साना साना र घरेलु उद्योगधन्दा एवम् कल कालखानापट्टि नेपाली कांग्रेसको ध्यान गएको छ । घरेलु उद्योगबाट राष्ट्रिय आवश्यकताको पूर्तिको निमित्त जति सामग्री उत्पादित हुन सक्छ, त्यसको निम्ति राष्ट्र, घरेलु उद्योगधन्दामा नै निर्भर हुन सकोस् एवम् राष्ट्रिय यथासम्भव यी सबै वस्तुका निम्ति परामुखापेक्षी नरहोस् भन्ने नेपाली कांग्रेसको विचार छ । यस प्रकारको घरेलु उद्योगधन्दामा सहकारिताको सिद्धान्तलाई प्राथमिकता दिइनेछ ।

३. (ख) व्यक्तिगत पुँजीको संरक्षणको जिम्मेदारी सरकारले लिनेछ । मझौलाखाले उद्योगधन्दाको विकासको मुख्य जिम्मेदारी व्यक्तिगत पुँजीपतिहरूको हातमा नै रहनेछ । यस स्तरमा हुने औद्योगिक विकास कार्यका निम्ति सरकारद्वारा सकेसम्म मद्दत पुँजीपतिहरूले पाउनेछन् ।

३. (ग) ठूलाठूला न उद्योगधन्दा र आधारमूलक उद्योगको विकासको प्राथमिक जिम्मेदारी सरकार के हुनेछ । यस निम्ति विदेशबाट पुँजी झिकाउने व्यवस्था पनि सरकारले गर्नेछ । नेपाली कांग्रेस विदेशी सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूवाट ऋण लिने विचारको विरोधी छैन । विदेशी पुँजीलाई प्रश्रय दिइनेछ तर, उक्त पुँजीले सरकारी नियमको पूर्ण मर्यादामा रहनुपर्नेछ ।

अहिले चालूमै रहेका निर्माण एवम् विकास कार्यहरूको सम्पादनमा अहिले बढी शिथिलता छ । त्यसलाई हटाएर प्रशासनयन्त्रको सुधारद्वारा ती कामलाई तुरून्त टुंग्याइनेछ ।

मजदुर नीति

कलकारखानामा काम गर्ने मजदुर वर्गको कल्याणका निमित्त तथा उनीहरू एवम् कलकारखानाका मालिकहरूको बीचको सम्बन्धलाई राम्रो बनाउन गतिलो मजदुर ऐन पास गर्ने निश्चय नेपाली कांग्रेसले गरेको छ ।

प्रशासन

वर्तमान प्रशासनयन्त्र अत्यन्त ढिलो र अवैज्ञानिक छ । सरकारी कामहरूमा यसै कारणले बाधा उत्पन्न भएको अनुभव सबैले गरेका छन् । जनताको परेशानी बढेको छ । अतयवः जुन उद्देश्य र कार्यक्रमलाई लिएर नेपाली कांग्रेसले सरकार बनाउनेछ, त्यसलाई कार्यन्वित गर्न सकिने लायकको सुधार प्रशासनयन्त्रमा नेपाली कांग्रेसले ल्याउनेछ ।

१. प्रशासनयन्त्रको भ्रष्टाचार एवम् अदालतहरूमा व्यापक रूपमा फैलिएको घुसखोरीबाट जनता पीडित छन् । प्रशासनयन्त्र जनताको भलाइनिमित्त हो । तर, जनताको शोषण गर्नका निम्ति यसको उपयोग भइरहेको छ । शासन भार लिनेबित्तिकै घुसखारी एवम् भ्रष्टाचारलाई नेपाली कांग्रेसले निर्मूल गर्नेछ हामीलाई विश्वास छ कि सरकारले इमानदारीपूर्वक यस व्यापक रोगमाथि दृष्टि दिएको खण्डमा यस रोगलाई निर्मूल पारिनेछ भ्रष्ट कर्मचारीलाई कडा सजाय र इमानदार एवम् कर्तव्यपरायण कर्मचारीलाई कदर गर्ने नेपाली कांग्रेसको सरकारले प्रतिज्ञा गर्दछ ।

२. प्रशासनिक यन्त्रमा वैज्ञानिक ढंगले सुधार योग्य तथा इमानदार कर्मचारीहरूको नियुक्ति र कदर गर्नु र सरकारी कर्मचारी सेवाको संरक्षण गर्नु सरकारको जिम्मेदारी हुनेछ ।

३. प्रशासनको विकेन्द्रीकरण : अहिले प्रशासनयन्त्रमा ठूलो शिथिलता छ । यसले गर्दा सरकारी काममा विघ्न बाधा परिरहन्छ । त्यसलाई हटाउन एवम् साथै प्रजातन्त्रको सिद्धान्तलाई स्थानीय जनताको व्यवहारको वस्तु बनाउन निम्ति नेपाली कांग्रेसले शासन व्यवस्थामा विकेन्द्रीकरणको सिद्धान्तको प्रयोग गरी समुचित सुधार गर्नेछ । गाउँ सुधारसित सम्बन्धित परिच्छेदमा गाउँलाई नै शासनयन्त्रको सबैभन्दा तल्लो खुड्किलो बनाउने कुरो बताइसकिएकै छ । जिल्लाको व्यवस्थाको निम्ति स्थानीय जनताका प्रतिनिधिहरूको कमिटी बनाइनेछ र विभिन्न कामको जिम्मेदारी तिनै कमिटीलाई सुम्पिनेछ ।

स्थानीय निर्माण कार्य, बाँध कुलो आदिको व्यवस्था कृषि वैकको जिम्मेदारी, शिक्षण संस्था एवं अस्पताल आदिको सञ्चालन, यातायात प्रविधि कार्य जिल्लाका प्रतिनिधिहरूको कमिटीले गर्नेछ । प्रारम्भमा सरकारको रेखदेखको व्यवस्था हुनेछ, पछि सुस्तसुस्त सम्पूर्ण जिम्मेदारी जिल्लाका प्रतिनिधिहरूमाथि नै रहेनछ । यी सबै कामको व्यवस्थाका लागि जिल्लावाट हुने आम्दानीको रकमको निश्चित भाग छुट्याइनेछ ।

जुन जिल्लामा जिल्लाको आम्दानी अपर्याप्त हुन्छ, त्यस जिल्लामा केन्द्रबाट आर्थिक मद्दत पुऱ्याइनेछ । विभिन्न क्षेत्रका सविशेष स्थानीय समस्याको जिम्मेदारी त्यस क्षेत्रका जनताक हातमा रहनेछ । किपटको सम्बन्धमा किपटीहरू र स्थानीय जनताको राय सल्लाह एवं माग नभै कुनै प्रकारको बाधा वा विरोध हुन दिइने छैन ।

शिक्षित समुदाय एवं महिला वर्ग

१. देश निर्माणको योजना सम्पादित गर्न नेपाली कांग्रेस खास गरेर शिक्षित समुदायबाट सहयोग प्राप्त गर्ने आशा राख्दछ । अहिले निर्वाचनमा मात्र हैन, निर्वाचन पछि शासन व्यवस्था र निर्माणकार्यमा शिक्षित समुदायले ठूलो जिम्मेदारी वहन गर्नु छ । अतः नेपाली कांग्रेसले उनीहरूको सरकारीस्तरमा सहयोग लिनेछ एवं उनीहरूको वौद्विक स्वतन्त्रताको पनि रक्षा गर्नेछ ।

२. सरकारद्वारा गरिने प्रत्येक कार्यमा राष्ट्रिय दृष्टिकोण अपनाएर देशका प्रत्येक जनतालाई समान अवसर र अधिकार उपलब्ध गराइनेछ । सरकारी नियुक्तिमा छात्रवृत्ति दिदा एवं अन्य यस प्रकारका कार्यमा यस समय अपनाइएको पक्षपातपूर्ण नीतिलाई पूर्णतः बहिष्कार गरेर नेपाली कांग्रेसले राष्ट्रिय दृष्टिकोण राख्नेछ । महिला र पिछडिएका वर्गका सबै अधिकारको संरक्षण हुनेछ । एवम् शिक्षाद्वारा तिनको बौद्धिक विकास गराउने विशेष व्यवस्था गरिनेछ ।

धर्म

धर्मको सम्बन्धमा हाम्रो नीति स्पष्ट छ । देशमा धेरै थरि धर्म मान्ने मानिस छन् । ने. का. यिनको साझा सरकार हुनेछ । अतः सरकारले प्रत्येक धर्म मान्नेलाई आफ्नो अन्तरात्माको विश्वासको धर्म एवम् विधि विधान मान्ने र त्यस अनुसार उपासना गर्न पूर्ण स्वतन्त्रता दिनुपर्छ ।

सबै धर्मावलम्बीहरूलाई आफ्नो अन्तरात्माको विश्वासको धर्मको विधि विधान मान्ने र त्यसमा हिड्न दिने ग्यारेन्टी नेपाली कांग्रेस दिन्छ । कसैले कसैको धर्ममा बाधा दिन खोज्छ भने सुरक्षाका निम्ति पार्टीले आफ्नो सम्पूर्ण शक्ति लगाउने विश्वास दिलाउँछ । नेपाली कांग्रेसलाई आफ्नो संस्कृति प्यारो छ, र हाम्रो महान् संस्कृतिको आधारशिलामा नै आधुनिक नयाँ प्रगतिशील समाजको निर्माण गर्न हामी चाहन्छौ ।

शिक्षा, स्वास्थ्य एवं यातायात

नेपाली कांग्रेस शिक्षा, स्वास्थ्य एवम् यातायातको व्यवस्था को सर्वप्रथम आवश्यकता सम्झिन्छ । अतः शिक्षा एवम् स्वास्थ्यको व्यापक व्यबस्था, यातायातको समुचित विकास एवम् संचारको राम्रो प्रबन्ध गर्न नेपाली कांग्रेसले आफ्नो सम्पूर्ण तागत लगाउनेछ ।

न्याय

नेपालमा न्याय प्रशासन सर्वसाधारणको लागि सजिलो, सस्तो, निष्पक्ष र सुलभ गराउने व्यवस्था हुनेछ ।

भाषा

नेपालको राष्ट्रभाषा नेपाली हुनेछ । देशका अन्य क्षेत्रीय भाषाहरूको रक्षा एवम् संवर्द्धन नेपाली कांग्रेसको सरकारले गर्नेछ, क्षेत्रीय भाषाले आ-आफ्नो क्षेत्रमा प्रमुखता पाउनेछ ।

वैदेशिक नीति

नेपाली कांग्रेसको विदेश नीति सबै राष्ट्रसित समानताका आधारमा मित्रता कायम गर्नु हुनेछ । नेपाली कांग्रेस कुनै पनि सामरिक गुटमा लाग्ने छैन । संयुक्त राष्ट्र संघको आफ्नो सदस्यताको सदुपयोग नेपालले शान्ति प्राप्ति गर्नका निमित्त गर्नेछ । नेपाली कांग्रेसले आफ्ना महान् छिमेकी राष्ट्रहरूसित पूर्ण मित्रता राख्नेछ ।

जय नेपाल ।

कम्युनिस्ट पार्टीको २०१५ सालको चुनावी घोषणा-पत्रक्रान्तिपछिको आठ वर्ष

२०१५ साल फाल्गुन ७ गते नेपाली जनताले क्रान्ति गरी राणाशाहीको एकतन्त्रीय पारिवारिक शासनको अन्त्य गरेको ८ वर्ष पुगी ९ वर्ष लाग्छ । क्रान्तिपछि देशको ८ वर्षको इतिहासतर्फ दृष्टि लगाउँदा एकातिर क्रान्तिद्वारा प्राप्त अधिकारहरूलाई कार्य रूपमा लागू गराउन नेपाली जनताले गरेको संघर्षको तस्वीर देखिन्छ भने सरकार तथा प्रतिक्रियावादी शक्तिहरू मिली क्रान्तिको बेलामा गरेका प्रतिज्ञाहरूको उल्टो क्रान्तिबाट पाइएका अधिकारहरूलाई समेत जनताबाट खोस्न अगाडि बढेको देखिन्छ ।

देशमा राजनीतिक स्वतन्त्रता पाएर आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रगति गर्ने इच्छा गरेका नेपाली जनताले एकतन्त्रीय शासनको अन्त्य गराउनु मुख्य कर्तव्य सम्झी प्राणको बाजी लगाएर क्रान्तिमा अगाडि बढेका थिए ।

२००७ साल फाल्गुण ७ गते राणा शासन अन्त्य गराई त्यसको बदलामा जुन सरकारलाई देशको शासन भार सुम्पिएको थियो । त्यसबाट नेपाली जनताले यही आशा गरेका थिए कि क्रान्तिका बेलामा गरेका प्रतिज्ञाहरू पूरा गरिनेछन् तर केही वर्षको अनुभवले नै जनताका सारा आशाहरूलाई निराशामा बदलिदियो । क्रान्तिद्वारा पाइएका अधिकारहरू पनि खोसिँदै गए ।

अन्तरिम संविधानको उल्लंघन

२००७ को नेपाल अन्तरिम शासन विधानको दफा (८८) अनुसार देशको संविधान बनाउनका निमित्त सकेसम्म चाँडो विधान परिषद्को चुनाव गराइनुपर्नेमा यसको उल्टो झन् आमचुनावको विषयलाई पर सार्दै लगियो र आखिरमा दफा ८ को विपरीत संसद्को घोषणा गरियो ।

यस्तैगरी, प्रधान न्यायालय ऐन २००८ को दफा (२), (४), (३०) को अधिकार पनि खोसियो र प्रधान न्यायालयको फैसला अकाट्य हुन नसक्ने भयो ।

मौलिक अधिकारसम्बन्धी दफा (१६) को पनि अवहेलना गरियो र मौलिक अधिकार सुरक्षित रहन सकेनन् । प्रजातान्त्रिक अधिकारमाथि हमला- उपरोक्त अधिकार हट्नुका साथै सरकारले यसबीचमा अफ्नो शासनयन्त्रलाई दमनयन्त्र बनाएको छ । जनताका सारा प्रजातान्त्रिक अधिकारमाथि हमला भएको छ । अखबारहरूमा प्रतिबन्ध लगाइनु सभाजुलुस-भाषणमा रोक लगाउनु सभास्थलबाट राजनीतिक कार्यकर्ताहरूलाई गिरफ्तार गर्नु अश्रु गेस लाठी चार्ज गर्नु यसबीचका सामान्य कुरा भएका छन् । ८ वर्षसम्म बनेका सरकारले आफ्नो मुख्य मार नेपाल कम्युनिस्ट पार्टी माथि गरेका छन् । किनभने प्रजातन्त्रको रक्षाका लागि कम्युनिस्ट पाटीले नै अगुवाइको काम गरेको छ ।

कम्युनिस्ट पार्टीलाई अवैध गरियो, सुरक्षा कानुनको मुख्य सिकार पनि कम्युनिस्ट कार्यकर्ता नै हुनुपर्थ्यो । यसका साथै अरु विरोधी दलमाथि पनि हमला गरिएको छ । जो कि पार्टीसरह समयसमयमा जनताको पक्षमा थिए । त्यस्तै गरी, जनवर्गीय संगठन र सामाजिक संस्थाहरू पनि सरकारको हमलाबाट बच्न सकेनन् ।

पुरानै शासनकालको अवस्था : जनताको शक्ति र संघर्षले देशको तथा घरेलु क्षेत्रमा केही प्रगति र प्राप्ति देखिए तापनि देशको अवस्था राणाकालको शासनजस्तै सोचनीय छ । देशको निम्न लिखित आठवर्षको तस्वीरले यस कुराको पुष्टि गर्दछ ।

वैदेशिक नीति- वैदेशिक नीतिमा आज पनि ठूलाठूला कमजोरिहरू उन देशमा आज गोर्खा भर्ती केन्द्रहरू कायम छन् । श्री ५ को सरकारले अझ यसलाई १० वर्षको निम्ति बडाएको छ । यस सन्धिअनुसार अंग्रेज साम्राज्यवादीले हाम्रा देशका नौजवानहरूलाई छानीछानी फौजमा भर्ना गर्न पाउँदैछ ।

नातावाद, कृपावाद र भ्रष्टाचार-क्रांन्तिपछि पनि राणाकालको सरह नोकरी कोटा प्रमोशन, छात्रवृत्ति आदि दिने काममासमेत प्रजातन्त्रको आधारलाई छाडी नातावाद कृपावादको आधारलाई अपनाइएको छ । यसले गर्दा प्रत्यक्ष शासनको समयमा होस्, अथवा मन्त्रिमण्डलको समयमा होस, आफ्नो मानिस आफ्नै नातेदार आफ्नै पार्टीका कार्यकताले मात्र फाइदा उठाउन पाएका छन् ।

त्यस्तैगरी, देशको विकासकार्यको नाममा अमेरिकनहरू पसी बिनारोकटोक देशको सबै भागमा प्रवेश गर्ने तथा देशका शासन यन्त्रमा समेत दख्खल दिन मौका प्राप्त गर्दै छन् ।

पञ्चशीलको सिद्धान्तविपरीत भारतसँगको असमान व्यापार सन्धि अझ पनि कायम छ । यसबाट नेपालको उद्योगधन्दा तथा बन्द व्यापारको विकासमा बाधा पुऱ्याएको छ ।

आर्थिक क्षेत्रमा : देशको आर्थिक जीवनमा कुनै परिवर्तन आउन सकेको छैन । आर्थिक दृष्टिकोणमा देश अझ पनि राणाकालकै सरह पिछडिएको छ ।

क) उद्योगधन्दाको बर्बादी : राणाकालदेखि खोलिएका देशका उद्योग धन्दाले आठ वर्षको अवधिमा पनि कुनै प्रगति गर्न सकेका छैनन् । सरकारको रेखदेख सहयोगको अभावमा देशका जुट मिल, कपास मिल आदि गएगुज्रेको अवस्थामा छन् । यी मिलबाट देशले फाइदा उठाउन सकेको छैन । यस्तो अवस्था घरेलु उद्योगको छ ।

अन्तर्राष्ट्रिय देखासिकी र देशका जनताको बढ्दो चेतनाले पञ्चवर्षिय योजना तैयार पारिएको छ, तर शासनयन्त्रको अयोग्यता तथा भ्रष्टाचारले गर्दा यस योजनाबाट पनि देशले फाइदा उठाउन सकेको छैन ।

मजदुरको अवस्था : देशका सबै मजदुरहरूको अवस्था अत्यन्तै सोचनीय छ । मजदुर कानून लागू गरिएको छैन ।

(ख) कृषिः देशको कृषि अवस्था आज पनि मध्ययुगीन पिछौटेपनमा नै रहेको छ । नहर, कुलो, बाँध, पैनीको कुनै प्रबन्ध भएको छैन । सुक्खा र बाढीले खेतीपातीलाई जहिले पनि नोक्सान पारिरहेको छ । भूमिसुधार कानून व्यवहारमा अझ लागु हुन सकेको छैन । बेठ बेगारी आदि सामन्ती शोषण देशबाट अझ पनि निर्मूल हुन सकेको छैन ।

किसानहरूको अवस्था : भ्रष्टाचारी तथा सामन्त र जाली फटाहाहरूको हरेक किसिमको जाल झेलबाट किसानहरू तबाह भएका छन् । महँगी रोगव्याध र अनिकालको ठूलो चोट पनि किसान जनतामा नै परेको छ । सुक्खा बाढी बेदखली तथा ऋणको मारले देशका लाखौँ किसान भूमिहीन तथा बेघरबार भएका छन् ।

सुकुम्बासीहरूको अवस्था : पर्ती जमिन सुकुम्बासीलाई दिने भन्ने निर्णय पनि भ्रष्टाचारले गर्दा कागजी मात्र भएको छ र पर्ती जमिनको ठूलो हिस्सा हुने खानेहरूके हातमा परेको छ । सुकुम्बासीको त नाम मात्र भएको छ ।

बेकारी : बेकारी समस्या पनि दिनपरदिन बढ्दो अवस्थामा छ । शहरका कैयौँ बुद्धिजीबी मध्यमवर्ग तथा कालीगढहरूले समेत काम नपाई बेइलमी भई बस्नुपरेको छ । पञ्चवर्षीय योजनासमेत बेकारीको समस्या समाधान गर्न असमर्थ रहेको छ । बेकारीको समस्याले नै गर्दा आज देशका बुद्धिजीवीहरू र अन्य युवा युवतीहरू आफ्नो इच्छा र विचारको विपरीत अमेरिकन तथा मिसनरीहरूद्वारा सञ्चालित योजना र संस्थाहरूमा नोकरी गर्नुपरेको छ तर यसबाट पनि बेकारीको समस्या समाधान हुन सकेको छैन ।

शिक्षक, कारिन्दा, तथा साधारण कर्मचारीहरूको अवस्था पनि शोचनीय भएर गएको छ । आजको महँगीका मुख्य सिकार यी तत्वले नै हुनुपरेको छ ।

रोगव्याधि : कालज्वर, मलेरियाले तराईलाई बर्बाद गर्छ । हैजा विफर आदि महामारी पनि देशमा कम हुनुभन्दा बढ्दै गएको छ । क्षयरोगको प्रकोप पनि दिनपरदिन अवस्थामा छ । शिशुशालाको देशमा कुनै व्यवस्था गर्ने चलनेछैन जबकि देशको सालाना मृत्यु संख्यामा सयकडा ४०/४५ बच्चाको नै हुन्छ । प्रसूतिगृहका देशमा अत्यन्त ठूलो अभाव छ । राजधानीबाहेक अरूतिर त यसको झन् ठूलो अभाव छ । न डाक्टर न अस्पताल छ । यसको यस्तो अवस्थामा आठवर्षसम्मका सरकारहरूको नीति अत्यन्त निराशाजनक र बेवास्ताको छ ।

हाम्रो देशका प्रशासकीय विभागहरूमा भ्रष्टाचार व्याप्त छ । यसको फस्वरूप घुसखोरी उग्र हुँदैछ र सरकारबाट स्वीकृत जिल्लास्तरका र अन्य रचनात्मक योजनाहरू अधुरा र असन्तोषप्रद भएका छन् ।

शिक्षा र शिक्षण संस्थाहरूको अवस्था -क्रान्तिपछि देशमा शिक्षातर्फ जनताको असाध्यै रूचि बढेको छ । जनताले आफ्नै प्रयासबाट देशका कुनाकाप्चामा शिक्षालयहरूको स्थापना गरेका छन् । जनताको यस्ता सहानीय रचनात्मक काममा पनि सरकारको उपेक्षित तथा उदासीन नीतिले गर्दा धेरैजसो शिक्षालयहरू शोचनीय अवस्थामा पुगेका छन् र कति त बन्द पनि भैसके आर्थिक कमजोरी खर्चिलो पढाइ, सञ्चालक र शिक्षकहरूको बीच झगडा पाठ्यपुस्तकहरूको अभाव र राष्ट्रिय शिक्षा नीतिको अभाव नै तमाम शिक्षालयहरूको पतनका कारणहरू हुन् ।

विश्वविद्यालय- देशमा विश्वविद्यालयको योजना बनेको ४/५ वर्ष भैसक्यो तर आजसम्म चालु हुन सकेको छैन । यसतर्फ गरिएका प्रगति पनि निराशाजनक छन् ।

छात्रवृत्ति र स्कालरसिप : उच्च शिक्षाको निमित्त विदेशमा पढ्न पठाइने विषयमा पनि सरकारको कुनै

समुचित योजना छैन । मनपर्दो तरिकाबाट पठाइन्छ तथा छात्रवृत्ति वितरणमा पनि नातावाद कृपावादको सिद्धान्त अपनाइन्छ । सरकारको दोषपूर्ण वैदेशिक नीतिले गर्दा समाजवादी तथा जनवादी शहरबाट पाइएका स्कालर सिपको पनि सदुपयोग हुन सकेको छैन ।

नातावाद, कृपाबाद र भ्रष्टाचार-क्रांन्तिपछि पनि राणाकालको सरह नोकरी कोटा प्रमोशन, छात्रवृत्ति आदि दिने काममा समेत प्रजातन्त्रको आधारलाई छाडी नातावाद कृपावादको आधारलाई अपनाइएको छ । यसले गर्दा प्रत्यक्ष शासनको समयमा होस्, अथवा मन्त्रिमण्डलको समयमा होस, आफ्नो मानिस आफ्नै नातेदार आफ्नै पार्टीका कार्यकताले मात्र फाइदा उठाउन पाएका छन् । नातावाद कृपावादको परिधिभित्र नपर्ने चाहे कुनै पार्टीका हुन अथवा स्वतन्त्र जतिसुकै योग्य भए पनि फालिनु नै परेको छ । यसै तरिकालाई विदेश पठाइने शिष्टमण्डल तथा अन्तर्राष्ट्रियस्तरको सम्मेलनमा प्रतिनिधिमण्डलमा र जिल्लाका रचनात्मक कार्यमा समेत लागू गरिएको छ ।

त्यस्तै, किसिमले हाम्रो देशका प्रशासकीय विभागहरूमा भ्रष्टाचार व्याप्त छ । यसको फस्वरूप घुसखोरी उग्र हुँदैछ र सरकारबाट स्वीकृत जिल्लास्तरका र अन्य रचनात्मक योजनाहरू अधुरा र असन्तोषप्रद भएका छन् । यसैले गर्दा मुद्दामामिलामा जनताले न्याय इन्साफदेखि बचित रहनुपरेको छ र कानुनबाट किसान र जनताले पाएका विभिन्न अधिकारहरू पनि खाली कागजी (गजेटमा) मात्र भएका छन् ।

यसरी क्रान्तिकालमा गरिएका प्रतिज्ञाहरूको क्रान्तिद्वारा प्राप्त अधिकारको विपरीत सरकारको कदम बढ्न लागेपछि जनता पनि चूप लागेर बस्न सकेनन् । देशमा ठूला-ठूला संघर्षहरू भए । यिनै संघर्षहरूको फलस्वरूप आर्थिक विकासको निमित्त भूमिसुधार कानुन र पञ्चवर्षीय योजना आदिको घोषणा भयो तर यी घोषणाहरू कागजमा मात्र रहे र कानुनी मात्र सावित भए । देशको आर्थिक जीवनमा कुनै आउन सकेन । तलबाट जनताको एकोहोरो संघर्षले मात्र जनजीवनको परिवर्तन आउनसक्ने रहेनछ । यसका निमित्त माथिको शासनयन्त्रमा पनि प्रजातान्त्रिक संस्थाको आवश्यकता पर्दोरहेछ भन्ने कुरा स्पष्ट भयो । शासनपद्धतिमा प्रजातान्त्रीकरण गर्न आमचुनाव नै एक मात्र बाटो हो भन्ने कुरा पनि निर्विवाद महसुस हुन थाल्यो । प्रजातान्त्रिक शक्तिले आमचुनावमा जोड दिन थाले । फलस्वरूप २०१२ साल २४ गते शाही घोषाणा भयो कि २०१४ साल आश्विन पूर्णिमादेखि महानिर्वाचन शक्ति छ तर प्रजातान्त्रिक तत्त्वहरूको एकताको अभाव र प्रतिक्रियावादी दरवारिया राज गर्दा घोषित तिथिमा आमचुनाव हुन सकेन ।

चुनाव टाल्ने काममा निरन्तर कोसिस गर्ने तत्वहरूको कुप्रयासको बावजुद प्रजातान्त्रिक शक्तिहरूको एकता र संघर्षले गर्दा २०१५ साल फाल्गुण ७ गते चुनाव हुनेछ भन्ने शाही घोषण फेरि भयो । जनतामा आएको प्रजातान्त्रिक चेतना प्रजातान्त्रिक शक्तिको सक्रियतामा अब यो तिथि चुनाव नभै टलेर जाने छैन । देशको सबैभन्दा ठूलो राजनीतिक घटना हो । अतः देशमा चौतर्फी प्रजातन्त्रको विक संसद्लाई बलियो बनाई यसद्वारा प्रणालीलाई पनि जनताको अधिकारको रक्षा नेपाल कम्युनिस्ट पार्टी जनताको विधान बनाउने अधिकारको निमित्त प्रयत्नशील प्रजातन्त्रको रक्षा र राष्ट्रिय विकासतर्फ देशलाई लैजान निम्नलिखित कार्यक्रम प्रस्तुत गर्छः

नेपाल कम्युनिस्ट पार्टीका कार्यक्रम

वैदेशिक नीति : नेपाली जनता सबै राष्ट्रहरूसँग शान्ति तथा मित्र चाहन्छ । आफ्ना दुई छिमेकी देश चीन र भारतसँगको शताब्दी पुरानो मित्रतालाई बलियो र सुदृढ बनाई एशियाली, अफ्रिकी तथा अन्य सबै देशहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गरिनेछ । विश्वशान्तिका निमित्त एटम, हाइड्रोजन तथा अन्य सबै प्रकारका विध्वंसकारी हातहतियारमाथि रोक लगाइयोस् भन्ने नेपाली जनताको पुकार छ । फार्मोसा र यसका निकटवर्ती टापुहरू चीनि

गणतन्त्रलाई सौपिनुपर्दछ भन्ने जनताको धेरै दिन देखिको माग छ ।

नेपाल कम्युनिस्ट पार्टीले जनताको उपरोक्त मागलाई साकार बनाउन बराबर कोसिस गर्दै आएको छ र अब पनि निरन्तर कोसिस गर्नेछ ।

यसका साथै हाल वैदेशिक सम्बन्धमा रहेका निम्नलिखित अपमानजनक कुराहरूः

क) पञ्चशीलको विपरीत श्री ५ को सरकार र अंग्रेज सरकारको बीच भएको १० वर्षे गोर्खा भर्ती सन्धिलाई भङ्ग गराउन कोसिस गर्नेछ ।

ख) भारत र नेपालबीच भएको असमान व्यापार सन्धिमा सुधार ल्याउन कोसिस गर्नेछ ।

ग) देशभित्रको अमेरिकी प्रवेशमाथि पूर्ण दृष्टि राख्ने आवश्यकताअनुसार नियन्त्रण गर्न कोसिस गर्नेछ ।

घरेलु नीति : देशको पुनर्निर्माण गर्नु नै नेपाल कम्युनिस्ट पार्टीको मुख्य रहनेछ । यसको निमित्त देशलाई औद्योगीकीकरण गर्नु भूमिसुधार गर्नु बेकारीको समस्या समाधान गर्नु जनताको कलासंस्कृतिको रक्षा गर्नु र यसको विकास गराउनु, चिकित्सा तथा शिक्षाको उपलब्ध सारा जनतालाई गराउन, जनताको मौलिक अधिकार ग्यारेन्टी चौतफी प्रजातन्त्रको विकास गराउनु इत्यादि नीति अपनाउनेछ ।

मजदुरहरूको न्यूनतम मजदुरी तोकिनेछ । कारखानाको उत्पादनको वृद्धिको सम्बन्धित मजदुरको ज्यालामा पनि वृद्धि हुनुपर्दछ । महँगी भत्ता, क्वार्टरको सुविधा, औषधिको प्रबन्ध ट्रेड युनियन अधिकारको पूरा ग्यारेन्टी हुनेछ ।

उद्योग धन्दा : नेपाल कम्युनिस्ट पार्टी देशलाई आर्थिक क्षेत्रमा सुसम्पन्न बनाउन उद्योग धन्दालाई विकास गराउने कामलाई प्राथमिकता दिनेछ । यसको निमित निम्नलिखित नीतिहरू अपाइनेछः

१) राज्यद्वारा मुख्य उद्योग खोलिनुपर्दछ । यसका निमित आवश्यक राष्ट्रिय पुँजी तथा विदेशी सहायता र ऋण नै हुनेछ ।

२) पुँजीको सुरक्षा तथा निश्चित मुनाफाको ग्यारेन्टी दिई देशका धनीहरूको व्यक्तिगत पुँजीद्वारा पनि उद्योगधन्दा खोलिनुपर्दछ ।

देशका धनीवर्ग तथा राज्यको पुँजी मिलाई संयुक्त रूपको आधारमा पनि कलकारखाना खोलिनुपर्दछ । यस्ता कलकारखाना विशेष गरी जनताको उपयोगका सामग्री तयार गर्नेका निमित्त हुनेछन् । विदेशी पुँजीपतिको व्यक्तिगत पुँजीद्वारा देशभित्र उनीहरूको मातहतका कलकारखाना खोल्न आवश्यकता छैन ।

घरेलु उद्योग : जनताका दैनिक उपभोगका सामग्री तैयार गर्ने देशमा भएका घरेलु उद्योगको रक्षा गरी विकास गराइनेछ । यसका निमित्त कच्चा मालको प्रबन्ध बिक्री आदिका लागि बजारको व्यववस्थातर्फ विशेष ध्यान दिइनेछ ।

बन्द व्यापार : राष्ट्रिय व्यापारको विकास गराउन राष्ट्रिय व्यापारीहरूलाई विशेष सुविधा दिइनेछ । व्यापारको सुविधाका लागि व्यापार केन्द्रहरूमा एक्सचेन्ज बैंकहरूको प्रबन्ध गरिनेछ, जहाँको नेपाली मुद्रा र विदेशी मुद्राको विनिमय हुन सकोस् । नेपाली मुद्रा र भारतीय मुद्राको विनिमय दर वैज्ञानिक आधारमा निश्चित गरी देशभर नेपाली मुद्राको प्रचलन गराइनेछ । व्यापारी संघलाई मान्यता दिई यसको सल्लाहद्वारा कोटा कन्ट्रोल लाइसेन्सको वितरण गरिनेछ ।

यातायात र सञ्चार : यातायात र सञ्चारको समस्या हाम्रो देशको प्रमुख राष्ट्रिय समस्यामध्ये एक हो यिनीहरूको राम्रो विकास नभएसम्म देश मध्ययुगी समान नै रहन्छ । यी दुवै चिजको अभावमा हाम्रो देशका एक भागका जनताले आर्को भागको जनतासँग साधारण सम्बन्ध राख्न पनि ठूलो बाधाको सामना गर्नु परिरहेछ । यति मात्र होइन, यसले गर्दा देशको आर्थिक विकासमा पनि ठूलो हानि सहनुपरिरहेछ । तसर्थ कम्युनिस्ट पार्टीबाट यातायात र सञ्चारको विकास र विस्तारको लागि विशेष महत्त्व दिइनेछ । आर्थिक सांस्कृतिक आधारलाई ध्यानमा राखी देशका प्रत्येक जिल्ला र महत्त्वपूर्ण स्थानलाई जोड्न यातायात र सञ्चारको व्यवस्था गर्न कम्युनिस्ट पार्टीको प्रथम कर्तव्य हुनेछ ।

मजदुरहरूको निमित्त : मजदुरहरूको न्यूनतम मजदुरी तोकिनेछ । कारखानाको उत्पादनको वृद्धिको सम्बन्धित मजदुरको ज्यालामा पनि वृद्धि हुनुपर्दछ । महँगी भत्ता, क्वार्टरको सुविधा, औषधिको प्रबन्ध ट्रेड युनियन अधिकारको पूरा ग्यारेन्टी हुनेछ ।

कृषि-देशको मुख्य आधार कृषि हो र यो आधार धेरै दिनसम्म कायम रहनेछ । देशको उद्योगधन्दाको विकासका लागि कृषिको सुधार अत्यन्तै आवश्यक छ । कृषिमा सुधार नभई उद्योगधन्दालाई चाहिने आवश्यक कच्चा मालहरू प्राप्त हुँदैन । यसै कारण कृषिमा सुधार र किसान जनताको क्रय शक्ति बढाई उनीहरूको जीवनलाई सुखी बनाउन निम्नलिखित भूमि सुधार गरिनेछः

१) रजौटा राज्य र बिर्ताप्रथा उन्मूलन गरिनेछ ।

२) जमिनमा हदबन्दी गरी अतिरिक्त जमिन भूमिहीन किसानहरूमा वितरण गरिनेछ । जमिनदारी प्रथा उन्मूलन गरिनेछ ।

३) सरकारी पर्ती जमिन भूमिहीन किसानहरूमा बाँडी ती जमिनको आवादी गर्न सरकारी सहायता प्रदान गरिनेछ ।

४) तमसुक जाँच कमिशन खडा गरी झुट्टा जाली तमसुक रद्द गरी दिने र तिर्नपर्ने ऋण पनि पटकपटक गरी पाउने व्यवस्था मिलाइदिनेछ ।

५) खेताला तथा ज्यामीहरूको न्यूनतम ज्याला तोकिनेछ ।

६) कुलो बाँध पेनी नहरको बन्दोबस्तको साथै आधुनिक ढङ्गबाट खेती गराउन सरकारी व्यवस्था हुनेछ ।

७) किसानहरूलाई ऋण दिनको निमित्त सरकारी बैंकहरूको स्थापना गरिनेछ ।

८) भुखमरी तथा अनिकालको निमित्त धर्म भखारी प्रथा चलाइनेछ ।

९) पशु चिकित्साको निमित्त गाउँ घरमा पशु चिकित्सा अस्पतालको स्थापना गरिनेछ ।

देशका अछुत जातिहरूको सामाजिक तथा आर्थिक हालत सुधार्न नेपाल कम्युनिस्ट पार्टीले पूरा कोसिस गर्नेछ । कानुनको अगाडि सबैबराबर रहनेछन् ।

मध्यवर्गीयहरूका निमित्त : राष्ट्रिय निर्माणमा मध्यमवर्गीहरूको ठूलो स्थान रहन्छ भन्ने कुरा कसैले इन्कार गर्न सक्दैन । तर, आज महँगी तथा बेकारीले गर्दा उनीहरूको सोचनीय अवस्था भइरहेको छ । अतः नेपाल कम्युनिस्ट पार्टीहरू उनीहरूकको समस्यामा पूर्ण ध्यान दिई उनीहरूको योग्यता तथा रचनात्मक शक्तिलाई देश निर्माण प्रयोगमा ल्याउन पूर्ण कोसिस गर्नेछ ।

महिलाहरूको निमित्त : आजको हाम्रो समाजमा महिलाहरूको अत्यन्त तल्लो स्थान छ । हरेक क्षेत्रमा उनीहरू पछि परेका छन् । उनीहरूको योग्यतालाई हाम्रा देश निर्माणको काममा उद्योग गर्ने कोसिस गरिएको छैन । देशको संख्याको आधाभन्दा बढी संख्या महिलाहरूको नै छ । समाजको यत्रो विशाल अंगलाई बेवास्ता गरी देश निर्माणको काममा कसरी सफलता मिल्न सक्ला ? अतः नेपाल कम्युनिस्ट पार्टी जो कि आफ्नो जन्मकालदेखि महिलाहरूको अधिकारको निमित्त लड्दै आइरहेको छ । आज महिलाहरूलाई पनि हरेक क्षेत्रमा पुरुषसरह स्थान रहनुपर्दछ भन्ने कुरामा जोड दिन यी कुराहरू लागु गरिनेछ ।

१. पुरुषसरहको बराबर कामको निम्ति पुरुष सरहको बराबर ज्यालाको अधिकार रहनेछ ।

२. प्रसव समयको निम्ति तलबसहितको छुट्टी दिनेछ ।

३. प्रसूतिगृह, शिशुशालाहरूको प्रबन्ध गरिनेछ ।

४. योग्यता प्राप्तिको निमित्त पूरा अधिकार दिइनेछ ।

अछुतहरूको निमित्त : देशका अछुत जातिहरूको सामाजिक तथा आर्थिक हालत सुधार्न नेपाल कम्युनिस्ट पार्टीले पूरा कोसिस गर्नेछ । कानुनको अगाडि सबै बराबर रहनेछन् ।

प्रवासी नेपालीहरूका निमित्त : विदेशमा गई बसोबास गरेका नेपाली नागरिकहरूलाई देशमा फर्की आई बसोबास गर्ने मौका दिइनेछ ।

शिक्षा : शिक्षाको अभावमा देश निर्माणको काम हुन सक्दैन । सरकारको सही नीति पनि लागू हुन सक्तैन । जनताको अशिक्षिततालै नै गर्दा सरकारी कर्मचारीहरूलाई भ्रष्टाचार गर्ने मौका मिल्दछ । शिक्षाको अभावमा प्रजातन्त्रको विकास गराउन पनि असम्भव हुन्छ । अतः आजको मुख्य राष्ट्रिय काम जनतालाई शिक्षित बनाउनु नै हो । यसको निमित्त नेपाल कम्युनिस्ट पार्टी निम्नलिखित नीति प्रस्तुत गर्दछः

(१) देशमा भएका शिक्षालयहरूलाई उचित सहायता दिई पुनर्गठन गर्ने ।

(२) सङ्गठित रूपले प्रौढ शिक्षाको प्रबन्ध गर्ने ।

(३) विश्वविद्यालयको योजनालाई साकार बनाउने ।

४) प्राथमिक शिक्षा निःशुल्क बनाउने ।

(५) राष्ट्रिय निर्माणको कामलाई ध्यानमा राखी टेक्निकल तथा वैज्ञानिक शिक्षाको विशेष प्रबन्ध गर्ने ।

(६) सरकारी तथा गैरसरकारी सबै शिक्षक तथा विद्यार्थीहरूको शैक्षिक तथा प्रजातान्त्रिक अधिकारको ग्यारेन्टी गर्ने ।

(७) देशमा एकै किसिमको शिक्षा प्रणाली लागु गराउन एकै किसिमको पाठ्यक्रम बनाउने ।

भाषा : हाम्रो देश सानो भए तापनि यहाँ धेरै किसिमको भाषा भाषी छन् । सबैले आफ्नो भाषाद्वारा नै भावना व्यक्त गर्न सजीलो पर्ने हुँदा सबैलाई आफ्नो आफ्नो भाषा प्यारो छ । अतः देशमा बोलिने सबै किसिमका भाषालाई समान सहयोग र प्रोत्साहन दिनु नै सही दृष्टिकोण हुन जान्छ । यही दृष्टिकोणअनुसार भाषाको विषयमा नेपाल कम्युनिस्ट पार्टीले निम्नलिखित नीति अपनाउनेछः

नेपाली भाषा राज्य भाषा हो भन्ने व्यावहारिक सत्य भएकाले नेपालीले नै राज्यभाषाको स्थान नेपाली भाषा

जनता र सरकारबीचको अफिसियल भाषा भएकाले यस भाषाको अध्ययन र विकासको निमित्त सारा जनतालाई प्रोत्साहित गर्ने । यसको साथै अरू भाषाले पनि समान अधिकार पाउनेछन् ।

१. स्थानीय भाषालाई पनि स्थानीय शिक्षालयहरूमा शिक्षामाध्यमको स्थान पाउने अधिकार छ ।

२. हिन्दी- यो भाषा पनि नेपालभित्र बोलिने भाषामध्ये एउटा भएको छ र तराइका धेरैजसो क्षिालयहरूमा शिक्षामाध्यमको स्थान प्राप्त गरेको छ । अतः तराईका शिक्षालयहरूमा जहाँ हिन्दी माध्यम छ, त्यहाँ अर्को शिक्षा माध्यमको सवाल उठाउने जरूरत छैन ।

३. प्राथमिक शिक्षा मातृभाषामा दिने प्रबन्धका लागि कोसिस गर्ने ।

४. ग्रामपञ्चायत तथा नगरपालिकाको माध्यम स्थानीय भाषालाई बनाउने सिद्धान्तलाई ध्यानमा राखी व्यावहारिक कदम चाल्ने । तर सरकार र यी संस्थाहरूको बीचको भाषा राज्य भाषा नै रहने ।

कला तथा सस्कृति : राष्ट्र निर्माणमा कला तथा संस्कृतिको ठूलो स्थान रहन्छ भन्ने कुरा निर्विवाद छ । अतः यसको विकासका निमित्त पार्टीले निम्नलिखित कदम चाल्नेछः

१. देशको साहित्य तथा सांस्कृतिक संस्थाहरूसँग विचार विमर्श गरी देशको साहित्य तथा कलाहरूको विकासका निमित्त सरकारद्वारा उचित कद चालिनेछ ।

२. देशमा प्रगतिशील नाटक तथा नेपाली फिल्म निकाल्न कोसिस गरिनेछ ।

३. नेपालका प्रमुख शहरहरूमा पाठ्यशालाहरूको स्थापना गराइनेछ ।

४. खाली शिक्षाको निमित्त जनताद्वारा देखाइने नाटकहरूमा मनोरन्जन कर नलगाइने बन्दोबस्त गरिनेछ ।

५. साहित्यकार तथा नाकटकारहरूलाई सरकारद्वारा आर्थिक सहायता तथा पेन्सनको प्रबन्ध गरिनेछ ।

धर्म तथा धार्मिक स्थान : धर्म व्यक्तिगत विश्वासको विषय हो । आफ्नो विश्वासअनुसारको धर्म मान्ने देशमा विभिन्न किसिमको धर्मावलम्बीहरू छन् । सबैको आफ्नो किसिमका धार्मिक केन्द्रहरू छन्, अतः नेपाल कम्युनिस्ट पार्टीले सबैलाई धार्मिक स्वतन्त्रता दिनेछ र सबै किसिमको धार्मिक केन्द्रहरूको रक्षा गर्नेछ । मेला पर्वमा यात्रीहरूको सुविधाका लागि यथासम्भव कोसिस गर्नेछ ।

अरु पार्टीहरूले देश र जनताका लागि के कति गर्दैआएका छन् भन्ने कुरा देशको आठ वर्षको इतिहासले स्पष्टै गरेको छ । कम्युनिस्ट पार्टीलाई छोडी अरू सबै पार्टी सरकारमा गइसकेका छन् । आठ वर्षसम्म भएको देशको जुन बर्बादी चित्रण गरिएको छ, ती सब कुराको जिम्मेवारी कुनै न कुनै रूपमा ती सरकारमा गएका सबै पार्टीले लिनैपर्छ भन्ने कुरा निश्चित छ ।

स्वास्थ्य

१. देशको आम्दानीको ठूलो हिस्सा जनताको स्वास्थ्यरक्षाको निमित्त खर्च गरिनेछ ।

२.भएका अस्पताल तथा डिस्पेन्सरीहरूको जीर्णोद्धार गर्ने र नभएक स्थानहरूमा खोलिनेछ ।

३. देशका विभिन्न भागहरूमा प्रसूति गृहको विशेष प्रबन्ध गरिनेछ ।

४. शिशुशालाहरू खोलिनेछ ।

५. हैजा, बिफर आदि संक्रामक रोगको नियन्त्रण गर्न विशेष इन्तजाम गरिनेछ ।

६. 'मलेरिया कन्ट्रोल', 'कालाज्वर' कन्ट्रोल केन्द्रहरू खोलिनेछ ।

७. क्षयरोगको निवारणार्थ सोनटोरियमको प्रबन्ध गराइनेछ ।

८. शिक्षाद्वारा जनतालाई स्वास्थ्य रक्षातर्फ जागरूक गराइनेछ ।

९. डाक्टर, कम्पाउण्डर, नर्सहरूको तलब बढाउन र उनीहरूको प्रमोशन नोकरीको ग्यारेन्टी गरिनेछ ।

प्रजातन्त्रको विस्तारका निमित्त : उपरोक्त कार्यक्रम देश निर्माणको निमित अत्यन्त आवश्यक छ तर जनताको रचनात्मक शक्ति र अगुवाइको अभावमा उपरोक्त कार्यक्रम लागू गराउन सम्भव हुनेछैन । अतः पार्टीले यसका निमित्त निम्नलिखित नीति प्रस्तुत गर्दछः

१. संसद्को बहुमतलाई विधान संशोधनसम्मको अधिकार रहनेछ ।

२. माथिल्लो सदन हटाइनेछ ।

३. न्यायपालिकालाई कार्यपालिकाबाट स्वतन्त्र राखिनेछ ।

४. पञ्चायतसम्मका सबै चुनाव गुप्त मतदान प्रणालीद्वारा नै गराइनेछ ।

५. जनताले चाहेमा युनियनका प्रतिनिधिलाईसमेत हटाइने अधिकार रहनेछ ।

६. योग्यताका आधारमा सबैले प्रमोसन तथा नोकरी पाउनेछन् भन्ने विचारले संसद्प्रति उत्तरदायी भएको पब्लिक सर्भिस कमिसन गठन गरिनेछ ।

७. स्वायत्त शासनका अंग पंचायत, नगरपालिका तथा जिल्ला बोर्डहरू प्रजातन्त्रका मुख्य आधारहरू हुन् । यी आधारहरूलाई बलियो नबनाई कसैगरी पनि प्रजातन्त्रको विकास हुन सक्दैन । अतः यी संस्थाहहरूलाई सरकारी हस्तक्षेपबाट मुक्त गरी आवश्यक साधन र आर्थिक सहायता प्रदान गरिनेछ । सरकारी अफिसर हरूमाथि समेत रेखदेख गर्ने अधिकार यो संस्थाको हुनेछ । जसबाट सरकार नौकर र जनता मालिक भन्ने सिद्धान्त लागू हुन सक्नेछ ।

नेपाल कम्युनिस्ट पार्टीको अपिल

जनताद्वारा सरकार बनाउने दिन : ऐतिहासिक २०१५ सालको फाल्गुण ७ गतेको दिन नगिच नगिच आउँदैछ । यो दिन देशको सबभन्दा ठूलो राजनीतिक महत्त्वको दिन हो । यसै दिन जनताले आफ्नो चाहेको व्यक्तिलाई चुनी संसद् पठाई आफूले चाहेजस्तो सरकार बनाउन सक्दछन् ।

कसलाई चुन्ने : यस आमचुनावमा जनताले यस्तो पार्टीको उम्मेदवार अथवा समर्पित उम्मेदवारलाई चुन्नुपर्दछ, जो कि जनताको सुख सुविधाका लागि भ्रष्टाचार, कालो बजार, नातावाद, कृपावाद, चाकरीवाद तथा अवसरवादको विरुद्ध लड्दै आएका छन् र यसको देशभक्ति र इमानदारीको एउटा गौरवशाली इतिहास पनि बनिसकेको छ ।

नेपाल कम्युनिस्ट पार्टीको चुनाव नीति : देशको इतिहासमा सर्वप्रथम बन्न गइरहेको संसद्मा प्रजातान्त्रिक तत्त्वको बहुमत होस् भन्ने विचारले यस चुनावमा प्रतिक्रियावादी तथा पुनरुत्थानवादी तत्त्वलाई हटाउने कम्युनिस्ट पार्टीको नीति छ । यस नीतिअनुसार कतिपय इलाकामा पार्टीले आफ्नै उम्मेदवार खडा गराउनेछ र

जहाँ पार्टीका उम्मेदवार खडा गराइने छैन, त्यहाँ नेपाली कम्युनिस्ट पार्टीले प्रजातान्त्रिक तत्त्वको समर्थन गर्नेछ ।

नेपाल कम्युनिस्ट पार्टी यस आम चुनावका निमित्त देशको आठ वर्षको संघर्षमा भएको अनुभवका आधारमा उपरोक्त कार्यक्रम लिई जनतासमक्ष आइरहेछ । अतः यो देशहितका निमित्त अरू पार्टीले के कति गरेको छ, गर्दै आएको छ र कम्युनिस्ट पार्टीको के कुरामा नेपाली जनमतले विचार गर्नुपर्दछ भने यो आठ वर्षसम्म देश र जनताका लागि कुन पार्टीले कति गरे, यसलाई समेत ध्यानमा राखी त्यहीअनुसार जनताले मत दिनुपर्दछ ।

अरु पार्टीहरूको भूमिका : अरु पार्टीहरूले देश र जनताका लागि के कति गर्दैआएका छन् भन्ने कुरा देशको आठ वर्षको इतिहासले स्पष्टै गरेको छ । कम्युनिस्ट पार्टीलाई छोडी अरू सबै पार्टी सरकारमा गइसकेका छन् । आठ वर्षसम्म भएको देशको जुन बर्बादी चित्रण गरिएको छ, ती सब कुराको जिम्मेवारी कुनै न कुनै रूपमा ती सरकारमा गएका सबै पार्टीले लिनैपर्छ भन्ने कुरा निश्चित छ । सरकार बाहिर रहँदा देशहित र जनतामा ठूला-ठूला कुरा गर्नु, आफूलाई प्रजातन्त्रका रक्षक घोषित गर्नु तर सरकारमा गएपछि आफ्नो व्यक्तिगत स्वार्थ तथा पार्टीको ग्रुपस्वार्थलाई प्रमुखता दिई विरोधी पक्षलाई दबाउन अगाडि बढ्नु नातावाद कृपावादको बाटो अपनाउनु जनताको विश्वास छोडी दरबारिया राजनीति अपनाउनु आदि नै यी सब पार्टीको अवसरवादी चरित्र रहेको छ । यी राजनीतिक पार्टीहरूको यस्तो रवैया रहेकाले आज पार्टीहरूको तर्फबाट जनताको विश्वास कम हुन लागे हो र यसबाट प्रतिक्रियावादी तथा पुनरुत्थानवादहरूले फाइदा उठाएका छन् ।

नेपाल कम्युनिस्ट पार्टीको भूमिका : नेपाल कम्युनिस्ट पार्टीले आफ्नो जन्मकाल (९ वैशाख २००६) देखि नै देशमा स्वस्थ प्रजातन्त्रको जग बसाली प्रजातन्त्रलाई हुर्काउने जे जति प्रयास गर्दै आएको छ, त्यो कुरा जनताबाट छिपेको छैन । देशमा सबभन्दा पहिला आमचुनावको नारा उठाई देशव्यापी रूपमा 'चुनाव दिवस' मनाएको कम्युनिस्ट पार्टीले नै हो । देशका तमाम जनसाधारणलाई आफ्नो अधिकारको निमित्त एकता र संगठनको आवश्यकता पर्दछ भन्ने चेतना दिएको पनि कम्युनिस्ट पार्टीले नै हो । यति मात्र होइन, क्रान्तिपछि जनताको तमाम संघर्षमा पनि पार्टीले अगुवाइको काम गर्दै आएको छ ।

यही जनसेवा, देश सेवाद्वारा नेपाली कम्युनिस्ट पार्टीको देशव्यापी प्रभाव पर्न लागेकाले नै पार्टीलाई खतम गर्न हरेक किसिमका कोसिस गरिँदै आएका छन् । पार्टीको विरोधमा झुट्टा गन्दा प्रचार गरियो, आतंक फैलाइयो । पार्टीका कार्यकर्ता तथा समर्थकसमेतलाई जेलको यातना दिइयो । जिल्ला-जिल्लामा कार्यकर्ताहरूलाई झुट्टा मुद्दासमेत लगाउन बाँकी राखिएन । आखिरमा पार्टीलाई गैरकानुनीसम्म गरियो, तब पनि जनताको बीचमा रहेर जनताको सहयोगले धैर्य र हिम्मतका साथ पार्टीले जनताको सेवा गर्दै आयो र जनताकै दबाबद्वारा फेरि पार्टीलाई रोकबाट हटाउनुपऱ्यो ।

यसरी जनताको बीचमा रहेर जनताको सहयोगले हामी आफूलाई जीवित राखी जनताको सेवा गर्दै आएका छौँ । आज फेरि जनताको उही सहयोगमा असहमति विश्वास राख्दै चुनावको राजनीतिक लडाइँको मैदानमा प्रवेश गर्दैछ । हामीलाई विश्वास छ, निश्चय नै जनताले देशलाई गरिबी भूखमति बर्बादी तथा भ्रष्टाचारको अन्त्य गर्न तथा नातावाद कृपावादलाई निर्मूल पार्न हामीलाई सहयोग र समर्थन गर्नेछन् । हामीलाई समर्थन गर्नु भनेको न्याय-इन्साफ-सत्य र मानिसले मानिसलाई गर्ने शोषणको अन्त्य गर्नु हो । हाम्री विजय जनताको आफ्नो विजय हो । हामीलाई यो पनि विश्वास छ, जनताको यसपटकको सहयोगले देशको प्रजातन्त्रको पक्षलाई बलियो बनाउनेछ । हामीलाई यो पनि विश्वास छ, जनताको यस समर्थनले देशका सम्पूर्ण जनताको जीवनलाई सुखी र सम्बुद्धिशाली बनाउन, देशमा फेरि नयाँ जोश र उत्साह ल्याउने ।

अतयवः नेपाल कम्युनिस्ट पार्टीलाई आमचुनावमा जिताउन नेपाल कम्युनिस्ट पार्टीलाई खुला ह्रदयले सहयोग गर्नुहोस् ।

जय नेपाल !

सन्दर्भ सामाग्री

नेका को वेव साइट, ने क पा एमाले को वेभसाइट,
नेपाल कम्युनिस्ट आन्दोलनको इतिहास भाग १, -डा. सुरेन्द्र केसी प्रकाशित मितिः बिहीबार, भदौ २३, २०७९ १७:४०,
निर्वाचन आयोगको किताब 'नेपालको निर्वाचन इतिहास' जगत नेपालको पुस्तक, 'पहिलो संसद बीपी-महेन्द्र टकरावबाट'
पत्रपत्रिकाहरू सेतोपार्टी, नागरिक, नेपाल लाइभ, नेपाल वाच, अनलाइनखबर, शिलापत्र, गोरखापत्र, हिमाल प्रेस, लुम्बिनी सञ्चार आदि ।

नोट : सबै पाठकलाई सजिलो होस् भनी विभिन्न प्रकाशनमा रहेका सामाग्रीबाट साभार गरिएको संकलित सामग्री हो ।

निर्वाचन २०१५ विविध विभिन्न पार्टीको पाएसम्मका निर्वाचन सामाग्री

परिशिष्ट ४

नेपाली कांग्रेसले के के गर्‍यो ?

१ पहिले त हुकुम तोड्यो । देशमा प्रजातन्त्र ल्यायो । दुनियांको मुखमा लागेको बुलो खोल्यो दुनियांलाई हक दिलायो ।

२ राणाहरूले कती संग्रह बनाएर नारायणहिटी दरबारमा धुनेर राखेका हात्ती राजा श्री ५ लाई राणाहरूको कैदबाट छुटायो ।

३ महीनाको ११। रू० खापर डुडिखेलमा गरेर लेल्ने र राखभर राणाको डोलामा पहरा बस्ने हात्ती सिपाही भाईलाई कांग्रेसले नै कमाडरइनचीफसम्म हुन पाउने "देशका सिपाही" बनायो ।

४ देशका सारा कर्मचारीको तलबमा वृद्धि गराएर सबलाई खान पुग्ने कांग्रेसले नै तुल्यायो । कोइपनि कर्मचारी निजामति सेवाको सबभन्दा ठूलो थाउँमा पुग्न पाउनेभो ।

५ बेठ-बेगार र झारा टप्टा बन्द गराएर दुनियालाई सुबिस्ता यसै पार्टीले दिलायो ।

६ राज्य, भत्ता र बिर्सा खारेज गरेर देशको आमदानी यस कांग्रेसले बढायो ।

७ ठाउं-ठाउंमा स्कूल र पाठशाला खोल्न बल गरेर दुनियांलाई पढ्न र लेख्न कांग्रेसले नै सिकायो ।

८ देशमा अबको उब्जनी बढोस् र धनी-गरीब सबले पेटभर खान पाउन् भन्ने उद्देश्य राखेर अस्तल मल र हिउंदे र बर्खे खेतीको अस्तल बीज बाडेर कांग्रेसले नै किसानलाई महत दिलाउन खोज्यो ।

९ अन्याय र घुसखोरीको विरोधमा कांग्रेस नै लड्यो ।

१० स्वतन्त्र न्यायालयको सिर्जना गरेर जनतालाई न्याय दिलाउन कांग्रेस नै अग्गाडि सर्‍यो । राणाहरूलाई शासन बाट हटाएर थरै दिनसम्म मात्र सरकारमा बसेर पनि कांग्रेसले धेरै काम गरेको । कांग्रेसको पालामा जनतालाई निकै सुबिस्ता भयो ।

अब पनि त्यस्तै सुबिस्ता चाहनुहुन्छ र देशको राम्रो उन्नति भएको देख्न चाहनुहुन्छ भने रूख (कल्पवृक्ष) को फोटो टांसेक बाकसमा मोट खसाल्नु होस् । धर्म हुनेछ, देशवसेछ, सबै सुखी हुनेछ ।

सूर्यप्रसाद उपाध्याय, महामन्त्री, नेपाली कांग्रेस

नेपाली कांग्रेसले के के गर्छ ?

१ हरेक गरीब र सुखम्बासीबाई काम र माम दिवाउने इन्तिजाम कांग्रेसले गर्छ ।

२ पर्ती मिल्किएका जमीन र ठूला ठूला टारहरूमा कुलो र बांधको इन्तिजाम गरी सुखम्बासीलाई खेतको घनी बनाउँछ ।

३ ठूला ठूला बितीवाला र जमीनवालाहरू संग जमीन लिएर सुखम्बासी र गरीबलाई दिन्छ ।

४ पिउने पानी नभएर दुख पाएका जनता लाई पानीको बन्दोबस्त गर्छ ।

५ हरेक गाऊमा स्कूल खोलेर धनी-गरीब सबैका केटाकेटीलाई पढ्ने मौका दिन्छ ।

६ ठाउं-ठाउंमा औषधालय र अस्पताल खोलेर सबैलाई औषधी पुर्‍याउछ र अकालमा मर्न कसैले पर्दैन ।

७ सड़क, बाटो-घाटो र पुल झोलुंगाको राम्रो इन्तिजाम गरेर सबैलाई सुबिस्ता दिलाउंछ । पाहाडका ठुक्टुला शहर र बजारहरू भएको ठाउं सम्म मोटर पुर्‍याउछ र नून र तेलको तिति नाम्लो र खगाम भिरेर कसैले पनि मदेश तिर झर्नु पर्दैन । नदी र भीरमा कसैले पनि ज्यान तर्नुपु पर्दैन ।

८ ठाउं-ठाउमा कृषि सहकारी बक खोलेर सस्तो ब्याजमा किसानले रुपियां सापट पाउने इन्तिजाम हुन्छ । चोके र ढ्याकेे ब्याज घ्यू खाने र कोसेली कसैले तिर्नु पर्दैन ।

९ गाउंको स्थिति र गाउंको इन्तिजाम गाउंवेहरूकै हातमा राख्छ । कांग्रेसको सरकारले गाउंको उन्नतिको लागि गाउंको उठतीको हिस्सा गाउंमै छोड्छ ।

१० हात्ती धर्म र रीतिथितिमा कांग्रेसले दखल दिदैन । सबैले आफ्नो आफ्नै धर्म मान्न पाउंछन् । कसैयो धर्ममा बाधा गर्ने दिनेछैन ।

११ ठूला-ठूला कल र कारखाना खोलेर काम नपाएका मान्सिलाई काम दिलाउंछ, देशको आमदानी बढाउंछ र गरीबी हटाउछ देशवासीलाई देश भित्र धनेको सस्तो सामाग्री पुर्‍याउनेछ ।

के तपाईलाई यी सबै कुरा चाहिएको छैन ? चाहिएको छ भने रूख भएको बाकसमा भोट खसाल्नु होस् ।

नक्कालि नेताहरूदेखि जनता

होशियार

२००७ सालमा क्रान्ति आयो, प्रजातन्त्र आयो, हामी जनतामा आस थियो कि देशको अवस्था सुधिएला प्रगतिको पथतिर दौडला, गरीब नाङ्गा-भूखाहरूको समस्या ठीक होला देशका नागरीकहरूको जिउ-धनको रक्षा होला इत्यादी । तर बनारसका गुण्डा, कलकत्ताका दर्वान, दार्जेलिङ्का ड्राईभर र विदेशीका दलाल दुई जना नक्कलि नेताहरूको प्रसादले ४ वर्ष नहुँदै आशा हावामा उड्यो । आज फेरि यिनै साधु बिरालो बन्दै अगाडी बढी रहेछन् । जोगी भेष लिएको रावणले सिताजी हरे झैं राज सत्ता हर्न ढोका ढोकामा अलख जगाई रहेछन् ।

यो जनताका प्रतिनिधि रे के जनताले कोईराला चिनेका छैनन् र ? मिलिटरी मिसन बोलाउने नक्कलि जर्नेल यिनै हुन् । देशमा विदेशी सल्लाहकारका पल्टन भर्ना गर्ने यिनै हुन् । काने काने पिच्चा खेलेर बन बिहार गर्ने यिनै हुन् । मिलवालाहरू संग मिलि रातो रात मुल्किखानाबाट रुपैया भिक्ने यिनै हुन् । के तपाईंहरू अपरिचित हुनुहुन्छ तथा कथित कोठे नेता सोझै नेपाललाई भारतसित मिलाउन प्रयास गर्ने रेग्मीसित ? थाहा पाउनु भएको छ, कुरै नबुझि गोलि ठोक भन्ने टङ्कप्रसाद घुसखोरको नाईकेको नितिं कसैबाट छिपेको छैन । बालचन्द्र शर्मालाई चिन्नु हुन्छ । बनारसमा बसि तपाई हाम्रा दिदि बहिनीलाई विदेशीको हातमा बिक्रि गर्ने सुप्रसिद्ध पंडा । अब विचार गर्नुहोस् यिनिहरू मध्ये कुन चाहिलाई दिए तपाई हाम्रो समस्या ठीक होला र देशको स्वाधिनता रहला । याद गर्नु होस् के आज एक करोड जनताको भाग्य निर्माण गर्ने ठेकेदार सिर्फ यिनै ४ व्यक्ति मात्र रहेछन् ? के यिनिहरूलाई मन्त्रिमण्डलमा पठाएर तपाई हाम्रो अस्तित्व रहला ?

चिन संग दौत्य सम्बन्ध स्थापित कसले गर्‍यो ? यो अनिकालमा मोहरको दुई माना चामल कसले खुवायो ? डलरको १६० नागेको नोटको भाउलाई बैङ्क रेटको बर पर ल्याई कसले रेट बाँधि दियो ? हवाई जहाजको टिकट मोहरमा पाउने कसले गर्‍यो ? बडाहाकिमहरूले बयौंति सम्मि गरेको धाँधलि कसले मिटायो ? सिनेमाको नियन्त्रण कसले गर्‍यो ? भूमि-सुधारको योजनाहरू कसले गर्‍यो ? चुनावको तिथि कसले घोषणा गर्‍यो ? यी सब प्रतिक्रियावादी-हरूले घेरैको प्रत्यक्ष शासनबाट भएको हो कि के तपाईहरूलाई यो कुराहरू याद छैन कोईराला शासनमा भएका जंगल साफ, दुकुटी साफ, देशको इज्जत साफ, याकथुम्बाको जुलुस देव मन्दिरहरूमा डकैती, म्यूजियमको चोरी, कुन शासन रोक्न हुन्छ रोजनोस् । मलाई त हाँसो उठ्छ, यी गधाहरूको नकचरोपन देखेर । उठनोस्, आवाज बुलन्द गर्नु होस्, हाम्रो भविष्य गुण्डाको हाथमा जान नदिनु होस् । हिड्नोस् नारायण हिटी ढोकामा जाऊँ । ह्वाङ्ग फुक्न अब लाज मानेर हुँदैन । हाम्रो भाग्यसित खेल बहाड हुँदैछ ।

—जय जनता

स्वतन्त्र नेपालको नेपाली

"रमेश"

श्री वाणीश्वर, प्रेस नेपाल ।

चुनाव जितेर

गोर्खा परिषद को सरकार ले

पाँच वर्ष भित्रमा के गर्छ ?

१. जनता को जीवनस्तर दोव्वर तुल्याउँछ।



२. दुई सय अस्पताल खोल्छ।

३. दुई हजार पुल बनाउने छ।

४. जता सुकै कुलो बाँध-पैन बनाउँछ।

५. दुई तीन हजार स्कूल बनाउने छ।

६. देश भरमा प्राथमिक शिक्षालाई अनिवार्य र निशुल्क गराउने छ।

त्यसर्थ गोर्खा परिषद को झोपड़ी (घर)
चिन्ह वाकसमा आफ्नो भोट खसाल्नु होस

चुनावको पहिलो दिन-फागुन ७ गते २०१५ का दिन भरतपुरको चौरमा

नेपाली कांग्रेसको

आमसभा हुँदैछ

यही चुनाव फागुन १५ गते हाम्रो जिल्लामा पनि हुन्छ।

नेपाली कांग्रेस ले चुनावमा विजयी भएर के के काममगर्छ ?
सो सुन्न फागुन ७ गते भरतपुरमा हुने सभामा दिउँसो २ बजे ठूलो संख्यामा उपस्थित हुनुहोला।
मृगकुञ्ज, नयाँ बस्ती, जंगलमा परेको मर्का, बाँध पैनी सम्बन्धी कुरामा कांग्रेसको ठोस निर्णय सुन्न पाल्नुहोस्।

याद राख्नोस्, फागुन १५ गते हामीले रूख मर्केको वाकसमा भोट खसाल्ने
प्रजातन्त्रलाई दिगो पार्नु छ — हाम्रो जिल्ला सपार्नु छ।



यो हो हाम्रो
चुनाव-चिन्ह रूख

प्रचार–विभाग
नेपाली कांग्रेस, चितवन

नेपाली - कांग्रेसको

झूठ्ठा कूरा नपत्याउनू होस्



कल्पवृक्षको फोटो नबिर्सनोस्

चुनाव-चिन्ह

गोर्खापरिषदले नरङ्गामा ७ ओटा गाई एकै ठाऊँमा काटेको र सजूरमा सप्ताहको मन्दिरमा आगो लगायेको भन्ने झूठ्ठा प्रचार गरेकोछ । भरत शम्शेरले आफ्नै हस्ताक्षरले सही गरेको पर्चामा यस्तै अरू झुठ्ठा कुराको पनि प्रचार गरेका छन् । गोर्खापरिषदले यस्तो सोह्र आना झूठ्ठा कुराको प्रचार गरेको देख्दा जनता एवक्क परेको छ ।

नरङ्गामा कहाँ कहिले कसका गाई काटिये र कसले काट्यो भन्ने कुनै कुरा नरङ्गाका मानिसलाई पता छैन । सजूरका मानिसलाई सजूरमा सप्ताहका मन्दिरमा कसैले आगो लगायेको भन्ने थाहा छैन । तनहूँ जिल्लामा यस्ता कुरा आजसम्म कसैले सुनेको छैन । तनहूँका मानिसलाई थाहा नभयेको कुरा भरत शम्शेरले कसरी थाहा पाये, यो अचम्म लाग्ने कुरा हो ।

यदि साँच्चै नै गाई काटियेको भये, फलानाले काटेको भन्ने पनि किटान गर्न सक्नुपर्ने हो । त्यसरी नाम र ठाउँ किटान गरेर दिनसक्ने ताकत भरत शम्शेरमा छ ? यदि छैन भने जानी जानी यस्तो झुठ्ठा प्रचार किन गरेको ?

हामी कसैले थाहा नपायेको कुरा भरत शमशेरले थाहा पायेका रहेछन् । त्यसो भये भरत शमशेरले किन कुनै अड्डामा कसैका ऊपर उजुर नगरेको ? के गाई काटेको देखे सुने र जानेपछि उजुर नगरिकन त्यस्तो पाप लुकायेर राख्न हुन्छ ? त्यसो भये त गाई काट्न भरत शम्शेर नै पो मतियारा ठहरिन आउलान् ।

भरत शम्शेरले त्यस चिठ्ठीमा जति कुरा लेखेका छन्, ती सब झुठ्ठा हुन् । तनहूँ जिल्लामा कांग्रेसले कहाँ त्यस्तो नचाहिने कार्य गरेको छैन । यो सारा झुठ्ठा प्रचार गरेर दुनियाँको आँखामा छारोहाल्ने गोर्खापरिषदको बदमाशी हो ।

गोर्खापरिषद साँचो कहिल्यै बोल्दैन । उल्टी चण्डी जस्तै गोर्खापरिषदको बानी छ । गोर्खापरिषद केवल न भयेका कुरा मात्र बकेर हिंड्छ । त्यसकारण जनता कसैले पनि गोर्खापरिषदले भनेको कुरा पत्याउन हुँदैन ।

अर्कालाई गाली गरेर र झुठ्ठा बोलेर कोही गतिलो हुनसक्तैन । गतिलोले साँचो कुरा गर्न सक्नुपर्छ ।

नेपाली कांग्रेस कहिल्यै अन्याय गर्दैन, असत्य बोल्दैन । जनताले यो कुरा स्पष्ट बुझिसकेको छ । गोर्खापरिषदले जनताको आँखामा अब छारो हाल्न कदापि सक्ने छैन ।

भरत शम्शेरजी ! यस्तो उल्टी चण्डीको बानी छोड्नु होस् । साँचो साँचो कुरा बोलेमा नै तपाईंको इज्जत बढ्ने छ । तपाईंले जतिसुकै पापले भरियेको गोली गरे पनि जनताले कांग्रेसले लगायेको गुण र कल्पवृक्षको फोटो टाँसेको बाकस बिर्सन सक्ने छैन ।

(नेपाली कांग्रेसद्वारा प्रचारित)

मुद्रक :— कल्पना प्रेस, नागपोखरी काठमाण्डू ।

सम्मानपत्र, विज्ञापन तथा तस्विरहरू



कला : नातीनि आरुषि अधिकारी

19 Years of Service Excellence

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

आत्मनिर्भर भविष्यको लागि
आजै गर्नुहोस् बचत

स्वर्णिम नारी बचत खाता समर्पित छ
सबल र आत्मनिर्भर नारीको लागि
जसले बनाउनेछ सक्षम र समृद्ध समाज



५.४०%
वार्षिक ब्याजदर

स्वर्णिम नारी बचत खाता

केन्द्रिय कार्यालय, बालुवाटार, www.shangrilabank.com
Toll free number: 1810-50-00052 01-5970052 9863589000
customercare@shangrilabank.com

लुम्बिनी सहयात्रा
बचत खाता



आकर्षक ब्याजदर

सहयात्रा
विश्वास र जिम्मेवारीको...

निःशुल्क
- ATM/Visa डेबिट कार्ड
- मोबाईल तथा इन्टरनेट बैंकिङ्ग

उच्चतम ब्याजदर सहित बीमा सुविधा
- रु. १ लाखसम्म स्वास्थ्य बीमा
- रु. ५ लाखसम्म दुर्घटना बीमा

ईन्स्योरेन्स पार्टनर: नेको इन्स्योरेन्स लि. Neco Insurance Ltd.

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

CUSTOMER CARE: 01-5970369
01-4513232, 01-4513234
info@lumbinibikasbank.com
www.lumbinibikasbank.com
Sunrise Biz Park, 4th Floor, Dilibazar, Kathmandu

Find us in social media

जयतु संस्कृतम्

जयतु संस्कृतम् आन्दोलन २००४ स्वर्ण महोत्सव
समारोह समिति २०५४ द्वारा समर्पित

सम्मान-पत्र

श्री श्रीकान्त अधिकारी

निरङ्कुश राणा शासनको पर्वाह नगरी नेपालमा प्रजातान्त्रिक वातावरण सिर्जना गर्न तथा संस्कृत वाङ्मयको समुत्थानका लागि रानीपोखरी संस्कृतपाठशाला र तीन-धारा पाकशालाका छात्रवर्गबाट सञ्चालित ऐतिहासिक 'जयतु संस्कृतम्' आन्दोलन २००४' (आषाढ-मार्ग) मा सक्रिय स्वरूपमा नेतृत्वकारी भूमिका निर्वाह गर्नुभएकोमा यो समिति हार्दिक सम्मान गर्दछ।

मिति : २०५३।३।२८ मा

(गिरिजाप्रसाद कोइराला)
अध्यक्ष
(रामचन्द्र शर्मा पौडेल)
मुख्य अतिथि तथा प्रधानमन्त्री

पूर्वसांसद मंच, नेपाल

पुतली बगैंचा, सिंहदरबार

सम्मान - पत्र

पूर्वसांसदहरूको पहिलो र ऐतिहासिक राष्ट्रिय भेलाको सुअवसरमा २०१५ सालमा गठित संसदको प्रतिनिधिसभामा निर्वाचित/मनोनित संसद सदस्य तपाई श्री श्रीकान्त अधिकारीले बहुदलीय प्रजातान्त्रिक व्यवस्था र संसदीय शासन प्रणालीको संरक्षण र सम्बर्धनकालागि अनवरत क्रियाशीलरही नेपालको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको आन्दोलनमा पुऱ्याउनु भएको महत्त्वपूर्ण योगदानलाई उच्च मूल्यांकन र कदर गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ। हामी तपाईको दीर्घायू, सुस्वास्थ्य र सक्रीय जीवनको हार्दिक कामना गर्दछौं।

संवत् २०६७ मंसिर २७ गते सोमबार (तदनुसार डिसेम्बर १३, २०१०)।

तारानाथ रानाभाट
अध्यक्ष
पूर्वसांसद मंच, नेपाल

सम्माननीय सभामुख
सुवासचन्द्र नेम्बाङ्ग
संरक्षक

"भविष्यको लागि जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।"

हाम्रा सेवाहरु:-

सावधिक, सावधिक (दोहोरो दूर्घटना लाभ समेत),
बालबच्चाको शिक्षा तथा विवाह, बाल्सल्य, जीवन साथी, बालउमङ्ग,
जीवन सुरक्षा, म्यादी (मेरो जीवन बीमा र हाम्रो जीवन बीमा)
र सामूहिक सावधिक जीवन बीमा (राष्ट्रसेवक समेत) ।

नेपाल सरकारको स्वामित्व रहेको

राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
Rastriya Jeewan Beema Company Limited

"बीमाको लेखा विश्वसनीय नाम"

(नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त)

www.rbs.gov.np info@rbs.gov.np प्रधान कार्यालय: रामशाहपथ, काठमाडौं ०१-४२६२५२०

नेपाल टेलिकमको
सहुलियत दरका प्याकेजहरु
खरिद गर्नको लागि:
*1415#

www.ntc.net.np instagram.com/nepaltelecomofficial facebook.com/NepalTelecom.NT /ntc1_nt

नेपाल टेलिकम

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

Go GLOBAL
with Your GOALS
START A
DOLLAR
SAVING ACCOUNT



ATTRACTIVE
INTEREST RATE
Now!

ANY QUERIES?
LET'S CONNECT WITH OUR TOLL FREE NUMBER
16600115015

*T&C applied

BPA 2018 SAFA 2018 L&D BFIN 2023

www.mahalaxmibank.com

दु:खको कमाई सत् को धन, ADBL मा बढ्छ झन !

दु:खको कमाई बचाउन



ADBL
समृद्धि
बचत खाता



विषेशताहरू*

» व्याजदर : ७.०१ प्रतिशत ।
» VISA Debit Card/ Credit Card मा २५ प्रतिशत छुट।
» लकर सुविधामा २५ प्रतिशत छुट।
» कृषि विकास बैंक लि. को ADBL Smart Plus लगायत मोवाईल बैंकिङ्ग सुविधामा २५ प्रतिशत छुट।
» विदेशी मुद्रा सटहीमा विशेष छुट ।
» फ्रि चेक बुक, ABBS, Statement
» रु. २५००० न्यूनतम मौज्दातमा खाता खोल्न सकिने ।

*शर्तहरु लागु हुनेछ ।

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक | SWIFT: ADBLNPKA





टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

विविध सूचना/संदेश/जानकारी

१. घर-टहरा आदि संरचना बनाउनु अघि अनिवार्य रुपमा नक्सा पास गराँै ।

२. सबै नगरवासीहरूले आफ्नो टोल, चोक गल्ली, वाटोघाटोका साथै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनालाहरू र अन्य सार्वजनिक स्थलहरूको संरक्षण गरौं ।

३. सार्वजनिक स्थलहरूमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।

४. नगरपालिकालाई वुझाउन पर्ने सबै खालका करहरू (सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय कर लगायत अन्य सबै किसिमका कर तथा दस्तुरहरू) समयमा नै तिरी कर छुटको सुविधा उपयोग गराँै र सभ्य नागरिकको परिचय दिऔं।

५. नगरपालिका क्षेत्र भित्र व्यवसाय गर्ने सबै प्रकारका व्यावसायीहरूले अनिवार्य रुपमा आफ्नो व्यावसाय वडा कार्यालय/ नगरपालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।

६. आफ्नो घर कम्पाउण्ड वाट निस्कने फोहोरलाई फोहोर संकलनको गाडी आएपश्चात मात्र फोहोर घर वाहिर निकालौं । स्वच्छ वातावरण निर्माणमा सहयोग गरौं ।

७. सडकमा निर्माण सामाग्री, व्यावसाय जन्य ठेलागाडा नराखौं; अव्यवस्थित पार्किङ् नगरी सडक अतिक्रमण हुनवाट रोकौं ।

८. सडकमा पैदल यात्रीलाई पहिलो प्राथमिकता दिऔं ।

९. कुनै पनि किसिमको व्यक्तिगत घटनाहरू (जन्म, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गर्ने गरौं ।

१०. नगरपालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै नगरवासीले सहयोग गरौं ।

११. कुहिने फोहोरलाई कम्पोष्ट मलको रूपमा प्रयोग गराँै ।

१२. बहालमा बस्ने व्यक्तिहरूको व्यक्तिगत विवरण अनिवार्य रुपमा घरधनीले राख्ने गरौं ।

१३. बालबालिकाहरूलाई विद्युतीय सामाग्री देखि टाढा राखौं ।

१४. विद्यालय जाने सबै उमेरका वालवालिकाहरूलाई अनिवार्य विद्यालय भर्ना गराँै ।

१५. घर, परिवार, टोल, विद्यालय र समुदायले बालबालिकाको हितमा कार्य गर्दै नगरलाई बालमैत्री बनाउन सहयोग गराँै ।

१६. आफ्ना बालबालिकाहरूलाई उपयुक्त समयमा नै खोप लगाई सम्भावित रोगबाट बचौं । पूर्ण खोपयुक्त नगर बनाउन सहयोग गराँै ।

१७. ट्राफिक सिग्नल र नियमको पालना गराँै, तिब्र गतिमा सवारीसाधन नचलाऔं, पैदलयात्रीलाई पहिलो प्राथमिकता दिऔं ।



CREATING PREMIUM COFFEE EXPERIENCE
SINCE 1999

जेष्ठ १३, २०८० को श्रीकान्त अधिकारी जन्म जयन्ती कार्यक्रम











नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नगरवासीहरूमा अनुरोध

- नागार्जुन नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता २०७२ र नगरपालिकाको मापदण्ड बमोजिम मात्र गर्ने गरौं ।
- मापदण्ड विपरित निर्माण कार्य आफू पनि नगरौं र अरुलाई पनि गर्न नदिऔं ।
- नागार्जुन नगरपालिकालाई व्यवस्थित र सुन्दर शहर बनाऔं ।
- आफ्नो कम्पाउण्ड भित्र कम्तीमा एक रुख अनिवार्य रोपौं ।
- हरेक निवासमा कम्तीमा एम्बुलेन्स र दमकल जाने गरी बाटोको मापदण्ड प्रयोग गर्ने गरौं ।
- भवन निर्माण गर्दा सेफ्टी ट्याङ्की अनिवार्य रुपमा बनाऔं । खुल्ला नाली तथा खोलामा शौचालयको पाईप नछोडौं ।
- आफ्नो टोल छिमेकीलाई प्रतिकूल असर हुने गरी भवन निर्माण नगरौं ।
- भवन निर्माण गर्दा सार्वजनिक बाटो, पर्ती जग्गा, वन, खोला, पाटी पौवा, मन्दिर लगायत अन्य सार्वजनिक सम्पत्तिका जग्गा अतिक्रमण नगरौं ।
- कमशल निर्माण सामाग्री प्रयोग गरी भवन निर्माण नगरौं ।
- भूकम्पीय जोखिम प्रतिरोधात्मक भवन निर्माण गरौं ।
- आवश्यक जानकारीको लागि नगरपालिका कार्यालयमा सम्पर्क गरौं ।
- प्राकृतिक श्रोत साधनको संरक्षण र सम्बर्द्धन गरौं ।

सम्पर्क नं. ०१५६७१७१७

मोहन बहादुर बस्नेत
नगर प्रमुख

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK

"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

शेयरधनी बचत खाता

३को फाईदा एउटै खातामा !!

सम्पुर्ण सुविधा एकै ठाउँमा, सुरु गरौं शेयर लगानी मुक्तिनाथ विकास बैंकको साथमा



यस बैंकले दिने सुविधा

- न्युनतम मौज्दात रु १००/-
- नि:शुल्क मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग
- नि:शुल्क ConnectIPS मा दर्ता

मुक्तिनाथ क्यापिटलले दिने सुविधा

- ५०% सम्मको छुट PMS खाताको AMC शुल्कमा
- ५०% छुट MEROSHARE दर्तामा
- नि:शुल्क DEMAT खाता

ब्रोकर कम्पनीहरुले दिने सुविधा

- शेयर ब्रोकर कम्पनीबाट नि:शुल्क TMS खाता

*शर्तहरु लागू हुनेछन्

scan to know more

टोल फ्री नम्बर : १६६००१४९९९९

सुन्दरबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुनदरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

SUNDARBAZAR MUNICIPALITY

Office of Municipal Executive

Sundarbazar, Lamjung, Gandaki Province, Nepal

विविध सूचना/संदेश/जानकारी

१. घर-टहरा आदि संरचना बनाउनु अघि अनिवार्य रुपमा नक्सा पास गराँै ।

२. सवै नगरवासीहरुले आफ्नो टोल, चोक गल्ली, वाटोघाटोका साथै सार्वजनिक जग्गा, मठ-मन्दिर, पाटी-पौवा, नदीनालाहरु र अन्य सार्वजनिक स्थलहरुको संरक्षण गरौं ।

३. सार्वजनिक स्थलहरुमा जथाभावी फोहर नगरौं । वातावरण जोगाऔं ।

४. नगरपालिकालाई वुझाउन पर्ने सबै खालका करहरु (सम्पति कर, वहाल कर, मालपोत तथा भूमिकर, व्यावसाय कर लगायत अन्य सवै किसिमका कर तथा दस्तुरहरु) समयमा नै तिरी कर छुटको

सुविधा उपयोग गराँै र सभ्य नागरिकको परिचय दिऔं ।

५. नगरपालिका क्षेत्र भित्र व्यवसाय गर्ने सवै प्रकारका व्यावसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यावसाय वडा कार्यालय/ नगरपालिकामा अनिवार्य रुपमा दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।

६. कुनै पनि किसिमको व्यक्तिगत घटनाहरु (जन्म, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद र मृत्यू) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा अनिवार्य रुपले दर्ता गर्ने गरौं ।


७. नगरपालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सवै नगरवासीले सहयोग गरौं ।

८. कुहिने फोहोरलाई कम्पोष्ट मलको रुपमा प्रयोग गराँै ।

९. घर, परिवार, टोल, विद्यालय र समुदायले बालबालिकाको हितमा कार्य गर्दै नगरलाई बालमैत्री बनाउन सहयोग गरौं ।

२०८० जेष्ठ १३ मा चेतनाको मुहान शैक्षिक विशेषाङ्क लोर्कापण गर्दै प्रा डा. जयराज आचार्य





साविक दुराडाँडा ६ गा वि स का सामुदायिक विद्यालय अर्न्तगत एस ई ई मा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्रा, र एक छात्रलाई डा अजिता आत्रेयबाट स्थापित प्रदान गरिने श्रीकान्त अधिकारी शैक्षिक पुरस्कार वितरण तथा ग्रहणमा सरिक विद्यार्थी, अविभावक र हृदयपाणी अधिकारीबाट रचित मेरो दुराडाँडा मेरै अनुभूती नामक गिती कविता संग्रहको लोर्कापण ।












I DiYALO

दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठानबाट भिष्मकान्त अधिकारी स्मृति ग्रन्थ लोकार्पण कार्यक्रम २०८०.









२०७९ माघ २८ गते काठमाडौंमा सम्पन्न शैक्षिक विचार गोष्ठीमा प्रतिष्ठानबाट प्रकाशित मुकुन्द शर्मा चालिसेबाट लिखित सामवेद पुस्तक अतिथिहरू (काठमाडौ क्षेत्र नं ५ का सांसद प्रदीप पौडेल, टोखा नपाका प्रमुख प्रकाश अधिकारी, टोखा नपा वडा नं ७ का वडा अध्यक्ष नरोत्तम रानालाई किताब उपलब्ध गराउनुहुँदै लेखक ।



टोखा नगरपालिका वडा नं ७ का वडा अध्यक्ष नरोत्तम रानाबाट प्रतिष्ठतनको कार्यलयको उद्घाटन २०७९






२०८० आश्विन २० गते प्रतिष्ठानको साधारण सभाका सहभागी











दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठानकी संरक्षक सदस्य श्रीकान्त अधिकारीकी जेष्ठ पुत्री विमला सिग्देलको २०८० पौष ९ गते भएको स्वर्गारोहणले यस प्रतिष्ठान मर्माहात भएको छ । स्वर्गीय आत्मालाई शान्ति मिलोस भनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

- दूरद्रष्टा श्रीकान्ती अधिकारी प्रतिष्ठान परिवार







स्व. श्रीकान्त अधिकारी परिवारका सदस्यहरूसँग गाई पूजा गर्दै ।